

शरद घाइते
बाँकी खेल गुमाउने । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



नेवारी संस्कृति
मनाइयो भीमसेन पूजा

वर्ष २७ अंक ३४८ काठमाडौं | २४ माघ २०७६ शुक्रबार माघ शुक्लपक्ष त्रयोदशी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, February 07, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ



ललितपुरको हिरण्यवर्ण महाविहार (स्वर्ण मन्दिर) का बफचा (मुख्य पुजारी) ११ वर्षीय सुरेन्द्र शाक्य मन्दिर सफाइ गर्दै । उनी यहाँको पुजारी बनेको बिहीबार १४ औं दिन थियो । बाह्रौं शताब्दीको यो मन्दिरमा १२ वर्षमुनिका शाक्य थरका बालकलाई मुख्य पुजारी बनाइन्छ, त्यो पनि ३० दिनका लागि मात्र । महिना दिन पुगेपछि फेरि नयाँ मुख्य पुजारी चयन गरिन्छ । *तस्बिर : केशव थापा/कान्तिपुर*

ललिता निवास प्रकरण

किर्ते र ठगीमा पनि कारबाही अघि बढ्दै

पाँच पूर्वमन्त्रीसहित १७२ विरुद्ध अनुसन्धान गर्न अनुमति माग

■ **मातृका दाहाल** (काठमाडौं)

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले ललिता निवास अनियमितता प्रकरणमा संलग्न १७२ जनामाथि किर्ते र ठगीको मुद्दा चलाउन प्रक्रिया अघि बढाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यही प्रकरणमा १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको भोलिपल्टै प्रहरीले गृह मन्त्रालयलाई जाहेरीका लागि पत्राचार गरेको हो ।

स्रोतका अनुसार सीआईबीले गृहलाई बिहीबार पत्र पठाउँदै ठगी र किर्ते मुद्दाको जाहेरी अघि बढाइदिन आग्रह गरेको छ । फौजदारी न्याय प्रणालीमा पीडितले जाहेरी दिनुपर्छ । गृहअन्तर्गतकै समरजंग कम्पनीको जग्गा मिचिएकाले गृहले प्रहरीलाई निर्देशनसहित पत्र पठाएपछि कारबाही प्रक्रिया अघि बढ्नेछ ।

गत साता सीआईबीले गृहमा बुझाएको प्रतिवेदनमा ललिता निवास अनियमितता प्रकरणमा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १७२ संलग्न भएको भन्दै किर्ते र ठगीमा कारबाही चलाउन सिफारिस गरिएको थियो । उक्त प्रतिवेदन कार्यान्वयनका लागि अब गृहले प्रहरीमै फाइल पठाउनुपर्ने हुन्छ । सीआईबीले यसअघि सरकारको निर्देशनअनुसार छानबिन मात्र गरेको थियो भने अब फौजदारी मुद्दा चलाउन अनुसन्धान गर्नुपर्नेछ ।

प्रहरी प्रवक्ता डीआईजी शैलेश थापाले ठगीमा पीडित पक्षले जाहेरी दिनुपर्ने कानुनी व्यवस्था भएकाले गृह वा सरकारी निकायबाट निवेदन आएपछि अनुसन्धान अघि बढ्ने बताए । उनले भने, 'यसका लागि हामीले अनुसन्धान प्रतिवेदनअनुसार सरकारलाई जाहेरीका लागि अनुमति मागेका छौं ।' जाहेरी दर्ता भएपछि आरोपितलाई आवश्यकताअनुसार पक्राउ गरेर अनुसन्धान गर्ने बाटो खुल्नेछ ।

गृहले केही दिनमै सीआईबीमा अनुसन्धानका लागि पत्र पठाउने तयारी गरेको छ । गृह सचिव महेश्वर न्यौपानेले प्रतिवेदनअनुसार नै ललिता निवासको जग्गा प्रकरणमा कारबाही प्रक्रिया अघि बढाइने प्रतिक्रिया दिए । सीआईबीले यसअघि तयार पारेको प्रतिवेदनमा पूर्वउपप्रधानमन्त्री गच्छदार, पूर्वमन्त्रीहरू चन्द्रदेव जोशी, डम्बरबहादुर श्रेष्ठ, छविराज पन्त, पूर्वराज्यमन्त्री सञ्जयकुमार साह, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख भइसकेका पूर्वसचिव दीप बस्न्यात, तत्कालीन भूमिसुधार सचिव दिनेशहरि अधिकारी, बहालवाला सहसचिव तेजप्रसाद पाण्डेलगायत १७२ विरुद्ध फौजदारी कसुरमा अनुसन्धान हुनुपर्ने राय दिएको थियो । पूर्वराज्यमन्त्री साह व्यक्ति हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । उनी २०६६ मा माधवकुमार नेपाल नेतृत्वको सरकारमा भौतिक योजना राज्यमन्त्री थिए ।

सीआईबीको सूचीमा अख्तियारबाट भ्रष्टाचारको मुद्दामा नपरेका केही व्यक्तिसमेत छन् । सीआईबीको निवेदनमा तत्कालीन मन्त्री, सचिव, मालपोत र भूमिसुधारका कर्मचारी, भूमाफिया, व्यापारीलगायतलाई किर्ते र ठगी अभियोगमा थप अनुसन्धानको अनुमति मागिएको छ । कान्तिपुरलाई प्राप्त विवरणअनुसार ललिता निवासको जग्गा अनियमिततामा २०४९ सालमा ४८ जना, २०६१/०६२ मा २१ जना, २०६६ मा ६६ जना र २०६९ मा ३७ गरी १७२ जनाले पद दुरुपयोग गरेको दाबी छ । उनीहरूमाथि मुलुकी ऐनको किर्ते र ठगी महल तथा मुलुकी फौजदारी अपराध संहिताको किर्ते र ठगी कसुरमा मुद्दा दायर गर्नुपर्ने सिफारिस छ । **बाँकी पृष्ठ १३**

कान्तिपुरविरुद्धको अवहेलना मुद्दा खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

अदालतको अवहेलना गरेको भन्दै कान्तिपुर पब्लिकेसन्सविरुद्ध दुई वर्षअघि दायर मुद्दा सर्वोच्च अदालतले खारेज गरेको छ । सर्वोच्चका न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र प्रकाशमान सिंह राउतको बिहीबार बसेको बृहत् पूर्ण इजलासले कान्तिपुरले उठाएका मुद्दा सत्य र वस्तुनिष्ठ रहेकाले अवहेलना ठहर हुन नसक्ने फैसला गरेको हो ।

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको शैक्षिक योग्यताका सम्बन्धमा लेखिएको समाचारले अदालतको अवहेलना भएको भन्दै कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया, निर्देशक स्वस्तिका सिरोहिया, प्रधान सम्पादक सुधीर शर्मा र संवाददाता कृष्ण ज्ञवालीविरुद्ध मुद्दा दायर गरिएको थियो ।

सर्वोच्चको फैसलाले कान्तिपुरविरुद्ध सुनियोजित रूपमा गलत मनसायका साथ मुद्दा लगाइएको पुष्टि भएको कानुनविद्हरूले बताएका छन् । 'फैसलाले तत्कालीन प्रधानन्यायाधीशले शक्ति र पहुँचका आडमा कान्तिपुरविरुद्ध चालेको कारबाही गैरकानुनी र पूर्वाग्रही थियो भन्ने पुष्टि गऱ्यो,' वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले भने, 'यस फैसलाले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको दायरालाई फराकिलो पारिदिएको छ ।'

मेडिकल माफियाका पक्षमा फैसला गरेको भन्दै पराजुलीको आलोचना गरेका सत्याग्रही डा. गोविन्द केसीलाई पनि अवहेलनामा मुद्दा दायर गरी कान्तिपुरसँगै सुनुवाइमा राखिएको थियो । **बाँकी पृष्ठ १३**

भोलिको कोसेली

बेपत्ता नागरिक आख्यान विशेष

- महेशविक्रम शाह– म बेपत्ता !
- राजव– क्रूर मौन
- हरि अधिकारी– जुना तामाङको प्रेमकथा
- सरस्वती प्रतीक्षा– फोबिया
- नवीन विभास– बेपत्ताकी डाई
- उमा सुवेदी– उकुच
- ज्योति जङ्गल– ऋण
- फूलमान वल– कमरेड रोशी
- अभय श्रेष्ठ– निडर
- बिना थिङ तामाङ– गन्धे झार

नेपालगन्ज र नोबेलले लिए अतिरिक्त शुल्क

■ **सुदीप कैनी** (काठमाडौं)

चिकित्सा शिक्षा आयोगको निर्देशन अवज्ञा गर्दै मोरङको नोबेल र बाँकेको नेपालगन्ज मेडिकल कलेजले एमबीबीएसका विद्यार्थीसँग अतिरिक्त शुल्क असुल्न थालेका छन् । विद्यार्थी र अभिभावकलाई प्रलोभन, त्रास र धम्की दिएर कलेज सञ्चालकहरूले शैक्षिक सत्रको सुरुमै बढी शुल्क असुलेका हुन् ।

२९ लाखभन्दा बढी अतिरिक्त शुल्क उठाउने प्रयास गरेको नोबेलले थप शुल्क लिन ६ जना विद्यार्थीसँग कबुलियतनामा गराइसकेको छ ।

कबुलियतनामामा भर्ना, परीक्षा लगायत शीर्षकमा थप शुल्क लिने उल्लेख छ । नोबेलले बढी शुल्क तिर्न सहमत भएका ती ६ विद्यार्थीसँग मात्र माघ १९ गते काउन्सिलिङ गरेको थियो । अधिकांश अभिभावकले बढी शुल्क नतिर्ने अडान लिएपछि कलेज प्रशासनले शुल्क नतिर्नेलाई काउन्सिलिङमा सहभागी नगराएको हो । कलेजले एमबीबीएसतर्फ १०० विद्यार्थीको भर्ना लिन पाउँछ ।

नोबेलका अभिभावकले अतिरिक्त रकम माग्ने कलेजविरुद्ध चिकित्सा शिक्षा आयोग र काठमाडौं विश्वविद्यालय गुहारिसकेका छन् । आयोग र विश्वविद्यालयले आग्रह गरिसकेकाले थप शुल्क नतिर्ने अभिभावकहरूको भनाइ छ ।

'नोबेलका सञ्चालक सुनील शर्माले फकाएर र धम्क्याएर ६ जनासँग बढी पैसा लिएछन्,' एक अभिभावकले कान्तिपुरसँग भनिन्, 'बाँकी अभिभावकले बढी रकम नतिर्ने सहमति गरेका छौं, भर्नाका लागि काठमाडौं विश्वविद्यालयमा

> 'अभिभावकलाई बढी पैसा नतिर्नु भनियो तर सरकारले कलेजलाई लिन रोक्न सकेन'

पहिलो किस्ताको रकम जम्मा भइसकेको छ, पढाइ सुरु नगरे कानुनी उपचारमा जान्छौं ।'

आयोगको सम्पर्कमा आएका अभिभावकलाई उपाध्यक्ष श्रीकृष्ण गिरी र सदस्यसचिव हरिप्रसाद लम्सालले 'एक रुपैयाँ पनि बढी रकम नतिर्न' भनेका छन् । 'विश्वविद्यालयमार्फत कलेजलाई सचेत गराइराखेका छौं, भर्ना गराएको ३५ दिनभित्र पढाइ सुरु गर्नुपर्ने काम विश्वविद्यालयको हो,' गिरी र लम्सालको भनाइ उद्धृत गर्दै अभिभावक केशव दाहालले भने, 'उपाध्यक्ष गिरी र सदस्यसचिव लम्सालले बढी पैसा लिन नपाए विद्यार्थी पढाउँदिनँ भन्ने मेडिकल कलेजको सम्बन्धन खारेज गर्छौं भन्नुभएको छ ।'

नोबेल प्रशासनले भने अभिभावकले बढी रकम नदिने अडान लिएपछि चिकित्सा शिक्षा आयोगलाई पत्राचार गरेको थियो । शिक्षण शुल्कबापत कुन-कुन शीर्षकमा शुल्क लिन पाउने हो भनेर कलेजले लेखेको पत्रको जवाफमा आयोगले तोकिएभन्दा बढी शुल्क लिन नपाइने स्पष्ट पारेको छ । 'आयोगले कुनै पनि शुल्क नलिन सचेत गराएपछि नोबेल मेडिकल कलेजले अतिरिक्त शुल्कमा पनि छुट दिने नयाँ तरिका अपनाएको अभिभावकहरूले गुनासो गरे । कलेजले तत्कालका लागि २९ लाखबाट घटाएर १५ लाख रुपैयाँ मात्रै अतिरिक्त शुल्कमा कलेजले मोलमोलाइ गरिरहेको छ ।

नोबेल कलेजले प्रशासनले भने शिक्षण शुल्कका विषयमा विवाद सुल्झेको दाबी गरेको छ । कलेजले नयाँ भर्ना भएका केही विद्यार्थी र तिनका अभिभावकलाई बोलाएर शुल्क विवाद सुल्झाएको जनाएको हो । **बाँकी पृष्ठ १३**

अन्तरिक्षमा ३२८ दिन

अल्माटी/वासिङ्टन (एजेन्सी)- झन्डै एक वर्ष लामो अन्तरिक्ष यात्रापछि बिहीबार कजाकिस्तानको उत्तरी क्षेत्रस्थित हिउँले सेताम्य जमिनमा पाइला टेक्दै गर्दा क्रिस्टिना कोच निकै हर्षित देखिन्थिन् । अन्तरिक्ष यान जमिनमा उत्रेलगत्तै सहयोगीले उनलाई कुर्सीमा राखे र गुरुत्वाकर्षण सन्तुलनका लागि 'मेडिकल टेन्ट' तर्फ दौडाए । त्यसै क्रममा उनले भनिन्, 'म निकै उत्साहित र निकै खुसी छु । मैले यो क्षणलाई अन्तरिक्ष नायकहरूका पाइला पछ्याइरहेका बेला भएको सम्मानका रूपमा लिएकी छु ।'



पृथ्वीमा ओलिंएपछि बिहीबार अन्तरिक्ष यात्री क्रिस्टिना कोच । रायटर्स

खासमा उनी खुसी हुनुको मुख्य कारण हो- उनका नाममा बनेको नयाँ कीर्तिमान । लामो समय अन्तरिक्षमा बिताउने महिलाका रूपमा पेगी हिविट्सनको कीर्तिमान (२८९ दिन) उनले तोडेकी छन् । सन् २०१९ मार्च १४ मा अन्तरिक्ष यात्रामा निस्केकी कोच ३२८ दिनपछि सोयुज यानमार्फत पृथ्वीमा ओर्लेकी हुन् । अमेरिकी अन्तरिक्ष संस्था (नासा) की ४१ वर्षीया कोचको टोलीमा अन्य दुई अन्तरिक्ष यात्री युरोपेली अन्तरिक्ष निकायका लुका पार्मिटानो र रसियाका अलेक्जान्डर स्केभोर्सोभ पनि थिए । **बाँकी पृष्ठ १३**



स्थानीय तहमा ऐन मिच्ने होड

सुविधामा ६ करोड, खाजामा पौने करोड खर्च

सार्वजनिक खरिद ऐनअनुसार २० लाख रुपैयाँभन्दा बढीको निर्माण कार्य, वस्तु खरिद गर्दा खुला बोलपत्र आह्वान गर्नुपर्छ । ओखलढुंगा र सोलुखुम्बुका पालिकाहरूले भने त्यसलाई अवज्ञा गरी सवारीसाधन, कार्यालय प्रयोजनका सामग्री, औषधि र भेटेरिनरी सामग्री सोझै किनेका छन् ।



ओखलढुंगाको खिजिदेम्बा गाउँपालिकाले निर्माण गरेको लिखु-भुसिंगा सडक खण्डको सोलिङ र सुनकोसी गाउँपालिकाले करिब सवा करोड लगानीमा निर्माण गरेको गाउँपालिकाको भवन ।

तस्विर : कुम्भराज/कान्तिपुर

■ **कुम्भराज राई** (ओखलढुंगा)

ओखलढुंगा र सोलुखुम्बुका अधिकांश पालिकाले सार्वजनिक खरिद ऐन मिचेर लाखौंका सामग्री खरिद गरेका छन् । ऐनअनुसार सार्वजनिक निकायले २० लाख रुपैयाँभन्दा बढीको निर्माण कार्य, वस्तु वा सेवा खरिद गर्दा खुला बोलपत्र आह्वान गर्नुपर्छ । पालिकाहरूले त्यसलाई अवज्ञा गरी सवारीसाधन, कार्यालय प्रयोजनका सामग्री, औषधि र भेटेरिनरी सामग्री सोझै किनेका हुन् ।

आर्थिक वर्ष २०७४/७५ मा ओखलढुंगाको सिद्धिचरण नगरपालिका, चम्पादेवी गाउँपालिका, मानेभन्ज्याङ गाउँपालिका, खिजिदेम्बा गाउँपालिका, लिखु गाउँपालिका, मोलुङ गाउँपालिका र चिशंखुगढी गाउँपालिकाले सार्वजनिक खरिद नियमावलीविपरीत ३ करोड ३० लाख ६८ हजार १ सय ९३ रुपैयाँको सामग्री सोझै खरिद गरे ।

सिद्धिचरणले सबैभन्दा बढी ९० लाख ३० हजार ३ सय २ रुपैयाँका ल्यापटप, प्रिन्टर, फर्निचर, इन्भर्टर, ब्याट्री, डेक्सटप कम्प्युटरलगायत खरिद गरेको छ । ती सामग्री बोलपत्रबिनै सोझै खरिद हुनुमा कमिसनको खेल कारक रहेको स्थानीय तहकै कर्मचारी बताउँछन् । 'कमिसनको खेल नहुने हो भने सबै प्रक्रिया पुऱ्याएर घटाघटमा सामग्री खरिद गर्दा स्थानीय तहकै लागि फाइदा हुने थियो,' चम्पादेवी-८ का वडाध्यक्ष अजय लुइँटेलले भने, 'औषधि खरिदमा ५० प्रतिशतसम्म कमिसन दिने व्यापारी गाउँपालिकामै आइपुगेका थिए ।'

महालेखापरीक्षकको प्रतिवेदनमा आर्थिक वर्ष २०७४/७५ मा सुनकोसी गाउँपालिकाले प्लास्टिक कुर्सी ४० थान, प्लास्टिक, ताल्चा, छेस्किनी, कब्जा, काँटीलगायत सामग्री सिरहाबाट ४९ हजार १ सय ९५ मा खरिद गरी ढुवानी भाडा खर्च २५ हजार लेखेको छ । जबकि त्यही सामग्री स्थानीय बजारमै खरिद गरेको भए ढुवानी भाडा लाग्ने रकमले आधाभन्दा बढी सामग्री खरिद गर्न सकिने देखिन्छ । आफू निर्वाचित हुनुअघि कर्मचारीले सिरहाबाट सामान खरिद गरी ल्याएको गाउँपालिका अध्यक्ष रुद्र अधिकारी दाबी गर्छन् । मितव्ययिता अपनाई यस्ता काम नगर्न निर्देशन दिइसकेको अधिकारीको भनाइ छ ।

ओखलढुंगाका ६ वटा पालिका (मानेभन्ज्याङ र सिद्धिचरण नगरपालिका, खिजिदेम्बा, सुनकोसी, चम्पादेवी र चिशंखुगढी गाउँपालिका) ले आर्थिक वर्ष ०७४/७५ मा खाना र विविध शीर्षकमा ७८ लाख ८५ हजार १ सय ८९ रुपैयाँ खर्च गरेका छन् । सुनकोसी र चिशंखुगढीले खाना, चिया, खाजा खर्च भुक्तानी गर्दा कर कट्टी नगरेको देखिएको छ ।

महालेखाको प्रतिवेदन सार्वजनिक भएपछि सिद्धिचरण र मानेभन्ज्याङले प्रेस विज्ञप्ति जारी गर्दै गाउँसभा, कार्यपालिका बैठक, वडातर्फका विविध खर्चमा यी रकम खर्च भएको स्वीकार गरेका छन् । 'खर्च नियन्त्रण गर्ने उद्देश्यले मापदण्ड बनाउने प्रक्रियामा छौं,' विज्ञप्तिमा छ ।

मानेभन्ज्याङले ६ लाखभन्दा बढी रकम 'मिनरल वाटर' मा खर्च गरेको देखिएको छ । 'एउटा गाउँसभा बस्दा गाउँपालिका केन्द्र आसपासका चौरभरि मिनरल वाटरका खाली बोतल थिए,' गाउँपालिका अध्यक्ष मोतीराज राईले ठूलो परिमाणमा 'मिनरल वाटर' खरिद गरेको स्विकारे । सबै पालिकाले गरेको खर्च जोड्दा १ करोड हाराहारी रहेको देखिन्छ ।

सेवासुविधामा ६ करोड

महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनअनुसार ओखलढुंगाका आठ पालिकाले कुल ६ करोड ९९ हजार ६ सय ५२ रुपैयाँ सेवासुविधामा खर्च गरेका छन् । चिशंखुगढीले सेवा-सुविधामा ३० लाख ६६ हजार रुपैयाँ खर्च गरेको छ । त्यसबाहेक पनि 'कन्टिन्जेन्सी' र चालु खाताबाट थप २६ लाख ९७ हजार २ सय रुपैयाँ बैठक भत्ता र यातायात खर्च शीर्षकमा नियमविपरीत लिइएको छ । भ्रमण तथा यातायातमा छुट्टै १७ लाख २८ हजार ३ सय ७० गरी कुल ७४ लाख ९१ हजार ५ सय ७० खर्च भएको छ ।

महालेखाको प्रतिवेदनअनुसार लिखुमा जनप्रतिनिधिले ३२ लाख ३६ हजार ४ सय सुविधामा खर्च गरेका छन् । ऐनले तोकेभन्दा बढी कन्टिन्जेन्सी र चालु खाताबाट थप ३३ लाख ७३ हजार ३ सय सेवासुविधामै खर्च गरेका छन् । भ्रमण तथा यातायात सुविधामा २१ लाख १२ हजार ७ सय ५० खर्च गरेका छन् ।

मोलुङमा सेवासुविधामा २८ लाख ८० हजार खर्च भएको छ । त्यसबाहेक पनि कन्टेन्जेन्सी र चालु खाताबाट १० लाख ८९ हजार ५ सय रुपैयाँ नियमविपरीत खर्च भएको देखिन्छ ।

सुनकोसीले सेवासुविधामा ३५ लाख ९४ हजार भुक्तानी गरेको छ । ऐनले तोकेभन्दा बढी कन्टेन्जेन्सी र चालु खाताबाट १८ लाख ३४ हजार २ सय ५० रुपैयाँ थप खर्च गरेको छ । दैनिक भ्रमण तथा अनुगमन भत्ता खर्च र गाडी भाडासमेत गरी कुल १७ लाख ९१ हजार २ सय ३५ रुपैयाँ सुविधा लिएको देखिन्छ ।

चम्पादेवीमा सेवासुविधामा ३२ लाख ६४ हजार रुपैयाँ खर्च भएको छ । गाडी भाडामै १६ लाख ९० हजार ८ सय खर्च भएको देखिन्छ । कर्मचारी र जनप्रतिनिधिको भ्रमणमा १३ लाख ६७ हजार २ सय ६ रुपैयाँ खर्च भएको देखिन्छ ।

खिजिदेम्बामा सेवासुविधामा कुल ३३ लाख ५४ हजार खर्च गरेका छन् । गाडी भाडामा १३ लाख ५२ हजार २ सय, इन्धनमा ४ लाख ३ हजार १ सय ८० र भ्रमण तथा अनुगमनमा ९ लाख ६८ हजार ३ सय ३७ रुपैयाँ खर्च भएको छ ।

मानेभन्ज्याङले पदाधिकारी सेवासुविधामा ३३ लाख १२ हजार खर्च गरेको छ । गाडी भाडामा २३ लाख ७२ हजार ७ सय ३०, इन्धनमा १० लाख ३५ हजार ५५ र भ्रमण तथा अनुगमनमा ४८ लाख ६१ हजार ३ सय ६० रुपैयाँ खर्च गरेको छ ।

सिद्धिचरणमा पदाधिकारीले ५६ लाख १० हजार सेवासुविधामा खर्च गरेका छन् । गाडी भाडामा २० लाख ९७ हजार ४ रुपैयाँ र इन्धनमा १० लाख ९ हजार २ सय ७५ खर्च गरेका छन् ।

आफ्नै फर्मलाई ठेक्का

सोलुखुम्बुको माप्यदूधकोसी गाउँपालिकाले २०७४ माघ १७ मा उदयपुरको गाईघाटबाट प्रकाशित त्रियुगा एक्सप्रेस दैनिकमा तीनवटा सडकखण्ड स्तरोन्नतिको शिलबन्दी बोलपत्र आह्वान गऱ्यो । यो पत्रिका गाईघाट आसपासभन्दा अन्त वितरण हुँदैन । त्यसैले, सोलुखुम्बु र अन्य स्थानका निर्माण व्यवसायीले सडक स्तरोन्नतिको ठेक्काको विषयमा जानकारी पाएनन् ।

गाउँपालिकाले ती सडक खण्डमध्येको एउटाको ठेक्का 'एस कन्स्ट्रक्सन' ठेकेदार कम्पनीसँग गऱ्यो । उक्त कम्पनी सोही गाउँपालिका अध्यक्ष बुद्धिकिरण राईकी श्रीमती सीता राईका नाममा दर्ता छ । ठेक्का नं. आर-यू ३ ०७४/७५ को काँकुमैदान-काँकु भीमसेनस्थान (चेल्सीखोला) सडक स्तरोन्नतिको ठेक्का अध्यक्ष राईले आफ्नै कम्पनीसँग सम्झौता गरे ।

बोलपत्र आह्वानमा लागत अनुमान (कन्टेन्जेन्सी र मूल्य अभिवृद्धि करबाहेक) ३० लाख १३ हजार ६ सय २ रुपैयाँ ५६ पैसा राखिएकामा २०७४ चैत ३ मा भएको ठेक्का सम्झौतामा मूल्य अभिवृद्धि करसहित ३३ लाख ९९ हजार ८ सय ३७ रुपैयाँ ५५ पैसामा सम्झौता भएको देखिन्छ ।

तत्कालीन जिल्ला विकास समितिमा दर्ता भएको निर्माण व्यवसायीको सूचीमा अझै पनि एस निर्माण सेवा कम्पनीको प्रोप्राइटर बुद्धिकिरण राई रहेको देखिन्छ तर गाउँपालिकासँग भएको ठेक्का सम्झौतामा भने प्रताप राई भन्ने व्यक्तिको नामबाट ठेक्का सम्झौता भएको छ । साविकको बासा गाविस-६ (हाल माप्यदूधकोसी गाउँपालिका-३) की सीता राईको नाममा राईको दर्ता भएको कम्पनीको नाममा दुईवटा जेसीबी र चेनवाला एक्स्काभेटर रहेको छन् । उक्त एक्स्काभेटरले सोही आर्थिक वर्षमै गाउँपालिकाको वडा नं. ६ र ७ को गरी जम्मा १५ किलोमिटरभन्दा बढी सडक विस्तारको काम गऱ्यो ।

प्रहरी चौकी भवनका लागि घडेरी, २० भन्दा माथि व्यक्तिगत घडेरी, बासखाम (साकेलाथान), सगरमाथा माविको ग्राउन्ड सम्याउनेजस्ता काममा समेत प्रयोग भयो । गाउँपालिकाको वडा नं. ३ बाट ६ सम्म जोड्ने सडक ट्रयाक खोल्ने काम पनि राईकै डोजरले गरेको थियो । प्रतिघण्टा ७ हजारभन्दा बढी भाडा लिएर सडक खनेको स्थानीयको भनाइ छ ।

कुल १ करोड १९ लाख ८ हजार ९ सय ७४ रुपैयाँ ४ पैसाका तीन वटा ठेक्कामध्ये अन्य दुई ठेक्का भने गाउँपालिकाकै प्राविधिक भरुमान राईकी श्रीमती कल्पना राईको नाममा रहेको डीजे कन्स्ट्रक्सन र अर्को भक्तबहादुर राईको नाममा रहेको वीआर कन्स्ट्रक्सनले ठेक्का पाएको थियो । त्यसमध्ये सबैभन्दा बढी रकमको ठेक्का भने अध्यक्ष राईको कम्पनीले पाएको थियो । डिजे कन्स्ट्रक्सनले ३३ लाख ९९ हजार ५ सय ७५ रुपैयाँ ७३ पैसा र बीआर कन्स्ट्रक्सनले ३३ लाख ९९ हजार ५ सय ६१ रुपैयाँ १६ पैसा बराबरको ठेक्का सम्झौता गरी काम थालेका थिए ।

अध्यक्ष राई भने आफूमाथि लागेका सबै आरोप निराधार भएको बताउँछन् । 'जिल्लाकै स्थानीय तहहरूसँग तुलना गरेर हेर्ने हो भने सबैभन्दा राम्रो काम गर्ने लक्ष्यका साथ काम सुरु गरें,' अध्यक्ष राईले भने, 'तर मलाई नै अनेक आरोप लगाएर चरित्र हत्या गर्ने किसिमले साथीहरू लाग्नुभएको छ । ममाथि लगाइएका कुनै पनि आरोप सत्य होइनन् ।' उनले आफ्नै कम्पनीसँग ठेक्का सम्झौता भएकोबारे जानकारी नभएको प्रतिक्रिया दिए । 'साथीहरूले के-के गरे मलाई थाहा छैन,' उनले भने, 'तपाईले लगाएका आरोप गलत हुन् । त्यस्तो केही भएको छैन ।' उनका कार्यपालिका सदस्यहरूले गाउँपालिकालाई विपक्षी बनाई विभिन्न मुद्दा जिल्ला प्रशासन, जिल्ला अदालतदेखि सर्वोच्च अदालतसम्म दर्ता गरेका छन् ।

अख्तियारकै मिलेमतो ?

खिजिदेम्बा गाउँपालिकाले लिखु-भुसिंगा सडक योजनाको दुई खण्डमा उपभोक्ता समितिमार्फत सडक स्तरोन्नति गऱ्यो । समितिले योजनाअनुसारको काम सम्पन्न गरेको भन्दै फरफारक भयो । त्यसपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रदेश कार्यालय इटहरीमा उजुरी पऱ्यो ।

उजुरी परिसकेपछि अख्तियारका अधिकारीले योजनास्थल पुगेर २०७५ माघ २१ मा निरीक्षण गरे । गाउँपालिकाका कर्मचारी र उपभोक्ता समितिलाई कार्यालयमै बोलाएर बयान लिए । त्यसपछि उपभोक्ता समितिले अपुग भनेका बाँकी काम सम्पन्न गरे । उनीहरूले अख्तियारकै निर्देशनमा काम गरेको जनाएका थिए ।

लिखु-भुसिंगा सडकमा माटो काट्ने र सोलिङ गर्नका लागि आर्थिक वर्ष २०७४/७५ को बजेटबाट ५९ लाख ५० हजारमा एउटा खण्ड र २६ लाख बजेटमा अर्को खण्डको योजना सम्झौता भएको थियो । त्यसमध्ये पहिलो खण्डमा २ सय ५० मिटर सोलिङ कम गरेको र अर्को चण्डेश्वरी-फलाटे खण्डमा १ सय २० मिटर सोलिङ कम गरेको उजुरी परेको थियो । समितिले उजुरीमा उल्लेख गरेको काम पूरा नगर्दै योजना फरफारक भएको थियो ।

लिखु-भुसिंगा सडक निर्माण उपभोक्ता समितिका सचिव खड्ग सुनुवारले बाँकी अपुग काम अख्तियार कार्यालय इटहरीले सम्पन्न गर्नु भनेको आधारमा सम्पन्न गरेको बताए । उजुरीकर्ता भने गाउँपालिकाका कर्मचारी र उपभोक्ता समितिको मिलेमतोमा बाँकी काम सम्पन्न भएको दाबी गर्छन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज आचार्यले आफू आउनुअघिको काम भएकाले यसको सुरुवाती चरणबारे अनभिज्ञ रहेको बताए ।

लिखु-भुसिंगा सडक निर्माण समिति र चण्डेश्वरी-फलाटे सडक स्तरोन्नति उपभोक्ता समितिले गाउँपालिकाका कर्मचारी र प्राविधिकसँग मिलेर परिमाण पूरा नगरी रकम भुक्तानी तथा योजना फरफारक गरेको भन्दै २०७५ भदौमा अख्तियारमा उजुरी गरेका थिए । अख्तियार कार्यालय इटहरीका सूचना अधिकारी ज्ञानेन्द्र ढकालले अख्तियारले बाँकी काम गर्न निर्देशन नदिएको बताए । 'आफ्नो कमजोरी सच्याउनका लागि उनीहरूले काम गरेको हुन सक्छ,' उनले भने ।

कमिसनको खेलमा करोडौंको ठेक्का अलपत्र

गत असारमा मोलुङ गाउँपालिकाले बढीमा १९ दिन मात्र काम गर्ने समय बाँकी हुँदा १ करोड २२ लाख ६६ हजार १ सय ९६ रुपैयाँको ठेक्का लगायो । उक्त बजेट प्रदेश सरकारमार्फत ससर्त अनुदानबाट प्राप्त भएको थियो । असारभित्रै काम सम्पन्न गर्नुपर्ने गरी सडक ट्रयाक निर्माण र स्तरोन्नतिका लागि असार १० गते ठेक्का दर्ता गर्ने अन्तिम म्याद तोकिएको थियो । जेठ १० मा ३० दिने सूचना प्रकाशित गरी गाउँपालिकाको कार्यालयले ठेक्का आह्वान गऱ्यो । घलेगाउँ-हर्कपुर-प्राप्चा-देवीटार-ढाँडे हुँदै देउराली गाउँपालिकाको कार्यालय-मगरगाउँ- दिप्पी-राँगादीप-वडा कार्यालय हुँदै बिल्दु ठाडे सडक योजनाअन्तर्गत घलेगाउँ-घट्टेकुलो, ओपी गैरी-मगरगाउँ सडक खण्डको ट्रयाक निर्माण तथा स्तरोन्नतिको ठेक्का आह्वान गरेको थियो ।

गाउँपालिकाले असार ११ गते सुनुवार कन्स्ट्रक्सनसँग १ करोड २२ लाख ५८ हजार लागतमा ठेक्का सम्झौता गऱ्यो । उक्त निर्माण कम्पनीले असारभर काम गर्दा पनि १९ दिन मात्र काम गर्ने अवधि थियो । आर्थिक प्रशासन ऐनअनुसार बिलअनुसारको रकम प्राप्त गर्न असार २४ गतेभन्दा पछाडि सरकारी कार्यालयले चेक दिन पाउँदैन । २४ गतेअघि काम सक्नुपर्ने भए ठेकेदारले १२ दिन मात्र काम गर्ने अवधि थियो ।

ठेक्का आह्वान हुँदा नै अनियमितता हुने अनुमान सबैको थियो किनभने ठेकेदारले त्यति छोटो अवधिमा दिनरात काम गरे पनि ठेक्का रकमअनुसारको बजेट सक्न धौधौ हुन्थ्यो । आखिर बिल मिलाएर ठेक्का सम्पन्न गर्नेभन्दा अरू उपाय थिएन । गाउँपालिकाले निर्माण गरेको विस्तृत परियोजना प्रतिवेदनअनुसार साढे ९ किलोमिटरको सडकमध्ये केही भाग स्तरोन्नति गर्ने र बाँकी सबै ट्रयाक खोल्ने सम्झौता थियो ।

कामको परिमाणका आधारमा भुक्तानी दिने सम्झौताअनुसार ठेकेदार कम्पनीले असार महिना बिते पनि काम पूरा गरेनन् । प्रदेश सरकारले समेत ५५ लाख मात्र भुक्तानी दियो । बाँकी बजेट गाउँपालिकाले दिने गरी ठेकेदार कम्पनीसँग सम्झौता भएको छ । हतारमा खनिएका दुवै खण्डको सडकका कारण पहिरो गएपछि बस्ती नै जोखिममा परेको छ । ठेक्कामा गाउँपालिकाले अनियमितता गरेको पाइएको थियो ।

'ठेक्का सम्झौता हुनुअघि ठेक्का स्वीकृत भएको भनिएको निर्माण कम्पनीले काम थालिसकेको थियो,' एक निर्माण व्यवसायीले भने, 'यो सरासर अवैधानिक रूपमा गाउँपालिकाको मिलेमतोमा काम भएको स्पष्ट देखिन्छ ।' यस विषयमा अख्तियारमा उजुरी परिसकेको छ ।

(मिडिया फाउन्डेसनसँगको सहकार्यमा)

क्वारेन्टाइनका लागि चार ठाउँ छान्न निर्देशन

काठमाडौं (कास)- सरकारले चीनबाट फर्काइने नेपालीलाई राख्ने क्वारेन्टाइनका लागि चारवटा ठाउँ छनोट गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएको छ । सरकारले आदेश दिनासाथ नेपालीलाई फिर्ता ल्याउने थप प्रक्रिया सुरु गर्ने स्वास्थ्य मन्त्रालयका प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठले बताए ।

मन्त्रालयले हालसम्म चीनमा रहेका कुनै पनि नेपालीमा नोवल कोरोना भाइरसको संक्रमण देखिएको रिपोर्ट प्राप्त नभएकोसमेत जनाएको छ । स्वास्थ्य मन्त्रालयले क्वारेन्टाइनमा कहाँ राख्ने, के खान दिने, उनीहरूलाई रेडियो, टीभी, इन्टरनेटलगायतका सुविधाको सम्भाव्यता अध्ययन गरेर प्रतिवेदन सरकारसमक्ष पेस गरिसकिएको जानकारी श्रेष्ठले दिए । चीनमा नोवल कोरोना भाइरसको पुष्टि भएदेखि नै स्वास्थ्य मन्त्रालयले तयारीका काम गरिरहेको उनले दाबी गरे । यसैबीच चीनमा अध्ययनरत नेपाली विद्यार्थीलाई सरकारले अहिलेसम्म उद्धार नगरेको भन्दै अभिभावकले स्वास्थ्य राज्यमन्त्री नवराज रावतलाई बिहीबार ज्ञापनपत्र बुझाएका छन् । आफ्ना नागरिकलाई फिर्ता ल्याउन सरकारले ढिलासुस्ती गरिरहेको आरोपसमेत उनीहरूले लगाएका छन् । प्रवक्ता श्रेष्ठले भने सरकारले नेपालीलाई फिर्ता ल्याउने निर्णय साताअघि गरिसकेको दाबी गरे । नेपालीलाई फर्काउनका लागि मन्त्रालयहरूबीच समन्वय गर्न समिति गठन भएको जानकारीसमेत स्वास्थ्यले दिएको छ । चीनको उहानसहित ६ वटा सहरबाट १ सय ७९ जनालाई फर्काउने तयारी भइरहेको छ । उहानमा मात्र ६२ विद्यार्थी छन् ।



चीनबाट ल्याइने विद्यार्थीलाई भक्तपुरको खरिपाटीस्थित विद्युत् प्राधिकरणको तालिम केन्द्रमा राख्न खोजिएको भन्दै स्थानीयले गरेको विरोध ।

तस्विर : कान्तिपुर

तत्काल ल्याउने अवस्था छैन : सञ्चारमन्त्री

सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले केही तयारी बाँकी रहेकाले चीनमा रहेका नेपालीलाई तत्काल फिर्ता ल्याउने अवस्था नरहेको जनाएका छन् । मन्त्रालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा उनले चीनमा रहेका सबै नेपाली सुरक्षित रहेको बताए । उनले जहाजको समस्या नभएर अरू तयारी गर्नुपर्ने काम बाँकी भएकाले उनीहरूलाई ल्याउन नसकिएको बताए ।

यसैबीच त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हेल्थ डेस्कमा यात्रुहरूलाई ज्वरो भए/नभएको पत्ता लगाउन जडान गरिएका दुइटामध्ये एउटा थर्मल स्क्यानर बिग्रिएको छ । दुई साताअघि विमानस्थलको हेल्थ डेस्कमा थर्मल स्क्यानर जडान गरिएको थियो । स्वास्थ्य मन्त्रालय स्रोतका अनुसार दुईमध्ये एउटा थर्मल स्क्यानर बिग्रिएकाले ज्वरो भए/नभएको पहिचान गर्न अप्ठ्यारो भइरहेको छ ।

स्वास्थ्य मन्त्रालयले हालसम्म मुलुकमा एक जनाबाहेक अरूमा नोवल कोरोना भाइरसको संक्रमण नदेखिएको जनाएको छ । गत माघ ९ मा एक जना शंकास्पद बिरामीको रगत र ज्यालको नमुना जाँच गर्दा नोवल कोरोना भाइरस पुष्टि भएपछि हालसम्म अन्य १७ जना शंकास्पद बिरामीको नमुना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गरिँदा संक्रमण नदेखिएको हो ।

परीक्षाको प्रावधान हटाएर मिडिया काउन्सिल विधेयक पारित

काठमाडौं (कास)- राष्ट्रिय सभाले पत्रकारले लाइसेन्स परीक्षा लिनुपर्ने प्रावधान हटाएर बिहीबार 'नेपाल मिडिया काउन्सिल विधेयक' सर्वसम्मत रूपमा पारित गरेको छ । विधायन व्यवस्थापन समितिले पेस गरेको प्रतिवेदनमा रहेको परीक्षासम्बन्धी प्रावधान सभाले हटाएको हो ।

विधायन समितिको प्रतिवेदनमा काउन्सिललाई पत्रकारको परीक्षासम्बन्धी कार्य गर्ने र पत्रकारका लागि लाइसेन्स परीक्षा, दर्ता तथा अभिलेख राख्नेसम्बन्धी व्यवस्था थियो । करिब १० महिनादेखि विवाद र चर्चामा रहेको उक्त विधेयकमा विधायन समितिले तय गरेका अरू प्रावधान पारित भएका छन् । यो विधेयक अब प्रतिनिधिसभामा जानेछ ।

विधेयक प्रस्तुतकर्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले संशोधित प्रतिवेदनसहित विधेयक पारित गर्न आग्रह गरेका थिए । 'पोर्चुगलमा पत्रकारको लाइसेन्स परीक्षा छ, इटालीमा प्रशिक्षार्थीको व्यवस्था छ,' उनले भने, 'मिडियामा सेकेन्ड सेकेन्डमा परीक्षा हुने भएकाले किन लाइसेन्स परीक्षा लिने भन्ने प्रश्न उठेको हो ।' उनले यो विधेयकबारे प्रदेशसहित धेरै ठाउँमा छलफल भएर आएको उल्लेख गर्दै यसले मिडियाबाट पीडितको हक सुरक्षित गर्ने बताए ।

सांसदहरूले परीक्षाको प्रावधानले अभिव्यक्ति स्वतन्त्रता खोस्ने भएकाले त्यसलाई हटाउन माग गरेका थिए । 'सञ्चारकर्मीको हरपल हरक्षण परीक्षा भइरहेको हुन्छ, जुन समाचार मन पराइँदैन, ती टिक्दैनन्,' कांग्रेस सांसद राधेश्याम अधिकारीले भने, 'परीक्षाले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने हुँदा लिनुहुँदैन भन्ने आवाज उठेको हो ।' सांसद रामप्रित पासवानले मिडिया नियमनको नाममा सरकारले नियन्त्रण गर्न नहुने बताए ।

मिडिया काउन्सिल विधेयकमा पत्रकार तथा सञ्चारमाध्यमबाट कसैको मानहानि भएमा चर्को दण्ड जरिवाना तिर्नुपर्ने प्रावधानलाई भने विधायन समितिले पहिल्यै हटाएर पारित गरेको थियो । प्रस्तावित विधेयकमा आचारसंहितावपरीत प्रकाशित तथा प्रसारित सामग्रीबाट कसैको मर्यादा र प्रतिष्ठामा आँच पुगे काउन्सिलले आमसञ्चारमाध्यम, प्रकाशक, सम्पादक र संवाददातालाई २५ हजारदेखि १० लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने प्रावधान राखिएको थियो ।

ललिता निवास प्रकरण

जसले मुद्दा खेप्नुपरेन

जग्गा अनियमिततामा कतै न कतै जोडिए पनि केही व्यक्तिले भ्रष्टाचार मुद्दाको सामना गर्नुपरेन, उस्तै कसुरमा धेरैलाई प्रतिवादी बनाउँदा अख्तियारले केही व्यक्तिलाई भने छुट दिएको छ

■ **कृष्ण ज्ञवाली** (काठमाडौं)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललिता निवास जग्गा अनियमितता प्रकरणमा १७५ जनामाथि मुद्दा दायर गऱ्यो। अख्तियारको दाबीअनुसार तीमध्ये ११० जना कुनै न कुनै रूपमा 'कसुरदार' हुन् भने ६५ जना 'जग्गा जफत गर्ने' प्रयोजनका लागि प्रतिवादी बनाइएका हुन्। यस प्रकरणमा जोडिएका केही व्यक्तिविरुद्ध भने मुद्दा नचलेपछि आम छलफलको विषय बनेको छ। प्रमुख प्रतिपक्षी कांग्रेसले अख्तियारको अभियोजनमा पूर्वाग्रह झल्किएको आरोप लगाएको छ।

अधिवक्ता बालकृष्ण नेउपानेले दायर गरेको रिट निवेदनमाथिको व्याख्याका क्रममा सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश सुरेन्द्रप्रसाद सिंहसहित पाँच सदस्यीय इजलासले 'मन्त्रिपरिषद्को नीतिगत निर्णय अख्तियारको क्षेत्राधिकारमा नपर्ने' व्याख्या गरेको थियो। कानुनी व्यवस्था र नजिरका बावजुद ललिता निवासमा मन्त्रिपरिषद्बाट भएका निर्णय नीतिगत हुन् कि होइनन् भनेर हेर्ने ठाउँ अख्तियारलाई बाँकी थियो, जसमा ऊ प्रवेश गर्ने चाहेन।

अख्तियारले आफ्नो निर्णयमा भनेको छ, 'मन्त्रिपरिषद्का नीतिगत निर्णयहरू आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिएको हुँदा तत्कालीन प्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईको बयान भए पनि निजहरूका हकमा केही गरिरहनुपरेन।' लाउडा विमान भाडा प्रकरणमा अख्तियारले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई 'मन्त्रिपरिषद्का आडमा जथाभावी निर्णय नगर्न' सचेत गराएको थियो। यसपटक अख्तियार त्योभन्दा पनि एक कदम पछाडि बसेको छ।

ललिता निवास प्रकरणमा तत्कालीन प्रधानमन्त्री नेपालको मन्त्रिपरिषद्ले दुईवटा र बाबुराम भट्टराई नेतृत्वको मन्त्रिपरिषद्ले एउटा निर्णय गरेको थियो। दुवै निर्णयका आधारमा सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भएका थिए। मन्त्रिपरिषद्ले गर्ने कुनै पनि नीतिगत निर्णय आफ्नो क्षेत्राधिकारमा नपर्ने कानुनी व्यवस्था र सर्वोच्च अदालतको नजिरसमेतका आधारमा अख्तियारले नेपाल र भट्टराईलाई नछुने निर्णय गऱ्यो। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ४ मा मन्त्रिपरिषद् बैठकले सामूहिक रूपमा गरेको नीतिगत निर्णयमाथि आयोगले छानबिन गर्न नसक्ने व्यवस्था छ।

तत्कालीन मुख्यसचिव माधव घिमिरेलाई समेत अख्तियारले भ्रष्टाचार मुद्दा चलाएन। घिमिरेले सार्वजनिक जग्गा मोहीलाई बाँड्ने र मोहीसम्बन्धी निर्णय मालपोत कार्यालयबाट गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरेका थिए। उनले ती प्रस्तावका कानुनी वैधतामा समेत ध्यान दिएनन्। त्यति मात्रै होइन, उनले सचिवहरूको बैठकमा निर्देशन दिएको भनी तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव दीप बस्न्यातले टिप्पणी उठाएका थिए। दुर्घटनामा दिवंगत भइसकेकाले मानवीय संवेदना जोडिने भएर होला, अख्तियारको आरोपपत्रमा तत्कालीन मुख्यसचिव घिमिरेको भूमिकाबारे केही उल्लेख छैन।



समरजंग कम्पनीको जग्गा पशुपति टिकिन्छा गुठीका नाममा दर्ता गर्ने प्रस्तावलाई मन्त्रिपरिषद्को बैठकले सैद्धान्तिक स्वीकृति दिएको थियो। मन्त्रिपरिषद्का मुख्यसचिव लीलामणि पौड्यालले चाहेको भए प्रस्ताव रोकिन्थ्यो वा निर्णय हुँदैनथ्यो भन्ने तर्क पनि आएका छन्। उनले सार्वजनिक रूपमा 'कानुनी प्रक्रिया नपुगेका र बदनियत देखिएका कतिपय प्रस्ताव आफूले फर्काइदिएको' भाषण गर्ने गरेका थिए तर पशुपति टिकिन्छा गुठीको निर्णय उनले प्रमाणीकरण गरेका छन्। 'मन्त्रालयले सबै कागजात मिलाएर ल्याएको देखिन्छ अनि म मुख्यसचिव हुनुभन्दा पहिले दर्ता भएको प्रस्ताव रहेछ,' कान्तिपुरसँगको प्रतिक्रियामा उनले भनेका छन्, 'अरू अवस्थामा मन्त्रिपरिषद्का निर्णयमा मुख्यसचिव दोषी हुँदैनन् भने म कसरी यो निर्णयमा मुछिनुपर्ने ?' मन्त्रिपरिषद्को निर्णय प्रमाणित गरी मातहतका निकायमा पत्राचार गर्दा मात्रै भूमिका देखिएको र बदनियत नभेटिएको भन्दै अख्तियारले पौड्यालमाथि मुद्दा चलाएन।

अख्तियारले २०४९ सालमा ११२ रोपनी सरकारी जग्गा राणा परिवारका नाममा गएको घटनामा मालपोतका कर्मचारीमाथि मुद्दा चलाएको छ। त्यही जग्गा लिएबापत राणा परिवारले विभिन्न व्यक्तिलाई जग्गा बकस गरी 'घूस' दिएको भेटिएको छ। तत्कालीन शाखा अधिकृत सुधीरकुमार शाहले पत्नी उर्मिलाका नाममा जग्गा लिएका थिए। अर्का तत्कालीन शाखा अधिकृत गेहनाथ भण्डारीले पत्नी भुवनकुमारी र सासू सोदाकुमारी चापागाईंका नाममा जग्गै घूस लिएका थिए। उर्मिला शाहले बयानमा आफूले जग्गा खरिद गर्दा श्रीमान् भक्तपुर मालपोत कार्यालयको शाखा अधिकृत रहेको बताएकी छन् भने भुवनकुमारी चापागाईंले आफूले जग्गा किन्दा श्रीमान् योजना आयोगको शाखा अधिकृत रहेको बताइन्। अभियोगपत्रको तालिकामा समेत उनीहरूका पतिको नाम जोडिएको छ तर अख्तियारले तत्कालीन शाखा अधिकृतद्वय शाह र भण्डारी दुवैलाई प्रतिवादी बनाएको छैन। 'कि त पति वा नातेदारलाई पनि मुद्दा चलाउनुपर्ने,' विशेष अदालत स्रोतले भन्यो, 'होइन भने तालिकामा उनीहरूको नाता जोडेर ती कर्मचारीको नाम हाल्न नहुने।' शाहले सहसचिवबाट अवकाश भएर निर्वाचन आयुक्तको कार्यकालसमेत पूरा गरिसकेका छन् भने भण्डारी सहसचिवबाट अवकाश पाएका व्यक्ति हुन्।

ललिता निवासमा शाहको सक्रियता यत्तिमै टुंगिँदैन। उनी तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको प्रमुख निजी सचिवमा नियुक्त भए। दरबारका तत्कालीन सैनिक सचिव विवेककुमार शाहकै जोडबलमा नातालै भाइ पर्ने उनलाई निजी सचिव बनाइएको थियो किनभने २०५४ सालमा चन्दलाई प्रधानमन्त्री बनाउने बेलामा दरबारको शुभेच्छा थियो। तत्कालीन प्रधानमन्त्री चन्दको निजी सचिव भएका बेला शाहले प्रधानमन्त्री निवासभित्रको जग्गा बाहिर पारेर बालुवाटारको पर्खाल भत्काएर फेरबदल गरे। समरजंग कम्पनीका सहायक लेखापाल विनोद पौडेल पनि भ्रष्टाचारको आरोपबाट उम्किए। जग्गा 'बकस' लिएकी उनकी श्रीमती विद्या पौडेल गौतमले भ्रष्टाचार मुद्दा खेपे पुग्ने भयो। तत्कालीन भूमिसुधार अधिकारी उमानाथप्रसाद ज्ञवाली यो प्रकरणमा भ्रष्टाचार मुद्दा दायर नभएका अर्का व्यक्ति हुन्। ज्ञवालीले ११२ रोपनी जग्गा राणा परिवारका नाममा फिर्ता भएपछि त्यसमा मोही पनि कायम हुने भनी फैसला गरिदिए। व्यक्तिका नाममा दर्ता भइसकेको जग्गामा मोही कायम गर्ने निर्णय गरे पनि प्रत्यक्ष रूपमा सरकारी जग्गा हानि भएको नदेखिएका आधारमा उनीमाथि मुद्दा चलेन। भूमाफिया भनी किटान गरिएका शोभाकान्त ढकाल र रामकुमार सुवेदीको प्रभावमा परेर उनले निर्णय गरेलगत्तै थप ६ रोपनी जग्गा 'घूस' स्वरूप बकसपत्र भयो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका अनुसार बिचौलिया भनिएका रामनाथ घिमिरे र रामकल्याण अधिकारीले राणा परिवारबाट उक्त जग्गा हात पारे। पछि ज्ञवालीकै निर्णय तत्कालीन पुनरावेदन अदालत पाटनले सदर गऱ्यो। नेकपाका महासचिव विष्णु पौडेलका छोरा नवीन र तत्कालीन अधिवक्ता कुमार रेग्मीले प्रत्यक्ष रूपमा ललिता निवासको सरकारी जग्गा आफ्ना नाममा ल्याएका थिएनन्। व्यक्तिका नाममा दर्ता भइसकेको जग्गा उनीहरूले राजीनामामार्फत किनेको मालपोत कार्यालयको अभिलेखबाट देखिन्थ्यो। अख्तियारले यसरी जग्गा किन्ने सबैलाई जग्गा जफत प्रयोजनका लागि प्रतिवादी बनाए पनि पौडेल र रेग्मीलाई छुट दियो। अख्तियारका अनुसार उनीहरूले आयोगको अनुसन्धान अधिकृतसमक्ष गरेको बयान तथा आयोगसमक्ष पेस गरेको निवेदनमा आफ्ना नाममा कायम रहेका जग्गा सरकारलाई छाडिदिन मञ्जुर गरेकाले मुद्दा दायर नगरिएको हो। अख्तियारको यो निर्णय आफैंमा अर्थपूर्ण छ। भ्रष्टाचार मुद्दामा प्रतिवादी बनाइएका ६५ जनामाथि कसुर र सजाय मागदावी गरेको अख्तियारले पौडेल र रेग्मीको सम्पत्ति जफत हुनुपर्छ भनी दावी मात्रै गरेको छ। पौडेललाई प्रतिवादी बनाउँदा कुनै न कुनै रूपमा 'विष्णु पौडेलका छोरालाई भ्रष्टाचार मुद्दा लागेको' भन्ने सन्देश जान्थ्यो। अर्कातर्फ प्रतिवादी बनाइएको भए नवीनसमेत ६५ जना प्रतिवादीसरह तिनको म्याद तामेली, तारिख, बयानजस्ता मुद्दा-मामिलाको झमेलामा कम्तीमा २/३ वर्ष अल्झिनुपर्ने हुन्थ्यो।

सर्वोच्च अदालतका बहालवाला न्यायाधीश कुमार रेग्मी झनै अप्ठेरो अवस्थामा थिए। जफतकै प्रयोजनका लागि भए पनि भ्रष्टाचार मुद्दामा प्रतिवादीको सूचीमा नाम हुँदा उनको पद धरापमा पर्थ्यो। त्यसमाथि ललिता निवासका प्रमुख प्रतिवादी मीनबहादुर गुरुङले बयानमा जग्गा खरिदबिक्रीमा आफ्नो साथमा रेग्मी पनि संलग्न भएको बताएका थिए। त्यस्तो अवस्थामा जग्गा फिर्ता गर्ने निर्णय रेग्मीका लागि सुरक्षित हुने उपाय थियो। 'मालपोतमा गएर आफ्नो जग्गा सरकारकै नाममा बकस गरिदिएको अवस्थामा प्रतिवादी नबनाउनु ठिकै हो,' लामो समय अख्तियारमा बसेका एक सरकारी वकिलले भने, 'फिर्ता गर्ने कागज गरेकै भरमा प्रतिवादीको सूचीमा नपर्नु त गजबै भयो नि, होइन र ?' अख्तियारको आरोपपत्रअनुसार पौडेल र रेग्मी दुवै जनाले सरकारलाई जग्गा फिर्ता गरेको नभई 'छाडिदिन मञ्जुरसम्म भएको' देखिन्छ। जबकि उनीहरूले चाहँदा एक दिनमै मालपोत कार्यालयमा गएर जग्गा फिर्ता गर्न सम्भव हुन्छ।

गच्छदारमाथिको मुद्दा बदनियतपूर्ण : कांग्रेस

काठमाडौं (कास)- कांग्रेसले उपसभापति विजय गच्छदारमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दर्ता गरेको भ्रष्टाचार मुद्दालाई राजनीतिक आग्रहले प्रेरित र बदनियतपूर्ण भनेको छ।

सभापति शेरबहादुर देउवाको निवासमा बिहीबार बसेको पदाधिकारी र पूर्वपदाधिकारीको बैठकले यसलाई राजनीतिक बदनियतले प्रेरित ठहर गरेको थियो। कांग्रेसले प्रधानमन्त्रीय प्रणालीमा मन्त्रिपरिषद्बाट भएको कुनै पनि निर्णयको पूर्ण जिम्मेवारी प्रधानमन्त्रीको हुने, प्रधानमन्त्रीको सहमतिबेगर मन्त्रिपरिषद्मा कुनै प्रस्ताव आउन र पारित हुन नसक्ने बताएको छ।

'मन्त्रिपरिषद्ले गरेको निर्णयमा प्रधानमन्त्रीद्वय माधव नेपाल र बाबुराम भट्टराईलाई उन्मुक्ति दिने र कुनै मन्त्रीमाथि त्यही निर्णयमा आधारित रहेर मुद्दा चलाउने कुरा आफैंमा बदनियतपूर्ण रहेको प्रस्ट छ,' कांग्रेसद्वारा जारी विज्ञप्तिमा छ। पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता विश्वप्रकाश शर्माले पनि यो मुद्दालाई कांग्रेसका नेता-कार्यकर्तामाथि झूटा मुद्दा लगाउने र हतोत्साही बनाउने शृंखलाका रूपमा लिएको बताए।


संसद अवरुद्ध

अख्तियारले राजनीतिक पूर्वाग्रह राखेर भ्रष्टाचार मुद्दा दायर गरेको भन्दै कांग्रेसले बिहीबार संघीय संसद्का दुवै सदनमा विरोध जनाएको छ।

कांग्रेस सांसदले प्रतिनिधिसभा बैठक अवरुद्ध गरेका थिए भने राष्ट्रिय सभामा विरोध मात्र जनाए। ललिता निवास जग्गा प्रकरणमा मुछिएका सत्तापक्षका नेताहरूलाई चोख्याउने र विपक्षी पार्टीलाई फसाउने गरी अख्तियार सरकारको लाचार छाया बनेको उनीहरूले आरोप लगाए। प्रतिनिधिसभामा कांग्रेस सचेतक पुष्पा भुसाल गौतमले मन्त्रिपरिषद्ले गरेको निर्णयलाई आधार बनाएर मन्त्री मात्र दोषी हुन नसक्ने बताइन्। 'कुनै मन्त्रीलाई कारबाही गर्ने र कुनैलाई नगर्ने, कुनै प्रधानमन्त्रीलाई कारबाही गर्ने र कुनैलाई नगर्ने हुन सक्दैन,' उनले भनिन्, 'लोकतन्त्रमा सबै नागरिक बराबर होइन र ?' उनले भनिन्, 'संसदीय अभ्यास र लोकतन्त्रको मूल्यमान्यताका आधारमा भन्दा पनि वैचारिक आधारमा मुद्दा चलाइएको छ।'

कांग्रेस भएकै कारण विभेदकारी ढंगबाट सरकारले अख्तियारलाई प्रयोग गरेको यो घटनालाई आफूहरूले सहन नसक्ने उनले बताइन्। राष्ट्रिय सभामा कांग्रेस सांसदहरूले अख्तियारको निर्णयले तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल र नेकपाका महासचिव विष्णु पौडेललाई नियतवश जोगाएको बताए। सांसद बद्री पाण्डेले ललिता निवास जग्गा प्रकरणमा दुई तिहाइको सरकारको धम्कीले कांग्रेसमाथि मुद्दा चलाएको बताए। 'शक्तिको दुरुपयोग गरेर प्राप्त गरेको जग्गा फिर्ता दिन्छु भनेपछि पौडेललाई मुद्दा चलाउन रोक्ने अख्तियारको निर्णय कस्तो अविवेकी हो ?' उनले भने, 'जग्गा फिर्ता दिन्छु भन्नु अपराधको स्वीकार्य हो।'





शिक्षकलाई हाजिरी मेसिन

सिन्धुली (कास)- कमलामाई नगरपालिका-४ ढुंग्रेबासस्थित कमला माविका शिक्षक टीकाराम श्रेष्ठलाई विद्यालय समयमा पुग्नै हतारो हुन्छ। हाजिरी मेसिनमा उपस्थिति नजनाए गयल परिने डरले गर्दा उनी हस्याङफस्याङ गदै विद्यालय पुग्छन्। 'सेट गरेको समयमा पुगेर हाजिर नगरे गयल जनिने भएकाले सबैलाइ चटारो हुन्छ,' उनले भने, 'पहिला पनि समयमै गइन्थ्यो तर अहिले विद्युतीय हाजिर मेसिन जडान भएपछि बोल्ने ठाउँ नै रहँदैन।'

२००७ सालमा स्थापना भएको विद्यालयमा हाजिरी मेसिन जडान भएको वर्ष दिन नाघिसकेको छ। मेसिन भएपछि ढिलो भयो भनेर धर नपाइने विद्यालयका प्रधानाध्यापक कमलेश चौधरीले बताए। जिल्लाका सबै पालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि भन्दै रजिस्टर कापी हटाएर विद्युतीय हाजिरी मेसिन जडान गर्न सुरु गरेका छन्। विद्यालय समयमा शिक्षक हराउने र अवधिभर नपढाउने गुनासो बढेपछि मेसिन जडान गरी विद्यालयलाई प्रविधिमैत्री बनाएको पालिकाका प्रतिनिधिहरूको भनाइ छ।

नगरभित्र रहेका १०३ वटा सामुदायिक विद्यालयमध्ये ३१ वटामा मेसिन जडान गरेको कमलामाई नगरपालिकाले जनाएको छ। शिक्षा शाखा प्रमुख शंकरराज लुईंटेलले २६ वटा माविलाई विद्यालयकै स्रोतबाट किनेर मेसिन जडान गर्न निर्देशन दिइएको बताए। शिक्षक नियमित हाजिर भए/नभएको वडा कार्यालयको जिम्मामा रहने गरी उक्त मेसिन जडान गरिएको उनले बताए। विद्युत् नपुगेको स्थानमा सोलारको व्यवस्था गरिएको छ। कमलामाई नगरपालिकाले मेसिन जडान गर्न यो वर्ष १५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। सुनकोसी गाउँपालिकाका ५० विद्यालयमध्ये नौ वटामा मेसिन जडान भएका छन्। बाँकी विद्यालयमा आगामी वर्ष जडान गरिने गाउँपालिका अध्यक्ष दीपा बोहोरा दाहालले जानकारी दिइन्। त्यस्तै दुधौली नगरपालिकाले पनि ८० वटा सामुदायिक विद्यालयमध्ये तीन वटामा मेसिन जोडेको छ। दुधौली नगरपालिका शिक्षा शाखा संयोजक पदम बिष्टका अनुसार १६ वटा विद्यायलमा यो वर्ष जडान गर्ने कार्यक्रम छ। मरिण गाउँपालिकाको ४८ वटा सामुदायिक विद्यालयमध्ये आठ वटामा जडान गरेको छ। यस्तै तीनपाटन गाउँपालिका, फिक्कल, घ्याङलेक, गोलन्जोरलगायतका गाउँपालिकाका अधिकांश विद्यालयमा हाजिरी मेसिन जडान गरिएको छ।

विद्यालयमा मेसिन जडानसँगै शिक्षक उपस्थितिको निगरानी गर्न सजिलो भएको र यसले शिक्षकलाई अनुशासित र उत्तरदायी बनाएको कमलामाई नगरपालका-४ का अध्यक्ष महेन्द्रप्रसाद ढकालले बताए।

वडाध्यक्षको किर्ते हस्ताक्षर

सिन्धुपाल्चोक (कास)- आफ्नो हस्ताक्षर चोरेर किर्ते कागजात तयार पारिएको भन्दै त्रिपुरासुन्दरी-१ का वडाध्यक्ष कर्णबहादुर खड्काले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका छन्। त्रिपुरा-१ कै बासिन्दा गाडदेउ थामी र कमलप्रसाद तिमिल्सनाले हस्ताक्षर चोरेर कागजात किर्ते बनाएको र त्यसमा गाउँपालिकाले सिफारिस दिएको उनको आरोप छ।

वडाध्यक्ष खड्काको हस्ताक्षर र वडा १ कै लेटरप्याडमा दुवैले वडा १ कार्यालयका लागि आफ्नै जग्गा पास गराउन निर्णयसहित आवश्यक कागजात पेस गरेको पाइएको छ। त्यसमा गाउँपालिका प्रमुखले पनि सिफारिस गरेका छन्। डेढ महिनाअघि वडा कार्यालय बनाउन पायक देखिएको स्थान चुनेर ७ आनाको पुर्जा वडाकै नाममा पास गरेर गाउँपालिकाले २५ लाख बजेट छुट्याएको वडाध्यक्ष खड्काले सुनाए।

खड्काले किर्ते दाबी गरेको कागजातमा वडाध्यक्षकै अध्यक्षतामा बसेको बैठक र निर्णयको माइन्यूटमा २०७६ पुस १४ मा ३४ जनाको उपस्थिति देखाइएको छ। 'महिला सदस्य कविता थामी र दलित महिला सदस्यदेखि अधिकाशंको हस्ताक्षर किर्ते गरिएको छ,' दलित महिला सदस्य मानकुमारी विकले भनिन्। जिल्ला प्रशासन कार्यालय कार्यालयका निमित्त प्रमुख जिल्ला अधिकारी बाबुराम खनालले यसबारे सबै सूचना र जाहेरी पाइसकेको बताए। 'अनुसन्धानको पाटो प्रहरीको भए पनि अन्य प्रक्रियागत कसरत भइरहेको छ,' उनले भने।

भग्नावशेष भेटिएपछि भवन निर्माण रोकियो

दोलखा (कास)- जग खन्ने क्रममा पाडुडाँडा क्षेत्रमा जमिनभित्र मानवनिर्मित संरचनाका भग्नावशेष भेटिएपछि बैत्येश्वर गाउँपालिकाले प्रशासनिक भवन निर्माण रोकेको छ। ७२ रोपनी जमिनमा फैलिएको सुन्दरडाँडामा डोजर चलाउँदा इँटाका ठूलूलूा पिलर, धारा, पोखरीजस्ता संरचना भेटिएपछि गाउँपालिकाले निर्माण रोकेको हो। यसबारे पुरातत्व विभागलाई खबर गरिएको अध्यक्ष छवि लामाले बताए। खन्ने क्रममा धारा र पोखरीका संरचनासमेत भेटिएको स्थानीयको भनाइ छ। यसै क्षेत्रमा खानेपानी आपूर्तिका लागि जमिन खन्दा यसअघि पनि भग्नावषेश फेला परेको थियो।

जहाँ ५ कक्षामै टुंगिन्छ पढाइ

'सक्नेले काठमाडौं लगेर पनि पढाएका छन्, हाम्रा छोराछोरी ५ कक्षा पढेर चौरी चराउन जान्छन्'



सिन्धुपाल्चोकको जुगल गाउँपालिका-३ स्थित तेम्बाथान आधारभूत विद्यालयका बालबालिका। तस्विर : अनिश/कान्तिपुर

■ **अनिश तिवारी** (सिन्धुपाल्चोक)

चिसो भुँइमा टुक्रे गुन्द्री। चिरा परेका काठले बेरिएका कोठा। त्यहीं टाँगिएका छन्, च्यातिन थालेका थोत्रा चार्ट। पुस्तक र कापी बोकेर बालबालिका शिक्षक कुरेर बसेका छन्। अझैसम्म सडक नजोडिएको जुगल गाउँपालिका-३ तेम्बाथान गाउँको तेम्बाथान आधारभूत विद्यालयको यो अवस्था देख्ने जो कोही दिक्क हुन्छन्।

थोत्रो पालमाथि बसेर दोस्रोपटक कक्षा ५ पढिरहेका केही बालबालिका भने कक्षा ६ पढ्न नपाएकोमा चिन्तित देखिन्छन्। ५ कक्षामाथि पढ्न दुई दिन टाढा गुम्बाथानको पाँगर्पू पुग्नुपर्ने भएपछि जुगलको अन्तिम गाउँ दिपुकी १५ वर्षीया पेम्बा शेर्पा अन्योलमा छिन्। 'कसरी ६ कक्षा पढ्ने हो ? पाँगर्पूमा डेरा लिने ठाउँ पनि छैन। यहाँ ५ कक्षा दोहोऱ्याएर कतिन्जेल पढिरहनु ?' उनले भनिन्। काठमाडौं गएर पढ्न आर्थिक अवस्थाले नभ्याउने र गुम्बाथानमा डेरा लिने ठाउँ नभएपछि बाध्य भएर भाइले जस्तै कक्षा ५ मा पढिरहेको उनले बताइन्।

डाक्टर बन्ने रहर बोकेकी पेम्बाले कक्षा ६ मा पढ्न गुम्बाथान जाने आँट पनि गरिन्। चौरी पालनबाहेक अरू गतिलो आयस्रोत नभएपछि बुबाआमाले टाढाको गुम्बाथान पाँगर्पू पठाएनन्। 'चौरीबाट हुने कमाइ नुनतेल र उपचारमै सकिन्छ, टाढा पढाएर कसरी खर्च जुटाउन भनेर मानेनन्,' उनले भनिन्। पेम्बाका भाइ मिङमार गत वर्ष ५ कक्षा पास गरे पनि चौरी गोठालो बन्न मन नभएकाले दोहोऱ्याएर ५ कै पुस्तक पढ्न छोडेका छैनन्। विद्यालय टाढा भएकाले पढ्ने उमेरका सबै चौरी पाल्न लेकमा गएको कक्षा ५ अध्ययनरत १४ वर्षीय सुनम शेर्पाले बताए। 'केही त यहाँको ५ कक्षा सकेर बुबाआमासहित काठमाडौंतिर पढ्न गएका छन्, उनीहरू गाउँ आउँदैनन्,' उनले भने, 'हामी जान सक्दैनौं रे, त्यसैले यतै ५ मै दोहोऱ्याएर पढ्छौं।'

गाउँमा विद्यालय नहुँदा कृषि र पशुपालनबाट हुने आम्दानी घरखर्चमै ठिक्क हुँदा सामान्य परिवारकाले ५ कक्षाभन्दा माथि छोराछोरी पढाउन नसक्ने कक्षा २ मा पढ्ने १० वर्षीय निमायाङ्जी शेर्पाकी आमा डोल्मा शेर्पाले बताइन्। 'हामी काठमाडौं पठाएर पढाउन सक्दैनौं। यता माथिल्लो कक्षा पढ्न स्कुल नै छैन,' डोल्माले भनिन्, 'सक्नेले काठमाडौं लगेर पनि पढाएका छन्। हाम्रा छोराछोरी ५ कक्षा पढेर चौरी चराउन जान्छन्।'

जुगलको 'कर्णाली' भनेर चिनिने दिपु, तेगादेखि तेम्बाथानसम्मका बालबालिकाको समस्या उस्तै हो। यी तीन गाउँमा करिब २ सय २० घर छन्। स्थानीय फुर्पा शेर्पाका अनुसार गत वर्ष यी गाउँका ३० बालबालिकाले ५ कक्षा पास गरिसकेका थिए। तीमध्ये १०/१२ जना राजधानी गएर पढ्न थाले। 'तीबाहेक अरू बच्चा गाउँमा त्यत्तिकै बसिरहेका छन्। गाउँभर ५ कक्षा पढेर बस्ने बालबालिकाको संख्या ३५ हाराहारीमा छ।'

गाउँभर वर्षौंदेखि ५ कक्षा पढेर चौरी गोठालो बस्न जाने परम्पराजस्तो बनिसकेको उनले बताइन्। न त यहाँ माध्यमिक विद्यालय छ, न त त्यत्रो दिन लाग्ने टाढा पाँगर्पूमा बस्ने डेरा लिन मिल्ने कुनै बजार। यही भएर पनि यहाँका बालबालिकाले कक्षा ५ भन्दामाथि अध्ययन गर्न नसक्ने अवस्था छैन।

चौरी, बाख्रापालन, कोदो, आलु खेतीमात्रै यहाँका बासिन्दाको आयआर्जन स्रोत हो। भारत या विदेश गएर कमाएका केहीले मात्रै आफ्ना छोराछोरीलाई राजधानी लगेर पढाएका छन्। 'राजधानी पढ्न गएकाहरू प्रायः फर्कदैनन्। गाउँमा ५ भन्दा माथि पढेको मान्छे नै भेटिँदैनन्,' स्थानीय माइला शेर्पाले भने। यहाँका स्थानीय अझै पनि त्यस्तै बिरामी भए ऋण गरेर हेलिकप्टर बोलाउन बाध्य रहेको गाउँका अगुवा साइला शेर्पाले बताए। गाउँमै व्यवस्थित विद्यालय उच्च शिक्षाको लागि आफ्नै अगुवाइमा दर्जनौं पटक गुहार मागदा पनि नेता र सरकारले केही विकास नदिएको उनले गुनासो गरे। 'सरकारले यहाँको दुर्गम अवस्था र अभावलाई एकदमै बेवास्ता गरिरहेको छ। सिंहदरबार घेर्ने अवस्थामा पुगिसकेका छौं,' शेर्पाले भने। जिल्ला शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख कृष्ण सुवेदीले उच्च शिक्षाका लागि स्थानीय सरकारबाटै कानुनी रूपमा पहल हुनुपर्ने बताए। 'गाउँपालिकाबाट पहल भएपछि प्रक्रिया अगाडि बढ्छ। सरकारी प्रावधानबाट कुनै व्यवधान छैन,' उनले भने।

जुगल गाउँपालिकाले भने विद्यालयलाई आवश्यक भौतिक पूर्वाधार दिइरहेको र माथिल्लो कक्षा सञ्चालनका लागि प्रयास गरिरहेको जनाएको छ। जुगल गाउँपालिकाका अध्यक्ष होमनारायण श्रेष्ठले विद्यालयमा माध्यमिक शिक्षा नहुँदा समस्या देखिएको कुरा स्वीकारे। 'दरबन्दीका शिक्षक नटिक्ने समस्यालाे पनि चुनौती बनाएको छ, ६ भन्दामाथि थप्ने प्रक्रियामा छौं,' उनले भने।

एक शिक्षकको भरमा विद्यालय

जुगल हिमालको काखक्षेत्रको मुटु कपाउने सिरेटोबीच तेम्बाथान आधारभूत विद्यालय भूकम्पको चार वर्ष थोत्रो टहरामा चल्यो। भर्खरै एक करोड खर्चेर विद्यालय भवन बने पनि फर्निचर, शौचालयलगायतका सुविधा नहुँदा समस्या उस्तै छ। विद्यालयमा दुई जनाको दरबन्दी भए पनि प्रधानाध्यापक युवराज शर्मा एक्लैको भरमा छ। उनी परीक्षाका लागि प्रश्नपत्र लिन सदरमुकाम चौतारा गएपछि विद्यालय स्थानीय युवती फुर्पा शेर्पा कक्षा चलाउन सघाइरहेकी छिन्। काठमाडौंको बौद्धमा पढ्दै गरेकी फुर्पा गाउँ आएर विद्यालयमा सघाउन थालेकी हुन्। 'एक्ला प्रधानध्यापकका भरमा चलिरहेको छ, म यत्तिकै सघाउन आएकी हुँ,' उनले भनिन्, 'अर्का शिक्षक नवसिदिँदा बालबालिका नियमित आए पनि पढाइ नहुने रहेछ।'

बिजुली नहुँदा अन्धकारमा टुकीकै सहारामा बालबालिकाले पढनुपर्ने बाध्यता बोक्नुपरेको उनले गुनासो गरिन्। 'एउटा भवन मात्रै बनेको छ, जसमा कक्षाकोठा नपुगेपछि एउटै कोठामा दुई वटा कक्षा चलाइएको छ, बिजोगैबिजोग छ,' उनले भनिन्। बालबालिकाको लागि विद्यालयमै शौचालय र खानेपानी धारा नहुँदा दिसापिसाब गर्न घरै पुनुपर्ने बाध्यता रहेको उनले बताइन्।

क्याम्पसको लापरबाहीले विद्यार्थी अन्योलमा

■ **नगेन्द्र अधिकारी** (काभ्रे)

काभ्रे बहुमुखी क्याम्पसको लापरबाहीका कारण कम्प्युटर इन्जिनियरिङमा अध्ययनरत विद्यार्थी अन्योलमा परेका छन्। कक्षा ११ मा भौतिक र रसायन विज्ञान अनिवार्य हुनुपर्ने भए पनि क्याम्पसले त्यसको सट्टामा नेपाली र अंग्रेजी विषय पढाएको थियो। कक्षा ११ र १२ मा ती विषय पढेर स्नातक तहमा कम्प्युटर एप्लिकेसन र सूचना प्रविधिमा मात्रै अध्ययन गर्न पाइने १२ कक्षाका विद्यार्थी जोन लामाले बताए। क्याम्पसले पाठ्यक्रमअनुसारको विषय नपढाउँदा स्नातक तहको इन्जिनियरिङबारे के हुने भन्ने विद्यार्थीमा अन्योल भएको छ। आन्दोलित विद्यार्थीले क्याम्पसमा तालाबन्दी गर्दै बनेपा नगरपालिका र जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएका छन्।

'क्याम्पसले हाम्रो भविष्यमाथि खेलबाड गऱ्यो, कम्प्युटर इन्जिनियर बन्ने सपना पूरा नहुने भयो,' लामाले भने, 'कक्षा ११ पास भइसकेका छौं, तर पाठ्यक्रमअनुसार नभएको भन्दै राष्ट्रिय परीक्षा बोर्डले मार्कसिट इन्जिनियरिङका लागि काम नलाग्ने भनेको छ।' परीक्षा बोर्डमा बुझ्दा स्नातक तहमा विज्ञान वा व्यवस्थापन संकायमा समेत अध्ययन गर्न नमिल्ने जानकारी पाएको उनले बताए।

२०७५ साउनमा भर्ना भएका उनीहरू २०७६ वैशाखमा अनिवार्य नेपाली, अंग्रेजी, गणित, हार्डवयेर एन्ड आर्किटेक्चरको सैद्धान्तिक-प्रयोगात्मक विषय र कम्प्युटर प्रोगामिङको सैद्धान्तिक-प्रयोगात्मक परीक्षामा सहभागी भएका थिए। कक्षा ११ मा भर्ना भएका नयाँ विद्यार्थीको रजिस्ट्रेसन फाराम भर्ने बेलामा बोर्डले विषय नमिलेको भन्दै फिर्ता गरेपछि मात्रै उनीहरूले थाहा पाएका थिए। 'पहिला सस्तो शुल्कमा कम्प्युटर इन्जिनियरिङमा भर्ना हुन भनेर बोलायो, अब त अन्योलमा छौं,' निराकर चौलागाईले भने, 'यो त कलेजले व्यापार गर्न खोजेको जस्तो भयो।'

स्नातक तहमा कम्प्युटर इन्जिनियरिङ विषय अध्ययन गर्न चाहनेले भौतिक शास्त्र, रसायन शास्त्र तथा कक्षा ११ र १२ मा गणित विषय लिई प्रवीणता प्रमाणपत्र तह, उच्च माध्यमिक तह वा ए लेभल उत्तीर्ण भएको हुनुपर्छ। क्याम्पस प्रमुख केजी बैदारले गणित विषय लिएर अध्ययन गर्नेले पनि स्नातकमा कम्प्युटर इन्जिनियरिङ अध्ययन गर्न पाउने दाबी गरे। बैदारले भने, 'कुनै समस्या हुँदैन, विद्यार्थीको भविष्यप्रति सचेत र चिन्तित छौं।'

कलेजले विज्ञप्ति नै निकालेर त्रिविले बीएड, आइसीटीई, बीएससी सीएसआइटी, बीआईएम, बीसीए लगायतका सूचना प्रविधि तथा कम्प्युटर विज्ञानसम्बन्धी विषयको स्नातक कार्यक्रमलाई बिई सरहको मान्यता दिएकाले विद्यार्थीले उक्त विषय अध्ययन गर्न सकिने व्यवस्था रहेको भन्दै आफ्नो बचाउ गरेको छ। परीक्षा बोर्डले भने कक्षा ११ मा अनिवार्य भौतिक र रसायन विज्ञान पढेको हुनुपर्ने बताएको छ।

केयूलाई संघीय बनाउन लबिइङ

काभ्रे (कास)- काठमाडौं विश्वविद्यालय (केयू) लाई संघीय विश्वविद्यालयको हैसियतमा राख्न लबिइङ सुरु भएको छ। उच्च शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा केयूबारे मौन भएपछि विश्वविद्यालय प्रशासन, विद्यार्थी लगायत सरोकारवालाले लबिइङ थालेका हुन्। विद्यार्थीले यसका लागि हस्ताक्षर अभियान चलाएका छन्। अभियानमा विद्यार्थी र प्राध्यापक गरी दुई हजारले हस्ताक्षर गरिसकेका छन्।

स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पठाउन लागिएको मस्यौदामा काठमाडौं विश्वविद्यालयको हकमा भने विधानमा तोकेबमोजिम हुने भनिएको छ। 'केयू केन्द्रीय विश्वविद्यालयमा छुट्याउनुपर्ने कुनै कारण छैन,' नेपाल विद्यार्थी संघ केयू केन्द्रीय समितिका सभापति उज्ज्वल प्रधानले भने, 'अन्तर्राष्ट्रिय छवि बनाएको केयूलाई प्रदेश वा स्थानीय तहको बनाइए हामीलाई स्विकार्य छैन।' डा. भोला थापा केयूको रजिस्ट्रार रहँदा केयूलाई केन्द्रीय विश्वविद्यालयकै हैसियतमा राख्न उपयुक्त हुने दावी सरकारसमक्ष प्रस्तुत गरिएको थियो।

विश्वविद्यालय सभा सदस्यसमेत रहेका धुलिखेल नगर प्रमुख अशोककुमार व्याञ्जु श्रेष्ठले केन्द्रीय विश्वविद्यालयकै रूपमा रहनुपर्ने तर्क गरे। 'हाम्रो संविधानले दुई तहमा विश्वविद्यालयको परिकल्पना गरेको छ, स्थानीय तहमा विश्वविद्यालयको परिकल्पना गरिएको छैन,' उनले भने, 'केयू विश्वस्तरका विश्वविद्यालयको श्रेणीमा निकै माथि पुगिसकेको छैन, यसलाई केन्द्रीय विश्वविद्यालयकै हैसियतममा राख्नुपर्छ।' प्रस्तावित विधेयकले केयूलाई आफै विधान बनाएर आफ्नो दायरा तय गर्न छुट दिएको तर्क गर्दै रजिस्ट्रार सुबोध शर्माले चिन्ता लिनुपर्ने विषय नभएको प्रतिक्रिया दिए। 'केन्द्रीय बन्ने वा प्रादेशिक बन्ने केयूलाई विधेयकले छुट दिएको छ,' उनले भने, 'आफ्नै स्रोतले चलेको विश्वविद्यालय भएकाले ती विषयमा अब विधान बनाएर व्यवस्था गर्छौं।'

> विद्यार्थीले चलाएको अभियानमा प्राध्यापकसमेत गरी २ हजार जनाले हस्ताक्षर गरिसकेका छन्

शिक्षा मन्त्रालयले तयार गरेको मस्यौदामा त्रिभुवन, नेपाल संस्कृत, लुम्बिनी बौद्ध, कृषि तथा वन र नेपाल खुला विश्वविद्यालय केन्द्रीय विश्वविद्यालय हुने उल्लेख छ। पूर्वाञ्चल, पोखरा, मध्यपश्चिम, सुदूरपश्चिम र राजर्षि जनकलाई प्रदेश विश्वविद्यालयमा राख्न प्रस्ताव गरिएको छ। मस्यौदामा विश्वविद्यालयका आ-आफ्नै छुट्टै विधान हुने व्यवस्था छ।

प्रधानमन्त्रीको अध्यक्षतामा उच्च शिक्षा परिषद् बनाएर मातहतमा कार्यकारी समिति राख्न खोजिएको छ। उक्त समितिले प्रधानमन्त्रीको निर्देशनमा विश्वविद्यालयहरूलाई नियमनमा राख्नेछ।

नमुना बस्तीलाई साढे ४ करोड

हेटौंडा (कास)- वाग्मती प्रदेशले गन्धर्व, माझी र दनुवार बस्ती भएको तीन जिल्लाको तीन स्थानीय तहमा एकीकृत नमुना बस्ती निर्माण गर्ने भएको छ। स्थानीय परम्परा, जाति र संस्कृति झल्कने र होमस्टेसमेत सञ्चालन हुने गरी बस्ती निर्माण गर्न लागिएको हो। प्रदेश सरकारले यसका लागि साढे चार करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। कृषि मन्त्रालयले कृषि विकास निर्देशनालयमार्फत सम्बन्धित स्थानीय तहलाई दुई किस्तामा एक करोड ५० लाख रुपैयाँ उपलब्ध गराउने भएको छ।

तीन स्थानीय तहका प्रमुख र कृषि विकास निर्देशनालय हेटौंडाका प्रमुख रवीन्द्र प्रधानबीच समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ। पहिलो चरणमा निर्माण गरिने बस्तीमा सिन्धुलीको दुधौली नगरपालिका-२ को दनुवार बस्ती, रामेछापको खाँडादेवी गाउँपालिका-३ को माझी बस्ती र चितवनको माडी नगरपालिका-८ को गन्धर्व बस्ती रहेका छन्। कृषिलाई पर्यटनसँग जोड्दै ग्रामीण अर्थतन्त्रलाई सबल बनाउने र गरिबी निवारण गर्ने उद्देश्यले नमुना बस्ती निर्माण गर्न लागेको कृषि सचिव योगेन्द्रबहादुर कार्कीले बताए।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बनाएको कार्यविधिमा बस्तीको घर निर्माण एवं मर्मत र रंगरोगन गर्न ५० प्रतिशत रकम कृषि मन्त्रालयले उपलब्ध गराउने उल्लेख छ। बाँकी रकम स्थानीय तह र थोरै सहभागिता घरबालाको पनि हुनुपर्ने व्यवस्था छ।

दुधौली नगरपालिकाका मेयर घनश्याम राउतले दनुवार बस्तीमा सामूहिक खेती प्रणाली गत वर्षदेखि सुरु भइसकेको जानकारी गराए। 'बस्तीलाई उनीहरूकै शैलीमा घर बनाउने र मर्मत गर्ने काम अब सुरु हुन्छ,' उनले भने।









तपाईको आज

मेष	भाग्य वृद्धि	तुल	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पुर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ २५ गते शनिबार तदनुरुप ८ फरवरी २०२० माघ शुक्लपक्ष चतुर्दशी तिथि दिनको ३:१२ बजेसम्म उप्रान्त पूर्णिमा, तिष्य नक्षत्र रात्रिको ९:५५ बजेसम्म उप्रान्त अश्लेषा नक्षत्र, आयुष्मान योग रात्रिको ७:८ बजेसम्म उप्रान्त सौभाग्य योग, वणिज करण दिनको ३:१२ बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज दु लाइफ (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	सुमनसँग (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हवाट द फ्लप (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	सुमनसँग (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	यू एण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	यू एण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	यू एण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	प्राविधिक डायरी
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (महिमा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	शैली (भूपेन्द्र)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप आफ द टप्स (साञ्गरिका)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:१५	सौगाई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड इन्जुकेसन डायरी
१६:०५	द राहुल भुजेल सो
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	फेलाटिक फ्राइडे (महेश/स्मिता)
१८:००	आधा आकाश (कवला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	गो टेन्सन (दीपकराज/अम्बिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेटोनिक्स (साञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी ओल्डी (रश्मीता)
२३:००	इलिमेन्थ आवर (संजय)
२४:००	टप आफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (भूपेन्द्र)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२२५३४४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१५४५०
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२७६८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७९३२०/४३७९३७४
मानसिक अस्पताल	५५०२३३३
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६२९
तिलगंगा आँखा अस्पताल	४४२३६८४
नेपाल अर्थोपेडिक अस्पताल	४२९१७३५
भक्तपुर अस्पताल	६६९०६६६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४२९१००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६५५०
काठमाडौं मोडेल अस्पताल	४२४०८७४/६
नेपाल मेडिसिटी अस्पताल	९७३६/४२७६०६६/४२७६०५५
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर मेरोमल अस्पताल	४४६०८६०
मेडीकेयर मेरोमल अस्पताल (एम्बुलेन्स)	४४६०८६०
कान्तिपुर हस्पिटल	४९९९५७०/८५८
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४०६२०५
नार्भिक, थापाथली	४२४८५४४
वयोधा अस्पताल (प्रा.) लि.	४२८६४७८/४२८५६६६
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३९०३६/६६३७०१६
क्याथिलि अस्पताल (प्रा.) लि.	४२४६०२२
भक्तपुर रेडक्रस	६६१२२६६
नेशनल किड्नी सेन्टर	४३६३६५२/४३६०८८९
नेपाल मेडिसिटी	४२५०६५५/४२५०६६६
मानसिक अस्पताल	४४८०५७०
हृयात्मस अस्पताल	४३७०४०८/४३७०७०८
ईशान बाल नर्सिङ

ठेकेदार बेपत्ता भएपछि सहिद पार्क अलपत्र

मन्त्रिपरिषद्को एक दशकअघिको निर्णय कार्यान्वयन गर्न २०६८ मा पार्क निर्माणका लागि २८ करोड ५१ लाख बजेट छुट्याइएको थियो









काठमाडौंको गोकर्णेश्वर-९ स्थित सहिद तथा शान्ति पार्क र पार्कभित्रै फलामबाट निर्मित भ्युटावर, रेस्टुरेन्टका लागि बनाइएको संरचना र सचिवालय भवन। तस्बिर : इलिट जोशी/कान्तिपुर

■ **मकर श्रेष्ठ** (काठमाडौं)

गोकर्णेश्वर नगरपालिका-९ जगडोलस्थित सहिद पार्क दुई वर्षअघि नै निर्माण पूरा भएको भए यहाँको चहलपहल बेग्लै हुने थियो। रेस्टुरेन्टमा खाना र खाजा खान आउने, पिकनिक स्थलमा रमाइलो गर्नेको भीड देखिन्थ्यो। भ्युटावरबाट काठमाडौं उपत्यका हेर्नका लागि पर्यटकको लर्को लाग्थ्यो। सार्वजनिक विदा र फुर्सदको दिन परिवारसहित टहलिने थलो बन्थ्यो, जगडोल डाँडा।

तर, पार्क निर्माणका लागि भुक्तानी गरिएको बजेट लिएर ठेकेदार भागेपछि पार्कको निर्माण दुई वर्षयता अलपत्र छ। बालबालिकादेखि वृद्धवृद्धालाई लक्षित गरेर ६ सय ५० रोपनी क्षेत्रफलमा राष्ट्रिय सहिद तथा शान्ति पार्क बनाउने मन्त्रिपरिषद्को एक दशकअघिको निर्णय कार्यान्वयन गर्न २०६८ मा २८ करोड ५१ लाख बजेट छुट्याइयो। ठेकेदार कम्पनी पनि छनोट भयो। काम निर्माण गरिसक्ने अवधि ०७४ चैत १२ पनि तोकिएको थियो। ३ सय ४० वटा रुख नै काटियो। अहिले भने पार्क अलपत्र देखिन्छ।

फलामको भ्युटावर भाँच्चिइसकेको छ। रेस्टुरेन्टका लागि बनाइएको संरचनामा खिया लागेको छ। पानी ट्यांकी, स्तूपलगायतका अपुरो संरचनाले यो प्राकृतिक डाँडोलाई गिज्याएझैं देखिन्छ। पार्कको सचिवालयको तीन तलामध्ये माथिल्लो तलाको फिनिसिङ सकिए पनि तलका तला अधुरै छन्। झ्यालढोका नहुँदा कुलतमा फसेका युवायुवतीको सुरक्षित ठाउँ बनेको स्थानीय बताउँछन्। पिरामिडलगायत केही संरचना बनाउन सुरु गरिए पनि गुरुयोजनाअनुसार धेरैजसो बनेकै छैनन्। निर्माणको क्रममा लगाइएको बार पनि भत्किएका छन्।

सार्वजनिक शौचालय, पार्किङ क्षेत्र बनेको छैन। पसलको भवन बने पनि सटर नहुँदा 'भूतबंगला' झैं देखिन्छ। लेउले भरिएको कुरूप संरचनमा केही चैत्य उभिएका छन्। सल्लाघारीभित्र जति संरचना बन्नुपर्ने हो, नबन्दा गुरुयोजना नै अलपत्र परेको पार्क निर्माण तथा व्यवस्थापन समितिका पूर्वअध्यक्ष सुदर्शन सिग्देलले बताए। ठेकेदार भने निर्माण लागतको आधाभन्दा बढी रकम लिएर सम्पर्कविहीन छन्। पानी ट्यांकी, पैदलमार्ग, गेट, पार्किङलगायत

योजनाको नाम	ठेकेदार	ठेकेदारसँग सम्झौता रकम	सम्झौता मिति	कार्य सम्पन्न गर्नुपर्ने मिति	भुक्तानी रकम
पानी ट्यांकी, पैदलमार्ग, गेट, पार्किङ, रिटेनिङ पर्खाल, निजामती पार्क, धुन्सा स्मारक पार्क	डाफे/गौरी पार्वती/सुनौलो खिम्ती	६,०७,६७,८१२	०६८ भदौ २३	२०७४ चैत ३०	२,९४,२७,९५७
स्मृति स्मारक, शान्ति पिरामिड, संग्रहालय	बोकिम/शान्ति	४,२३,१६,१६०	०६८ भदौ २३	०७४ चैत ३०	३,८६,८९,९२९
सूचना केन्द्र, रेस्टुरेन्ट हल, पसल, सामुदायिक भवन	चक्रेश्वरी/सूर्य जीवन	३,०१,९६,७८६	०६९ असार ११	२०७४ चैत ३०	१,४०,३५,२०८
मूर्तिस्थल, चार सहिद पार्क, चैत्य, शान्ति स्तूपा, बगैंचा	सूर्य आरबी/जनपथ		०६९ असार ११	२०७४ चैत ३०	३३,९२,३५०
पिकनिक क्षेत्र, भ्युटावर, तारबार, टिकटघर, भजन मण्डली	चक्रेश्वरी/सुर्य जीवन	१,७२,९४,२४८	०६९ असार ११	२०७४ चैत ३०	१४,८५,३८५
जम्मा		१५,६२,१६,५३६			८,७०,३०,८२९

पार्कको लागत अनुमानको ५५ प्रतिशत बजेट लिएर ठेकेदार बेपत्ता भएका हुन्। १५ करोड ६२ लाखमा काम सक्ने गरी ठेक्का पाएकोमा ८ करोड ७० लाख रुपैयाँ भुक्तानी लिइसकेका छन्

निर्माणका लागि डाँफे/गौरी पार्वती/सुनौलो खिम्ती निर्माण कम्पनीलाई जिम्मा दिइएको थियो। ६ करोड ७ लाख ६७ हजारमा ०६८ भदौ २३ मा सम्झौता भएको थियो। यसैगरी बोकिम/शान्ति, चक्रेश्वरी/सूर्य जीवन, सूर्य आरबी/जनपथ, चक्रेश्वरी/सूर्य जीवन कम्पनीसँग छुट्टाछुट्टै ठेक्का सम्झौता गरिएको थियो। सबै निर्माण कम्पनीसँग २०७४ चैत ३० गते काम सक्ने गम्झौता थियो।

एउटै आयोजना धेरैलाई टुक्राएर दिँदाको परिणाम बेलैमा काम सम्पन्न नभएको स्थानीय बताउँछन्। 'मुख्य ठेकेदारले पनि अर्को ठेकेदारलाई दिँदा सबै काम अलपत्र परेको हो,' सिग्देलले भने, 'खराब चरित्र भएका ठेकेदार परेछन्। पैसा लगे काम गरेनन्।' पार्कको लागत अनुमानको ५५ प्रतिशत बजेट लिएर ठेकेदार बेपत्ता भएका हुन्।

१५ करोड ६२ लाखमा काम सक्ने गरी ठेक्का पाएकोमा ८ करोड ७० लाख रुपैयाँ भुक्तानी लिइसकेका छन्। स्मृति, मनोरन्जन, धार्मिक क्षेत्र छुट्याएर तीन सय ११ रोपनी क्षेत्रफलमा निर्माण गर्न आठ वटा ठेकेदार कम्पनीले ठेक्का पाएका थिए। 'पार्कक्षेत्रमा बनाउन ठेक्का पाएको कुनै पनि ठेकेदारले आफ्नो काम पूरा गरेका छैनन्,' पूर्वअध्यक्ष सिग्देलले भने, 'ठेकेदारहरू सम्पर्कमा समेत छैनन्।' पार्क क्षेत्रको मुल प्रवेशद्वार र सिँढीको काम मात्रै पूरा सकिएको छ।

सहरी तथा भवन निर्माण विभागअन्तर्गत आयोजना कार्यान्वयन इकाईका प्रमुख मचाकाजी महर्जनले काम पूरा गराउन सूचना निकालेर ठेकेदारलाई सम्पर्कमा त्याइरहेको बताए। 'सबैले काम पूरा गर्छौं भनेर निवेदन दिएका छन्,' उनले भने।'

छोटकरी

कलंकी अन्डरपासमा दुईको मृत्यु

काठमाडौं (कास)- कलंकीको अन्डरपासमा बिहीबार टिपरले मोटरसाइकललाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ। नम्बर नखुलेको टिपरले प्रदेश २-०३-००४ प ५५० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा रौतहटको कटहरिया नगरपालिका-४ का चालक १९ वर्षीय राकेशकुमार चौधरी र पछाडि सवार २४ वर्षीय मुन्ना चौधरीको मृत्यु भएको हो। टिपर र चालकको खोजी भइरहेको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जनाएको छ।

महानगरमा धर्ना

काठमाडौं (कास)- टुँडिखेल खुला गर्न माग गर्दै सम्पदा संरक्षण अभियन्ताले बिहीबार काठमाडौं महानगरपालिका कार्यालयमा धर्ना दिएका छन्। धर्नापछि अभियन्ताले मेयर विद्यासुन्दर शाक्यलाई महानगर प्रशासन प्रमुख नमराज ढकालमार्फत ध्यानाकर्षणपत्र बुझाए। टुँडिखेललाई अतिक्रमण मुक्त गर्न माग गर्दै गत कात्तिक २३ गते अभियान सुरु भएको थियो। तीन महिना पुगेपछि मेयरको ध्यानाकर्षण गराउने कार्यक्रम राखिए पनि मेयरले समय नदिएको अभियानका संयोजक विजय श्रेष्ठले बताए। ध्यानाकर्षणपत्र बुझ्दै प्रशासन प्रमुख ढकालले अतिक्रमण हटाउन महानगरले पहल गर्ने आश्वासन दिए।

बौद्ध भावना केन्द्रलाई ३ करोड

काठमाडौं (कास)- काठमाडौं महानगरपालिकाले अन्तराष्ट्रिय बौद्ध भावना केन्द्रलाई भवन निर्माण गर्न अनुदान उपलब्ध गराएको छ। महानगरका प्रमुख विद्यासुन्दर शाक्यले केन्द्रको धम्महल भवन निर्माणका लागि तीन करोड एक लाख ६९ हजार रुपैयाँको चेक केन्द्रका अध्यक्ष प्रतिकरत्न ताम्राकारलाई हस्तान्तरण गरे। महानगरले उपलब्ध गराएको सहयोग रकमबाट केन्द्रलाई ठुलो सहयोग हुने बताउँदै केन्द्रका अध्यक्ष ताम्राकारले केन्द्रको घरजग्गा कर मिनाहा गरिदिन आग्रह गरे। ०४२ सालमा स्थापना भएको भावना केन्द्र सात रोपनीमा फैलिएको छ।

फोहोर व्यवस्थापन

काठमाडौं (कास)- क्लिन अप नेपालको अभियानअन्तर्गत ६ लाख ५५ हजार किलोग्राम फोहोर संकलन गरी व्यवस्थापन गरिएको छ। ४५ जिल्लाका १ हजार एक सय १ संकलन बिन्दुबाट फोहोर संकलन गरी व्यवस्थापन गरिएको हो। संस्थाले २०६९ सालदेखि देशव्यापी रूपमा सरसफाइ अभियान सुरु गरेको हो। फोहोर व्यवस्थापन गर्न उक्त संस्थाले करिब ३ सय सरोकारवाला संस्थासँग साझेदारी र सहकार्य गरेको छ। १ लाख ६२ हजार सर्वसाधारणमाझ अभियान पुगेको संस्थाको दाबी छ।

हात्तीपाइलेका बिरामी औषधि खानै मान्दैनन्

■ **कान्तिपुर संवाददाता** (काठमाडौं)

सर्वसाधारणमा गलत धारणा रहेकाले हात्तीपाइले रोगका बिरामीले औषधि खान नमान्ने गरेको पाइएको छ। विशेषगरी सहरी भेगका बासिन्दा नै औषधि खान हिचकिचाउँछन्। टाठाबाठा शिक्षित वर्गले नै यो औषधि खान नमान्ने स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. रोशन पोखरेलले बताए।

'हात्तीपाइले रोगबारे कम बुझेकाले औषधिको साइड इफेक्ट हुन्छ भनेर खाँदैनन्,' उनले भने, 'कतिलाई यो औषधि विदेशबाट ट्रायल गर्न ल्याइएको भन्ने भ्रम छ।' विश्व स्वास्थ्य संगठनबाट परीक्षण गरी गुणस्तरीइ मानिएको औषधि नै नेपालमा चलाइएकाले यो पूर्ण रूपमा सुरक्षित भएको उनले बताए। औषधि सेवन गरिसकेपछि देखिने नगन्य साइड इफेक्टलाई गलत मान्न नहुने उनको भनाइ छ। 'वाकवाकी लाग्ने, टाउको दुख्ने, रिंगटा लाग्ने जस्ता लक्षण केही घण्टामा हराएर जान्छन्,' उनले भने, 'औषधिको कुनै दीर्घकालीन साइड इफेक्ट छैन।' हात्तीपाइले रोग लागेर खुट्टा सुन्निसकेपछि केही उपचार नभएकाले औषधि सेवन गरेर नै सुरक्षित हुन उनले सुझाए।

सर्वसाधारणले औषधि खान नमान्दा नेपालका केही जिल्लामा अझै हात्तीपाइले संक्रमणमुक्त घोषणा गर्न नसकिएको टेकुस्थित इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी) का निर्देशक डा. विवेककुमार लालले बताए। 'सन् २०२० सम्म हात्तीपाइलेलाई जनस्वास्थ्य समस्याको रूपमा रहन नदिने लक्ष्य थियो,' उनले भने, 'औषधि खान नमानेकै कारण यो लक्ष्य

हात्तीपाइलेको औषधि र उपचारका लागि सरकारले बर्सेनि करिब २१ करोड ५३ लाख बजेट खर्चिदै आएको छ

१० वर्ष पछाडि धकेलिएको छ।' अझै १३ जिल्लाबाट हात्तीपाइले निवारण हुन सकेको छैन। झापा, धनकुटा, मोरङ, बारा, लमजुङ, पर्वत, बागलुङ, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरबाट यो निवारण हुन सकेको छैन। यी जिल्लामा सरकारले माघ २५ गतेदेखि निःशुल्क रूपमा हात्तीपाइलेको औषधि खुवाउँदै छ। १३ जिल्लाका ७४ लाख ६१ हजार जनसंख्यालाई औषधि खुवाइने डा. लालले बताए। औषधि खुवाउनकै लागि पाँच हजार आठ सय ८५ स्वास्थ्यकर्मी र करिब ११ हजार महिला स्वास्थ्य स्वयंसेविका खटिँदै छन्। यसका लागि स्थानीय स्वास्थ्य संस्थामा औषधि र उपचार सामग्री पुयाइसकिएको डा. लालले जानकारी दिए। हात्तीपाइलेको औषधि र उपचारका लागि सरकारले बर्सेनि करिब २१ करोड ५३ लाख बजेट खर्चिदै आएको छ।

वर्षको एक पटक खानेगरी लगातार ६ वर्षसम्म हात्तीपाइले रोगविरुद्धको औषधि सेवन गर्नुपर्छ। उनका अनुसार हात्तीपाइले शारीरिक रूपमा अपांगता बनाउने सरुवा रोग हो। यो रोग संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्छ। 'लक्षण देखिसकेपछि निको पार्न सकिँदैन,' उनले भने, 'आम औषधि सेवन गरेर रोग लाग्नबाट बच्नुपर्छ।' दुई वर्ष नपुगेका बालबालिका, गर्भवती, सातदिनको सुत्केरी र कडा रोगीबाहेक सबैले यो औषधि सेवन गर्नुपर्ने उनले बताए। इडीसीडीको तथ्यांकअनुसार नेपालका ६३ जिल्लाका २ करोड जनसंख्या हात्तीपाइले रोगको जोखिममा छन्। विश्व स्वास्थ्य संगठनका अनुसार नेपाललगायत विश्वका ५० मुलुक पनि जोखिममा छन्।

ठमेलमा भूमिगत तार कहिले ?

■ **सीमा तामाङ** (काठमाडौं)

सहरलाई कुरूप बनाएको भन्दै मंसिर अन्तिम सातादेखि ठमेलका असरल्ल तार काटिए। ठमेल पर्यटन विकास परिषद्ले विद्युतका बाहेक अन्य सबै तार काटेको थियो।

'विभिन्न किसिमका तारले असुरक्षा बढाएपछि व्यवस्थित गरेका हौं,' परिषद्का उपाध्यक्ष राजुमान डंगोलले भने। चार वटा वडा कार्यालय, नेपाल प्रहरी, विद्युत प्राधिकरण, नेपाल टेलिकमलगायत विभिन्न संघसस्थासँग छलफल गरी तार काटेको उनको भनाइ छ। ठमेल क्षेत्र काठमाडौं महानगरपालिकाको वडा १६, १७, २६ र २७ मा पर्छ। परिषद्ले सञ्चय कोष भवन अर्थात् त्रिदेवी मार्गदेखि नर्सिङ गेट, काठमाडौं गेस्ट हाउस मार्ग, सात घुम्ती चोक, ज्याठा मार्गसम्म तार व्यवस्थापन गरिसके पनि हाल केही समयलाई तार काट्न रोकिएको उनले बताए। 'प्राधिकरणले त्यसबेला आफ्नो तार छुट्याउन कर्मचारी पठाएको थियो,' उनले भने, 'अहिले कर्मचारी छैनन्, कर्मचारी पठाएपछि पुनः सुरु हुन्छ।'

इन्टरनेट सेवा प्रदायकहरूको संस्था नेपाल (आइस्पान) र नेपाल दूरसञ्चार प्राधिकरणको विरोधपछि उक्त विषयमा पुस ९ गते छलफल भयो। छलफलबाट तीन महिनामा इन्टरनेटका सबै तार व्यवस्थापन गरिसक्ने निर्णय भएको उपाध्यक्ष डंगोलले बताए। तार व्यवस्थापनपछि नेपाल टेलिकम, इन्टरनेट लगायतले क्लिपिङ गरी पुनः तार राखिरहेका छन्। अहिले अस्थायी रूपमा विद्युतका तारजसरी नै तन्काउन सुरु गरिए पनि टेलिकमले दुई महिनाभित्र र इन्टरनेटको तीन महिनाभित्र राख्ने निर्णय भएको थियो। तर अहिलेसम्म व्यवस्थापन गर्ने काम सुरु नभएको उपाध्यक्ष डंगोलले बताए। ठमेल क्षेत्रको ६५ प्रतिशत तार व्यवस्थापन गरिसकेको परिषद्ले जनाएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले तार भूमिगत गर्न कार्यदल बनाई अध्ययन गरिरहेको बताए। 'दीर्घकालीन नीतिका साथ काम गर्नुपर्ने भएकाले अध्ययन गर्दै छौं,' उनले भने। तार भूमिगत बनाउन प्राविधिक, मापदण्ड, क्षमतालगायतको अवश्यकता पर्ने भएकाले इन्टरनेट सेवा प्रदायकसँग छलफल भइरहेको उनले बताए। भूमिगत बनाउन समय लाग्ने इन्टरनेट सेवा प्रदायकहरूको संस्था नेपाल (आइस्पान) का अध्यक्ष भोजराजन भट्टले बताए। 'अध्ययन तथा अनुसन्धान गरेर दीर्घकालीन रूपमा काम गर्नुपर्छ,' उनले भने, 'तार भूमिगत गर्न एक वर्ष समय लाग्न सक्छ।'


चारवटै स्मार्ट सिटीको डीपीआर तयार

■ **दीपेन्द्र विष्ट** (काठमाडौं)

सरकारले उपत्यकामा निर्माण गरिने 'स्मार्ट सिटी' को विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार पारेको छ। मनोहराका लागि फिनल्यान्डको हेलन एन्ड कम्पनी र नेपालकै जेके एसोसिएट जेभीले डीपीआर तयार पारेको काठमाडौं उपत्यका विकास प्राधिकरणका प्रमुख आयुक्त भाइकाजी तिवारीले जानकारी दिए। यस्तै, गुन्डुको नेपाली परामर्शदाता कम्पनी एमआरसी, टोखाको नेपाली कम्पनी टेक र भैंसेपाटीको एमआरसीले डीपीआर तयार पारेका हुन्।

केही दिनभित्र प्राधिकरणले सबै विश्लेषण गरेर पठाएपछि चाँडै मन्त्रिपरिषद् बैठकमा लगेर निर्णय गर्ने तयारी भएको आयुक्त तिवारीले बताए। उपत्यकाका अन्य स्थानलाई पनि व्यवस्थित बस्ती विकास गर्न सहरी विकास मन्त्रालयले सक्रियता देखाएको छ। 'केही नगरपालिकाका मेयरले अध्ययन गर्न अनुरोध गरेका छन्, त्यसैअनुसार समन्वय भइरहेको छ,' उनले भने।

गुन्डु, मनोहरा, टोखा र भैंसेपाटीलगायतका क्षेत्रमा स्मार्ट सिटी निर्माणका लागि सरकारले तीन वर्ष कित्ताकाट बन्द गरेको छ। करिब तीन वर्षअघि सहरी विकास मन्त्रालयले भक्तपुरको गुन्डु, काठमाडौंको टोखा, ललितपुरको खोकना, काठमाडौं-भक्तपुरको चाँगुनारायणदेखि साँखु क्षेत्रमा स्मार्ट सिटी बनाउने निर्णय गरेको थियो। प्राधिकरणका अनुसार चारवटा सिटी बनाउँदा १ लाख ३०



हजार रोपनी जग्गा समेटिनेछ। चारवटै सहरमा १० लाखभन्दा बढी जनसंख्या अट्नेछन्। साँखु-मनोहरामा १ लाख तथा टोखा, गुन्डु र खोकनामा १०/१० हजार रोपनीमा कित्ताकाटदेखि सम्पूर्ण किनबेचमा समेत प्राधिकरणले रोक लगाएको छ। यसरी १ लाख ६० हजारवटा घडेरी बिक्री गर्ने प्राधिकरणको योजना छ।

सीमांकनबारे सरकारले सामान्य खाका सार्वजनिक गरे पनि विस्तृत रूपमा नआएको भन्दै स्थानीयले सरकारको आलोचना गर्न थालेका छन्। थलीका सहदेव केसीले तीन वर्षदेखि जग्गा रोक्दा अंशबन्डालगायत काम निकै कठिनाइ भएको गुनासो गरे। 'काम छिटो भए राम्रो हुन्थ्यो, ढिलाइ हुँदा समस्या भएको छ,' उनले भने, '८ आनाभन्दा कम कित्ताकाट नहुँदा झनै कठिनाइ भयो।' आयुक्त तिवारीले चीन सरकारले सहर निर्माणबारे चासो दिएकाले छलफल गरेर अघि बढ्ने बताए।

स्मार्ट सिटीले समेट्ने क्षेत्र

पहिलो स्मार्ट सिटी एक लाख रोपनी जग्गा मूलपानीको क्रिकेट मैदानबाट साँखु जाने मूल सडक तथा शाली नदी पुलबाट तेलकोट हुँदै खरिपाटीसम्म हुनेछ। खरिपाटीस्थित नेपाली सेनाको ब्यारेकलाई बाहिर पार्दै भक्तपुरको तिखलापखो आयोजना, बोडे, मनोहरा हुँदै पुनः मूलपानी क्रिकेट मैदानलाई समेटिनेछ।

दोस्रो स्मार्ट सिटी सूर्यविनायक जंगलको फेदी हुँदै ललितपुरको लामाटार खोला, बालकोट, अर्निको राजमार्ग र कौशलटार भएर पुनः सूर्यविनायकसम्म जोडिनेछ।

तेस्रो स्मार्ट सिटीमा खोकना, बुइमती, सैंबु, वाग्मती झोलुंगे पुल, चोभारसम्मको क्षेत्रलाई समेटिएको छ। चौथो स्मार्ट सिटीका लागि तारकेश्वर जाने मूल बाटो सिम्लेश्वर र त्यहाँबाट झोर हुँदै फूलबारीमार्ग, टोखा बाइपाससम्मको क्षेत्र समेटिएको छ। प्रत्येक स्मार्ट सिटीमा बैंक तथा वित्तीय संस्था, खुला चौर, खेलमैदान, ढलपानीको व्यवस्था, ठूला बसको व्यवस्था गरिने प्राधिकरणले जनाएको छ।



सम्पादकीय

अख्तियारको मुद्दासँगै उठेका प्रश्नहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बालुवाटारको चर्चित ललिता निवास जग्गा प्रकरणमाथिको छानबिनलाई टुंग्याई तत्कालीन उपप्रधानलगायत चार मन्त्री, आफ्नै पूर्वप्रमुख आयुक्तसहित १ सय ७५ जनाविरुद्ध मुद्दा दायर गर्नु आफैंमा साहसिक र प्रशंसनीय कार्य हो। प्रधानमन्त्री, प्रधानन्यायाधीश तथा सभामुख निवासभित्र र बाहिरका सरकारी जग्गा तत्कालीन सरकारकै प्रत्यक्ष सहभागिता र संरक्षणमा भूमाफियाले ठूलो परिमाणमा अतिक्रमण गरी किनबेच भइसकेको घटना मुलुककै लागि लज्जाको विषय मात्र थिएन, ठूलो घोटालासमेत थियो। करिब १ सय ३६ रोपनी सरकारी जग्गा अपचलन भएको यो प्रकरणमा अख्तियारले उच्च तहका यति धेरै व्यक्तिविरुद्ध मुद्दा दायर गर्नु आफैंमा ऐतिहासिक हो। यसबाट अतिक्रमणका दोषीहरू कानुनी कारबाहीमा पर्ने र जग्गा सरकारका नाममा फिर्ता ल्याउने वातावरण मात्र तयार भएको छैन, अब यस्तै प्रकरण दोहोऱ्याउन कसैले आँट गर्न नसक्ने अवस्थासमेत सिर्जना हुने विश्वास बढेको छ।

यति सकारात्मक कदम हुँदाहुँदै पनि अख्तियारको छानबिन र मुद्दा दायर गर्ने निर्णयमा गम्भीर कानुनी प्रश्नसमेत उठेका छन्। मन्त्रिपरिषद्को नीतिगत निर्णयका नाममा नक्कली मोही खडा गरी सरकारी जग्गा व्यक्तिका नाममा कायम गर्ने कार्यको नेतृत्व गरेका तत्कालीन पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईविरुद्ध मुद्दा दायर नगरिएकामा अख्तियारप्रति विभिन्न टीकाटिप्पणी भइरहेका छन्। त्यहाँको जग्गा खरिदमा संलग्न देखिएका सत्तारूढ नेकपाका महासचिव विष्णु पौडेललगायत विरुद्ध मुद्दा दायर नगरिएका कारण अख्तियार सरकार र राजनीतिक प्रभावमा परेको त होइन भन्ने प्रश्न पनि उठेका छन्। भ्रष्टाचार निवारण गर्ने संवैधानिक निकाय अख्तियारको निष्पक्षता र स्वायत्ततामाथि प्रश्न उठ्ने स्थिति उत्पन्न हुनु आफैंमा चिन्ताको विषय हो। यसले अख्तियारको विश्वसनीयतामा ह्रास आउन सक्छ। यति ठूलो मुद्दामा कस-कसलाई मुद्दा लगाउने भन्ने टुंगोमा पुग्दा अख्तियारले आफ्नो संवैधानिक स्वायत्तता बिर्सेको हो कि भन्ने आशंका नहुने गरी काम गर्नुपर्थ्यो। यसतर्फ अख्तियार गम्भीर हुन नसकेको भन्दै प्रमुख प्रतिपक्षी कांग्रेसले उसको निर्णयमाथि संघीय संसद्मा प्रश्न उठाएको छ।

कांग्रेसले पनि आफ्ना उपसभापति विजयकुमार गच्छदारविरुद्ध मुद्दा दायर भएकाले उनको बचाउका लागि मात्र प्रश्न उठाएको हो भने त्यो उसको अपरिपक्वता मात्र हो। सरकारी सम्पत्ति हिनामिनाको यति ठूलो प्रकरणमा गच्छदार मात्र नभई नेकपाका नेता, तत्कालीन प्रधानमन्त्रीहरू वा अन्य जोसुकै भए पनि अनियमिततामा संलग्नहरू कारवाहीको दायरामा पर्नुपर्थ्यो भन्ने सफा नियतले संसद्मा आवाज उठाएको हो भने त्यसलाई सकारात्मक मान्न सकिन्छ।

मन्त्रिपरिषद्ले गरेको सामूहिक नीतिगत निर्णयमाथि अख्तियारले छानबिन गर्न नपाउने कानुनी व्यवस्था छ। सर्वोच्च अदालतले समेत मन्त्रिपरिषद्को नीतिगत निर्णय अख्तियारको दायराभित्र नपर्ने व्याख्या गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, भ्रष्टाचार निवारण ऐन र सर्वोच्चको व्याख्यामा मन्त्रिपरिषद्को कुन नीतिगत निर्णय हो, कुन कार्यकारी हो भन्ने सीमारेखा भेटिँदैन। मन्त्रिपरिषद्को कार्यकारी निर्णयलाई अख्तियारले आफ्नो छानबिनको दायरामा ल्याउन कानुन र सर्वोच्चको व्याख्याले रोकेको छैन र रोक्न पनि सक्दैन। बालुवाटारको सरकारी जग्गा नक्कली मोही खडा गरी व्यक्तिका नाममा कायम गर्ने मन्त्रिपरिषद्को निर्णय कुन अर्थमा नीतिगत हुन सक्छ भन्ने प्रश्न गम्भीर छ। संविधान र प्रचलित कानुनअनुसार त्यो कार्यकारी निर्णय हो। कानुनी रूपमा जग्गा सट्टापट्टा गर्ने निर्णय मालपोत कार्यालयको क्षेत्राधिकारभित्र पर्ने सामान्य विषय हो। सरकारी जग्गा व्यक्तिका नाममा गर्नकै निम्ति मालपोतको क्षेत्राधिकारभित्रको विषयलाई मन्त्रिपरिषद्मा ल्याइएको र भ्रष्टाचार प्रकरणसमेत जोडिएकाले यसलाई नीतिगत निर्णय मात्र मान्न सकिन्न।

यो प्रकरणमा अख्तियारलगायतका निकायको छानबिन र कारबाहीबाट बच्नकै लागि मन्त्रिपरिषद्बाट नीतिगत निर्णय गराइएको प्रस्टै देखिन्छ। नीतिगत निर्णयका नाममा कार्यकारी निर्णय गरी ठूल्ठूला भ्रष्टाचार गर्नेलाई कानुनी कारबाहीको दायरामा नल्याई उन्मुक्ति दिने हो भने मुलुकमा भ्रष्टाचार निवारण सम्भव छैन। यस्तो नजिर बसे नीतिगत निर्णयका नाममा यस्तै भ्रष्टाचार काण्ड दोहोरिरहने र दोषीले उन्मुक्ति पाइरहने वातावरण बन्छ। 'नीतिगत निर्णय' को आवरणमा मन्त्रिपरिषद्लाई जेसुकै गर्ने छुट मुलुकको संविधान र कुनै कानुनले दिएको छैन। ललिता निवासको जग्गा व्यक्तिका नाममा बनाउने खेल भ्रष्टाचारजन्य कार्य हो, नीतिगत विषय होइन। विश्वका कुनै पनि लोकतान्त्रिक मुलुकका कानुनले भ्रष्टाचारलाई नीतिगत निर्णयको आवरणमा उन्मुक्ति दिँदैनन्, सबैले कानुनी कारबाहीको दायराभित्रै राखेका छन्।

अख्तियारले मुद्दा दायर गरिसकेकाले अब यो विषय न्यायालयमा पुगेको छ। न्यायालयले न्याय निरूपणका क्रममा नीतिगत निर्णयका नाममा भएको भ्रष्टाचारलाई केलाई फैसला गरेर अख्तियारबाट उन्मुक्ति पाएकालाई कारबाहीको दायरामा ल्याउन सक्ने अवस्था अझै छ। यो मुद्दामा कुन विषयवस्तु नीतिगत हो, कुन होइन भन्नेबारे व्याख्या गर्ने अवसरसमेत न्यायालयले पाएको छ। न्यायालयबाट त्यस्तो फैसला हुन सके मुलुकमा नीतिगत निर्णयका नाममा भइरहेका भ्रष्टाचार अन्त्य हुने र फेरि नदोहोरिने वातावरण बन्न सक्नेछ।

अख्तियारको दायित्व मुद्दा दायर गरेर मात्र पूरा हुँदैन। भ्रष्टाचारमा संलग्नलाई जेल सजाय र जरिवाना गराउनका लागि आफ्नो मुद्दा सफल बनाउन विशेष अदालत हुँदै सर्वोच्च अदालतको बहस पैरवीमा समेत त्यत्तिकै सतर्कतापूर्वक भूमिका निर्वाह गर्नुपर्छ। यति ठूलो मुद्दामा भ्रष्टाचार प्रमाणित गराउन अख्तियारले महान्यायाधिवक्ता कार्यालयका सरकारी वकिलहरू मात्र होइन, बाहिरबाट समेत अनुभवी कानुन व्यवसायीहरूलाई बहस गर्न लगाउनुपर्छ। यस मुद्दामा अख्तियार सफल हुन सक्यो भने मुलुकको भ्रष्टाचार निवारणमा यो प्रयास कोसेढुंगा साबित हुनेछ। यति हुन सके अख्तियारमाथि उठेका प्रश्नहरूको आफैं सम्बोधन हुनेछ र उसको विश्वसनीयतासमेत बढ्नेछ।

राष्ट्रिय मानसिकता र एमसीसी



भीम भुर्तेल

एक वर्ष यताका नेपाल-अमेरिका सम्बन्धसँग जोडिएका दुइटा घटनाले देशको राष्ट्रिय मानसिकता (नेसनल साइके/नेसनल मेन्टालिटी) र राष्ट्रिय चरित्र (नेसनल क्यारेक्टर) को विकास के-कसरी निर्माण भैरहेको छ भन्ने दृष्टान्त दिन्छ।

पहिलो, भेनेजुएलाका राष्ट्रियसभाका तत्कालीन अध्यक्ष हुवान ग्वाइडोले आफैंलाई अन्तरिम राष्ट्रपति घोषणा गरेपछि अमेरिका र सहयोगी देशले मान्यता दिए। नेपाली कम्युनिष्टको परम्परागत कथित 'साम्राज्यवाद विरोधी ऐक्यबद्धता' र 'वामपन्थी भ्रातृत्व' देखाउँदै नेकपा अध्यक्ष प्रचण्डले वक्तव्य निकाले। वक्तव्यमा उनले अमेरिकी कदमको विरोधमा अलिक गैरकूटनीतिक भाषा प्रयोग गरे। उक्त वक्तव्यलाई लिएर नेपाली आमसञ्चार माध्यममा आएका विचार, टिप्पणी, समाचार र विश्लेषणले देशको राष्ट्रिय चरित्र र राष्ट्रिय मानसिकता कता जाँदैछ भन्ने उजागर गऱ्यो।

केहीले प्रचण्डले अमेरिका विरुद्ध वक्तव्यबाजी गरेर ठूलै अपराध गरेझैं प्रेषित गरे। प्रधानमन्त्रीका वैदेशिक मामिला सल्लाहकार, राष्ट्र संघका स्थायी प्रतिनिधि र राजदूत भैसकेको व्यक्तिको पनि त्यस्तै विचार प्रवाह गरे। त्यतिबेलाका आमसञ्चार माध्यमका सामग्री पढ्दा/सुन्दा यस्तो लाग्थ्यो, मानौं प्रचण्डको उक्त वक्तव्यबारे अमेरिकालाई भन्दा नेपाली राजनीतिज्ञ, पत्रकार, बुद्धिजीवी र विचार निर्मातालाई चिन्ता र चासो बढी छ।

दोस्रो, सम्झौता आफैले कतै पनि संसदीय अनुमोदन नखोजेको, एमसीसी नेपाल कार्यदेशबाट स्थापित र सञ्चालित हुने र नेपालको संविधानको धारा २७९ अनुसार त्यसको संसदीय अनुमोदन गर्ने प्रस्ट आधार पनि नभएको एमसीसी सम्झौतालाई संसदले अनुमोदन गर्नेबारे सरकार, विपक्ष, राजनीतिक दलका नेता, बुद्धिजीवी, विचार निर्माता र पत्रकारको दलिल र विचारले नेपालको राष्ट्रिय चरित्र र मानसिकताको अझ स्पष्ट चित्र दिन्छ। अहिले बहालवाला र पूर्व (माधव नेपाल र झलनाथ खनाल बाहेक) अधिकांश प्रधानमन्त्री, मन्त्रीहरू, योजना आयोगका उपाध्यक्षहरू, सांसदहरू, कूटनीतिज्ञ, उच्च सरकारी अधिकारी, बुद्धिजीवी, प्राध्यापक, विचार निर्माता, पत्रकारमात्र होइन, सामाजिक सञ्जालका प्रयोगकर्तासमेत एमसीसीको बचाउमा छन्। यस्तो लाग्छ, अमेरिकाको राष्ट्रिय स्वार्थको (सन् २००२ पछि विदेशमा अमेरिकाको राष्ट्रिय स्वार्थ प्रवर्द्धन गर्ने तीन खम्बामा डिफेन्स, डिप्लोमेसी र डिभलपमेन्ट ३ डी छन्, एमसीसी र युएसएआईडी यही तीन खम्बामा आधारित भएर सहयोग गर्छन्) चिन्ता अमेरिकाभन्दा धेरै उनीहरूलाई छ। यो अवस्था किन आयो भन्नेबारे यस आलेखमा चर्चा गरिनेछ।

केही नेपालीले आफूलाई अमेरिकीभन्दा पनि बढी अमेरिकी प्रमाणित गर्न खोजेको प्रतीत हुन्छ।

पहिलो, यो नेपाली राजनीतिक सत्तासिन वर्गको आम मानसिकताको निरन्तरता मात्रै हो। सन् १९५०-६० को दशकमा एरिक फ्रोमम, एलेक्स एडकेलेस, जेओफ्री गोररले समाजशास्त्र र राल्फ लिन्टन, रुथ बेनेडिक्ट, मार्गरेट मिडले मानवशास्त्रमा विकास गरेको राष्ट्रिय चरित्र अध्ययनको विधागत दृष्टिकोणबाट इतिहासलाई हेर्दा नेपाली सत्ताधारी वर्गको राष्ट्रिय 'साइके' भनेको आफूभन्दा बलियाप्रति वफादारी देखाउने र निर्धामाथि दमन गर्ने देखिन्छ। त्यस्तो प्रवृत्ति राणाशासनमा बेलायती उपनिवेशप्रति थियो भने त्यसपछि भारतप्रति। सन् १९९० को दशकपछि यो अमेरिकाप्रति पनि देखियो। भोलि चीन विश्व व्यवस्थाको नेता भए उसप्रति पनि देखिनेछ। नेकपाभित्र एकथरीले गरेको एमसीसीको विरोध यसैको उपज हो।

दोस्रो, उपनिवेशवादको सांस्कृतिक र बौद्धिक दृष्टिकोणबाट पनि यसलाई हेर्न सकिन्छ। नेपाल बेलायती साम्राज्यको कहिल्यै अधीनमा रहेन र वार्षिक पात्रोमा स्वतन्त्रता दिवस पनि छैन। भौतिक रूपमा नेपाल कसैको उपनिवेश भएन। मानसिक र बौद्धिक स्तरमा भने उपनिवेशको स्तरबाट माथि उठ्न सकेन।

एडवर्ड सइदले आफ्नो पुस्तक 'ओरियन्टालिजम'मा पश्चिमा उपनिवेशवादले भौतिक रूपमा एसिया, अफ्रिका र ल्यातिन अमेरिकाबाट उपनिवेश छोडे पनि बजार अर्थतन्त्रको माध्यमले मात्र होइन, वैचारिक धरातलमा नैतिक र बौद्धिक रूपले अझै पनि एक स्थानीय एकाइको रूपमै शासन गरिरहेको उल्लेख गरेका छन्। यो विश्लेषण नेपालका हकमा पनि लागू हुन्छ। त्यस्तै फ्रेञ्च-अल्जेरियन विद्वान फ्रान्ज फेननले आफ्नो पुस्तक 'द रेचड अफ दि अर्थ'मा औपनिवेशिक प्रभुत्वले पराजितहरूको सांस्कृतिक, बौद्धिक र सामाजिक मूल्य-मान्यता र सांस्कृतिक जीवन समाप्त पारिदिन्छ र औपनिवेशिक शक्तिको संस्कृतिको अनुशरण गर्दै आफ्नै राष्ट्रिय संस्कृतिको अनावश्यक र तीव्र आलोचना गर्न बौद्धिक वर्गलाई बाध्य पार्छ भन्ने विश्लेषण गरेका छन्, जुन नेपाली समाजमा पनि प्रतिबिम्बित हुन्छ।

भारतीय इतिहासकार/मनोविश्लेषक आशिष नन्दी 'द साइकोलोजी अफ कोलोनियालिजम : सेक्स, एज, एन्ड इडियोलोजी इन बिट्रिस इन्डिया' शीर्षकको पुस्तकमा बेलायती उपनिवेशभन्दा पहिले मुस्लिम अतिक्रमण र भारत स्वतन्त्र भएपछि देशभित्रैका राजनीतिक हिंसामा मारिएकाको संख्या तुलनात्मक रूपमा कम हुँदाहुँदै पनि भारतमाथि अंग्रेजले करिब २०० वर्ष राज गरेको तर्क गर्छन्। र, भौतिक रूपमा सन् १९४७ मा स्वतन्त्र भए पनि भारतमाथि अझै दोस्रो उपनिवेशको रूपमा पश्चिमाले शासन गरिरहेको भन्ने उनको विश्लेषण छ। स्वतन्त्रतापछि पनि बेलायतले नैतिकता, सामाजिक मूल्य-मान्यता र मनोविज्ञानको माध्यमबाट बौद्धिक रूपमा आम भारतीयको दिमागमा राज गरिरहेको उनको तर्क छ। यसै प्रकारले, पश्चिमा विश्वले नेपाली समाजमा पनि कसरी बौद्धिक, नैतिक र सामाजिक मूल्य-मान्यताका आधारमा शासन गरिरहेको छ भन्ने विषयमा एमसिसीको बहसमा नेपाली सत्तासिन र अभिजात्य वर्गले गरेको तर्क एउटा उदाहरण हो।


तेस्रो, एमसीसीसँग जोडेर अन्तर्राष्ट्रिय राजनीतिको नरम शक्ति (सफ्ट पावर) को दृष्टिकोणमा पनि विश्लेषण गर्नु सान्दर्भिक हुन्छ। यस्तो अवधारणा क्लिन्टन प्रशासनका सहायक रक्षामन्त्री तथा हार्वड विश्वविद्यालयका अन्तर्राष्ट्रिय राजनीतिका प्राध्यापक जोसेफ न्येको हो। कुनै महाशक्ति राष्ट्रको बृहत्तर राष्ट्रिय शक्तिका दुइटा महत्त्वपूर्ण पाटा हुन्छन्। आर्थिक, प्राविधिक, रणनीतिक र सैन्य 'हार्ड पावर' हुन्। शिक्षा, आमसञ्चार, भाषा, कला, साहित्य, संगीत, विचारधारा र कूटनीति 'सफ्ट पावर' हुन्। नरम शक्तिका माध्यमले कुनै ठूलो लगानीविनै देशले विदेशमा आफ्नो रणनीतिक स्वार्थ प्रवर्द्धन गर्न सक्छ। अमेरिकी विश्वविद्यालय, आमसञ्चार माध्यम, अन्तर्राष्ट्रिय नागरिक समाज, थिङ्कट्याङ्कको छात्रवृत्ति/अध्येतावृत्ति, हलिउड चलचित्र र संगीतको माध्यमले नरम शक्ति प्रदर्शनमा अमेरिका संसारभरमा एक नम्बरमा मानिन्छ। अमेरिकालाई संसारले महाशक्ति मान्नुको कारण यही नरम शक्तिलाई ठान्छन्। सिंगापुरका कूटनीतिज्ञ किशोर महाबुवानीलेन्येको नरम शक्तिलाई एक 'हयुवरिज' अर्थात आत्माभिमान भन्छन्। सिंगापुरको लागि अमेरिकी नरम शक्तिले त्यति धेरै महत्त्व नराख्ला, जीवनस्तर सूचकमा सबै मापदण्डमा सिंगापुर अमेरिकाभन्दा अघि छ। तर, नेपालमा अमेरिकाको नरम शक्तिको प्रभाव धेरै छ। लगानीको प्रतिफलभन्दा धेरै अमेरिकी राष्ट्रिय स्वार्थ नेपालमा प्रवर्द्धन भइरहेको छ।

चौथो, यसलाई विकासोत्तर सैद्धान्तिक दृष्टिकोणबाट पनि हेर्न सकिन्छ। समाजको विकास भनेको एक गुणात्मक अवस्थाबाट अर्को गुणात्मक अवस्थामा रूपान्तरण हो। यसको प्रमुख अभिकर्ता सर्वहाराको नेतृत्व गर्ने कम्युनिष्ट हुन् भन्ने रूसी अक्टोबर क्रान्तिले स्थापित गरेको भनिएको मान्यतालाई सन् १९४९ को जनवरी २० मा अमेरिकी राष्ट्रपतिको पदस्थापन भाषणमा ह्यारी एस ट्रुम्यानले ल्याएको 'पोइन्ट-फोर प्रोग्राम'ले विस्थापित गऱ्यो। यसको चौथो बुँदामा उल्लिखित अविकसित देशको विकास भनेको पश्चिमा ढाँचाको औद्योगीकरण हो र यसको प्रमुख अभिकर्ता पुँजी, प्रविधि र विज्ञ हुन् भन्ने अवधारणा स्थापित भयो (यसका बावजुद चीनमा अक्टोबर १, १९४९ मा माओले कम्युनिष्ट सत्ता स्थापित गरे)। यसै अन्तर्गत युनाइटेड स्टेट्स एजेन्सी फर इन्टरनेसनल डिभलपमेन्ट (युएसएआईडी) ले नेपालमा विकास सहायता सुरु गऱ्यो। देशको स्वास्थ्य क्षेत्र बाहेकमा अमेरिकी सहयोगको खासै सदुपयोग भएन। बरु यसले ३० वर्षसम्म निरङ्कुश पञ्चायतलाई भरथेग गऱ्यो भन्ने आलोचकहरूको धारणा छ। मूल्याङ्कन मासिकमा धेरै अगाडि समाजशास्त्री चैतन्य मिश्रको यस्तो धारणा थियो। अमेरिकी सहायताको सबैभन्दा आलोचक नेपाली-अमेरिकन नन्दराम श्रेष्ठ हुन्। उनले नेपाली समाजको बौद्धिक तथा नैतिक क्षेत्रमा पारेको प्रभावबारे सन् १९९७ ताका 'इन दि नेम अफ डिभलपमेन्ट : अ रिफ्लेक्सन अन नेपाल' पुस्तकमा विस्तारित वर्णन गरेका छन्। उनको यो कार्यले प्राज्ञिक क्षेत्रमा पोष्ट डिभलपमेन्ट थ्योरीको रूपमा मान्यता पायो। आलोचकहरूले श्रेष्ठको तर्कलाई एक सनक भने पनि नेपालको हकमा यो धेरै हदसम्म लागू हुन्छन्। समाज रूपान्तरणको ठेक्का र जनताको मुक्तिको जिम्मा पाएको दावी गर्ने कम्युनिस्ट सरकारका मन्त्रीहरूले नै एमसीसी के हो, के होइन भनेर गरेको बहसले चाहिँ साँच्चै १९४९ मा अमेरिकी राष्ट्रपतिले भनेको समाज रूपान्तरणको अभिकर्ता कम्युनिस्ट नभएर पुँजी, प्रविधि र विज्ञ नै हुन् भन्ने प्रमाणित हुन्छ। आधिपत्य र पराधीनताको सम्बन्ध, नेपालीको राष्ट्रिय मानसिकता र राष्ट्रिय चरित्र नियाल्न श्रेष्ठको पुस्तकको सान्दर्भिकता झनै बढेको देखिन्छ। देश गरिब हुनु कुनै पुस्ताको अफशोचको विषय होइन। तर मानसिक रूपमा पराधिन हुनु सबैभन्दा अफशोचको विषय हो भन्ने निष्कर्ष श्रेष्ठको छ।

पाँचौं, यी घटनाक्रमलाई उत्तरसंरचनावादी विकास सिद्धान्तबाट हेर्न सकिन्छ। विकास सहायता कसरी नवऔपनिवेशवादको यन्त्र हो र पश्चिमा विश्वले यसको अभ्यास कसरी ज्ञानलाई शक्तिको रूपमा प्रयोग गर्छन् भन्नेबारे उत्तरसंरचनावादी विकासका अध्येता अटरोएस्कोवारले आफ्नो पुस्तक 'एनकाउन्टरिङ डिभलपमेन्ट : मेकिङ एन्ड अनमेकिङ अफ दि थर्ड वर्ल्ड' मा वृहत व्याख्या गर्छन्। यहाँका विद्वानले नेपालमा एमसीसी अरुले बुझेकै छैन जसरी गर्ने दाबीलाई स्कोवारले तीन दशक अगाडि नै प्रक्षेपण गरेझैं प्रतीत हुन्छ। उनकै समकालीन जेम्स फर्गुसनले 'दि एन्टाइ पोलिटिक्स मेसिन : डिभलपमेन्ट, डिपोलिटिसाइजेसन एन्ड व्युरोक्रटेकी पावर इन लेसोथो' मा नवऔपनिवेशवादका कारण नोकरशाहीतन्त्रले कसरी तेस्रो विश्वका देशमा विकासलाई 'डिपोलिटिसाइजेसन' गर्छ भन्ने चर्चा गरेका छन्। अर्थ मन्त्रालयका उच्च अधिकारीले कसरी यस्तो असमान र घरेलु कानुन प्रस्थापन गर्ने एमसीसी सम्झौतामा अर्थमन्त्रीलाई सही गर्न लगाए र अहिले कसरी 'डिपोलिटिसाइज' गर्न योगदान गरिरहेका छन् भनेर विश्लेषण गर्नु उपयोगी हुन्छ। विकासका माध्यमले कसरी तेस्रो विश्वका देशका सरकारहरू आफ्ना नागरिकप्रति नभएर पश्चिमा जगतप्रति जवाफदेही बन्छन् भन्ने निष्कर्ष यहाँ सान्दर्भिक हुन्छ।

मलाई लाग्दैन कि नेपालका राजनीतिकर्मी, नीति निर्माता, योजनाकार, कूटनीतिज्ञ, रणनीतिकार, उच्च नोकरशाहहरू, बुद्धिजीवी, विचार निर्माता र पत्रकारलाई अमेरिकाको राष्ट्रिय स्वार्थको जति चिन्ता छ, त्यति नै चिन्ता काठमाडौंस्थित अमेरिकी मिसनका प्रमुखलाई छ। यी नेपालीले आफूलाई अमेरिकीभन्दा पनि बढी अमेरिकी प्रमाणित गर्न खोजेको प्रतीत हुन्छ।

अन्त्यमा, देवेन्द्रराज पाण्डेले चालिस वर्षयता वैदेशिक सहायता एक वनमारा हो र यसले नेपालको मौलिक चिन्तन, नैतिक धरातल, बौद्धिक क्षमता र व्यावसायिक सदाचार समाप्त पारिदिन्छ भनेर निरन्तर लेख्दै-बोल्दै आएको विषय अहिले पनि उत्तिकै सान्दर्भिक देखिन्छ। वैदेशिक सहायताको अतिक्रमणकारी (इन्भेसिभ) वनमारा कसरी फैलिएको र यसले स्थानीय प्रजातिको सोच चिन्तन र मूल्य-मान्यतालाई कसरी मास्दैछ भन्ने प्रस्टिदैछ।



सम्पादकलाई चिठी

अख्तियारको सकारात्मक कदम

आन्दोलनपश्चात् स्थापित सरकारलाई भूमाफियाहरूले प्रभाव पार्न सक्षम भएछन्। हतार-हतार प्रभावमा पारेर गरिएको निर्णयले आज यो नौबत आइलाग्यो। तर पनि शारदाप्रसाद त्रितालजस्ता इमानदार राष्ट्रसेवकहरूको योगदानले आज मुलुकको मुटुमै रहेको जमिन जोगिएको छ। यो सवाललाई उजागर गर्ने सञ्चारकर्मीहरू पनि धन्यवादका पात्र हुन्। राजनीतिक शक्तिकेन्द्रको आडमा भएका भ्रष्टाचारका घटना कति छन् कति ! सुडान घोटाला, एनसेल, निजी मेडिकल कलेज आदि प्रकरणमा भएका उदेकलाग्दा चलखेल सार्वजनिक भैसकेका छन्। ललिता निवास प्रकरणमा जिम्मेवारीमा पूर्व उपप्रधानमन्त्री, मन्त्री, सचिव लगायतका कर्मचारीहरूको संलग्नतालाई कानुनले पुष्टि गर्न भने बाँकी नै छ। राजनीतिक भागबन्डाबाट प्रभावित न्याय क्षेत्रले उचित निरुपण गर्ला/नगर्ला, त्यो भने हेर्न बाँकी नै छ। अहिको प्रमुख विपक्षी दलले कारवाही सिफारिसको विरोध गर्दैगर्दा आफू सत्तामा रहेका बखत भ्रष्टाचारी भनी सिफारिस गर्ने पूर्वअख्तियार प्रमुख सूर्यनाथ उपाध्यायलाई परिचालितको आरोप लगाउँदै निरुत्साहित गरेकै हो। त्यसबेला अर्थमन्त्रीबाट कारवाहीको विरोधसमेत भएको हो। विपक्षले त ललिता निवास जग्गा प्रकरणमा कडाइसाथ प्रस्तुत हुन सरकारलाई चुनौती पो दिनुपर्छ। अझै बाँकी दोषीलाई पनि कारवाही गर भन्ने हिम्मत गर्नुपर्छ। भ्रष्टाचारले जर्जर पारेको मुलुकमा सकभर अभियुक्त नछुटुन् र निर्दोष नपरुन्, तर भ्रष्टाचारीले उन्मुक्ति पाउनुहुन्न।

– ढुण्डीराज पौडेल, *नेपालगन्ज*

●●●

बालुवाटारको ललिता निवास जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १७५ जनालाई मुद्दा दायर गरेको छ भने केही उच्चपदस्थलाई भने मौखिक सहमतिका आधारमा मुद्दा दर्ता गरिएको छैन, किन ? एउटा व्यक्तिको मौखिक विश्वासमा यत्रो ठूलो भ्रष्टाचार काण्डबाट उन्मुक्ति दिन मिल्छ ? कानुन सबैका लागि एउटै होइन ? के भोलि ती सबैले जग्गा फिर्ता गर्छु भन्ने अवस्था आए अख्तियारले दर्ता गराएको मुद्दा के हुन्छ ? ललिता निवास जग्गा प्रकरणमा एउटै भ्रष्टाचारको मुद्दामा किन एउटै मिसिल बन्न सकेन ? यसैबाट प्रस्ट हुन्छ, सरकार कतिविघ्न माफियाको सञ्जालमा फँसेको छ भनेर बुझ्न।

– रामकृष्ण बराल, *जोरपाटी-२, काठमाडौं*

●●●

अन्ततः व्यापक दबाव र आलोचनाबीच ललिता निवास जग्गा हिनामिनालाई अख्तियारले अदालतसम्म पुऱ्याएको खबरले माथिल्लो तहबाट हुने गरेको अनियमिततालाई सार्वजनिक हुने मौका दियो। तीन दशकअघि लोकतन्त्र सुरु हुने बित्तिकै ललिता निवासको जग्गामा अनियमितता सुरु भएदेखि २०६७ सालमा नक्कली मोही खडा गरी हडपिएको जग्गामा कर्मचारीदेखि देश बनाउने जिम्मा लिएका जनप्रतिनिधिसम्म संलग्न हुनुले हाम्रो देशमा भ्रष्टाचार गुणात्मक रूपमा मौलाएको पुष्टि हुन्छ। यस प्रकरणमा जग्गा हडप्न योजना बनाउनेदेखि त्यसलाई मन्त्रीपरिषदसम्म पुऱ्याएर निर्णय गर्ने/गराउनेमा माथिल्लो तहका केही व्यक्तिमाथि अख्तियारले मुद्दा चलाउन सिफारिस



नगर्नुले अख्तियारको निष्पक्षतामा शंका उत्पन्न गराउने बाटो खोलेको छ।

– महेन्द्रसिंह बम, *टीकापुर-१, कैलाली*

●●●

पूर्व उपप्रधानमन्त्रीदेखि मन्त्री र अख्तियार प्रमुखसम्म ललिता निवास जग्गा प्रकरणमा संलग्न दखिनु दुर्भाग्य हो। यसले मुलुकमा भ्रष्टाचार कति झाँगिएको रहेछ भन्ने देखाउँछ। नीति-निर्माण गर्ने ठाउँमा पुगेपछि पहिला आफू कुम्ल्याउने त्यसपछि जेसुकै होस् भन्ने मनस्थितिले देश बिग्रेको हो। सेवामुखी धारणा हराउँदै व्यापारीकरण भएको हो। मुलुकको टाउकोमै भ्रष्टाचारको रोग मौलाएपछि अरुलाई के दोष दिनु ? जुन घरको अभिभावक नै ठिक छैन भने परिवारका अन्य सदस्यहरूलाई के दोष दिनु ? गाउँघरमा बुढापाकाले भन्छन्- 'धन देखेपछि महादेवको तीन नेत्र।' अहिलेको युगमा पैसा भनेको तीन नेत्र नै रहेछ। पैसाका लागि इज्जत, प्रतिष्ठा र नैतिकताको ख्याल गर्दैनन्। देश र जनताभन्दा ठूलो भ्रष्टाचारलाई नै स्वीकार्छन्। अनि नागरिकले के सिकुन्। पैसाका लागि जे गर्न पनि पछि पर्दैनन्। तर त्यो सपना सधैंका लागि जीवित रहँदैन, यो घट्नाक्रमले पुष्टि गरेको छ। यस्ता नेता र कर्मचारीहरू अझै धेरै छन्। सबैको सम्पत्ति छानबिन गर्दै जाने हो भने नेपालको जेल खाली रहँदैन। अर्को जेलको व्यवस्था गर्नुपर्ने हुन्छ। यस पटक अख्तियारले राम्रो काम गरेको छ। दुनियाँ खुसी छन्। देश र जनता हाँसेको छ। हिजोसम्म सानोतिनो भ्रष्टाचारीलाई मात्र समाउँदा दुनियाँ दुखी थियो। अहिले सानो माछामात्र हैन, गल्ती गरे ठूला माछालाई पनि कारवाही हुन्छ भने सन्देश जनतामा गएको छ। सबै तहका भ्रष्टाचारीहरूमा डर पैदा भएको छ। धेरै ठाउँमा अझै पनि भ्रष्टाचारीहरूले लाज पचाइरहेका छन्। यसरी कारवाही हुँदै जाने हो भने देश समृद्ध हुन्छ। यो कार्य राजनीतिक दुश्मनीजस्तो नहोस्। आज कम्युनिस्टको सरकार हुँदा कांग्रेसभित्रको भ्रष्टाचारीमात्र खोज्ने र भोलि कांग्रेसको सरकार हुँदा कम्युनिस्टभित्रको भ्रष्टाचारीलाई मात्र कारवाही गरेर चर्चा बटुल्ने काम नहोस्। यस्तो प्रतिस्पर्धाले मुलुक बन्दैन।

– राजेश विद्रोही, *लहान, सिरहा*

●●●

ललिता निवासले चर्चेको जग्गा अनियमितताको विवादमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको छानबिन र १७५ जना विरुद्ध दर्ता गरेको भष्टाचार मुद्दा प्रशंसनीय छ। १७५ जनालाई मुद्दा दर्ता स्वागतयोग्य भए पनि अन्य आरोपित लाल कमरेडहरू एउटा पनि नपर्नुले कहीं यो प्रकरणमा राजनीतिक रङ हाबी भएको त होइन भन्ने आशंका भने जन्माएको छ। तर पनि जति भयो, त्यो तारिफयोग्य छ। अख्तियार साँच्चिकै इमानदार, स्वतन्त्र र सक्षम छ भने अब गोकर्ण रिसोर्टको जग्गा प्रकरण, दरबारमार्गको जग्गा प्रकरण, हायत होटलको जग्गा र चन्द्रगिरि हिल्सलाई कौडीको मूल्यमा वनको जग्गा प्रयोग गर्न दिएको प्रकरणलाई गहन ढंगले अनुसन्धान गरी दोषीहरूमाथि मुद्दा दायर गर्नुपर्छ। यी प्रकरणमा सत्तारुढ पार्टीकै नेताहरू पर्लान् भनी खुट्टा कमाउने हो भने अख्तियारले अहिले कमाएको छविमा दाग लाग्न सक्छ। हेरौं, आयुक्तहरूमा कत्तिको आँट र क्षमता छ ? साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ र भ्रष्टाचार निवारण ऐन २०५९ लाई संशोधन गर्न सरकारको तर्फबाट प्रधानमन्त्रीको हस्ताक्षरबाट यसै साता संसदमा पेस गरिएको दुई विधेयक राष्ट्र अनुकूल छ कि प्रतिकूल ? बहस गर्ने बेला आएको छ। उक्त विधेयक जस्ताको तस्तै पास भएमा अब केवल केन्द्र सरकारले मात्र होइन, प्रदेश सरकारले गरेका जायज नाजायज निर्णयमा समेत अख्तियारले कुनै छानबिन गर्न पाउने छैन। यसो हुनु भनेको भ्रष्टाचारजन्य कार्य केन्द्रमा मात्र सीमित नभई प्रदेशसम्मै फैलिनु हो। अ

कोरोना कहर



श्रीकृष्ण अनिरुद्ध गौतम

केही दिनपूर्वको कुरा हो । ह्वाट्सएपमा कुराकानीका क्रममा मलाई हङकङ बस्ने एक चिनियाँ साथीले भने, 'मेरो एउटा साथी छ, पोल्यान्डको । ऊ नेपाल भ्रमणको लागि आएको थियो । तुरुन्तै पोल्यान्ड नै फर्केछ ।'

मैले सोधेँ, 'किन र ?'

उनले भने, 'त्यो साथीले काठमाडौंमा धेरै चिनियाँ देख्यो रे, त्यसैले ।'

●●●

शंका, आशंकाको कुनै सरहद हुँदैन । आजको जमानामा संक्रामक रोगको पनि सरहद हुँदैन । विगतमा पो मुलुकहरू दूरदराजका टापुजस्ता थिए । आज त्यस्तो अवस्था छैन । विश्वलाई यातायातले साँघुज्याइदिएको छ । वायुयान, जलयानले नजिक बनाएको छ । विश्व सडक र रेल सञ्जालमा दगुर्ने साधनहरूले जोडिएको छ । टापुहरूसमेत मुख्य भूभागजस्तै भएका छन् । चीनको वुहान र जर्मनीको फ्रयाङ्कफर्टले थुप्रै क्षेत्रमा सहकार्य गरिरहेका छन् । फेरि पछिल्ला चार दशकमा चीन नपुगेकै कहाँ छ र ! एसिया त घर नै भयो ! युरोप, अफ्रिका, ल्याटिन अमेरिका, उत्तर अमेरिका, यहाँसम्म कि अन्टार्टिकासम्मै, सबैतिर चीनका पदचापहरू सुनिन्छन् । तीव्र गतिमा उन्नतिशील राष्ट्रका रूपमा विश्वका सबै थरीका मानिसको आकर्षणको केन्द्र बनिरहेको चीन आज एउटा अनौठो रोगले आक्रान्त हुन पुगेको छ ।

यसले चीन त संत्रस्त हुने नै भयो । ऊ मात्र होइन, सँगै समस्त विश्व त्रस्त छ । चामत्कारिक उन्नति, प्रगति र समृद्धिको पर्याय बनिरहेको महादेशजस्तै त्यो देश आज एउटा संक्रामक रोगका कारण थलिए जस्तै भएको छ । धेरैजसो मानिस घरभित्रै उकुसमुकुसिएका, सडकहरू निर्जन भएका छन्, अस्पतालहरू भरिएका । एसियाका, प्रायः मुलुकसँग साँध जोडिएको हुँदा उसका छरछिमेक रोग सर्ला भनेर विशेष सतर्कता अपनाइरहेका छन् र छिमेकभन्दा परका पनि । आशंकावश चिनियाँ र चीनबाट आएकासँग सम्पर्कमा आउन डराइरहेका छन् । चिकित्सकहरूको भनाइ अनुसार, यो एक किसिमको ज्वरो (फ्लु) हो र यसलाई नाम दिइएको छ– नोवल कोरोना भाइरस । यसको उत्पत्ति चमेरामा भएको र चमेरो अरू जनावरसँग सम्पर्कमा आएको एवं त्यहाँबाट हुँदै मासुजन्य पदार्थबाट मानिसमा संक्रमित भएको भन्ने चिकित्सकीय अनुमान छ । यकिनका लागि वैज्ञानिकहरू कार्यरत छन् ।


करिब बाइस महिनापूर्व चीनको हुबेई प्रान्तको वुहान सहर चिनियाँ राष्ट्रपति सी चिनफिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच अनौपचारिक र अन्तरंग कुराकानीका लागि सुरक्षित थलोका रूपमा रोजिएको थियो । त्यहीं उनीहरूको लामो र अन्तरंग संवाद भएको थियो । त्यो संवादको पृष्ठभूमिमा चीन र भारतबीचको मनमुटाव थियो । विशेष गरी त्यसको केही समयपूर्व चीन, भारत र भुटानको त्रिकोणीय विन्दु दोक्लाममा चिनियाँ र भारतीय फौज आमनेसामने भएपछि दुई देशबीच सम्बन्ध अरू चिसिएको थियो (यहाँ 'अरू' किनभने यी दुई देशबीच सन् १९६२ यता सम्बन्ध कहिल्यै उल्लेख्य हिसाबले सुमधुर छैन) । त्यसै दोक्लाम परिप्रेक्ष्यमा सम्बन्धलाई न्यानो बनाउने प्रयोजनले दुई देशका दुई प्रमुख नेताहरूले अनौपचारिक कुराकानी गर्दै त्यहीं दुई दिन साथसाथै बिताएका थिए । त्यही वुहानमा गए मंसिरको तेस्रो साता अर्थात् डिसेम्बर २०१९ को प्रारम्भितर अहिले व्यापक चर्चामा रहेको एउटा संक्रमणकारी र घातक रोग कोरोना भाइरस देखा पऱ्यो ।

देखा परेपछि स्थानीय अस्पतालका एक चिकित्सकले सतर्कता र जनसचेतनाका लागि सामाजिक सञ्जालमा आफ्नो आशंका पोस्ट गरे, तर स्थानीय प्रशासनले उनलाई उल्टै अफवाह फैलाएको आरोप लगाएर माफी माग्न लगायो । उनको त्यो पोस्ट हटाइयो । पोस्ट हटाउँदैमा भाइरसको प्रकोप रोकिनेवाला थिएन, किनभने संक्रामक रोगले सरकार चिन्दैन । शासक चक्रवर्ती नै किन नहोस्, कसैलाई टेर्दैन । भर डिसेम्बर मानौं कुनै संक्रमण नै छैन झैं गरियो । चिकित्सकहरू चिन्तित भए, छटपटाए, तर शासनले थाहा पाई-पाई थाहा नभएको अभिनय गऱ्यो । संक्रमण बढ्दै गयो र पुसको दोस्रो साता अर्थात् जनवरी प्रारम्भसम्ममा रोगले हुबेई र आसपासका प्रान्तहरूसम्म फैलिएर महामारीको रूप लिइसकेको थियो ।

एकलौटी, एकाधिकारवादी शासन भएका मुलुकमा सूचनामाथि कठोर नियन्त्रण हुन्छ । एकलौटी शासकले सूचना नियन्त्रण घातक हुन्छ भन्ने बुझ्दैनन् । शासकले चाहेका, तिनका अनुकूल सूचना मात्र प्रसारित हुन्छन् । कतैबाट सूचना चुहिए अथवा प्रवाहित भइहाले सेन्सर गरिन्छ, रोकिन्छ । जनसरोकारका सूचना रोक्ने र सबै ठीकठाक छ भनेर देखाउने भद्दा तर परन्तुमा जनस्वास्थ्य, जीविका र मानवीय मूल्यकै लागि घातक अभ्यास गर्ने गरिन्छ । चीनमा, विदितै छ, चिनियाँ कम्युनिस्ट पार्टीको एकलौटी शासन छ । त्यहाँ वैयक्तिक स्वतन्त्रता चरम नियन्त्रित र अभिव्यक्ति स्वतन्त्रता शून्य छ । त्यही वैयक्तिक स्वतन्त्रता र अभिव्यक्तिमाथि बन्देजको फलस्वरूप सुरुमै सतर्कता अपनाएर संक्रमण रोकथाम गर्न सकिने अवसर गुमेको हो । यद्यपि यता आएर हुन त चिनियाँ शासनले प्रारम्भमै आफूबाट गल्ती हुन गएको स्विकारेको छ ।

वैयक्तिक स्वतन्त्रता नियन्त्रित र अभिव्यक्तिमाथि बन्देजका बावजुद निश्चय नै चीनले पछिल्ला चार दशकमा चामत्कारिक भौतिक उन्नति र प्रगति गरेको छ । जबकि पछिल्ला कतिपय प्रकरणमा भौतिक उन्नति र प्रगति हुँदाहुँदै पनि नागरिक स्वतन्त्रताको अभावका कारण उसले जनधनको क्षति बेहोर्नु परिरहेको छ । जस्तै– हङकङको सुपुर्दगी विधेयक सम्बन्धी असन्तोष समयमै सम्बोधन नगर्दा त्यसले झन्डै पूरै वर्ष व्यापक आन्दोलनको रूप लियो । फलस्वरूप, जीवन्त आर्थिक गतिविधिमा सक्रिय एउटा महत्त्वपूर्ण केन्द्रको अर्थव्यवस्था त खलबलियो नै, महिनौं जनजीवन नै अस्तव्यस्त भयो । बेइजिङप्रति अविश्वास र अनास्थामा अरू वृद्धि भयो । कतिपय चिनियाँले भनेजस्तै हङकङ प्रकरणमा कुनै-कुनै बाह्य शक्तिको चलखेल पनि भएकै होला । तर त्यस्तो चलखेलको अवस्था बेइजिङको नियन्त्रणमुखी कम्युनिस्ट शासन प्रणाली र जनभावनाका सामु झुक्न नचाहने शासकीय प्रबन्धनकै कारण उपस्थित भएको हो ।

> एउटा संक्रामक रोगलाई उत्पत्तिमै पहिचान नगरेको मात्र होइन, रोग सम्बन्धी आशंकामाथि नै चर्चा हुन नदिएका कारण चीनको प्रतिष्ठामाथि नै प्रश्न उठेको र शासनले रक्षात्मक हुनुपर्ने अवस्था आएको छ ।



एकलौटी शासकहरू अड्डी लिने, आफूले भनेकै ठीक भनेर जिद्दी गर्ने तथा असहमतलाई थुन्ने, यातना दिने र कतिपय अवस्थामा भने आफूसित असहमतको ज्यानैसम्म लिने काम गर्छन् । उनीहरूको असहमति सहने तन्तु कमजोर हुन्छ । कसै-कसैमा त कुनै बेलाको सोभियत संघका कम्युनिस्ट तानाशाह जोसेफ स्टालिनमा जस्तै त्यो तन्तु नै हुँदैन । असहमतिमा असन्तुष्टि हुन्छ र असन्तुष्टिमा समस्याको कारण निहित हुन्छ । त्यसैले भनिएको छ, असहमति लोकतन्त्रको सार हो । अलोकतान्त्रिक मुलुकहरूमा शासक र उसका व्यवस्थाको एकोहोरो प्रशंसा हुन्छ । आलोचना निषेध हुन्छ । नाम मात्रका होइन, जीवन्त लोकतन्त्र भएका मुलुकहरूमा भने असहमतिको उत्खनन गर्दै समस्याको जरोसम्म पुगिन्छ । कारणसम्म पुगिन्छ र उपचार सम्भव हुन्छ । प्रतिपक्षी वाणी यहाँनेर महत्त्वपूर्ण हुन्छ । जहाँ प्रतिपक्षी वाणीलाई निषेध गरिएको हुन्छ, त्यहाँ सही सूचना प्राप्त हुने सक्दैन ।

सूचना प्राप्त नभए समस्या हुन्छ, तर देखिँदैन । चीनको वुहानबाट फैलिएको कोरोना भाइरसको आतंक सही सूचना समयमै प्रवाहित नहुँदाको नतिजा हो । चीनका सञ्चार माध्यमहरू यदि स्वतन्त्र हुन्थे भने समयमै सूचना प्रवाहित हुन्थ्यो । तत्कालै नियन्त्रणका उपायहरू खोजिन्थे । रोग अन्यत्र फैलिन पाउने थिएन । निश्चय नै यसमा दुईमत छैन– चीनले आर्थिक, प्राविधिक र सामरिक क्षेत्रमा अपार सफलता हासिल गरेको छ । राष्ट्र विशाल छ, भौतिक दृष्टिले उन्नत भइरहेको तर एउटा संक्रामक रोगलाई उत्पत्तिमै पहिचान नगरेको मात्र होइन, रोग सम्बन्धी आशंकामाथि नै चर्चा हुन नदिएका कारण उसको प्रतिष्ठामाथि नै प्रश्न उठेको र शासनले रक्षात्मक हुनुपर्ने अवस्था आएको छ ।

चीनमाथि आपत् आइलागेको छ । आपत्का बेला कठोर आलोचना अपेक्षित हुँदैन निश्चय नै, तर व्यवस्थामाथि प्रश्न त उठ्छ नै । बाहिर नआए पनि चीनभित्रै असन्तोष गुटमुटिएकै होला । मानिस उकुसमुकुसिएकै होलान् । निश्चय नै दुई दिनमै हजार बेडको अस्पताल बनाउन सक्ने चीनले संक्रमणमाथि ढिलोचाँडो नियन्त्रण प्राप्त गर्नेछ नै । रोगमाथि नियन्त्रण र जनजीवन पुनः सामान्य भएपछि पनि तर सूचना, सञ्चारमाथि नियन्त्रण र बन्देजका कारण हुन गएको मानवीय क्षति अपूरणीय नै रहनेछ । साथै संक्रामक रोगले विश्वसमुदायमा सिर्जना गरेको त्रास भने सधैंका लागि चीनको नकारात्मक खातामा जम्मा हुनेछ । कोरोनाको कहरमाथि विजय प्राप्त गरेपछि पनि विभिन्न कोणबाट चीनको एकलौटी व्यवस्थामाथि प्रश्न उठिरहनेछन् र चिनियाँ विकासको मोडलको अनुकरण गर्न चाहनेहरूले शासक-प्रशासक आलोचनामुक्त रहँदा मुलुकमा केकस्ता दुष्प्रभाव पर्न जाँदा रहेछन् भनेर मनन गर्नुपर्नेछ । साथै प्रकृतिको अत्यधिक शोषण गरेर हासिल गरिने समृद्धिले त्यसै अनुसारको मूल्य पनि चुकाउनुपर्छ । भौतिक समृद्धि चाहिन्छ, तर वृद्धितर्फको नेत्रबन्द दौडले धरतीको सन्तुलन नै बिग्रन्छ । वायु दूषित हुन्छ, घरपालुवा होऊन् अथवा वन्यजन्तु र चराचुरुंगीले प्राकृतिक आहार पाउँदैनन् । यसले नयाँ-नयाँ रोग उत्पन्न हुन्छन् र ती रोग परन्तुमा मान्छेमै सर्छन् ।

मान्छेको मात्रै होइन, यो धरती । यसमा सबै प्राणी समुदायको बराबरको हक छ । अरूको अधिकारमाथि अतिक्रमण गर्ने प्रकृतिशोषण अत्यधिक हुँदै जाँदा धरतीको सन्तुलन बिग्रन्छ र अहिले त्यही सन्तुलन बिग्रँदै छ । चीनको वुहानबाट फैलिएको भाइरस र प्रकृतिमाथि भइरहेका शोषणको सम्बन्ध कतै न कतै अवश्य छ । वातावरण प्रदूषण र दूषित खाद्यका कारण मान्छेको रोग प्रतिरोधक क्षमता कम भइरहेको छ । बेलैमा सचेत भइएन भने चीन मात्र होइन, मानिसको नेत्रबन्द समृद्धिको भोकले प्राणी जीवनमाथि नै कहर आउन सक्छ । पृथ्वीमाथि नै संकट आउन सक्छ ।

नेपालमा असर



लक्ष्मी लम्साल

जनवरी २९ मा विश्व स्वास्थ्य संगठनका महानिर्देशक टेड्रोस अढानोम घेब्रेयेससले चीनको भ्रमण सकेर फर्किने बेला कोरोना भाइरस नियन्त्रणमा चीनको इमानदार प्रयासको प्रशंसा गरे । तर, त्यसको भोलिपल्ट उनले विश्व स्वास्थ्य संकटकालको घोषणा गरेसँगै कोरोनाको उद्गमस्थल वुहानबाट विभिन्न देशले आफ्ना नागरिक फिर्ता गरिरहेका छन् भने, कोरोना भाइरस चीनभरि र कतिपय देशमा प्रवेश गरिसकेको छ । यस भाइरसले सन् २००३ मा चीनमै फैलिएको सार्सको झल्को दिने गरी विश्वलाई नै स्तब्ध पारिरहेको छ ।

चिनियाँ वसन्त चाड अर्थात् नयाँ वर्षको बिदाको एक साता करिब ३ अर्ब चिनियाँले आवतजावत गर्छन् भन्ने तथ्यांक छ । यो ओहोरदोहर विश्व पर्यटनकै सबैभन्दा ठूलो आम्दानीको स्रोत हो । वसन्त चाडको बिदाका बेला कोरोना संक्रमण फैलेपछि र वुहानसहित विभिन्न सहर 'लक डाउन' गरिएपछि आम्दानीको स्रोत ठ्याप्पै भयो, जसको प्रत्यक्ष असर धेरै मुलुकमा परेको छ ।

गरिबीमाथि अन्तिम धक्का दिने यत्न गरिरहेका बेला कोरोना भाइरसको भयका कारण धेरथोर असर पर्ने देखिन्छ । यद्यपि चिनियाँ शक्तिलाई अहिल्यै कम आँक्नु अलिक हतारो हुनेछ । चीनको राष्ट्रिय विकास तथा सुधार समितिका उपप्रमुख ल्यान वेइल्याङले फेब्रुअरी ३ मा बेइजिङमा भने, 'हालसम्म कोरोनाका कारण चिनियाँ अर्थतन्त्रमा देखिने प्रभाव अस्थायी प्रकृतिको हो ।'

कोरोना भाइरसका कारण चीनमाथि विश्व-सहानुभूति त बढेको छ, तर हातेमालो गर्नेभन्दा धेरै देशले आफ्ना नागरिक फिर्ता लगेर ढुक्क हुने मनस्थिति पालेको देखिन्छ । त्यसमाथि सबैभन्दा छिटो आफ्ना नागरिक फिर्ता लैजाने र आफ्ना मुलुकमा चिनियाँप्रतिको रवैया प्रस्तुत गर्ने पश्चिमा मुलुकहरूले चीनको कठिन समयमा दोषारोपण गर्न थालिसकेका छन् । चीनले छात्रवृत्तिमा आएका विद्यार्थी वा चीनप्रति भरोसा गरेर भित्रिएका विदेशीको राम्रो हेरचाह गरिरहेको छ । बदनामीबाट जोगिन चीनले अलिकति शक्ति यतापट्टि पनि खर्च गर्नुपर्ने देखिन्छ ।

कोरोना भाइरसको बाछिटाबाट छिमेकी नेपाल प्रभावित नहुने कुरै भएन । भारतपछि सर्वाधिक चिनियाँहरूले नेपाल भ्रमण गर्छन् । २०१९ मा मात्रै झन्डै १ लाख ७० हजार चिनियाँले नेपाल भ्रमण गरेका थिए । कोरोनाका कारण केरुङमार्ग लगायत चीनसँगका स्थलमार्ग बन्द गरिएको छ भने, हवाई यातायात पातलिँदै गएको छ । यसबाट नेपालमा चिनियाँ पर्यटक ओइरिने स्वर्ण अवधि गुज्रिएको छ ।

भ्रमण वर्षमा चीनबाट कम्तीमा ५ लाख पर्यटक नेपाल भित्रिने अपेक्षा छ । यस प्रयोजनका लागि नेपालले चिनियाँ अभिनेत्री स्वी छिङलाई सद्भावना दूत नियुक्त गरेर यथोचित प्रयास पनि गरिरहेको छ । जनवरी पहिलो साता बेइजिङस्थित नेपाली दूतावासले पनि स्वी छिङ लगायत नेपालबाट सगरमाथा आरोहण गर्ने पर्वतारोही, पर्यटन व्यवसायी लगायतको उपस्थितिमा चिनियाँ नागरिकलाई नेपाल भ्रमणमा निम्तो दिएको थियो । नेपालस्थित चिनियाँ राजदूत होउ यानछीले समेत मोडलिङ लगायतका गतिविधि गरेर चिनियाँ नागरिकलाई नेपाल घुम्न प्रेरित गरिरहेकी थिइन् । तर कोरोनाको हल्ला चल्नेबित्तिकै चिनियाँहरूले नेपाल भ्रमणको टिकट रद्द गरेबाट पर्यटन क्षेत्र निराश हुन थालेको छ । नेपालबाट चीनको छोइछिड, छाङ्शा लगायतका सहरमा प्रत्यक्ष उडान थालेको हिमालय एयरलाइन्सका तालिका नै तलमाथि भयो भने चिनियाँ हवाई कम्पनीहरूले नेपालतर्फको उडानमा कटौती गरे ।

विभिन्न देशले चीनबाट नागरिक फिर्ता लगेपछि अलग्गै निगरानी (आइसोलेसन) मा राख्ने व्यवस्था गरेर सतर्कता अपनाइरहेका बेला नेपालसँग न्यूनतम पूर्वाधार पनि नभएको र त्यसका लागि छिटोछरितो पहल नगरेको भन्दै नेपाल सरकार आलोचित भएको छ । चिनियाँ विमानबाट काठमाडौं उत्रिने नागरिकप्रति ध्यान दिनु नेपाल सरकारको कर्तव्य हुन्छ । विदेशी पर्यटकमाथि नजर राख्नमा पनि सरकारको केही शक्ति खपत हुने देखिन्छ ।

कोरोना प्रभावित क्षेत्रमा रहेका नेपालीहरूको अवस्थाप्रति ध्यान दिनु नेपाल सरकारको जिम्मेवारी हो । चीनमा रहेका विद्यार्थी वा अन्य कामका सिलसिलामा गएका नेपालीहरूलाई आइपऱ्यो भने स्वदेश फर्काउनु, प्रभावित भए/नभएको टुंगो नलागुन्जेल उनीहरूको उचित हेरचाहको वातावरण बनाउनेतर्फ सरकार चनाखो हुनुपर्छ ।

कोरोना भाइरसका कारण नेपाल र चीनबीचको व्यापारिक आयात-निर्यात वर्षको सुरुमै प्रभावित भएको छ । चीनको तिब्बतबाट नेपाल हुँदै दक्षिण एसियाको बजार शिथिल हुँदै गएको छ । नाकाहरू बन्द गरिएकाले छोटो समयमै पनि ठूलो घाटा लाग्ने देखिन्छ । तिब्बतले नेपालतर्फको व्यापारलाई उसको अन्तर्राष्ट्रिय कारोबारको सबैभन्दा ठूलो गन्तव्यका रूपमा लिँदै आएको छ । तिब्बततर्फ निर्यात हुन नपाउँदा नेपाली अर्थतन्त्रमा पनि नकारात्मक असर पर्नेछ । साथै नेपाली व्यापारीहरूले चीनका क्वाङ्चौ, यिवु लगायत सहरबाट नेपालतर्फ सरसामान पठाउने काम रोकिएको छ ।

नेपालको अर्थतन्त्र चीनभन्दा भारतमै बढी निर्भर छ । नेपाल पूर्वतयारीका हिसाबले कमजोर हुनु र भारतसँगको सीमा पनि खुल्ला हुनुले अझ धेरै चिन्ता थपेको छ । दक्षिण एसियामा पहिलो पटक नेपालमा कोरोनाको संक्रमण भेटिएको थियो भने, हाल भारतमा पनि भित्रिएको आशंका छ । खुल्ला सीमाका कारण सहजै कोरोना भाइरस आउन सक्छ । यसले यतापट्टिको व्यापार पनि कालान्तरमा प्रभावित नहोला भन्न सकिन्न । भारत मात्रै होइन, यसै वर्षदेखि चीनसँगको यातायात तथा पारवहन प्रोटोकल कार्यान्वयनको गतिमा पनि धिमापन देखिने छाँटकाँट छ । जनवरी दोस्रो साता काठमाडौंमा वाणिज्य मन्त्रालयले चीनका चार समुद्री बन्दरगाह, तीन सुक्खा बन्दरगाह र छ स्थलनाका प्रयोग गर्न पाउने सहमति कार्यान्वयनमा आएको जनाएको थियो । तर यसको व्यावहारिक कार्यान्वयनको पाटोका लागि तात्नुपर्ने व्यापारिक वर्ग कोरोनाका कारण सेलाउने स्थिति छ । अतः नेपालले कोरोनाजन्य अनेक सम्भाव्य क्षतिबाट बच्न यथोचित कदम चाल्न ढिलो गर्नु हुँदैन ।

कोरोना भाइरस चीनका लागि मात्रै होइन, यसको उचित व्यवस्थापन नभएसम्म विश्वको टाउकोदुखाइ हो । जिम्मेवारीपूर्वक सामेल हुने/नहुने ती देशहरूको इच्छा होला । तर चीनले आफ्नो नेतृत्वमा इबोला, सार्स लगायत विश्वव्यापी महामारी पार लगाए जस्तै यस पटक कोरोनाविरुद्ध लड्नुपर्ने चुनौती छ । सारा संसारका वैज्ञानिकहरूले मरिमेटेर कोरोना नियन्त्रणको प्रयास गरिरहेका छन्, तर कोरोनामाथि विजयप्राप्ति हेतु कुनै पनि भ्याक्सिन वा औषधीमूलो पत्ता नलागुन्जेल सबै मुलुकले वेहोर्ने भनेको चौतर्फी क्षति नै हो ।

लम्साल चिनियाँ अन्तर्राष्ट्रिय रेडियो (सीआरआई), वेइजिङमा कार्यरत छन् ।

बालविवाह रोक्न मर्यादित महिनावारी



राधा पौडेल

मरे सँगै मर्ने, बाँचे सँगै
जिन्दगीको डुंगा तर्ने सँगसँगै
पातीको झाङ पनि दरबार,
गुन्द्रुकको झोल पाँचतारे परिकार ।


हिमाल, पहाड वा तराई जताका होऊन्; प्रेममा चुर्लुम्म डुबेर एक पटक मुक्तक वा शायरी नलेखेका किशोरकिशोरी पाउन असम्भवप्रायः छ । जात, धर्म, भाषा, वर्ग जेसुकै होओस्; अधिकांशको प्रेम अभिव्यक्ति लगभग उही र उस्तै हुन्छ । फरक हुन्छ त केवल माध्यमको ।

स्कुल पोसाक रेस्टुरेन्टको शौचालयमा फेरेर वा कान्तालको कुनामा छोपेर भागी विवाह गर्न कम्मर कसेका किशोर-किशोरी होऊन् वा सम्पत्ति जोगाउन, धर्मप्राप्ति गर्न वा अनजानमा तिनलाई यथाशीघ्र मण्डप घुमाउन ठिक्क परेका बाबुआमा, कसैलाई पनि प्रहरीको डन्डा, कानुनको कल्ली र जिन्दगीमा आउने आयातित जटिलताले छेक्न सकेका छैनन् । 'बिहेबारी, बीस वर्षपारि' भन्ने सन्देश सुनिरहे पनि उमेरै नपुगी सुटुक्क विवाह गर्ने-गराउनेको संख्या हामीकहाँ यति धेरै छ, यो मामिलामा नेपालको स्थान दक्षिण एसियामा तेस्रो छ । बाल विवाहमा रोक्न लागिपरेकाहरूले भन्न थालेका छन्– मोबाइलले गर्दा छोराछोरी जोगाउनै नसकिने भयो ! फेसबुकमा चिनेको दुई महिनामा विवाह !

२०२० जनवरी ३१ को साँझ झन्डै आठ बजेतिर मैले गुगलमा 'नेपालमा बाल विवाह' टाइप गरिहेर्दा, शून्य दशमलव बाउन्न सेकेन्डमा करिब १३ करोड ८ सय सामग्री भेटिए । विवाह गरे गहना र राम्रा लुगा लगाउन पाइन्छ भन्ने दिन अलि पातलिए जस्तो छ । पढ्न पाएका, पैसो हातमा भएका, अझै बालक्लबमा नेतृत्व गरेका, पुरस्कार पाएकाहरू नै उमेरै नपुगी भागी विवाह गर्नेमा दरिएका छन् ।

बाल वा चाँडो विवाह रोक्न तीनै तहका सरकारका विभिन्न कार्यक्रम छन् र कतै विशेष कार्यक्रम पनि । तर ती कार्यक्रममा एउटा महत्त्वपूर्ण सवाल सुरुदेखि नै छुटेको छुट्यै छ, अनि सुषुप्त पनि । विश्वभरकै अभ्यास हेर्ने हो भने, बाल वा चाँडो विवाहमा यसको गाम्भीर्यलाई विश्लेषण गरिएको विरलै पाइन्छ । बाल वा चाँडो विवाहका लागि विशेषतः दुई संस्था (घर र विद्यालय) मा तान्ने र धकेल्ने तत्त्वहरू बढी बलिया हुन्छन् । यी दुइटै संस्थामा गरिने जति पनि क्रियाकलाप छन्, अपवादबाहेक, सबैमा छोरीहरूको आत्मविश्वास घटाउने काम धेरै हुन्छ, मानौं छोरीको भविष्य वा सपना जन्मघरसँग गाँसिएकै हुँदैन वा उधारो हुन्छ । घरमा राम्रै रहेछ भने पनि समाज त्यहाँबाट तान्न अनवरत खटिरहेको हुन्छ, अनि छोरीहरू मानसिक रूपमा विक्षिप्त बन्दै जान्छन् ।

१६ वर्षमा प्रेम वा भागी विवाह गरेकी कुनै पनि छोरीको भाग्नुअघिको दिनचर्याको विश्लेषण गरे समस्याको जरोतिर पुग्न सजिलो हुन्छ । जुम्ल्याहा नै भए पनि प्राकृतिक रूपमै छोरीको दिमाग र प्रतिरक्षा शक्ति छोराको भन्दा अलिक धेरै वा तीक्ष्ण हुन्छ । सामान्य अवस्थामा छोरीहरू छोराहरूभन्दा चाँडो आमाबाबुले गर्ने क्रियाकलाप गर्न तम्सिन्छन् । स्कुलमा पनि उनीहरू अब्बल मात्र हुने हैन कि अघिल्ला स्थान ओगट्छन् । तर घरमा महिलाहरूप्रति गरिने व्यवहार, आफूले भोग्नुपर्ने व्यवहारका कारण बिस्तारै उनीहरूमा अर्के सोच पलाउन



थाल्छ । 'म घर र समाजमा कुन हैसियतमा छु र कसरी बस्नुपर्छ/बाँच्नुपर्छ' भन्नेबारे आँखा खुल्दै जान्छ । आमा वा अन्य महिला सदस्यले महिनावारी भएका बेला भान्सामा पस्न नपाउने, आफूले चाहेको पूजाआजा गर्न नपाउने जस्ता कुसंस्कारले छोरीको अबोध मस्तिष्कमा 'छोरीमान्छे अशुद्ध वा साना हुँदा रहेछन्' भन्ने बिब्ल्याँठो चेतना भर्दै लान्छ । उमेर बढेसँगै आफूले पनि त्यस्तै व्यवहार भोग्नुपर्दा उनीहरूमा आफूप्रतिको दृष्टिकोण बदलिन थाल्छ । छोरीलाई लाग्न थाल्छ– म दाजुभाइभन्दा, सबै पुरुषभन्दा कमजोर रहिछु, किनकि मलाई पनि महिनावारी हुन्छ ।

दिन बित्दै जाँदा आफैलाई महिनावारी हुन्छ । धर्ती भासिए जस्तो, आकाश खसे जस्तो अनि धडकन रोकिए जस्तो कटु अनुभव हुन्छ त्यो, महिनावारीबारे जतिसुकै पढेको भए पनि । स्वस्थानी व्रतकथा सुन्दै हुर्किएकी, ऋषिपञ्चमीको पूजा हेरेकी, आमा महिनावारी भएकाले बाले खाना बनाएर खुवाएकी वा पूजा वा कुनै चाड छेकिएको अनुभव गर्दै हुर्किएकी छोरीको मथिंगल काम्छ, अनि निष्कर्ष थप बलियो हुन्छ– हो, म पुरुषभन्दा सानो हुँ, म बेकार हुँ । नजन्मिएकी भए हुन्थ्यो वरु !

महिनावारीका बेला गोठमा सात दिन बस्नुपर्दा वा 'भाइ, म चर्पी ग'की छु है' भनेर लुक्नुपर्दा वा भान्सामा छिर्ने नपाउँदा मथिंगलमा घुमिरहने सन्देश एउटै हुन्छ– म छोरी ! यदि घर र समाज अलिक परम्परावादी, बाहिरी संसारबारे अलि बेखबर र आर्थिक हिसाबले कमजोर रहेछ भने त छोरीहरूको आफूप्रतिको दृष्टिकोणमा झन् आकाश-पातालको फरक पर्ने गर्छ । ठूली भएपछि आफू पनि शिक्षक वा बाउ वा नर्सजस्तो बन्ने सपना ढलपल गर्न थाल्छ ।

हर्मोनका कारण आउने शारीरिक उथलपुथल (महिनावारी) का कारण भोक लाग्दा अरू बेलाझैं खुरुखुरु भान्सामा गई खान नपाउने, तिर्खा लाग्दा पानी आफै सारेर खान नपाउने, आफैले हुर्काएको भाइभन्दा सानो भएर जिउनुपर्ने चार-पाँचदिने बाध्यता कस्ती सकसपूर्ण हुन्न । सुरुमा यस्तो अछूतको व्यवहार स्वीकार गर्न गाह्रो हुन्छ, रिस उठ्छ । तर मनले भन्छ– यस्तै व्यवहार आमालाई भयो, दिदीलाई भयो, यस्तै हुँदै आइरहेको छ । म चाहिँ हुँ नै को ?

घरभित्र अनधिकृत हुनु भनेको बाहिर कामको भूमिका बढ्नु मात्र नभई किशोरवयको चञ्चल मनलाई चंगाको धागोझैं छोड्नु पनि हो । समय र परिस्थिति नसुधिए महिनावारीका बेला हुने सन्ताप बढ्दै जान्छ । काम धेरै, हेपाइ धेरै, पढाइ थोरै, सहुलियत वा माया थोरै । माया गर्ने टोपलिएका सबै 'यो गर्नू, त्यो नगर्नू' भन्दै गाली गर्छन् । मन एकोहोरो हुन थाल्छ । त्यसले हरेक महिनाका पाँच दिन मात्र होइन, पूरै वर्षलाई सकसपूर्ण बनाउँदै लैजान्छ ।

छोरी महिनावारी भएको कुरा सात रेक्टरको भुइँचालोभन्दा चाँडो सबैतिर फैलिन्छ । सुझाव दिनेहरू, जिस्क्याउनेहरू पाइलापिच्छे भेटिन्छन् । के-के खाने, के-के छुने, कहाँ-कहाँ जाने भन्ने फेहरिस्तले स्कुलका सूत्र र लाइनहरूलाई बिस्तारै छोपिदिन थाल्छ । हरेक महिना निश्चित दिन स्कुल छोड्नुपर्दा पढाइ बिग्रिँदै जान्छ ।

फेल भएपछि आफ्नो मात्रै होइन, परिवारको सपना पनि टुक्रिन्छ । घरमा फेरि गाली सुरु हुन्छ– फेल भई, अब बिहे गर्ने मुस्किल हुने भो, जतिसक्दो छिटो बिहेको मेसो गर्नुपर्ने भो । छोरीलाई पनि लाग्न थाल्छ– म अब केही गर्न सक्दिनँ । पढ्न सक्दिनँ । अघिल्लो कक्षाको यो पनि आउँदैन, त्यो पनि आउँदैन ।

चरम निराशाले छोप्छ । यस्तै बेला, आफूसँग पहिलेदेखि मीठो बोलिरहेको केटाले माया गरे जस्तो लाग्छ । बिहे गरे घरपरिवारको कचकच सुन्नुपर्दैन र तिनको सम्पत्ति पनि जोगिन्छ भन्ने धारणा बलियो हुँदै जान्छ ।

यसरी प्रायः ग्रामीण भेगका छोरीहरू उमेर नपुगी भागी विवाह गर्न विवश भइरहेका छन् । यसको प्रमुख कारण महिनावारी बार्ने चलन नै हो । त्यसैले बाल वा चाँडो विवाह रोक्न सबैभन्दा पहिले छोरीहरूको आत्मविश्वास बलियो बनाउनुपर्छ र यसका लागि घर-घरमा मर्यादित महिनावारीबारे छलफल हुनु अपरिहार्य छ । हाम्रा घरहरूमा छोरीहरूको उपस्थिति र महिनावारीलाई पारिवारिक, सामाजिक र कानुनी रूपमा उत्सवका रूपमा स्थापित गर्न सकियो भने बाल वा चाँडो विवाह र यसले निम्त्याउने समस्या रोक्न सकिन्छ । के बिर्सन हुन्न भने, जुन-जुन नेपाली समाज महिनावारीमा कठोर छ, त्यहीं बाल वा चाँडो विवाह बढी छ ।

> घरभित्र अनधिकृत हुनु भनेको बाहिर कामको भूमिका बढ्नु मात्र नभई किशोरवयको चञ्चल मनलाई चंगाको धागोझैं छोड्नु पनि हो ।

KANTIPUR PUBLICATIONS PVT. LTD.

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि
रामो पनि, हामो पनि

presents

कान्तिपुर CONCLAVE

REIMAGINING CONNECTIVITY

connected by Ncell

powered by asianpaints

REIMAGINING CONNECTIVITY

'Connectivity' holds multiple perspectives, interpretations and ideals. Connectivity is what highlights our times today. We live in a digitally connected world where the exchange of trade, capital, information and people are no longer bound by geography.

The 2020 Kantipur Conclave is a two-day event that reimagines connectivity from a multifaceted lens, leveraging constructive interactions to identify opportunities on cultivating synergy, convergence, partnerships, collaborations and relationships amid the changing global dynamic.

40+	500+	12+	10+
Speakers	Delegates	Thematic areas	Sessions

Associate Partner
NEPALLIFE

#kantipurconclave

Learning Partner HIMALAYAN WHITEHOUSE WORLD SCHOOL

Knowledge Partner beed knowledge center create • curate • comunicate

App Partner

DAY 01

February 07, 2020



Inaugural Address

K.P Sharma Oli

Rt. Hon. Prime Minister of Nepal

Keynote Addresses

This keynote addresses the larger discourse on reimagining connectivity and understanding Nepal's position and potential within the region. Nepal is land linked and connected to China and India, the two giant economies which are poised to become the world's largest economies by 2040. The country also has an immense opportunity in connecting to countries like Bangladesh, which is separated from Nepal by just 27 kilometers.

Speakers



C. Raja Mohan
Director, Institute of South Asian Studies,
National University of Singapore



Bruno Macaes
Senior Fellow (Non-resident),
Hudson Institute



Andy Mok
Senior Research Fellow,
Center for China and Globalization

Lessons from the East

Southeast Asia, after the European Union, is considered as the most connected region in the world. The region, which is booming with economic growth and prosperity, can unfold some valuable lessons for Nepal, which, in terms of consumer behavior, adaptability and outlook, resembles countries in Southeast Asia rather than South Asia. What learnings can Nepal derive from a region that has benefited from substantial connectivity?

Speakers



Gwen Robinson
Editor-at-Large,
Nikkei Asian Review



Neeta Pokharel
Unit Head, Project Administration,
South Asia Urban and Water Division,
ADB Manila



Valentino S. Bagatsing
President and CEO, ICCP

Moderator



Sujeev Shakya
Founder and CEO,
beed management

Live

9:00 AM ONWARDS

KANTIPUR YouTube

TKP ekantipur

Live from YouTube & Facebook pages of TKP and Ekantipur

EventsMo

Hospitality Partner

HYATT REGENCY™ KATHMANDU

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

शिक्षण अस्पताल, जुम्ला

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०७६।१०।२४

यस कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाबाट मिति २०७६।०७।१९ गते सार्वजनिक रुपमा प्रकाशित टेण्डर आव्हानको सूचना अनुसार म्याद भित्र ई पोर्टल मार्फत दाखिला भएका बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्रहरु स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ जानकारीका लागि तपशिल बमोजिमको स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसील

क्र. स.	विषय	ठेक्का नं.	बोलपत्रदाताको नाम र ठेगाना	कवोल अंक (मु.अ.क.बाहेक)
१.	Renovation of Basic Science Block Building of KAHS	KAHS/BLDG/NCB/02/076/077	Raj Bharati Nirman Sewa, Jumla	४४,०८,९७६।३०
२.	Renovation of OPD Building of KAHS	KAHS/BLDG/NCB/01/076/077	Royal/N.K. Joint Venture, Jumla	१,१२,६४,१९५।८५

रजिष्ट्रारको कार्यालय
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान
जुम्ला

एमसीसीसम्बन्धी प्रश्नमाथि अध्ययन गरिरहेका छौं : नेता नेपाल

काठमाडौं (कास)- सत्तारूढ दल नेकपाका वरिष्ठ नेता माधव नेपालले अमेरिकी राजदूत च्यान्डी बेरीसँग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कम्प्याक्ट (सम्झौता) बारे उठेका प्रश्नहरूमाथि पार्टीले अध्ययन गरिरहेको जानकारी दिएका छन् ।

एमसीसी सम्झौता संसद्बाट अनुमोदन गर्ने कि नगर्ने भन्ने विवाद नेकपामा भइरहँदा नेपालका लागि अमेरिकी राजदूत बेरी बिहीबार नेपाल निवास कोटेश्वरमा पुगेका थिए । उनले नेता नेपालसँग एमसीसी सम्झौता छिटो अनुमोदन होस् भन्ने अमेरिकाले चाहेको बताएका थिए । जवाफमा नेकपाका विदेश विभाग प्रमुखसमेत रहेका नेता नेपालले एमसीसीबारे केही प्रश्न उठेपछि पार्टीले अध्ययन कार्यदल बनाएको जानकारी दिएका थिए । उनले बेरीलाई ती प्रश्नहरूलाई कसरी सम्बोधन गर्न सकिन्छ भनी हेरिने पनि बताए । नेकपाका विदेश विभाग उपप्रमुख विष्णु रिजालका अनुसार नेता नेपाल र राजदूत बेरीबीच दुईपक्षीय हित सम्बन्धबारे पनि कुराकानी भएको थियो ।

माघ १९ मा सम्पन्न नेकपाको केन्द्रीय कमिटीको बैठकले एमसीसी सम्झौतालाई अध्ययन गर्न पूर्वप्रधानमन्त्री तथा सचिवालय सदस्य झलनाथ खनालको नेतृत्वमा तीन सदस्यीय कार्यदल बनाएको छ । जसमा पूर्व उपप्रधानमन्त्री तथा नेकपा स्थायी कमिटी सदस्य भीम रावल र परराष्ट्रमन्त्री तथा स्थायी कमिटी सदस्य प्रदीप ज्ञवाली पनि छन् । कार्यदललाई प्रतिवेदन पेस गर्न १० दिनको समय दिइएको छ । कार्यदल सदस्य रावल एमसीसी सम्झौताका कडा आलोचक हुन् । उनले एमसीसीलाई इन्डो-प्यासिफिक रणनीति (आईपीएस) को अंग भएको तर्क गर्दै आएका छन् । नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले करिब ५५ अर्ब नेपाली रुपैयाँ अनुदान आउने गरी भएको एमसीसी सम्झौता संसद्बाट अनुमोदन हुने बताउँदै आएका छन् । परराष्ट्रमन्त्री ज्ञवालीले एमसीसी आईपीएसअन्तर्गत नरहेको पटक-पटक दोहोऱ्याउँदै आएका छन् । अमेरिकी अधिकारीहरूले भने एमसीसी आईपीएसअन्तर्गत नै रहेको तर आईपीएस कुनै रणनीति नरहेको बताउने गरेका छन् ।

बर्गिकृत विज्ञापन

घर जग्गा

प्रस्तावित विरहस्पिटल अगाडी दुवाकोट मनोहरा फांटमा ०-११-३-०, ०-७-१-१, ०-४-२-० विक्रीमा/ घरसंग सट्टापट्टा, ९८४९९३९५५०

गोलढुंगाको पृथिवीमाबिस्कुल नजिकैटुक्रा जग्गाबिक्रीमा ९८१८६६००५९

टोखागेट नजिक सोह्रआना-21,00,000/- प्रतिआना: 9851222227

हेटौंडा सुनाचुरी हाइवेसगैको प्लानिङ्गको सुविधासम्पन्न घडेरीहरू धुरको एकलाख मात्र ९८५९१००९३३२

साख नपुदै मेन हाइवेय् वाट नजिकै टुक्रा/ एकमुस्ट घडेरी बिक्रीमा ९८५९१०३५७८०, ९८४९५२५१८०

ललितपुको जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रीको लागी 9849188782

ललितपुरमा घरजग्गा खरिद बिक्रीलाई ९८५९१०७१५९०

कपन भंगालमा मापदण्डका घरजग्गा ९८४१९३५६०३

टिकाथलीको घर बिक्रीमा ११५,००,०००। ९८४१४५६०९५

ग्राण्डीहस्पिटल अगाडी सुर्यदर्शन हाईटमा ७.५ आनामा बनेको २.५ तल्लाको घरजग्गा बिक्रिमा ९८५१०८९०१९

बालकुमारी रिङरोडबाट २०० मिटरबाहिर ४आना जग्गाबिक्रिमा ९८४८७५४१४७, ९८४००९९२२९

गुहेश्वरी नगरप्लानिङ्गको ४मिटर बाटोमा दक्षिणमोहडा ०-८-३-० र पुर्वमोहडा ०-६-३-० जग्गाबिक्रिमा 9851087273

इमाडोलमा सानाघरहरू बिक्रिमा मूल्य: १,३७,००,०००।- ९८४८७५४१४७, ९८४००९९२२९

गोलढुंङ्गा पृथ्वीमावि स्कुलअगाडी आकर्षक घडेरीहरू ९८१८६६००५९

भक्तपुर कमलबिनायकमाथि नयाघर विक्रीमा 9810074150

बढ्दानिलकण्ठको पन्चकन्यामार्गमा २६ फुँटेबाटोमा एकरोपनी जग्गा विक्रीमा ९८४९२६४६०४

चितवन खोलेसिमलमा ११.५ धुरतुरुन्त २५,००,०००/- ९८५९२१८९३२

घरजग्गा धितोमा तुरुन्त कर्जा 9860579477

ललितपुर ठेचोहाईटमा सांढेचारआना, आनाको एघारपचासले 9851064951

मातातिर्थमा ०-७-०-० टुक्राउन मिल्ने 9851094843

गोल्फटार हाईवेबाट ४००मिटर हेपालीहाईटमा ०-५-०-०को प्लटहरू प्रतिआना 22,00,000/- तुरुन्तलिनेलाई विशेषछुट 9851036108, 9860193128

फुट्टङ्ग टुसालचौरमा छआनामा बनेको अढाईतल्ले एघारकोठे गाडिग्यारेज भएको सस्तो बिक्रिमा ९८४३३२९६००, ९८४१४३२५८३

ओमकारेश्वोर शान्तिनगरमा ३देखि १०आना, पसा चितवन.नजिकै ११कठ्ठा घडेरीयुक्त, 9855056988

चप्पलकारखाना चोकबाट १०० मिटर भित्र ०-३-३-० जग्गाबिक्रिमा 9810397067

Green Valley Home हाउजीङ्ग लामाटार 9851083885

राधेराधे कोटेश्वरमा जग्गाघर तुरुन्त बिक्रिमा ९८०३८९३४३४ सीधामात्र

टोखाचण्डेश्वरीमा ०-४-०-० प्रतिआना २०,००,०००।- ९८४१९०६९२०

सतुंगल हाइवेनजिक हस्पिटलअगाडिको कर्मशियल घरबिक्रिमा। घरजग्गासंग साट् नसकिने ९८१००१९३३१

७-आनामा बनेकोघर ढल, पार्किङ्ग सुविधा अपार्टमेन्टजस्तै आफ्नबसेर व्यापार गर्नमिल्ने सानोभन्दाठूलामा 9841307701 दलालले कष्टनगर्नु

भक्तपुर चांगुनारायणमा ०-२०-०-० बिक्रिमा ९८४०३४८८९३

कालीमाटी, कुलेश्वर मेनसडकमा ५ सटर साढेछ तल्लाको घर बिक्रीमा ९८२८९४२९४१

बिष्टछापमा प्लटिङ्गका टुक्राजग्गाहरू आनाको ६.७५,७.७५, 9801838002

जोरपाटी मेडिकलकलेज नजिकै १७आना जग्गा र आधुनिकघर बिक्रीमा 9808498519

Urgent house onsale Mandikhatar 6.5 aana, 3.5 Floor, 4 rooms, 2 drawing room 5 bathrooms 9851151027

गोकर्णको ०-३-१-० घडेरी बिक्रीमा 9841949144

कलंकी स्युचाटारमा ४.२ आनामाबनेको नयाघर ९८०८५०० ९९४, ९८०८३२७४४६

टेकुस्थित मेनरोडमा ०-१२-०-० बनेको घर बिक्रीमा 9803152880

लुभु बसपार्कनजिकै घर ६०,००,०००। ९८१३६७२६४६

कोटेश्वरमा अढाइआनामा बनेको तिनतलेघर तुरुन्त बिक्रीमा ९८४१५५८८७३, ९८४१४२२०२९

सानेपामा ०-९-१-०जग्गा दलालले सम्पर्क नगर्नुहोला ९८४१२४८०४९

इटहरी उपमहानगरपालिका वार्ड:१९ हांसपोसामा घडेरी ०-७-११-७५ बिक्रिमा ९८४२०५८८३९, ९८४२०३५८९४

ठिमीबालकुमारी कोलानीभित्रको ६-आना जग्गाबिक्रीमा 9851049016

चापागाउं बसपार्क नजिकै चौधआना बिक्रीमा ९८५१०३८९७६

कपन बालुवाखानी बसपार्क नजिकै पांचआनामा तिनतले बिक्रीमा ९८४१४०५९३२

गोंगबु गणेशथानको ६-आना जग्गाबिक्रीमा 9851086374

बसुन्धरामा आधुनिक घर बिक्रिमा ९८५१०५९०७६

पेप्सिप्लानिङ्गमा २.५तल्ले घरबिक्रिमा सम्पर्क 9810166516

कटुन्जे श्रृजनानगर ओमशान्ति टोल Highway बाट २०० मिटरमा गुठीमा दर्ता ११ आना जग्गा विदेश जानुपरेकोले सस्तो मूल्यमा बिक्रीमा मूल्य २४ लाख आनाको, 9851011837, 9851006207

बालकोट प्रधानमन्त्री निजीनिवाससंग जोडिएको (०-६-०-२) दाममा बनेको तिनतल्ले घर बिक्रिमा सिधासम्पर्क 9844057554 , 9841330165

भक्तपुडेवेसी चोकैको विपि राजमार्गमा जोडिएको २-०-०-० जग्गाबिक्रीमा 9887139022

ललितपुर कान्तिपुरकोलोनीमा, ०-३-०-१, ०-३-२-०, चारआनामा बनेको आधुनिक नयाघर बिक्रिमा साथै खालीजग्गा खरिद गर्नुपरेमा 9841974237, 9851231124

ललितपुर बालकुमारीमा चक्रपथबाट सयमिटरभित्र(०-१०-२-०) मावनेको घरबिक्रिमा। घरजग्गासंग साट् सुविधायुक्तघर 9851056660

घरजग्गा खरिदबिक्री गर्नपरेमा कुमारलामा Realestate 4720460, 9849427626

चुनीखेलमा ४ आना बिक्रीमा 9828880291

ललितपुर धापाखेलमा ०-४-२-० बनेको २.५ तल्ला घर ९८६०६०० ९८७

कोटेश्वर सहयोगीनगरमा ०-११-०-० बिक्रिमा ९८८०५३४६३२

बालुवाटारमा ४ आनामा बनेको ३.५ तल्लेघर सस्तोमा ९८०३३०५२२१

हेपालीपारी पुर्वमोहडाको ०-३-२-० जग्गाबिक्रीमा 9851098006

महाराजगंज चक्रपथ भाटभटेनी अगाडीको ७आनामा बनेको घरजग्गा बिक्रिमा छ सम्पर्क ९८४१६७५२६९, ९८४१८३३६३६, ९८४९१५३७७५

धुम्बाराही शिरडीकोलोनी ०-९-१-०, ०-४-०-०, ०-५-०-०, 9851210655

धुम्बाराही/सुकेधारा ०-६-०-०, ०-८-०-०, ०-७-०-०, 9855068777

हेपालीहाईट ०-९-१-०, बसुन्धारा ०-६-१-०, मण्डिखाटार ०-७-०-०, 9851265324

एकताबस्ती/ ज्योतीनगर आवासियघर ०-४-०-०, 9851249307

लामाटार वडानं.-२मा विसफिटे बाटोमा ४-आना जग्गाविक्रीमा आनाको १५-लाख मात्र सम्पर्क: 9851161989, 9861697189

अनामनगर धोविखोलामा ०-८-०-० जग्गा ९८४१७१९४१४

महाराजगन्ज चप्पल कारखानामा ५आनामा, १२फुटे बाटोमा सम्पुर्ण सुविधायुक्त आकर्षक३.५तल्ले घर बिक्रिमा बिचौलियाले कष्ट नगर्नुहोला ९८४१५११७४२, ९८०८३९०५५९

गौरीघाटमा ३आनामा बनेको अढाईतल्ले नयाघर २,३०,००,००० मूल्यमा बिक्रीमा 9813793053

कोटेश्वर रिङरोडनजिक ०-४-२-३-० जग्गाबिक्रीमा ९८५१०३२९५४

मन्डिखाटारमा सस्तो घरजग्गा बिक्रिमा ९८४१६२३४२९

घरजग्गा खरिदबिक्रि तथा भाडामा लिनदिन ९८५१२०५६७९

सवारी साधन

Scorpio Xuv गाडीहरू भाडामा, 9808872109, 9842262730

नया S-PRESSO CAR भाडामा ९८५१२९८१३२

किया स्पोर्टेज मोडल २००९, लटनं. ७ विक्रीमा, ९८४१२५८३७५

2016 को Baleno Delta बिक्रिमा ९८०१०७०७८८

९ को त्याअकयल बिक्रीमा 9861611026

2017 मोडल्को मारुती कार्गो भ्यान तु.विक्रीमा मूल्य: 7,75,000/-, K.M- 34798, 9851136521

2002 मारुतीकार 3,95,000/- सेतोमा 9813637744

सम्पर्क

सस्तोमा Cash Deposit धितोफुकुवा 9851032104

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

सस्तोमा Bank Deposit 9863646909, 9803702227

विद्यार्थीलाई सस्तोमा Cash Deposit 9826104122

धितो/ बिना धितो कर्जा 9851063843

सस्तोमा धितोफुकुवा शेयरलागत क्यासडिपोजिट 9848830604

सस्तोमा Cash Deposit धितो फुकुवा ९८४९०००० ६५

धितोफुकुवा, क्यासडिपोजिट, धितोरासी ९८४४४७८७५८, ९८०३९२३५७८

Hometuition Allsubjects / Computer Courses: 9803303166

For Highiy Experienced Home Tutor 9808455014

सस्तोमा Cash Deposit धितो फुकुवा, ९८४१५४३३६७

१७/२१ लाख लगानी गर्न युवा पाटनर ९८६९३४०४७२

विद्यार्थीकोलागी सस्तोमा Cash Deposit, 9851195401

Package tour India, Malaysia, Bangkok, Bali, Nepal, all places 9841881756

Cash deposit without collateral 9841756349

विविध विक्रीमा

इमाडोल कृष्णमन्दिर चोकको जुत्ता-चप्पल पसल बिक्रिमा ९८१४३४७६८२

चलिरहेको होटल, लज बिक्रिमा स्वयम्भु ९८५११००९९७, ९८४७१२०३९३

गंगबुचोक मेनरोडको फेन्सिपसल सस्तोमा बिक्रीमा ९८०३५८४२५१

शंखमूल नयांबानेश्वरको Boys Hostel बिक्रिमा ९८६७४१८४५४, ९८४०७७९४१३

अर्जेन्ट रेष्टुरेण्ट बिक्रीमा पेप्सीकोला, 9867242460

रेष्टुरेण्ट बिक्रीमा लगनखेल 9861236258 /9840199585

धजा कारखाना तुरुन्त बिक्रिमा ९८१८६५०१८९

सुनपसल बिक्रीमा अन्यपसल गर्नमिल्ने पुरानोबानेश्वर 9849623111

चोकमा व्यस्त किराना तुबिक्रिमा 9869606356

झम्सीखेलमा चलिरहेको स्पा बिक्रिमा ९८४९७१९४३४

पुतलीसडकको रेष्टुरेन्ट-अफिस बिक्रीमा ९८५१०२७९१३

गोंगबु पवित्रानगर बीगमार्टछेउमा २८कोठाको चलिरहेको गेष्टहाउस बिक्रीमा 9801006626

कलंकी रेष्टुरेण्ट बिक्रीमा सम्पर्क 9810322932

रेडिमेड/ कस्मेटिक पसल ५,००,०००/- सिनामंगल, ९८४९४७०९६१

तु. बिक्रिमा चलिरहेको लेडिज टेलर्स पसल नरेफाटचोकनिर लिनेलाई सुपथ मोलमादिने ९८५१०४२३९२, ९८१८२५७०५२

बानेश्वरमा चलिरहेको रेमिडेन्स सहितको स्टेशनरी ९८५११४१४०१

४५ लाखमा बसन्तपुरको रेष्टुरेन्ट तु.विक्रीमा ९८६१३१७२०१

कोटेश्वर भाटभटेनी सगैं किराना पसल बिक्रीमा ३,५०,०००। 9828570786

रेष्टुरेन्ट बिक्रीमा शान्तीनगर गेट ९८४१२७०००४

नुवाकोट छहरे थानसिंगमा चलिरहेको रिसोर्ट बिक्रीमा ९८६०५८८९०४

२ कोठाभएको खाजाघर बिक्रिमा सितापाइला सुभेक्षा हस्पिटलनजिक 9808397154

एयरपोर्ट अगाडीको लज बिक्रिमा ९८०८८२१०५७

जोरपाटी नारायणटारमा एकरोपनीजग्गामा चलिरहेको कारवासेन्टर बिक्रीमा 9851171984,

शंखमूलचोकमा चलिरहेको होटल बिक्रिमा ९८४४१५६५०१

निर्माण सफाई

ढलट्वाइलेट, मंगाल जामखोल्ने इनारसफाई, सोलारफिल्टर 9851116022

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9844531660, 9841516395

सेफ्टीट्यैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

भ्याकुमबाट सेफ्टिट्यैंकी सफाई 014114455, 015712671, 9851152299, 9851052299

प्रोफेशनल पानीट्यैंकी सफाई 9851152299, 9841367851

सस्तोमा सेफ्टीट्याङ्की उठाइन्छ र ढलमंगाल खोलिन्छ 9841634234, 9841176292

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

सेफ्टिट्यैंकी सफाई 9841212244, 9841488132, 01582401

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851089410, 9841266950

सेफ्टीट्यांकी सफाई गाडीमा १५००/- ९८४३७६८७३७

सेफ्टीट्यांकी सफाई ठुलोगाडीमा मेसिनबाट ५२५१०९२, ९८५१०२४३६४

सेफ्टिट्यैंकी सफाई सस्तोमा 9841343487, 4464568

सेफ्टिट्यैंकी सफाई गाडिबाट 9851118279, 9851087058

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344, 9841050858

सस्तोमा सेफ्टीट्यैंकी ढल ट्वाइलेट ९८५१०५९६६२

ईनारसफाई, बोरिङ्गसर्भिस, प्लम्बिङ्ग, धाराजामखोल्ने, सोलारसर्भिस पहेंलोपानिफिल्टर, रिर्जभटेङ्कीसफाई इनारखन्ने 9851168028

बोरीङ्ग प्लम्बिङ्ग सम्पर्क ९८८०४८८३२५, ९८६९६७५६५३

गाडीमेसीनबाट सेफ्टीट्याङ्की ढलट् वाईलेट सफाई 9851247369

ढलट्वाईलेट मंगाल जामखोल्ने निर्माण 9841982894

सोलार फिल्टर इनारबोरिङ्ग प्लम्बिङ्ग ९८४१४१७९८

भाडामा

कलंकी मेनरोडमा गोदाम भाडामा 9851073380

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

तुरुन्त भाडामा लिनदिन सम्झनुहोस ९८१०१७२५०९

Flat, बंगलो अफिसस्पेस लिनदिन सम्झनुहोला www.homektm.com 9801117335

बसुन्धारामा पार्किङ्ग सहित पूरैघर 9851063596

गोदामकलंकीमा1100 वर्गफिटको 9841377206

बाईसधारा पार्कअगाडी क्याफे/ रेष्टुरेण्ट चलिरहेको १९६८ वर्गफिट सटर भाडामा 9884066360

ग्राण्डीभिल्ला सुन्दरबस्तीमा पांचकोठा फल्याट भाडामा ९८६०५९५४७०

कलकी भाटभटेनिपछाडी लिन्कमार्गमा पारिवारकोलागि उपयुक्त सुविधासम्पन्न फल्याट् भाडामा ९८४३५८५९२३

गोदाम, अफिसलाई सटर / फ् ल्याट मनोहरा कोरिडर, पेप्सीकोला 9841343437

खिचापोखरी जाने मेनरोडमा अफिसकोलागि कोठा ९८४९९८१७५५

ललितपुरमा घर फल्याट लिनदिन 9851046386

चुनदेवीमा २६कोठा भएको घर तु.भाडामा ९८१०२०६६१६

कलंकीमेनरोडमा अफिसकोलागि ३कोठाको फल्याटभाडामा ९८१०१२७१६९

लोकन्थली चोकनजिक बाह्रआनामा बनेकोघर रेष्टुरेन्ट अफिस, स्कूल, सहकारी, बैंकलाई उपयुक्त ९८५११६००४९, ९८४१९४४५९१

अफिसकोलागि फल्याट भाडामा काठमाडौं महानगरपालिका २६ गोंगबुआवास ९८४९००७०६०

गैरिधारामा पार्किङ्गयुक्त अफिस फ् ल्याट 9813585043

चाहियो

Salesgirl, Salesboy 9818702341 15,500/- नारायणगोपालचोक

ग्वार्कोचोकैको PGLअफिसलाई अफिसस्टाफ अर्जेन्ट 18500/- सवैलेगर्नमिल्ने 9808728580, 9846599866

गोपीकृष्णनजिकै Officestaff अर्जेन्ट 28,000/ +खाजाभाडा साधारणदेखि SEE+2,above सवैलेगर्नमिल्ने 01-4820559, 9818282550

कालिमाटीचोकमा आजैबाट रोजगार अगरबत्ती, डल्स, पेपरकटिङ्गमा रु.२८,०००/-९८१३५८६५२२, ९८४५२७९७६३

बेरोजगारहरूलाई रोजगार 27,500/ चावहिल गोपिकृष्ण 9861497188, 9823691949

प्रिन्टिङ्ग प्रेसकोलागि अनुभवि हेल्पर, वाइण्डरहरू- ४२८२९४०, ९८८० ९२९०५१

कर्मचारी 15,500/- सामाखुशी 9803179796, 9841224799

साधारण सेक्युरीटी तुअर्जेन्ट 17000 9813210032

तीनकुनेचोकैको पढेनपढेका गरेनगरेका 27,500/- 9861604419, 9823705671 CSSकम्पनीलाई महिलापुरुष,+2 अफिसस्टाफहरू खाजाभाडाबोनष,

मित्रपार्कमा O.S.N अफिसलाई कर्मचारीअर्जेन्ट 25000/- +खाजाभाडा 9860912207, 9810286955

Homebased Typing JOB 26,500/- 9818872816

सामाखुशीचोकैको अफिसलाई कर्मचारी आवश्यकता 26,000/ +खाजाभाडा पढेनपढेका सवैलेगर्नमिल्ने 9842768410, 9823566595

आजैबाट रोजगार २४,५००-४८,५००।- चावहिल 9813994099, 9862596704

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 9861534935, 9803575899

खानबस्न व्यवस्थासहित चावहिलमा Sales Staff 9851228468, 9803508126

खानबस्नसहित बल्खुअफिसलाई १२-कर्मचारी 18,500/- 9823091703, 9860909328

Homebased Typing Job 26,500/- 9803188112

जोरपाटीचोकैमा कर्मचारीहरू अर्जेन्ट 27,500/ 01-4912867

बसुन्धारा अफिसलाई कर्मचारी आवश्यक 014384336, 9842978611

कर्मचारी तुआवश्यकता १५,५००।-चावहिल ९८१३२५५४९१

खानबस्नसहित कलंकी अफिसलाई कर्मचारी 15,500/- 9851024779, 9818554555

डल्सखैलौना धुपअगरबति पेपरकटिङ्ग टिबेटियन मालामा कामदार २४,५००।- 9808544589, 9840352832

रिसेप्सनीष्ट- २, महिला चाहियो, ९८५१०३५३१

ग्वार्को गुणहलसंगै USकम्पनीलाई कामदारहरू चाहियो सवैलेगर्नमिल्ने 21,500/ 9828721889

आजैबाटरोजगार अगरबत्ति, डल्स, पेपरकटिङ्ग कामघरैमा, गोंगबुचोक २५०००। 9813005009, 01-4363058.

सिनामंगल अफिसलाई स्टाफ 15,500 9813859406

ब्यूरो अफिसलाई 16,500 9818339744, 9840556123

नयांबानेश्वरमा घरमा कामगर्ने महिला चाहियो 9808629995

खानबस्न सहित कर्मचारी बालाजु 15500/ 9851153349

Lower Secondary English Teachers Bal Ankur School Thecho Lalitpur 5570041, 9841578666

बागबजारमा फोन कलर ९८४१९९३९०८(बिहान/दिउंसो)

खानबस्नसहित कस्मेटिकमा कर्मचारी 12,000/- 9843767410

Salesgirl, Salesboy 15,500/- चावहिल 9844278049, 9801172253

सिन्केचाउमिन बनाउने मिस्त्री चाहियो 9869414360

सेफ, क्यासियर, अनुभवी वेटर चाहियो, ९८४४३६३२००

बन्दिपुर, तनहुको होटलमा अनुभवी कुक चाहियो, 9841235636

बन्दिपुर, तनहुको होटलमा काउन्टर तथा सर्भिसको काम गर्नसक्ने युवा चाहियो, 9841235636

धुलिखेलको रिसोर्टलाई सुपरभाइजर, अँसिस्टेन्टकुक, वेटर खानेबस्ने सुविधा आकर्षक तलब ९८६४६५७५३४, ९८६४६५७५३५

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 9813261320, 9848822910, 01-4020315

Primary to Secondary Math, English, Science, TeachersUrgently Thaiba Lagankhel 015561080, 9863791732, 9847496569

जनसुकै कर्मचारी कामचाहिएमा ९८६०८५५६०८, ९८०८९६१९८३

काठमाण्डौमा डेरीउद्योग संचालान गर्नसक्ने डेरीसम्बन्धी सम्पुर्ण अनुभवभएको दक्षव्यवस्थापक चाहियो९८६७९४४४६४

कपडा पसलमा सेल्सगर्ल, सेल्सब्वाई ९८२३०३२५७३

बालाजु कस्मेटिकमा कर्मचारी 15,000/- 9851193913

स्पाकोलागि लेडिज मसाजथेरापिस्ट १८००० ९८०८९८४०२७

घरमा बच्चा खेलाउने मान्छे 9863186921

रौतहतको होस्टेलमा कुक १५,०००/-९८०७६७३७१५

कम्प्यूटर, उत्पादन सेक्टरमा कामदारहरू (विद्यार्थी, गृहिणी, महिलापुरुष) तलब: २४,५००।- 9818872816

साप्ताहिक पत्रिकालाई बजारप्रतिनिधि चाहियो 9851160286

तन्दुरीकुक, भाडामाज्ने मसाल्दी खानेबस्ने सुविधा रातोपुल 9851154259

एयरपोर्ट नजिकै तिनकुनेमा नर्सायखोल्नलागेको गेष्टहाउसैलाई अनुभवी मेनेजर 9851200620

कुक, हेल्पर, मसाल्दी डिसवास डिजिटलबोर्ड फ्याक्ट्री ९८६७७२२००९

कुक, मसाल्दी म:म:मेकर वेटर महिला खानबस्नसुविधा ९८६४२६००२१

कुक, फोटोग्राफर, हेल्पर चाहियो 9803056028, 9860963197,

चावहिलमा कर्मचारीहरू अर्जेन्ट रु.२७,५००/- ०१-४४८७८७८, ९८०८३२२२३१

बौद्धपिपलबोटमा कर्मचारीहरू अर्जेन्ट रु.१८,५००/- ०१-४९१७९७७, ९८१०६२६६७३

थापाथलीमा क्यान्टीनको लागी कुक, हेल्पर चाहियो 9804257765

टेकुमा कामगर्ने पुरुष पसल ९८४० ९२१५०१

महिला होस्टलकोलागि कुक, हेल्पर चाहियो ९८६३०३२३३२

कर्मचारी आवश्यकता १५,५००।- बसुन्धराचोक ९८१५८५५२१२

प्रतिष्ठित सहकारी कम्पनीलाई मोटरसाइकलभएका जेन्स मोटीभेटर-१०, स्मार्ट लेडिजहरू-१० तुरुन्त चाहियो तलब सुरुवात २०,०००।- ९८४९०५७८१६, ९८४१५१८०२७

कस्मेटिकमा खानबस्न कर्मचारी १२,५००।- ९८०८५०८६००

बेकरी कुक आवश्यकता जोरपाटी अत्तरखेल २०,०००+खाना 9840938584

Female Primary Teachers Bishalnagar 9841270609

Teachers wanted Lower Secondary Level Math Teachers-2 fulltime/Parttime MOHS, Sinamangal 9851096208, 4473913

Homebased Typing, डल्स, अगरवति, पोष्टकार्ड, फोटो लेमिनेशन, टिवेटियनमाला बनाउनेमा कामदारहरू अर्जेन्ट कामलाई घरैमा अफिसमा आम्दानी १८,५००-३५,५००।- ग्यारेन्टी किचन हेल्फर, ड्राइभर, क्यासियर, प्रशिक्षक, सेक्युरिटीगार्ड, क्लिनर, डेलिभरी ब्वाई, कुक, वेटर चावहिल 014493437, 9813994099, 9841035425

मर्मत

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851089410, 9841266950

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9843541227

ढलट्वाइलेट, मंगालको जामखोल्ने 9851109635, 9844443771

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9841663698

A/c Fridge, washer, oven, 9841517747

ढलट्वाईलेट मंगाल जामखोल्ने 9851183072, 9841318394

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9803227168, 9851111898

घरैमा LEDTV फ्रिज, वासिङमेसिन 9841296192

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841072969

ट्वाईलेटमंगाल ढलजामखोल्ने निर्माणपनि 9841559659, 9843052042

तालिम

डोजर (एस्काभेटर, JCB), फोर्क लिफ्ट अपरेटर तालीमकेन्द्र CTEVT सम्बन्धनप्राप्त: 9851122136

उदघोषण, भाषणकला तालिम डबींमिडिया 9851184552

हाउसवाइरीङ इण्डस्ट्रियल इलेक्ट्रिसीयन प्लम्बिङफ्रि, ९८५११७७३४१

उपचार

लिङ्गकोसाईज बढाउने Herbal Supplement 9851014602

यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५९१४७८१०

लिङ्गलाई कडाउत्तेजना बनाउने सप्लिमेन्ट 9851030269

बिनाअप्रेशननै सफल उपचारकोलागि सविता आयुर्वेद गौशालाचोक 9843096920

पशुपंक्षी

मेसिनबाट हांस, कुखुरा, बट्टाई, टर्कि, चल्ला निकाल्ने, जनसुकै चल्ला चाहिएमा ९८५१०४९५७१

बिहावारी

वरवधु विवाहकोलागि स्तुपा म्यारिजब्युरो 9807974443

बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

रिजन एड मिडिया एण्ड मार्केटिङ्ग	पेप्सीकोला/कोटेश्वर	०१-५१५५६११/५८५११७८८३०
जिरो मिडिया	अनामनगर	४२२०३२७
सुस्मिता क्लासिफाइड	नयाँबानेश्वर	०१-४१०४२३७, ५८५१०२११७२
सिद्धि गणेश एडभरटाइजिङ्ग	फुलबारी टोल, कपन	४८२३१२५, ५८४३७८७५५६
युनिटेक आई.टी. सोलुसन	चुच्चेपाटी	५८४१३१५४४१
जयबागेश्वरी कम्युनिकेशन	जयबागेश्वरी	०१-५२४१०११, ५८६३३३७२१७
हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन	जमल	४२२४१८१, ४०१२५७७
मेमोरेक्स मिडिया	धापाखेल	५८४१५३२५३३
गोर्खा न्यूज एण्ड स्टेशनरी	सोह्रखुट्टे चोक	४३५५७६०
पब्लिक कन्ट्याक्ट प्वाइन्ट	कालिमाटी	४६७४८०१
न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस	लगनखेल	५५४३५८२, ५८४१८३४५३४
भ्याली कम्युनिकेशन सर्भिस	महाराजगञ्ज	४३७२३३०, ५८४५६५२५३
बि. एण्ड बि. कम्यूनिकेशन	कलंकी	५२३४५३०, ५८४१०२१५२३
लोटस कम्युनिकेशन	गोंगबु, नयांवसपार्क	४३६४७५१
विडलिंक मिडिया	पु. बानेश्वरचोक	४४५२३०५, ५८४५५६०६१४
अनलाइन विज्ञापन सेवा	सिनामंगल	४४५१४१२, ५८५११२०१८०
पशुपति विज्ञापन सेवा	सोह्रखुट्टे चोक	५८६६४३०१५५, ५८१३६३५६०५
मरमिड	कलंकी	५२३४३४२, ५८४५४७५६७५
निशा बुक्स एण्ड स्टेशनरी	लगनखेल	५५३१५५७
सेढाई स्टेशनरी	बसुन्धरा	४३५६४७५
नेपाल मिडिया कन्सर्ल्ट	अनामनगर	४१०२८२८
सूर्य विनायक साइबर	सूर्यविनायक	५०५२६७४, ५८४१५७०८४१
डि. एण्ड डि एडभरटाइजिङ्ग	लुभु	५५८०४०६, ५५५४३३२
स्मार्ट इन्भेष्टमेन्ट	जोरपाटी	५७४१०१७२५३
प्रयास इन्टरप्राइजेज	बागबजार	४२४५१०८
किपु बुक प्वाइन्ट	कीर्तिपुर	४३३१७७५
कान्तिपुर सञ्चार सेवा	कमलपोखरी	४४१४५२२, ५८४१४७८६००
मिडिया वे प्रा.लि.	नयाँबजार	४३८७८५५, ५८४१५१७०४५
न्यु टिन्स स्टेशनरी	सातदो

अर्थ वाणिज्य

ekantipur.com

ज्ञानसँगै सुन्दर भविष्यका लागि
बचत गरौं
बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier
शुन्य मौज्दातमा खाता खोल्न सकिने
BOK विद्यार्थी बचत खाता
पहिलो बर्ष निःशुल्क
❖ Visa Debit Card
❖ BOK Smart
❖ BOK Click



ललितपुरको हरिसिद्धिमा शनिबार वाटरह्वीलको सहायतामा सिँचाइ गर्दै किसान । सिँचाइ तथा विद्युत् उत्पादनमा वाटरह्वीलको प्रयोग गरिन्छ । *तस्बिर : प्रथम विष्ट/कान्तिपुर*

चल्ला र दानामा पनि कार्टेलिङ

अभाव देखाएर मूल्य बढाएको जानकारी पाए पनि सरकारी निकायले कारबाही गर्न चासो दिएको छैन

■ **राजु चौधरी** (काठमाडौं)

कुखुराको मासुमा कार्टेलिङ गरिरहेका व्यवसायीले चल्ला र दानामा पनि चर्को मूल्य असुल्दै आएको पाइएको छ । उनीहरूले कार्टेलिङ गरेर सातामै चल्लाको मूल्य ३५ रुपैयाँसम्म बढाएका छन् । कुखुरापालक किसानका अनुसार नेपाल ह्याचरी उद्योग संघले माघ १० गते चल्लाको मूल्य ४० रुपैयाँ निर्धारण गरेको थियो ।

त्यसपश्चात मूल्य क्रमशः बढाएर एक सातामा ७० रुपैयाँ पुऱ्याइएको छ । किसानले भने ७५ रुपैयाँ तिर्दै आएको चुन्नीखेलस्थित चम्पादेवी पोल्ट्री फार्मका सञ्चालक विश्व खड्काले बताए । 'सातामा चल्लाको भाउ ३५ रुपैयाँ बढ्नुपर्ने कुनै कारण नै थिएन तर संघसंस्था बनाएर वैधानिक ढंगबाट किसानलाई लुटेका छन्,' उनले भने, 'यसले किसान र उपभोक्ता सिधै मर्कामा परेका छन् ।' ठूला व्यवसायी, दाना उद्योगी र ह्याचरी उद्योगीले प्रचलित कानुनविपरीत कालोबजारी/कार्टेलिङ गरिरहेको जनाउँदै राष्ट्रिय कुखुरापालक किसान संघर्ष समितिसमेत गठन गरिएको छ । समितिले आठबुँदे मागसहित नियमनकारी निकाय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा उजुरी गरेको छ ।

'चल्ला र मासुको मूल्य दाना उद्योग संघ, ह्याचरी उद्योग संघ र राष्ट्रिय कुखुरा बिक्री व्यवसायी संघको नियन्त्रणमा छ । यी तीन संघको मिलोमतोमा मूल्य बढाइयो,' संघर्ष समितिका संयोजकसमेत रहेका खड्काले भने । समितिका अनुसार ३० देखि ३५ रुपैयाँमा चल्ला तयार हुन्छ । ह्याचिङ गरेर बाहिर निकाल्दा ३५ रुपैयाँभन्दा बढी पर्दैन । '३० रुपैयाँमा तयार भएको चल्लाको ह्याचरी उद्योगले ७० रुपैयाँ तोकेको छ । बजारमा भने ७५ रुपैयाँसम्म पर्छ,' उनले भने, 'यो संस्थागत कालोबजारी हो ।'

ह्याचरी उद्योग संघका महासचिव बलराम किसीले माग र आपूर्तिको कारण मूल्य बढेको दाबी गरे । 'उत्पादन पर्याप्त नहुँदा चल्लाको माग बढ्यो, मूल्य पनि त्यहीअनुसार वृद्धि भएको हो,' उनले भने, 'मूल्य माग र आपूर्तिले नै निर्धारण गर्ने हो ।' उनले चल्लाको लागत मूल्य ५५ रुपैयाँ पर्ने दाबी गरे । ह्याचरी उद्योगीहरूले चल्ला अभाव दाबी गरे पनि जानाजान 'चिक्स होलिडे' गरेका थिए । मूल्य बढाउनकै लागि मंसिर २७ मा सम्पन्न व्यवसायीको भेलाले पोल्ट्रीले सेटर मेसिनमा सेट गरिएका ह्याचिङ अण्डा मंसिर २९ देखि पुस ६ सम्म नष्ट गर्ने निर्णय गरेको थियो । मंसिर २९ देखि पुस ८ सम्म ह्याचरीबाट उत्पादित ब्रोइलर चल्ला, कलर ब्रोइलर चल्ला र क्रोइलर चल्ला बिक्री वितरण तथा ओसारपसार बन्द गर्ने निर्णय गरेका थिए । सोहीअनुसार उनीहरूले नेपालका विभिन्न पोल्ट्री फार्मबाट कुखुराका चल्ला नष्ट गरे । ह्याचरी उद्योग संघका महासचिव किसीले भने चल्ला बिक्री नभएपछि नष्ट गरेको दाबी गरे । 'मारेको होइन, डस्टबिनमा राखेको हो,' उनले भने ।

ह्याचरी उद्योगले उपभोक्ता संरक्षण ऐनविपरीत बन्द र चल्ला नष्ट गरे पनि सरकार मौन बसेको थियो । त्यसको असर अहिले देखिएको हो । 'वर्षौंदेखि यी संस्थामार्फत मूल्य निर्धारण हुँदै आएको छ । आफूअनुकूल चिक्स होलिडे गरेर किसानलाई लाखौं ऋणमा डुबाई विस्थापित गरिरहेका छन्,' संघर्ष समितिले विभागमा दर्ता गरेको उजुरीमा उल्लेख छ । पशु सेवा विभागका महानिर्देशक वंशी शर्माले ह्याचरीको बचाउ गरे । उनले प्यारेन्ट आयात गरिएकाले महँगो परेको बताए । 'उत्पादन लागत करिब ५० रुपैयाँ पर्छ । १० रुपैयाँ डिलर खर्च हुन्छ,' उनले भने, 'तर डिलरले बद्मासी गऱ्यो । ह्याचरीले दिएको मूल्यमा १०/१५ रुपैयाँ बढाएर बिक्री गरे ।' मूल्यको सन्दर्भमा आपूर्तिसँगको सहकार्यमा अनुगमन भइरहेको दाबी गरे । व्यवसायीले २० प्रतिशतभन्दा बढी मुनाफा लिन नपाइने उनले बताए ।

बाँकी पृष्ठ १२

अरुण तेस्रोमा सात बैंकको १ खर्ब ऋण

■ **विजय तिमल्सिना** (काठमाडौं)

संखुवासभामा निर्माणाधीन नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजनाका लागि लगानी जुटेको छ । अरुण तेस्रो नेपालमा निर्माणाधीनमध्ये सबैभन्दा ठूलो जलविद्युत् आयोजना हो ।

आयोजनाको प्रवर्द्धक सतलज अरुण तेस्रो पावर डेभलपमेन्ट कम्पनीका अनुसार आयोजनामा पाँच भारतीय र दुई नेपाली बैंकले कुल १ खर्ब १ अर्ब रुपैयाँ ऋण लगानी गर्ने भएका हुन् । यो नेपालको जलविद्युत् क्षेत्रमा भित्रिएको अहिलेसम्मकै ठूलो लगानी हो । 'पिकिङ रन अफ रिभर' प्रकृतिको आयोजनाको लागत १ खर्ब ४ अर्ब रुपैयाँ अनुमान गरिएको छ । सन् २०११ मा भएको विस्तृत परियोजना अध्ययन (डीपीआर) ले गरेको लागत अनुमान बढ्ने अनुमान छ ।

आयोजनामा स्टेट बैंक अफ इन्डिया, पञ्जाब नेसनल बैंक, क्यानरा बैंक, एक्जिम बैंक, युनियन बैंक गरी पाँच भारतीय तथा एभरेस्ट र नबिल दुई नेपाली बैंकले गरी १ खर्ब १ अर्ब ३३ करोड रुपैयाँ लगानी गर्न लागेका हुन् । भारतका बैंकले करिब ८६ अर्ब र नेपालका बैंकले १५ अर्ब ३३ करोड ऋण लगानी गर्ने सम्झौता गरेका हुन् । आयोजना प्रवर्द्धक र बैंकहरूबीच बिहीबार काठमाडौंमा सम्झौता गरिएको छ । बुधबार बसेको लगानी बोर्ड बैठकले अरुण तेस्रोले पेस गरेको वित्तीय व्यवस्थापनको प्रस्ताव स्वीकृत गरेपछि बिहीबार वित्तीय व्यवस्थापन गरिएको हो । दैनिक ३ घण्टा ४० मिनेट पूर्ण क्षमतामा चल्ने आयोजनाले सन् २०२३ बाट उत्पादन थाल्नेछ । हाल आयोजनाको भौतिक प्रगति ३० प्रतिशत रहेको प्रवर्द्धक कम्पनीले जानकारी दिएको छ ।

संखुवासभाको मकालु गाउँपालिका फाक्सिन्दा दोभानमा रहेको बाँध क्षेत्रबाट चिचिला गाउँपालिका दिदिङस्थित विद्युत्गृहसम्म पानी ल्याएर विद्युत् उत्पादन गरिनेछ । आयोजनाको विद्युत् धनुषाको ढल्केबर सबस्टेसन हुँदै भारत निर्यात गर्ने योजना छ । आयोजनाको प्रवर्द्धक सतलज भारतीय सरकारी स्वामित्वको कम्पनी हो । कम्पनीले आयोजनास्थलबाट ढल्केबर सबस्टेसनसम्म प्रसारण लाइन बनाउने अनुमति पनि पाएको छ ।

आयोजनाबाट सरकारले रोयल्टी, आयकर, निःशुल्क विद्युत्जस्ता शीर्षकमा वार्षिक साढे ३ खर्ब आम्दानी गर्ने अनुमान छ । आयोजना प्रवर्द्धकले उत्पादित ऊर्जामध्ये २१.९ प्रतिशत ऊर्जा नेपाललाई निःशुल्क उपलब्ध गराउनुपर्नेछ । निर्माण, सञ्चालन र हस्तान्तरण मोडलमा २५ वर्षका लागि आयोजना सरकारले भारतीय प्रवर्द्धकलाई जिम्मा लगाएको हो । उत्पादन सुरु भएको मितिले २५ वर्षपछि आयोजना नेपाल सरकारलाई हस्तान्तरण हुनेछ ।

सन् २००८ मार्चमा सरकार र सतलजबीच आयोजना निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर भएको थियो भने सोही वर्ष प्रवर्द्धक कम्पनीले सर्वेक्षण अनुमतिपत्र पाएको थियो । आयोजना विकासका लागि सतलजसँग २०१४ नोभेम्बरमा आयोजना विकास सम्झौता (पीडीए) मा हस्ताक्षर भएको थियो । विद्युत् विकास विभागले सन् २०१८ को मेमा प्रवर्द्धक कम्पनीलाई उत्पादन अनुमतिपत्र दिएको हो । २०१८ मेमा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले काठमाडौंबाट स्विच थिचेर आयोजना निर्माणको औपचारिक रूपमा शिलान्यास गरेका थिए ।

बाँकी पृष्ठ १२



अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रवर्द्धक र बैंकहरूबीच बिहीबार काठमाडौंमा सम्झौता गरिँदै । *तस्बिर : कान्तिपुर*

कुन बैंकको कति लगानी

भारतीय बैंक	
स्टेट बैंक अफ इन्डिया	३५ अर्ब २२ करोड
पन्जाब नेसनल बैंक	१५ अर्ब २९ करोड ६० लाख
क्यानरा बैंक	१५ अर्ब २८ करोड
एक्जिम बैंक	१२ अर्ब २५ करोड ८ लाख
युनियन बैंक अफ इन्डिया	७ अर्ब ६३ करोड २० लाख
नेपाली बैंक	
एभरेस्ट बैंक	१० अर्ब २२ करोड १९ लाख २० हजार
नबिल बैंक	५ अर्ब १३ करोड ५० लाख ४० हजार
कुल	१ खर्ब १ अर्ब ३३ करोड ५६ लाख ८० हजार

विश्व बैंकको २२ अर्ब ८० करोड ऋण

काठमाडौं (कास)- विश्व बैंकले ८६ हजार ६ सय ८० वटा घर पुनर्निर्माणका लागि २२ अर्ब ८० करोड रुपैयाँ ऋण सहयोग गरेको छ । अर्थ मन्त्रालयमा बिहीबार विश्व बैंकका प्रतिनिधि र नेपाल सरकारका प्रतिनिधिले आवास पुनर्निर्माणका लागि ऋण सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

सम्झौतापत्रमा सरकारका तर्फबाट अर्थ मन्त्रालयका सहसचिव श्रीकृष्ण नेपाल र विश्व बैंकका तर्फबाट कन्ट्री म्यानेजर फारिस एच हाडाड जर्भोसले हस्ताक्षर गरेका थिए । दोस्रो थप ऋण सहायता स्वीकार गर्नेसम्बन्धी वित्तीय सम्झौताअनुसार विश्व बैंकबाट प्राप्त पछिल्लो सहयोग रकमलाई भूकम्प प्रभावित ३२ जिल्लामा आवास निर्माणमा खर्च गरिने अर्थ मन्त्रालयले जनाएको छ । विश्व बैंकले नेपालमा भूकम्प प्रतिरोधी आवास निर्माण कार्यक्रम सञ्चालन गरिरहेको छ । यसअघि विश्व बैंकले सन् २०१५ मा ५५ हजार घर पुनर्निर्माणका लागि ऋण सहायता उपलब्ध गराएको थियो ।

गाडी बलियो इन्जिनले
इन्जिन बलियो "कन्ट्रोल" ले
CONTROL
LUBRICANTS

'२० अर्ब तिरे सीजीलाई लाइसेन्स'

कान्तिपुर संवाददाता (काठमाडौं)

सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले सीजी कम्युनिकेसन्सले २० अर्ब रुपैयाँ तिरेर प्रक्रिया पुऱ्याए लाइसेन्स दिने बताएका छन् । सरकारले पूर्वाग्रह राखेर सीजीलाई देशैभर मोबाइल सेवा सञ्चालन गर्ने लाइसेन्स नदिएको आरोपको खण्डन गर्दै मन्त्री बाँस्कोटाले यस्तो धारणा राखेका हुन् ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न नियमित रूपमा आयोजना हुने पत्रकार सम्मेलनमा मन्त्री बाँस्कोटाले सीजीले २५ लाख रुपैयाँ तिरेर ग्रामीण दूरसञ्चार सेवाको लाइसेन्स लिएको र सोही लाइसेन्सलाई मोबाइल सेवाको लाइसेन्समा रूपान्तरण गर्न खोजेको आरोप लगाए । 'देशैभर सेवा विस्तारको लागि एकीकृत लाइसेन्स लिन २० अर्ब तिर्नुपर्छ,' उनले भने, 'सीजीले पूर्वाञ्चलका ५१४ वटा गाउँ विकास समितिमा काम गर्न लाइसेन्स लिएको थियो ।' सीजीले ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवा पुऱ्याउन सरकारसँग १०-११ करोड रकम सहयोग लिए पनि पूर्वाधार विस्तारको काम नगरेको मन्त्री बाँस्कोटाको भनाइ थियो ।

मन्त्री बाँस्कोटाले एकीकृत लाइसेन्सका लागि २० अर्ब तिर्नुपर्ने बताए पनि यो सत्य होइन ।



'राज्यको नियम सबैलाई एउटै हुन्छ । पहिला दिएका लाइसेन्सअनुसार काम गर्नुपर्‍यो ।'

सरकारले २०६९ जेठ १ गते राजपत्रमा सूचना प्रकाशित गर्दै दूरसञ्चार सेवाका लागि एकीकृत लाइसेन्सको अवधारणा ल्याएको थियो ।

राजपत्रमा प्रकाशित सूचनाअनुसार एकीकृत अर्थात् आधारभूत टेलिफोन सेवाको लाइसेन्स लिन लाइसेन्स दस्तुरबापत ३५ करोड ७५ लाख रुपैयाँ बुझाउनुपर्ने प्रावधान छ । यस्तो लाइसेन्सको अवधि सुरुमा १० वर्ष हुने सूचनामा उल्लेख छ । १० वर्षपछि लाइसेन्स नवीकरण गराउँदा भने २० अर्ब १३ करोड २७ लाख ५० हजार रुपैयाँ तिर्नुपर्ने राजपत्रमा प्रकाशित सूचनामा भनिएको छ । यही सूचनाको आधारमा स्मार्ट टेलिकम र युनाइटेड टेलिकम लिमिटेड (यूटीएलले) आधारभूत टेलिफोन (एकीकृत दूरसञ्चार) सेवाको लाइसेन्स पाएका थिए ।

उक्त सूचनामा एकीकृत टेलिफोन सेवाको लाइसेन्स प्राप्त कम्पनीले स्थानीय, अन्तरदेशीय, अन्तर्राष्ट्रिय, सेलुलर मोबाइल सेवा सञ्चालन गर्न पाउने प्रावधान छ । एकीकृत दूरसञ्चार सेवा सञ्चालनका लागि निवेदन दिने कम्पनीले चार वटा सर्त पूरा गरेको हुनुपर्ने राजपत्रमा प्रकाशित सूचनामा भनिएको छ । उक्त सूचनाअनुसार एकीकृत दूरसञ्चार सेवाको लाइसेन्स पाउनका लागि निश्चित क्षेत्रभित्र मात्र सीमित रहने तारर्हित टेलिसञ्चारमा आधारित लिमिटेड मोबिलिटी सेवा, ग्रामीण दूरसञ्चार सेवा र आधारभूत दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त भइसकेको हुनुपर्ने उक्त सूचनामा उल्लेख छ ।

यस्तै सूचनामा एकीकृत अनुमतिपत्र लिने कम्पनीले सरकारलाई बुझाउनुपर्ने बक्यौता चुक्ता गरेको हुनुपर्ने, यसअघि लिएको अनुमतिपत्रको सर्त पूरा गरेको हुनुपर्ने, प्रत्येक गाउँ विकास समितिमा कम्तीमा एउटा एक्सचेन्ज वा बीटीएस स्थापना गरी मागअनुसारको टेलिफोन सेवा विस्तार गर्ने पूर्वाधार स्थापना गरेको हुनुपर्ने योग्यता पनि तोकिएको छ ।

मन्त्री बाँस्कोटाले सीजीले पाएको ग्रामीण दूरसञ्चार सेवाको अनुमतिपत्रको सर्तअनुसार पूर्वाधार तयार नपारेको बताउँदै आर्थिक र प्राविधिक प्रबन्ध तोडेर लाइसेन्स दिन नसकिने बताए । सीजीलाई लाइसेन्स दिने विषयमा सरकार पूर्वाग्रही नभएको भन्दै उनले विधि र प्रक्रिया पुगेको भए लाइसेन्स दिने दावी गरे । 'राज्यको नियम सबैलाई एउटै हुन्छ,' उनले भने, 'पहिला दिएका लाइसेन्सअनुसार काम गर्नुपर्‍यो ।'



माडी थुनेर १५६ मेगावाट विद्युत्

■ **काशीराम डाँगी** (रोल्पा)

सरकारले माडीखोला थुनेर विद्युत् उत्पादनका लागि सर्भे थालेको छ। जलाशय बनाएर १५६ मेगावाट विद्युत् उत्पादन गर्ने योजनाका साथ सर्भे थालिएको हो। माडी जलाशययुक्त जलविद्युत् आयोजनामा नेपाल सरकार र चिनियाँ लगानी हुनेछ। आयोजना थाल्न जलविद्युत् उत्पादन लगानी कम्पनी र पावर चाइनाबीच गत साउन ५ मा सहमति भएको थियो। पावर चाइनाले मुलुकका अन्य जलविद्युत् आयोजनामा समेत लगानी र प्राविधिक सहयोग गर्दै आएको छ।

रोल्पाको माडीचौरमा आयोजनाको सम्पर्क कार्यालय स्थापना गरिएको छ। आयोजनाको कार्यालय उद्घाटनमा दुई साताअघि जिल्ला आएका ऊर्जामन्त्री वर्षमान पुनले उक्त आयोजना प्रदेश ५ र मुलुककै गौरवको आयोजना हुने बताए। पुनले माडी नदीलाई सुरुङमार्फत दाङ लगेर हजारौं हेक्टर जमिनमा सिँचाइ गर्ने सरकारी नीति रहेको जानकारी दिए।

ऊर्जा मन्त्रालयका अनुसार १८ महिनाभित्र सर्भे गरिसक्ने र त्यसपछि जलाशय निर्माण थाल्ने योजना छ। सर्भे गर्न चिनियाँ टोली आइसकेको छ। आगामी डेढ वर्षसम्म (खासगरी दुई हिउँद र दुई वर्षा) सर्भे सकिएपछि मात्रै आयोजनाको काम सुरु हुनेछ। ऊर्जामन्त्री पुनले डेढ वर्षभित्र आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार भइसक्ने बताए।

रोल्पा नगरपालिका र सुनिल स्मृति गाउँपालिकाको सीमा सिस्नेरी गाउँमा आयोजनाको जलाशय बनाइने भएको छ। जलाशय बनाउन १७० मिटर अग्लो ड्याम बनाइनेछ। जलाशयमा ४१.७ करोड घनमिटर पानी जम्मा गरिने र ३२.३ करोड घनमिटर पानीबाट १५६ मेगावाट विद्युत् उत्पादन गर्ने योजना छ। जलाशयको क्षेत्रफल ७.५ वर्गकिलोमिटर हुनेछ। करिब ६ किलोमिटर लामो सुरुङ बनाइनेछ। सुनिल स्मृति गाउँपालिका-२ खुंग्रीमा बन्ने जलविद्युत् उत्पादन केन्द्रबाट विद्युत् उत्पादन हुनेछ। आयोजनाको लागत ३२ अर्ब २० करोड रुपैयाँ अनुमान गरिएको छ।

रोल्पा नगरप्रमुख पूर्ण केसीले जलाशय निर्माण र विद्युत् उत्पादनमा

आयोजनामा नेपाल सरकार र चिनियाँ कम्पनीले लगानी गर्ने

स्थानीयको समेत लगानी हुने बताए। माडीमा कम्तीमा १४ वटा हाइड्रोपावर आयोजना बन्न सक्ने सम्भावना छ। माडीलगायत राप्ती क्षेत्रलाई मुख्य जलाधारका रूपमा विकास गर्नुपर्ने योजनासमेत अघि सारिएको मन्त्री पुनले बताए। राप्तीलाई मुख्य जलाधार क्षेत्र मान्दा दाङमा ५६ हजार, बाँकेमा ४५ हजार, कपिलवस्तुमा ४१ हजार र अन्य क्षेत्रमा १४ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ गर्न सकिने सम्भावना छ।

नौमुरे अन्योलमा

माडीमा जलविद्युत् आयोजना बन्ने भएपछि प्यूठानस्थित बहुउद्देश्यीय 'नौमुरे' जलविद्युत् आयोजना निर्माणमा अन्योल देखिएको छ। जलाशयको पानी नौमुरेमा नझारी दाङतर्फ लैजाँदा आयोजना प्रभावित हुने भएको हो। नौमुरे आयोजनामा पनि माडीकै पानीबाट विद्युत् निकाल्ने सरकारको तयारी थियो। नौमुरे आयोजनाको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरिए पनि फिजिबिलिटी अध्ययन जारी छ।

२७ वर्षअघि नौमुरे आयोजना थालिएको हो भने सम्भाव्यता अध्ययनमै २० करोड रुपैयाँ खर्च भइसकेको छ। उक्त आयोजनाबाट २४५ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य छ। माडीमै जलाशय बनाएर माडीमै खसालेमा नौमुरे आयोजना प्रभावित हुँदैन। नौमुरे आयोजनालाई असर नपर्ने गरी माडी आयोजना बनाउन विद्युत् विकास विभागले ऊर्जा मन्त्रालयलाई सुझाव दिएको छ।

हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडीसीएल) का कार्यकारी अधिकृत छविराज पोखरेलका अनुसार माडी जलाशययुक्त आयोजनाले नौमुरेलाई कुनै असर पर्दैन। उनले ऊर्जा मन्त्रालय, विद्युत् विकास विभाग र सिँचाइ मन्त्रालयको संयुक्त अध्ययनपछि मात्रै माडी आयोजना अघि सारिएको र दुवै आयोजना सम्भव भएको बताए।

चियाले पाएन मूल्य

लगानीसमेत नउठेपछि उद्यमीले चिया गोदाममै थन्काएका छन्, गत वर्षको तुलनामा मूल्य करिब ५० प्रतिशत घटेको छ

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

मूल्य नपाउँदा तयारी चिया गोदाममा थन्किएको छ। भारतीय बजारमा चियाको मूल्य लगातार ओरालो लागेको छ। लगानीसमेत नउठ्ने भएपछि उद्यमीहरूले तयारी चिया गोदाममा थन्काएर राख्नुपरेको छ।

तयारी चियाको मूल्य यस वर्ष गत वर्षको तुलनामा करिब ५० प्रतिशत घटेको छ। अस्वाभाविक रूपमा मूल्य घटेपछि उद्यमीहरूले चिया बेच्न सकेका छैनन्। नेपालमा चिया बिक्रीका लागि अक्सनको व्यवस्था छैन। यहाँको चियाको मूल्य भारतीय व्यापारीमा निर्भर छ। भारतीय व्यापारीले यस वर्ष नेपाली सीटीसी चिया प्रतिकेजी ८५ रुपैयाँ भारुभन्दा बढी दिएका छैनन्। त्यही मूल्य पनि निरन्तर घटेर अहिले भारु ६५ रुपैयाँ मात्र तय गरेका छन्।

भारु ६५ रुपैयाँमा चिया बिक्री गर्दा लगानीसमेत नउठ्ने भएपछि उद्यमीहरूले चिया गोदाममा थन्काउनुपरेको हो। करिब ७० हजार किलो तयारी चिया बेच्न नपाएको साना किसान चिया उत्पादक सहकारी संस्था हल्दिबारीका अध्यक्ष हर्कबहादुर तामाङले बताए। 'लगानी नै नउठ्ने गरी कसरी चिया बेच्नु ?' उनले भने, 'बरु नेपाली बजारमै चियाको मूल्य राम्रो पाएका छौं।' सहकारीले सञ्चालन गरेको कारखानाले यो वर्ष पाँच लाख किलो तयारी चिया उत्पादन गरेको उनको भनाइ छ।

हल्दिबारीकै पाराखोपी चिया उत्पादक सहकारी संस्थाले सञ्चालन गर्दै आएको कारखानामा पनि ३० हजार किलो तयारी चिया बेच्न बाँकी रहेको सचिव पर्वत डाँगीले जानकारी दिए। उचित मूल्य नपाएकै कारण चिया गोदाममा राख्नुपरेको उनको भनाइ छ। '६५ रुपैयाँ भारुमा चिया बेचेर कसरी कारखाना चलाउनु ?' उनले भने, 'दाम बढ्छ कि भनेर पर्खेको तर बढ्ला जस्तो छैन।' तयारी चिया उत्पादनमा प्रतिकिलो नेपाली १४० रुपैयाँसम्म लगानी हुने गरेको उनले बताए। कारखानाले यस वर्ष साढे पाँच लाख किलो तयारी चिया उत्पादन गरेको उनले बताए। भारतीय बजारमा मूल्य नपाएपछि उत्पादनको ७० प्रतिशत चिया नेपाली बजारमै बिक्री गरेको उनले जनाए।

'नेपालमा प्रतिकिलो २ सय रुपैयाँसम्ममा चिया बिक्री गर्‍यौं,' उनले भने, 'तर नेपालमा सीमित व्यवसायीले मात्र चिया खरिद गर्छन्। उनीहरूले पनि भारतीय बजारकै भाउमा चिया किन्न खोजेकाले बाँकी चिया बेच्न समस्या भइरहेको हो।' गत वर्ष सीटीसी तयारी चिया भारतीय बजारमा न्यूनतम प्रतिकेजी ११० रुपैयाँ भारुमा बिक्री गरिएको डाँगीले बताए। झापामा वार्षिक करिब दुई करोड किलो सीटीसी चिया उत्पादन हुने राष्ट्रिय चिया तथा कफी विकास बोर्डको तथ्यांक छ।

जिल्लामा पाँच उद्योगले अर्थोडक्स चियासमेत उत्पादन गर्दै आएका छन्। तर भारतीय बजारमा अर्थोडक्स चियाको मूल्य पनि ५० प्रतिशतभन्दा बढी घटेको तुलसीबारी टी प्रालिका सञ्चालक कुमार भण्डारीले जानकारी दिए। मूल्य घटेकाले बिक्रीका लागि ल्याबबाट स्याम्पलिङ टेस्ट गरेर प्याकेजिङसमेत गरिसकेको ३५ हजार केजी तयारी अर्थोडक्स चिया गोदाममा राख्नुपरेको उनले बताए। भारतीय बजारमा अर्थोडक्स चिया गत वर्ष प्रतिकिलो २४० रुपैयाँ भारुमा बिक्री भएको थियो। यस वर्ष प्रतिकिलो भारु ७० रुपैयाँभन्दा बढीमा व्यापारीले किन्न नमानेको उनको भनाइ छ। नेपाली चियाको बजार मुलुकभित्र नभएकाले किसान तथा उद्यमीलाई तयारी चिया बेच्न समस्या भएको चिया किसान तथा सहजकर्ता सटेन्द्रकुमार कर्णले बताए। मुलुकभित्र उत्पादन हुने अर्थोडक्स चियाको ९५ प्रतिशत बजार भारत हो।



झापाको बिर्तामोड नगरपालिका-७ हर्चनास्थित प्रदीप श्रेष्ठले २३ बिघा जमिनमा लगाएको चिया खेतीबाट घाटा भएपछि जेसीबी लगाएर फँडानी गर्दै। *फाइल तस्बिर*

सवा अर्बको तरकारी बिक्री

कान्तिपुर संवाददाता (सल्यान)

जिल्लाबाट यस वर्ष करिब १ अर्ब १२ करोड रुपैयाँको कृषि उत्पादन जिल्लाबाहिर गएको छ। सल्यान जिल्ला कृषि उत्पादन वस्तुमा आत्मनिर्भर बनेसँगै करिब ८० प्रतिशत उत्पादन जिल्लाबाहिर जान थालेको हो।

गत वर्ष ७९ करोड ३३ लाख रुपैयाँको कृषि उत्पादन जिल्लाबाहिर पठाइएको थियो। जिल्ला कृषि विकास कार्यालयका अनुसार करिब २० प्रतिशत कृषि उत्पादनले जिल्लाको माग धानेको छ। गत वर्षको तुलनामा यस वर्ष ३१ करोड ९० लाख रुपैयाँको उत्पादन बाहिर गएको कार्यालयका प्राविधिक रेसमबहादुर बस्नेतले बताए।

जिल्लामा उत्पादित वस्तुको करिब ८० प्रतिशत बजार सल्यानबाहिर छ। यहाँको तरकारी, सुन्तला, अदुवा, मह, भटमासलगायत कृषि उत्पादनको माग बुटवल, दाङ, पोखरा, काठमाडौं, नेपालगन्जलगायत ठाउँमा बढी भएको उनले जानकारी दिए। त्यसमध्ये अधिकांश अदुवा भारत निर्यात हुन्छ भने टिमुर फ्रान्ससम्म पुग्ने गरेको छ।

कपुरकोट, रामपुर र सल्लीबजार हुँदै कृषि उत्पादन बाहिरिने गरेको कृषि विकास कार्यालयका प्रमुख महेश आचार्यले बताए। ३७ करोडको १६ हजारको ८९३ टन अदुवा, १८ करोडको १० हजार टन ताजा तरकारी, १७ करोडको ३ हजार ४ सय टन सुन्तला, १५ करोड रुपैयाँको ७ हजार ५ सय टन आलु, १८ करोडको टिमुर, ३५ लाखको तरकारी बीउ, ७० लाखको ३५० टन बेसार र ३४ लाख रुपैयाँको ८५ क्विन्टल किवी दाङ, नेपालगन्ज, सुर्खेत, बुटवललगायत ठाउँमा निकासी हुने गरेको हो। यस वर्ष ६७ लाख रुपैयाँको मकैको बीउ पनि विभिन्न जिल्लामा गएको छ। कपुरकोट, त्रिवेणी र छत्रेश्वरी गाउँपालिकाबाट तरकारी, बाग्लुङ नगरपालिकाको कोटमौलाबाट सुन्तला, अदुवा र टिमुर जिल्लाबाहिर गएको जिल्ला कृषि प्रमुख आचार्यले बताए। जिल्लाका १० वटै स्थानीय तहमा किवी, आलु र बेसार उत्पादन हुन्छ। जिल्लाभरि करिब १० हजार परिवार कृषिमा संलग्न रहेको कार्यालयको तथ्यांक छ। सल्यानका करिब ६० प्रतिशत कृषक आत्मनिर्भर बनेको कार्यालयले बताएको छ।

चल्ला र दानामा...

'तयारी मासुको हकमा किलोको साढे ३ सय रुपैयाँभन्दा बढी पर्दैन,' उनले भने, 'अहिलेको बजार मूल्य जायज होइन। प्रतिकिलो ३५० रुपैयाँभन्दा बढी मूल्य हुँदैन।' बजार मूल्य अस्वाभाविक रहेको बताए पनि बढी मूल्य लिने व्यवसायीलाई कारबाही हुन सकेको छैन।

पशुपन्छीसम्बन्धी नियमन गर्ने निकाय पशु सेवा विभाग नै हो। मूल्यको सन्दर्भमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले नियमन गर्दै आएको छ। उक्त विभागले पनि व्यवसायीले लिँदै आएको मूल्य उचित नभएको जनाएको छ। 'व्यवसायीले मूल्य बढेको ट्रेन्ड बताएका छैनन्। जानीजानी मूल्य बढाएका छन्। अभाव देखाएर मूल्य बढाए,' वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक नेत्र सुवेदीले भने, 'चित्त बुझ्दो छैन। उत्पादन क्षेत्रमा अनुगमन गर्छौं।' व्यवसायीले ऐनविपरीत काम गरेर सरकारलाई चुनौती दिए पनि कारबाही हुन सकेको छैन। यीबाहेक नेपाल दाना उद्योग संघले पनि ठगी गर्दै आएको समितिले जनाएको छ।

किसान संघर्ष समितिका अनुसार दाना तथा चल्लामा २ सय प्रतिशतसम्म मुनाफा राखी बिक्री भइरहेको छ। उनीहरूले व्यापारिक नियमअनुसार २० प्रतिशत नाफा राखी बिक्री वितरणको व्यवस्था मिलाउन माग गरेका छन्। 'दानाको कच्चा पदार्थमा ५० रुपैयाँ मूल्य वृद्धि हुँदा दानामा प्रतिकिलो २ वा बोरामा सय रुपैयाँसम्म बढाइएको छ। अहिले दानाको कच्चा पदार्थको मूल्य प्रतिकिलो २ रुपैयाँ घटेको छ तर दानाको मूल्य यथावत् छ,' उजुरीमा उल्लेख छ।

किसानलाई कम, उपभोक्तालाई चर्को मूल्य

कुखुरापालक किसान संघर्ष समितिका अनुसार कुखुराको मूल्य वृद्धिमा यी तीन संघ नै जिम्मेवार छन्। जिउँदो कुखुराको मूल्य २६० रुपैयाँ निर्धारण गरिएको थियो। किसानले भने २५० रुपैयाँ मात्रै पाएका थिए। 'संघले मूल्य निर्धारण गरे पनि तोकेको मूल्यको १० रुपैयाँ घटाएर किसानलाई पैसा दिन्छन्। बिल बनाउँदा थप १ प्रतिशत कम मूल्य दिन्छन्,' उनले भने।

जिउँदो कुखुराको मूल्य २६० रुपैयाँ हुँदा तयारी मासु खुद्रामा ३५० देखि ३७० रुपैयाँ मात्रै पर्ने समितिको दावी छ। 'तर होलसेलमा १० रुपैयाँ र खुद्रामा ३०/४० रुपैयाँ बढी मुनाफा राख्दा उपभोक्तालाई मार पऱ्यो,' खड्काले भने। उनका अनुसार तिहारको समयमा कुखुराको लागत मूल्य २२० रुपैयाँ थियो। दाना उद्योग संघको निर्देशनमा राष्ट्रिय कुखुरा बिक्री व्यवसायी संघले सस्तो मूल्य तोकेको उनीहरूको दावी छ। त्यसबेला कोल्डस्टोरले सस्तोमा किलोको १६० रुपैयाँमा कुखुरा खरिद गरेकामा अहिले कोल्डस्टोरमै ३९० रुपैयाँमा बिक्री गरेको समितिको आरोप छ।

अरुण...

आयोजनाबाट संखुवासभाका २६९ घरधुरी प्रभावित बनेका छन् भने २४ घरधुरी पुनःस्थापित गरिएको प्रवर्द्धक कम्पनीले जनाएको छ। आयोजना निर्माणका लागि १२५ हेक्टर सार्वजनिक जग्गा र ५० हेक्टर निजी जग्गा अधिग्रहण गरिएको छ। प्रभावित परिवारलाई आयोजनाले प्रतिमहिना ३० युनिट विद्युत् निःशुल्क उपलब्ध गराउनेछ भने आयोजना निर्माणका क्रममा तीन हजार रोजगारी सिर्जना हुने लगानी बोर्ड कार्यालयले जनाएको छ।

सतलजले अरुण तेस्रोमा राम्रो काम गरिरहेको भन्दै भारतीय सरकारले नै उक्त कम्पनीलाई ६४० मेगावाटको तल्लो अरुण पनि निर्माण गर्न दिनुपर्ने माग गरिरहेको छ। अरुण तेस्रोको परियोजना विकास सम्झौता (पीडीए) कै मोडलमा तल्लो अरुण पनि निर्माण गर्ने सतलजको चाहना छ।

अरुण तेस्रोभन्दा केही तल बन्ने आयोजना आफूले पाए लागत कम पर्ने सतलजको दावी छ। उसले अरुण तेस्रोमा जस्तै तल्लो अरुणमा पनि नेपाललाई निःशुल्क विद्युत् उपलब्ध गराउने गरी अनुमतिपत्र आफूलाई दिन माग गरिरहेको हो। अरुण तेस्रोका लागि निर्माण गरिएको प्रसारण लाइनले तल्लो अरुणको पनि विद्युत् भारत लैजान मिल्ने भएकाले लागत कम पर्ने सतलजको दावी छ।

अर्थ संक्षेप

एनसेलको 'भ्यालेन्टाइन अफर'

काठमाडौं (कास)- एनसेलले प्रिपेड ग्राहकका लागि 'अझै नर्जिकिन्छ सम्बन्ध' का साथ 'भ्यालेन्टाइन अफर' को योजना ल्याएको छ। अफरमा ग्राहकले १ रुपैयाँमा ७ सय मिनेट 'अन नेट टक टाइम' रहेको साप्ताहिक भ्वाइस प्याक प्रयोग गर्न सक्छन्। अफर शुक्रबारदेखि ३ महिनासम्म रहनेछ। अफरअन्तर्गत ग्राहकले १८ पैसा प्रतिमिनेटमा कुरा गर्न सक्ने कम्पनीले बताएको छ।

माछापुच्छे क्यापिटलको उद्घाटन

काठमाडौं (कास)- माछापुच्छे बैंकको पूर्ण स्वामित्वमा रहेको माछापुच्छे क्यापिटलको बुधबार उद्घाटन भएको छ। नेपाल धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगाना र बैंकका अध्यक्ष वीरेन्द्रप्रसाद महतोले क्यापिटलको उद्घाटन गरे।

रेडमीको भ्यालेन्टाइन योजना

काठमाडौं (कास)- भ्यालेन्टाइन डेको अवसरमा साओमीले फ्लागसिप किलर स्मार्टफोन 'रेडमी के२० प्रो' मा ३ हजार रुपैयाँ छुट दिने घोषणा गरेको छ। कम्पनीले उक्त स्मार्टफोन ४६ हजार ९ सय ९९ रुपैयाँमा खरिद गर्न सकिने बिहीबार घोषणा गरेको हो। यो योजना फागुन २ गतेसम्म लागू हुनेछ।

नबिल-दूरसञ्चार सहकार्य

काठमाडौं (कास)- नेपाल दूरसञ्चार कम्पनी र नबिल बैंकबीच आइतबार पेमेन्ट गेटवे सेवासम्बन्धी सम्झौता भएको छ। नेपाल टेलिकमले १६औं वार्षिकोत्सवको अवसरमा बैंकसँगको सहकार्यमा पेमेन्ट गेटवे सेवा सञ्चालनमा ल्याएको हो। टेलिकमका प्रमुख व्यावसायिक अधिकृत भानुराज श्रेष्ठ र बैंकका प्रमुख बजार व्यवस्थापन अधिकृत विनयकुमार रेग्मीले उक्त सम्झौतामा हस्ताक्षर गरे।

प्राइमको ऋणपत्र निष्कासनमा आरबीबी नियुक्त

काठमाडौं (कास)- प्राइम कमर्सियल बैंकले ऋणपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा बुधबार आरबीबी मर्चेन्ट बैंकिङलाई नियुक्त गरेको छ। बैंकले ३ अर्ब ५० करोड रुपैयाँ बराबरको ऋणपत्र निष्कासन गर्न लागेको हो। बैंकले १०.५ प्रतिशत ब्याजदरमा आठ वर्षमा फिर्ता भुक्तानी गर्ने गरी ३५ लाख कित्ता बराबरको ऋणपत्र निष्कासन गर्ने भएको छ। प्राइमका प्रमुख कार्यकारी अधिकृत नारायणदास मानन्धर र आरबीबी मर्चेन्टका प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद प्याकुरेलले सम्झौतापत्रमा हस्ताक्षर गरे।

इन्फिनिटीका चार शाखा

काठमाडौं (कास)- इन्फिनिटी लघुवित्त वित्तीय संस्थाले चार शाखा सञ्चालनमा ल्याएको छ। संस्थाले बुधबार बर्दियाको मधुवन, कैलालीको भजनी र चौमालामा, बिहीबार कञ्चनपुरको महाकालीमा शाखा सञ्चालनमा ल्याएको हो।

विद्यालयलाई लुम्बिनीको सहयोग

काठमाडौं (कास)- लुम्बिनी विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बुटवल उपमहानगरपालिका-११ प्रगतिनगरको प्रगति माध्यमिक विद्यालयलाई बिहीबार पाँच थान कम्प्युटर सहयोग गरेको छ। बैंकका मुख्य प्रबन्धक दीपक खनालले विद्यालयका प्रधानाध्यापक शिवकुमारी अर्याललाई सहयोग हस्तान्तरण गरे।

SPACE AVAILABLE FOR LEASE

An area of 4500 Sq. Ft., facilities for running a gaming zone, a restaurant, and a retail shop is on lease at City Centre 3rd Floor, Kamalpokhari, Kathmandu.

Interested parties are requested to contact Mall Manager at 9802081106 for further details.

City Centre Kamalpokhari

(First published date 10th November, 2019 in Kantipur National Daily)
(Second published date: 23rd November, 2019 in Kantipur National Daily)

Re-Notice Inviting Request For Proposal (RFP) For Engineering, Procurement and Construction Management Services for Proposed Corporate Building of Kumari Bank Ltd.

The Kumari Bank Limited invites eligible national and international consulting firms/company to submit their proposals (BID) in providing the services as indicated below. Interested firms must provide information as per the details provided in Request for Proposal (RFP) document which may be obtained from the Bank upon the payment of non-refundable fee of NRs. 1000/- (One Thousand only).

The consulting services include three phases:

1. Detailed Engineering Design of the Bank's Corporate Building (Approx. Gross Floor Area of 70,000 Sq. ft.) at Naxal, Kathmandu.
2. Preparation of Bidding Documents and assisting the Procurement Process
3. Construction Management Services during building construction and defect liability period

(Details of the services are mentioned in the **Terms of Reference (TOR)** which is included in the RFP document.)

The Consultants should meet the following minimum qualifying requirements:

- Experience in providing Engineering, Procurement (Tendering), Project Management and Construction Supervision services of at least three completed BUILDING Projects with Gross Floor Area of 50,000 sq. ft. in last fifteen (15) years.
- Average annual turnover of the Bidder for the preceding three (3) financial years should not be less than NPR Three (3) Crore.

Any single or not more than two Joint Venture (JV) firms will be permitted for this proposal.

The consulting firms/ companies, who have already submitted the proposals for the above mentioned services, should notify the bank for re-evaluation or they can submit the new proposal.

The Last date for submission of Bid is on 21 February, 2020 **(i.e. 15th day from the publication of Notice Inviting this proposal).** Client reserves the right to cancel the Bidding process at any time before award of contract.

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

Corporate Office, Tangal, Kathmandu
Phone: 977 -1-4443077, 4443078
Swift Code: KMBLNPKA, Email:cl@kumaribank.com

NCC Bank
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.

बागबजार, काठमाण्डौं, नेपाल।
फोन नं. : ०१-४२४६९९१,
फ्याक्स नं : ९७७-०१-४२४४६१०,
Email: nccb@nccbank.com.np

को

सूचना

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकको ई.प्रा. निर्देशन नं. १६/०७६ बुँदा ३ (३) बमोजिम यस बैंकमा खाता खोली विगत १० (दश) वर्ष वा सो भन्दा बढी समयदेखि चल्तीमा नरहेका (Dormant) तथा हक दावी नपरेका निक्षेप खाताहरुमा विभिन्न ग्राहकहरुको मौज्दात रहेको हुँदा सम्पूर्ण सम्बन्धित निक्षेपकर्ता तथा हकवाला महानुभावहरुलाई आवश्यक प्रमाण सहित यस बैंकको सम्बन्धित शाखामा सम्पर्क गरी उक्त खाता अद्यावधिक गराई सञ्चालन गर्नहुन अनुरोध गर्दछौं। अन्यथा उक्त निक्षेप रकम प्रचलित कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

साथै, यसरी विगत १० (दश) वर्ष वा सो भन्दा बढी समयदेखि चल्ती नभएका (Dormant) तथा दावी नपरेका निक्षेप खाता र सम्बन्धित निक्षेपकर्ता महानुभावहरुको विवरण यस बैंकको वेबसाइट www.nccbank.com.np मा राखिएको हुँदा त्यँहाबाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं।

विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर

नवप्रवर्द्धनात्मक प्राविधिक तथा वैज्ञानिक अन्वेषण तथा अनुसन्धानका लागि प्रस्ताव आव्हानको सूचना


प्रथम पटक प्रकाशित मितिः २०७६/१०/२४

यस आयागको चालु आ.व. ०७६/०७७ मा राष्ट्रिय महत्वका विषयमा नवप्रवर्द्धनात्मक प्राविधिक तथा वैज्ञानिक अन्वेषण तथा अनुसन्धान गर्ने कार्यक्रम रहेकोले **विभिन्न विश्वविद्यालय अन्तर्गतका अनुसन्धान केन्द्र/संकाय आदि बाट मिति २०७६ फागुन ११ गते आइतवारसम्म** कार्यालय समयभित्र यस आयोगमा प्रस्तावका साथ आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। आयोगसँगको सहकार्यमा गरिने अन्वेषण तथा अनुसन्धानका प्रस्ताव पन्ध्रौं योजनाको आधार-पत्रमा उल्लेखित प्राथमिकताप्राप्त क्षेत्रहरु (उर्जा, यातायात, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, वन, वातावरण, शहरी विकास तथा वैदेशिक रोजगार र सामाजिक विकास आदि) हुनु पर्नेछ।

विस्तृत जानकारीका लागि
अनुसन्धान महाशाखा
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर
फोन नं. ६६३८५४९, ६६३८५५० (Ext. 124,128)

छोरी पढाउने त्यो हिम्मत

४० वर्षअघि छोरी स्कुल पठाउँदा अहमत अलि अन्सारीलाई आफन्तले चेतावनी दिए, 'कि छोरी पढाउन छोड् नभए हामीसँग रिस्ता तोड् ।' उनले कडा जवाफ दिए, 'बरु मेरो घर नआउनूस् तर पढाउन छोड्दिनँ ।' ती बालिका मोहना अन्सारी अहिले मानवअधिकार आयोगकी प्रवक्ता छिन् ।



■ **मधु शाही** (बाँके)

चार दशकअघि नेपालगन्जका अहमद अलि अन्सारीले ठूलै हिम्मत गरे । बिहानै उठेर नमाज पढे । दुई वर्षीया छोरीलाई हाफ पाइन्ट र सेतो कमिज लगाइदिए । चिटिक्क पारेर कपाल कोरिदिए । फित्तावाल चप्पल पहिऱ्याए । अनि, छोरीको हात समाएर स्कुलतर्फ लगे । घरबाहिर निस्केपछिको दृश्य झन् सम्झन लायक रह्यो किनकि त्यतिबेला मुस्लिम समुदायमा छोरीलाई पढाउने चलन थिएन ।

नेपालगन्ज क्षेत्रमा त्यतिबेला पहिलोपटक छोरी पढाउने हिम्मत गर्ने व्यक्ति हुन्- अन्सारी । ७५ वर्षीय अन्सारीले त्यतिबेलाको आँटबारे बेलिविस्तार लगाए । दमले च्यापेकाले नाकमा अक्सिजन पाइप जोडेर ओछ्यानमा पल्टिरहेका उनले हिटर तापै्र विगत सम्झिए ।

छोरी मोहनालाई स्कुल भर्ना गराउन उनी निस्केका दिन छरछिमेक स्तब्ध देखिए । बुर्काभित्र राखिने छोरीलाई स्कुले नानीहरूको लुगामा लिएर गए । बाटोमा मानिसहरूले एकटकले हेरिरहे पनि केही बोल्ने भने आँट गरेनन् । घरनजिकै बाल मन्दिर स्कुलका शिक्षकसँग छोरीलाई शिशु कक्षामा भर्ना गर्न आएको सुनाए । मोहनाको उमेर सानै भएकाले शिक्षकले भने भर्ना लिन आनाकानी गरे ।

अहमद भने छोरीको स्कुल जाने बेला भएकाले भर्ना गराइछाड्ने सोचमा थिए । शिक्षितलाई तर्कले झुकाउन सकिन्छ भन्ने उनले जानेका थिए । तुरुन्तै जुक्ति लगाए । कक्षाका सबैभन्दा धेरै उमेरका विद्यार्थीलाई बाहिर बोलाउन लगाए । शिक्षकले बोलाइदिए । त्यसपछि अहमदले स्कुलको भकुन्डो मगाए । त्यो पनि दिए । शिक्षकलाई खुट्टाले भकुन्डो मैदानमा बजार्न भने । उनले भनेअनुसार शिक्षकले गर्दै गए । भकुन्डो परै पुग्यो । भकुन्डो ल्याउन दुई वर्षीया मोहना र पाँच वर्षका केटालाई दौडिन लगाए । मोहनाले पाँच वर्षको बालकलाई उछिनेर शिक्षकसामु भकुन्डो ल्याइन् । जब पाँच वर्षका केटालाई दौडमा हराउन सक्छिन् भने मेरी छोरी कसरी सानी भइन् भन्दै अहमदले शिक्षकमाथि प्रतिप्रश्न गरे । उनको तर्कका अगाडि शिक्षकको केही उपाय लागेन । मोहना दुई वर्षमै स्कुल भर्ना भइन् ।

छोरी स्कुल पुऱ्याउन जाने, ल्याउने काम आफैंले गर्थे । छोरी पढाएर इज्जत फाल्यो भन्नेहरू थुप्रै थिए । छोरी भर्ना गरेपछि कतिपय नातेदारले उनीसँग बोलचाल नै बन्द गरे । उनलाई 'कि छोरी पढाउन छोड् नभए रिस्ता (नाता) तोड्' भन्न थाले । यति हुँदासमेत उनले हिम्मत हारेनन् । छोरी नपढाउन सल्लाह दिनेहरूलाई अहमदले एउटा रेडिमेड जवाफ बनाएका थिए, 'बरु मेरो घर नआउनूस् तर छोरी पढाउन छोड्दिनँ,' उनले सम्झँदै भने, 'घमण्डी भनेर आलोचना पनि गरे ।'

'हजुर मोहना अन्सारीको बुबा हुनुहुन्छ ?' भनेपछि उनी उज्याला भए । गर्वसाथ भने, 'हो म मोहनाको बुबा हुँ ।' मुहारमा थोते मुस्कान छायो । अन्सारी राष्ट्रिय मानवअधिकार आयोगकी प्रवक्ता हुन् । छोरीको पहिचानमाथि गर्व गर्दै बितेका दिन उनले स्मरण गरे । मोहना सानैदेखि चलाख थिइन् । आधुनिक स्वभाव थियो । तीन छोरी र दुई छोराका बुबा अहमदले सबैलाई बराबर शिक्षा दिने प्रयास गरे । 'जेठी छोरीको खोइ के तालमेल मिलेन, पढ्न पाइनन् । अरू सबै शिक्षित छन्,' उनले भने । उनका लागि मोहना विशेष छिन् ।

'त्यो बेला छोरीलाई पढाउन सुरुवात भएको थिएन । हिन्दु, मुस्लिम, मधेसी या पहाडी, कसैले छोरीलाई पढ्न पठाउँदैनथे,' उनी भन्छन्, 'त्यतिबेला न धेरै स्कुल थिए न सन्तानलाई पढाउनैपर्छ भन्ने मान्छेमा ज्ञान थियो ।' मुस्लिम समुदायमा त छोरीले पढ्ने कल्पनासमेत गर्न सकिँदैनथ्यो । अहमद घरका जेठा थिए । उनको निर्णयमा अरूले विरोध गर्दैनथे । त्यसैले परिवारमा संघर्ष गर्नुपरेन तर समाज छोरी पढाउनेविरुद्ध थियो । अंकुश लागिरहयो, मोहना पढ्दै गइन् । यस्तो विचार कसरी आयो भनेर फेरि प्रश्न सोधेपछि उनले आफ्नो बाल्यकाल स्मरण गरे । उनको संगत उतिबेला राणा र ठकुरीहरूसँग हुन्थ्यो । उनीहरू शिक्षित थिए । राणाका छोराछोरी पढ्नकै लागि भारतको लखनऊ जान्थे । मुस्लिम, मधेसी र पहाडीले छोराछोरी पढाउन वास्ता गर्दैनथे ।

'हामी किन स्कुल नजाने ?,' उनको मनमा प्रश्न उठ्न थाल्यो । दिनभरि फर्निचर कारखानामा काम गर्थे । राति महेन्द्र विद्यालयमा पढ्न थाले । छोरी नपढाउनुको एउटै कारण उनी चेतनाको अभाव ठान्छन् । छोराछोरीमा अभिभावकले फाइदा/बेफाइदा खोज्न थाल्दा यस्तो हुने उनको अनुभव छ । छोरी बिहे गरेर अर्काको घर जाने हुँदा पढाउन मान्थेनन् । अहमदले यो बुझेपछि छोरीमाथि विभेद भएको उतिबेलै महसुस गरे र पढाउनतिर जोड दिएको बताए । 'छोरी पढाउन पैसाभन्दा पनि आँट चाहिन्छ,' उनले भने । अहमद आफूले भने कक्षा ७ सम्म मात्रै पढ्न पाएका थिए । छोरी मोहनाले हासिल गरेको पहिचान, डिग्री, ज्ञान पहिला उनको सोच हो । त्यसैले छोरीको सफलतामा उनी निकै खुसी छन् । 'खुसीको बयान गरेर सकिँदैन,' उनी मुस्काए । स्कुल पुगेकै दिन भकुन्डो गुडाउने मोहना हाल मानवअधिकारको संरक्षणका लागि सक्रिय छिन् ।

आँटिला अन्सारी

पुरानो पुस्तामा छोरी पढाउनेमध्ये नेपालगन्ज धम्बोजी चोकका सराजुल हसन अन्सारी पनि एक हुन् । उमेरले ६४ वर्ष पुगेका सराजुलले आजभन्दा २५ वर्षअघि छोरीलाई स्कुल पठाउने हिम्मत र आँट जुटाएका थिए । उनकी छोरी चिकित्सक छिन् । डा. नज्मुस सवा अन्सारी उनकी एउटै छोरी हुन् । चार छोरा छन् । मेडिकल कलेजमा प्रोफेसरसमेत रहेकी डा. नज्मुस बिहेपछि धनगढीमा बस्छिन् ।

मुस्लिम समुदायमा छोरीलाई नकाब (बुर्का) भित्र राख्ने संस्कार छ । सराजुल हसनका दिदीबहिनी पनि उसै गरी नकाबमै बसे । उनी स्कुल जान्थे । स्कुलमा पुग्दा सबै केटा मात्रै हुन्थे । छोरी किन पढ्न आउँदैनन् भनी मनमनै जिज्ञासा राख्थे । बाल्यकालमा उठेको यस प्रश्नको प्रतिकार गर्न उनले आफ्नै छोरीलाई उदाहरण बनाए ।

'सानैमा मनभरि उठेको प्रश्न थियो छोरी पढ्न किन सक्दैनन् भन्ने,' उनले भने, 'पछि आफ्नै छोरीलाई विद्यालय पठाउने सोचे ।' नातिनी पढाउने विषयमा हजुरबुबाले विरोध गर्न थाले । मदरसा पढाए हुन्छ भन्दै हजुरबाले दबाब दिए । तर सराजुल एक्लैले विद्रोह गरेर छोरीलाई बोर्डिङ स्कुलमा पढाउने निर्णय लिए । 'यसै विषयमा कति दिन बुबासँग बोलचालै बन्द हुन्थ्यो,' उनले भने ।

त्यस्तै, समाजले त बुर्का खोलेर कसरी स्कुल पढाउने भन्दै कुरा काट्न थाले । सराजुललाई कमजोर साबित गराउन धार्मिक, सांस्कृतिक, सामाजिक हरेक किसिमले दबाब आउन थाल्यो तर उनको लक्ष्य स्पष्ट थियो, 'छोरीलाई डाक्टर बनाउने ।' अस्पतालमा पुरुष डाक्टर धेरै हुन्थे । मुस्लिम समुदायका महिलाहरू अस्पतालमा डाक्टर पुरुष मात्रै भएकै कारण उपचारमा हतपत जान मान्दैनथे । यो देखेर सराजुलले छोरीलाई यसै क्षेत्रमा ल्याउने सोच बनाएको सुनाए ।

सन् २००४ मा छोरीले एमबीबीएस गरिन् । त्यतिबेला सेतो कोट लगाएर छोरी उभिँदा उनका आँखा खुसीले भरिएको सम्झन्छन् । उनको टोलभरि मुस्लिम महिला डाक्टर उनकी छोरी मात्रै हुन् । पछि विस्तारै समाज परिवर्तन हुँदै गयो । विरोध गर्नेहरू पनि छोरीको हातबाट उपचार गर्न अस्पताल पुग्न थाले ।

अहिले नज्मुस बिहे गरेर ज्वाइँसँग छिन् । तर पनि डाक्टर साबको बुबा भन्दै छरछिमेकले सम्बोधन गर्दा आफूलाई छोरीको अभाव कहिल्यै नहुने उनले बताए । 'बेनाम थिएँ म,' उनले भने, 'छोरीको नामले चिनिएँ ।' पछिल्लो समय मदरसामा पनि अरू विषय पढाइ हुन थालेपछि मुस्लिम समुदायका छोराछोरीले शिक्षा सहज रूपमा पढ्न पाउन थालेको उनको विश्वास छ ।

छोटकरी

रुघाखोकी बिरामीको च्यालको नमुना काठमाडौं पठाइयो

धनगढी (कास)- बाजुराको हिमाली र स्वामीकार्तिक गाउँपालिकामा रुघाज्वरो फैलिएपछि बिरामीको च्यालको नमुना परीक्षणका लागि काठमाडौं पठाइएको छ । स्वामीकार्तिक खापर गाउँपालिका-१ जोरु र हिमाली गाउँपालिका-६ धुलाचौरमा चार दिनयता रुघाज्वरो फैलिएको छ । प्रभावित क्षेत्र हिमालीमा डाक्टरसहितको टोली पुगेर स्वास्थ्य शिविर सञ्चालन गरेको छ । जिल्ला अस्पताल बाजुरामा कार्यरत डा. राजुराज जैशीसहित स्वास्थ्यकर्मीको टोली त्यहाँ पुगेर उपचार गरिरहेको छ । 'शिविरमा दोस्रो दिन ५० जनाको उपचार भएको छ,' प्रमुख जिल्ला अधिकारी गंगाप्रसाद न्यौपानेले भने, 'स्वामीकार्तिकमा भने एक जना बिरामी पनि उपचार गराउन आएनन् ।'

रानाथारू छुट्टै आदिवासीका रूपमा सूचीकृत

काठमाडौं (कास)- सरकारले रानाथारूलाई छुट्टै आदिवासीका रूपमा सूचीकृत गरेको छ । मन्त्रिपरिषद्को सोमवार बसेको बैठकले रानाथारूलाई छुट्टै आदिवासीका रूपमा सूचीकृत गर्ने निर्णय गरेको हो । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार सरकारले यसअघि ५९ आदिवासी जनजातिलाई सूचीकृत गरेको थियो । रानाथारूलाई छुट्टै राखिएपछि यो संख्या ६० पुगेको छ ।

सामूहिक बलात्कार गर्ने चार जनालाई जन्मकैद

धनगढी (कास)- सामूहिक बलात्कारपछि युवतीको हत्या गरेको ठहर गर्दै जिल्ला अदालत कैलालीले ४ जनालाई जन्मकैदको फैसला गरेको छ । जिल्ला न्यायाधीश कृष्णप्रसाद नेपालको इजलासले कैलालीको गौरीगंगा-११ मसुरिया कटानकी १९ वर्षीया माया विकलाई सामूहिक बलात्कार गरी हत्या गरेको ठहर गर्दै सुरज चौधरी, भुवन खाती, गणेश बडुवाल, मनोज बोगटी र तपेन्द्र बोगटीलाई जन्मकैदको सजाय सुनाएको हो । अदालतका अनुसार उनीहरूलाई मुलुकी ऐन कर्तव्य ज्यान महलको दफा १३ (३) अनुसार जन्मकैदको फैसला दिइएको हो ।

बलात्कारी गुरुलाई १८ वर्ष कैद

हेटौंडा (कास)- आश्रममा झारफुक गर्न आएकी बालिकालाई बलात्कार गरेको ठहर गर्दै जिल्ला अदालत मकवानपुरले एक गुरुलाई १८ वर्ष कैद सजाय सुनाएको छ । जिल्ला न्यायाधीश सीता शर्मा अधिकारीको बिहीबारको इजलासले मनहरी गाउँपालिका-९ रजैयास्थित आश्रमका ४३ वर्षीय सर्वेज्ञ आचार्यलाई उक्त सजाय सुनाएको हो । आचार्यले सँगै गएकी आमालाई बाहिर पठाई बालिकालाई बलात्कार गरेका थिए ।

नेपालगन्ज र नोबेलले...

नयाँ शुल्क विवाद सुल्झाउन कलेजमा बढीमा १० जना विद्यार्थी र तिनका अभिभावक बुधबार भेला भएका थिए ।

त्यसैगरी, नेपालगन्ज मेडिकल कलेजले एमबीबीएसका विद्यार्थीबाट ३ लाख ३० हजारका दरले अतिरिक्त शुल्क उठाउन थालेको छ । ४ लाख ३० हजारको दरले अतिरिक्त रकम माग गरेको कलेजले १ लाख घटाएर बढी शुल्क असुलेको अभिभावकहरूले बताए । कलेजले इन्टर्नसिप शुल्क २ लाख, धरौटीबापत १ लाख, विश्वविद्यालय र मेडिकल काउन्सिल दर्ता शुल्क भनेर ३० हजार लिएको अभिभावकको गुनासो छ ।

'बढी रकम नदिएसम्म कलेज र होस्टल छिर्न दिइएन, बाध्य भएर तिर्नुपऱ्यो ।' चिकित्सा शिक्षा आयोग र विश्वविद्यालयले कडाइ गर्न नसक्दा गत वर्ष जस्तै कलेज सञ्चालकले बढी रकम असुलिरहेको ती अभिभावकले बताए । 'अभिभावकलाई बढी पैसा नतिर्नु भनियो, सरकारले बढी पैसा नलिनु भनेर कलेजलाई कडाइ गर्न सकेन,' उनले भने, 'मेडिकल कलेजहरू गत वर्षजस्तै छाडा भएर पैसा उठाइरहेकाले बाध्य भएर तिर्नुपऱ्यो ।'

अतिरिक्त शुल्कका विषयमा कलेज सञ्चालकहरू प्रतिक्रिया दिन मान्दैनन् । नेपालगन्ज मेडिकल कलेजका सञ्चालक सुरेश कनौडिया निजी मेडिकल एसोसिएसनका पूर्वअध्यक्षसमेत हुन् ।

नोबेलका आधा विद्यार्थी विदेशी

विराटनगर- नोबेल मेडिकल कलेजको एमबीबीएस संकायमा अध्ययन गर्नेमध्ये आधा विद्यार्थी विदेशी भर्ना हुँदै आएका छन् । विगत वर्षहरूमा नोबेलमा भारत, श्रीलंका र माल्दिभ्सका विद्यार्थी भर्ना हुने गरेकामा हाल भारतीय विद्यार्थी बढी हुने गरेका छन् ।

कलेजको एमबीबीएसका लागि सयजना विद्यार्थी भर्ना गर्न पाउने नेपाल मेडिकल काउन्सिलले कोटा दिएको छ । त्यसमध्ये १० जना सरकारले पठाएका विद्यार्थीलाई निःशुल्क पढाउनुपर्छ । बाँकी ९० जनाको सिटमध्ये आधाभन्दा बढी विद्यार्थी भारतीय भर्ना हुँदै आएका कलेज प्रशासनले जनाएको छ । भारतीय संस्था निटबाट लिइने प्रवेश परीक्षा उत्तीर्ण भएकाले नेपालका मेडिकल कलेजमा सोझै भर्ना पाउँछन् । कलेज स्रोतका अनुसार भारतीय विद्यार्थीलाई कम्तीमा ५५ लाख भारतीय रुपैयाँसम्म शुल्क लिइने गरिएको छ ।

किर्ते र ठगीमा पनि...

सीआईबीले गृहलाई पठाएको १६ पानाको पत्रमा भनिएको छ, 'ललिता निवास क्याम्पभित्रको जग्गा हडप्न किर्ते कागजात बनाई पेस गरी झुक्याई झूटो कुरालाई सद्दे हो भनी धोका दिई गलफतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल अचल धनमाल आफ्नो हो भनी लिखत गरी बिक्री व्यवहारसमेत गरी ठगी गरेको हुँदा निज प्रतिवादीहरू तथा सो कार्यमा संलग्न प्रतिवादीहरूको बयान पोलबाट खुल्ने तथा अनुसन्धानबाट खुल्न आउने अन्य व्यक्तिहरूसमेतले साबिकको मुलुकी ऐन, २०२० ठगी महलको महल १ मा परिभाषित कसुर अपराध गरेको देखिन्छ ।'

पत्रमा थप व्याख्या गर्दै भनिएको छ, 'सोही ऐनको दफा ४ बमोजिम सजाय गर्न तथा प्रस्तुत कसुरको हालको कानुनी व्यवस्थामा समेत निरन्तरता पाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ को दफा २४९ र २५१ बमोजिम ठगीसम्बन्धी कसुर अपराध भई सोही संहिताको दफा २४९ को उपदफा (३) र दफा २५१ को उपदफा (३) बमोजिम र साबिकको मुलुकी ऐनको किर्ते कागजको महल र हाल प्रचलित मुलुकी अपराध संहिताको परिच्छेद २५, लिखतसम्बन्धी कसुरको दफा २७६ बमोजिम तथा अन्य प्रचलित कानुनबमोजिमसमेत कारबाही गरी सोहीबमोजिम बिगो र क्षतिपूर्तिसमेत भराई पाउँ भनी यो जाहेरी दरखास्त पेस गरिएको छ ।' आरोपितले सरकारी सम्पत्ति हत्याउन नक्कली मोही खडा गरेको, त्यसका लागि नक्कली व्यक्तिलाई उभ्याएर मुचुल्का तयार पारेको, सरकारी कागजपत्र नष्ट गरेर आफूअनुकूलका विवरण तयार पारेको र सरकारी जग्गा आफ्नो बनाउन मालपोतका कर्मचारीलाई आर्थिक लाभमा पारेको पनि पत्रमा उल्लेख गरिएको छ । त्यसैगरी २०४७ सालको अन्तरिम सरकारले गरेको निर्णयको अपव्याख्या गरेर तत्कालीन भोगाधिकारीहरूले कर्मचारी र भूमाफियालाई जग्गा नै घूस दिएर आफूअनुकूल निर्णय गराएको पनि उल्लेख छ । किर्ते र ठगी प्रकरणमा दोषी ठहरिए १० वर्षसम्म कैद, हिनामिना भएको सम्पत्ति जफत, सोहीबमोजिम बिगो खुले बिगो र जरिवाना गराउन सकिने व्यवस्था छ ।

किर्ते र ठगी आरोपमा को-को ?

पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदार, पूर्वराज्यमन्त्री सञ्जयकुमार साह, पूर्वभूमिसुधारमन्त्री चन्द्रदेव जोशी, पूर्वभूमिसुधारमन्त्री डम्बरबहादुर श्रेष्ठ, पूर्वमन्त्री/पूर्वसचिव छविराज पन्त, पछि अख्तियारका पूर्वप्रमुख आयुक्त बनेका भौतिक योजना मन्त्रालयका तत्कालीन सचिव दीपबहादुर बस्न्यात, भूमिसुधार मन्त्रालयका पूर्वसचिव दिनेशहरि अधिकारी, तत्कालीन उपसचिव विनोदकुमार गौतम, प्रमुख मालपोत अधिकृत कलाधर देउजा, प्रमुख मालपोत अधिकृत टीकाराम घिमिरे, सहरी विकास तथा भवन निर्माण विभागका तत्कालीन महानिर्देशक अशोकनाथ उप्रेती, भूमिसुधार मन्त्रालयका तत्कालीन योजना महाशाखा प्रमुख (सहसचिव) काजीबहादुर थापा, भूमिसुधार मन्त्रालयका तत्कालीन उपसचिव हुपेन्द्रमणि केसी, भवन निर्माण विभागका तत्कालीन इन्जिनियर सुरोजराज राजकर्णिकार, इन्जिनियर बालकृष्ण श्रेष्ठ, इ. राजेन्द्रमान श्रेष्ठ, पूर्वसचिव नारायण गोपाल मलेगो (भौतिक योजना मन्त्रालयको सहसचिव हुँदा), भौतिक योजना मन्त्रालयका तत्कालीन शाखा अधिकृत कृष्ण रावत र उपसचिव विनयकुमार गौतम, प्रमुख मालपोत अधिकृत हरिकृष्ण तिमल्सिना, मालपोत अधिकृत पर्शुराम पोखरेल, नासुद्रय प्रकाश चापागाई र टंकनाथ पौडेल, खरिदार अर्जुन खतिवडा, समरजंग कम्पनीका तत्कालीन प्रमुख चिरञ्जीवी अधिकारी, उमाकुमारी ढकाल, भूमाफिया शोभाकान्त ढकाल, पूर्वसहसचिव सुधीरकुमार शाह (बयानमा बोलाउने), उर्मिला शाह, पूर्वसहसचिव गेहनाथ भण्डारी (बयानमा बोलाउने), भुवनकुमारी चापागाई, दिनेश शर्मा, सुरेन्द्र कपाली, नापी अधिकृत साविर हुसेन, उपसचिव अर्जुन भण्डारी, लोकहरि घिमिरे, रमेशकुमार पोखरेल, श्रीहरि पुडासैनी, श्यामकुमार खत्री, युक्तप्रसाद श्रेष्ठ, विनोद गौतम, हरिप्रसाद जोशी, बलिरामप्रसाद साह (तेली), रामेश्वर बिडारी, प्रेमबहादुर खापुड, बद्रीबहादुर कार्की, हरिबोल आचार्य, राममणि सिग्देल, भूमाफिया रामकुमार सुवेदी, मीनबहादुर गुरुङ, सरला गुरुङ, सरस्वती घले, चमेली श्रेष्ठ, बाबा कार्की, अगम ढुंगाना, खेललाल खरेल, लक्ष्मी ढकाल, कल्याण गुरुङ, इन्द्रदेव गुरुङ, भाटभटेनी डेभलपर्स प्रालि, रजनी पनेरु, रुक्मशमशेर राणा, हाटकशमशेर राणा, हेमाद्रीशमशेर राणा, शैलजा राणा, हेमन्तशमशेर राणा, सुनिती राणा, श्रीकृष्ण महर्जन, भाइनाति महर्जन, मोतीराजा महर्जन, द्वारिका महर्जन, ग्वाराभाइ महर्जन, कान्छा महर्जन, मचानानी महर्जन, आशामाया महर्जन, मेयजुहेरा महर्जन, बाबुराजा महर्जन, मचाम महर्जन, रेना गुरुङ, नाति महर्जनकी श्रीमती तीर्थमाया महर्जन, आशानारायण महर्जनकी श्रीमती तीर्थमाया महर्जन, देवनारायण महर्जन, नरयन्द्र महर्जन, देवनारायण महर्जन, कान्छा महर्जन, हर्ष महर्जन, रामकृष्ण महर्जन छन् । अन्य ७९ जनाबाट पनि जग्गा फिर्ता र कारबाही गर्न सीआईबीले सिफारिस गरेको छ ।

जग्गा हडप्न कहिले कति लागे ?

२०४९/५० : ४८ जना (कोइराला मन्त्रिपरिषद्)
२०६१/६२ : २१ जना (देउवा मन्त्रिपरिषद्)
२०६६/६७ : ६६ जना (नेपाल मन्त्रिपरिषद्)
२०६९/७० : ३७ जना (भट्टराई मन्त्रिपरिषद्)

कान्तिपुरविरुद्धको अवहेलना...

केसीले पवित्र उद्देश्यका साथ आलोचना गरेकाले अदालतको अवहेलना नभएको ठहर गर्दै सर्वोच्चले उनीविरुद्धको मुद्दा पनि खारेज गरिदिएको छ ।

किर्ते नागरिकता, नक्कली शैक्षिक प्रमाणपत्र तथा विवादास्पद फैसलाबारे कान्तिपुरले समाचार लेखेपछि पराजुली प्रतिशोधपूर्ण तवरमा उत्रेका थिए ।

कान्तिपुरमा समाचार छापिएपछि न्यायपरिषद्ले छानबिन गरी पराजुलीका दुई थरी प्रमाणपत्र रहेको भन्दै २०७४ फागुन ३० गते अवकाशपत्र दिएको थियो । त्यसअघि फागुन २८ गते बृहत् पूर्ण इजलास गठन गरेर पराजुलीले कान्तिपुरविरुद्धको मुद्दाको पेसी तोकेका थिए । मुद्दाको सुनुवाइ हुनुअघि नै उनले कान्तिपुरलाई ५० करोडसम्मको क्षतिपूर्ति र हदैसम्मको सजाय तोक्ने फैसला लेखेर त्यसमा सहमत हुन इजलासशका न्यायाधीशहरूसँग अघिल्लो दिन बैठकसमेत गरेको प्रमाण कान्तिपुरले त्यतिबेलै पाएको थियो ।

आफूविरुद्धको मुद्दा आफ्नै इजलासले हेर्न नमिल्ने न्यायको सर्वमान्य सिद्धान्तको पालना गर्न पटकपटक आग्रह गर्दा समेत पराजुलीले प्रतिशोधपूर्ण रूपमा मुद्दा कुनै हालतमा पनि आफैंले हेर्ने जवाफसमेत इजलासमै बसेर दिएका थिए ।

कान्तिपुरलाई जसरी पनि सजाय गरेरै छाड्ने मनसाय राखी पराजुलीले मुद्दाको सुनुवाइ गर्न पछि पुनरावलोकन हुन नसक्ने गरी बृहत् पूर्ण इजलास गठन गरेका थिए । उनले गठन गरेको इजलासमा हालका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणासमेत थिए तर पराजुलीले नागरिकता किर्ते गरी आफूले पाउनेभन्दा बढी अवधिसम्म प्रधानन्यायाधीश पदमा बसेकाले उनले न्याय सम्पादन गर्न नपाउने भन्दै पदबाट बर्खास्त भएको खुलासा गरिदिएका थिए । अन्ततः नेपालको न्यायिक इतिहासमै मातहतका न्यायाधीशको आदेशबाट पद गुमाउने पराजुली पहिलो प्रधानन्यायाधीश हुन पुगे । राणाको आदेशअनुरूपै न्यायपरिषद्का तत्कालीन सचिव नृपध्वज निरौलाले पराजुलीको पदावधि २०७४ साउन २९ गते नै सकिएको पत्र २०७४ फागुन ३० मा दिएका थिए ।

न्यायपरिषद्ले पराजुलीको परिषद् सचिवालयमा रहेको नागरिकता, शैक्षिक योग्यता, सिटरोल विवरण तथा परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरबाट प्राप्त पत्रका आधारमा पराजुलीले किर्ते गरेको ठहर गरेको थियो ।

मानिस हराएको सूचना



सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. वडा नं. ४ स्थायी ठेगाना भएको वर्ष ३३ को गाडुल दल गण बुटवलमा ब.का.सि. पदमा कार्यरत मानबहादुर तामाङ मिति २०७६ पुस २५ गते दिउँसो ४ बजेदेखि बेपत्ता भई सम्पर्कमा नआउनु भएकोले फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकीमा अथवा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

श्रीमती : सरिता तामाङ

फोन नं. ९८०१२१४३४०, ९८४१७३३२१८

ट्र्याक्टर खस्दा तीनको मृत्यु

बागलुङ (कास)- जन्ती बोकेको ट्र्याक्टर सडकबाट खस्दा तीन जनाको मृत्यु भएको छ भने ९ जना घाइते छन् ।

तमानखोला गाउँपालिका-३ को बुलबुलेमा बिहीबार बेलुकी ७ बजे गा१त ५७६२ नम्बरको ट्र्याक्टर सडकदेखि ५० मिटर तल खसेको हो ।

घटनामा म्यार्दीको मालिका गाउँपालिका-२ की २१ वर्षीया रीता पुन, सोही स्थानका ५७ वर्षीय ओमप्रकाश पुन र ५२ वर्षीय मनकुमारी पुनको मृत्यु भएको जिल्ला प्रहरी प्रमुख नवराज भट्टले बताए ।

सोही ठाउँका मनप्रसाद पुन, रमेश घर्ती, गौमाया पुन र खगेन्द्र पुन गम्भीर घाइते भएका छन् । उनीहरूको बुर्तिबाङ प्राथमिक स्वास्थ्य चौकीमा उपचार भइरहेको छ । म्यार्दीको मालिकाबाट आएको ट्र्याक्टरमा ३५ जना थिए । २३ जना सकुशल रहेको प्रहरीले जनाएको छ ।

अन्तरिक्षमा ३२८ दिन...

सन् २०१९ को अक्टोबरमा कोच र नासाकै सहकर्मी जेसिका मेयरले अन्तरिक्ष केन्द्रबाहिर हिँडेका (स्पेसवाक गरेका) थिए । यो महिलाले अन्तरिक्षमै हिँडेको पहिलो रेकर्ड हो ।

कोचले पृथ्वीको कक्षलाई ५ हजार २ सय ४८ पटक घुमेकी थिइन्, जसका क्रममा उनले २२ करोड ३० लाख किलोमिटर यात्रा गरिन् । अमेरिकी अन्तरिक्ष संस्था नासाका अनुसार उक्त दूरीबराबरको यात्रा गर्दा पृथ्वीबाट चन्द्रमा २ ९१ पटक ओहोरदोहोर गर्न सकिन्छ ।

हालसम्म चार जना अन्तरिक्ष यात्रीले एक वर्षभन्दा बढी अवधि अन्तरिक्षमा बिताएका छन् । रसियाका भलेरी पोल्याकोभले सबैभन्दा बढी ४३७.७ दिन अन्तरिक्षमा बिताएका थिए ।

त्यसैगरी, रुसकै सर्गेइ अब्देएभले ३७९.७ दिन, भ्लादिमिर टिटोभ र मुसा मननारोभले ३६५ दिन, मिखाइल कोर्नेइन्को र अमेरिकाका स्कट केलीले अन्तरिक्षमा ३४०.४ दिन बिताएका थिए ।

VACANCY ANNOUNCEMENT

An international development organization working in Nepal for last 60 years, is looking for a young and energetic candidate for **Executive Secretary cum Communication Officer** for its Country Office based in Lalitpur. He/she should be willing to start work immediately

Position	No.	Location	Minimum Qualification	Key Responsibility
Executive Secretary cum Communication Officer	1	Lalitpur	Masters Degree in any field with fluent writing and speaking English	Able to work independently, handling communications, generating reports and writing proposals

Application Process:
- Link to Job Application Form: **https://preview.tinyurl.com/snf2jp6** (copy and paste this link to your browser, and click on "Proceed to this site")
- Kindly submit Application Form, CV along with names of 3 Referees clearly indicating the position to **recruitment@tlmnepal.org** The closing date for application is **15th February 2020.**

Only shortlisted candidates will be called for interview.

VACANCY ANNOUNCEMENT

JANAKI MEDICAL COLLEGE, a well recognized Medical College invites applications from qualified candidates who are highly committed, motivated and competent with a strong desire to excel in Hospital sector.

Medical :
1. Medical Officer - Few (NMC Registered)
2. MN/M.Sc./BN/B.Sc./ Staff Nurse - Few (NNC Registered)

Administration :
1. Bio Medical Engineer - 2
2. Accountant (Senior, Executive & Junior) - Few (Priority will be given for Ladies)

Interested candidate are requested to send their complete CV by E-mail within 15 days of the advertisement. Only short listed candidates will be called for further selection as per College rule.

JANAKI MEDICAL COLLEGE TEACHING HOSPITAL
Dhanusha, Janakpurdham
Email:- subedipramod13@gmail.com

VACANCY ANNOUNCEMENT
HANDICAP INTERNATIONAL (HI)

Handicap International Federation (HI) is an independent and impartial aid organization, created in 1982, working across 63 countries. HI works alongside the vulnerable populations, whatever the context, taking action to respond to their essential needs, improve their living conditions and promote respect for their dignity and fundamental rights. Present in Nepal since 2000, HI works through a network of local partner organizations in the area of health and physical rehabilitation, inclusive education and resilience including emergency response to improve the living conditions and involvement of the most vulnerable populations in Nepal. HI Nepal invites applications from qualified and competent candidates for the following position.

1. **Admin & Finance Officer - 1**
   - **Terms & Condition:** Fixed term contract till 31st December, 2021 based in Country Office, Kathmandu

To Apply and For More Details,
Log on to **https://www.jobsnepal.com/adminfinance-officer-116998 'OR'** Send a motivation letter mentioning position applied for and expected salary and an **updated CV** including **2 referees** with contact number and e-mail address to **recruitment@nepal.hi.org** no later than, **February 13, 2020.** HI Nepal reserves the right to cancel, postpone or modify the whole recruitment process without providing any reasons whatsoever.

Handicap International (HI) is an equal opportunity employer. Qualified women, people with disability, and members from disadvantaged communities are strongly encouraged to apply.

नवजात शिशुलाई कोरोना संक्रमण



बेइजिङ (एजेन्सी)- चीनमा नवजात शिशुमा पनि नोवल कोरोना भाइरसको संक्रमण पाइएको छ। भाइरसको उद्गमस्थल वुहानमा गत मंगलबार जन्मिएका शिशुमा संक्रमण भएको हो। ती शिशुमा जन्मिएको ३० घण्टापछि भाइरस संक्रमण भएको चिनियाँ सञ्चारमाध्यमले जनाएका छन्।

शिशुकी आमामा पनि भाइरस संक्रमण पाइएको चिनियाँ अधिकारीले बताएका छन्। गर्भमै रहँदा वा जन्मिसकेपछि ती शिशुमा संक्रमण सरेको हो भन्नेबारे भने प्रस्ट पारिएको छैन।

३.२५ केजी तौलका ती शिशुलाई निगरानीमा राखिएको छ। चिनियाँ स्वास्थ्य अधिकारीले यसअघि पाको उमेर र रोगसँग लड्न सक्ने क्षमता कमजोर भएकामा मात्रै कोरोना भाइरस संक्रमण हुने बताएका थिए।

नवजात शिशुमा पनि संक्रमण देखिएपछि आमाको कोखमै संक्रमण फैलिएको हुन सक्ने भन्दै चिन्ता व्यक्त गरिएको 'पिपल्स डेली चाइना' ले उल्लेख गरेको छ। कोरोना भाइरसको संक्रमणबाट बिहीबारसम्म चीनमा ५६३ जनाको मृत्यु भइसकेको छ। मुख्य भूमि चीनबाहिर हङकङ र फिलिपिन्समा एक-एक जनाको मृत्यु भएको छ। विश्वभर २८ हजार २ सयभन्दा बढी संक्रमित पाइएका छन्। मृत्यु हुने अधिकांश हेबई प्रान्तकै छन्। २४ देशमा संक्रमण फैलिएको पुष्टि भएको छ।

दिल्ली विधानसभा निर्वाचन

आप ढुक्क, भाजपा आक्रामक

पानी, बिजुली, ढल, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा उल्लेख्य काम गरेको भन्ने आपको दाबीलाई भाजपाले झूटको संज्ञा दिएको छ

■ **सुरेशराज न्यौपाने** (नयाँदिल्ली)

भारतको केन्द्र अर्थात् दिल्ली, यतिबेला चुनावी समरमा छ। भोलि हुने दिल्ली विधानसभा निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्न राजनीतिक दलबीच चर्को प्रतिस्पर्धा छ। मतदानका लागि केही घण्टा मात्र बाँकी रहँदा सत्तारुढ आम आदमी पार्टी (आप) जितलाई लिएर ढुक्क देखिन्छ भने प्रमुख प्रतिस्पर्धी भारतीय जनता पार्टी (भाजपा) आपलाई रोक्न आक्रामक देखिन्छ।

पछिल्ला दुईटा चुनावमा आपले परम्परागत राजनीतिक शक्तिलाई पाखा लगाउँदै जित हात पारेको थियो। गत चुनावमा आपले ७० मध्ये ६७ सिट जितेको थियो। आप तेस्रोपटक त्यही नतिजा निकाल्न कस्सिएको छ। भाजपा भने करिब २० वर्षपछि पुनः एकपटक राजधानी दिल्लीको कमान्ड हात पार्न चाहन्छ। सुषमा स्वराज नेतृत्वको सरकारले सन् १९९८ को चुनाव हारेयता भाजपाले दिल्लीमा नेतृत्व गर्न पाएको छैन।

मुख्यमन्त्री अरविन्द केजरीवाल नेतृत्वको आपले मतदातालाई फेरि एक पटक आफ्नो पक्षमा पार्न पछिल्ला पाँच वर्षमा गरेका कामका फेहरिस्त प्रस्तुत गरेको छ। आप नेतृत्वको सरकारले पानी, बिजुली, ढल, शिक्षा, स्वास्थ्यलगायतका जनसरोकारका क्षेत्रमा तुलनात्मक रूपमा सन्तोजनक काम गरेको आम बुझाइ छ। यही आधारमा आपले विकासका मुद्दालाई प्राथमिकतामा राखेको छ। पूरै पार्टी पंक्ति सहज जित निस्कनेमा ढुक्क देखिन्छ।

भाजपाले भने आपले दावी गरेजस्तो दिल्लीमा विकास नभएको भन्दै त्यसलाई झूटको पुलिन्दा भनेको छ। यद्यपि, भाजपा कार्यकर्ता पनि पछिल्लो पाँच वर्षमा सार्वजनिक शिक्षा र स्वास्थ्यलगायतका क्षेत्रमा दिल्लीमा राम्रो काम भएको बताउँछन्। भाजपाले कश्मीर र अयोध्यासम्बन्धी आफ्ना परम्परागत नारालाई पनि चुनावी प्रचारप्रसारमा जोडतोडका साथ अघि बढाएको छ। उसले राष्ट्रवादी नारालाई पनि सँगसँगै लगेको छ। सुरुमा भाजपाले एनआरसी, कश्मीर र अयोध्यालगायत मुद्दाले दिल्लीमा मतदातामा राष्ट्रियता र धर्मका हिसाबले विभाजन ल्याउने र त्यसको प्रत्यक्ष फाइदा आफूलाई हुने आँकलन गरेको थियो। तर चुनावको मौन समय सुरु भइसक्दा पनि भाजपाले अपेक्षा गरेजस्तो जनमत विभाजित देखिएको छैन। त्यही भएर नै भाजपाले आफ्नो चुनावी अभियानलाई मतदानको दिन नजिकिँदै जाँदा थप आक्रामक बनाउँदै लगेको थियो। दिल्लीको भाजपालाई परेको



नरेन्द्र मोदी



अरविन्द केजरीवाल

अप्ठ्यारो भनेको मुख्यमन्त्रीको प्रस्ट अनुहार नहुनु पनि हो।

चुनावी अभियानको नेतृत्व दिल्ली भाजपा प्रमुख मनोज तिवारीले गरे पनि पार्टीले उनलाई मुख्यमन्त्रीको प्रत्याशी भने घोषणा गरेको छैन। त्यसको केही फाइदा आपलाई हुने देखिन्छ। तर, यावत् कमजोरीलाई चिर्दै चुनावमा जित हात पार्न भाजपाले पूरै जोड लगाएको छ। पछिल्लो एक वर्षभित्र महाराष्ट्र, हरियाणा, झारखण्डको विधानसभा चुनावमा एकपछि अर्को झट्का व्यहोरेकाले भाजपाले दिल्लीको चुनावलाई प्रतिष्ठाको विषय बनाएको छ। त्यही भएर नै प्रधानमन्त्री नरेन्द्र मोदीदेखि गृहमन्त्री अमित शाहलगायत पार्टीको उच्च नेतृत्व पंक्ति पूरै चुनावी प्रचारप्रसारमा जुटे।

पार्टीका पूर्वअध्यक्ष तथा गृहमन्त्री शाह आफैं दिल्लीका गल्ली गल्लीमा उम्मेदवारको पक्षमा भाषण र पर्चा पम्पलेट बाँड्दै हिँडे। त्यति मात्र होइन, पार्टीले प्रचारप्रसारलाई थप सघन बनाउन मंगलबार मात्र आफ्ना २४० भन्दा बढी सांसदलाई दिल्लीको चुनावमा खटिन सर्कुलर नै जारी गऱ्यो।

अर्कोतर्फ चुनाव नजिकिँदै जाँदा विगत डेढ महिनादेखि सीएए र एनआरसीको विरोधमा शाहिनवागमा चलिरहेको प्रदर्शन प्रमुख राजनीतिक मुद्दाका रूपमा अगाडि आएको छ। मुस्लिम बहुल शाहिनवागमा विशेषगरी महिलाहरू विगत डेढ महिनादेखि सीएए र एनआरसीको विरोधमा सडकमै धर्ना दिँदै आएका छन्। यो विरोध प्रदर्शनलाई लिएर पछिल्लो समय आप र भाजपा एकअर्काप्रति निकै आक्रामक बनेका छन्।

भाजपाले जानीजानी शाहिनवागका प्रदर्शनकारीलाई नहटाएको आपको आरोप छ। भाजपाले भने प्रदर्शनमा आपको हात रहेको दावी गरेको छ। आरोपप्रत्यारोप चलिरहेका बेला दुईजना युवकले शाहिनवागमै पुगेर गोली चलाएका थिए। गोली चलाएको विरोधमा चर्को नाराबाजी भएपछि त झन् दिल्लीको चुनावको मुद्दा नै एकाएक शाहिनवाग बन्न पुग्यो।

एकथरी राजनीतिक विश्लेषकले शाहिनवागका कारण दिल्लीको मतदातामा ध्रुवीकरण बढ्दै गएको र त्यसको लाभ भाजपालाई बढी भएको दावी गरेका छन् भने अर्काथरीले चुनाव नजिकिएकाले पछिल्ला विवाद राजनीतिक स्टन्ट मात्र भएको बताएका छन्। तर मूलधारका सञ्चारमाध्यमले शाहिनवागलाई दिइरहेको प्राथमिकतालाई हेर्दा यसको प्रभाव शनिवार हुने चुनावमा पर्ने निश्चित प्रायः देखिन्छ। यसैको दाउमा भाजपा देखिन्छ। दिल्लीमा सबैभन्दा बढी समय शासन गरेको भारतीय राष्ट्रिय कंग्रेस भने यो चुनावी समरमा आप र भाजपाभन्दा अलि बढी नै पछि देखिएको छ।

पछिल्लो लोकसभा चुनावमा व्यहोरेको हारको चोटबाट कंग्रेस अझै तंग्रिन सकेको देखिँदैन। त्यसमाथि पूर्वमुख्यमन्त्री शीला दीक्षितको असामयिक निधनले पार्टीले राज्यमा नेतृत्वको संकट व्यहोर्नुपरेको छ। लगातार तीन कार्यकाल दिल्लीमा शासन गरेको शिला दीक्षित नेतृत्वको सरकारलाई आपले सन् २०१३ मा विस्थापित गरेको थियो। त्यसपछि कंग्रेसको ओरालो यात्रा सुरु भयो।

सन् २०१३ मा भएको निर्वाचनमा कंग्रेसले २४ प्रतिशत मत ल्याएकोमा त्यसको दुई वर्षपछि भएको चुनावमा ९.७ प्रतिशत मत मात्र हात पारेको थियो। पछिल्ला दुइटा लोकसभा चुनावमा उसले केही सुधार गरे पनि आन्तरिक गुटबन्दी र प्रस्ट रणनीतिको अभावका कारण आगामी विधानसभा चुनाव कंग्रेसका लागि थप कठिन हुने देखिन्छ। पार्टीमा विशेषगरी कंग्रेस दिल्ली प्रमुख सुभास चोपरा र भाजपाबाट केही महिनाअघि मात्र प्रवेश गरेका पूर्वक्रिकेटर कीर्ति आजादबीच ठूलो मतभेद कायम छ। यसको प्रत्यक्ष असर कंग्रेसको चुनावी अभियानमा समेत देखिएको छ।

चुनावअघि गरिएका केही मत सर्वेक्षणहरूले पनि कंग्रेसले निराशाजनक परिणाम हात पार्ने पूर्वानुमान गरेका छन्। ती सर्वेक्षणले आपको प्रस्ट बहुमत प्राप्त हुने देखाएका छन्। ती सर्वेक्षणमा आपको ५० देखि ६० सिट आउने पूर्वानुमान छ। त्यसैगरी भाजपा ५ देखि १० सिटमा र कंग्रेसले ५ सिटमा सीमित हुने ती सर्वेक्षणहरूले देखाएका छन्।

यद्यपि विगतमा सर्वेक्षणका पूर्वानुमान गलत साबित भएका दृष्टान्त प्रशस्त देखिन्छन्। त्यसैले दिल्लीको चुनावी सर्वेक्षणहरूको पूर्वानुमान सही साबित हुन्छ कि हुँदैन त्यो त आगामी मंगलबार हुने अन्तिम मतगणनाबाट प्रस्ट हुने नै छ।

हार्दिक श्रद्धाञ्जली



स्व. सरोज जोशी (प्रधान)

जन्म : १९९८ असार ७

स्वर्गारोहण : २०७५ फाल्गुन ६

हाम्री ममतामयी **सरोज जोशी (प्रधान)** को स्वर्गारोहण भएको आज बार्षिक पूण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा हामीप्रति सहानुभुति तथा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण नाता कुटुम्ब, वन्धुवान्धव, इष्टमित्र तथा शुभचिन्तकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौँ।

पति : अमीर राज जोशी

छोरीहरू:
ममता श्रेष्ठ (जोशी)
भरना जोशी

छोरा
सन्तोष राज जोशी

बुहारी :
वेन थीङ जोशी

ज्वाई:
शुशिल श्रेष्ठ

नातीहरू:
गौरब श्रेष्ठ, क्षितिज श्रेष्ठ, सवन जोशी

नातिनी:
ईना जोशी

तथा

समस्त जोशी परिवार

UAE मा रोजगार | कम्पनी : ARABIAN INDUSTRIES LLC- GCC BRANCH- ABU DHABI 1 | शहर : ABU DHABI

पूर्व स्वीकृत मिति: २०७६/१०/१५ | चलानी नं.: ६०१५१०४५ | LT. No.: 232027

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तारिफ तिदा	खाना खुविधा	बस्ने सुविधा	करार अवधि
1.	Technicians (Grinders)	20	0	सम्बन्धित कामका दक्ष	1100	३४,१००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Welders (Gtaw+ Smaw)	10	0		1100	३४,१००							
3.	Industrial Blaster	6	0		1100	३४,१००							
4.	Industrial Painters	4	0		1100	३४,१००							
5.	Security Guard	2	0		1600	४८,६००							

यसै कम्पनीको लागि **Scaffolder, Dubai license Holder Driver / Poultry Farm Helper** हरूको पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।


स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

अन्तर्वार्ता मेनपावर कार्यालय, सुकेधारा, काठमाडौंमा फागुन २ गते (14 Feb. 2020) मा हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा मिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको औचर अनिवार्य लिनुहोला। २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन मियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुनछ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. कामना विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुनछ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Seagull International Global H.R. Consultants Pvt. Ltd.
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal, Tel : 4375822, 4375824,
Mob.: 9841781155, 9813198481, 9808265859, 9842692598, 9805277646
E-mail: infobiraddocumentation@gmail.com
ईजाजत नं.: ४०७/०६०/०६१

ट्रम्पलाई सफाइ



वासिङ्टन (एजेन्सी)- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूविरुद्ध लागेको महाअभियोगबाट सफाइ पाएका छन्।

रिपब्लिकन दलको बहुमत रहेको माथिल्लो सदन सिनेटमा बुधबार भएको मतदानमार्फत उनले सफाइ पाएका हुन्। ट्रम्पमाथि शक्तिको दुरुपयोग गरेको र संसदलाई अवरोध पुऱ्याएको अभियोग लगाइएको थियो। पहिलो अभियोगमा उनको पक्षमा ५२ र विपक्षमा ४८ मत परेको थियो भने दोस्रोमा ५३ विरुद्ध ४७ मत पऱ्यो।

रिपब्लिकन सिनेटर मिट रोम्नीले 'फ्लोर क्रस' गरेका थिए। उनी सन् २०१२ मा राष्ट्रपति पदका उम्मेदवार भइसकेका व्यक्ति हुन्। यद्यपि ट्रम्पले सदनको कारवाही अवरुद्ध गरेको भन्ने अभियोगमा भने उनी दलकै आधिकारिक लाइनमा उभिएका थिए। ट्रम्पमाथि विपक्षी डेमोक्रचाटिक दलका सम्भावित राष्ट्रपतीय उम्मेदवार जो बाइडनविरुद्ध अनुसन्धान गर्न युक्रेनलाई दबाब दिएको अभियोग थियो। महाअभियोग अनुसन्धान प्रक्रियामा सहभागी हुन अस्वीकार गरेर ट्रम्पले संसद्को कारवाहीलाई अवरुद्ध पारेको आरोप पनि डेमोक्रचाटिक दलले लगाएको थियो।

अमेरिकी संविधानअनुसार राष्ट्रपतिलाई महाअभियोगमार्फत पदमुक्त गर्न सिनेटमा दुई तिहाइ मत आवश्यक पर्छ। अमेरिकी माथिल्लो सदन सिनेट सय सदस्यीय छ। जसमध्ये रिपब्लिकन सदस्यको संख्या ५३ र डेमोक्रचाटिक दलको ४५ छ। स्वतन्त्र दुई जना छन्।

बर्गिकृत डिस्प्ले

Consultancy चाहियो
Education Ministry बाट registered भएर बन्द रहेको अथवा चलिरहको Educational Consultancy बिक्री गर्न चाहनेले तुरुन्त सम्पर्क गर्नुहोला। सम्पर्क: ९८६१७०७४७१
mail: koiralasuuzan16@gmail.com

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही वर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
४२६२०३२/ ४२४३५३७
९८०१०३८५३६/ ९८०१०३८५४०

यौन शक्ति
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्बलताहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्ट
जाँड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन
हाईट बढाउन कपाल झर्न रोकी पुनः उमार्न
चाँयापोतो, डण्डिफोर चाउरीपना हटाउन
महिलाको पेट तथा छातिमा देखिने सेतो धर्सा हटाउने
मोटोपना बढाउन/घटाउन
हिपथाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाईट पार्न
नेपालभरी फ्रि-होम डेलिभरी
Global Fitness Shop
9851057631, 014461711, 9803464971, 9851057632
चावहिल (मेडिकेयर अगाडी)
Not For Medicinal Use

भाडामा
खुशिबुँ लिङक रोड नयाँबजार मेन बाटोमा पार्किङ प्रसस्त भएको बैंक, अफिस, सोरुम लाई सटर भाडामा।
सम्पर्क: 9851059785 9841373417

जग्गा भाडामा चाहियो
स्कूल संचालनको लागि कोटेश्वर १-२ कि.मि. वरिपरि ७ देखी १० रोपनी सम्म जग्गा भाडामा चाहियो
९८५१०८४५२०

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT, GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने।
हाइट बढ्ने स्टेपअप
Balkumari, Ktm.
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

आवश्यकता
म: म:(MO MO) बनाउन जान्ने व्यक्तिले सम्पर्क गर्नुहोला।
मोवाइल नं.
9801055374

घर बिक्रिमा
टोखा न.पा. बानियाँटार स्थित ५ आनामा बनेको ३.५ तल्ले आधुनिक घर तुरुन्त बिक्रिमा
9818674701

यौन-सन्तुष्टि
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्बलताहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्ट
जाँड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन
हाईट बढाउन कपाल झर्न रोकी पुनः उमार्न
चाँयापोतो, डण्डिफोर चाउरीपना हटाउन
महिलाको पेट तथा छातिमा देखिने सेतो धर्सा हटाउने
मोटोपना बढाउन/घटाउन
हिपथाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाईट पार्न
महिला तथा पुरुषको Sex Toys पनि पाईन्छ
नेपालभरी फ्रि-होम डेलिभरी
सगरमाथा हर्बल, ग्वार्को
9843457081, 9803647576
Not For Medicinal Use

33 कर्मचारी अर्जेन्ट
काम: अफिस मित्रै, घरैमापनि गर्न सकिने No Interview Job/ आउँबाट गर्नसकिने
योग्यता: साधारण लेखपढ वा Test,SEE/+2, Above जो कोहीले पनि जर्न सकिने
तलब: 22,500- 42,000/-
सुविधा:खाजा(१००) + गाडीभाडा +बोनस(१००)
सामाखुशीचोकैमा
गरीमा बिकास बैंक नजिकै
9842768410, 9823566595
नोट:आफ्नो दक्षता,क्षमता र योग्यताको आधारमा तलब बढ्ने

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्ने
मोटोपना घटाउन-बढाउन SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्ने-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

कर्मचारी आवश्यकता
यस संस्थाको लागि तपसिल बमोजिमको कर्मचारीहरू आवश्यकता

क्र.सं.	पद	योग्यता
१.	ऋण सहायक-१	स्नातक वा सो सरह
२.	कार्यालय सहयोगी-१	साधारण/सम्बन्धित कामको अनुभव

नमस्ते धवलागिरी बचत तथा ऋण सहकारी संस्था लि.
टोखा-९, गोंगबु, काठमाडौं
फोन: ०१-५९०६०५७, ९८५११४३८६०
ईमेल: namastedhawalagiri@yahoo.com

नेपाल सरकारबाट मान्यता प्राप्त
२१ कर्मचारीहरू अर्जेन्ट
काम: अफिसमित्रै
No Interview 100% Job
योग्यता: Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने नजान्ने
सुविधा: खाजा खर्च १००।- गाडीभाडा १००।-
तलब: Parttime:24,000/- Fulltime: 48,000/-
समय: 9:00-4:00 PM / 12:00-4:00 PM
चाबहिल बुच्चेपाटी चोक
9811391320, 9848840795
यो मार्केटिङ जब होईन, पढेनपढेका जोकोही गर्न मिल्ने

जग्गा बिक्रीमा
चोभार नयाँ DRY PORT नजिक चाल्नाखेल MAIN HIGHWAY बाट १ कित्ता मित्र, FACTORY/GODAM को लागि उपयुक्त PLAIN मिलेको ३७ आना जग्गा बिक्रीमा
सम्पर्क
९८६१६६६९४६
९८६१६६६९४७

फर्निचर बिक्रीमा
अफिस ठेबल, कुर्सी एवम् काठका सबै किसिमका फर्निचर सहुलियत मूल्यमा चाहिएमा सम्पर्क गर्नुहोस्।
9841512537

बिक्रिमा
नख्खीपोट, ललितपुर कान्तिपुर कोलोनी सँगै Planning मा ढल/बिजुलीको सुविधा भएको ०-५-२-० जगग सस्तोमा मूल्य २३ लाख/आना सम्पर्क: (शिवजी)
9860134188
9818466350

बिक्रिमा
किर्तीपुरको भत्केपाटीबाट नैकाप सतुङ्गल सिप्रदी निस्कने बाटोमा ६०० मिटर अगाडि Planning मा ०-८-०-० जग्गा बिक्रिमा १३ लाख/आना सम्पर्क: (शिवजी)
9860134188
9818466350

४१ कामदारहरू अर्जेन्ट
काम: अफिस र घरमा गर्न मिल्ने
No interview, 100% Job
योग्यता: Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने /नजान्ने
सुविधा:- गाडीभाडा:-५००।- खाजा:-५००।-
तलब: 26,500 - 48,500/-
समय: 9 to 4:00PM/ 12 to 4:00 PM
चावहिल SSD Nepal
मित्रपार्क पुष्पाञ्जली पेट्रोल पम्पसगै
01-4493437, 9813994099
9862596704
महिला/गृहिणीलाई घरैमा कामको व्यवस्था

लगानी गरौं बाँडेर खाऔं
साँगा, काभ्रेको १०३ आना जग्गामा कलकारखाना, स्कुल, हस्पिटल वा रेसोर्ट संचालन गर्न लगानीकर्ता चाहियो। (आधा वा पुरै जग्गा किने पनि भो!)
9851102115

आवश्यकता

क्र.सं.	पद	संख्या
१	सेफ	१
२	कुक	४
३	वेटर	५
४	मसाल्ची	२
५	एकाउन्टेन्ट	१

०१-४४११२३८
९८४९४६८३५१

TO-LET
महाराजगंज, चक्रपथ, नारायण गोपाल चोक ट्रयाकमा 525 Sq.Ft. को सटर भाडामा।
सम्पर्क:
9803867056

TEACHER WANTED
ENGLISH
For : Primary, Lower Secondary
(Morning Tution & Dance)
Next Generation R.A.
Ph. No. 4265997, 4259416
E-mail : schoolstars95@gmail.com

बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*




घर बिक्रिमा | गाडि बिक्रिमा | जग्गा बिक्रिमा

* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

ekantipur.com

खेलकुद



गोल मेसिन

बायर्न म्युनिखले होफेनहमलाई ४-३ ले पन्छाउँदै बुधबार जर्मन कपको क्वाटरफाइनल यात्रा तय गरेको छ । त्यसमा रोबर्ट लेवान्डोव्स्कीले दुई गोल गरे । यससँगै उनको यो सिजन ३५ गोल पुग्यो ।

शरदको स्थानमा सुवास

■ **तिनोद पाण्डे** (काठमाडौं)

शरद भेषावकरले आईसीसी क्रिकेट विश्वकप लिग २ को बाँकी खेल गुमाउने भएका छन् । ओमानसँग बुधबार भएको खेलमा शरद ब्याटिङका क्रममा घाइते भएका थिए । ओमानसँग अघिल्लो दिनको खेलमा निकै संयमित भएर खेलेका शरद इनिङ्सका क्रममा असहज देखिएका थिए र उनले धेरै पटक फिजियो विक्रम न्यौपानेको सहायता लिनु परेको थियो ।

शरदलाई कम्मर माथिको भागमा चोट लागेको छ, जसको कारण उनले १० दिन खेल्न नसक्ने भएका हुन् । सोही कारण उनले त्रिकोणत्मक शृंखलाका बाँकी खेल गुमाउने भएका हुन् । शृंखलामा नेपालले अमेरिकासँग दुई तथा ओमानसँग १ खेल खेल्न बाँकी छ । शरदले ५५ रन बनाए पनि ओमानसँगको खेलमा नेपाल १८ रनले पराजित भएको थियो । घरेलु मैदानमा नेपालको यो पहिलो अन्तर्राष्ट्रिय खेल थियो ।

नेपालले सातौं एकदिवसीय अन्तर्राष्ट्रिय खेल खेलिरहँदा शरदको यो दोस्रो खेलमात्र हो । सन् २०१८ को अगस्टमा नेदरल्यान्ड्सविरूद्ध खेलेर नेपाल एकदिवसीय अन्तर्राष्ट्रिय टोलीमा प्रवेश गर्दाका सदस्य शरदले त्यसयताका एकदिवसीय अन्तर्राष्ट्रिय खेल विभिन्न कारण गुमाउन पुगेका थिए । पारिवारिक शोकमा रही केही दिन अघि मात्र टोलीमा सामेल भएका शरदको इनिङ्स नेपाली ब्याट्समयानको एकदिवसीय अन्तर्राष्ट्रियमा छैटौं अर्धशतक हो ।

शरदको स्थानमा ओपनिङ ब्याट्समयान एवंम विकेटकिपर सुवास खकुरेलले लिने भएका छन्, त्यसका लागि अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को औपचारिक स्विकृति प्रक्रिया बाँकी रहेको छ । 'चोटका कारण १० दिन खेल्न नसक्ने भनेर फिजियोको रिपोर्ट आएको छ । उसको विकल्पमा टिम व्यवस्थापनले ओपनर सुवास खकुरेल भनेर मागेको छ । आईसीसीको स्विकृति लिन बाँकी छ । स्विकृतिका लागि भनिसकेको छौं,' नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादुर चन्दले कान्तिपुरसँग भने ।

सुवास शृंखलाका लागि नेपाली टोलीमा रहेका चार विकल्प खेलाडी मध्येका एक हुन् । अमेरिकासँग विशेष गरी सुवास खकुरेलले राम्रो खेल्दै आएका छन् । नेपालले अमेरिकासँग विजय हात पारेको ५ खेलमा सुवासले ३ मा म्याच विजयी जस्तै इनिङ्स खेलेका छन् । अमेरिकासँग नेपालले ३ खेल हारेको छ भने ३ खेल अनिर्णित भएका छन् ।

२०१२ को विश्व क्रिकेट लिग डिभिजन ४ मा सुवासले अमेरिकासँग मलेसियामा खेलेको १ सय १५ रनको इनिङ्स नेपाली खेलाडीको ५० ओभरको खेलमा अहिले पनि व्यक्तिगत उच्च स्कोर हो । त्यही प्रतियोगिताको फाइनलमा नेपालले अमेरिकामाथी ८ विकेटको विजय हात पार्दा सुवासले अविजित ४० रन बनाएका थिए । उनको यो फर्म २०१४ को डिभिजन ३ मा पनि जारी रहयो । सुवासको अविजित ४९ रनमा नेपालले अमेरिकामाथी डकवर्थ लुइस पद्धतिमा १० रनको विजय हात पारेको थियो ।

गत वर्ष मलेसियामा २०१८ को अगस्टमा भएको एसिया कप छनोट यता राष्ट्रिय टोलीमा नरहेका सुवासले मंगलबार मुलपानी क्रिकेट मैदानमा नेपाल ११ बाट खेल्दै अमेरिकासँगको अभ्यास खेलमा ८९ बलमा अविजित ५२ रन बनाएका थिए ।

सुवेदीको एकदिवसीय अन्तर्राष्ट्रियमा डेब्यु

अम्पायर दुर्गानाथ (देवेन्द्र) सुवेदीले एकदिवसीय अन्तर्राष्ट्रियमा डेब्यु गरेका छन् । ओमान र अमेरिका बीचको खेल खेलाउदै सुवेदी एकदिवसीय अन्तर्राष्ट्रिय खेलाउने नेपालको दोस्रो अम्पायर बनेका हुन् । २००६ देखि अन्तर्राष्ट्रिय प्रतियोगितामा अम्पायरिङ गर्दै आए पनि ४३ वर्षे सुवेदीले पहिलो पटक एकदिवसीय अन्तर्राष्ट्रियमा अम्पायरिङ गरेका हुन् ।

आइसीसी डेभपलमेन्ट अन्तर्राष्ट्रिय प्यानलमा नेपालका बुद्धिबहादुर प्रधान, सुवेदी र विनयकुमार झा गरी तीन जना अम्पायर रहेका छन् । त्यसबाट एकदिवसीय अन्तर्राष्ट्रिय खेलाउने सुवेदी नेपालको दोस्रो अम्पायर बनेका हुन् । २००५ देखि अन्तर्राष्ट्रिय प्यानलमा रहेका प्रधानले २८ एकदिवसीय अन्तर्राष्ट्रिय र ३० ट्वान्टी-२० अन्तर्राष्ट्रियमा अम्पायरिङ गरिसकेका छन् । उनले २००६ मा पहिलो पटक एकदिवसीय अन्तर्राष्ट्रियमा अम्पायरिङ गरेका थिए ।

घरेलु मैदानमा खेलिएका एकदिवसीय अन्तर्राष्ट्रियमा एक घरेलु अम्पायर हुनुपर्ने आईसीसीको प्रावधान छ, जसमा नेपालको खेलमा प्रधानले अम्पायरिङ गर्दै आएका छन् ।



शरद भेषावकर



सुवास खकुरेल

ओमानको दोस्रो जित



अमेरिकाविरुद्धको खेलमा विकेट लिएपछि ओमानी खेलाडीहरू । *तस्विरहरू : हेमन्त श्रेष्ठ/कान्तिपुर*

ओमानले क्रिकेट विश्वकप लिग २ त्रिकोणात्मक शृंखलामा लगातार दोस्रो विजय हात पारेको छ । ओमानले बिहीबार अमेरिकालाई ६ विकेटले पराजित गर्यो । ओमानले बुधबार नेपाललाई १८ रनले पराजित गरेको थियो । ओमानले टस जितेपछि ब्याटिङका लागि निमत्याइएको अमेरिकाले पुरा ५० ओभर खेल्दै २ सय १३ रन बनाई अलआउट भयो । अकिब इल्यास र मोहम्मद नदिमले अर्धशतक बनाएपछि ओमानले ३ बल अगाडि लक्ष्य पुरा गर्यो ।

इल्यासले १ सय १० बल खेल्दै ७२ रन बनाए । उनले ६ चौका र दुई छक्का प्रहार गरे । नदिमले लगातार दोस्रो खेलमा अविजित अर्धशतक बनाएका हुन् । नेपालविरुद्ध अघिल्लो दिन अविजित ६९ रन बनाएका नदिमले ५५ रन बनाए । उनले ८५ बल खेली २ चौका र १ छक्का प्रहार गरे । उनीसंगै अविजित रहेका सुरज कुमारले ३५ बल खेली २ चौका र १ छक्का प्रहार गरी ३३ रन बनाए । जतिन्दर सिंह ४, खाबर अली ३१ र कप्तान जिसान मक्सुद ११ रनमा आउट भए । अमेरिकाबाट कप्तान सौरभ नेत्राभाल्कर, रस्टी थेरोन, इयान हल्यान्ड र स्टेभन टेलरले १,१ विकेट लिए ।

हारका बावजुद अमेरिका रन रेटमा ओमानलाई पछि पार्दै शीर्ष स्थानमा यथावत छ । अमेरिका ९ खेलमा ६ विजय हात पार्दै र ओमान ७ खेलमा १२ अंकसहित सात राष्ट्र सहभागि यस प्रतियोगिताको अंक तालिकामा पहिलो दुई स्थानमा छन् । २०२३ को विश्वकप छनोटको आधार रहेको यस प्रतियोगिताको शीर्ष तीन टोली विश्वकप छनोटको शीर्ष स्थानमा छ ।

यसअघि त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा अमेरिकाबाट हल्यान्डले सर्वाधिक ६५ रन बनाएका थिए । उनले ७८ बल खेली ७ चौका प्रहार गरे । त्यस्तै अक्षय होमराजले ४४ रन बनाए । यी दुईले पाचौं विकेटमा ८२ रनको साझेदारी गरेका थिए । मोनाङ्क पटेल १९, तिमिल पटेल १६ र ओपनर जेभियर मार्शल १३ रनमा आउट भए । नेत्राभाल्कर १४ रन बनाई अविजित रहे । ओमानका मोहम्मद नदिमले ३ तथा बिलाल खान, मक्सुद र अकिब इल्यासले २,२ विकेट लिए ।

आर्मीलाई पछ्याउँदै मछिन्द्र

■ **कुशल तिमल्सिना** (काठमाडौं)

आर्मीका प्रशिक्षक नवीन न्यौपानेले सहिद स्मारक 'ए' डिभिजन लिगमा आठौं चरणको खेल सकिएपछि पहिलोपल्ट लिग जित्ने टिमको लक्ष्यमा 'पाँच स्टेप' बाँकी रहेको बताएका थिए । बिहीबार एन्फा मैदानमा विभागीय प्रतिद्वन्द्वी एपीएफलाई पराजित गरेपछि आर्मी लिग उपाधिबाट २ स्टेप पछाडि छ । दिनको पहिलो खेलमा मछिन्द्रले सरस्वतीमाथि ६-१ को जित हासिल गरेको थियो । र, त्यो नतिजाले मछिन्द्रलाई शीर्षस्थानमा रहेको आर्मीसँग १ अंक दूरी कायम राखेको छ ।

अघिल्लो चरणमा पुलिससँग दुईपल्ट पछि परेको स्थितिलाई उल्टाएको आर्मी एपीएफविरुद्ध भने प्रभावशाली देखिएन । दुई पहेलो कार्डका कारण एक खेलको कारबाहीमा परेका स्ट्राइकर नवयुग श्रेष्ठको अनुपस्थितिले टिमको सन्तुलन बिग्रिएको थियो । 'जे भए पनि हामीलाई चाहिएको ३ अंक हो र हामी पुनः शीर्ष स्थानमा आएका छौं,' टिमको समग्र पर्दशनबाट सन्तुष्ट नदेखिएका प्रशिक्षक न्यौपानेले खेलपछिको पत्रकार सम्मेलनमा भने ।

'शीर्षस्थानमा कायमै रहन हामीलाई दबाव छ । त्यसमाथि अघिल्लो खेल मछिन्द्रले जितेपछि खेलाडीहरूले अतिरिक्त दबाव महशुस गरे,' बिहीबारको खेलबारे न्यौपानेले भने, 'पहिलो हाफमा एपीएफले निकै राम्रो प्रदर्शन गर्‍यो, जसकारण हाम्रो रक्षापंक्ति अधिक व्यस्त हुनुपर्‍यो । मुख्य डिफेन्डरबीचको तालमेल अभावमै गोल खान पुगेका थियौं । दोस्रो हाफमा रणनीति परिवर्तन गरेपछि केहि अवसरहरू निस्किएका थिए । तर गोल गर्न सकेनौं ।'

११ खेलबाट आर्मीको २६ अंक भएको छ । एपीएफ समान खेलबाट ५ अंकसहित १४ टोली सम्मिलित लिग तालिकामा अन्तिमबाट दोस्रो स्थानमा छ ।

रेलिगेसनको खतरामै रहेको एपीएफका प्रशिक्षक राजेन्द्र तामाङले भने हारका बाबदुत टिमको प्रदर्शनबाट सन्तुष्टी व्यक्त गरे । टिमको हारमा आफ्ना खेलाडीहरूको अनुभवलाई नै उनले मुख्य कारण मानेका छन् । 'हामीले समयमै गोल फर्काउन पनि सक्यौं । विपक्षीको रक्षापंक्ति राम्रो भएकाले धेरै अवसरहरू निस्कन सकेन,' उनले थपे, 'खेलाडीहरूमा अनुभवकै कमीका कारण हामीले पेनाल्टी ब्यहोर्नुपर्‍यो । पेनाल्टीमा गोलरक्षकले रोकेका थिए तर उनी आफ्नो पोष्टमा चलाख बन्न सकेनन् र गोल भयो ।' कम अनुभव, तालमेल अभाव र अनावश्यक गोल खानु नै आफ्नो टिमको लगातार खराब प्रदर्शनको कारक रहेको प्रशिक्षक तामाङले स्वीकार गरेका छन् ।

'हामीसँग २ खेल बाँकी छ । त्यसमा पछिल्ला २ खेल (मछिन्द्र र आर्मीविरुद्ध) जस्तै राम्रो प्रदर्शनलाई निरन्तरता दिएर जित निकाल्दै रेलिगेसनबाट बच्ने प्रयासमा हुनेछौं,' तामाङले भने । एपीएफले अब फ्रेन्ड्स र जावलाखेलविरुद्ध खेल्नेछ ।

प्रतिस्पर्धात्मक पहिलो हाफको १६ औं मिनेटमै आर्मीले अग्रता लिएको थियो । कप्तान भरत खवासलाई एपीएफका डिफेन्डर रमेश दंगालले बक्सभित्र फल गरेपछि रेफ्री सुदीश पान्डेले पेनाल्टीको इशारा गरे । सन्तोष तामाङको पेनाल्टी प्रहार एपीएफका गोलरक्षक राजु योगीले रोके पनि रिबाउन्डमा सन्तोषले नै गोल गरे । भरतको क्रसमा ३३ औं मिनेटमा जर्ज प्रिन्स कार्कीले पेनाल्डी एरियाबाट पाएको फ्रि-हेडरमा बल पोलमा लागेर बाहिरिएसँग आर्मीले अग्रता दोब्बर पार्ने मौका गुमायो । यसअघि २० औं मिनेटमा एपीएफका बुद्धिमान राईले बक्स बाहिरबाट गरेको प्रहार आर्मीका गोलरक्षक विकेश कुथुले पन्च गरेर क्लियर गरेका थिए । लगत्तै श्याम नेपालीको कर्नरमा रमेश दंगालको हेडर पोल नजिकैबाट बाहिरियो । २७ औं मिनेटमा पाएको फ्रिकिकमा आशिष लामाको प्रहार कुथुले पन्च गरेर जोगाएपछि एपीएफले बराबरी गर्ने अर्को अवसर खेर फाल्यो ।

एपीएफले ३७ औं मिनेटमा बराबरी गर्‍यो । राजीव लोप्चनले प्रहार गरेको कर्नरमा रमेश दंगालको हेडरलाई आशिष लामाले क्लोज रेन्जबाट ट्यापिङ गर्दै गोल गेर । तर, चार मिनेटपछि नै आर्मीले पुनः अग्रता लियो । एपीएफका गोलरक्षक राजुले बक्स बाहिर हातले बल छोएपछि पाएको फ्रिकिकमा सन्तोष तामाङले सानदार गोल गरे । दोस्रो हाफमा दुवै टिमले राम्रो मुभ बनाउन सकेनन् ।

मछिन्द्र ६-१ सरस्वती

दिनको पहिलो खेलमा दीपक राई हयाट्रिक गर्न चुके पनि मछिन्द्रले सरस्वती युथ क्लबको पोष्टमा ६ गोल गर्‍यो । मछिन्द्रले ६-१ को जित निकाल्यो । दीपकले ५४ र ७७ औं मिनेटमा गोल गरे । व्यक्तिगत दोस्रो गोल गरेको १ मिनेटपछि नै पेनाल्टीमार्फत् उनले ह्याट्रिकको अवसर पाएका थिए । तर, उनको प्रहार आकासिदै बाहिरियो । सरस्वतीका कप्तान राज शाहीले एडिलाजा सोमिडेलाई बक्सभित्र फल गरेपछि मछिन्द्रले पेनाल्टी पाएको थियो ।

यसअघि खेलको ४० औं मिनेटमा रन्जित धिमालको कर्नरमा देवेन्द्र तामाङले हेडर गोल गरेपछि मछिन्द्रले अग्रता बनाएको थियो । दोस्रो हाफमा ५ गोल गरेको मछिन्द्रका बिशाल राई (ए) ले ५८ औं मिनेट तथा इन्ज्यूरी समयमा सोमिडे र आन्द्रेस नियाले गोल गरेका थिए । ८६ औं मिनेटमा पिटर सेगुनले बक्सभित्र फल गरेपछि पाएको पेनाल्टीमा सरस्वतीका काजिम बुसारी सान्त्वना गोल फर्काएका थिए । यो जितले मछिन्द्रलाई केही घन्टाको लागि भएपनि शीर्षस्थानमा पुऱ्याएको थियो ।

'सुरुमा गोल निस्कन कठिन भइरहेको थियो । हामीले केही सामान्य कमजोरीहरू गर्‍यौं,' मछिन्द्रका प्रशिक्षक प्रवेश कटुवालले भने, 'दोस्रो हाफमा दोस्रो गोलपछि राम्रो खेल्न सक्यौं । ठूलो स्कोरको नतिजापछि हामीलाई गोलअन्तर सुधार्न पनि सहज भयो ।'

अनुकुल नतिजाको लागि अन्तिम खेमला आर्मीसँगको प्रतिस्पर्धा नै आफ्नो टिमका लागि निर्णायक हुने प्रशिक्षक कटुवालले बताए । 'अब २ खेल छ । अहिलेसम्म हाम्रो टिम र आर्मी नै उपाधि दावेदार देखिन्छ । त्यसमा लिगको अन्तिम खेल नै यही छ । त्यसअघि संकटासँगको खेल हाम्रा लागि महत्वपूर्ण हुनेछ । त्यसमा हामीले जित्नैपर्छ । त्यसपछि मात्र आर्मीसँगको खेल हुनेछ,' उनले थपे ।

सरस्वतीका प्रशिक्षक प्रदीप नेपालले अझै २ खेल बाँकी रहेकाले रेलिगेसनबाट बच्न प्रयासरत रहने बताए । 'अंकतालिका हेर्ने हो भने हाम्रो ४ र एपीएफको ५ अंक छ । दुवैको २ खेल बाँकी छ र हामीलाई दुवै खेल जित्नुपर्नेछ,' उनले भने । 'म्याच फिक्सिङ' को आशंकामा अखिल नेपाल फुटबल संघ एन्फाको अनुसन्धान गरिरहेको विषयमा सोधिएको प्रश्नमा उनले जवाफ दिन अस्वीकार गरे । आरोपी भनिएका निर्यामित कप्तान दीपेश श्रेष्ठको नाम मछिन्द्रविरुद्धको खेलमा समावेश थिएन ।



एपीएफविरुद्धको खेलमा बल प्रहार गर्दै आर्मीका सन्तोष तामाङ । *तस्विर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

आजका खेल

श्रीस्टारविरुद्ध संकटा
११: ३० बजे

पुलिसविरुद्ध ब्रिगेड ब्वाइज
१५: ०० बजे

एन्फा कम्प्लेक्स

चितवनमाथि पुलिस हाबी

काठमाडौं (कास)- १५ औं ढोरपाटन महिला डबल लिग भलिवलमा पहिलो चरणको अन्त्यतिर नेपाल पुलिस र न्यु डायमन्डले आआफ्नो खेलमा जित हासिल गरेका छन् । बिहीबार भएका खेलमा दुवैले चितवन टाइग्रेसमाथि ३-० को सोझो सेटको जित निकालेका हुन् ।

नयाँ बसपार्कस्थित ढोरपाटन क्लबको खेल मैदानमा बिहीबार भएको खेलमा पुलिसले चितवत टाइग्रेसमाथि ३-० को सोझो सेटमा पराजित गरेको हो । एकपक्षीय खेलमा पुलिसले चितवनमाथि २५-१५, २५-१४ र २५-१४ को सहज जित निकाल्यो ।

पुलिसको यो सातौं जित हो । जितसँगै पुलिसले शीर्षस्थानको नेपाल एपीएफ क्लबसँगको दूरी १ अंकमा झारेको छ । शीर्षस्थानको एपीएफको २३ तथा पुलिसको २२ अंक छ । न्यू डायमन्डले पनि चितवनमाथि २५-१५, २५-१७ र २५-१९ को सेटमा जित निकालेको हो । जितसँगै डायमन्ड ७ खेलबाट १५ अंक जोडेर चौथो स्थानमा छ । बिहीबार दोहोरो हार बेहोरेको चितवन ७ खेलबाट १० अंक जोडेर छैटौं स्थानमा छ । अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबले चुली युवा क्लबमाथि २५-१३, २५-१२ र २५-१० को सहज जित निकाल्यो । आर्मी १८ अंकसहित तेस्रो स्थानमा छ ।

चुलीले लिगमा पहिलो जित हात पार्ने क्रममा भएको रोमाञ्चक स्पर्धामा सामाखुसी इंग्लिस स्कुल (सेब) लाई ३-२ को सेटमा पछि पार्‍यो । चुलीले सेवमाथि २५-७, २०-२५, २५-११, १७-२५ र १५-६ को जित निकाल्यो । दुवैले पहिलो लिगको अन्तिम खेलमा पहिलो अंक हासिल गरेका हुन् । अर्को खेलमा बुलबुले रारा भलिवल क्लब (बीआरसी) ले आयोजक ढोरपाटनमाथि २५-१७, २५-९ र २५-१९ को जित हात पार्‍यो । बीआरसी १४ अंक जोडेर पाँचौं तथा ढोरपाटन ९ अंक जोडेर सातौं स्थानमा छ ।

'रौतहटको सम्पूर्ण काम रोक्नू'

कान्तिपुर संवाददाता (काठमाडौं)

अखिल नेपाल फुटबल संघ (एन्फा) ले रौतहट जिल्लास्थित चन्द्रपुर नगरपालिका ६ मा महिला फुटबल एकेडेमीको निर्माणलगायत सम्पूर्ण काम रोक्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ ।

सरकारी स्वामित्वको जमिन अनधिकृत रूपमा कब्जा गरी भवन निर्माण गरेको भन्दै अधिवक्ता सुजित केसीले दायर गरेको रिटमाथि केसी र वरिष्ठ अधिवक्ता राजु बस्नेतको बहसपछि पुरुषोत्तम भण्डारीको एकल इजलासले अन्तरिम आदेश जारी गर्दै भनेको छ, 'माघ २९ गते छलफलको दिन तोकी सो अवधिसम्म यस सम्बन्धमा भए गरेका निर्णयहरू कार्यान्वयन नगर्नू-नगराउनू यथास्थितिमा राख्नू भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ ।'

साथै, निवेदकको मागबमोजिम आदेश जारी गर्नु नपर्ने आधार भए प्रमाणसहित १५ दिनभित्र लिखित जवाफ पेस गर्न पन आदेश दिइएको छ । सरकारी स्वामित्वको जमिनको भोगाधिकार दिने अधिकार मन्त्रिपरिषद्मा निहित रहेको अवस्थामा एन्फाले हातेमालो सामुदायिक वन उपभोक्ता समितिको क्षेत्राधिकारभित्र रहेको ३.५ हेक्टर जग्गामा 'कृत्रिम मिनी पिच' निर्माण गर्न भनी उपभोक्ता समितिसँग सम्झौता गर्दै महिला एकेडेमी भन्दै दुईतले भवन बनाएको छ ।

त्यसैलाई गैरकानुनी कार्य भन्दै अधिवक्ता केसीले वन तथा वातावरण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, एन्फा, जिल्ला वन कार्यालय रौतहट, रौतहट जिल्ला फुटबल संघ, हातेमालो सामुदायिक वन उपभोक्ता समितिलगायतलाई विपक्षी बनाएर सर्वोच्च अदालतमा मंगलबार रिट दायर गरेका थिए ।

अधिवक्ता केसीले एन्फाको वन उपभोक्ता समितिसँगको सम्झौता र चन्द्रपुर नगरपालिकाले दिएको स्वीकृति गैरकानुनी भएको दावी गर्दै गैरकानुनी सम्झौताको आधारमा भएको निर्माण र सम्झौता दुवैलाई बदर गर्न तथा गैरकानुनी रूपमा भइरहेको निर्माण कार्य नगर्न-नगराउन' अन्तरिम आदेश माग गरेका थिए । अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) ले आफ्ना सदस्यलाई भौतिक संरचना निर्माण गर्नको लागि आर्थिक सहयोग उपलब्ध गराउनुअघि उक्त सदस्यले कम्तीमा २० वर्षका लागि जग्गाको भोगचलन अधिकार लिएको वा जग्गा खरिद गरेको हुनुपर्छ । त्यसो नभए फिफाले लगानी गर्दैन । एन्फाले भने जग्गा आफ्नो स्वामित्वमा नरहे पनि त्यससम्बन्धी फिफालाई समेत गलत विवरण दिएर भवन निर्माणका लागि लाखौं डलर भित्र्याइसकेको छ ।

गोक्योमा स्केटिङ र आइस हकी

कान्तिपुर संवाददाता (काठमाडौं)

नेपाल भ्रमण वर्ष २०२० अन्तर्गत् खुम्बुस्थित गोक्यो ताल (तेस्रो) मा फागुन २ गते मैत्रीपूर्ण आइस हकी र आइस स्केटिङ हुने भएको छ । प्रतिस्पर्धा विश्वकै सबभन्दा माथिल्लो स्थान (समुद्री सतहबाट ४,७९० मिटर) मा हुदैछ ।

पर्यटकलाई आकर्षित गर्न नयाँ योजनाको रुपमा आइस हकी र स्केटिङ आयोजना गर्न लागिएको हो,' नेपाल भ्रमण वर्ष २०२० का संयोजक सुरज वैद्यले भने, 'उच्च हिमाली क्षेत्रमा खेल पर्यटनमार्फत् संसारभर नेपालको प्रवर्द्धन हुनेछ र यसले अरु संभावनाहरू पनि खोल्नेछ ।' यस मैत्रीपूर्ण खेलका संयोजक दावा स्टेभेन शेर्पाले भने, 'संभाव्यता अध्ययनपछि तालमाथि स्केटिङ र आइस हर्का खेल्ने कार्यक्रम तय गरिएको हो । यसमा ओलम्पिक च्याम्पियनदेखि विश्वका चर्चित खेलाडीहरू सहभागी हुँदैछन्, जसले नेपालमा खेल पर्यटन प्रवर्द्धन गर्न सहयोग गर्नेछन् ।'

विन्टर ओलम्पिक २०१८ का स्वर्णपदक विजेता क्यानडेली फिगर स्केटिङ टिमका खेलाडी प्याट्रिक चान, क्यानडाकै एलिजाबेथ पुत्नाम, ग्राँ प्रि २००८ च्याम्पियन जेरोमी एबोट (अमेरिका) लगायत चर्चित खेलाडीहरू आइस स्केटिङका सहभागि हुन काठमाडौं आइसकेका छन् । आइस हकीतर्फ विश्व च्याम्पियनसिप २०१० मा प्रतिस्पर्धा गरेका डिमित्री भित्कोरोभिचसहित रुस र भारतका खेलाडीहरू सहभागी हुँदैछन् ।

जुनियर टेनिस पोखरामा

कान्तिपुर संवाददाता (पोखरा)

अन्तर्राष्ट्रिय टेनिस महासंघ (आईटीएफ) ले यू-१८ जुनियर टेनिस च्याम्पियनसिप पोखरामा गर्ने भएको छ। आईटीएफले माघ २७ देखि फागुन ३ सम्म गर्ने च्याम्पियनसिपको व्यवस्थापन कास्की जिल्ला टेनिस संघले गर्नेछ।

पोखरा रंगशालामा रहेका ६ टेनिस कोर्टमा प्रतियोगिता सञ्चालन हुनेछ। संघले सिंगल्स र डबल्स दुवै विधामा प्रतियोगिता हुने जनाएको छ। प्रतियोगिता व्यवस्थापन संयोजक सूर्यबहादुर भुजेलले पोखरामा दोस्रोपल्ट प्रतियोगिता हुन लागेको बताए। गत वर्षसमेत यो प्रतियोगिता पोखरामा भएको थियो। हाल काठमाडौंमा यही स्तरको प्रतियोगिता जारी छ।

प्रतियोगितामा सहभागी हुन हालसम्म १७ देशका खेलाडीले आवेदन दिएका छन्। नेपालसहित भारत, अमेरिका, जर्मनी, सर्विया, जापान, मलेसिया, कोरिया, चीन, सिंगापुर, क्यानडा, इन्डोनेसियालगायत मुलुकबाट खेलाडी सहभागी हुनेछन्। नेपालबाट ६ पुरुष र ६ महिला खेलाडी सहभागी हुँदै छन्। पोखराका नेहालजंगबहादुर थापा, श्रेया भट्टराई र सौगात विकले प्रतियोगितामा खेल्नेछन्।

प्रतियोगिता सुरु हुने बेलासम्म आवेदकको संख्या घटबढ हुन सक्ने संयोजक भुजेलले बताए। 'यो ग्रान्ड स्लामको ढोका खोल्ने प्रतियोगिता हो,' उनले भने, 'त्यसैले पनि यहाँ खेलेर अंक जोड्ने खेलाडीको चाहना हुन्छ।' आईटीएफले प्रत्यक्ष अवलोकन गर्ने भएकाले प्रतियोगिता ग्रान्ड स्लामको प्रि-क्वालिफिकेसन म्याचजस्तै हुने उनले जनाए।

प्रतियोगिताअन्तर्गत पहिलो दुई दिन क्वालिफिकेसन राउन्ड हुनेछ। उक्त छनोट चरणबाट छानिएर महिला र पुरुषतर्फ ६४/६४ जनासहित १ सय ३४ खेलाडीले 'मेन ड्र' मा खेल्नेछन्। ग्रेड ५ प्रतियोगितामा विजेताले २ सय ५० अंक जोड्ने छन्। विजेताले पुरस्कार पाउँदैनन्। प्रतियोगिताको सम्पूर्ण प्राविधिक पक्ष आईटीएफले नै हेर्छ। म्याच अफिसियल आईटीएफले नै ल्याउनेछ। कास्की जिल्ला टेनिस संघले खेलाडी, पाहुना, कोर्टलगायतको व्यवस्थापन गर्नेछ।

संघ कास्कीका अध्यक्ष दोर्जे लामाले ठूलो संख्यामा विदेशी खेलाडी आउने भएकाले पोखराको खेल पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताए। उनले व्यावसायिक खेलाडीले सहभागिता जनाउने भएकाले पनि प्रतियोगिता रोचक हुने जनाए। 'टेनिसको यति ठूलो प्रतियोगिता पोखरामा दोस्रोपल्ट हुँदै छ,' उनले भने, 'पोखराले यो अवसर पाउँदा अन्तर्राष्ट्रिय टेनिस खेलाडीबीच चर्चा हुनेछ।' प्रतियोगितापछि पोखरामा टेनिसको गतिविधि बढ्ने उनको विश्वास छ। 'यो खेल महँगो छ भन्ने भ्रमले लक्षित वर्गसम्म पुग्न सकेका छैनौं,' उनले भने, 'खेलबारे बुझाउन पनि प्रतियोगिता सहयोगी बन्नेछ।'

बूढासुब्बा गोल्डकप फागुनमा

सुनसरी (कास)- बूढासुब्बा गोल्डकप फुटबलको २२ औं संस्करण फागुन १० देखि हुने भएको छ। फागुन १७ गतेसम्म धरान रंगशालामा सञ्चालन हुने २२ औं संस्करणको आयोजक धरान फुटबल क्लबले पुरस्कारमा वृद्धि गरेको जनाएको छ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले बूढासुब्बा गोल्डकप फुटबल प्रतियोगितालाई 'क' श्रेणीमा राखेसँगै पुरस्कार राशिमा वृद्धि गरेको जनाएको छ। उपाधि विजेताले नगद पुरस्कार १० लाख रुपैयाँ र उपविजेताले नगद ५ लाख रुपैयाँ पाउनेछ। गत वर्ष उपाधि विजेतालाई ८ लाख र उपविजेतालाई ४ लाख रुपैयाँ दिइएको थियो। प्रतियोगितामा व्यक्तिगत पुरस्कारतर्फ उत्कृष्ट खेलाडीलाई होन्डाको डिउ स्कुटी एक थान प्रदान गरिने आयोजक क्लबले जनाएको छ। सर्वाधिक गोलकर्तालाई नगद ३५ हजार, प्रत्येक खेलका म्यान अफ द म्याचलाई नगद १५ हजार, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्स, उत्कृष्ट मिड फिल्डर, उत्कृष्ट स्ट्राइकर र उत्कृष्ट प्रशिक्षकलाई जनही नगद २५ हजार प्रदान गरिने क्वलका महाचिव प्रताप तामाङले बताए। प्रतियोगितामा आठ टिम हुनेछन्। मनाङ-मर्स्याङ्दी क्लब, मछिन्द्र क्लब, नेपाल पुलिस क्लब, भारतको यूके एफसी, जापान फुटबल लिग टिम, बेलबारी फुटबल क्लब, मेची नेत्रालय काँकडभित्ता फुटबल ट्रेनिङ सेन्टर र आयोजक धरान फुटबल क्लब छन्। पत्रकार सम्मेलनको क्रममा टुबोर्ग बियरका प्रदेश १ इन्चार्जसमेत रहेका प्रदीप अधिकारीलाई सम्मानित गरिएको छ। प्रतियोगिता अवधिभर मुलुकमै पहिलो पटक भिडियो असिस्टेन्ट रेफ्री (भीएआर) प्रयोगमा ल्याउने आयोजकले जनाएको छ।

३३ आना जग्गा बिक्रीमा

व्यापारिक प्रयोजनको निम्ति, अतिनै उपयुक्त जग्गा।

(त्रिभुवन विमान स्थलबाट 0 कि.मि दुरीमा सिनामंगल रिङ्गरोड सँगै)

सम्पर्क नं.:
९८५१०३४५५४/९८०१०२७६९७

घर भाडामा

बानेश्वर थापागाउं स्थित मेनरोड बाट ५० फिट भित्र पिच बाटोमा १ रोपनी जग्गामा बनेको ६/७ वटा गाडी समेत पार्किङ गर्न मिल्ने सुविधा भएको घर भाडामा।

सम्पर्क:
९८४१२३८२१५
९८४२०३२२४६



"खोप पाइ स्वस्थ रहने बालबालिकाको अधिकार,
खोप पूरा गराई बनौं जिम्मेवार"

राष्ट्रिय दादुरा-रुबेला खोप अभियान
फागुन - चैत्र २०७६/७७

यही २०७६ साल फागुन र चैत्र महिनामा संचालन हुने दादुरा-रुबेला खोप अभियानमा आफ्ना ९ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई खोप लगाऔं।
साथै, नियमित खोप तालिका अनुसार १५ महिनाभित्रमा सबै खोपको मात्रा पूरा गरौं।



पहिलो चरण
फागुन, २०७६
प्रदेश: १, २ र ५

दोस्रो चरण
चैत्र, २०७६
प्रदेश: बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम

जनहितमा जारी

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

Ncell

खोप नि:शुल्क पाईन्छ | खोपले जीवन रक्षा गर्छ | खोप सुरक्षित छ

प्राविधिक सहयोग
युनिसेफ र साझेदारहरु

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५९३५०००, फ्याक्स: ९७७-१-५९३५००१, email: kantip@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा

कान्तिपुर

ekantipur.com

शुक्रबार

Letsगो

कान्तिपुरको शुक्रबार परिशिष्टाङ्क

२४ माघ २०७६

फाल्तु वस्तुको कमाल

पढाइ सकेपछि धेरैले आफ्नो विषयअनुसार काम खोज्छन् । तर, पढाइअनुसारै काम गर्नुपर्छ भन्ने छैन । अचेलका पुस्ता भने पढेको वा अरु नै कुनै क्षेत्रमा सिर्जनशील काम गर्न चाहन्छन् । त्यो पनि जागिरभन्दा आफ्नो बेग्लै उद्यमका रूपमा । यस्तै काम गरिरहेका युवाहरूको तीन समूह :

■ विमल खतिवडा

twitter : @Bimalbirpali

तस्विरहरू : किरण पाण्डे




कवाडी सामानमा कला

ठमाडौंस्थित नख्खुका ३१ वर्षीय नितेश शर्मालाई सन् २०१५ मा कवाडी सामान संकलन गरेर नयाँ काम थालेयता खासै फुर्सद हुँदैन । व्यस्तता बढ्दो छ । उनको काम संस्था 'धासो' ले रक्सीका खाली बोतल र काठबाट नयाँ-नयाँ सामान तयार पार्ने गर्छ ।

'हर्नेबित्तिकै वाह भन्ने काम गर्न मन थियो,' नितेश भन्छन्, 'त्यसैले संस्थाका नाम धासो राख्यौं, यसको अर्थ एकदमै राम्रो हो ।' उनी ए लेभल गरेपछि होटल म्यानेजमेन्ट पढ्न पञ्जाव पुगेका थिए । त्यहाँ तीन वर्ष पढेपछि केही समय ताज होटलमा काम गरे । त्यसपछि जागिरका लागि धेरै चहारे । भारतको लामो बसाइपछि परिवारकै सल्लाहमा स्वदेश फर्किए पनि उनी जागिरकै खोजीमा भौंतारिए ।









केमु (हाल दराज) मा बिक्री प्रमुखको अनुभव बटुलेका उनले भने, 'कवाडीवालाहरूले कसरी काम गर्छन्, खेर गएका सामानको पुनः प्रयोग गर्न सकिन्छ, सकिँदैन भन्ने कौतुहलता जाग्यो । अनि बियरका बोतलबाट केही बनाउन सकिने आइडिया आयो ।' त्यसअघि ग्रिन लाइन सेन्टर, दरबारमार्गमा काम गर्दा उनलाई लाग्थ्यो, 'सबैभन्दा महँगो ५ लाख रुपैयाँको रक्सी खाएपछि बोतल के गर्छन् भन्ने लाग्थ्यो ।' उनले तीन महिना केमुमा काम गरेकै बेला रिसर्च गर्दै ज्याक डेनियल्सको बोतल प्रयोग गरी एउटा बत्ती बनाए । त्यो २० दिनभित्रै बिक्री भएपछि यस्ता सामग्रीको बजार छ भन्ने लाग्यो उनलाई । अनि छाडे जागिर र लागे कवाडी सामानको उपयोगतिर ।

सुरुमा उनीसँग टिम थिएन र त्यस कामप्रति उनलाई विश्वास नै गरेनन् । उनी कवाडी सामान जम्मा हुने ठाउँ र रेस्टुराँ धाउन थाले । रेस्टुराँ, घर, अस्पताल, होटललगायत धेरैमा प्रयोग गर्न मिल्ने सामान तयार गर्न थाले । हाल बखुन्डोलमा रहेको धासोको कार्यालयमा खोटाडकी २३ वर्षीया अलिशा राईले सोसल मिडिया र मार्केटिङको काम गर्छिन् । विराटनगरका ३३ वर्षीय प्रमोद खवासले कवाडी सामानलाई कलात्मक बनाउँछन् । 'नाम कमाएको छु, दाम मलाई चल्न पुगेको छ,' नितेशले भने ।





थोत्राको उपयोग

भरतपुर, चितवनका सौगात तिवारी सिभिल इन्जिनियरिङको तेस्रो वर्षमा अध्ययनरत छन् । उनी नै हुन्, 'तिम्रो कवाडीवाला' का सहसंस्थापक र सीईओ ।

'कलेज जाँदा प्रायः सडक छेउमा टायर, पुराना साइकल फालिएको देख्थे, के गर्ने भन्ने दिमागमा क्लिक हुँदैनथ्यो,' २१ वर्षीय सौगात भन्छन्, 'पढ्दै जाँदा फाल्तु वस्तुलाई पुनः प्रयोग गर्न सकिने थाहा पाए । फालिएका सामानले ध्यान तान्न थाल्यो ।' उनको रुचि सिर्जनशील काममै हो । अहिले उनी कवाडीबाट उठाएका थोत्रा साइकलको रिङ र टायरबाट कुर्सी-टेबल बनाउँछन् । उनको टिमले गुडाउन मिल्ने टेबल पनि बनाएको छ । तिम्रो कवाडीवालाले बनाएका सामग्री सप्तगण्डकी चोकस्थित ल्हायुल लाफिङ क्याफेमा देखिन्छ । कम्पनीको छुट्टै कार्यालय छैन । काम घरैबाट हुन्छ ।

'पुरानो सामानलाई पुनर्जीवन दिने प्रयास हो,' करिब डेढ वर्षअघि काम थालेका सौगात भन्छन्, 'ठूला टायरलाई बस्ने ठाउँ बनाएका छौं । नाफा कमाउनेभन्दा पनि समाजका लागि केही गर्नुपर्छ भनेर फोहोर व्यवस्थापन थालेका हौं ।' वाइनका बोतललाई बत्ती बाल्न प्रयोग गरिएको छ । सुरुमा उनलाई आशिकविक्रम खड्काले साथ दिए । उनी उच्च शिक्षाका लागि अस्ट्रेलिया गएपछि टिममा तीन जना छन् ।

भरतपुरकै श्वेता दुलाल र श्रेया पौडेलले साथ दिइरहेका छन् । यी दुवै बीबीए तेस्रो सेमेस्टरका विद्यार्थी हुन् । टिमका सदस्यहरूको भेट हरेक साता हुन्छ । के काम गर्ने भन्ने समूहमै कुरा हुन्छ । श्वेताले पुरानो जिन्सबाट ब्याग बनाउने आइडिया ल्याइन्, जसलाई धेरैले मन पराए । उनीहरूका उत्पादनलाई युवा व्यवसायीले रुचाएका छन् ।












एकै ठाउँमा बाट कागज

एमबीए अध्ययनरत सन्नी राजोपाध्याय र जोनेज शाक्यले 'इकोअर्ब' स्थापना गरी डेढ वर्षयता हात्तीको डङ (दिसा) बाट कागज बनाइरहेका छन् । त्यसबाट पुल्चोकमा कार्यालय रहेको इकोअर्बले प्याकेजिङ गर्ने बक्स, नोटबुक, बत्ती राख्ने सामग्री र झोला बनाइरहेका छन् । यी उत्पादनको माग बढिरहेको छ ।


मंगलबजार, पाटनका २८ वर्षीय सन्नीका अनुसार चितवनको सौराहाबाट लिडा संकलन गरिन्छ । त्यसमा ५ महिलाको टिम रहेको उल्लेख गर्दै सन्नीले भने, 'लिडा ल्याएर पखालेपछि करिब ६० प्रतिशत घाँस राख्छौं । जसलाई उमालेर मेसिनमार्फत पल्प निकाल्छौं । त्यसलाई सुकाएर काठमाडौं ल्याएपछि कागज बनाउने गर्छौं ।' उनका अनुसार कागज तयार पार्न ५ देखि ७ दिन लाग्छ ।

सन्नीले युट्युबमा श्रीलंकामा हात्तीको डङबाट कागज बनाएको देखेका थिए । 'सौराहामा हात्तीको बच्चा हेर्न जाँदा डङ फालिरहेको देखेपछि यसबाट केही गर्नुपर्छ भनेर नै कागज बनाउन सुरु गरेका हौं,' उनले भने, 'कागज उत्पादन गर्न थालेपछि सबैले चासो दिइरहेका छन् । इकोअर्बको उत्पादन कोस्टारिकासम्म पुगेको पनि सन्नीले बताए । बा-आमासँग पैसा लिएर सुरु गरेको व्यवसाय राम्रो नभएको उल्लेख गर्दै उनले भने, 'त्यसपछि उहाँहरूलाई विश्वास दिलाउन केही न केही गरौं भन्ने थियो र यो काममा हात हाले ।' उनी इकोअर्बमा सीईओ हुन् । संस्थापक जोनिज कार्यसञ्चालन हेर्छन् ।











भित्र



पेज II | अभिनयको भोक



पेज III | बिँडो थाम्दै



पेज III | के हो कोर र च्यान ?



पेज IV | नयाँ प्रोजेक्टमा स्कोरपियन्स

केशव थापा



अभिनयको भोक

अनेक हन्डर सहँदै अभिनयको मूलधारमा आइपुगेका एउटा प्रतिभाशाली कलाकार अंकित खड्काको संघर्षको कथा :

■ गोकर्ण गौतम
gokarna.gtm@gmail.com

कक्षा आठमा पढ्थे, उमेरचाहिँ १८ पुगिसकेको थियो, स्कुल ड्रेसमै सिन्धुपाल्चोकको लप्सेबाट काठमाडौं आए, अंकित खड्का । हुटहुटी थियो- सिरियल खेल्ने ।

कसैले अंकितलाई सुनाइदिएको थियो, काठमाडौंमा नयाँ सिरियल 'अब त अति भयो' सुटिङ हुँदै छ, त्यसका लागि नयाँ कलाकार चाहिएको छ, एक महिना अभिनय सिकाउँछन्, अनि सिरियल खेलाउँछन् । यत्ति सुनेको भरमा खल्तीमा २५० रुपैयाँ बोकेर राजधानी हान्निएका थिए । यहाँ आएपछि थाहा भयो, अभिनय सिक्न पैसा चाहिन्छ, त्यसपछि मात्र सिरियल खेल्न पाउँछ । तर, पैसा कहाँबाट ल्याउने ?

दिदी भक्तपुरमा बस्थिन्, उनले आफ्नो पीडा पोखे । दिदीले झुम्का बन्धकी राखेर ५ हजार दिइन् । त्यही पैसा लगेर बुझाए । कमलविनायकबाट हरेक बिहान हिँडेर कालिकास्थान आउँथे । समय कति जान्थ्यो, ज्यान कति दुख्थ्यो, हिसाब हुन्नथ्यो, गाडी भाडा कति बच्थ्यो, त्यसले अर्थ राख्थ्यो । फेरि उनलाई सिरियल खेल्न यति हतारो थियो कि जस्तै कष्ट सहन पनि तयार थिए । १५ दिनपछि सूचना आयो, बाँकी पैसा नतिर्ने हो भने भोलिदेखि सिक्न नआउनू । दिदीको झुम्का त गइसक्यो, अब कहाँबाट दाम ल्याउनु ! विकल्प एउटै थियो, भोलिबाट नआउने । अंकितले त्यही गरे ।

जति सिके, त्यहीबीच अंकितले आफूलाई अरूभन्दा अब्बल साबित गरेका थिए । त्यसैले आस थियो, सिरियल खेल्न पाउने । तर, कहाँ त्यस्तो हुनु ? सिरियल सुटिङ भयो, कसैले वास्ता गरेन । उनी सम्झन्छन्, 'पहिलो पाइलामै ठेस लागेपछि अति गाह्रो हुनेरहेछ । त्यसपछि धेरै समय तनावमै बित्यो ।' घर फर्कन मन लागेन, यता अरू काम थिएन । त्यहीं प्रशिक्षण लिने कतिपयले आफ्नो समूह बनाइसकेका थिए, एकअर्कालाई सहयोग-सिफारिस गर्थे तर उनी कुनै समूहमा थिएनन् । एक्ले-एक्लै । उनलाई पश्चताप हुन थाल्यो, फोकटमा काठमाडौं आइएछ ।

डेढ दशक बित्न लाग्यो । अहिले पनि त्यस्तै लाग्छ ? अंकित मुस्कुराउँदै भन्छन्, 'लाग्दैन । केही गर्छु भन्ने ऊर्जा छ ।' भलै यसबीच कति ठक्कर खाए, त्यसको लेखाजोखा छैन । तर, रंगमञ्च र सिनेमामा आफ्नो अभिनय कौशल पस्किएर धेरै प्रशंसक कमाइसकेका छन् । सहायक भूमिकाबाट आफ्नो पहिचान बनाउन सफल थोरै अभिनेतामा पर्छन् उनी । उनी जब पर्दामा देखिन्छन्, वा स्टेजमा चढ्छन्, केही न केही विशेष लागिहाल्छ । पात्रमा पुरापुर आफूलाई रूपान्तरित गर्नु उनको खुबी हो । संघर्ष अझ बाँकी छ, त्यसका लागि हरेक कोणबाट आफूलाई तम्तयार राखेका छन् । भन्छन्, 'अहिलेसम्मको उपलब्धि यही हो ।'

अंकितका बुबा भारतमा नोकरी गर्थे । उनी उतै जन्मिए । तर, पढ्ने मेलोमेसो मिलेन । आठ वर्षको उमेरमा सिन्धुपाल्चोक घर फर्किएपछि नै हो, उनले कखरा सिकेको । कक्षामा सबैभन्दा ठूलो उनी नै । वार्षिकोत्सवदेखि

> म्युजिक भिडियोमा मौका पाउने आसमा अफिस धाउन थाले । अफिस खोल्ने, झाडु लगाउनेदेखि साँझ बन्द गर्नेसम्म गर्थे तर सुटिङमा समेत जान पाएनन् ।

वातावरण दिवस, बालदिवससम्म आयोजना हुने कार्यक्रमको उनलै नेतृत्व गर्नुपर्थ्यो । कक्षाको 'मनिटर' उनैलाई खटाइन्थ्यो । आफैंले कथा लेख्थे, आफू खेल्थे, साथीहरूलाई खेलाउँथे, केही न केही सन्देश हुन्थ्यो त्यसमा । अंकित हाँस्दै भन्छन्, 'त्यसलाई नाटक भनिदोरहेछ, त्यतिबेला केही थाहा थिएन, पछि पो थाहा भयो ।'

गायक बन्ने कि आरजे ? तिनताका बडो दोधारमा थिए अंकित । तर, 'अर्जुन' फिल्म हेरेपछि उनी निश्चिन्त भए- अब हिरो बन्ने हो । गायक र आरजेको भूत त्यहीं उत्रियो । लेदरको ज्याकेट र बुट लगाएर जब राजेश हमाल भुइँमा खुट्टा बजार्थे, चारैतिर धूलो उठ्थ्यो । हो, अंकितलाई त्यस्तै स्टाइलिस हिरो बन्नु थियो ।

उनलाई थाहा थियो, गाउँमा बसेर यो सपना पूरा हुन्न । त्यसैले त स्कुल ड्रेसमै काठमाडौं हुइँकिएका थिए । तर, उनलाई थाहा नभएको कुरा के थियो भने त्यहाँसम्म पुग्न यो बिरानो सहरमा कति हन्डर खानुपर्छ भन्ने ।

मौका नपाएपछि त्यतिकै हल्लेर बसिरहेका थिए । एउटा जागिरको बन्दोबस्त मिल्यो- रातभर सुरक्षा गस्ती गर्नुपर्ने । पैसो थिएन, गर्नैपर्ने बाध्यता थियो । भक्तपुरको एउटा टोलको सुरक्षा गर्न खटिन थाले । काममा मन लगाउन खोज्थे तर हिरो हुने सपनाले चिमोट्थ्यो । यो पाराले हिरो भइन्न भन्ने निर्क्योल गर्दै जागिर छोडे । भक्तपुर छोडे, कालीमाटीमा बस्न थाले । केही दिनपछि एउटा सुनौलो अवसर आयो- 'पालेदाइ' फिल्मको कोरसमा नाच्ने । हिरो पनि अरू होइन, राजेश हमाल नै । अंकितलाई लागेछ, अबचाहिँ मेरो दिन आयो ।

कोरसमा पछाडि राखिएको थियो उनलाई, तैपनि दंग थिए, तीन दिन मस्त नाचे । चाउचाउको झोल खुब खाए । तर, न पैसा पाए, न हमालसँग चिनजान भयो । हमालसँग दस हात पर बसेर खिचेको फोटोमै चित्त बुझाउनुपऱ्यो । उनी हाँस्दै भन्छन्, '२५ रुपैयाँ तिरेर धुलाएको त्यो फोटो अझै मेरो पर्समा छ ।' त्यसपछि डान्स सिक्न थाले, शंकर बीसीसँग । उनका अनुसार त्यतिबेला सीताराम कट्टेल, कुञ्जना घिमिरे त्यहीं डान्स सिक्थे । डान्स सिकेर बचेको समय हार्डवेयरमा काम गर्थे । पैसा जोगाएर दिदीको बन्धकी राखेको झुम्का उकासे । तर, त्यसको बदलामा 'फी' बुझाउन नसक्दा डान्स कक्षाबाट निकालिए ।

डान्स सिकेकै दौरान अंकितले थाहा पाएका थिए, बागबजारमा बस्यो भने हिरो हुन पाइन्छ । जिम गरेको ज्यान, लामो कपाल, 'हिरो' झैं देखिने गरी श्रेष्ठ टेलरिङ अगाडि उभिन्थे । तीन-चार वर्ष यत्तिकै बित्यो । अहँ, उनलाई कसैले पत्याएन । जब पैसा नहाली हिरो बनाउँदैनन् भन्ने थाहा पाए, बागबजार धाउन छाडे । त्यतिबेला उनको सम्पर्क भयो- चौतारी भिजनसँग । यसले लोकगीत र म्युजिक भिडियो बनाउँथ्यो । मौका पाउने आसमा अफिस धाउन थाले । अफिस खोल्ने, झाडु लगाउनेदेखि साँझ बन्द गर्नेसम्म गर्थे तर सुटिङमा समेत जान पाएनन् । केही समयपछि लोकगीतको कोरसमा नाच्न पाए, एउटा विज्ञापनमा झुलुक्क देखिन पाए । पारिश्रमिक त के पाउनु !

बाहिरको सुताइ

त्यतिबेला काठमाडौं छोडेर भागुम-भागुम लाग्थ्यो तर कहाँ जाने ? अंकितसँग विकल्प थिएन । भोकै बस्नु सामान्य हुन्थ्यो । सुत्ने ठाउँ नभएर वीर अस्पताल बाहिरसमेत रात बिताए । कालीमाटीतिर चिनेको मान्छेको गाडीमा सुत्न पायो भने फुरुङ्ग पर्थे । तर, हिरो बन्ने हुटहुटीले छोड्दै-छोडेन । अलिपछि लोकगीतमा नाचे, 'धर्तीपुत्र' र 'इसारा' फिल्म पनि खेले । फिल्म 'पागल बस्ती' बन्ने भयो । यसमा रोल ठूलै थियो, त्यसैले अंकित दंग थिए । दुर्भाग्य ! फिल्म बीचैमा रोकियो । तर, यसलाई सुखद घटना पनि मान्छन् उनी । कारण, यसपछि नै हो, उनी मण्डला थिएटरसँग जोडिएको ।

'पागल बस्ती' खेल्ने क्रममै उनको आर्जेश रेग्मीसँग भेट भएको थियो । उनीजस्तै संघर्षरत कलाकार आर्जेश जहिल्यै 'मण्डला थिएटरतिर आउन' भन्थे । अंकित ढाँट्दैनन्, 'गुरुकुलको नामचाहिँ सुनेको थिएँ कि जस्तो लाग्छ । बाँकी थिएटरबारे केही थाहा थिएन ।' स्ट्रेट कपाल, जिम गरेको गठिलो ज्यान, लोकगीत र फिल्म खेलेको, मण्डला जाने बेला अंकित आफूलाई खत्रै हिरो हुँ भन्ने थियो । 'तर, दुई-चार दिन सुनील पोखरेल सरको कक्षा लिएपछि मैले आफ्नो असली औकात थाहा पाएँ, घमण्ड सखाप भयो,' उनले हाँस्दै भने । खासमा मण्डलाको सिकाइले उनको अभिनय होइन, जीवनप्रतिको दृष्टिकोण नै बदल्यो । सोच्ने प्रक्रिया र बानी व्यवहार अलग बनायो ।

अंकितले अभिनय गरेको पहिलो नाटक हो, 'जार' । त्यसमा उनले रुद्रमानको भूमिकाबाट तारिफ पाएका थिए । 'जार' देखि हाल मञ्चन भइरहेको 'झिम्केमामा' सम्म आइपुग्दा एक दर्जन नाटक खेले । 'युमा', 'वैतरणी क्याफे', 'माथापञ्चर', 'छिद्र क्यानभासा', 'सलेदो' आदि-आदि । तर, मण्डलाका हरेकजसो नाटकमा सेट डिजाइन, लाइटिङ, साउन्ड कतै न कतै जोडिएका हुन्छन् ।

'घामपानी', 'चंगा', 'गोपी', 'डमरुको डन्डियो', 'हुर्रे' जस्ता फिल्ममा उनलाई महत्त्वपूर्ण भूमिकामा देखिन्छ । यी फिल्मबाट उनको अभिनयको दायरालाई थप फराकिलो भयो । अहिले नयाँ फिल्मको तयारीमा जुटेका छन् । लाग्छ, बल्ल उनको जीवनले लय पकड्दै छ ।

अंकितको भोगाइले भन्छ, 'आफ्नो काम इमानदारितापूर्वक गर्ने हो, गल्तीबाट सिक्दै जाने हो । बाँकी त आफ्नो हातमा हुन्न रहेछ ।'

हेलो टेक

तस्विरहरू : एजेन्सी



पुराना डिभाइसमा ह्वाट्सएप नचल्ने

ह्वाट्सएप संसारमा सबैभन्दा धेरै प्रयोग हुनेमध्येको एक म्यासेजिङ एप हो । तर, यसले शनिबारदेखि पुराना लाखौं डिभाइसमा काम गर्न छाडेको छ । सुरक्षा संवेदनशीलता भन्दै फेसबुक स्वामित्वको ह्वाट्सएपले पुराना अपरेटिङ सिस्टम भएका डिभाइसमा सेवा बन्द गरेको हो ।

एन्ड्रोइड २.३.७ भर्सन र त्योभन्दा पुरानो भर्सन तथा आईओएस एट वा त्योभन्दा पुरानो भर्सनमा सेवा बन्द भएको ह्वाट्सएपले जनाएको छ । अपरेटिङ सिस्टमको पुरानो भर्सन चलाइरहेका प्रयोगकर्ताले अपडेट गरी सोभन्दा माथिको अपरेटिङ सिस्टम प्रयोग गरेमा भने ह्वाट्सएप उपयोग गर्न सक्नेछन् । तर, अधिकांश पुराना डिभाइसमा पछिल्ला अपरेटिङ सिस्टमहरू सपोर्ट हुने छैन ।

ब्ल्याकबेरीको डिजाइन बन्द

कुनै बेलाको चर्चित स्मार्टफोन निर्माता ब्ल्याकबेरीले आफ्ना लागि आफैंले स्मार्टफोनको डिजाइन नगर्ने भएको छ । ब्ल्याकबेरीले चार वर्षयता स्मार्टफोन डिजाइन गरी चिनियाँ निर्माता टीसीएलबाट उत्पादन गरी बजारमा पठाउँदै आएको थियो । स्मार्टफोन डिजाइनका लागि अर्को कम्पनीलाई जिम्मा दिने उसको योजना छ ।

गत सातादेखि नै चिनियाँ स्मार्टफोन उत्पादक टीसीएलले ब्ल्याकबेरीको डिजाइनलाई आफूले उत्पादन नगर्ने घोषणा गरेको थियो । कुनै बेला विश्वको चर्चित स्मार्टफोन ब्रान्ड ब्ल्याकबेरी अहिले स्मार्टफोन डिभाइसभन्दा पनि सफ्टवेयर र सेक्युरिटीसम्बन्धी सेवामा केन्द्रित छ । ब्ल्याकबेरीको स्मार्टफोन ह्याकरबाट सुरक्षित हुने भन्दै प्रयोगकर्ताले मन पराएका थिए ।





विन्डोज टेन अर्ब नजिक

विन्डोज टेन अपरेटिङ सिस्टम सन् २०१५ मा सार्वजनिक गर्दै माइक्रोसफ्टले दुई वा तीन वर्षभित्र यसका प्रयोगकर्ता एक अर्ब पुग्ने दाबी गरेको थियो । तर, त्यसको करिब ५ वर्षपछि मात्रै माइक्रोसफ्टको विन्डोज टेनका प्रयोगकर्ता एक अर्ब पुग्न लागेका छन् ।

माइक्रोसफ्टले विन्डोजपछि अर्को अपरेटिङ सिस्टम नल्याउने भन्दै प्रयोगकर्तालाई विन्डोज टेन प्रयोग गर्न आह्वान गरेको थियो । तर, धेरैले अझै पनि पुरानै अपरेटिङ सिस्टम प्रयोग गरिरहेपछि कम्पनीले एकपछि अर्को विन्डोज संस्करणका लागि सेवा बन्द गर्दै आएको छ । गत साता मात्रै माइक्रोसफ्टले विन्डोज सेभेनका लागि सपोर्ट अन्त्य गरेको थियो । आफ्ना सबै प्रयोगकर्ताले विन्डोज टेन प्रयोग गरुन् भन्ने माइक्रोसफ्टको चाहना छ । केही महिनाअघि विन्डोज टेनका प्रयोगकर्ता ९० करोड पुगेको थियो । अब केही महिनाभित्रै माइक्रोसफ्टले मासिक रूपमा सक्रिय प्रयोगकर्ताको संख्या एक अर्ब पुग्ने अनुमान गरेको छ ।

बिँडो थाम्दै

भैरहवा-बुटवल क्षेत्रमा २० देखि ३० वर्षका दर्जन उद्योगी छन् । जसले आफ्नो पुर्खाको बिँडो थामिरहेका छन् । यी युवा उद्योगीबारे **दीपेन्द्र बडुवाल** र **माधव ढुंगाना** लेख्छन् :

दीपेन्द्र बडुवाल



अग्लो कद । सिल्की कपाल । मुस्कुराउँदा दाँतका पंक्ति देखिन्छन् । २५ वर्षीय पल्लव हलुवाई भैरहवा क्षेत्रका युवा उद्यमी हुन् । पुर्ख्यौली व्यवसाय 'पवनको पेडा' भैरहवाको ब्रान्ड नै हो । पेडाकै नामबाट पल्लवका बुबा पवन परिचित छन् ।

भारतको देहरादुनमा स्कुल पढेका पल्लवले बेङ्लोरमा बीबीएम गरे । व्यवसायमा बुबा एक्लै भएकाले स्नातकोत्तर नगरी चार वर्षअघि स्वदेश फर्किए । चाडबाड र बिदाका बेला घर आउँदा पुर्ख्यौली व्यवसायबारे बुझ्ने अवसर पाए । 'व्यापार कसरी चल्छ, के-के हुन्छ, थाहा थियो,' उनले भने, 'यसमै सघाउन फर्किएँ ।' उनी अहिले लुम्बिनीमा सञ्चालित पाँचतारे होटल पवन प्यालेस प्रालिका म्यानेजिङ डाइरेक्टर (एमडी) हुन् । उक्त होटलमा डेढ अर्ब रुपैयाँ लगानी भइसकेको छ ।

पुर्ख्यौली आधार र विदेशमा पढेकाले मुलुकबाहिर राम्रै अवसर हुँदाहुँदै देशमा केही गर्न फर्केको पल्लवले बताए । गौतम बुद्धको जन्मस्थलको पर्यटकीय सम्भावनालाई लक्षित गरी ठूलो लगानी गरिएको छ । 'विदेशीहरू लुम्बिनीमा एक रात पनि बस्न चाहँदैनन्,' उनले भने, 'यसमा कसैले चासो दिएको पाइँदैन ।' धेरै युवा विदेशिँदा सीप हासिल गरेका कामदार पाउन समस्या भइरहेको उनले बताए ।

जय अग्रवालले देहरादुन र बेङ्लोरमा पल्लवसँगै पढे । बजार अर्थशास्त्रमा स्नातकोत्तर सकेर जय तीन वर्षअघि बाबुको बिँडो थाम्न गृहनगर फर्किए । २६ वर्षीय उनी हाल सिद्धार्थ फोम उद्योग, गल्लामण्डीका एमडी हुन् । यस उद्योगमा करिब ८ करोड लगानी भइसकेको उनले बताए । यो उद्योग २८ वर्षअघि बाबु सञ्जयकुमारले सुरु गरेका थिए ।

'सफल उद्योगी बन्ने उद्देश्यले फर्किएको हुँ,' २६ वर्षीय जयले भने, 'यहाँको अवस्थाले सम्भव होला जस्तो लागेन ।' अर्थतन्त्र स्थिर हुन नसकेकाले लगानीकर्ता निराश बनेको उनको भनाइ छ । उनले बालाजी पेपर मिल चलाइरहेका छन् । पुर्खाले सुरु गरेका उद्योगलाई निरन्तरता दिन सजिलो भएको उनले बताए, 'हामीसित अवसर थियो । देश छाडेर जाने कुरै हुँदैन ।'

> उद्योग मन्त्रालयलाई समस्या बताउँदा बन्द गर्नुस् भन्छन् । लगानीमैत्री वातावरण नभए पनि देशका लागि केही गर्नुपर्छ भनेर उद्योग अगाडि बढाइरहेका छौं ।

कमलेशकुमार अग्रवालले सुरुमा भेनियर उद्योग सञ्चालन गरे । त्यससँगै रियल स्टेट कारोबार थाले । कमलेश एक्लैले कारोबार अगाडि बढाइरहेका थिए । २७ वर्षीय छोरा पावन अग्रवालले भारतमा पढेर फर्केपछि उनलाई पाँच वर्षयता व्यवसायमा सहज भएको छ । उनले आफ्नै नेतृत्वमा ७० लाख लगानीमा नन्दिनी एग्रो इन्डस्ट्रिज पनि चलाइरहेका छन् । यसका उनी निर्देशक हुन् ।

'मैले पञ्जाबबाट मेसिन ल्याएर आधुनिक दाना उद्योग सुरु गरेको हुँ,' पावनले भने, 'म फर्किंदा लगानीको वातावरण राम्रो थियो ।' हाल आवश्यकताभन्दा धेरै उत्पादन हुन्छ । कच्चा पदार्थ भारतबाट आयात गर्नुपर्दा उद्योगमा लगानीको वातावरण पहिले जस्तो नभएको उनले बताए । उनले भैरहवामा फोर्ड गाडीको डिलर पनि लिएका छन् ।

व्यवस्थापनमा स्नातक २३ वर्षीय आँचल गोयन्का औद्योगिक घरानाका सन्तान हुन् । नैनीतालमा स्कुल पढेका उनी हाल गोयन्का समूहका निर्देशक हुन् । उनका बा-हजुरबाले यहाँ स्टिल, आँटा र गाईबस्तुका दाना उत्पादन गर्थे । उनले त्यसैलाई विस्तार गरिरहेका छन् । आवश्यकताभन्दा धेरै उद्योग सञ्चालनका लागि सरकारले अनुमति दिइरहेकाले प्रतिस्पर्धामा कठिन भइरहेको उनले बताए । आफ्ना उद्योगमा ७ सय जनाले रोजगारी पाइरहेको उल्लेख गर्दै उनले भने, 'उद्योग मन्त्रालयलाई समस्या बताउँदा बन्द गर्नुस् भन्छन् । लगानीमैत्री वातावरण नभए पनि देशका लागि केही गर्नुपर्छ भनेर उद्योग अगाडि बढाइरहेका छौं ।'

एसआर ग्रुपका प्रबन्ध निर्देशक सुरज उप्रेती आधा दर्जन उद्योग र व्यावसायिक प्रतिष्ठानको नेतृत्व गर्छन् । ३० वर्षीय उनी सामाजिक क्षेत्रमा उत्तिकै क्रियाशील छन् । उनको प्रत्यक्ष नेतृत्वमा एसआर स्टिल, फुड्स, लुम्बिनी पीएससी, आधुनिक क्रसर उद्योग, रियल स्टेट कम्पनी, साइन रेसुंगा बैंक छन् । उनका पिताले ०३५ सालमा एसआर ढुवानी सेवा सुरु गरेका थिए । त्यसबेला हिम पाइप र बिजुलीका पोल उत्पादन थाले । बुबाले विस्तार गर्दै आएका उद्योग र व्यवसायलाई ०६९ सालबाट सुरजले सम्हालिरहेका छन् ।

भैरहवामै विद्यालय शिक्षा हासिल गरेका सुरजले पुल्चोक इन्जिनियरिङ कलेजबाट स्नातक गरे । 'उद्योग व्यवसायमा आउन पृष्ठभूमिले पनि काम गर्दोरहेछ,' उनले भने, 'भविष्यमा उद्यममै लाग्ने निर्णय गरेर आएँ ।' भैरहवा क्षेत्रमा परम्परादेखि उद्योगी-व्यवसायीको बसोबास भएकाले उनीहरूका सन्तान पनि यस क्षेत्रमा सक्रिय छन् । विभिन्न समयमा नेता र नीति निर्माणले युवा उद्यमीलाई प्रोत्साहन गरे पनि व्यवहारमा त्यस्तो वातावरण नरहेको उनको अनुभव छ । उनी धनगढी प्रिमियर लिगको टिम रूपन्देही च्यालेन्जर्सका मालिक पनि हुन् ।

पुरुषलाई बुटिक

आयुषी अग्रवाल फरासिली छन् । हाँसेर कुरा गर्छिन् । आत्मविश्वासी देखिन्छिन् । दिल्ली र बेङ्लोरमा स्कुल पढेकी २४ वर्षीया उनी नेपाली फरर बोल्न अकमकाउँछिन् । अंग्रेजी र हिन्दीमा खुल्छिन् ।


आयुषीले मुम्बईमा फेसन डिजाइनिङमा स्नातक गरिन् । इटलीबाट फेसनमै स्नातक पूरा गरेपछि घर फर्किइन् । उनका बुबा हेमन्त अग्रवालको कपडा व्यवसाय छ । यो परिवारको सिमेन्टलगायत उद्योगमा पनि लगानी छ । आयुषीले त्यो पुर्ख्यौली व्यवसायलाई नयाँ रूप दिएकी छन् । भैरहवामा पहिलोपटक पुरुषका ड्रेस डिजाइन थालेकी छन्, जसका लागि 'जडान' कम्पनी सुरु गरिन् । घरमै बुटिक खोलेकी छन् ।

'पुरुषका लागि पहिरन डिजाइन गर्छु,' आयुषीले भनिन्, 'अर्डरदेखि डेलिभरीसम्म सुविधा छ ।' भैरहवा र बुटवलमा महिलाका लागि धेरै बुटिक छन् तर पुरुषका लागि पहिरन डिजाइन आयुषीले नै थालेकी हुन् । 'हजुरबाको पालादेखि कपडाको व्यापार छ,' उनले भनिन्, 'मैले नयाँपन मात्रै दिएकी हुँ । 'फेसनको मार्केट खोजिरहेकी छु ।' भारत र काठमाडौंबाट अर्डर आउन थालेको उनले बताइन् ।


युवाको प्रवेशसँगै उद्योग र व्यवसाय पनि आधुनिक बन्न थालेको छ । नयाँ पुस्ताले सामाजिक सञ्जाललाई बजारीकरणको माध्यम बनाइरहेको आँचलले बताए । 'उपभोक्ताको कुरा बुझ्ने माध्यमका रूपमा सामाजिक सञ्जाल प्रयोग गरिरहेका छौं,' उनले भने, 'बजार विस्तारमा सहयोग पुगेको छ ।' सुरज लगानीको क्षेत्रमा युवाको प्रवेश देशको हितमा भएको बताए । 'युवाले अत्यधिक प्रविधिको प्रयोग गर्नुका साथै नयाँ अन्वेषण पनि गर्छन्,' उनले भने, 'उत्पादनको स्तरमा पनि सचेत हुन्छन् ।' सरकारले युवा उद्यमी बढाउन लगानी, उत्पादनको अनुसन्धान, कानुनी प्रक्रिया, तालिममा सहयोग गर्नुपर्ने युवाहरूको भनाइ छ ।



फाइभजी के हो कोर र च्यान ?



तस्विरहरू : एजेन्सी



नेपालमा पनि केही वर्षभित्रै फाइभजी प्रविधिको परीक्षण गर्ने योजना छ । हाल सरकारी स्वामित्वको नेपाल टेलिकमले देशभर फोरजी विस्तार गरिरहेको छ ।

■ हेलो शुक्रबार
hellosukrabar@gmail.com

गत साता कोर र च्यान शब्द विश्वमै चर्चित बन्यो । टेलिकम क्षेत्रमा यो शब्द वर्षौंदेखि प्रचलनमा रहेको भए पनि गत साता भने यसले व्यापकता पाएको हो । हुवावेलाई फाइभजी विस्तारमा सहभागी गराउने वा नगराउने भन्ने विषयमा बेलायतले एउटा निर्णय गरेपछि यी दुई वटा शब्द चर्चित बनेका हुन् ।

खासमा गत साता बेलायती सरकारले हुवावेको फाइभी प्रविधिलाई सर्तसहित आफ्नो देशमा प्रयोग गर्न दिने निर्णय गऱ्यो । अमेरिकी दबाबबीच बेलायतले हुवावेको फाइभजी प्रविधि प्रयोग गर्ने निर्णय गरेको हो । बेलायतले हुवावेको कोर नेटवर्क प्रयोग नगर्ने तर रेडियो एक्सेस नेटवर्क (च्यान) मा मात्रै उक्त कम्पनीलाई आफ्नो देशमा काम गर्न दिने निर्णय गरेको हो । हुवावेले सूचना चोरी गरेको आरोपमा अमेरिकासहित अस्ट्रेलियाले उसको फाइभजी प्रविधि प्रयोग नगर्ने भनिरहेको र अरूलाई दबाब दिइरहेका बेला बेलायतले यस्तो सर्तसहितको निर्णय गरेको हो ।

हुवावेलाई च्यान नेटवर्क मात्रै दिने तर कोर नेटवर्कको काम गर्न नदिने बेलायती निर्णयपछि अमेरिकासहितका केही देशले विरोध गरिरहेका छन् । तर, हामी विरोधको विषयमा भन्दा पनि कोर नेटवर्क र च्यान नेटवर्क के हो भन्ने विषयमा चर्चा गरौं ।

कोर नेटवर्क

टेलिकम नेटवर्कमा कोरलाई मुटु वा मस्तिष्कको संज्ञा दिइन्छ । कोर नेटवर्कमार्फत नै एउटा प्रयोगकर्ताले गरेको फोन वा चलाएको डाटा बहन्छ । साधारण भाषामा भन्दा कोर नेटवर्क टेलिकमको टावर-टावर जोड्ने र यी सबै टावरलाई मुख्य सर्भरमा जोड्ने नेटवर्क हो ।

कोर नेटवर्कले एउटा मोबाइल डिभाइसबाट भएको फोन कललाई अर्को टावरसँग जोडेर उक्त टावरसँग जोडिएको मोबाइल फोनसम्म पुऱ्याउँछ । यही प्रक्रियामार्फत म्यासेज पनि जान्छ । प्रयोगकर्ताले मोबाइलमा डाटा प्रयोग गरे पनि कोर नेटवर्कमार्फत एप वा वेबसाइटसँग कनेक्ट हुन्छ । कोर नेटवर्कको माध्यमबाट नै प्रयोगकर्ताको मोबाइलको बिल हिसाब हुन्छ । कोरमा प्रयोग हुने अधिकांश सामग्री राउटर र स्वीचहरू हुन् ।

च्यान नेटवर्क

रेडियो एक्सेस नेटवर्क (च्यान) भने टेलिफोनको टावर र एन्टेनासँग सम्बन्धित छ । च्यानको काम प्रयोगकर्तालाई टावरसम्म जोड्ने हो । टावरमार्फत प्रयोगकर्ता कोर नेटवर्कमा जोडिन्छन् । च्यान नेटवर्कले एउटा प्रयोगकर्ताको डिभाइसलाई उसको नजिकको टावरसम्म जोड्छ र कोर नेटवर्कसँग सम्बन्धित बनाउँछ । फेरि कोर नेटवर्कले उक्त डिभाइसलाई अर्को प्रयोगकर्ता भएको टावरसम्म लैजान्छ र फेरि च्यान नेटवर्कमार्फत अर्को प्रयोगकर्ताको डिभाइससम्म जोडिन्छ ।

बेलायतले हुवावेलाई च्यान नेटवर्कमा मात्रै सीमित गर्दा सूचना चोरी हुने डर कम हुने तर्क दिएको छ । कोर नेटवर्कको काम भने इरिक्सन, नोकिया, सामसङजस्ता अन्य टेलिकम सेवा प्रदायकहरूसँग गराउने बेलायतको चाहना छ ।

नेपालमा पनि केही वर्षभित्रै फाइभजी प्रविधिको परीक्षण गर्ने योजना छ । हाल सरकारी स्वामित्वको नेपाल टेलिकमले देशभर फोरजी विस्तार गरिरहेको छ । यो विस्तारका लागि च्यान नेटवर्कको काम हङकङको कम्पनी सीसीएसआईले पाएको छ । उक्त कम्पनीले हार्डवेयरका सबै सामान भने हुवावेको प्रयोग गरिरहेको छ । यस्तै, कोर नेटवर्कको काम भने चिनियाँ कम्पनी जेडटीईले पाएको छ ।

फोरजी विस्तारको काम सकिएलगत्तै काठमाडौं र पोखरासहितका मुख्य सहरमा फाइभजी प्रविधिको परीक्षण गर्ने टेलिकमको योजना छ । च्यान नेटवर्कको जिम्मा पाएको सीसीएसआईले हुवावेको सहयोगमा यो प्रविधिको परीक्षण गर्नेछ । नेपालमा पहिलोपल्ट फोरजीको परीक्षण २०७३ पुसमा भएको थियो । नेपाल टेलिकमले काठमाडौं र पोखरामा परीक्षणका रूपमा यो सुविधा भित्र्याएको थियो ।

नयाँ प्रोजेक्टमा स्कोरपियन्स

हेभिमेटल संगीतका लागि चर्चित जर्मन ब्यान्ड स्कोरपियन्सले सन् २०२० मा नयाँ एल्बम ल्याउने अपेक्षा गरिएको छ ।



तस्विरहरू : एजेन्सी



■ हिमेश

twitter : @ himeshratna

धेरैका लागि खुबै मन परेको गीत हुन सक्छ, 'विन्ड अफ चेन्ज' । भनिरहनु पर्दैन, यो स्कोरपियन्सको सबैभन्दा लोकप्रिय गीतमध्ये एक हो । अझ पश्चिमेली संगीतकै सबैभन्दा बढी सुनिने गीतमा पर्छ, यो । त्यसैले त यो सबैभन्दा बढी बिक्री भएको सिगल्समा पर्छ । सन् १९९० को एल्बम 'क्रेजी वर्ल्ड' को गीत हो, यो । यसमा सन् अस्सी र नब्बेको दशकमा पूर्वी युरोपमा आएको राजनीतिक परिवर्तनको बयान गरिएको छ । अहिले पनि यो गीत गुनगुनाउँदा उत्तिकै मिठास महसुस हुन्छ ।

केही नयाँ र केही पुराना भन्न मिल्ने अधिकांश ब्यान्डका लागि पनि प्रिय ब्यान्ड हो, स्कोरपियन्स । यो ब्यान्डले वास्तवमै कति धेरै प्रभाव पारेको थियो भनेर सोधे हुन्छ, गन्स एन्ड रोजेजदेखि मेटालिका, मोट्ली क्रयुदेखि डेभ लेपार्डसम्मका ब्यान्डलाई । यी सबैका लागि प्रिय छ, स्कोरपियन्स । त्यसैले त पुस्तौं पुस्ताका ब्यान्ड, गायक र गीत लेखकहरू यो ब्यान्डबाट धेरै प्रभावित रहेका छन् । त्यसै पनि रोलिङ स्टोनले स्कोरपियन्सलाई हेभिमेटल संगीतको नायक भनेको होइन । न त एमटीभीले स्कोरपियन्ससाई बिनाकारण रक संगीतको राजदूत नै भनेको हो ।

साँच्चै निकै प्रभावशाली ब्यान्ड रहँदै आएको छ, यो स्कोरपियन्स । सन् सत्तरीतिरका ब्यान्डको चर्चा गर्दा यिनीहरूमध्ये लगभग अधिकांश कि त अमेरिकाका हुन्छन्, होइन भने इंग्ल्यान्डतिरका । स्कोरपियन्स भने फरक छ, यो जर्मन ब्यान्ड हो, अझ ठ्याक्कै भन्दा हानओभरको । सन् १९६५ मा रुडोल्फ सेन्करमा यो ब्यान्डको स्थापना गरेका थिए र संयोगले उनी नै यो ब्यान्डको सुरुदेखि अहिलेसम्मका एक मात्र सदस्य हुन् ।

सेन्करबाहेक अरू धेरै आए र गए पनि । त्यसमध्ये पनि उनीपछि यो ब्यान्डमा लामो समय टिकेका सदस्य हुन्, गायक क्लस मेइन । स्थापनाको केही समयपछि उनी ब्यान्डमा आबद्ध भए । ब्यान्डका जति पनि स्टुडियो एल्बम छन्, ती सबैमा उनकै स्वर छ । त्यो अर्थमा ब्यान्डका जति पनि मौलिक गीत छन्, सबै उनकै स्वरले भरिएका छन् । उनीहरू दुई जनाबाहेक ब्यान्डका अहिलेका सदस्य हुन्, म्याथिस ज्याब्स, पावेल मासिवडा, मिकी डे ।

ब्यान्डका सबैभन्दा लोकप्रिय लाइनअपमा सेन्कर, मेइन र ज्याब्स त परे नै । त्यसबाहेक यसमा फ्रान्सिस बुचोल्ज र हर्मन रारबेल पनि मानिन्छन् । सन् १९७८ देखि १९९२ सम्म यिनै पाँच जना ब्यान्डका लागि सक्रिय रहे । त्यो त भयो, उहिलेको कुरा । ब्यान्ड आफैं धेरै परिवर्तनबाट गुज्रिसकेको छ । पूर्वी युरोपमा भएको राजनीतिक परिवर्तन पनि त अब कहाँ नयाँ रहयो र ! यी सबैबीच यो ब्यान्ड आफैं कहाँनिर के गरिरहेको छ त ? स्कोरपियन्स ब्यान्डका प्रशंसकका लागि यो स्वाभाविक प्रश्न पनि हो ।

स्कोपियन्सले सन् २०१७ मा अन्तिम पटक एल्बम निकालेको थियो र यसमा नयाँ गीत पनि थिएन भन्दा हुन्छ । यसको नाम नै थियो, 'बर्न टु टच इयर फिलिङ्स, बेस्ट अफ रक ब्यालेड्स' । खासमा यो गीतको सँगालो नै थियो । यस्तोमा सन् सत्तरीका अरू ब्यान्डलाई जस्तै स्कोरपियन्सलाई पनि आरोप लाग्ने गरेको छ, कतै यो पनि अरू धेरै जस्तै सुस्ताएको त छैन ? उत्तर हो, ब्यान्ड अझै सक्रिय छ र नयाँ एल्बमको तयारी गर्दै छ ।

केही समय अगाडि मात्र ब्यान्डका फ्रन्टम्यान सेन्करले एउटा अन्तर्वार्तामा भनेका थिए, 'ब्यान्ड पक्कै पनि नयाँ एल्बमको तयारीमा छ । ब्यान्डले कुरिरहेको खालि उपयुक्त समय मात्र हो ।' के यो उपयुक्त समय सन् २०२० नै हो त ? सायद हो । रोलिङ स्टोन म्यागजिनलाई नै आधार मान्न हो भने नयाँ एल्बमको तयारी सुरु भइसकेको छ र यो हुनेछ, सन् २०२० मा सबैभन्दा धेरै प्रतीक्षा गर्न मिल्ने एल्बम ।

गितारिस्ट ज्याब्सले भर्खरै मात्र आउने एल्बमलाई लिएर एउटा अन्तर्वार्ता दिएका छन् । त्यसमा उनले भनेका छन्, 'हो, हामी नयाँ प्रोजेक्टमा काम गरिरहेका छौं ।' वर्षको सुरुमा ब्यान्डले केही समय टुरमा बिताउनेछ र त्यसपछि लस एन्जलस जानेछ, एल्बमको तयारीमा । यो एल्बमचाहिँ कस्तो हुनेछ त ? स्कोरपियन्स सुरुमा रक ब्यान्ड थियो, पछि विस्तारै मेटल संगीततर्फ लाग्न थाल्यो । फेरि विस्तारै यो पुरानै स्वरूपमा फर्कन थालेको छ । खासमा प्रश्न यही हो, स्कोरपियन्सको नयाँ काम रंगीन संगीतमा आधारित हुनेछ कि उही हेभिमेटल हुनेछ ?

FRIDAY फेस



प्रतिद्वन्द्वीमा नजर

फुटबलरद्वय विशाल राई र सुजल श्रेष्ठ दशरथ रंगशालामा ।

-हेमन्त श्रेष्ठ



चिटिक्क

मिस नेपाल २०१७ निकिता चण्ढक बानेश्वरमा ।

-कविन अधिकारी

स्क्रिप्टमै हाँसो ?

कलाकारद्वय किशोर भण्डारी र पुष्कर कार्की अनामनगरमा ।

-केशव थापा





वाह !

अभिनेत्री आना शर्मा कमलादीमा ।

-महेश प्रधान

नेता शैली

क्रिकेटर विनोद दास कीर्तिपुरमा ।

-हेमन्त श्रेष्ठ



शरद घाइते
बाँकी खेल गुमाउने । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



नेवारी संस्कृति
मनाइयो भीमसेन पूजा

वर्ष २७ अंक ३४८ विराटनगर | २४ माघ २०७६ शुक्रबार माघ शुक्लपक्ष त्रयोदशी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, February 07, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ



ललितपुरको हिरण्यवर्ण महाविहार (स्वर्ण मन्दिर) का बफचा (मुख्य पुजारी) ११ वर्षीय सुरेन्द्र शाक्य मन्दिर सफाइ गर्दै । उनी यहाँको पुजारी बनेको बिहीबार १४ औं दिन थियो । बाह्रौं शताब्दीको यो मन्दिरमा १२ वर्षमुनिका शाक्य थरका बालकलाई मुख्य पुजारी बनाइन्छ, त्यो पनि ३० दिनका लागि मात्र । महिना दिन पुगेपछि फेरि नयाँ मुख्य पुजारी चयन गरिन्छ । *तस्बिर : केशव थापा/कान्तिपुर*

ललिता निवास प्रकरण

किर्ते र ठगीमा पनि कारबाही अघि बढ्दै

पाँच पूर्वमन्त्रीसहित १७२ विरुद्ध अनुसन्धान गर्न अनुमति माग

■ **मातृका दाहाल** (काठमाडौं)

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले ललिता निवास अनियमितता प्रकरणमा संलग्न १७२ जनामाथि किर्ते र ठगीको मुद्दा चलाउन प्रक्रिया अघि बढाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यही प्रकरणमा १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको भोलिपल्टै प्रहरीले गृह मन्त्रालयलाई जाहेरीका लागि पत्राचार गरेको हो ।

स्रोतका अनुसार सीआईबीले गृहलाई बिहीबार पत्र पठाउँदै ठगी र किर्ते मुद्दाको जाहेरी अघि बढाइदिन आग्रह गरेको छ । फौजदारी न्याय प्रणालीमा पीडितले जाहेरी दिनुपर्छ । गृहअन्तर्गतकै समरजंग कम्पनीको जग्गा मिचिएकाले गृहले प्रहरीलाई निर्देशनसहित पत्र पठाएपछि कारबाही प्रक्रिया अघि बढ्नेछ ।

गत साता सीआईबीले गृहमा बुझाएको प्रतिवेदनमा ललिता निवास अनियमितता प्रकरणमा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १७२ संलग्न भएको भन्दै किर्ते र ठगीमा कारबाही चलाउन सिफारिस गरिएको थियो । उक्त प्रतिवेदन कार्यान्वयनका लागि अब गृहले प्रहरीमै फाइल पठाउनुपर्ने हुन्छ । सीआईबीले यसअघि सरकारको निर्देशनअनुसार छानबिन मात्र गरेको थियो भने अब फौजदारी मुद्दा चलाउन अनुसन्धान गर्नुपर्नेछ ।

प्रहरी प्रवक्ता डीआईजी शैलेश थापाले ठगीमा पीडित पक्षले जाहेरी दिनुपर्ने कानुनी व्यवस्था भएकाले गृह वा सरकारी निकायबाट निवेदन आएपछि अनुसन्धान अघि बढ्ने बताए । उनले भने, 'यसका लागि हामीले अनुसन्धान प्रतिवेदनअनुसार सरकारलाई जाहेरीका लागि अनुमति मागेका छौं ।' जाहेरी दर्ता भएपछि आरोपितलाई आवश्यकताअनुसार पक्राउ गरेर अनुसन्धान गर्ने बाटो खुल्नेछ ।

गृहले केही दिनमै सीआईबीमा अनुसन्धानका लागि पत्र पठाउने तयारी गरेको छ । गृह सचिव महेश्वर न्यौपानेले प्रतिवेदनअनुसार नै ललिता निवासको जग्गा प्रकरणमा कारबाही प्रक्रिया अघि बढाइने प्रतिक्रिया दिए । सीआईबीले यसअघि तयार पारेको प्रतिवेदनमा पूर्वउपप्रधानमन्त्री गच्छदार, पूर्वमन्त्रीहरू चन्द्रदेव जोशी, डम्बरबहादुर श्रेष्ठ, छविराज पन्त, पूर्वराज्यमन्त्री सञ्जयकुमार साह, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख भइसकेका पूर्वसचिव दीप बस्न्यात, तत्कालीन भूमिसुधार सचिव दिनेशहरि अधिकारी, बहालवाला सहसचिव तेजप्रसाद पाण्डेलगायत १७२ विरुद्ध फौजदारी कसुरमा अनुसन्धान हुनुपर्ने राय दिएको थियो । पूर्वराज्यमन्त्री साह व्यक्ति हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । उनी २०६६ मा माधवकुमार नेपाल नेतृत्वको सरकारमा भौतिक योजना राज्यमन्त्री थिए ।

सीआईबीको सूचीमा अख्तियारबाट भ्रष्टाचारको मुद्दामा नपरेका केही व्यक्तिसमेत छन् । सीआईबीको निवेदनमा तत्कालीन मन्त्री, सचिव, मालपोत र भूमिसुधारका कर्मचारी, भूमाफिया, व्यापारीलगायतलाई किर्ते र ठगी अभियोगमा थप अनुसन्धानको अनुमति मागिएको छ । कान्तिपुरलाई प्राप्त विवरणअनुसार ललिता निवासको जग्गा अनियमिततामा २०४९ सालमा ४८ जना, २०६१/०६२ मा २१ जना, २०६६ मा ६६ जना र २०६९ मा ३७ गरी १७२ जनाले पद दुरुपयोग गरेको दाबी छ । उनीहरूमाथि मुलुकी ऐनको किर्ते र ठगी महल तथा मुलुकी फौजदारी अपराध संहिताको किर्ते र ठगी कसुरमा मुद्दा दायर गर्नुपर्ने सिफारिस छ ।

बाँकी पृष्ठ १३

कान्तिपुरविरुद्धको अवहेलना मुद्दा खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

अदालतको अवहेलना गरेको भन्दै कान्तिपुर पब्लिकेसन्सविरुद्ध दुई वर्षअघि दायर मुद्दा सर्वोच्च अदालतले खारेज गरेको छ । सर्वोच्चका न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र प्रकाशमान सिंह राउतको बिहीबार बसेको बृहत् पूर्ण इजलासले कान्तिपुरले उठाएका मुद्दा सत्य र वस्तुनिष्ठ रहेकाले अवहेलना ठहर हुन नसक्ने फैसला गरेको हो ।

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको शैक्षिक योग्यताका सम्बन्धमा लेखिएको समाचारले अदालतको अवहेलना भएको भन्दै कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया, निर्देशक स्वस्तिका सिरोहिया, प्रधान सम्पादक सुधीर शर्मा र संवाददाता कृष्ण ज्ञवालीविरुद्ध मुद्दा दायर गरिएको थियो ।

सर्वोच्चको फैसलाले कान्तिपुरविरुद्ध सुनियोजित रूपमा गलत मनसायका साथ मुद्दा लगाइएको पुष्टि भएको कानुनविद्हरूले बताएका छन् । 'फैसलाले तत्कालीन प्रधानन्यायाधीशले शक्ति र पहुँचका आडमा कान्तिपुरविरुद्ध चालेको कारबाही गैरकानुनी र पूर्वाग्रही थियो भन्ने पुष्टि गऱ्यो,' वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले भने, 'यस फैसलाले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको दायरालाई फराकिलो पारिदिएको छ ।'

मेडिकल माफियाका पक्षमा फैसला गरेको भन्दै पराजुलीको आलोचना गरेका सत्याग्रही डा. गोविन्द केसीलाई पनि अवहेलनामा मुद्दा दायर गरी कान्तिपुरसँगै सुनुवाइमा राखिएको थियो । बाँकी पृष्ठ १३

भोलिको कोसेली

बेपत्ता नागरिक आख्यान विशेष

- महेशविक्रम शाह– म बेपत्ता !
- राजव– क्रूर मौन
- हरि अधिकारी– जुना तामाङको प्रेमकथा
- सरस्वती प्रतीक्षा– फोबिया
- नवीन विभास– बेपत्ताकी डाई
- उमा सुवेदी– उकुच
- ज्योति जङ्गल– ऋण
- फूलमान वल– कमरेड रोशी
- अभय श्रेष्ठ– निडर
- बिना थिङ तामाङ– गन्धे झार

नेपालगन्ज र नोबेलले लिए अतिरिक्त शुल्क

■ **सुदीप कैनी** (काठमाडौं)

चिकित्सा शिक्षा आयोगको निर्देशन अवज्ञा गर्दै मोरङको नोबेल र बाँकेको नेपालगन्ज मेडिकल कलेजले एमबीबीएसका विद्यार्थीसँग अतिरिक्त शुल्क असुल्न थालेका छन् । विद्यार्थी र अभिभावकलाई प्रलोभन, त्रास र धम्की दिएर कलेज सञ्चालकहरूले शैक्षिक सत्रको सुरुमै बढी शुल्क असुलेका हुन् ।

२९ लाखभन्दा बढी अतिरिक्त शुल्क उठाउने प्रयास गरेको नोबेलले थप शुल्क लिन ६ जना विद्यार्थीसँग कबुलियतनामा गराइसकेको छ ।

कबुलियतनामामा भर्ना, परीक्षा लगायत शीर्षकमा थप शुल्क लिने उल्लेख छ । नोबेलले बढी शुल्क तिर्न सहमत भएका ती ६ विद्यार्थीसँग मात्र माघ १९ गते काउन्सिलिङ गरेको थियो । अधिकांश अभिभावकले बढी शुल्क नतिर्ने अडान लिएपछि कलेज प्रशासनले शुल्क नतिर्नेलाई काउन्सिलिङमा सहभागी नगराएको हो । कलेजले एमबीबीएसतर्फ १०० विद्यार्थीको भर्ना लिन पाउँछ ।

नोबेलका अभिभावकले अतिरिक्त रकम माग्ने कलेजविरुद्ध चिकित्सा शिक्षा आयोग र काठमाडौं विश्वविद्यालय गुहारिसकेका छन् । आयोग र विश्वविद्यालयले आग्रह गरिसकेकाले थप शुल्क नतिर्ने अभिभावकहरूको भनाइ छ ।

'नोबेलका सञ्चालक सुनील शर्माले फकाएर र धम्क्याएर ६ जनासँग बढी पैसा लिएछन्,' एक अभिभावकले कान्तिपुरसँग भनिन्, 'बाँकी अभिभावकले बढी रकम नतिर्ने सहमति गरेका छौं, भर्नाका लागि काठमाडौं विश्वविद्यालयमा

> 'अभिभावकलाई बढी पैसा नतिर्नु भनियो तर सरकारले कलेजलाई लिन रोक्न सकेन'

पहिलो किस्ताको रकम जम्मा भइसकेको छ, पढाइ सुरु नगरे कानुनी उपचारमा जान्छौं ।'

आयोगको सम्पर्कमा आएका अभिभावकलाई उपाध्यक्ष श्रीकृष्ण गिरी र सदस्यसचिव हरिप्रसाद लम्सालले 'एक रुपैयाँ पनि बढी रकम नतिर्न' भनेका छन् । 'विश्वविद्यालयमार्फत कलेजलाई सचेत गराइराखेका छौं, भर्ना गराएको ३५ दिनभित्र पढाइ सुरु गर्नुपर्ने काम विश्वविद्यालयको हो,' गिरी र लम्सालको भनाइ उद्धृत गर्दै अभिभावक केशव दाहालले भने, 'उपाध्यक्ष गिरी र सदस्यसचिव लम्सालले बढी पैसा लिन नपाए विद्यार्थी पढाउँदिनँ भन्ने मेडिकल कलेजको सम्बन्धन खारेज गर्छौं भन्नुभएको छ ।'

नोबेल प्रशासनले भने अभिभावकले बढी रकम नदिने अडान लिएपछि चिकित्सा शिक्षा आयोगलाई पत्राचार गरेको थियो । शिक्षण शुल्कबापत कुन-कुन शीर्षकमा शुल्क लिन पाउने हो भनेर कलेजले लेखेको पत्रको जवाफमा आयोगले तोकिएभन्दा बढी शुल्क लिन नपाइने स्पष्ट पारेको छ । 'आयोगले कुनै पनि शुल्क नलिन सचेत गराएपछि नोबेल मेडिकल कलेजले अतिरिक्त शुल्कमा पनि छुट दिने नयाँ तरिका अपनाएको अभिभावकहरूले गुनासो गरे । कलेजले तत्कालका लागि २९ लाखबाट घटाएर १५ लाख रुपैयाँ मात्रै अतिरिक्त शुल्कमा कलेजले मोलमोलाइ गरिरहेको छ ।

नोबेल कलेजले प्रशासनले भने शिक्षण शुल्कका विषयमा विवाद सुल्झेको दाबी गरेको छ । कलेजले नयाँ भर्ना भएका केही विद्यार्थी र तिनका अभिभावकलाई बोलाएर शुल्क विवाद सुल्झाएको जनाएको हो ।

बाँकी पृष्ठ १३

अन्तरिक्षमा ३२८ दिन

अल्माटी/वासिङ्टन (एजेन्सी)- झन्डै एक वर्ष लामो अन्तरिक्ष यात्रापछि बिहीबार कजाकिस्तानको उत्तरी क्षेत्रस्थित हिउँले सेताम्य जमिनमा पाइला टेक्दै गर्दा क्रिस्टिना कोच निकै हर्षित देखिन्थिन् । अन्तरिक्ष यान जमिनमा उत्रेलगत्तै सहयोगीले उनलाई कुर्सीमा राखे र गुरुत्वाकर्षण सन्तुलनका लागि 'मेडिकल टेन्ट' तर्फ दौडाए । त्यसै क्रममा उनले भनिन्, 'म निकै उत्साहित र निकै खुसी छु । मैले यो क्षणलाई अन्तरिक्ष नायकहरूका पाइला पछ्याइरहेका बेला भएको सम्मानका रूपमा लिएकी छु ।'



पृथ्वीमा ओलिंएपछि बिहीबार अन्तरिक्ष यात्री क्रिस्टिना कोच । रायटर्स

खासमा उनी खुसी हुनुको मुख्य कारण हो- उनका नाममा बनेको नयाँ कीर्तिमान । लामो समय अन्तरिक्षमा बिताउने महिलाका रूपमा पेगी हिविट्सनको कीर्तिमान (२८९ दिन) उनले तोडेकी छन् । सन् २०१९ मार्च १४ मा अन्तरिक्ष यात्रामा निस्केकी कोच ३२८ दिनपछि सोयुज यानमार्फत पृथ्वीमा ओर्लेकी हुन् । अमेरिकी अन्तरिक्ष संस्था (नासा) की ४१ वर्षीया कोचको टोलीमा अन्य दुई अन्तरिक्ष यात्री युरोपेली अन्तरिक्ष निकायका लुका पार्मिटानो र रसियाका अलेक्जान्डर स्केभोर्सोभ पनि थिए ।

बाँकी पृष्ठ १३



प्रदेशसभा हिउँदे अधिवेशन

प्रदेश नामकरण गर्न माग

मोरङ (कास)- प्रदेश १ सभाको पाँचौं तथा हिउँदे अधिवेशन बिहीबार सुरु भएको छ। सुरुमा सभामुख प्रदीपकुमार भण्डारीले प्रदेश प्रमुख सोमनाथ अधिकारीले हिउँदे अधिवेशन आह्वान गरेको पत्र पढेर सुनाएका थिए।

प्रतिपक्षी दलका संसदीय दलका नेताहरूले प्रदेशको नामकरण गर्न माग गरे। दुई वर्ष बित्न लाग्दासम्ममा पनि नामकरण हुन नसकेकाले प्रदेशवासी असन्तुष्ट बन्दै गएकाले हिउँदे अधिवेशनबाट टुंग्याउन उनीहरूले माग गरे।

प्रमुख प्रतिपक्षी दल कांग्रेसका उपनेता हिमाल कार्कीले यही हिउँदे अधिवेशनमा प्रदेशको नामकरण गर्न माग गरे। 'वृहत् छलफल र बहस गरेर सबैलाई चित्त बुझ्ने गरी नामकरणको विषय टुंग्याउनुपर्छ,' उनले भने, 'प्रदेशलाई आवश्यक पर्ने कानुनहरू प्रदेशसभाबाट सर्वसम्मत ढंगले पास गर्ने वातावरण बनोस्।'

समाजवादी पार्टीका संसदीय दलका नेता जयराम यादवले प्रदेशको नामकरण यही हिउँदे अधिवेशनबाट सहमतिमा गर्न ध्यानाकर्षण गराए। उनले दुई वर्षे कार्यकालमा के कति बजेट कार्यान्वयन गरेको र प्रदेश सरकारले दिएको नाराहरूका साथै योजना तथा कार्यक्रमहरू के कति कार्यान्वयन भएको बारे संसदलाई जानकारी गराउन माग गरे।

सरकारका योजना कार्यान्वयनबारे जानकारी दिन आग्रह

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका संसदीय दलका नेता विष्णु तुम्बाहाम्फेले प्रदेशको नामकरण यसै अधिवेशनबाट गर्न माग गरिन्। 'प्रदेशको नामकरण पहिचानको आधारमा नभए विद्रोहको सामना प्रदेशलाई गर्नुपर्ने अवस्था छ,' उनले भनिन्, 'प्रदेश नामकरणमा सत्तारूढ दलको निर्णय स्विकार्य हुँदैन।'

राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता इन्दिरा राईले पनि प्रदेशको नामकरण यही अधिवेशनबाट टुंग्याउन माग गरिन्। मुख्यमन्त्री शेरधन राईले सुरुका दिनमा कानुन बनाउने हतारो र बढी कानुन बनाउने होडमा केही त्रुटि भएको स्वीकार गर्दै आगामी दिनमा घनिभूत छलफल गरी विधेयक पारित गरिने बताए।

प्रदेश सरकारले गति लिएन, सरकार असमावेशी भयो, सरकारले काम गर्न नसकेको जस्ता विषय सञ्चार माध्यममा उठेको भन्दै मुख्यमन्त्री राईले नौ सदस्यीय मन्त्रिपरिषद्मा अलग अलग समुदायको प्रतिनिधित्व गराएको विश्वमा नभएको समावेशी सरकार भएको दावी गरे।

त्यसैगरी परियोजना बैंक स्थापना भई योजनाको सूची तयार भएको, लोक सेवा आयोग गठन गरेको, प्रदेशमा चाहिने कर्मचारी र तिनको संरचना तय गरेको, २०७७ वैशाखमा लगानी सम्मेलन गर्ने तयारी गरेको, स्विट्जरल्यान्ड सरकारबाट एक अर्ब रुपैयाँ सहयोग लिन सफल भएको, प्रदेशले अहिलेसम्म २२ दशमलव ८८ प्रतिशत विकास बजेट र १३ दशमलव ६ प्रतिशत चालु बजेट खर्च गर्न सफल भएको मुख्यमन्त्री राईले बताएका थिए।

महिना दिन पनि टिकेन सडक

५ करोड लगानीको चारपाने-जयपुर सडक निर्माण पूरा नहुँदै विभिन्न स्थानमा कालोपत्र उप्किएर खाल्डा बनेपछि स्थानीय आक्रोशित



झापाको चारपाने-नारायण चोक सडकको अर्जुनधारा नगरपालिका ५ स्थित खण्ड। तस्विर : अर्जुन/कान्तिपुर

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

अर्जुनधारा नगरपालिकास्थित चारपाने-नारायणचोक-जयपुर सडक कालोपत्रे गरेको एक महिनामै भत्किएको छ। ६ किलोमिटर सडक खण्डको विभिन्न स्थानमा कालोपत्रे भत्किएको हो।

ठेकेदार कम्पनीले कम गुणस्तरको काम गरेकाले कालोपत्र गरेको १५ दिनपछि नै सडक भत्किन सुरु भएको स्थानीयले बताए। वर्षौंको पहलपछि कालोपत्रे गरेको सडक महिना दिनमै भत्किएपछि स्थानीय आक्रोशित बनेका छन्। उनीहरूले सडक गुणस्तरीय निर्माण गर्न माग समेत गरेका छन्।

'०१८ सालमा यो सडक निर्माण भएको हो। त्यसबेलादेखि धुलो, धुवाँ सहँदै बस्यौं। कैयौं पटकको पहलपछि बल्ल कालोपत्रे भयो। गुणस्तरहीन काम गरेकाले कालोपत्र गरेको १५ दिनदेखि नै सडक भत्किन सुरु भएको हो' स्थानीय लक्ष्मीप्रसाद मैनालीले भने। सडक निर्माणको काम जारी छ।

दातृ संस्था ऋापश्रीको आर्थिक सहयोगमा सडक निर्माणको काम सुरु भएको हो।

साह इन्जिनियरिङ एन्ड कन्स्ट्रक्सन कम्पनीले निर्माणको ठेक्का पाएको हो। ६ किलोमिटर सडक निर्माणका लागि ५ करोड ७५ लाख रुपैयाँमा ठेक्का लागेको पूर्वाधार विकास कार्यालय भद्रपुरले जनाएको छ।

सडक निर्माण सम्पन्न भएकोमध्ये अर्जुनधारा धाम दक्षिण करिब ५ सय मिटरको कालोपत्रे भत्किएको छ। सडक भत्किन थालेपछि स्थानीय विरोधमा उत्रिएका हुन्। 'लापरवाही तरिकाले सडक निर्माण गरेकाले कालोपत्रे भत्किएको हो' स्थानीय पवित्रा पाठकले भनिन्, 'कालोपत्रेका लागि बाटो सफा गरेर एक हप्तासम्म काम गरिएन। पछि राति राति कालोपत्रे गरियो।'

उक्त सडक निर्माणका लागि ०७४ असार २० मा ठेक्का सम्झौता भएको थियो। ठेक्का लागेको लामो समयसम्म सडक निर्माणको काम भएको थिएन। सडक निर्माणका लागि स्थानीयले पटक पटक सरोकारावाला निकायको ध्यानाकर्षण गराएका थिए। साविकको जिल्ला विकास कार्यालयमार्फत ठेक्का सम्झौता भएको सडकको काम अहिले पूर्वाधार विकास कार्यालय झापालाई हस्तान्तरण गरिएको छ। काम सम्पन्न नभएपछि आगामी असार १२ मा सडक निर्माण सम्पन्न गर्नुगरी म्याद थप गरिएको पूर्वाधार कार्यालयले जनाएको छ।

सडक निर्माण सुरु भएपछि नगरपालिकाले वडा नं. ५ का वडा सदस्य कुन्दन भट्टराईको संयोजकत्वमा 'बाटो निर्माण समन्वय सरोकार समिति' गठन गरेको थियो। भट्टराईले सडक निर्माणमा गुणस्तरीय काम भएको दावी गरे। उनले केही ठाउँमा सामान्य समस्या मात्र देखिएको बताए। 'प्राविधिक काम हो। एक-दुई ठाउँमा कालोपत्रे भत्कियो भन्दैमा गुणस्तरहीन काम भन्न मिल्दैन' भट्टराईले भने, 'गाउँलेले कुरा नबुझेका हुन्। काम राम्रै भएको छ।'

निर्माण कम्पनीका इन्जिनियर प्रवीण देवले चिसोका कारण तापक्रम नमिल्दा केही ठाउँमा कालोपत्रे भत्किएको तर्क गरे। उनले भत्किएको सडकको गुणस्तर कायम हुने गरी मर्मत सम्भार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। 'काम सक्नुपर्ने समय असारसम्म छ। भत्किएको ठाउँमा मर्मत गरेर सडक राम्रो बनाउँछौं' उनले भने।

पूर्वाधार विकास कार्यालय भद्रपुरका प्रमुख रमेश श्रेष्ठले सडकमा देखिएको समस्याबारे आफूहरू गम्भीर रहेको बताए।

उनले सडक निर्माणको काममा गुणस्तर कायम गरेको दावी गरे। 'सडकमा भएको कामलाई गुणस्तरहीन भन्न मिल्दैन' उनले भने, 'कालोपत्रे गर्दा सडकमाथि लेयर बसेको थियो। त्यो लेयर उक्किएको मात्र हो।' उनले सडक माथिको लेयर फालेर थप काम गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिइसकेको बताए।

रवि-राँके-भेडेटार

निर्धारित समयमा नसकिने संकेत

धनकुटा (कास)- दुई वर्षमा कालोपत्रे सकिनुपर्ने 'गौरवशाली योजना' अन्तर्गतको सडक निर्माण सुस्त भएको छ। पाँचथरको रविदेखि धनकुटाको भेडेटारसम्म १०३ किमि सडक तीन वर्षमा सक्ने गरी पोहोर काम सुरु गरिएको थियो।

एक वर्षमा १० प्रतिशतमात्र काम हुन सकेको छ। यही गतिमा बन्ने हो भने निर्धारित समयमा काम नसकिने भएको छ। बाटो चौडा गर्ने काम अलमलिएको छ। अधिकांश क्षेत्र धनकुटा जिल्लामा पर्ने सडकको लक्ष्यअनुसार काम हुन नसक्नुमा वन र भौगोलिक अवस्थिति रहेको जनाइएको छ।

निर्माण जिम्मा पाएको भारतीय कम्पनी एग्जिम बैंक प्रोजेक्ट कोर्अडिनेटर एमके मण्डलका अनुसार हालसम्म १० प्रतिशत मात्र काम भएको छ। 'एक वर्षमा असाध्यै कम काम भएको छ', उनले भने, 'अब बाँकी दुई वर्षको अवधिमा बाटो चौडा र कालोपत्रे सबै काम सक्न चुनौती छ।'

निर्माणस्थलमा रहेका सामुदायिक वनका रूखका कारण पनि ढिलाइ भएको उनको भनाइ छ। सामुदायिक वनले रूख कटान अनुमतिका लागि प्रक्रियामा ढिलाइ गरेको उनले बताए। तीन दर्जनभन्दा बढी सामुदायिक वन रहेको क्षेत्रमा रूख कटान गर्न वन कार्यालय बाधक रहेको उनले आरोप लगाए।

वन कार्यालयका सहायक वन अधिकृत बद्री पौडेलले भने आफूहरू बाधक नभएको दावी गरे। निर्माण कम्पनीले नै ढिलो गरी रिपोर्ट पठाउँदा छानबिन गर्न ढिलाइ भएको पौडेलको भनाइ छ। सडक निर्माण स्थलमा रहेका सबै सामुदायिक वनको अभिलेख बल्ल प्राप्त भएकाले रूख कटानका लागि सघाउने जनाए।

५ अर्ब १८ करोड लागतमा सडक स्तरोन्नतिसँगै कालोपत्रे गर्न थालिएको थियो। भारतको एफ्को इन्फा प्रालि र नेपालको सडक सुधार तथा विकास आयोजनाले जिम्मा लिएका छन्।

सडक कालोपत्रे हुने भएपछि प्रत्यक्ष रूपमा धनकुटा, इलाम, पाँचथर तथा उत्तरी मोरङ र सुनसरीका बासिन्दा लाभान्वित हुनेछन्। १०३ मध्ये ४५ किलोमिटर सडक धनकुटा र बाँकी पाँचथर र इलाममा पर्छ। तीन वर्षभित्र ९ मिटर चौडामा दायाँबायाँ दुई मिटर नाला र बाँकी ७ मिटर चौडाइको कालोपत्रे सडक निर्माण गरिने सम्झौतामा छ।

दलितका मुद्दाबारे बहस

इलाम (कास)- दलित मुद्दाका विषयमा छलफल गर्न प्रदेश १ स्तरीय दलित जनप्रतिनिधिहरूको भेला शुक्रबार इलाममा सुरु हुँदैछ। दलित आन्दोलनको उपलब्धि अनुरूप स्थानीय तहमा सहभागिता भए पनि समुदायले चाहेबमोजिमको उपलब्धि हासिल नभएकाले यो भेला आवश्यक रहेको आयोजकले जनाएका छन्।

स्थानीय तहमा दलित समुदायको उपस्थिति २० प्रतिशत रहे पनि समुदायका वर्षौं पुराना समस्या र पीडा उन्मूलन हुने संकेत नदेखिएको मूल आयोजक समितिका संयोजक नवराज शंकरले भने। 'दलित आन्दोलन इतिहासकै कम्जोर अवस्थामा पुगेको छ,' उनले भने, 'पदमा पुगेपछि दलित अगुवाले आफ्नो समस्या भुलेकाले उनीहरूलाई स्मरण गराउँदै भावी दिनमा सोही अनुरूप कार्य सम्पादन गराउने उद्देश्य राखिएको छ।'

दक्षिण एसियाली मिट समेत नाम दिएको भेलामा नेपालसहित भारत र भुटानका दलित प्रतिनिधिको सहभागितामा हुनेछ। यी मुलुकमा रहेका दलितहरूको साझा समस्या र समाधानका उपाय खोज्नेमा पनि केन्द्रित रहने आयोजक कमिटीका सचिव प्रकाश परियारले बताए। जिल्लामा रहेका सबै दलितसँग सम्बन्धित संघसंस्थाले कार्यक्रमको आयोजना गरेका हुन्। शनिबारसम्म चल्ने भेलामा ४ सय प्रतिनिधि सहभागी हुने छन्। दलित समुदायका संघीय सांसद, प्रदेश सांसद, जिल्ला समन्वय समिति प्रमुख-उपप्रमुख, सदस्य, स्थानीय तहका प्रमुख-उपप्रमुख तथा अध्यक्ष र कार्यपालिका सदस्यहरू भेलामा सहभागी हुनेछन्।

पूर्वाधार विकासले चम्कँदै इनरुवा

■ **जितेन्द्र साह** (इनरुवा, सुनसरी)

चिटिक्क परेको फराकिलो सडकको दुबै छेउमा फूलैफूलका गमला। सुनसरीको इनरुवा नगरपालिका-३, अदालत रोडको दृश्य हो यो। 'सडक र नाला नहुँदा दुई वर्ष अघिसम्म वर्षायाममा यो ठाउँ डुब्थ्यो, घुँडासम्म पानी हुन्थ्यो,' स्थानीय २४ वर्षीय राजन भुजेलले भने।

सहरी विकास आयोजना र नगरपालिकाले बाटो बनाइदिएपछि टोल विकास समितिले झन्डै ५० हजार रुपैयाँ जुटाएर फूलका गमला राखेको उनले बताए। स्थानीय युवाको क्लब शान्तिदीप नेपालका सचिव रहेका भुजेलले भने, 'व्यवस्थित सडक र बिजुलीले बस्तीको मुहार फेरिएकोमा स्थानीयमा उमंग छ।'

नगरपालिका कार्यालयले स्थानीयलाई सहभागी गराउन थालेपछि यो दुई वर्षमा इनरुवामा पूर्वाधार विकासका धेरै काम सम्पन्न भएको र धेरै जारी रहेको स्थानीय ४३ वर्षीय तीर्थ दाहालले बताए। तर पछि पारिएको यो ठाउँलाई विराटनगर, धरान र इटहरी बजारसँग तुलना गर्नु बेइमानी हुने उनले बताए।

'विकासको मामिलामा शून्यको गतिमा रहेको यो थलोमा दमदार सुरुवात भएकोमा स्थानीय बासिन्दा खुसी हुनुपर्छ,' दाहालले भने, 'तर यहाँका एक समूहले राजनीतिक पूर्वाग्रहका कारण सकारात्मकभन्दा नकारात्मक कुराको प्रचार गरी नगरको बदनाम गरिरहेका हुन्छन्।' ६३ हजार ५ सय ९१ भन्दा बढीको बसोबास भएको यो नगरको विकासका लागि सकारात्मक सोच जरुरी रहेको उनले बताए।



इनरुवा नगरपालिका-४ स्थित नयाँ बसपार्क। जनसहभागितामा पूर्वाधार विकास सुरु भएसँगै नगरको मुहार फेरिँदै छ। तस्विर : जितेन्द्र/कान्तिपुर

अहिले नगरमा निकै कम कच्ची मार्ग रहेको इनरुवा-४, इनरुवा वस्तीकी गृहिणी ३९ वर्षीया मञ्जुदेवी मेहताले बताइन्। उनले खुशी हुँदै कच्चीबाट ग्राभेल र ग्राभेलबाट कालोपत्रे भइरहेको सुनाइन्। 'निर्माण कार्यले गति लिएको छ, धेरै काम भएको छ र धेरै बाँकी पनि छ,' उनले भनिन्, 'नेता र जनप्रतिनिधिलाई मात्र गाली गरेर हुँदैन, जनता स्वयं पनि सचेत हुनुपर्छ।'

नगरपालिका एवं स्थानीयको श्रमदानबाट इनरुवा-६, मधेसाको दलित वस्तीमा नौ पक्की घर निर्माण भएका छन्। सात पुस्तादेखि फुसको घरमा बस्दै आएका ५५ वर्षीय गणेश मोचीसँग अहिले तीन कोठे पक्की घर छ जहाँ ८ सदस्यीय परिवारसहित उनी बस्छन्।

'हाम्रा लागि इनरुवामा सबथोक छ, पहिले परालको छाना भएको घरमा बस्थें, एक वर्षदेखि पक्कीमा बस्न पाएको छु,' मोचीले भने। अँधिया वा जग्गा भाडामा लिएर खेती गर्ने मोची परिवारको पनि यो घरमा ५५ हजार रुपैयाँ लगानी छ। 'यति रकमले घर नबन्ने हुनाले नगरपालिकाले सहयोग गऱ्यो,' उनले भने।

वर्षामा हिलामय र घाम लागेपछि धुलाम्य हुने इनरुवा-२ स्थित बिहीबारे हाटको पनि स्वरूप फेरिएको छ। यहाँ नालासहितको सडकसँगै १७ वटा टहरा निर्माण भएका छन्। 'पानी पर्दा पहिले जस्तो यो हाटमा दौडादौड हुन्न, ओत लाग्ने प्रशस्तै ठाउँ छ, सुविधा भए पछि व्यापार पनि बढेको छ,' स्थानीय ५४ वर्षीय देवनारायण पण्डितले भने।

गाईबस्तुबाहेक सबथोक भेटिने यो हाटमा किनबेचका लागि सुनसरीको देवानगन्ज, कप्तानगन्ज, इटहरी, दुहबी र धरानसम्मका नागरिक आउने गरेकाले पूरा भरिभराउ हुने गरेको पण्डितले बताए। तीन वर्षको अवधिमा इनरुवामा यति धेरै पूर्वाधार विकास भएको सुनसरीको धरान-१४, विजयपुरका ४९ वर्षीय राजेश खड्काले बताए। ३० किमि पूर्वको धरानबाट आइजाई गर्ने उनी इनरुवाको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा लेखापाल हुन्। विराटनगरको वरगाछीबाट २८ किमि पश्चिमोत्तरमा इनरुवा छ। अहिले इनरुवा-४ मा आधुनिक बसपार्क, रेडक्रस भवन र छाडा एवं दानमा दिएको गाईबस्तु राख्ने गौशाला निर्माण भएको छ। सहरी विकास आयोजनाको आर्थिक एवं प्राविधिक सहयोगमा निर्मित बसपार्कका लागि स्थानीयले एक बिघा जग्गा दान दिएका थिए। नगरपालिकाको अगुवाइमा इनरुवा-२ मा यूएन पार्क र इनरुवा-६ मा कभर्ड हल निर्माण भइरहेको छ। ठाउँठाउँमा सडकनाला बनिरहेको छ।









तपाईको आज

मेष	भाग्य वृद्धि	तुल	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पुर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ २५ गते शनिबार तदनुरुप ८ फरवरी २०२० माघ शुक्लपक्ष चतुर्दशी तिथि दिनको ३:१२ बजेसम्म उप्रान्त पूर्णिमा, तिष्य नक्षत्र रात्रिको ९:५५ बजेसम्म उप्रान्त अश्लेषा नक्षत्र, आयुष्मान योग रात्रिको ७:८ बजेसम्म उप्रान्त सौभाग्य योग, वणिज करण दिनको ३:१२ बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर	८:००	कान्तिपुर समाचार
५:३०	आध्यात्मिक सन्देश	८:३०	सुमनसँग (रिपिट)
६:००	जीवन विज्ञान	९:००	कल कान्तिपुर
६:३०	मार्गदर्शन (लाइभ)	६:००	कान्तिपुर न्युज
७:००	कान्तिपुर समाचार	६:३०	यू एण्ड आई
८:००	गुडमर्निङ नेपाल	७:००	कान्तिपुर समाचार
८:३०	कान्तिपुर न्युज	७:३०	प्रदेश विशेष (लाइभ)
९:००	हवाट द फ्लप (रिपिट)	८:००	कान्तिपुर समाचार
१०:००	कान्तिपुर समाचार	९:००	हर्के हल्दार
१०:३०	हियर्ज दु लाइफ (रिपिट)	१०:००	यू एण्ड आई (रिपिट)
११:००	कान्तिपुर न्युज	१०:३०	कान्तिपुर न्युज
११:३०	सुमनसँग (रिपिट)	११:००	प्रदेश विशेष (रिपिट)
१२:००	कान्तिपुर समाचार	११:३०	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)	१२:००	कल कान्तिपुर रिपोर्टेड
१:३०	रजतपट (रिपिट)	१:००	कान्तिपुर न्युज रिपोर्टेड
२:००	कान्तिपुर समाचार	१:३०	यू एण्ड आई (रिपिट)
२:३०	मनी टक्स (रिपिट)	२:००	कान्तिपुर समाचार (रिपीट ९)
३:००	हवाट द फ्लप (रिपिट)	२:३०	मार्गदर्शन (रिपिट)
		३:००	कल कान्तिपुर रिपोर्टेड
		४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)	१५:००	कान्तिपुर डायरी
०६:३०	कान्तिपुर डायरी	१५:१५	सौराई (कृष्ण मल्ल)
०७:००	द हेडलाइनर्स	१६:००	हेल्थ एन्ड वेलुकेसन डायरी
०७:३०	प्राविधिक डायरी	१६:०५	द राहुल भुजेल सो
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी	१७:००	डिष्ट्रिक्ट डायरी
०८:०५	द गुडमर्निङ शो (महिमा)	१७:०५	फेलाटिक फ्राइडे (महेश/रिमता)
०८:३०	ओल्ड इज गोल्ड	१८:००	आद्या आकाश (कमला पन्थी)
०९:००	कान्तिपुर डायरी	१८:३०	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट	१९:००	नो टेन्सन (दीपकराज/अम्बिका)
०९:१५	राष्ट्रिय गीत	२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
०९:२०	शैली (शृपेन्द्र)	२०:०५	प्लेटोनिक्स (सञ्जय गुप्ता)
१०:००	स्पोर्टस् डायरी	२१:००	कान्तिपुर डायरी
१०:०५	फेमिना (दिपाञ्जली)	२१:२५	न्युज मेकर अफ द डे
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी	२१:३०	इन्द्रेनी
११:०५	फेमिना (दिपाञ्जली)	२२:००	ओल्डी गोल्डी (स्मीता)
१२:००	कान्तिपुर डायरी	२३:००	इलिमेन्थ आवर (संजय)
१२:१०	टप अफ द टप्स (साप्ताहिक)	२४:००	टप अफ द टप्स - रिपिट (संजय)
१३:००	डिस्ट्रिक डायरी	०१:००	कालजयी गीत-संगीत (शृपेन्द्र)
१३:०५	के छ नेपाल (महेश)	०२:००	नेपाली गीतहरु लगातार
१४:००	इन्टरनेसनल डायरी	०३:००	हिन्दी गीतहरु लगातार
१४:०५	के छ नेपाल (महेश)	०४:००	भजनहरु लगातार

अस्पताल र विविध

दमकल

विराटनगर	०२१-४२००००
इटहरी	०२५-५८०१०१
धरान	०२५-५२०१९९
इनरुवा	०२५-५६०१०१
दमक	०२३-५८०१०१
भद्रपुर	०२३-५१०१०१
धनकुटा	९८५२०६९२०१
कोसी अञ्चल अस्पताल विराटनगर	५३०१०३/५२६२३८
मेची अञ्चल अस्पताल, भद्रपुर	०२३-५२०००८
वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	०२५-५२५५५५
रक्तसञ्चार केन्द्र, विराटनगर	०२१-५२३३२६
विराटनगर आँखा अस्पताल	०२१-४३६३६०
रक्तसञ्चार केन्द्र, धरान	०२५-५२०९६८

एम्बुलेन्स

विराटनगर सेन्ट्रल	०२१-५३७००१
लाइफजार्ड अस्पताल, विराटनगर	९८४२०४२३३३
दुहबी जेसिज, सुनसरी	०२५-५४०४३५
शव बाहन, विराटनगर	०२१-५२५८७४

प्रहरी

जिल्ला प्रहरी कार्यालय, मोरङ	१००/९८५२०२६५४०
इलाका प्रहरी कार्यालय, उर्लाबारी	५४०२९०/९८५२०२०१३६
इलाका प्रहरी कार्यालय, रंगेली	५८०१३०/९८५२०२०१४४
क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी	०२५-५८०१०५/९८५२०२०१६१/१०३

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२६०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२६८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
नेपाल मेडिसिटी अस्पताल	११३४, ४२१७०६६, ४२१७०५५
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुनौरु एम्बुलेन्स सेवा	०१ ५५५५५०,९७५१०४४५४०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५०
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्नर निःशुल्क शवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२४०००६
नेपाल मिटर व्यापारी संघ	४२२६३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि ९६५०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

गुठीको जग्गा अतिक्रमण

हडपेकाले नछोड्दा गुरुयोजना अलपत्र

- हलेश्वर महादेव गुठीको ६७ रोपनी तीन आना तीन पैसा र शंखेश्वरी गुठीको ५५ रोपनी जग्गा स्थानीयको कब्जामा
- रूपाकोटमा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा व्यक्तिको नाममा

■ डम्बरसिं राई (खोटाङ)



खोटाङस्थित हलेसी गुफा । तस्विर : डम्बरसिं/कान्तिपुर

खाली जग्गा देख्यो कि हडप्ने चलनले सरकारी, धार्मिक र गुठी क्षेत्र साँघुरिन थालेका छन् । वर्षौंदेखि अतिक्रमणमा परेकाले सार्वजनिक स्थलको विस्तार र विकासमा अवरोध भइरहेको छ ।

प्रसिद्ध हलेसी (हलेश्वर महादेव), बराहा ताल (शंखेश्वरी महादेव), बुद्धेश्वर महादेव, रूपाकोटजस्ता क्षेत्रमा स्थानीय बासिन्दाले कब्जा जमाएपछि विकासमा समस्या आएको हो । हलेसी तुवाचुङ नगरपालिकाको हलेसी, माल्कु, गैरीगुठ, डाँडागुठ लगायतको जग्गामा स्थानीयले अतिक्रमण गरेपछि समस्या उब्जिएको हलेसी तुवाचुङ नगरपालिकाका प्रमुख इवन राईले गुनासो गरे ।

जिल्ला नापी कार्यालयका अनुसार ६७ रोपनी तीन आना तीन पैसा जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको छ । सो जग्गा गुठी संस्थानका प्रशासक नारायण चौधरीको फैसलाले २०७५ चैत १५ गते गुठीकै नाममा कायम गराएको थियो । स्थानीय हेमन्तकुमार गिरी, बमप्रसाद गिरी, मनदीप गिरी, लक्ष्मीमाया गिरी, कुमारी राई, प्रमोदकुमार गिरी, गुन्जना गिरी, भवानीशंकर गिरी, सपना गिरी, भरिता राई, ज्यानकाजी श्रेष्ठ, राजन राई, सुन्दरबहादुर राई, नयनकुमार राई, मिलनकुमारी राई, नविन राई, सप्तबहादुर राई, तारालक्ष्मी राई, अर्जुन गिरी, प्रेमकुमारी गिरी, रवती राई, अस्मिता राईको नाममा पुगेको जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको थियो ।

त्यस्तै, ध्रुवकुमार गिरी, देवकुमारी सन्यासी, हरि गिरी, ऐराख राई, प्रकाशकुमार राई, हर्कराज राई, शम्शेर गिरी, विजेन्द्रकुमार गिरी, कृष्णकुमारी गिरी, सुदीप गिरी, टंक गिरी, रत्नकुमार गिरी, रुपेन्द्र राई, हर्कराज राई, शिवकुमारी श्रेष्ठ, उषा श्रेष्ठ, विश्वचन्द्र गिरी, सुनिल विश्वकर्मा, ललिता विक राई लगायतले पनि गुठीको जग्गा अतिक्रमण गरेको ठहर गर्दै हलेश्वर महादेव गुठीको नाममा फिर्ता गराइएको थियो ।

जग्गा हडप्नेले काठमाडौं जिल्ला अदालतमा दर्ता गरेको मुद्दा भने विचाराधीन छ । अदालतले मुद्दा फैसलामा ढिलाइ गर्दा थप समस्या उब्जिएको नगरप्रमुख राईको भनाइ छ । स्थानीयले जग्गा कब्जा गरेपछि हलेसीको बृहत्तर विकासको काम गर्न उनी बताउँछन् । राईका अनुसार सो गुरुयोजनामा हलेसी गुफा आसपास दुई सय मिटर जग्गा आवश्यक पर्ने उल्लेख छ । उक्त जग्गा हलेसीकै भएको र अहिले अधिग्रहण गर्नुपर्ने भए आर्थिकभार पर्ने उनले बताए । यस क्षेत्रका एक सय ६९ घरटहरा हटाउनुपर्ने छ ।

'२०४४ सालमै हलेसीको गुरुयोजना बनाउन स्थानीयलाई मुआब्जा दिइएको भए पनि त्यसको लगत नष्ट गरिएकाले त्यो बेलाको रोग अहिलेसम्म कायम देखिन्छ,' उनले भने, 'अहिले गुरुयोजना कार्यान्वयनका लागि फेरि मुआब्जा दिनु पर्ने अवस्था आयो ।' हलेसी गुफाको मुखैमा भएको जग्गासमेत महन्त, पुजारीले बिक्री गरेकाले त्यहाँ बनाइएको मारतिका छोलिङ गुम्बालाई समेत व्यवस्थापन गर्नुपर्ने अवस्था आएको उनले बताए । गुफाको भारवहन लगायतका अन्य खतरालाई मध्यनजर गर्दै भूगर्वविदको परामर्शका आधारमा व्यवस्थापन गरिने राईले स्पष्ट पारे ।

गुठीको नाममा (पछिल्लो समय गुठी संस्थानको फैसलाबाट प्राप्त जग्गाबाहेक) गुफा आसपास २६ रोपनी मात्र जग्गा देखिन्छ । उनका अनुसार सो जग्गाले नपुग्ने भएकाले थप जग्गा लिनुपर्ने अवस्था आएको छ ।

कसरी पुग्यो व्यक्तिका नाममा ?

हलेसी विकास समितिका निर्देशक सम्बर भुजेलका अनुसार २०४४ सालमा तत्कालीन राजा वीरेन्द्र भ्रमणका बेला गुरुयोजना बनाएर निश्चित क्षेत्रभित्र भएका आठ वटा घरघडेरीलाई मुआब्जा दिइएको थियो । यद्यपि मुआब्जा लिएर पनि घरजग्गा भने खाली गरिएन । त्यतिबेलै गुरुयोजनाका लागि मुआब्जा दिइएका जग्गा रोक्का गरिएको थियो । पछि हलेसीस्थित महेन्द्रोदय माविलाई जग्गा दिने बहानामा फुकुवा गरेर किनबेच सुरु भएको भुजेलको भनाइ छ ।

हलेसी विकास समितिका तत्कालीन अध्यक्ष नारायणसिंह राई, निर्देशक देवराज कार्की, सदस्य तथा तत्कालीन हलेसी गाविस अध्यक्ष कुम्भराज राईलगायत पदाधिकारी रहेका बेला मालपोतबाट फुकुवा गरी लगतकट्टा नगरी त्यतिकै छाडिएकोले थप अतिक्रमण भएको हो । त्यसपछि निरन्तर अतिक्रमण हुँदै आएको उनी बताउँछन् ।

शंखेश्वरी गुठीमा पनि उस्तै

बराहापोखरी गाउँपालिकाको बराहा ताल (शंखेश्वरी महादेवको नाममा भएको) जग्गा पनि स्थानीयले हडपेपछि विकासमा समस्या आएको छ । धार्मिक तथा पर्यटकीय महत्व बोकेको बराहा ताल क्षेत्रमा स्थानीय बसोबास गर्नुका साथै जग्गासमेत व्यक्तिको नाममा राखेपछि बृहत् गुरुयोजना कार्यान्वयनमा समस्या देखिएको हो । बराहा ताल वरपर रहेको शंखेश्वरी गुठी तथा सार्वजनिक जग्गा मिचेर घरटहरा बनाइएको छ । स्थानीयलाई सो क्षेत्रबाट हट्न पटक-पटक अनुरोध गर्दा समेत अटेर गरेको बराहापोखरी गाउँपालिका उपाध्यक्ष गोमा मगरले बताइन् । ताल वरपरका २४ वटा घरटहरा हटाउन सार्वजनिक सूचना जारी गर्दा समेत उनीहरूले अटेर गरेको मगरको भनाइ छ । उनका अनुसार ६ महिने, तीन महिने, एक महिने, १५ दिने र सात दिने सूचना जारी गरिसक्दा समेत स्थानीयले सो क्षेत्र खाली गरेका छैनन् ।

शंखेश्वरी महादेवको नाममा रहेको जग्गासमेत स्थानीयले आफ्नो नाममा दर्ता गराएका छन् । उनीहरूले आफ्नो नाममा दर्ता गरेको करिब ५५ रोपनी जग्गा फिर्ता गर्न मालपोत कार्यालय खोटाङले २०४७ मै आदेश दिए पनि हालसम्म जग्गा फिर्ता भएको छैन । गुठीको नाममा भएको बराहाटार, चालीसे, सावाटारी, बाह्रमुरेलगायतका जग्गा स्थानीयले कब्जामा लिएका हुन् । स्थानीय देवी रेग्मीका अनुसार बराहाटारस्थित गुठीको जग्गा स्थानीय ढकबहादुर कार्की, शिवकुमार श्रेष्ठ, जुक्तिराम राई, कर्म श्रेष्ठ, भुवन श्रेष्ठ, भरत तामाङ, हर्कबहादुर तामाङ, हङकङ मगरलगायतले कब्जा गरेर घर बनाएका छन् ।

त्यस्तै, बमबहादुर कार्की, तिलक विष्ट, छविलाल पुरी, तिलकबहादुर कटवाल, जीतबहादुर विष्ट, कृष्णबहादुर खत्री, शेरबहादुर खड्का, चन्द्रबहादुर खत्री, हीरामाया कार्की, धनमाया थापा, डम्बरबहादुर मगर, बुद्धिमान मगर र खोटेहाङ गाउँपालिका लिच्कीराम्चेका नरबहादुर अधिकारीले समेत आफ्नो नाममा पास गराएका छन् । यी जग्गा गुठीयारले बिक्री गरेका हुन् । मालपोत कार्यालयका अनुसार गुठीको जग्गा व्यक्तिले रजिस्ट्रेसन गराएपछि २०४३ मा मुद्दा परेको थियो ।

बृहत्तर गुरुयोजनामा मन्दिर, विभिन्न जातजातिको संग्रहालय, बसपार्क, गेट, वृद्धाश्रम, कुटी, जाग्रामस्थल, मन्दिर लगायतका विभिन्न भौतिक संरचना निर्माण गर्ने उल्लेख छ । तर स्थानीय गुठीको जग्गा कब्जा गरेपछि गुरुयोजना कार्यान्वयनमा समस्या उत्पन्न भएको बराहापोखरी गाउँपालिका उपाध्यक्ष मगरले बताइन् । सो ताल सरकारको एक सय पर्यटकीय गन्तव्यमा पर्ने भएकाले विकासमा कठिनाइ भएको उनको भनाइ छ । उनका अनुसार संघ सरकारले यस वर्ष ५० लाख रुपैयाँ बजेट दिएको र यसले विभिन्न पूर्वाधार खडा गर्ने तयारी समेत गरिएको छ । उक्त बजेटले पोखरी वरपर पैदलमार्ग बनाउने, तालमा जमेको बालुवा निकाल्ने, विभिन्न मन्दिर बनाउने लगायत योजना गाउँपालिकाको छ ।

अख्तियारमा उजुरी

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको पर्यापर्यटनको केन्द्र रुपाकोटको जग्गा स्थानीयले कब्जा गरेपछि त्यसबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ का लेखनाथ आचार्य र गोविन्दराज आचार्यको नाममा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा दर्ता गरेको खुलेपछि अख्तियारमा उजुरी परेको हो ।

उनीहरूको नाममा भएको कित्ता नं ४४९ मा २५ रोपनी छ आना एक पैसा एक दाम, कित्ता नं ४५० मा २४ रोपनी पाँच आना दुई पैसा र कित्ता नं ४५१ मा २८ रोपनी १३ आना एक पैसा दुई दाम जग्गा दर्ता भएको पाइएको छ । उक्त जगगा २०६६ साउन २ गते व्यक्तिको नाममा आएको देखिन्छ ।

गुठीको जग्गा एसएसपीको नाममा

मझुवागढी क्षेत्रमा पर्ने बुद्धेश्वर गुफा, कालिका भगवती आसपासको जग्गा व्यक्तिको नाममा दर्ता भएपछि यसबारे पनि अख्तियारमा उजुरी परेको छ । बुद्धेश्वर महादेव गुठीको नाममा भएको जग्गा सशस्त्र प्रहरी बल हलेसी गुल्मका तत्कालीन डीएसपी (हाल एसएसपी) कालीदास धौवजीको नाममा ६ आना र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-५ का दिनेशकुमार घिमिरेको नाममा एक रोपनी नौ आना तीन पैसा एक दाम जग्गा गएको देखिन्छ ।

उक्त जग्गा कित्ता नं ३०३ बाट कित्ताकाट गरी ४३८ र ४३९ कायम गरिएको छ । यो जग्गा २०६८ कात्तिक ८ मा पास गरिएको मालपोत कार्यालयको अभिलेखमा उल्लेख छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले सार्वजनिक जग्गाबारेमा गरेको अध्ययनपछि यस्तो पाइएको नगर प्रमुख दीपनारायण रिजालले बताए । उनका अनुसार यसबारेमा अख्तियारले छानबिन गरिरहेको छ ।

मझुवागढी क्षेत्रमा बुद्धेश्वर महादेव गुठीको नाममा (कित्ता नं १०२) १० रोपनी चार आना तीन पैसा तीन दाम र देवीस्थान सामुदायिक वनको नाममा दुई सय ६९ रोपनी चार आना दुई दाम एक पैसा जग्गा रहेको देखिन्छ । नगरपालिकाको प्राविधिक टोलीको प्रतिवेदनअनुसार सशस्त्र प्रहरी बल हलेसी गुल्मको नाममा पनि धेरै जग्गा रहेको पाइएको छ । सो जग्गा स्थानीयले उपलब्ध गराएका हुन् । यसमध्ये कसले कति जग्गा उपलब्ध गराएको र सरकारी स्वामित्वको जग्गा सशस्त्रले उपयोग गरेको छ वा छैन भन्ने पनि अध्ययनको विषय बनेको नगरप्रमुख रिजाल बताउँछन् ।

छोटकरी

फेरि गैंडा मृत भेटियो

नवलपरासी (कास)- पूर्वी नवलपरासीको मध्यवर्ती क्षेत्रमा फेरि अर्को एक भाले गैंडा मृत भेटिएको छ । मध्यविन्दु नगरपालिका-२ सेहेरीको भुताहापोस्ट नजिकैको जंगलमा गैंडा मृत भेटिएको चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ । स्थानीयले बिहीबार बिहान मृत गैंडा देखेपछि प्रहरी र निकुञ्जलाई खबर गरेका थिए । करिब एक साताअघि नै मरेकाले गन्हाएको अवस्थामा भेटिएको स्थानीय श्रीधर शर्माले बताए । गैंडाको खाग र खुर भने सुरक्षित छ । गैंडाको मृत्युको कारणबारे अनुसन्धान जारी रहेको निकुञ्जले जनाएको छ । एक महिनाको अवधिमा पूर्वी नवलपरासीमा मात्र ३ गैंडा मरेका छन् । ९३२ वर्ग किलोमिटर रहेको चितवन निकुञ्ज गैंडाका लागि उत्कृष्ट बासस्थान मानिन्छ । ६ महिनायता यो निकुञ्ज आसपासमा ६ वटा गैंडा मरेका छन् ।

वडाध्यक्ष हत्यामा सात जना पक्राउ

अछाम (कास)- पञ्चदेवल विनायक नगरपालिका-२ का वडाध्यक्ष पदमबहादुर धामीको हत्या अनुसन्धानक्रममा प्रहरीले ७ जनालाई पक्राउ गरेको छ । सोमबार राति हत्या गरिएका धामीको बिहीबार आफन्तले शव बुझेपछि पोस्टमार्टम गरिएको छ । हत्यारा पत्ता नलागेसम्म पञ्चदेवल विनायक नगरपालिकामातहतका सबै कार्यालय बन्द गर्ने सहमति भएपछि आफन्तले शव उठाउन दिएका हुन् । नगर कार्यपालिकाको बैठकले घटनाको सत्यतथ्य छानबिनमा सहयोग गर्ने, मृतकका सन्तानको शिक्षा तथा राहतका लागि केन्द्र सरकारसँग माग गर्नेलगायत निर्णय भएको मृतकका आफन्त दीपेन्द्र धामीले बताए । धामीको शव मंगलबार बिहान ५ बजे गैरीगाउँस्थित गोठछानामा फेला परेको थियो ।

मेयरको मनोमानीमा सांसदको साथ

■ तिनोद भण्डारी (विराटनगर)

मोरङको सुनवर्षी नगरपालिकामा सरुवा भएर आएका कार्यकारी अधिकृतलाई हाजिर हुन नदिनमा त्यस क्षेत्रका सांसद तथा कांग्रेस केन्द्रीय नेता मीनेन्द्र रिजालको पनि भूमिका पाइएको छ । सुनवर्षी नगरपालिका मोरङको क्षेत्र २ मा पर्छ । यो क्षेत्रमा रतुवामाई नगरपालिका पनि पर्छ ।

नगरका तत्कालीन कार्यकारी अधिकृत राजकुमार केसी धनुषाको नगराइन नगरपालिकामा सरुवा भएपछि रौतहटको चन्द्रपुर नगरबाट सुरुवा भएर पुस २८ मा सुनवर्षी आएका पुरुषोत्तम घिमिरेलाई मेयर कालीप्रसाद दासले हाजिरी गर्न दिएका छैनन् । हाजिरी गर्ने रजिस्टर दासले गायब गरेपछि नगरका कुनै कर्मचारीले एक महिनादेखि हाजिरी गर्न पाएका छैनन् । घिमिरेले नयाँ रजिस्टर किनेर त्यसैमा हाजिरी जनाउँदै आएका छन् । 'मेयरले रजिस्टर गायब पारेपछि मैले सांसद मीनेन्द्र रिजालेलाई फोन गरेर रौतहटबाट हजुरको क्षेत्रको सुनवर्षीमा काम गर्न आएको छु तर मेयरले हाजिर हुन दिएनन् भनेर जानकारी गराएँ,' घिमिरेले भने, 'रिजालले पनि सुनवर्षीमा लफडा छ, त्यहाँ धेरै पुराना काम फत्ते गर्न र भुक्तानी गर्न बाँकी छ, काम गर्न सजिलो छैन भन्दै रतुवामाई नगरपालिका जान भन्नुभयो ।'

रतुवामाई पनि आफ्नै क्षेत्रमा पर्ने भन्दै रिजालले त्यहाँ गएर काम गर्न र त्यसका लागि सामान्य प्रशासन मन्त्रालयमा कुरा बढाउन भनेको उनले बताए । काठमाडौंमा रहेका सांसद रिजालले भने यस विषयमा कार्यकारी अधिकृत घिमिरेसँग कुरै नगरेको दाबी गरे । 'म घिमिरेलाई चिन्दै चिन्दिनँ,' उनले आक्रोशित हुँदै भने, 'निजामती कर्मचारीलाई कहाँ राख्ने, कहाँ नराख्ने सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी हो, मेरो काम होइन ।'

यसैबीच मेयर दासले नियमित सरुवा भएर आएका घिमिरेलाई बिहीबार पनि हाजिर हुन नदिई नगरको शिक्षा शाखा प्रमुख उपसचिव रुद्रप्रसाद दुलाललाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाएका छन् । पत्र पठाएलगत्तै मेयर दासले सांसद रिजालेलाई यसको जानकारी टेलिफोनमार्फत गराएको नगर स्रोतले बतायो । स्रोतका अनुसार फोनमा दासले 'सबै प्रक्रिया मिलाएको छु, बाँकी तपाईंको काम' भनेका थिए ।

दासले हस्ताक्षर गरेर मन्त्रालय पठाएको चलानी नम्बर ११२९ को पत्रमा भनिएको छ, 'यस नगरपालिकामा विगतका वर्षदेखि छोटो समयमा प्रमुख प्रशासकीय अधिकृतको सरुवा भई आउने-जाने क्रमले नगरको काम कारबाही प्रभावित हुँदै गरेको र प्रमुख प्रशासकीय अधिकृत राजकुमार केसी नगराइन नगरपालिका धनुषा सरुवा भई गएका कारणले प्रमुख प्रशासकीय अधिकृतको स्थायी व्यवस्थापनका लागि यसै नगरपालिकामा समायोजन भई आउनुभएका उपसचिव रुद्रप्रसाद दुलाल संकेत नम्बर १६१७०६ लाई दैनिक प्रशासनिक कामकाज गर्न निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको हुँदा निजलाई आर्थिक कामकाज गर्ने अख्तियारी प्रदान गरी नगरको नियमित कार्य सञ्चालनको व्यवस्था गरिदिन अनुरोध गरिएको छ ।'

बिहीबार पनि घिमिरे नयाँ रजिस्टरमा हाजिरी गरेर नगरपालिकामै बसेका थिए । कार्यकारीले हाजिरी गर्ने रजिस्टर मेयर दासकै इसारामा गायब पारिएको र कार्यपालिकाका सबै सदस्य घिमिरेलाई हाजिर गराउने पक्षमा भए पनि मेयर मात्र विपक्षमा रहनु रहस्यमय भएको उपमेयर मञ्जु राईले बताएकी छन् । उनका अनुसार मेयर र कार्यकारीको विवादले एक महिनादेखि नगरका सबै गतिविधि ठप्प छन् ।

गत वर्ष यो नगरको ४ करोड विकास बजेट फ्रिज हुनुका साथै १२ करोडभन्दा बढी बेरुजु रहेको नगर स्रोतको भनाइ छ । स्रोतका अनुसार गत वर्ष ससर्त अनुदानको दुई करोड, प्रदेश सरकारको अनुदान १३ लाख र सांसद विकास कोषको २८ लाख रुपैयाँ फिर्ता गएको थियो ।

गाउँपालिका अध्यक्षविरुद्ध मुद्दा

ताप्लेजुङ (कास)- दबाब दिएर भ्रूणहत्या गर्न लगाएको भन्दै पाँचथरको कुम्मायक गाउँपालिकाका अध्यक्ष जयबहादुर चेम्जोङसहित ७ जनाविरुद्ध किटानी जाहेरी दर्ता भएको छ । मेगा बैंकको त्यहाँस्थित शाखामा कार्यरत कर्मचारीसँग प्रेमविवाह गरेपछि रहेको गर्भ दबाब दिएर पतन गराइएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा बिहीबार जाहेरी दिएकी हुन् ।

जाहेरी परेलगत्तै पाँचथर जिल्ला अदालतबाट अध्यक्षसहित प्रतिवादी सातै जनालाई पक्राउ गर्न आदेश लिएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख सिद्धराज न्यौपानेले बताए । जाहेरी पर्नु पहिल्यैदेखि अध्यक्ष चेम्जोङ सम्पर्कबाहिर छन् ।

अनुसन्धान प्रक्रियामा प्रभाव पर्ने भन्दै प्रहरीले अन्य प्रतिवादीको नाम गोप्य राखेको छ । दलित समुदायकी ती युवतीले क्षत्री समुदायका बैंक कर्मचारीसँग गत साउनमा मन्दिरमा गएर विवाह गरेको र त्यसपछि रहेको २१ साताको गर्भ गाउँपालिका अध्यक्षको दबाबमा पतन गर्न बाध्य बनाइएको जाहेरीमा उल्लेख गरेकी छन् । उनले आफूसँग विवाह गरेका ती कर्मचारीका अभिभावक र आफन्तको आग्रहमा पालिका अध्यक्ष चेम्जोङले धम्की दिएर भ्रूण हत्या गर्न बाध्य बनाएको दाबी गरिएको छ । मुद्दामा युवतीले आफ्ना श्रीमान्, अभिभावक र स्वास्थ्यकर्मीसम्मलाई विपक्षी बनाएकी छन् ।

लुम्बिनी विस्तारबारे छलफल सुरु

■ माधव दुंगाना (भैरहवा)

बृहत्तर लुम्बिनी क्षेत्र र शान्ति सहरको योजना कार्यान्वयनका लुम्बिनी विकास कोषले कार्य सुरु गरेको छ । प्रारम्भिक चरणमा कोषले स्थानीय, राजनीतिक दल र विज्ञसँग परामर्श र सुझाव संकलन सुरु गरेको हो ।

लुम्बिनीलाई केन्द्र बनाएर कपिलवस्तु, रूपन्देही र पश्चिम नवलपरासीमा रहेका बुद्धसँग सम्बन्धित पुरातात्त्विक महत्त्वका स्थलहरूको एकीकृत विकास गर्न कोषले एक दशकअघि बृहत्तर लुम्बिनी क्षेत्र योजनाको अवधारणा ल्याएको थियो । सन् १९९८ मा लुम्बिनीमा भएको प्रथम विश्व बौद्ध शिखर सम्मेलनले बुद्ध जन्मस्थललाई शान्तिको मुहान घोषणा गरेको थियो । त्यसअनुरूप सन् २००४ मा सम्पन्न दोस्रो विश्व बौद्ध शिखर सम्मेलनले लुम्बिनीलाई विश्व शान्ति सहरका रूपमा विकास गर्ने निर्णय गरेको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले बृहत्तर लुम्बिनीमा कुन-कुन क्षेत्र समेट्ने भन्नेबारेमा यकिन भइनसकेको बताएका छन् । छलफलको माध्यमबाट योजना कार्यान्वयनतर्फ प्रवेश गरिएको उनले बताए । रामग्राम, देवदह, तिलौराकोटलगायत कपिलवस्तुमा रहेका पुरातात्विक स्थल र सैनामैना बृहत्तर लुम्बिनी क्षेत्रमा जोडिने उनले जनाए । उनका अनुसार लुम्बिनी विश्व शान्तिको सहर र बृहत्तर लुम्बिनी क्षेत्रबारे स्थानीय तहसम्म छलफल गरिनेछ ।

'हिजोकै अवस्थामा अब लुम्बिनी रहन सक्दैन । यसको विस्तार गर्नैपर्छ,' बृहत्तर लुम्बिनी योजना तथा विश्व शान्ति सहर कार्यान्वयनसम्बन्धी यहाँ आयोजित कार्यक्रममा कोषका अध्यक्षसमेत रहेका भट्टराईले भने, 'यो बुद्धसँग कुनै न कुनै हिसाबले जोडिएका रूपन्देही, कपिलवस्तु र नवलपरासीमा रहेका स्थललाई एउटा बुद्ध सर्किटका रूपमा जोड्ने योजना हो ।' बृहत्तर

> बृहत्तर लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूप, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थल बनाइने

लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूपा, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थलका रूपमा अघि बढाइने उनले बताए ।

लुम्बिनी विकास कोषका अनुसार बृहत्तर लुम्बिनी क्षेत्र योजनाबारे धेरै अघिदेखि चर्चा गरिएको भए पनि बजेट विनियोजन हुन थालेको दुई वर्ष मात्र भएको छ । वार्षिक एक-एक करोड रुपैयाँ बजेट आए पनि कोषले खर्च गर्न सकेको छैन । स्थानीय तहदेखि प्रधानमन्त्री, सबै राजनीतिक दलका प्रमुख र विज्ञलाई सहभागी गराएर राय संकलन गरिने कोषका योजना प्रमुख सरोज भट्टराईले बताए । बृहत्तर लुम्बिनी क्षेत्रको योजनालाई पूरा गर्न 'बृहत्तर लुम्बिनी क्षेत्र प्राधिकरण' को गठन गर्ने र विदेशी दातृ निकाय, नेपाल सरकार, प्रदेश र स्थानीय तहबाट प्राप्त हुने बजेट र दाताले दिने सबै सहयोग त्यही प्राधिकरणमा राख्ने अवधारणा उनले बताए । 'बृहत्तर लुम्बिनी क्षेत्रको आयोजना कम्तीमा पनि २ सय अर्ब (२ खर्ब) रुपैयाँको हुनेछ । यो बजेटको कार्यान्वयनबाट यस क्षेत्रको आर्थिक, सामाजिक जीवनमा ठूलो प्रभाव पार्नेछ,' भट्टराईले भने, 'यसले रोजगारीको सिर्जना हुन्छ, मृत्यु दर घट्छ । हामी यसतर्फ अगाडि बढ्नेछौं ।'

तीन वर्गमाइल क्षेत्रफलमा रहेको हालको लुम्बिनी गुरुयोजना कार्यान्वयनका लागि जग्गा अधिग्रहण गरिँदा विस्थापित भएजस्तै फेरि विस्थापित हुनुपर्ने भन्दै कैयन् स्थानीय बासिन्दा लुम्बिनी शान्ति सहर योजनाको विरोधमा उत्रेका छन् । लुम्बिनी क्षेत्रका प्रदेशसभा सदस्य फखरुद्दिन खानले भने, 'यहाँका सम्पदालाई समाजसँग जोड्न लुम्बिनी विकास कोष र स्थानीयबीच धेरै विवाद छ ।' लुम्बिनीको विकासबारे काठमाडौंका तारे होटलमा छलफल नगर्न र योजनामा स्थानीय संस्कृति र पहिचान समावेश गर्न उनले सुझाव दिए ।





शरद घाइते
बाँकी खेल गुमाउने । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



नेवारी संस्कृति
मनाइयो भीमसेन पूजा

वर्ष २७ अंक ३४८ जनकपुर | २४ माघ २०७६ शुक्रबार माघ शुक्लपक्ष त्रयोदशी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, February 07, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ



ललितपुरको हिरण्यवर्ण महाविहार (स्वर्ण मन्दिर) का बफचा (मुख्य पुजारी) ११ वर्षीय सुरेन्द्र शाक्य मन्दिर सफाइ गर्दै । उनी यहाँको पुजारी बनेको बिहीबार १४ औं दिन थियो । बाह्रौं शताब्दीको यो मन्दिरमा १२ वर्षमुनिका शाक्य थरका बालकलाई मुख्य पुजारी बनाइन्छ, त्यो पनि ३० दिनका लागि मात्र । महिना दिन पुगेपछि फेरि नयाँ मुख्य पुजारी चयन गरिन्छ । *तस्बिर : केशव थापा/कान्तिपुर*

ललिता निवास प्रकरण

किर्ते र ठगीमा पनि कारबाही अघि बढ्दै

पाँच पूर्वमन्त्रीसहित १७२ विरुद्ध अनुसन्धान गर्न अनुमति माग

■ **मातृका दाहाल** (काठमाडौं)

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले ललिता निवास अनियमितता प्रकरणमा संलग्न १७२ जनामाथि किर्ते र ठगीको मुद्दा चलाउन प्रक्रिया अघि बढाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यही प्रकरणमा १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको भोलिपल्टै प्रहरीले गृह मन्त्रालयलाई जाहेरीका लागि पत्राचार गरेको हो ।

स्रोतका अनुसार सीआईबीले गृहलाई बिहीबार पत्र पठाउँदै ठगी र किर्ते मुद्दाको जाहेरी अघि बढाइदिन आग्रह गरेको छ । फौजदारी न्याय प्रणालीमा पीडितले जाहेरी दिनुपर्छ । गृहअन्तर्गतकै समरजंग कम्पनीको जग्गा मिचिएकाले गृहले प्रहरीलाई निर्देशनसहित पत्र पठाएपछि कारबाही प्रक्रिया अघि बढ्नेछ ।

गत साता सीआईबीले गृहमा बुझाएको प्रतिवेदनमा ललिता निवास अनियमितता प्रकरणमा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १७२ संलग्न भएको भन्दै किर्ते र ठगीमा कारबाही चलाउन सिफारिस गरिएको थियो । उक्त प्रतिवेदन कार्यान्वयनका लागि अब गृहले प्रहरीमै फाइल पठाउनुपर्ने हुन्छ । सीआईबीले यसअघि सरकारको निर्देशनअनुसार छानबिन मात्र गरेको थियो भने अब फौजदारी मुद्दा चलाउन अनुसन्धान गर्नुपर्नेछ ।

प्रहरी प्रवक्ता डीआईजी शैलेश थापाले ठगीमा पीडित पक्षले जाहेरी दिनुपर्ने कानुनी व्यवस्था भएकाले गृह वा सरकारी निकायबाट निवेदन आएपछि अनुसन्धान अघि बढ्ने बताए । उनले भने, 'यसका लागि हामीले अनुसन्धान प्रतिवेदनअनुसार सरकारलाई जाहेरीका लागि अनुमति मागेका छौं ।' जाहेरी दर्ता भएपछि आरोपितलाई आवश्यकताअनुसार पक्राउ गरेर अनुसन्धान गर्ने बाटो खुल्नेछ ।

गृहले केही दिनमै सीआईबीमा अनुसन्धानका लागि पत्र पठाउने तयारी गरेको छ । गृह सचिव महेश्वर न्यौपानेले प्रतिवेदनअनुसार नै ललिता निवासको जग्गा प्रकरणमा कारबाही प्रक्रिया अघि बढाइने प्रतिक्रिया दिए । सीआईबीले यसअघि तयार पारेको प्रतिवेदनमा पूर्वउपप्रधानमन्त्री गच्छदार, पूर्वमन्त्रीहरू चन्द्रदेव जोशी, डम्बरबहादुर श्रेष्ठ, छविराज पन्त, पूर्वराज्यमन्त्री सञ्जयकुमार साह, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख भइसकेका पूर्वसचिव दीप बस्न्यात, तत्कालीन भूमिसुधार सचिव दिनेशहरि अधिकारी, बहालवाला सहसचिव तेजप्रसाद पाण्डेलगायत १७२ विरुद्ध फौजदारी कसुरमा अनुसन्धान हुनुपर्ने राय दिएको थियो । पूर्वराज्यमन्त्री साह व्यक्ति हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । उनी २०६६ मा माधवकुमार नेपाल नेतृत्वको सरकारमा भौतिक योजना राज्यमन्त्री थिए ।

सीआईबीको सूचीमा अख्तियारबाट भ्रष्टाचारको मुद्दामा नपरेका केही व्यक्तिसमेत छन् । सीआईबीको निवेदनमा तत्कालीन मन्त्री, सचिव, मालपोत र भूमिसुधारका कर्मचारी, भूमाफिया, व्यापारीलगायतलाई किर्ते र ठगी अभियोगमा थप अनुसन्धानको अनुमति मागिएको छ । कान्तिपुरलाई प्राप्त विवरणअनुसार ललिता निवासको जग्गा अनियमिततामा २०४९ सालमा ४८ जना, २०६१/०६२ मा २१ जना, २०६६ मा ६६ जना र २०६९ मा ३७ गरी १७२ जनाले पद दुरुपयोग गरेको दाबी छ । उनीहरूमाथि मुलुकी ऐनको किर्ते र ठगी महल तथा मुलुकी फौजदारी अपराध संहिताको किर्ते र ठगी कसुरमा मुद्दा दायर गर्नुपर्ने सिफारिस छ ।

बाँकी पृष्ठ १३

कान्तिपुरविरुद्धको अवहेलना मुद्दा खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

अदालतको अवहेलना गरेको भन्दै कान्तिपुर पब्लिकेसन्सविरुद्ध दुई वर्षअघि दायर मुद्दा सर्वोच्च अदालतले खारेज गरेको छ । सर्वोच्चका न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र प्रकाशमान सिंह राउतको बिहीबार बसेको बृहत् पूर्ण इजलासले कान्तिपुरले उठाएका मुद्दा सत्य र वस्तुनिष्ठ रहेकाले अवहेलना ठहर हुन नसक्ने फैसला गरेको हो ।

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको शैक्षिक योग्यताका सम्बन्धमा लेखिएको समाचारले अदालतको अवहेलना भएको भन्दै कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया, निर्देशक स्वस्तिका सिरोहिया, प्रधान सम्पादक सुधीर शर्मा र संवाददाता कृष्ण ज्ञवालीविरुद्ध मुद्दा दायर गरिएको थियो ।

सर्वोच्चको फैसलाले कान्तिपुरविरुद्ध सुनियोजित रूपमा गलत मनसायका साथ मुद्दा लगाइएको पुष्टि भएको कानुनविद्हरूले बताएका छन् । 'फैसलाले तत्कालीन प्रधानन्यायाधीशले शक्ति र पहुँचका आडमा कान्तिपुरविरुद्ध चालेको कारबाही गैरकानुनी र पूर्वाग्रही थियो भन्ने पुष्टि गऱ्यो,' वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले भने, 'यस फैसलाले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको दायरालाई फराकिलो पारिदिएको छ ।'

मेडिकल माफियाका पक्षमा फैसला गरेको भन्दै पराजुलीको आलोचना गरेका सत्याग्रही डा. गोविन्द केसीलाई पनि अवहेलनामा मुद्दा दायर गरी कान्तिपुरसँगै सुनुवाइमा राखिएको थियो ।

बाँकी पृष्ठ १३

भोलिको कोसेली

बेपत्ता नागरिक आख्यान विशेष

- महेशविक्रम शाह– म बेपत्ता !
- राजव– क्रूर मौन
- हरि अधिकारी– जुना तामाङको प्रेमकथा
- सरस्वती प्रतीक्षा– फोबिया
- नवीन विभास– बेपत्ताकी डाई
- उमा सुवेदी– उकुच
- ज्योति जङ्गल– ऋण
- फूलमान वल– कमरेड रोशी
- अभय श्रेष्ठ– निडर
- बिना थिङ तामाङ– गन्धे झार

नेपालगन्ज र नोबेलले लिए अतिरिक्त शुल्क

■ **सुदीप कैनी** (काठमाडौं)

चिकित्सा शिक्षा आयोगको निर्देशन अवज्ञा गर्दै मोरङको नोबेल र बाँकेको नेपालगन्ज मेडिकल कलेजले एमबीबीएसका विद्यार्थीसँग अतिरिक्त शुल्क असुल्न थालेका छन् । विद्यार्थी र अभिभावकलाई प्रलोभन, त्रास र धम्की दिएर कलेज सञ्चालकहरूले शैक्षिक सत्रको सुरुमै बढी शुल्क असुलेका हुन् ।

२९ लाखभन्दा बढी अतिरिक्त शुल्क उठाउने प्रयास गरेको नोबेलले थप शुल्क लिन ६ जना विद्यार्थीसँग कबुलियतनामा गराइसकेको छ ।

कबुलियतनामामा भर्ना, परीक्षा लगायत शीर्षकमा थप शुल्क लिने उल्लेख छ । नोबेलले बढी शुल्क तिर्न सहमत भएका ती ६ विद्यार्थीसँग मात्र माघ १९ गते काउन्सिलिङ गरेको थियो । अधिकांश अभिभावकले बढी शुल्क नतिर्ने अडान लिएपछि कलेज प्रशासनले शुल्क नतिर्नेलाई काउन्सिलिङमा सहभागी नगराएको हो । कलेजले एमबीबीएसतर्फ १०० विद्यार्थीको भर्ना लिन पाउँछ ।

नोबेलका अभिभावकले अतिरिक्त रकम माग्ने कलेजविरुद्ध चिकित्सा शिक्षा आयोग र काठमाडौं विश्वविद्यालय गुहारिसकेका छन् । आयोग र विश्वविद्यालयले आग्रह गरिसकेकाले थप शुल्क नतिर्ने अभिभावकहरूको भनाइ छ ।

'नोबेलका सञ्चालक सुनील शर्माले फकाएर र धम्क्याएर ६ जनासँग बढी पैसा लिएछन्,' एक अभिभावकले कान्तिपुरसँग भनिन्, 'बाँकी अभिभावकले बढी रकम नतिर्ने सहमति गरेका छौं, भर्नाका लागि काठमाडौं विश्वविद्यालयमा

> 'अभिभावकलाई बढी पैसा नतिर्नु भनियो तर सरकारले कलेजलाई लिन रोक्न सकेन'

पहिलो किस्ताको रकम जम्मा भइसकेको छ, पढाइ सुरु नगरे कानुनी उपचारमा जान्छौं ।'

आयोगको सम्पर्कमा आएका अभिभावकलाई उपाध्यक्ष श्रीकृष्ण गिरी र सदस्यसचिव हरिप्रसाद लम्सालले 'एक रुपैयाँ पनि बढी रकम नतिर्न' भनेका छन् । 'विश्वविद्यालयमार्फत कलेजलाई सचेत गराइराखेका छौं, भर्ना गराएको ३५ दिनभित्र पढाइ सुरु गर्नुपर्ने काम विश्वविद्यालयको हो,' गिरी र लम्सालको भनाइ उद्धृत गर्दै अभिभावक केशव दाहालले भने, 'उपाध्यक्ष गिरी र सदस्यसचिव लम्सालले बढी पैसा लिन नपाए विद्यार्थी पढाउँदिनँ भन्ने मेडिकल कलेजको सम्बन्धन खारेज गर्छौं भन्नुभएको छ ।'

नोबेल प्रशासनले भने अभिभावकले बढी रकम नदिने अडान लिएपछि चिकित्सा शिक्षा आयोगलाई पत्राचार गरेको थियो । शिक्षण शुल्कबापत कुन-कुन शीर्षकमा शुल्क लिन पाउने हो भनेर कलेजले लेखेको पत्रको जवाफमा आयोगले तोकिएभन्दा बढी शुल्क लिन नपाइने स्पष्ट पारेको छ । 'आयोगले कुनै पनि शुल्क नलिन सचेत गराएपछि नोबेल मेडिकल कलेजले अतिरिक्त शुल्कमा पनि छुट दिने नयाँ तरिका अपनाएको अभिभावकहरूले गुनासो गरे । कलेजले तत्कालका लागि २९ लाखबाट घटाएर १५ लाख रुपैयाँ मात्रै अतिरिक्त शुल्कमा कलेजले मोलमोलाइ गरिरहेको छ ।

नोबेल कलेजले प्रशासनले भने शिक्षण शुल्कका विषयमा विवाद सुल्झेको दाबी गरेको छ । कलेजले नयाँ भर्ना भएका केही विद्यार्थी र तिनका अभिभावकलाई बोलाएर शुल्क विवाद सुल्झाएको जनाएको हो ।

बाँकी पृष्ठ १३

अन्तरिक्षमा ३२८ दिन

अल्माटी/वासिङ्टन (एजेन्सी)- झन्डै एक वर्ष लामो अन्तरिक्ष यात्रापछि बिहीबार कजाकिस्तानको उत्तरी क्षेत्रस्थित हिउँले सेताम्य जमिनमा पाइला टेक्दै गर्दा क्रिस्टिना कोच निकै हर्षित देखिन्थिन् । अन्तरिक्ष यान जमिनमा उत्रेलगत्तै सहयोगीले उनलाई कुर्सीमा राखे र गुरुत्वाकर्षण सन्तुलनका लागि 'मेडिकल टेन्ट' तर्फ दौडाए । त्यसै क्रममा उनले भनिन्, 'म निकै उत्साहित र निकै खुसी छु । मैले यो क्षणलाई अन्तरिक्ष नायकहरूका पाइला पछ्याइरहेका बेला भएको सम्मानका रूपमा लिएकी छु ।'



रोयटर्स

पृथ्वीमा ओलिंएपछि बिहीबार अन्तरिक्ष यात्री क्रिस्टिना कोच ।

खासमा उनी खुसी हुनुको मुख्य कारण हो- उनका नाममा बनेको नयाँ कीर्तिमान । लामो समय अन्तरिक्षमा बिताउने महिलाका रूपमा पेगी हिविट्सनको कीर्तिमान (२८९ दिन) उनले तोडेकी छन् । सन् २०१९ मार्च १४ मा अन्तरिक्ष यात्रामा निस्केकी कोच ३२८ दिनपछि सोयुज यानमार्फत पृथ्वीमा ओर्लेकी हुन् । अमेरिकी अन्तरिक्ष संस्था (नासा) की ४१ वर्षीया कोचको टोलीमा अन्य दुई अन्तरिक्ष यात्री युरोपेली अन्तरिक्ष निकायका लुका पार्मिटानो र रसियाका अलेक्जान्डर स्केभोर्सोभ पनि थिए ।

बाँकी पृष्ठ १३



८ किलो बोधिचित्त बरामद

कान्तिपुर संवाददाता (पर्सा)

नेपालबाट भारततर्फ बोधिचित्तको माला तस्करी हुँदै आएकामा यसपटक ठीक उल्टो

बोधिचित्त मालाको भारतबाट नेपालतर्फ तस्करी हुन थालेको छ। सशस्त्र प्रहरी बल नेपाल १४ नम्बर गुल्म (वीरगन्ज भन्सार राजस्व तथा भन्सार गस्ती सुरक्षा) बाट खटिएको टोलीले बुधबार साँझ भन्सार मूल गेट नजिकबाट ८ किलो बोधिचित्त माला बरामद गरेको हो। १२ हजार रुपैयाँ बराबरको उक्त माला एक व्यक्तिले फालेर भागेका थिए।

पहाडी मूलका जस्ता देखिने व्यक्तिले उक्त मालाको झोला फालेर भागेको गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक अमरबहादुर खत्रीले जानकारी दिए।

आफूले गुल्मको जिम्मेवारी सम्हालेयता नेपालबाट दुईपटक भारततर्फ लैजाँदै गरेको अवस्थामा बोधिचित्तको माला बरामद भएकोमा यसपटक भने भारतबाट नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा भेटिएको उनले बताए। 'यसपटक उल्टो भएको छ,' उनले भने, 'सम्भवत: नेपालभन्दा भारतमा सस्तो भएर बोधिचित्त मालाको तस्करी नेपालतर्फ भएको हुनसक्छ।' विशेषगरी बौद्ध धर्मावलम्बीले प्रयोग गर्ने बोधिचित्त माला अन्य मालाभन्दा महँगो हुन्छ।

४ करोड ३३ लाखका सामान बरामद

गुल्मले चालु आर्थिक वर्षको साउन महिनायता बिहीबारसम्ममा गरी भारतबाट नेपाल तथा नेपालबाट भारततर्फ तस्करी गर्दै गरिएको अवस्थामा ४ करोड २३ लाख ६३ हजार ५ सय ७७ रुपैयाँ बराबरको मालसामान बरामद गरेको जनाएको छ। यसबीचमा सबैभन्दा बढी भदौमा १ करोड ४४ लाख १६ हजार ४ सय २३ रुपैयाँ र सबैभन्दा कम पुसमा २३ लाख ४८ हजार ५ सय ४९ रुपैयाँ बराबरको अवैध सामान नियन्त्रणमा लिएको छ। माघमा बिहीबारसम्मको आँकडाअनुसार २८ लाख ५३ हजार २ सय ६१ हजार रुपैयाँ बराबरको मालसामान बरामद भएको गुल्मपति खत्रीले जानकारी दिए।

बरामद मालसामानमध्ये २ करोड ४९ लाख ९७ हजार रुपैयाँ बराबरको सवारीसाधन, ३ लाख ५२ हजार ६ सय ५१ रुपैयाँ बराबरको सुनचादी, ५९ लाख २५ हजार १ सय ६३ रुपैयाँ बराबरको लत्ताकपडा, २० लाख ५३ हजार ९ सय ५० रुपैयाँ बराबरको हार्डवेयरका सामानलगायत छन्। उनले खुला सिमाना, परम्परागत रुपमा तस्करीमा संलग्न व्यक्ति तथा गिरोह प्रहरीका लागि मुख्य चुनौती रहेका बताए। 'उपलब्ध साधनस्रोत, जनशक्ति र क्षमताको पूर्ण उपयोग गरी तस्करी नियन्त्रणको प्रयास जारी छ,' उनले भने।



धनुषाका विभिन्न गाउँमा उत्पादित काउली, बन्दा, आलु, सागसब्जीलगायत तरकारी क्षिरेश्वरनाथ नगरपालिकास्थित महेन्द्रनगर बजारमा बिक्री गरिँदै। जनकपुर बजारवासीले मुख्य गरी यहींबाट तरकारी किन्ने गर्छन्। *तस्विर : शाहीमान राई/कान्तिपुर*

उखु किसानको २२ करोड भुक्तानी

इन्दुशंकर चिनी उद्योगले यस वर्ष क्रसिङ गरिएको उखुको भुक्तानी दिन सुरू गरे पनि महालक्ष्मी र अन्नपूर्णले भने अघिल्ला वर्षदेखिकै बक्यौता तिर्न बाँकी छ

■ **ओमप्रकाश ठाकुर** (सर्लाही)

हरिवनस्थित इन्दुशंकर चिनी उद्योगले किसानलाई यो सिजनमा क्रसिङ गरिएको उखुको भुक्तानी दिन सुरु गरेको छ। जिल्लाको दक्षिणी क्षेत्रका दुई चिनी उद्योगले उखुको बक्यौता र सरकारले अनुदानवापत किसानलाई गत वर्षकै भुक्तानी दिएका छैनन्।

पुस ११ बाट क्रसिङ सुरु गरेको इन्दुशंकरले बुधबारसम्म १५ लाख ६२ हजार क्विन्टल उखु क्रसिङ गरेको छ। त्यसबापत किसानलाई २२ करोड रुपैयाँ भुक्तानी गरिएको मिलका उखु प्रबन्धक योगनारायण रजकले बताए। उनले किसानसँग गरिएको सहमतिअनुसार यस वर्षको भुक्तानी दिन थालिएको जानकारी दिए। 'समयमा भुक्तानी पाएपछि किसान पनि खुसी छन्,' उनले भने, 'समयमा किसानले भुक्तानी र अनुदान नपाउँदा निराश थिए, उखु खेती पनि घटेको छ।'

प्रत्येक वर्ष किसानको सहमतिमा उखु क्रसिङ सुरु हुने भए पनि यसअघिका वर्षमा उद्योगले भुक्तानी दिँदा सहमति भंग गरेको थियो। गत वर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गरेको उद्योगले यस वर्ष ३० लाख क्विन्टल मात्र क्रसिङ गर्ने लक्ष्य लिएको उनले बताए। भुक्तानीमा झमेला र सरकारबाट समेत समयमा अनुदान नपाएपछि उखु खेती घट्दै गएकाले लक्ष्य घटाइएको उद्योगले जनाएको छ।

जिल्लाको बगदहस्थित महालक्ष्मी चिनी उद्योग र धनकौलस्थित अन्नपूर्ण चिनी उद्योगले गत वर्षको भुक्तानी अझैसम्म दिएका छैनन्। इन्दुशंकरले भने गत वर्षको भुक्तानी दसैँअघि नै किसानलाई दिइसकेको बताएको छ। प्रत्येक दिन ४५ हजार क्विन्टल उखु क्रसिङ गरिरहेको इन्दुशंकरले यस वर्ष प्रत्येक दिन एक करोडको हाराहारीमा किसानलाई भुक्तानी दिइरहेको दावी गरेको छ। नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले कतिपय उद्योगले यस वर्षको भुक्तानी दिन थाले पनि सरकारले गत वर्षको अनुदानबापत ३६ करोड तथा महालक्ष्मी र अन्नपूर्ण चिनी उद्योगले करिब ५० करोड रुपैयाँ भुक्तानी नदिएको गुनासो गरे। उनले किसानले भुक्तानी नपाउँदा घरव्यवहार धान्न मुश्किल परेको दुखेसो पोखे। उखुको भुक्तानी र समयमा अनुदान नपाउँदा किसान निराश भएर उखु खेती गर्ने छाडेको उनको भनाइ छ। 'चिनी उद्योग र सरकारबाट भुक्तानी नपाएर उखु किसान निराश छन्, यसको असर उत्पादनमा देखिएको छ,' मैनालीले भने, 'यस्तै अवस्था रहे उखु उत्पादनमा अग्रणी रहेको सर्लाहीमा उखु पाउन मुश्किल पर्नेछ।' इन्दुशंकरसँग १३ हजारभन्दा बढी किसानले उखु बिक्री गर्दै आएका छन्। उद्योगमा उखु पुऱ्याएको १५ दिनभित्रै किसानले सोबापतको रकम पाइरहेको उखु प्रबन्धक रजकले दावी गरे। मिलले गत वर्षको समर्थन मूल्य प्रतिक्विन्टल ५ सय ३६ रुपैयाँ २८ पैसा कायम गरेर मिलले किसानलाई प्रतिक्विन्टल ४ सय ७१ रुपैयाँ भुक्तानी गर्ने र प्रतिक्विन्टल ६५ रुपैयाँ २८ पैसा सरकारले अनुदान दिने आश्वासन दिएको थियो।

गत वर्ष उखु बेचेका किसानको सरकारी अनुदानबापत पाउने कुल रकमको ६८ प्रतिशत मात्र यस वर्ष कोष तथा लेखा नियन्त्रकको कार्यालयमा आएको छ। किसानको लागि आएको सो रकम पनि तीन महिनादेखि कोलेनिकामा थन्किएको छ।

जिल्लाका तीनवटै उद्योगले उपलब्ध गराएको तथ्यांकअनुसार यस वर्ष सरकारी अनुदान ३६ करोड रुपैयाँभन्दा बढी हुनुपर्नेमा २४ करोडको मात्रै अख्तियारी आएको कोलेनिका प्रमुख जगतप्रसाद थपलियाले जानकारी दिए। दुई वर्षअघि पनि सरकारले अनुदान रकम पूर्ण रूपमा नपठाउँदा किसानले एक करोडभन्दा बढी रकम पाउन बाँकी नै छ। सर्लाहीमा हाल इन्दुशंकर र महालक्ष्मी चिनी उद्योग मात्रै सञ्चालनमा छन्। किसानलाई तीन/चार वर्षदेखिको भुक्तानी नदिएको अन्नपूर्ण चिनी उद्योग यस वर्ष बन्द छ। उद्योग सञ्चालन नहुँदा यस क्षेत्रका किसानलाई उखु बिक्री गर्न समस्या भइरहेको छ।



सर्लाहीको हरिवनस्थित इन्दुशंकर चिनी उद्योगमा बिक्रीका लागि लगिएको उखु। *तस्विर : कान्तिपुर*

बीओपी राख्न जग्गा अभाव

पर्सा (कास)- सिमावर्ती क्षेत्रमा सशस्त्र प्रहरीको थप पाँचवटा बोर्डर अब्जरभेसन पोस्ट (बीओपी) राख्न जग्गा अभाव भएको छ। सरकारले मुलुकभर १ सय ४४ स्थानमा सशस्त्र प्रहरीको बीओपी थप्ने निर्णय गरेकोमा पाँच वटा पर्सामा स्थापना गर्ने भनिएको छ। खोजी गरे पनि तोकिएको स्थानमा जग्गा प्राप्त नभएको सशस्त्र प्रहरीका निमित्त प्रमुख डीएसपी विकास भुजेलले बताए।

पाँच ठाउँमध्ये धोबिनी गाउँपालिकाले मिर्जापुरमा १० कठ्ठा जग्गा दिने निर्णय गरेको छ। तर गाउँपालिकाले अझै स्थान तोक्न सकेको छैन। अन्य चार स्थानको लागि जग्गा खोज्ने काम जारी रहेको भुजेलको भनाइ छ। जिल्लाको धोबिनी गाउँपालिका-१, आस्वारी, छिपहरमाई गाउँपालिका-१, मिर्जापुर, जगरनाथपुर गाउँपालिका-१, पिडारीगुठी, जिराभवानी गाउँपालिका-१, महादेवपट्टी र ठोरी गाउँपालिका-३, ब्रम्हानगरमा बीओपी राख्न प्रस्ताव गरिएको छ।

यहाँ सशस्त्र प्रहरी बल खडा गरिएको १२ वर्ष बितिसक्दा पनि अधिकांश इकाइका लागि उपयुक्त जग्गा र भवन छैन। गत वर्षदेखि वीरगन्ज चिनी कारखानाको जग्गामा सीमा सुरक्षा कार्यालय भवन निर्माण गरी सञ्चालनमा आएको छ। अलौंस्थित बीओपीको ७ कठ्ठा जग्गा र भवन छ। पकाहामैनपुर गाउँपालिका सबैठवास्थित बीओपीका लागि ५ कठ्ठा ३ धुर जग्गा उपलब्ध भएको छ। यी जग्गा स्थानीय तहमा जनप्रतिनिधि आएपछि प्राप्त भएका हुन्। यीबाहेक जिल्लामा सशस्त्र प्रहरीका अन्य इकाइको आफ्नो भवन तथा जग्गा छैन। अधिकांश स्थानमा नारायणी सिँचाइ आयोजना, वीरगन्ज चिनी कारखाना जस्ता सरकारी कार्यालयका प्रयोगविहीन भवनमा युनिट स्थापना गरिएका छन्।

वीरगन्ज-३, छपकैया, वीरगन्ज-२६, सुगौलीवीर्ता, बिन्दवासिनी गाउँपालिका-३, इटियाही, पकाहामैनपुर-३, पकाहामैनपुर-५, सबैठवा, छिपहरमाई-४, बन्जारी, धोबिनी-२, भिखमपुर, ठोरी-५, गडुवालाइन र ठोरी-२ मा गरी जिल्लाभर ९ वटा बीओपी स्थापना गरिएको छ। यसबाहेक वीरगन्ज कारागार, वीरगन्ज बजार, बेल्वा, बहुअर्वाभाठा, बागेश्वरी तित्रौना र पोखरियामा गरी आधा दर्जन बेस सञ्चालनमा छन्। नेपाल र भारतको खुल्ला सीमानाका हुँदै तस्करी र किनमेल गरेर व्यक्तिगत सामान ल्याउन समेत कठिनाई हुने मानसिकताले सकेसम्म सशस्त्र प्रहरीलाई स्थाई रूपमा आफ्नो गाउँठाउँमा बस्न दिन नहुने मानसिकता स्थानीयमा छ।

जन्तीमाथि चिरपट प्रहार

धनुषा (कास)- मिथिला नगरपालिका-६, ढल्केबरमा स्थानीयले जन्तीमाथि चिरपट प्रहार गरेका छन्। बुधबार साँझ स्थानीयले प्रहार गरेको चिरपट र कुटपिटका कारण तीनजना जन्ती घाइते भएका छन्।

जन्ती र स्थानीयबीच डीजे बजाएर नाच्ने विषयमा विवाद हुँदा सो घटना भएको प्रहरीले बताएको छ। विवादले उग्र रूप लिएपछि भएको झडपमा सर्लाहीको वाग्मती नगरपालिका-३, जिराइतका ३२ वर्षीय मनोज महतो, २६ वर्षीय हेमन्तकुमार महतो र २५ वर्षीय सर्वणकुमार महतो गम्भीर घाइते भएका छन्। ढल्केबरस्थित बेहुलीको घरमा स्वयंवर सकिएपछि समूहमा बसिरहेका जन्तीमाथि स्थानीयले चिरपटले आक्रमण गरेका इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक तीर्थ कार्कीले बताए। कुटपिटमा संलग्न केहीलाई पक्राउ गरिएको छ।

धनकौल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धनकौल प., सर्लाही
प्रदेश नं.२, नेपाल

करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/१०/२४)

यस धनकौल गाउँपालिकाको पदपूर्ति समितिको मिति २०७६/१०/१९ को निर्णय अनुसार स्थानीय तहमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि २०७५ (प्रथम संशोधन २०७६) बमोजिम वडाहरुमा संचालन हुने आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा गा.पा. अर्न्तगतका स्वास्थ्य चौकीको लागि तपसिल बमोजिमका पदहरुमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त आहवानका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

(क) विज्ञापन नं. २/२०७६/०७७
१. पद : अ.हे.व. (करार)
२. संख्या : २ (दुई) जना (आधारभुत स्वास्थ्य सेवा केन्द्रको लागि)
३. शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व./सि.एम.ए. कोर्ष उत्तीर्ण गरेको
४. उमेर : १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

(ख) विज्ञापन नं. ३/२०७६/०७७
१. पद : अ.न.मी. (करार)
२. संख्या : ३ (तीन) जना (सेखौना स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रको लागि)
३. शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उतीर्ण गरेको
४. उमेर : १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

(ग) विज्ञापन नं. ४/२०७६/०७७
१. पद : स्टाफ नर्स (करार)
२. संख्या : १ (एक) जना (हरकठवा स्वास्थ्य चौकीको लागि)
३. शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष उतीर्ण गरेको
४. उमेर : १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।


(घ) विज्ञापन नं. ५/२०७६/०७७
१. पद : ल्याब असिस्टेन्ट (करार)
२. संख्या : १ (एक) जना (हरकठवा स्वास्थ्य चौकीको लागि)
३. शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब असिस्टेन्ट कोर्ष उतीर्ण गरेको
४. उमेर : १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

(ङ) विज्ञापन नं. ६/२०७६/०७७
१. पद : कार्यालय सहयोगी (करार)
२. संख्या : २ (दुई) जना (आधारभुत स्वास्थ्य सेवा केन्द्रको लागि)
३. शैक्षिक योग्यता : साक्षर
४. उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।

(च) आवश्यक कागजातहरु :
१. व्यक्तिगत विवरण (Bio-Data) सहित तोकिएको ढाँचामा दरखास्त आवेदन
२. सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी
३. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी
४. शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी
५. कार्यअनुभव तथा तालिम प्रमाण पत्रको प्रतिलिपी

(छ) करार अवधि : २०७७ आषाढ मसान्तसम्म।
(ज) सेवा सुविधा : गाउँपालिका कार्यालयको निर्णय अनुसार
(झ) दरखास्त दस्तुर : विज्ञापन नं. २ देखि ५ सम्मका लागि रु.५००।- र विज्ञापन नं. ६ का लागि रु.३००।- सिभिल बैंक लि. मा रहेको धनकौल गाउँपालिका कार्यालयको मूल संचितकोष खाता नं.०७०१०२२०२२२०१३ मा बैंक दाखिला गरि दरखास्त साथ सक्कलै बैंक भौचर पेश गर्नुपर्ने।
(ञ) दरखास्त दिने स्थान : धनकौल गाउँपालिकाको कार्यालय, धनकौल प., सर्लाही
(ट) सम्पर्क मिति : म्याद सकेको भोलिपल्ट
(ठ) परिक्षा केन्द्र र मिति : सम्पर्क मितिका दिन जानकारी गराइनेछ।
(ड) परीक्षाको किसिम : अर्न्तवार्ता
नोट : विस्तृत जानकारीको लागि गाउँपालिका कार्यालयमा सम्पर्क राख्नुहुन।

प्रमुख प्रशासकीय अधिकृत









तपाईंको आज

मेष	पुण्य आर्जन	तुला	आकस्मिक यात्रा
वृष	यात्रा हुने	वृश्चिक	सोचेको पुग्ने
मिथुन	प्रशन्न रहने	धनु	लाभ बढ्ने
कर्कट	वादविवाद	मकर	आलश्यता
सिंह	समुन्नति	कुम्भ	हर्ष बढ्ने
कन्या	धन प्राप्ति	मीन	नवीन कार्यको प्रारम्भ

भोलिको पात्रो

विक्रम संवत २०७२ साल कार्तिक ३ गते मंगलबार तदनुरुप २० अक्टुबर २०१५ आश्विन शुक्लपक्ष सप्तमी तिथि प्रात: ९ : ४७ बजे सम्म उप्रान्त अष्टमी तिथि पूर्वाषाढा नक्षत्र प्रात: ११:१९ बजे सम्म उप्रान्त उत्तराषाढा नक्षत्र सुकर्मा योग रात्रीको ७ : १५ बजे सम्म उप्रान्त धृति योग भद्रा करण रात्रीको ९ : १७ बजे सम्म उप्रान्त बव करण धनु राशीमा चन्द्रमा साँझ ५ : १४ बजे सम्म उप्रान्त मकर राशीमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	कुण्डली/आत्मज्ञान
६:३०	ज्योतिष मन्थन
६:४०	स्काइ नप
७:००	कान्तिपुर समाचार
८:००	कान्तिपुर न्युज
८:३०	राइज एण्ड साइन
९:००	हेडलाइन न्युज
९:०५	साझा सवाल
१०:००	कान्तिपुर समाचार
१०:३०	कान्तिपुर आज
११:००	हेडलाइन न्युज
११:०५	लोकगीत काउन्टडाउन
११:३०	तर्के हलदार
१२:००	कान्तिपुर समाचार
१२:३०	कान्तिपुर टिफिन बक्स
१:००	हेडलाइन न्युज
१:०५	उद्यम
१:३०	लाइफ इज ब्युटिफुल
२:००	कान्तिपुर समाचार
२:३०	राइज एण्ड साइन
३:००	हेडलाइन न्युज
३:०५	साझा सवाल
४:००	कान्तिपुर समाचार
४:३०	कान्तिपुर न्युज
५:००	हेडलाइन न्युज
५:०५	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	आगमन
७:००	कान्तिपुर समाचार
७:३०	हतार द फ्लप
८:००	कान्तिपुर समाचार
८:३०	फायरसाइड
१०:००	कान्तिपुर आज
१०:३०	कान्तिपुर न्युज
११:००	कान्तिपुर समाचार
११:३०	हतार द फ्लप
१२:००	कल कान्तिपुर
१:००	कान्तिपुर न्युज
१:३०	आगमन
२:००	कान्तिपुर समाचार
२:३०	कान्तिपुर आज
३:००	कान्तिपुर समाचार
३:३०	फायरसाइड
४:३०	कान्तिपुर आज

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०२	ननस्टप हिन्दी सङ्स
०२:००	ननस्टप नेपाली पप/आधुनिक सङ्स
०८:००	ननस्टप भजन
०५:००	भक्ति अनुष्ठान (जनार्दन)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेड लाइनर्स
०७:३०	संगीत सागर
०८:००	कान्तिपुर डायरी
०८:०५	जम्प स्टार (स्मिता)
०९:००	कान्तिपुर डायरी
०९:५५	ट्राफिक अपडेट (नेपाल प्रहरी)
०९:३०	अल द टाइम टेन (सेजसु)
१०:००	कान्तिपुर डायरी
१०:५५	हाइदे (हेम सुवेदी)
११:००	कान्तिपुर डायरी
११:०५	मनका कुरा (अम्बिका)
१२:००	कान्तिपुर डायरी
१२:१०	मलाई मनपर्ने (प्रतिमा)
१३:००	कान्तिपुर डायरी
१३:०५	के छ नेपाल (सञ्जय)
१४:००	कान्तिपुर डायरी
१४:०५	के छ नेपाल (सञ्जय)
१५:००	कान्तिपुर डायरी
१५:५५	लोक कोसेली (अम्बिका)
१६:००	कान्तिपुर डायरी
१६:०५	माई बेस्ट फ्रेन्ड (सेजसु)
१७:००	कान्तिपुर डायरी
१७:०५	म्युजिक लङ्ग (राजेश)
१८:००	स्पोर्ट्स वर्ल्ड (आशीष)
१८:३०	कान्तिपुर डायरी
१८:५५	खोज
१९:००	लभ सङ्स इट द रेट- सेमेन (भूमिका)
२०:००	कान्तिपुर डायरी
२०:०५	रिसाइकल (रेमन)
२१:००	कान्तिपुर डायरी
२१:३०	इन्द्रेणी
२२:००	नकटर्नल (सुप्रल/आशीष)
२३:००	भाव संवेग (भूपेन्द्र)

अस्पताल र विविध

धनुषा	
प्रहरी	०४१५२१९००
एम्बुलेन्स रेडक्रस	१०२
बारुण यन्त्र	५२००११
जनकपुर अञ्चल अस्पताल	५२६९३८
एम्बुलेन्स महावीर चुवा कमिटी	५२५१८०
एम्बुलेन्स मारवाडी सेवा समिति	५२१७८४
रक्त सञ्चार रेडक्रस	५२०८७०
धनुषा अस्पताल	५२५८००
केयर मेडिकल सेन्टर	५२०२३०
जानकी आँखा अस्पताल	५२०३९७
जानकी हेल्थ केयर सेन्टर	५२५३४१
अञ्चल प्रहरी कार्यालय	५२०३६५
एयरपोर्ट	५२००४४
बुद्ध एयर	५२५०२२
याति एयरलाइन्स	५२४४६०
जानकी मन्दिर	५२०१७६
राष्ट्रिय मानव अधिकार आयोग	०४१-५२७८१२/५२७८११
महोत्तरी	
जिल्ला अस्पताल	५२००७०
वारुण यन्त्र	५२००२७
प्रहरी	५२०१२२
प्रहरी	५२०००२
रेडक्रस एम्बुलेन्स	५२०१००
बनटना हस्पिटल प्रा.लि. गौशाला	९८५४०२५५२७/९८५४०२३५२७
विद्युत फ्युज शाखा	५२००६६
जलेश्वर अस्पताल	५२००७०
ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स	९८४४२७१५७७
छिन्नमस्ता गण	५२९६१९
ई.प्रा.का. बर्दिबास	५५५०८६
जिल्ला प्रहरी कार्यालय	५२०१२२
प्रहरी कन्ट्रोल	५२००००२
जिल्ला अस्पताल	५२००७०
ईलाका प्रहरी कार्यालय जौशाला	५५५००/६२२०७२
काठमाडौंका महत्वपूर्ण टेलिफोन	
दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६२१
तिलगंगा आँखा अस्पताल	४४२३६८४
वीर अस्पताल	४२२९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३२०६
पाटन अस्पताल	५५२२२७८
बुद्ध अस्पताल	४६१०६७६
मानसिक अस्पताल	५५२०३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२०४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
नेपाल मेडिसिटी अस्पताल	९७३४, ४२१५०६६६, ४२१५०४५५
मेडीकेयर नेशनल अस्पताल	४४६०८६७
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६०८६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४१३७२५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज	४३७१६०३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११५५७/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१५२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शवबाहन	४४२८०३५
सुगेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४१२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०१४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८०५

शवबाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्मर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६०८६
नेपाल मिटर दुवानसी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

गुठीको जग्गा अतिक्रमण

हडपेकाले नछोड्दा गुरुयोजना अलपत्र

- हलेश्वर महादेव गुठीको ६७ रोपनी तीन आना तीन पैसा र शंखेश्वरी गुठीको ५५ रोपनी जग्गा स्थानीयको कब्जामा
- रूपाकोटमा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा व्यक्तिको नाममा

■ डम्बरसिं राई (खोटाङ)



खोटाङस्थित हलेसी गुफा । तस्विर : डम्बरसिं/कान्तिपुर

खाली जग्गा देख्यो कि हडप्ने चलनले सरकारी, धार्मिक र गुठी क्षेत्र साँघुरिन थालेका छन् । वर्षौंदेखि अतिक्रमणमा परेकाले सार्वजनिक स्थलको विस्तार र विकासमा अवरोध भइरहेको छ ।

प्रसिद्ध हलेसी (हलेश्वर महादेव), बराहा ताल (शंखेश्वरी महादेव), बुद्धेश्वर महादेव, रूपाकोटजस्ता क्षेत्रमा स्थानीय बासिन्दाले कब्जा जमाएपछि विकासमा समस्या आएको हो । हलेसी तुवाचुङ नगरपालिकाको हलेसी, माल्कु, गैरीगुठ, डाँडागुठ लगायतको जग्गामा स्थानीयले अतिक्रमण गरेपछि समस्या उब्जिएको हलेसी तुवाचुङ नगरपालिकाका प्रमुख इवन राईले गुनासो गरे ।

जिल्ला नापी कार्यालयका अनुसार ६७ रोपनी तीन आना तीन पैसा जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको छ । सो जग्गा गुठी संस्थानका प्रशासक नारायण चौधरीको फैसलाले २०७५ चैत १५ गते गुठीकै नाममा कायम गराएको थियो । स्थानीय हेमन्तकुमार गिरी, बमप्रसाद गिरी, मनदीप गिरी, लक्ष्मीमाया गिरी, कुमारी राई, प्रमोदकुमार गिरी, गुन्जना गिरी, भवानीशंकर गिरी, सपना गिरी, भरिता राई, ज्यानकाजी श्रेष्ठ, राजन राई, सुन्दरबहादुर राई, नयनकुमार राई, मिलनकुमारी राई, नविन राई, सप्तबहादुर राई, तारालक्ष्मी राई, अर्जुन गिरी, प्रेमकुमारी गिरी, रवती राई, अस्मिता राईको नाममा पुगेको जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको थियो ।

त्यस्तै, ध्रुवकुमार गिरी, देवकुमारी सन्यासी, हरि गिरी, ऐराख राई, प्रकाशकुमार राई, हर्कराज राई, शम्शेर गिरी, विजेन्द्रकुमार गिरी, कृष्णकुमारी गिरी, सुदीप गिरी, टंक गिरी, रत्नकुमार गिरी, रुपेन्द्र राई, हर्कराज राई, शिवकुमारी श्रेष्ठ, उषा श्रेष्ठ, विश्वचन्द्र गिरी, सुनिल विश्वकर्मा, ललिता विक राई लगायतले पनि गुठीको जग्गा अतिक्रमण गरेको ठहर गर्दै हलेश्वर महादेव गुठीको नाममा फिर्ता गराइएको थियो ।

जग्गा हडप्नेले काठमाडौं जिल्ला अदालतमा दर्ता गरेको मुद्दा भने विचाराधीन छ । अदालतले मुद्दा फैसलामा ढिलाइ गर्दा थप समस्या उब्जिएको नगरप्रमुख राईको भनाइ छ । स्थानीयले जग्गा कब्जा गरेपछि हलेसीको बृहत्तर विकासको काम गर्न उनी बताउँछन् । राईका अनुसार सो गुरुयोजनामा हलेसी गुफा आसपास दुई सय मिटर जग्गा आवश्यक पर्ने उल्लेख छ । उक्त जग्गा हलेसीकै भएको र अहिले अधिग्रहण गर्नुपर्ने भए आर्थिकभार पर्ने उनले बताए । यस क्षेत्रका एक सय ६९ घरटहरा हटाउनुपर्ने छ ।

'२०४४ सालमै हलेसीको गुरुयोजना बनाउन स्थानीयलाई मुआब्जा दिइएको भए पनि त्यसको लगत नष्ट गरिएकाले त्यो बेलाको रोग अहिलेसम्म कायम देखिन्छ,' उनले भने, 'अहिले गुरुयोजना कार्यान्वयनका लागि फेरि मुआब्जा दिनु पर्ने अवस्था आयो ।' हलेसी गुफाको मुखैमा भएको जग्गासमेत महन्त, पुजारीले बिक्री गरेकाले त्यहाँ बनाइएको मारतिका छोलिङ गुम्बालाई समेत व्यवस्थापन गर्नुपर्ने अवस्था आएको उनले बताए । गुफाको भारवहन लगायतका अन्य खतरालाई मध्यनजर गर्दै भूगर्वविदको परामर्शका आधारमा व्यवस्थापन गरिने राईले स्पष्ट पारे ।

गुठीको नाममा (पछिल्लो समय गुठी संस्थानको फैसलाबाट प्राप्त जग्गाबाहेक) गुफा आसपास २६ रोपनी मात्र जग्गा देखिन्छ । उनका अनुसार सो जग्गाले नपुग्ने भएकाले थप जग्गा लिनुपर्ने अवस्था आएको छ ।

कसरी पुग्यो व्यक्तिका नाममा ?

हलेसी विकास समितिका निर्देशक सम्बर भुजेलका अनुसार २०४४ सालमा तत्कालीन राजा वीरेन्द्र भ्रमणका बेला गुरुयोजना बनाएर निश्चित क्षेत्रभित्र भएका आठ वटा घरघडेरीलाई मुआब्जा दिइएको थियो । यद्यपि मुआब्जा लिएर पनि घरजग्गा भने खाली गरिएन । त्यतिबेलै गुरुयोजनाका लागि मुआब्जा दिइएका जग्गा रोक्का गरिएको थियो । पछि हलेसीस्थित महेन्द्रोदय माविलाई जग्गा दिने बहानामा फुकुवा गरेर किनबेच सुरु भएको भुजेलको भनाइ छ ।

हलेसी विकास समितिका तत्कालीन अध्यक्ष नारायणसिंह राई, निर्देशक देवराज कार्की, सदस्य तथा तत्कालीन हलेसी गाविस अध्यक्ष कुम्भराज राईलगायत पदाधिकारी रहेका बेला मालपोतबाट फुकुवा गरी लगतकट्टा नगरी त्यतिकै छाडिएकोले थप अतिक्रमण भएको हो । त्यसपछि निरन्तर अतिक्रमण हुँदै आएको उनी बताउँछन् ।

शंखेश्वरी गुठीमा पनि उस्तै

बराहापोखरी गाउँपालिकाको बराहा ताल (शंखेश्वरी महादेवको नाममा भएको) जग्गा पनि स्थानीयले हडपेपछि विकासमा समस्या आएको छ । धार्मिक तथा पर्यटकीय महत्व बोकेको बराहा ताल क्षेत्रमा स्थानीय बसोबास गर्नुका साथै जग्गासमेत व्यक्तिको नाममा राखेपछि बृहत् गुरुयोजना कार्यान्वयनमा समस्या देखिएको हो । बराहा ताल वरपर रहेको शंखेश्वरी गुठी तथा सार्वजनिक जग्गा मिचेर घरटहरा बनाइएको छ । स्थानीयलाई सो क्षेत्रबाट हट्न पटक-पटक अनुरोध गर्दा समेत अटेर गरेको बराहापोखरी गाउँपालिका उपाध्यक्ष गोमा मगरले बताइन् । ताल वरपरका २४ वटा घरटहरा हटाउन सार्वजनिक सूचना जारी गर्दा समेत उनीहरूले अटेर गरेको मगरको भनाइ छ । उनका अनुसार ६ महिने, तीन महिने, एक महिने, १५ दिने र सात दिने सूचना जारी गरिसक्दा समेत स्थानीयले सो क्षेत्र खाली गरेका छैनन् ।

शंखेश्वरी महादेवको नाममा रहेको जग्गासमेत स्थानीयले आफ्नो नाममा दर्ता गराएका छन् । उनीहरूले आफ्नो नाममा दर्ता गरेको करिब ५५ रोपनी जग्गा फिर्ता गर्न मालपोत कार्यालय खोटाङले २०४७ मै आदेश दिए पनि हालसम्म जग्गा फिर्ता भएको छैन । गुठीको नाममा भएको बराहाटार, चालीसे, सावाटारी, बाह्रमुरेलगायतका जग्गा स्थानीयले कब्जामा लिएका हुन् । स्थानीय देवी रेग्मीका अनुसार बराहाटारस्थित गुठीको जग्गा स्थानीय ढकबहादुर कार्की, शिवकुमार श्रेष्ठ, जुक्तिराम राई, कर्म श्रेष्ठ, भुवन श्रेष्ठ, भरत तामाङ, हर्कबहादुर तामाङ, हङकङ मगरलगायतले कब्जा गरेर घर बनाएका छन् ।

त्यस्तै, बमबहादुर कार्की, तिलक विष्ट, छविलाल पुरी, तिलकबहादुर कटवाल, जीतबहादुर विष्ट, कृष्णबहादुर खत्री, शेरबहादुर खड्का, चन्द्रबहादुर खत्री, हीरामाया कार्की, धनमाया थापा, डम्बरबहादुर मगर, बुद्धिमान मगर र खोटेहाङ गाउँपालिका लिच्कीराम्चेका नरबहादुर अधिकारीले समेत आफ्नो नाममा पास गराएका छन् । यी जग्गा गुठीयारले बिक्री गरेका हुन् । मालपोत कार्यालयका अनुसार गुठीको जग्गा व्यक्तिले रजिस्ट्रेसन गराएपछि २०४३ मा मुद्दा परेको थियो ।

बृहत्तर गुरुयोजनामा मन्दिर, विभिन्न जातजातिको संग्रहालय, बसपार्क, गेट, वृद्धाश्रम, कुटी, जाग्रामस्थल, मन्दिर लगायतका विभिन्न भौतिक संरचना निर्माण गर्ने उल्लेख छ । तर स्थानीय गुठीको जग्गा कब्जा गरेपछि गुरुयोजना कार्यान्वयनमा समस्या उत्पन्न भएको बराहापोखरी गाउँपालिका उपाध्यक्ष मगरले बताइन् । सो ताल सरकारको एक सय पर्यटकीय गन्तव्यमा पर्ने भएकाले विकासमा कठिनाइ भएको उनको भनाइ छ । उनका अनुसार संघ सरकारले यस वर्ष ५० लाख रुपैयाँ बजेट दिएको र यसले विभिन्न पूर्वाधार खडा गर्ने तयारी समेत गरिएको छ । उक्त बजेटले पोखरी वरपर पैदलमार्ग बनाउने, तालमा जमेको बालुवा निकाल्ने, विभिन्न मन्दिर बनाउने लगायत योजना गाउँपालिकाको छ ।

अख्तियारमा उजुरी

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको पर्यापर्यटनको केन्द्र रुपाकोटको जग्गा स्थानीयले कब्जा गरेपछि त्यसबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ का लेखनाथ आचार्य र गोविन्दराज आचार्यको नाममा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा दर्ता गरेको खुलेपछि अख्तियारमा उजुरी परेको हो ।

उनीहरूको नाममा भएको कित्ता नं ४४९ मा २५ रोपनी छ आना एक पैसा एक दाम, कित्ता नं ४५० मा २४ रोपनी पाँच आना दुई पैसा र कित्ता नं ४५१ मा २८ रोपनी १३ आना एक पैसा दुई दाम जग्गा दर्ता भएको पाइएको छ । उक्त जगगा २०६६ साउन २ गते व्यक्तिको नाममा आएको देखिन्छ ।

गुठीको जग्गा एसएसपीको नाममा

मझुवागढी क्षेत्रमा पर्ने बुद्धेश्वर गुफा, कालिका भगवती आसपासको जग्गा व्यक्तिको नाममा दर्ता भएपछि यसबारे पनि अख्तियारमा उजुरी परेको छ । बुद्धेश्वर महादेव गुठीको नाममा भएको जग्गा सशस्त्र प्रहरी बल हलेसी गुल्मका तत्कालीन डीएसपी (हाल एसएसपी) कालीदास धौवजीको नाममा ६ आना र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-५ का दिनेशकुमार घिमिरेको नाममा एक रोपनी नौ आना तीन पैसा एक दाम जग्गा गएको देखिन्छ ।

उक्त जग्गा कित्ता नं ३०३ बाट कित्ताकाट गरी ४३८ र ४३९ कायम गरिएको छ । यो जग्गा २०६८ कात्तिक ८ मा पास गरिएको मालपोत कार्यालयको अभिलेखमा उल्लेख छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले सार्वजनिक जग्गाबारेमा गरेको अध्ययनपछि यस्तो पाइएको नगर प्रमुख दीपनारायण रिजालले बताए । उनका अनुसार यसबारेमा अख्तियारले छानबिन गरिरहेको छ ।

मझुवागढी क्षेत्रमा बुद्धेश्वर महादेव गुठीको नाममा (कित्ता नं १०२) १० रोपनी चार आना तीन पैसा तीन दाम र देवीस्थान सामुदायिक वनको नाममा दुई सय ६९ रोपनी चार आना दुई दाम एक पैसा जग्गा रहेको देखिन्छ । नगरपालिकाको प्राविधिक टोलीको प्रतिवेदनअनुसार सशस्त्र प्रहरी बल हलेसी गुल्मको नाममा पनि धेरै जग्गा रहेको पाइएको छ । सो जग्गा स्थानीयले उपलब्ध गराएका हुन् । यसमध्ये कसले कति जग्गा उपलब्ध गराएको र सरकारी स्वामित्वको जग्गा सशस्त्रले उपयोग गरेको छ वा छैन भन्ने पनि अध्ययनको विषय बनेको नगरप्रमुख रिजाल बताउँछन् ।

छोटकरी

फेरि गैंडा मृत भेटियो

नवलपरासी (कास)- पूर्वी नवलपरासीको मध्यवर्ती क्षेत्रमा फेरि अर्को एक भाले गैंडा मृत भेटिएको छ । मध्यविन्दु नगरपालिका-२ सेहेरीको भुताहापोस्ट नजिकैको जंगलमा गैंडा मृत भेटिएको चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ । स्थानीयले बिहीबार बिहान मृत गैंडा देखेपछि प्रहरी र निकुञ्जलाई खबर गरेका थिए । करिब एक साताअघि नै मरेकाले गन्हाएको अवस्थामा भेटिएको स्थानीय श्रीधर शर्माले बताए । गैंडाको खाग र खुर भने सुरक्षित छ । गैंडाको मृत्युको कारणबारे अनुसन्धान जारी रहेको निकुञ्जले जनाएको छ । एक महिनाको अवधिमा पूर्वी नवलपरासीमा मात्र ३ गैंडा मरेका छन् । ९३२ वर्ग किलोमिटर रहेको चितवन निकुञ्ज गैंडाका लागि उत्कृष्ट बासस्थान मानिन्छ । ६ महिनायता यो निकुञ्ज आसपासमा ६ वटा गैंडा मरेका छन् ।

वडाध्यक्ष हत्यामा सात जना पक्राउ

अछाम (कास)- पञ्चदेवल विनायक नगरपालिका-२ का वडाध्यक्ष पदमबहादुर धामीको हत्या अनुसन्धानक्रममा प्रहरीले ७ जनालाई पक्राउ गरेको छ । सोमबार राति हत्या गरिएका धामीको बिहीबार आफन्तले शव बुझेपछि पोस्टमार्टम गरिएको छ । हत्यारा पत्ता नलागेसम्म पञ्चदेवल विनायक नगरपालिकामातहतका सबै कार्यालय बन्द गर्ने सहमति भएपछि आफन्तले शव उठाउन दिएका हुन् । नगर कार्यपालिकाको बैठकले घटनाको सत्यतथ्य छानबिनमा सहयोग गर्ने, मृतकका सन्तानको शिक्षा तथा राहतका लागि केन्द्र सरकारसँग माग गर्नेलगायत निर्णय भएको मृतकका आफन्त दीपेन्द्र धामीले बताए । धामीको शव मंगलबार बिहान ५ बजे गैरीगाउँस्थित गोठछानामा फेला परेको थियो ।

मेयरको मनोमानीमा सांसदको साथ

■ तिनोद भण्डारी (विराटनगर)

मोरङको सुनवर्षी नगरपालिकामा सरुवा भएर आएका कार्यकारी अधिकृतलाई हाजिर हुन नदिनमा त्यस क्षेत्रका सांसद तथा कांग्रेस केन्द्रीय नेता मीनेन्द्र रिजालको पनि भूमिका पाइएको छ । सुनवर्षी नगरपालिका मोरङको क्षेत्र २ मा पर्छ । यो क्षेत्रमा रतुवामाई नगरपालिका पनि पर्छ ।

नगरका तत्कालीन कार्यकारी अधिकृत राजकुमार केसी धनुषाको नगराइन नगरपालिकामा सरुवा भएपछि रौतहटको चन्द्रपुर नगरबाट सुरुवा भएर पुस २८ मा सुनवर्षी आएका पुरुषोत्तम घिमिरेलाई मेयर कालीप्रसाद दासले हाजिरी गर्न दिएका छैनन् । हाजिरी गर्ने रजिस्टर दासले गायब गरेपछि नगरका कुनै कर्मचारीले एक महिनादेखि हाजिरी गर्न पाएका छैनन् । घिमिरेले नयाँ रजिस्टर किनेर त्यसैमा हाजिरी जनाउँदै आएका छन् । 'मेयरले रजिस्टर गायब पारेपछि मैले सांसद मीनेन्द्र रिजालेलाई फोन गरेर रौतहटबाट हजुरको क्षेत्रको सुनवर्षीमा काम गर्न आएको छु तर मेयरले हाजिर हुन दिएनन् भनेर जानकारी गराएँ,' घिमिरेले भने, 'रिजालले पनि सुनवर्षीमा लफडा छ, त्यहाँ धेरै पुराना काम फत्ते गर्न र भुक्तानी गर्न बाँकी छ, काम गर्न सजिलो छैन भन्दै रतुवामाई नगरपालिका जान भन्नुभयो ।'

रतुवामाई पनि आफ्नै क्षेत्रमा पर्ने भन्दै रिजालले त्यहाँ गएर काम गर्न र त्यसका लागि सामान्य प्रशासन मन्त्रालयमा कुरा बढाउन भनेको उनले बताए । काठमाडौंमा रहेका सांसद रिजालले भने यस विषयमा कार्यकारी अधिकृत घिमिरेसँग कुरै नगरेको दाबी गरे । 'म घिमिरेलाई चिन्दै चिन्दिनँ,' उनले आक्रोशित हुँदै भने, 'निजामती कर्मचारीलाई कहाँ राख्ने, कहाँ नराख्ने सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी हो, मेरो काम होइन ।'

यसैबीच मेयर दासले नियमित सरुवा भएर आएका घिमिरेलाई बिहीबार पनि हाजिर हुन नदिई नगरको शिक्षा शाखा प्रमुख उपसचिव रुद्रप्रसाद दुलाललाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाएका छन् । पत्र पठाएलगत्तै मेयर दासले सांसद रिजालेलाई यसको जानकारी टेलिफोनमार्फत गराएको नगर स्रोतले बतायो । स्रोतका अनुसार फोनमा दासले 'सबै प्रक्रिया मिलाएको छु, बाँकी तपाईंको काम' भनेका थिए ।

दासले हस्ताक्षर गरेर मन्त्रालय पठाएको चलानी नम्बर ११२९ को पत्रमा भनिएको छ, 'यस नगरपालिकामा विगतका वर्षदेखि छोटो समयमा प्रमुख प्रशासकीय अधिकृतको सरुवा भई आउने-जाने क्रमले नगरको काम कारबाही प्रभावित हुँदै गरेको र प्रमुख प्रशासकीय अधिकृत राजकुमार केसी नगराइन नगरपालिका धनुषा सरुवा भई गएका कारणले प्रमुख प्रशासकीय अधिकृतको स्थायी व्यवस्थापनका लागि यसै नगरपालिकामा समायोजन भई आउनुभएका उपसचिव रुद्रप्रसाद दुलाल संकेत नम्बर १६१७०६ लाई दैनिक प्रशासनिक कामकाज गर्न निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको हुँदा निजलाई आर्थिक कामकाज गर्ने अख्तियारी प्रदान गरी नगरको नियमित कार्य सञ्चालनको व्यवस्था गरिदिन अनुरोध गरिएको छ ।'

बिहीबार पनि घिमिरे नयाँ रजिस्टरमा हाजिरी गरेर नगरपालिकामै बसेका थिए । कार्यकारीले हाजिरी गर्ने रजिस्टर मेयर दासकै इसारामा गायब पारिएको र कार्यपालिकाका सबै सदस्य घिमिरेलाई हाजिर गराउने पक्षमा भए पनि मेयर मात्र विपक्षमा रहनु रहस्यमय भएको उपमेयर मञ्जु राईले बताएकी छन् । उनका अनुसार मेयर र कार्यकारीको विवादले एक महिनादेखि नगरका सबै गतिविधि ठप्प छन् ।

गत वर्ष यो नगरको ४ करोड विकास बजेट फ्रिज हुनुका साथै १२ करोडभन्दा बढी बेरुजु रहेको नगर स्रोतको भनाइ छ । स्रोतका अनुसार गत वर्ष ससर्त अनुदानको दुई करोड, प्रदेश सरकारको अनुदान १३ लाख र सांसद विकास कोषको २८ लाख रुपैयाँ फिर्ता गएको थियो ।

गाउँपालिका अध्यक्षविरुद्ध मुद्दा

ताप्लेजुङ (कास)- दबाब दिएर भ्रूणहत्या गर्न लगाएको भन्दै पाँचथरको कुम्मायक गाउँपालिकाका अध्यक्ष जयबहादुर चेम्जोङसहित ७ जनाविरुद्ध किटानी जाहेरी दर्ता भएको छ । मेगा बैंकको त्यहाँस्थित शाखामा कार्यरत कर्मचारीसँग प्रेमविवाह गरेपछि रहेको गर्भ दबाब दिएर पतन गराइएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा बिहीबार जाहेरी दिएकी हुन् ।

जाहेरी परेलगत्तै पाँचथर जिल्ला अदालतबाट अध्यक्षसहित प्रतिवादी सातै जनालाई पक्राउ गर्न आदेश लिएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख सिद्धराज न्यौपानेले बताए । जाहेरी पर्नु पहिल्यैदेखि अध्यक्ष चेम्जोङ सम्पर्कबाहिर छन् ।

अनुसन्धान प्रक्रियामा प्रभाव पर्ने भन्दै प्रहरीले अन्य प्रतिवादीको नाम गोप्य राखेको छ । दलित समुदायकी ती युवतीले क्षत्री समुदायका बैंक कर्मचारीसँग गत साउनमा मन्दिरमा गएर विवाह गरेको र त्यसपछि रहेको २१ साताको गर्भ गाउँपालिका अध्यक्षको दबाबमा पतन गर्न बाध्य बनाइएको जाहेरीमा उल्लेख गरेकी छन् । उनले आफूसँग विवाह गरेका ती कर्मचारीका अभिभावक र आफन्तको आग्रहमा पालिका अध्यक्ष चेम्जोङले धम्की दिएर भ्रूण हत्या गर्न बाध्य बनाएको दाबी गरिएको छ । मुद्दामा युवतीले आफ्ना श्रीमान्, अभिभावक र स्वास्थ्यकर्मीसम्मलाई विपक्षी बनाएकी छन् ।

लुम्बिनी विस्तारबारे छलफल सुरु

■ माधव दुंगाना (भैरहवा)

बृहत्तर लुम्बिनी क्षेत्र र शान्ति सहरको योजना कार्यान्वयनका लुम्बिनी विकास कोषले कार्य सुरु गरेको छ । प्रारम्भिक चरणमा कोषले स्थानीय, राजनीतिक दल र विज्ञसँग परामर्श र सुझाव संकलन सुरु गरेको हो ।

लुम्बिनीलाई केन्द्र बनाएर कपिलवस्तु, रूपन्देही र पश्चिम नवलपरासीमा रहेका बुद्धसँग सम्बन्धित पुरातात्त्विक महत्त्वका स्थलहरूको एकीकृत विकास गर्न कोषले एक दशकअघि बृहत्तर लुम्बिनी क्षेत्र योजनाको अवधारणा ल्याएको थियो । सन् १९९८ मा लुम्बिनीमा भएको प्रथम विश्व बौद्ध शिखर सम्मेलनले बुद्ध जन्मस्थललाई शान्तिको मुहान घोषणा गरेको थियो । त्यसअनुरूप सन् २००४ मा सम्पन्न दोस्रो विश्व बौद्ध शिखर सम्मेलनले लुम्बिनीलाई विश्व शान्ति सहरका रूपमा विकास गर्ने निर्णय गरेको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले बृहत्तर लुम्बिनीमा कुन-कुन क्षेत्र समेट्ने भन्नेबारेमा यकिन भइनसकेको बताएका छन् । छलफलको माध्यमबाट योजना कार्यान्वयनतर्फ प्रवेश गरिएको उनले बताए । रामग्राम, देवदह, तिलौराकोटलगायत कपिलवस्तुमा रहेका पुरातात्विक स्थल र सैनामैना बृहत्तर लुम्बिनी क्षेत्रमा जोडिने उनले जनाए । उनका अनुसार लुम्बिनी विश्व शान्तिको सहर र बृहत्तर लुम्बिनी क्षेत्रबारे स्थानीय तहसम्म छलफल गरिनेछ ।

'हिजोकै अवस्थामा अब लुम्बिनी रहन सक्दैन । यसको विस्तार गर्नैपर्छ,' बृहत्तर लुम्बिनी योजना तथा विश्व शान्ति सहर कार्यान्वयनसम्बन्धी यहाँ आयोजित कार्यक्रममा कोषका अध्यक्षसमेत रहेका भट्टराईले भने, 'यो बुद्धसँग कुनै न कुनै हिसाबले जोडिएका रूपन्देही, कपिलवस्तु र नवलपरासीमा रहेका स्थललाई एउटा बुद्ध सर्किटका रूपमा जोड्ने योजना हो ।' बृहत्तर

> बृहत्तर लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूप, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थल बनाइने

लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूपा, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थलका रूपमा अघि बढाइने उनले बताए ।

लुम्बिनी विकास कोषका अनुसार बृहत्तर लुम्बिनी क्षेत्र योजनाबारे धेरै अघिदेखि चर्चा गरिएको भए पनि बजेट विनियोजन हुन थालेको दुई वर्ष मात्र भएको छ । वार्षिक एक-एक करोड रुपैयाँ बजेट आए पनि कोषले खर्च गर्न सकेको छैन । स्थानीय तहदेखि प्रधानमन्त्री, सबै राजनीतिक दलका प्रमुख र विज्ञलाई सहभागी गराएर राय संकलन गरिने कोषका योजना प्रमुख सरोज भट्टराईले बताए । बृहत्तर लुम्बिनी क्षेत्रको योजनालाई पूरा गर्न 'बृहत्तर लुम्बिनी क्षेत्र प्राधिकरण' को गठन गर्ने र विदेशी दातृ निकाय, नेपाल सरकार, प्रदेश र स्थानीय तहबाट प्राप्त हुने बजेट र दाताले दिने सबै सहयोग त्यही प्राधिकरणमा राख्ने अवधारणा उनले बताए । 'बृहत्तर लुम्बिनी क्षेत्रको आयोजना कम्तीमा पनि २ सय अर्ब (२ खर्ब) रुपैयाँको हुनेछ । यो बजेटको कार्यान्वयनबाट यस क्षेत्रको आर्थिक, सामाजिक जीवनमा ठूलो प्रभाव पार्नेछ,' भट्टराईले भने, 'यसले रोजगारीको सिर्जना हुन्छ, मृत्यु दर घट्छ । हामी यसतर्फ अगाडि बढ्नेछौं ।'

तीन वर्गमाइल क्षेत्रफलमा रहेको हालको लुम्बिनी गुरुयोजना कार्यान्वयनका लागि जग्गा अधिग्रहण गरिँदा विस्थापित भएजस्तै फेरि विस्थापित हुनुपर्ने भन्दै कैयन् स्थानीय बासिन्दा लुम्बिनी शान्ति सहर योजनाको विरोधमा उत्रेका छन् । लुम्बिनी क्षेत्रका प्रदेशसभा सदस्य फखरुद्दिन खानले भने, 'यहाँका सम्पदालाई समाजसँग जोड्न लुम्बिनी विकास कोष र स्थानीयबीच धेरै विवाद छ ।' लुम्बिनीको विकासबारे काठमाडौंका तारे होटलमा छलफल नगर्न र योजनामा स्थानीय संस्कृति र पहिचान समावेश गर्न उनले सुझाव दिए ।





शरद घाइते
बाँकी खेल गुमाउने । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



नेवारी संस्कृति
मनाइयो भीमसेन पूजा

वर्ष २७ अंक ३४८ पोखरा | २४ माघ २०७६ शुक्रबार माघ शुक्लपक्ष त्रयोदशी | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, February 07, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ



ललितपुरको हिरण्यवर्ण महाविहार (स्वर्ण मन्दिर) का बफचा (मुख्य पुजारी) ११ वर्षीय सुरेन्द्र शाक्य मन्दिर सफाइ गर्दै । उनी यहाँको पुजारी बनेको बिहीबार १४ औं दिन थियो । बाह्रौं शताब्दीको यो मन्दिरमा १२ वर्षमुनिका शाक्य थरका बालकलाई मुख्य पुजारी बनाइन्छ, त्यो पनि ३० दिनका लागि मात्र । महिना दिन पुगेपछि फेरि नयाँ मुख्य पुजारी चयन गरिन्छ । *तस्बिर : केशव थापा/कान्तिपुर*

ललिता निवास प्रकरण

किर्ते र ठगीमा पनि कारबाही अघि बढ्दै

पाँच पूर्वमन्त्रीसहित १७२ विरुद्ध अनुसन्धान गर्न अनुमति माग

■ **मातृका दाहाल** (काठमाडौं)

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले ललिता निवास अनियमितता प्रकरणमा संलग्न १७२ जनामाथि किर्ते र ठगीको मुद्दा चलाउन प्रक्रिया अघि बढाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यही प्रकरणमा १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको भोलिपल्टै प्रहरीले गृह मन्त्रालयलाई जाहेरीका लागि पत्राचार गरेको हो ।

स्रोतका अनुसार सीआईबीले गृहलाई बिहीबार पत्र पठाउँदै ठगी र किर्ते मुद्दाको जाहेरी अघि बढाइदिन आग्रह गरेको छ । फौजदारी न्याय प्रणालीमा पीडितले जाहेरी दिनुपर्छ । गृहअन्तर्गतकै समरजंग कम्पनीको जग्गा मिचिएकाले गृहले प्रहरीलाई निर्देशनसहित पत्र पठाएपछि कारबाही प्रक्रिया अघि बढ्नेछ ।

गत साता सीआईबीले गृहमा बुझाएको प्रतिवेदनमा ललिता निवास अनियमितता प्रकरणमा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १७२ संलग्न भएको भन्दै किर्ते र ठगीमा कारबाही चलाउन सिफारिस गरिएको थियो । उक्त प्रतिवेदन कार्यान्वयनका लागि अब गृहले प्रहरीमै फाइल पठाउनुपर्ने हुन्छ । सीआईबीले यसअघि सरकारको निर्देशनअनुसार छानबिन मात्र गरेको थियो भने अब फौजदारी मुद्दा चलाउन अनुसन्धान गर्नुपर्नेछ ।

प्रहरी प्रवक्ता डीआईजी शैलेश थापाले ठगीमा पीडित पक्षले जाहेरी दिनुपर्ने कानुनी व्यवस्था भएकाले गृह वा सरकारी निकायबाट निवेदन आएपछि अनुसन्धान अघि बढ्ने बताए । उनले भने, 'यसका लागि हामीले अनुसन्धान प्रतिवेदनअनुसार सरकारलाई जाहेरीका लागि अनुमति मागेका छौं ।' जाहेरी दर्ता भएपछि आरोपितलाई आवश्यकताअनुसार पक्राउ गरेर अनुसन्धान गर्ने बाटो खुल्नेछ ।

गृहले केही दिनमै सीआईबीमा अनुसन्धानका लागि पत्र पठाउने तयारी गरेको छ । गृह सचिव महेश्वर न्यौपानेले प्रतिवेदनअनुसार नै ललिता निवासको जग्गा प्रकरणमा कारबाही प्रक्रिया अघि बढाइने प्रतिक्रिया दिए । सीआईबीले यसअघि तयार पारेको प्रतिवेदनमा पूर्वउपप्रधानमन्त्री गच्छदार, पूर्वमन्त्रीहरू चन्द्रदेव जोशी, डम्बरबहादुर श्रेष्ठ, छविराज पन्त, पूर्वराज्यमन्त्री सञ्जयकुमार साह, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख भइसकेका पूर्वसचिव दीप बस्न्यात, तत्कालीन भूमिसुधार सचिव दिनेशहरि अधिकारी, बहालवाला सहसचिव तेजप्रसाद पाण्डेलगायत १७२ विरुद्ध फौजदारी कसुरमा अनुसन्धान हुनुपर्ने राय दिएको थियो । पूर्वराज्यमन्त्री साह व्यक्ति हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । उनी २०६६ मा माधवकुमार नेपाल नेतृत्वको सरकारमा भौतिक योजना राज्यमन्त्री थिए ।

सीआईबीको सूचीमा अख्तियारबाट भ्रष्टाचारको मुद्दामा नपरेका केही व्यक्तिसमेत छन् । सीआईबीको निवेदनमा तत्कालीन मन्त्री, सचिव, मालपोत र भूमिसुधारका कर्मचारी, भूमाफिया, व्यापारीलगायतलाई किर्ते र ठगी अभियोगमा थप अनुसन्धानको अनुमति मागिएको छ । कान्तिपुरलाई प्राप्त विवरणअनुसार ललिता निवासको जग्गा अनियमिततामा २०४९ सालमा ४८ जना, २०६१/०६२ मा २१ जना, २०६६ मा ६६ जना र २०६९ मा ३७ गरी १७२ जनाले पद दुरुपयोग गरेको दाबी छ । उनीहरूमाथि मुलुकी ऐनको किर्ते र ठगी महल तथा मुलुकी फौजदारी अपराध संहिताको किर्ते र ठगी कसुरमा मुद्दा दायर गर्नुपर्ने सिफारिस छ ।

बाँकी पृष्ठ १३

कान्तिपुरविरुद्धको अवहेलना मुद्दा खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

अदालतको अवहेलना गरेको भन्दै कान्तिपुर पब्लिकेसन्सविरुद्ध दुई वर्षअघि दायर मुद्दा सर्वोच्च अदालतले खारेज गरेको छ । सर्वोच्चका न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र प्रकाशमान सिंह राउतको बिहीबार बसेको बृहत् पूर्ण इजलासले कान्तिपुरले उठाएका मुद्दा सत्य र वस्तुनिष्ठ रहेकाले अवहेलना ठहर हुन नसक्ने फैसला गरेको हो ।

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको शैक्षिक योग्यताका सम्बन्धमा लेखिएको समाचारले अदालतको अवहेलना भएको भन्दै कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया, निर्देशक स्वस्तिका सिरोहिया, प्रधान सम्पादक सुधीर शर्मा र संवाददाता कृष्ण ज्ञवालीविरुद्ध मुद्दा दायर गरिएको थियो ।

सर्वोच्चको फैसलाले कान्तिपुरविरुद्ध सुनियोजित रूपमा गलत मनसायका साथ मुद्दा लगाइएको पुष्टि भएको कानुनविद्हरूले बताएका छन् । 'फैसलाले तत्कालीन प्रधानन्यायाधीशले शक्ति र पहुँचका आडमा कान्तिपुरविरुद्ध चालेको कारबाही गैरकानुनी र पूर्वाग्रही थियो भन्ने पुष्टि गऱ्यो,' वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले भने, 'यस फैसलाले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको दायरालाई फराकिलो पारिदिएको छ ।'

मेडिकल माफियाका पक्षमा फैसला गरेको भन्दै पराजुलीको आलोचना गरेका सत्याग्रही डा. गोविन्द केसीलाई पनि अवहेलनामा मुद्दा दायर गरी कान्तिपुरसँगै सुनुवाइमा राखिएको थियो । बाँकी पृष्ठ १३

भोलिको कोसेली

बेपत्ता नागरिक आख्यान विशेष

- महेशविक्रम शाह– म बेपत्ता !
- राजव– क्रूर मौन
- हरि अधिकारी– जुना तामाङको प्रेमकथा
- सरस्वती प्रतीक्षा– फोबिया
- नवीन विभास– बेपत्ताकी डाई
- उमा सुवेदी– उकुच
- ज्योति जङ्गल– ऋण
- फूलमान वल– कमरेड रोशी
- अभय श्रेष्ठ– निडर
- बिना थिङ तामाङ– गन्धे झार

नेपालगन्ज र नोबेलले लिए अतिरिक्त शुल्क

■ **सुदीप कैनी** (काठमाडौं)

चिकित्सा शिक्षा आयोगको निर्देशन अवज्ञा गर्दै मोरङको नोबेल र बाँकेको नेपालगन्ज मेडिकल कलेजले एमबीबीएसका विद्यार्थीसँग अतिरिक्त शुल्क असुल्न थालेका छन् । विद्यार्थी र अभिभावकलाई प्रलोभन, त्रास र धम्की दिएर कलेज सञ्चालकहरूले शैक्षिक सत्रको सुरुमै बढी शुल्क असुलेका हुन् ।

२९ लाखभन्दा बढी अतिरिक्त शुल्क उठाउने प्रयास गरेको नोबेलले थप शुल्क लिन ६ जना विद्यार्थीसँग कबुलियतनामा गराइसकेको छ ।

कबुलियतनामामा भर्ना, परीक्षा लगायत शीर्षकमा थप शुल्क लिने उल्लेख छ । नोबेलले बढी शुल्क तिर्न सहमत भएका ती ६ विद्यार्थीसँग मात्र माघ १९ गते काउन्सिलिङ गरेको थियो । अधिकांश अभिभावकले बढी शुल्क नतिर्ने अडान लिएपछि कलेज प्रशासनले शुल्क नतिर्नेलाई काउन्सिलिङमा सहभागी नगराएको हो । कलेजले एमबीबीएसतर्फ १०० विद्यार्थीको भर्ना लिन पाउँछ ।

नोबेलका अभिभावकले अतिरिक्त रकम माग्ने कलेजविरुद्ध चिकित्सा शिक्षा आयोग र काठमाडौं विश्वविद्यालय गुहारिसकेका छन् । आयोग र विश्वविद्यालयले आग्रह गरिसकेकाले थप शुल्क नतिर्ने अभिभावकहरूको भनाइ छ ।

'नोबेलका सञ्चालक सुनील शर्माले फकाएर र धम्क्याएर ६ जनासँग बढी पैसा लिएछन्,' एक अभिभावकले कान्तिपुरसँग भनिन्, 'बाँकी अभिभावकले बढी रकम नतिर्ने सहमति गरेका छौं, भर्नाका लागि काठमाडौं विश्वविद्यालयमा

> 'अभिभावकलाई बढी पैसा नतिर्नु भनियो तर सरकारले कलेजलाई लिन रोक्न सकेन'

पहिलो किस्ताको रकम जम्मा भइसकेको छ, पढाइ सुरु नगरे कानुनी उपचारमा जान्छौं ।'

आयोगको सम्पर्कमा आएका अभिभावकलाई उपाध्यक्ष श्रीकृष्ण गिरी र सदस्यसचिव हरिप्रसाद लम्सालले 'एक रुपैयाँ पनि बढी रकम नतिर्न' भनेका छन् । 'विश्वविद्यालयमार्फत कलेजलाई सचेत गराइराखेका छौं, भर्ना गराएको ३५ दिनभित्र पढाइ सुरु गर्नुपर्ने काम विश्वविद्यालयको हो,' गिरी र लम्सालको भनाइ उद्धृत गर्दै अभिभावक केशव दाहालले भने, 'उपाध्यक्ष गिरी र सदस्यसचिव लम्सालले बढी पैसा लिन नपाए विद्यार्थी पढाउँदिनँ भन्ने मेडिकल कलेजको सम्बन्धन खारेज गर्छौं भन्नुभएको छ ।'

नोबेल प्रशासनले भने अभिभावकले बढी रकम नदिने अडान लिएपछि चिकित्सा शिक्षा आयोगलाई पत्राचार गरेको थियो । शिक्षण शुल्कबापत कुन-कुन शीर्षकमा शुल्क लिन पाउने हो भनेर कलेजले लेखेको पत्रको जवाफमा आयोगले तोकिएभन्दा बढी शुल्क लिन नपाइने स्पष्ट पारेको छ । 'आयोगले कुनै पनि शुल्क नलिन सचेत गराएपछि नोबेल मेडिकल कलेजले अतिरिक्त शुल्कमा पनि छुट दिने नयाँ तरिका अपनाएको अभिभावकहरूले गुनासो गरे । कलेजले तत्कालका लागि २९ लाखबाट घटाएर १५ लाख रुपैयाँ मात्रै अतिरिक्त शुल्कमा कलेजले मोलमोलाइ गरिरहेको छ ।

नोबेल कलेजले प्रशासनले भने शिक्षण शुल्कका विषयमा विवाद सुल्झेको दाबी गरेको छ । कलेजले नयाँ भर्ना भएका केही विद्यार्थी र तिनका अभिभावकलाई बोलाएर शुल्क विवाद सुल्झाएको जनाएको हो ।

बाँकी पृष्ठ १३

अन्तरिक्षमा ३२८ दिन

अल्माटी/वासिङ्टन (एजेन्सी)- झन्डै एक वर्ष लामो अन्तरिक्ष यात्रापछि बिहीबार कजाकिस्तानको उत्तरी क्षेत्रस्थित हिउँले सेताम्य जमिनमा पाइला टेक्दै गर्दा क्रिस्टिना कोच निकै हर्षित देखिन्थिन् । अन्तरिक्ष यान जमिनमा उत्रेलगत्तै सहयोगीले उनलाई कुर्सीमा राखे र गुरुत्वाकर्षण सन्तुलनका लागि 'मेडिकल टेन्ट' तर्फ दौडाए । त्यसै क्रममा उनले भनिन्, 'म निकै उत्साहित र निकै खुसी छु । मैले यो क्षणलाई अन्तरिक्ष नायकहरूका पाइला पछ्याइरहेका बेला भएको सम्मानका रूपमा लिएकी छु ।'



रोयटर्स

पृथ्वीमा ओलिंएपछि बिहीबार अन्तरिक्ष यात्री क्रिस्टिना कोच ।

खासमा उनी खुसी हुनुको मुख्य कारण हो- उनका नाममा बनेको नयाँ कीर्तिमान । लामो समय अन्तरिक्षमा बिताउने महिलाका रूपमा पेगी हिविट्सनको कीर्तिमान (२८९ दिन) उनले तोडेकी छन् । सन् २०१९ मार्च १४ मा अन्तरिक्ष यात्रामा निस्केकी कोच ३२८ दिनपछि सोयुज यानमार्फत पृथ्वीमा ओर्लेकी हुन् । अमेरिकी अन्तरिक्ष संस्था (नासा) की ४१ वर्षीया कोचको टोलीमा अन्य दुई अन्तरिक्ष यात्री युरोपेली अन्तरिक्ष निकायका लुका पार्मिटानो र रसियाका अलेक्जान्डर स्केभोर्सोभ पनि थिए ।

बाँकी पृष्ठ १३



मुख्यमन्त्रीको जवाफ माग्दै प्रदेशसभा अवरुद्ध

गण्डकी (कास)- मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको जवाफ माग्दै प्रमुख प्रतिपक्ष कांग्रेस र नयाँशक्तिका सांसदले गण्डकी प्रदेशसभाको बिहीबारको बैठक अवरुद्ध गरेका छन् । यसअघि सभाका विभिन्न बैठकमा सांसदले उठाएका प्रश्नको जवाफ मुख्यमन्त्रीले नै दिनुपर्ने उनीहरूको माग थियो ।

बैठकमा मुख्यमन्त्री उपस्थित थिएनन् । दिउँसो १ बजे सुरु भएको बैठकको शून्य र विशेष समयमा सांसदहरूले विभिन्न विषयमा धारणा राखेका थिए । सांसद बोलिसकेपछि भौतिक पूर्वाधार विकासमन्त्री रामशरण बस्नेत र सामाजिक विकासमन्त्री नरदेवी पुनले जवाफ दिइसकेका थिए । माघ १४ को बैठकमा कांग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपालीले राजनीतिक आस्थाकै कारण कांग्रेसनिकट कर्मचारीलाई नियुक्ति नगरिएको विषय उठाएका थिए । विशेष गरी सामाजिक विकास मन्त्रालयले स्वास्थ्य क्षेत्रका कर्मचारीलाई नियुक्ति नदिएकोमा कांग्रेसले आपत्ति जनाएको थियो । मन्त्री पुनले कर्मचारी नियुक्तिबारे मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयमा पत्राचार गरिएकाले आफ्नो मन्त्रालयमा कुनै विवाद नरहेको बताइन् ।

उक्त विषय मुख्यमन्त्रीसँग जोडिएकाले उनैले जवाफ दिनुपर्ने, उनी नभए कार्यवाहक मुख्यमन्त्री आउनुपर्ने भन्दै नयाँशक्तिका हरिशरण आचार्यले सुरुमा नियमापत्ति जनाए । त्यसपछि कांग्रेसका कुमार खड्का, मेखलाल श्रेष्ठले पनि नियमापत्ति जनाएपछि सभामुख नेत्रनाथ अधिकारीले ५ पटकसम्म बस्न भने । तर उनीहरू मानेनन् । सत्तापक्ष नेकपाका सांसदहरू आशा कोइराला, मायानाथ अधिकारी र राजीव पहारीले प्रदेशसभा सञ्चालनको माग गरे । त्यस क्रममा दुवै पक्षबीच चर्काचर्की भयो । प्राविधिक कारणले मुख्यमन्त्री उपस्थित हुन नसकेको भन्दै सभामुखले बैठक पुनः सञ्चालन गर्न खोजे । तर अवरोध भइरहेकाले शुक्रबार ११ बजेसम्मका लागि स्थगित भएको घोषणा गरे ।

'जहिल्यै हेलचेक्याइँ भयो । मन्त्रीज्युले यस्ता कुरा सिरियस लिनुपर्छ । नियमको उल्लंघन गर्न कसैलाई छुट छैन,' कांग्रेसका खड्का भन्छन् । उनले प्रदेशसभा नियमावलीमा सांसदले उठाएका प्रश्नको ७ दिनभित्र जवाफ दिनुपर्ने व्यवस्था रहेको बताए । यसअघि माघ १३ को बैठक पनि कांग्रेसले सम्बन्धित मन्त्रीको जवाफ माग्दै अवरोध गरेको थियो ।

छोटकरी

रिहा लगत्तै पक्राउ

पूर्वी नवलपरासी (कास)- प्रतिबन्धित चन्द समूहका बागलुङ जिल्ला सदस्य महेन्द्र भण्डारीलाई प्रहरीले पुनः पक्राउ गरेको छ । जिल्ला प्रशासन कार्यालयको आदेशले २ हजार रुपैयाँ धरौटी बुझाएर रिहा भएका उनलाई बुधबार राति थप सोधपुछका लागि भन्दै प्रहरीले फेरि पक्रिएको जिल्लाका इन्सेक प्रतिनिधि तीर्थ डुम्रेले बताए । उनलाई माघ १३ मा कावासोतीको फलफूल चोकमा प्रहरीलाई अभद्र व्यवहार गरेको भन्दै समातेर मुद्दा चलाइएको थियो ।

लागुऔषध सहित ६ पक्राउ

पूर्वी नवलपरासी (कास)- जिल्लाका विभिन्न स्थानबाट लागुऔषधसहित ६ जना पक्राउ परेका छन् । प्रहरीले देवचुली नगरपालिका-१५ प्रगतिनगरस्थित धौलागिरि चोक र डन्डामा जाँच गर्ने क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा कास्की, पोखरा महानगर-३ का सुमित शिल्पकार, अमन शाही र हिराबहादुर घले, गोरखा, पालुङटारका दीपक गैरे, तनहुँको व्यास नगरपालिका-१० दमौलीका रितेश सिलवाल र मध्यविन्दु नगरपालिका-७ का अनुष थापा छन् । प्रहरीले उनीहरूका साथबाट नुफ्रिन, फेनरागन, डाइजापाम र गाँजा बरामद गरेको छ ।

'व्यवस्थापिका र कार्यपालिकाबीच दरार छैन'

गण्डकी (कास)- गण्डकी प्रदेशसभाका सभामुख नेत्रनाथ अधिकारीले व्यवस्थापिका र कार्यपालिकाबीच दरार नरहेको बताएका छन् । प्रदेशसभाको पहिलो बैठक बसेको बुधबार दुई वर्ष पुगेको उपलक्ष्यमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा उनले समन्वय र सहकार्यमै काम भइरहेको बताए । सञ्चारकर्मीले व्यवस्थापिका र कार्यपालिका बलियो हुन खोज्दा एकअर्कालाई बेवास्ता गरेजस्तो देखिएको विषय उठाएपछि उनले खण्डन गरेका हुन् । सरकारलाई आवश्यक कानुन ल्याइरहेको र थप ल्याउने जनाउँदै अधिकारीले भने, 'संसदमा ल्याइएका विधेयक हामीले छलफल गरेर सबैको सहमतिमा पारित गरेका छौं । एकादुई विधेयक बहुमतको आधारमा पनि पारित भएका छन् ।' सरकारले ल्याएका विधेयक संसदमा सहजै पारित हुने वातावरण सिर्जना भएको उनले बताए । अधिकारीले प्रदेशसभाको दुई वर्ष पूर्ण रूपमा सफल भएको दाबी गरे । लामो समयदेखि विवादका कारण विचाराधीन रहेको सचिवालयसम्बन्धी विधेयक यही हिउँदे अधिवेशनमा टुंगो लाग्ने उनको भनाइ छ ।

बूढीगण्डकी आयोजना

ह्रासकट्टी विवादले मुआब्जा रोकियो

ह्रासकट्टी गर्दा रकम टुक्र्याएर आउने र त्यसले लगानीमूलक काम गर्न नसक्ने भन्दै स्थानीयले एकमुष्ट मुआब्जा मागेका छन्

■ **हरिराम उप्रेती** (गोरखा)



गोरखा र धादिङ सीमाक्षेत्रको बूढीगण्डकी नदी । *तस्बिर : कान्तिपुर*

बूढीगण्डकी जलविद्युत् आयोजनाको मुआब्जा वितरण चालू वर्ष नै टुंग्याउने गरी झन्डै १३ अर्ब रुपैयाँ निकासा भएको छ । तर, बजार क्षेत्रबाहेकका स्थानमा अझै बाँडिएको छैन । भौतिक संरचना, फलफूल र बोटबिरुवाको लगत संकलन ९ महिनाअघि नै भइसके पनि प्रभावितले ह्रासकट्टी गर्न नमान्दा मुआब्जा वितरण हुन नसकेको हो ।

नेपाल सरकारको भवनसम्बन्धी प्रचलित कार्यविधिमा भौतिक संरचनाको ह्रासकट्टी गर्नुपर्ने प्रावधान छ । 'ह्रासकट्टीको विषय मिलेको छैन, आयोजना र ऊर्जा मन्त्रालयले यसतर्फ तदारुकता नदेखाउँदा मुआब्जा पाएनौं,' प्रभावित हरेराम ढकालले भने, 'हामीले घरजग्गा बेचेका होइनौं, आयोजनाका लागि सहयोग गरेका हौं, अनि किन ह्रासकट्टी गर्ने ?' एकमुष्ट रकम नपाउँदा स्थानीय समस्यामा परेको पनि उनले सुनाए । 'कुनै पनि आयोजनामा टुक्राटुक्रा गरेर मुआब्जा वितरण भएको देखेका छैनौं, बुढीगण्डकी प्रभावितलाई जग्गाको छुट्टै, भौतिक संरचनाको छुट्टै मुआब्जा वितरण हुँदै छ,' उनले भने, 'एकमुष्ट रकम नपाउँदा पैसा लगानीयुक्त बनाउन सकेनौं ।'

प्रभावितको माग सम्बोधन गर्न मुआब्जा वितरण पुनर्वास तथा पुनःस्थापना इकाइले ऊर्जा मन्त्रालयमा फाइल पठाएको छ । 'फाइल ऊर्जा हुँदै अर्थमा पुगेको जानकारी पाएका छौं,' इकाइप्रमुख कृष्ण कार्कीले भने, 'वातावरणीय प्रभाव मूल्यांकनमा पनि ह्रासकट्टी नगर्ने भनिएकाले यही विषय ऊर्जालाई भनेका हौं ।' ऊर्जाले पठाएको फाइल अर्थले फिर्ता गरिदिएको छ । अर्थ मन्त्रालयले आयोजनाको प्रकृति र अवस्था अध्ययन गर्न भनेको स्रोतले बतायो । ऊर्जा मन्त्रालय, संघ, प्रदेश र स्थानीय तहका प्रतिनिधिसहित गत मंसिर २४ मा बसेको बैठकले भौतिक संरचनाको ह्रासकट्टी नगर्न मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेस गर्ने निर्णय गरिसकेको छ । 'बैंकको ऋण भएका, अदालतले रोकेको, कुनै विवादितबाहेक अन्य जग्गाको फागुनभरिमा मुआब्जा वितरण सक्छौं,' कार्कीले भने, 'संरचना, फलफूल र बोटबिरुवाको पनि एकमुष्ट दिने योजना हो, भौतिक संरचनाको ह्रासकट्टीको विषयमा नीतिगत निर्णय नहुँदा अन्योलमा छौं ।' माघ महिनाभरि भौतिक संरचनाको ह्रासकट्टी गर्ने/नगर्ने निर्णय नभए चालू वर्ष मुआब्जा वितरण सक्ने लक्ष्य पूरा गर्न मुस्किल देखिएको आयोजनाले जनाएको छ ।

धादिङका सलाङ, खरी, मैदी, चैनपुर, ज्यामरुङ, सल्यानटार, अग्निचोक र बुढाथुम्को तथा गोरखाका घ्याल्चोक, दुर्बुङ, फुजेल, नाम्जुङ, बुङकोट, अस्राङ, बोर्लाङ, धावा र तान्द्राङमा फलफूल, बोटबिरुवा र भौतिक संरचनाको लगत संकलन सकिएको थियो । दुई जिल्लाका यी स्थानका गरी २ हजार ९ सय ९६ धनीको १३ हजार २ सय ४४ फलफूलको लगत जुटाइएको हो । धादिङतर्फ ७८८ धनीका ४ हजार ७ सय १७ र गोरखातर्फ १ हजार ४ सय ८ धनीका ८ हजार ५ सय २७ फलफूलका बोट पाइएका छन् ।

दुवै जिल्लाका घर, गोठ, शौचालय, पाली, टौवाको पनि लगत संकलन भइसकेको छ । २ हजार ५ सय ५० धनीको ४ हजार २ सय ३५ संरचनाको लगत संकलन भएको इकाइले जनाएको छ । यीमध्ये १२० संरचना सार्वजनिक जग्गामा छन् ।

यसै साता बसेको सरोकारवालाको बैठकले फागुनभरिमा दुवै जिल्लाका डुबानमा पर्ने बजार क्षेत्रमा पनि लगत संकलनका लागि प्राविधिक खटाउने निर्णय गरेको छ । बजार क्षेत्रको जग्गाको मुआब्जा गत मंसिर १६ गते निर्धारण भएकोमा अहिले वितरण भइरहेको इकाइले जनाएको छ । धादिङको बजार क्षेत्रतर्फ ८२ जग्गाधनीको ९६ कित्ताको रकम निकासा भइसकेको छ । धादिङतर्फ ४ सय ३५ जग्गाधनीको ९३६ कित्ताको रकम जान भने बाँकी रहेको कार्कीले बताए । त्यस्तै गोरखातर्फ एक हजार कित्तामध्ये ६४३ धनीको ८७४ कित्ताको निकासा भएको छ । उनका अनुसार गोरखातर्फ ६५ करोड र धादिङतर्फ करिब ८ करोड रकम निकासा भइसकेको छ ।

आंशिक शिक्षककै भरमा उत्कृष्ट

धवलागिरि बहुमुखी क्याम्पसमा १३ वर्षदेखि आंशिक रहेका शिक्षकले अझै पाएनन् करार नियुक्ति

कान्तिपुर संवाददाता (बागलुङ)



धवलागिरि बहुमुखी क्याम्पसको स्नातक तहको विज्ञान संकायमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण भए । अधिकांशको प्रथम श्रेणी आयो । चार वर्षयता विद्यालयको नतिजा उत्कृष्ट छ ।

विज्ञान विषयमा ८१ विद्यार्थी रहेकामा २७ छात्र र ५४ छात्रा छन् । यो संकायमा सबै ११ शिक्षक आंशिक छन् । बीबीएस, एबीएस र बीबीए समूहको पढाइ हुने व्यवस्थापनमा ७२९ विद्यार्थी पढ्छन् । बीबीएमा पनि शतप्रतिशत उत्तीर्ण भइरहेका छन् । यहाँ २२० छात्र र ५ सय ९ छात्रा छन् । ती विषय पढाउने ११ जनामा ५ पूर्णकालीन, अरू आंशिक छन् ।

मानविकीमा १५२ मात्र विद्यार्थी छन् । यहाँ ४८ प्राध्यापकमध्ये ३० पूर्णकालीन छन् । मानविकीतर्फकै इतिहासमा ४ र राजनीतिशास्त्रमा तीन जना पूर्णकालीन प्राध्यापक छन् । यो क्याम्पसमा दशकदेखि यी दुई विषयको पढाइ भने छैन । मानविकीतर्फको उत्तीर्ण दर ५० प्रतिशत मात्रै छ ।

शिक्षा संकायमा ६५३ विद्यार्थी छन् । उनीहरूको शिक्षणका लागि दुई जना पूर्णकालीन शिक्षक छन् । गणित र नेपाली पढाउने मानविकीकै शिक्षक हुन् । क्याम्पसमा अहिले कुल १ हजार ७ सय विद्यार्थीका लागि ३६ पूर्णकालीन र ३८ आंशिक शिक्षक छन् । क्याम्पसप्रमुख रामप्रसाद उपाध्यायका अनुसार पूर्णकालीन शिक्षकको पाठ्यभार दैनिक २ पिरियड पनि छैन । आंशिक शिक्षकले दैनिक ७ पिरियडसम्म पढाउँछन् ।

त्रिविको नियमावलीअनुसार एक वर्ष आंशिकमा पढाएकालाई म्याद थप गर्नुपरे करारमा नियुक्ति दिनुपर्ने व्यवस्था छ । तर यहाँ १३ वर्षदेखि आंशिककै भरमा बस्न बाध्य छन् । 'आंशिक शिक्षकलाई करार गर्न पाउने कानुन क्याम्पस प्रशासन र त्रिवि पदाधिकारी नै उल्लंघन गरिरहेका छन्,' आंशिक प्राध्यापक संघका अध्यक्ष विष्णुप्रसाद चापागाईंले भने, 'हामीले सल्लाह गरेर घोषित विरामी भइदिए क्याम्पस धराशायी हुन्छ ।' करारमा लगाउन विश्वविद्यालय अनुदान आयोगले विनियोजन गरेको रकम स्थायी प्राध्यापकको पेन्सन र अन्य सेवासुविधामा खर्चिइएको उनले आरोप लगाए ।

झन्डै ४२ रोपनी जमिन, आधा दर्जन भवन भएको क्याम्पसले प्राध्यापकको व्यवस्थापन गर्न सकेको छैन । 'मैले पनि पटकपटक केन्द्रमा लेखेर पठाएको छु, भेटेको बेला पनि भनेकै छु, आंशिक शिक्षकका लागि बजेट र नियुक्ति प्रक्रिया भएको छैन,' उपाध्यायले भने, 'आंगिक क्याम्पस भए पनि जनशक्ति व्यवस्थापनमा केन्द्रबाट ओझेलमा परेका छौं ।' ५२ प्रतिशत प्राध्यापक आंशिक भएकाले उनीहरूले छाडेका दिन क्याम्पसको गुणस्तरमा नकारात्मक असर पर्ने उनले बताए ।

गुणस्तर सुधारका लागि स्वयंसेवी अगुवाइ लिएको सभापति मनीष थापाले बताए । क्याम्पसलाई स्वायत्तता दिएर आन्तरिक करार गर्न सकिने प्रावधानमा पनि त्रिविबाट अनुमति आइनसकेको उनको भनाइ छ । 'त्रिवि पदाधिकारीसँगको डेलिगेसनमा हरेक वर्ष पदपूर्ति गराएर समस्या समाधान गर्ने आश्वासन दिइयो,' उनले भने, 'तर अझै दरबन्दीअनुसारको पदपूर्ति गरेर शिक्षक दिइएको छैन ।' हाल क्याम्पसमा २३ दरबन्दी खाली छ ।

म्याग्दी क्याम्पस 'क्यूएए सर्टिफाइड'

त्रिभुवन विश्वविद्यालय अनुदान आयोगले हिमाली जिल्लामा पहिलो म्याग्दी बहुमुखी क्याम्पसलाई गुणस्तर सुनिश्चितता प्रत्यायन (क्यूएए) प्रदान गरेको छ ।

त्रिविमातहतको ४१औं क्याम्पसको रूपमा म्याग्दीले क्यूएए पाएको हो । यो संसारभरका विश्वविद्यालयमा स्वीकार गरिएको शैक्षिक गुणस्तरको मान्यता हो ।

'शैक्षिक वातावरण, गुणस्तरसहित त्रिविले तोकेका १२० भन्दा बढी मापदण्ड उत्तीर्ण गरी क्याम्पस हिमाली जिल्लामा पहिलो, नेपालमा ४१औं, गण्डकी प्रदेशमा पाँचौं क्यूएए सर्टिफाइड क्याम्पस बन्न सफल भएको छ,' क्याम्पस सञ्चालन समितिका अध्यक्ष बालकृष्ण सुवेदीले भने, 'उत्तीर्ण विद्यार्थीको सर्टिफिकेट अब विश्वका जुनसुकै विश्वविद्यालयमा बिक्न सक्ने भएको छ । थप जिम्मेवारी बढेको ठानेका छौं ।'

पालिकाको बजेट खर्च कमजोर

लमजुङ (कास)- चालू आर्थिक वर्षको ६ महिना बित्दा पालिकाहरूको पुँजीगत खर्च कमजोर देखिएको छ । नगरपालिकाहरूले पुँजीगत बजेटको एक चौथाइ पनि खर्चन सकेका छैनन् ।

जेठअगावै योजना सक्ने उद्घोष गरेका पालिकाहरूले कम्तीमा ७५ प्रतिशत पुँजीगत रकम अबको ४ महिनाभित्र खर्च गरिसक्नुपर्छ । पुँजीगत रकम नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विकास बजेट हो । पहिलो चौमासिक खर्चको विवरण बुझाएका स्थानीय तहले दोस्रो चौमासिकको बजेट कार्यान्वयन गरिरहेका छन् ।

लमजुङका ८ पालिकामध्ये चारवटा नगर छन् । नगरपालिकामध्ये पुँजिगत खर्चमा सबैभन्दा कमजोर सुन्दरबजार छ । लेखा अधिकृत नरेन्द्रराज घिमिरेका अनुसार यहाँ कुल बजेट ५४ करोड ६२ लाख ७१ हजार रहेकोमा पुस मसान्तसम्म १० करोड ६३ लाख ८५ हजार ६ सय ९५ रुपैयाँ अर्थात १९.४७ प्रतिशत खर्च भएको छ । पुँजीगततर्फ १४ करोड ५५ लाख ५२ हजार रुपैयाँ बजेट रहेकोमा १ करोड ८ लाख ६० हजार (७.४६ प्रतिशत) मात्रै खर्च भएको छ । चालूतर्फको ४० करोड ७ लाख १९ हजार बजेटमध्ये ९ करोड ५५ लाख २५ हजार ६ सय ९५ रुपैयाँ (२३.८३ प्रतिशत) खर्च भएको छ । चालूमा शिक्षा, स्वास्थ्य, कृषि, पशु, सामाजिक सुरक्षालगायतको बजेट जोडिएको हुन्छ ।

सुन्दरबजार नगरप्रमुख जनकराज मिश्रले ठूला संरचनाका लागि बढी बजेट विनियोजन गरिँदा 'आउटपुट' आउन बाँकी भएकाले खर्च कम देखिएको बताए । उनका अनुसार प्रदेश सरकारका योजनामा समेत स्थानीय तहले बजेट राख्नुपर्दा समयमा खर्च हुन सकेको छैन । 'वडामा धेरै योजना छन् । वडाध्यक्षलाई छिटो सम्पन्न गरी खर्च लाने वातावरण मिलाउन आग्रह गरेका छौं,' उनले भने, 'अब खर्च ह्वात्तै बढ्छ ।' नगरपालिकाको भवन बनाउन १ करोड ७५ लाख छुट्याइएकोमा ६० लाख खर्च भएको र बाँकी हुने क्रममा रहेको मिश्रले जानकारी दिए ।


नगरपालिकाहरूले पुँजीगत बजेटको एक चौथाइ पनि खर्चन सकेनन्

राइनास नगरका लेखापाल सूर्यमान श्रेष्ठका अनुसार कुल ४४ करोड २ लाख ६२ हजार बजेटमध्ये पुस मसान्तसम्म ११ करोड ७१ लाख १८ हजार (२६.६० प्रतिशत) खर्च भएको छ । १७ करोड ८८ लाख पुँजीगत बजेटमध्ये ३ करोड ८ लाख ९७ हजार (१७.२८ प्रतिशत) र चालूतर्फ २६ करोड १४ लाख ६२ हजार बजेटमध्ये ८ करोड ६२ लाख २१ हजार (३२.९७ प्रतिशत) खर्च भएको छ ।

मध्यनेपाल नगरपालिकाका लेखा अधिकृत दण्डपाणि पौडेलका अनुसार कुल बजेट ४५ करोड १० लाख ७८ हजार ३ सय २६ रुपैयाँ रहेकोमा १४ करोड ६५ लाख ५२ हजार १ सय १२ रुपैयाँ (३२.४८ प्रतिशत) मात्र खर्चिइएको छ । पुँजीगत बजेट १८ करोड २७ लाख ४४ हजार ३ सय २६ रहेकोमा २ करोड ५९ लाख १५ हजार १ सय ५८ रुपैयाँ (१४.१८ प्रतिशत) र चालूतर्फ २६ करोड ८३ लाख ३४ हजार बजेट रहेकोमा १२ करोड ६ लाख ३६ हजार ९ सय ५४ रुपैयाँ (४४.९६ प्रतिशत) खर्च भएको उनले बताए ।

बेंसीसहरका लेखापाल अमृतकुमार श्रेष्ठका अनुसार कुल बजेट ५७ करोड ८० लाख ८८ हजार १ सय ९५ रुपैयाँमध्ये बुधबारसम्म १४ करोड २८ लाख ८२ हजार ४ सय ८९ रुपैयाँ (२४.७१ प्रतिशत) खर्च भएको छ ।

बेंसीसहरको पुँजीगत २३ करोड ५ लाख ६३ हजार ५ रुपैयाँ बजेटमध्ये २ करोड ७८ लाख १३ हजार ८८८ रुपैयाँ (१२.०६ प्रतिशत) र चालूतर्फ ३४ करोड ७६ लाख २५ हजार १ सय ९० रुपैयाँमध्ये ११ करोड ५० लाख ६८ हजार ६०१ रुपैयाँ (३३.१० प्रतिशत) खर्च भएको छ । बेंसीसहर नगरपालिका प्रमुख गुमानसिंह अर्यालले ठूला योजनाका कारण सोचेअनुरुप खर्च बढ्न नसकेको बताए ।









तपाईंको आज

मेष	भाग्य वृद्धि	तुल	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पुर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ २५ गते शनिबार तदनुरुप ८ फरवरी २०२० माघ शुक्लपक्ष चतुर्दशी तिथि दिनको ३:१२ बजेसम्म उप्रान्त पूर्णिमा, तिष्य नक्षत्र रात्रिको ९:५५ बजेसम्म उप्रान्त अश्लेषा नक्षत्र, आयुष्मान योग रात्रिको ७:८ बजेसम्म उप्रान्त सौभाग्य योग, वणिज करण दिनको ३:१२ बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	कान्तिपुर समाचार
८:३०	कान्तिपुर न्युज
९:००	हवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज द् लाइफ (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	सुमनसँग (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हवाट द फ्लप (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	सुमनसँग (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	यू एण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	यू एण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	यू एण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	प्राविधिक डायरी
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुरुमर्निङ शो (महिमा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:५०	ट्राफिक अपडेट
०९:५५	राष्ट्रिय गीत
०९:२०	शैली (भूपेन्द्र)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप अफ द टप्स (साजारिका)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:५५	सौराई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	द राहुल भुजेल सो
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	फेलाटिक फ्राइडे (महेश/स्मिता)
१८:००	आधा आकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	नो टेन्सन (दीपकराज/अनिबका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेट्रोनिक्स (साञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेणी
२२:००	ओल्डी गोल्डी (रुमीता)
२३:००	इलिमेन्थ आवर (संजय)
२४:००	टप अफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (भूपेन्द्र)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

पोखराका महत्वपूर्ण नम्बरहरू

रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस	०६१-५२१०२१
कास्की रेडक्रस	०६१-५२०३४०
दमकल सेवा	०६१-५२०२२२
शव बाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०२००
परिचर्याञ्चल क्षेत्रीय अस्पताल	०६१-५२००६६/६८०
मानिला शिक्षण अस्पताल	०६१-५२६४१६/१८/१८
ज्ञानकी मेडिकल कलेज	०६१-५४०५३
हिमालय आँखा अस्पताल	०६१-४६१५८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-४६१०४६/४६१४६६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १११९/०६१-४६४८४१
क्षेत्रीय प्रहरी कार्यालय	०६१-४६२५००/९८४६०२८३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८४६०३५१९
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०४१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२६२०४६

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०१८८/५२०२८८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका भगवती गुठी एम्बुलेन्स	९८४६९१६५४०
गोरस्या अस्पताल	०६४ ४२०३०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३९
स्याङ्जा रेडक्रस एम्बुलेन्स	०६३ ४२०१५८
पर्वत जिल्ला अस्पताल	०६७ ४२०१९०/४२०१५८
पर्वत रेडक्रस एम्बुलेन्स	०६७ ४२०१४९
पर्वत प्रहरी/वारुणयन्त्र	०६७ ४२०१००/४२०१९९
लमजुङ जिल्ला अस्पताल	०६६ ५२०१९५/५२०५५७
लमजुङ सामुदायिक अस्पताल	०६६ ५२०१८३
म्याग्दी जिल्ला अस्पताल	०६९ ५२०१०८
दमौली अस्पताल	०६५ ५६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३
स्याङ्जा बाग्लुङ्गन्त्र	०६३ ४२०४०९
जिल्ला प्रहरी बागलुङ	०६८ ५२०१९९ र ५२०२९९
जिल्ला प्रहरी गोरखा	०६४ ४२०२३७
जिल्ला प्रहरी लमजुङ	०६६ ५२०१९८ र ५२०१९९
जिल्ला प्रहरी मनाङ	०६६ ४४०१९९
जिल्ला प्रहरी मुस्ताङ	०६९ ४४०१९६ र ४४००९८
जिल्ला प्रहरी म्याग्दी	०६९ ५२०१९९ र ५२०२९९
जिल्ला प्रहरी पर्वत	०६७ ४२०१९९
जिल्ला प्रहरी स्याङ्जा	०६३ ४२०१००/४२०१९२/४२०२८४
जिल्ला प्रहरी तनहुँ	०६५ ५६०१९९
इपुका आँबुखैरेनी	०६५ ५४००९९
जिल्ला प्रहरी नवलपरासी	०७८ ५४०१००
लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१५४०२००
बुद्ध सामुदायीक मृदु अस्पताल	०७१५६४१७६
महिला तथा बाल अस्पताल-आनदा	०७१५४४६५०
चुनिमर्सल कलेज अफ मेडिकल साचन्सेस भैरहवा	०७१५०६०३०
मीम अस्पताल भैरहवा	०७१५२०१९३
पृथ्वी चन्द्र अस्पताल परासी	०७८५२०१९८
अर्घाखाँची जिल्ला अस्पताल	०७७४२०२५०
गुल्मी जिल्ला अस्पताल	०७५५२०१९८
कपिलवस्तु जिल्ला अस्पताल	०७६५४०२००
रेडक्रस एम्बुलेन्स भैरहवा	०७१-५२०२६३, ९८४६०२९१०८

गुठीको जग्गा अतिक्रमण

हडपेकाले नछोड्दा गुरुयोजना अलपत्र

- हलेश्वर महादेव गुठीको ६७ रोपनी तीन आना तीन पैसा र शंखेश्वरी गुठीको ५५ रोपनी जग्गा स्थानीयको कब्जामा
- रूपाकोटमा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा व्यक्तिको नाममा

■ डम्बरसिं राई (खोटाङ)



खोटाङस्थित हलेसी गुफा । तस्विर : डम्बरसिं/कान्तिपुर

खाली जग्गा देख्यो कि हडप्ने चलनले सरकारी, धार्मिक र गुठी क्षेत्र साँघुरिन थालेका छन् । वर्षौंदेखि अतिक्रमणमा परेकाले सार्वजनिक स्थलको विस्तार र विकासमा अवरोध भइरहेको छ ।

प्रसिद्ध हलेसी (हलेश्वर महादेव), बराहा ताल (शंखेश्वरी महादेव), बुद्धेश्वर महादेव, रूपाकोटजस्ता क्षेत्रमा स्थानीय बासिन्दाले कब्जा जमाएपछि विकासमा समस्या आएको हो । हलेसी तुवाचुङ नगरपालिकाको हलेसी, माल्कु, गैरीगुठ, डाँडागुठ लगायतको जग्गामा स्थानीयले अतिक्रमण गरेपछि समस्या उब्जिएको हलेसी तुवाचुङ नगरपालिकाका प्रमुख इवन राईले गुनासो गरे ।

जिल्ला नापी कार्यालयका अनुसार ६७ रोपनी तीन आना तीन पैसा जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको छ । सो जग्गा गुठी संस्थानका प्रशासक नारायण चौधरीको फैसलाले २०७५ चैत १५ गते गुठीकै नाममा कायम गराएको थियो । स्थानीय हेमन्तकुमार गिरी, बमप्रसाद गिरी, मनदीप गिरी, लक्ष्मीमाया गिरी, कुमारी राई, प्रमोदकुमार गिरी, गुन्जना गिरी, भवानीशंकर गिरी, सपना गिरी, भरिता राई, ज्यानकाजी श्रेष्ठ, राजन राई, सुन्दरबहादुर राई, नयनकुमार राई, मिलनकुमारी राई, नविन राई, सप्तबहादुर राई, तारालक्ष्मी राई, अर्जुन गिरी, प्रेमकुमारी गिरी, रवती राई, अस्मिता राईको नाममा पुगेको जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको थियो ।

त्यस्तै, ध्रुवकुमार गिरी, देवकुमारी सन्यासी, हरि गिरी, ऐराख राई, प्रकाशकुमार राई, हर्कराज राई, शम्शेर गिरी, विजेन्द्रकुमार गिरी, कृष्णकुमारी गिरी, सुदीप गिरी, टंक गिरी, रत्नकुमार गिरी, रुपेन्द्र राई, हर्कराज राई, शिवकुमारी श्रेष्ठ, उषा श्रेष्ठ, विश्वचन्द्र गिरी, सुनिल विश्वकर्मा, ललिता विक राई लगायतले पनि गुठीको जग्गा अतिक्रमण गरेको ठहर गर्दै हलेश्वर महादेव गुठीको नाममा फिर्ता गराइएको थियो ।

जग्गा हडप्नेले काठमाडौं जिल्ला अदालतमा दर्ता गरेको मुद्दा भने विचाराधीन छ । अदालतले मुद्दा फैसलामा ढिलाइ गर्दा थप समस्या उब्जिएको नगरप्रमुख राईको भनाइ छ । स्थानीयले जग्गा कब्जा गरेपछि हलेसीको बृहत्तर विकासको काम गर्न उनी बताउँछन् । राईका अनुसार सो गुरुयोजनामा हलेसी गुफा आसपास दुई सय मिटर जग्गा आवश्यक पर्ने उल्लेख छ । उक्त जग्गा हलेसीकै भएको र अहिले अधिग्रहण गर्नुपर्ने भए आर्थिकभार पर्ने उनले बताए । यस क्षेत्रका एक सय ६९ घरटहरा हटाउनुपर्ने छ ।

'२०४४ सालमै हलेसीको गुरुयोजना बनाउन स्थानीयलाई मुआब्जा दिइएको भए पनि त्यसको लगत नष्ट गरिएकाले त्यो बेलाको रोग अहिलेसम्म कायम देखिन्छ,' उनले भने, 'अहिले गुरुयोजना कार्यान्वयनका लागि फेरि मुआब्जा दिनु पर्ने अवस्था आयो ।' हलेसी गुफाको मुखैमा भएको जग्गासमेत महन्त, पुजारीले बिक्री गरेकाले त्यहाँ बनाइएको मारतिका छोलिङ गुम्बालाई समेत व्यवस्थापन गर्नुपर्ने अवस्था आएको उनले बताए । गुफाको भारवहन लगायतका अन्य खतरालाई मध्यनजर गर्दै भूगर्वविदको परामर्शका आधारमा व्यवस्थापन गरिने राईले स्पष्ट पारे ।

गुठीको नाममा (पछिल्लो समय गुठी संस्थानको फैसलाबाट प्राप्त जग्गाबाहेक) गुफा आसपास २६ रोपनी मात्र जग्गा देखिन्छ । उनका अनुसार सो जग्गाले नपुग्ने भएकाले थप जग्गा लिनुपर्ने अवस्था आएको छ ।

कसरी पुग्यो व्यक्तिका नाममा ?

हलेसी विकास समितिका निर्देशक सम्बर भुजेलका अनुसार २०४४ सालमा तत्कालीन राजा वीरेन्द्र भ्रमणका बेला गुरुयोजना बनाएर निश्चित क्षेत्रभित्र भएका आठ वटा घरघडेरीलाई मुआब्जा दिइएको थियो । यद्यपि मुआब्जा लिएर पनि घरजग्गा भने खाली गरिएन । त्यतिबेलै गुरुयोजनाका लागि मुआब्जा दिइएका जग्गा रोक्का गरिएको थियो । पछि हलेसीस्थित महेन्द्रोदय माविलाई जग्गा दिने बहानामा फुकुवा गरेर किनबेच सुरु भएको भुजेलको भनाइ छ ।

हलेसी विकास समितिका तत्कालीन अध्यक्ष नारायणसिंह राई, निर्देशक देवराज कार्की, सदस्य तथा तत्कालीन हलेसी गाविस अध्यक्ष कुम्भराज राईलगायत पदाधिकारी रहेका बेला मालपोतबाट फुकुवा गरी लगतकट्टा नगरी त्यतिकै छाडिएकोले थप अतिक्रमण भएको हो । त्यसपछि निरन्तर अतिक्रमण हुँदै आएको उनी बताउँछन् ।

शंखेश्वरी गुठीमा पनि उस्तै

बराहापोखरी गाउँपालिकाको बराहा ताल (शंखेश्वरी महादेवको नाममा भएको) जग्गा पनि स्थानीयले हडपेपछि विकासमा समस्या आएको छ । धार्मिक तथा पर्यटकीय महत्व बोकेको बराहा ताल क्षेत्रमा स्थानीय बसोबास गर्नुका साथै जग्गासमेत व्यक्तिको नाममा राखेपछि बृहत् गुरुयोजना कार्यान्वयनमा समस्या देखिएको हो । बराहा ताल वरपर रहेको शंखेश्वरी गुठी तथा सार्वजनिक जग्गा मिचेर घरटहरा बनाइएको छ । स्थानीयलाई सो क्षेत्रबाट हट्न पटक-पटक अनुरोध गर्दा समेत अटेर गरेको बराहापोखरी गाउँपालिका उपाध्यक्ष गोमा मगरले बताइन् । ताल वरपरका २४ वटा घरटहरा हटाउन सार्वजनिक सूचना जारी गर्दा समेत उनीहरूले अटेर गरेको मगरको भनाइ छ । उनका अनुसार ६ महिने, तीन महिने, एक महिने, १५ दिने र सात दिने सूचना जारी गरिसक्दा समेत स्थानीयले सो क्षेत्र खाली गरेका छैनन् ।

शंखेश्वरी महादेवको नाममा रहेको जग्गासमेत स्थानीयले आफ्नो नाममा दर्ता गराएका छन् । उनीहरूले आफ्नो नाममा दर्ता गरेको करिब ५५ रोपनी जग्गा फिर्ता गर्न मालपोत कार्यालय खोटाङले २०४७ मै आदेश दिए पनि हालसम्म जग्गा फिर्ता भएको छैन । गुठीको नाममा भएको बराहाटार, चालीसे, सावाटारी, बाह्रमुरेलगायतका जग्गा स्थानीयले कब्जामा लिएका हुन् । स्थानीय देवी रेग्मीका अनुसार बराहाटारस्थित गुठीको जग्गा स्थानीय ढकबहादुर कार्की, शिवकुमार श्रेष्ठ, जुक्तिराम राई, कर्म श्रेष्ठ, भुवन श्रेष्ठ, भरत तामाङ, हर्कबहादुर तामाङ, हङकङ मगरलगायतले कब्जा गरेर घर बनाएका छन् ।

त्यस्तै, बमबहादुर कार्की, तिलक विष्ट, छविलाल पुरी, तिलकबहादुर कटवाल, जीतबहादुर विष्ट, कृष्णबहादुर खत्री, शेरबहादुर खड्का, चन्द्रबहादुर खत्री, हीरामाया कार्की, धनमाया थापा, डम्बरबहादुर मगर, बुद्धिमान मगर र खोटेहाङ गाउँपालिका लिच्कीराम्चेका नरबहादुर अधिकारीले समेत आफ्नो नाममा पास गराएका छन् । यी जग्गा गुठीयारले बिक्री गरेका हुन् । मालपोत कार्यालयका अनुसार गुठीको जग्गा व्यक्तिले रजिस्ट्रेसन गराएपछि २०४३ मा मुद्दा परेको थियो ।

बृहत्तर गुरुयोजनामा मन्दिर, विभिन्न जातजातिको संग्रहालय, बसपार्क, गेट, वृद्धाश्रम, कुटी, जाग्रामस्थल, मन्दिर लगायतका विभिन्न भौतिक संरचना निर्माण गर्ने उल्लेख छ । तर स्थानीय गुठीको जग्गा कब्जा गरेपछि गुरुयोजना कार्यान्वयनमा समस्या उत्पन्न भएको बराहापोखरी गाउँपालिका उपाध्यक्ष मगरले बताइन् । सो ताल सरकारको एक सय पर्यटकीय गन्तव्यमा पर्ने भएकाले विकासमा कठिनाइ भएको उनको भनाइ छ । उनका अनुसार संघ सरकारले यस वर्ष ५० लाख रुपैयाँ बजेट दिएको र यसले विभिन्न पूर्वाधार खडा गर्ने तयारी समेत गरिएको छ । उक्त बजेटले पोखरी वरपर पैदलमार्ग बनाउने, तालमा जमेको बालुवा निकाल्ने, विभिन्न मन्दिर बनाउने लगायत योजना गाउँपालिकाको छ ।

अख्तियारमा उजुरी

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको पर्यापर्यटनको केन्द्र रुपाकोटको जग्गा स्थानीयले कब्जा गरेपछि त्यसबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ का लेखनाथ आचार्य र गोविन्दराज आचार्यको नाममा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा दर्ता गरेको खुलेपछि अख्तियारमा उजुरी परेको हो ।

उनीहरूको नाममा भएको कित्ता नं ४४९ मा २५ रोपनी छ आना एक पैसा एक दाम, कित्ता नं ४५० मा २४ रोपनी पाँच आना दुई पैसा र कित्ता नं ४५१ मा २८ रोपनी १३ आना एक पैसा दुई दाम जग्गा दर्ता भएको पाइएको छ । उक्त जगगा २०६६ साउन २ गते व्यक्तिको नाममा आएको देखिन्छ ।

गुठीको जग्गा एसएसपीको नाममा

मझुवागढी क्षेत्रमा पर्ने बुद्धेश्वर गुफा, कालिका भगवती आसपासको जग्गा व्यक्तिको नाममा दर्ता भएपछि यसबारे पनि अख्तियारमा उजुरी परेको छ । बुद्धेश्वर महादेव गुठीको नाममा भएको जग्गा सशस्त्र प्रहरी बल हलेसी गुल्मका तत्कालीन डीएसपी (हाल एसएसपी) कालीदास धौवजीको नाममा ६ आना र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-५ का दिनेशकुमार घिमिरेको नाममा एक रोपनी नौ आना तीन पैसा एक दाम जग्गा गएको देखिन्छ ।

उक्त जग्गा कित्ता नं ३०३ बाट कित्ताकाट गरी ४३८ र ४३९ कायम गरिएको छ । यो जग्गा २०६८ कात्तिक ८ मा पास गरिएको मालपोत कार्यालयको अभिलेखमा उल्लेख छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले सार्वजनिक जग्गाबारेमा गरेको अध्ययनपछि यस्तो पाइएको नगर प्रमुख दीपनारायण रिजालले बताए । उनका अनुसार यसबारेमा अख्तियारले छानबिन गरिरहेको छ ।

मझुवागढी क्षेत्रमा बुद्धेश्वर महादेव गुठीको नाममा (कित्ता नं १०२) १० रोपनी चार आना तीन पैसा तीन दाम र देवीस्थान सामुदायिक वनको नाममा दुई सय ६९ रोपनी चार आना दुई दाम एक पैसा जग्गा रहेको देखिन्छ । नगरपालिकाको प्राविधिक टोलीको प्रतिवेदनअनुसार सशस्त्र प्रहरी बल हलेसी गुल्मको नाममा पनि धेरै जग्गा रहेको पाइएको छ । सो जग्गा स्थानीयले उपलब्ध गराएका हुन् । यसमध्ये कसले कति जग्गा उपलब्ध गराएको र सरकारी स्वामित्वको जग्गा सशस्त्रले उपयोग गरेको छ वा छैन भन्ने पनि अध्ययनको विषय बनेको नगरप्रमुख रिजाल बताउँछन् ।

छोटकरी

फेरि गैंडा मृत भेटियो

नवलपरासी (कास)- पूर्वी नवलपरासीको मध्यवर्ती क्षेत्रमा फेरि अर्को एक भाले गैंडा मृत भेटिएको छ । मध्यविन्दु नगरपालिका-२ सेहेरीको भुताहापोस्ट नजिकैको जंगलमा गैंडा मृत भेटिएको चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ । स्थानीयले बिहीबार बिहान मृत गैंडा देखेपछि प्रहरी र निकुञ्जलाई खबर गरेका थिए । करिब एक साताअघि नै मरेकाले गन्हाएको अवस्थामा भेटिएको स्थानीय श्रीधर शर्माले बताए । गैंडाको खाग र खुर भने सुरक्षित छ । गैंडाको मृत्युको कारणबारे अनुसन्धान जारी रहेको निकुञ्जले जनाएको छ । एक महिनाको अवधिमा पूर्वी नवलपरासीमा मात्र ३ गैंडा मरेका छन् । ९३२ वर्ग किलोमिटर रहेको चितवन निकुञ्ज गैंडाका लागि उत्कृष्ट बासस्थान मानिन्छ । ६ महिनायता यो निकुञ्ज आसपासमा ६ वटा गैंडा मरेका छन् ।

वडाध्यक्ष हत्यामा सात जना पक्राउ

अछाम (कास)- पञ्चदेवल विनायक नगरपालिका-२ का वडाध्यक्ष पदमबहादुर धामीको हत्या अनुसन्धानक्रममा प्रहरीले ७ जनालाई पक्राउ गरेको छ । सोमबार राति हत्या गरिएका धामीको बिहीबार आफन्तले शव बुझेपछि पोस्टमार्टम गरिएको छ । हत्यारा पत्ता नलागेसम्म पञ्चदेवल विनायक नगरपालिकामातहतका सबै कार्यालय बन्द गर्ने सहमति भएपछि आफन्तले शव उठाउन दिएका हुन् । नगर कार्यपालिकाको बैठकले घटनाको सत्यतथ्य छानबिनमा सहयोग गर्ने, मृतकका सन्तानको शिक्षा तथा राहतका लागि केन्द्र सरकारसँग माग गर्नेलगायत निर्णय भएको मृतकका आफन्त दीपेन्द्र धामीले बताए । धामीको शव मंगलबार बिहान ५ बजे गैरीगाउँस्थित गोठछानामा फेला परेको थियो ।

मेयरको मनोमानीमा सांसदको साथ

■ तिनोद भण्डारी (विराटनगर)

मोरङको सुनवर्षी नगरपालिकामा सरुवा भएर आएका कार्यकारी अधिकृतलाई हाजिर हुन नदिनमा त्यस क्षेत्रका सांसद तथा कांग्रेस केन्द्रीय नेता मीनेन्द्र रिजालको पनि भूमिका पाइएको छ । सुनवर्षी नगरपालिका मोरङको क्षेत्र २ मा पर्छ । यो क्षेत्रमा रतुवामाई नगरपालिका पनि पर्छ ।

नगरका तत्कालीन कार्यकारी अधिकृत राजकुमार केसी धनुषाको नगराइन नगरपालिकामा सरुवा भएपछि रौतहटको चन्द्रपुर नगरबाट सुरुवा भएर पुस २८ मा सुनवर्षी आएका पुरुषोत्तम घिमिरेलाई मेयर कालीप्रसाद दासले हाजिरी गर्न दिएका छैनन् । हाजिरी गर्ने रजिस्टर दासले गायब गरेपछि नगरका कुनै कर्मचारीले एक महिनादेखि हाजिरी गर्न पाएका छैनन् । घिमिरेले नयाँ रजिस्टर किनेर त्यसैमा हाजिरी जनाउँदै आएका छन् । 'मेयरले रजिस्टर गायब पारेपछि मैले सांसद मीनेन्द्र रिजालेलाई फोन गरेर रौतहटबाट हजुरको क्षेत्रको सुनवर्षीमा काम गर्न आएको छु तर मेयरले हाजिर हुन दिएनन् भनेर जानकारी गराएँ,' घिमिरेले भने, 'रिजालले पनि सुनवर्षीमा लफडा छ, त्यहाँ धेरै पुराना काम फत्ते गर्न र भुक्तानी गर्न बाँकी छ, काम गर्न सजिलो छैन भन्दै रतुवामाई नगरपालिका जान भन्नुभयो ।'

रतुवामाई पनि आफ्नै क्षेत्रमा पर्ने भन्दै रिजालले त्यहाँ गएर काम गर्न र त्यसका लागि सामान्य प्रशासन मन्त्रालयमा कुरा बढाउन भनेको उनले बताए । काठमाडौंमा रहेका सांसद रिजालले भने यस विषयमा कार्यकारी अधिकृत घिमिरेसँग कुरै नगरेको दाबी गरे । 'म घिमिरेलाई चिन्दै चिन्दिनँ,' उनले आक्रोशित हुँदै भने, 'निजामती कर्मचारीलाई कहाँ राख्ने, कहाँ नराख्ने सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी हो, मेरो काम होइन ।'

यसैबीच मेयर दासले नियमित सरुवा भएर आएका घिमिरेलाई बिहीबार पनि हाजिर हुन नदिई नगरको शिक्षा शाखा प्रमुख उपसचिव रुद्रप्रसाद दुलाललाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाएका छन् । पत्र पठाएलगत्तै मेयर दासले सांसद रिजालेलाई यसको जानकारी टेलिफोनमार्फत गराएको नगर स्रोतले बतायो । स्रोतका अनुसार फोनमा दासले 'सबै प्रक्रिया मिलाएको छु, बाँकी तपाईंको काम' भनेका थिए ।

दासले हस्ताक्षर गरेर मन्त्रालय पठाएको चलानी नम्बर ११२९ को पत्रमा भनिएको छ, 'यस नगरपालिकामा विगतका वर्षदेखि छोटो समयमा प्रमुख प्रशासकीय अधिकृतको सरुवा भई आउने-जाने क्रमले नगरको काम कारबाही प्रभावित हुँदै गरेको र प्रमुख प्रशासकीय अधिकृत राजकुमार केसी नगराइन नगरपालिका धनुषा सरुवा भई गएका कारणले प्रमुख प्रशासकीय अधिकृतको स्थायी व्यवस्थापनका लागि यसै नगरपालिकामा समायोजन भई आउनुभएका उपसचिव रुद्रप्रसाद दुलाल संकेत नम्बर १६१७०६ लाई दैनिक प्रशासनिक कामकाज गर्न निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको हुँदा निजलाई आर्थिक कामकाज गर्ने अख्तियारी प्रदान गरी नगरको नियमित कार्य सञ्चालनको व्यवस्था गरिदिन अनुरोध गरिएको छ ।'

बिहीबार पनि घिमिरे नयाँ रजिस्टरमा हाजिरी गरेर नगरपालिकामै बसेका थिए । कार्यकारीले हाजिरी गर्ने रजिस्टर मेयर दासकै इसारामा गायब पारिएको र कार्यपालिकाका सबै सदस्य घिमिरेलाई हाजिर गराउने पक्षमा भए पनि मेयर मात्र विपक्षमा रहनु रहस्यमय भएको उपमेयर मञ्जु राईले बताएकी छन् । उनका अनुसार मेयर र कार्यकारीको विवादले एक महिनादेखि नगरका सबै गतिविधि ठप्प छन् ।

गत वर्ष यो नगरको ४ करोड विकास बजेट फ्रिज हुनुका साथै १२ करोडभन्दा बढी बेरुजु रहेको नगर स्रोतको भनाइ छ । स्रोतका अनुसार गत वर्ष ससर्त अनुदानको दुई करोड, प्रदेश सरकारको अनुदान १३ लाख र सांसद विकास कोषको २८ लाख रुपैयाँ फिर्ता गएको थियो ।

गाउँपालिका अध्यक्षविरुद्ध मुद्दा

ताप्लेजुङ (कास)- दबाब दिएर भ्रूणहत्या गर्न लगाएको भन्दै पाँचथरको कुम्मायक गाउँपालिकाका अध्यक्ष जयबहादुर चेम्जोङसहित ७ जनाविरुद्ध किटानी जाहेरी दर्ता भएको छ । मेगा बैंकको त्यहाँस्थित शाखामा कार्यरत कर्मचारीसँग प्रेमविवाह गरेपछि रहेको गर्भ दबाब दिएर पतन गराइएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा बिहीबार जाहेरी दिएकी हुन् ।

जाहेरी परेलगत्तै पाँचथर जिल्ला अदालतबाट अध्यक्षसहित प्रतिवादी सातै जनालाई पक्राउ गर्न आदेश लिएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख सिद्धराज न्यौपानेले बताए । जाहेरी पर्नु पहिल्यैदेखि अध्यक्ष चेम्जोङ सम्पर्कबाहिर छन् ।

अनुसन्धान प्रक्रियामा प्रभाव पर्ने भन्दै प्रहरीले अन्य प्रतिवादीको नाम गोप्य राखेको छ । दलित समुदायकी ती युवतीले क्षत्री समुदायका बैंक कर्मचारीसँग गत साउनमा मन्दिरमा गएर विवाह गरेको र त्यसपछि रहेको २१ साताको गर्भ गाउँपालिका अध्यक्षको दबाबमा पतन गर्न बाध्य बनाइएको जाहेरीमा उल्लेख गरेकी छन् । उनले आफूसँग विवाह गरेका ती कर्मचारीका अभिभावक र आफन्तको आग्रहमा पालिका अध्यक्ष चेम्जोङले धम्की दिएर भ्रूण हत्या गर्न बाध्य बनाएको दाबी गरिएको छ । मुद्दामा युवतीले आफ्ना श्रीमान्, अभिभावक र स्वास्थ्यकर्मीसम्मलाई विपक्षी बनाएकी छन् ।

लुम्बिनी विस्तारबारे छलफल सुरु

■ माधव दुंगाना (भैरहवा)

बृहत्तर लुम्बिनी क्षेत्र र शान्ति सहरको योजना कार्यान्वयनका लुम्बिनी विकास कोषले कार्य सुरु गरेको छ । प्रारम्भिक चरणमा कोषले स्थानीय, राजनीतिक दल र विज्ञसँग परामर्श र सुझाव संकलन सुरु गरेको हो ।

लुम्बिनीलाई केन्द्र बनाएर कपिलवस्तु, रूपन्देही र पश्चिम नवलपरासीमा रहेका बुद्धसँग सम्बन्धित पुरातात्त्विक महत्त्वका स्थलहरूको एकीकृत विकास गर्न कोषले एक दशकअघि बृहत्तर लुम्बिनी क्षेत्र योजनाको अवधारणा ल्याएको थियो । सन् १९९८ मा लुम्बिनीमा भएको प्रथम विश्व बौद्ध शिखर सम्मेलनले बुद्ध जन्मस्थललाई शान्तिको मुहान घोषणा गरेको थियो । त्यसअनुरूप सन् २००४ मा सम्पन्न दोस्रो विश्व बौद्ध शिखर सम्मेलनले लुम्बिनीलाई विश्व शान्ति सहरका रूपमा विकास गर्ने निर्णय गरेको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले बृहत्तर लुम्बिनीमा कुन-कुन क्षेत्र समेट्ने भन्नेबारेमा यकिन भइनसकेको बताएका छन् । छलफलको माध्यमबाट योजना कार्यान्वयनतर्फ प्रवेश गरिएको उनले बताए । रामग्राम, देवदह, तिलौराकोटलगायत कपिलवस्तुमा रहेका पुरातात्विक स्थल र सैनामैना बृहत्तर लुम्बिनी क्षेत्रमा जोडिने उनले जनाए । उनका अनुसार लुम्बिनी विश्व शान्तिको सहर र बृहत्तर लुम्बिनी क्षेत्रबारे स्थानीय तहसम्म छलफल गरिनेछ ।

'हिजोकै अवस्थामा अब लुम्बिनी रहन सक्दैन । यसको विस्तार गर्नैपर्छ,' बृहत्तर लुम्बिनी योजना तथा विश्व शान्ति सहर कार्यान्वयनसम्बन्धी यहाँ आयोजित कार्यक्रममा कोषका अध्यक्षसमेत रहेका भट्टराईले भने, 'यो बुद्धसँग कुनै न कुनै हिसाबले जोडिएका रूपन्देही, कपिलवस्तु र नवलपरासीमा रहेका स्थललाई एउटा बुद्ध सर्किटका रूपमा जोड्ने योजना हो ।' बृहत्तर

> बृहत्तर लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूप, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थल बनाइने

लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूपा, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थलका रूपमा अघि बढाइने उनले बताए ।

लुम्बिनी विकास कोषका अनुसार बृहत्तर लुम्बिनी क्षेत्र योजनाबारे धेरै अघिदेखि चर्चा गरिएको भए पनि बजेट विनियोजन हुन थालेको दुई वर्ष मात्र भएको छ । वार्षिक एक-एक करोड रुपैयाँ बजेट आए पनि कोषले खर्च गर्न सकेको छैन । स्थानीय तहदेखि प्रधानमन्त्री, सबै राजनीतिक दलका प्रमुख र विज्ञलाई सहभागी गराएर राय संकलन गरिने कोषका योजना प्रमुख सरोज भट्टराईले बताए । बृहत्तर लुम्बिनी क्षेत्रको योजनालाई पूरा गर्न 'बृहत्तर लुम्बिनी क्षेत्र प्राधिकरण' को गठन गर्ने र विदेशी दातृ निकाय, नेपाल सरकार, प्रदेश र स्थानीय तहबाट प्राप्त हुने बजेट र दाताले दिने सबै सहयोग त्यही प्राधिकरणमा राख्ने अवधारणा उनले बताए । 'बृहत्तर लुम्बिनी क्षेत्रको आयोजना कम्तीमा पनि २ सय अर्ब (२ खर्ब) रुपैयाँको हुनेछ । यो बजेटको कार्यान्वयनबाट यस क्षेत्रको आर्थिक, सामाजिक जीवनमा ठूलो प्रभाव पार्नेछ,' भट्टराईले भने, 'यसले रोजगारीको सिर्जना हुन्छ, मृत्यु दर घट्छ । हामी यसतर्फ अगाडि बढ्नेछौं ।'

तीन वर्गमाइल क्षेत्रफलमा रहेको हालको लुम्बिनी गुरुयोजना कार्यान्वयनका लागि जग्गा अधिग्रहण गरिँदा विस्थापित भएजस्तै फेरि विस्थापित हुनुपर्ने भन्दै कैयन् स्थानीय बासिन्दा लुम्बिनी शान्ति सहर योजनाको विरोधमा उत्रेका छन् । लुम्बिनी क्षेत्रका प्रदेशसभा सदस्य फखरुद्दिन खानले भने, 'यहाँका सम्पदालाई समाजसँग जोड्न लुम्बिनी विकास कोष र स्थानीयबीच धेरै विवाद छ ।' लुम्बिनीको विकासबारे काठमाडौंका तारे होटलमा छलफल नगर्न र योजनामा स्थानीय संस्कृति र पहिचान समावेश गर्न उनले सुझाव दिए ।





शरद घाइते
बाँकी खेल गुमाउने । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



नेवारी संस्कृति
मनाइयो भीमसेन पूजा

वर्ष २७ अंक ३४८ बुटवल | २४ माघ २०७६ शुक्रबार माघ शुक्लपक्ष त्रयोदशी | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, February 07, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ



ललितपुरको हिरण्यवर्ण महाविहार (स्वर्ण मन्दिर) का बफचा (मुख्य पुजारी) ११ वर्षीय सुरेन्द्र शाक्य मन्दिर सफाइ गर्दै । उनी यहाँको पुजारी बनेको बिहीबार १४ औं दिन थियो । बाह्रौं शताब्दीको यो मन्दिरमा १२ वर्षमुनिका शाक्य थरका बालकलाई मुख्य पुजारी बनाइन्छ, त्यो पनि ३० दिनका लागि मात्र । महिना दिन पुगेपछि फेरि नयाँ मुख्य पुजारी चयन गरिन्छ । *तस्बिर : केशव थापा/कान्तिपुर*

ललिता निवास प्रकरण

किर्ते र ठगीमा पनि कारबाही अघि बढ्दै

पाँच पूर्वमन्त्रीसहित १७२ विरुद्ध अनुसन्धान गर्न अनुमति माग

■ **मातृका दाहाल** (काठमाडौं)

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले ललिता निवास अनियमितता प्रकरणमा संलग्न १७२ जनामाथि किर्ते र ठगीको मुद्दा चलाउन प्रक्रिया अघि बढाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यही प्रकरणमा १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको भोलिपल्टै प्रहरीले गृह मन्त्रालयलाई जाहेरीका लागि पत्राचार गरेको हो ।

स्रोतका अनुसार सीआईबीले गृहलाई बिहीबार पत्र पठाउँदै ठगी र किर्ते मुद्दाको जाहेरी अघि बढाइदिन आग्रह गरेको छ । फौजदारी न्याय प्रणालीमा पीडितले जाहेरी दिनुपर्छ । गृहअन्तर्गतकै समरजंग कम्पनीको जग्गा मिचिएकाले गृहले प्रहरीलाई निर्देशनसहित पत्र पठाएपछि कारबाही प्रक्रिया अघि बढ्नेछ ।

गत साता सीआईबीले गृहमा बुझाएको प्रतिवेदनमा ललिता निवास अनियमितता प्रकरणमा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १७२ संलग्न भएको भन्दै किर्ते र ठगीमा कारबाही चलाउन सिफारिस गरिएको थियो । उक्त प्रतिवेदन कार्यान्वयनका लागि अब गृहले प्रहरीमै फाइल पठाउनुपर्ने हुन्छ । सीआईबीले यसअघि सरकारको निर्देशनअनुसार छानबिन मात्र गरेको थियो भने अब फौजदारी मुद्दा चलाउन अनुसन्धान गर्नुपर्नेछ ।

प्रहरी प्रवक्ता डीआईजी शैलेश थापाले ठगीमा पीडित पक्षले जाहेरी दिनुपर्ने कानुनी व्यवस्था भएकाले गृह वा सरकारी निकायबाट निवेदन आएपछि अनुसन्धान अघि बढ्ने बताए । उनले भने, 'यसका लागि हामीले अनुसन्धान प्रतिवेदनअनुसार सरकारलाई जाहेरीका लागि अनुमति मागेका छौं ।' जाहेरी दर्ता भएपछि आरोपितलाई आवश्यकताअनुसार पक्राउ गरेर अनुसन्धान गर्ने बाटो खुल्नेछ ।

गृहले केही दिनमै सीआईबीमा अनुसन्धानका लागि पत्र पठाउने तयारी गरेको छ । गृह सचिव महेश्वर न्यौपानेले प्रतिवेदनअनुसार नै ललिता निवासको जग्गा प्रकरणमा कारबाही प्रक्रिया अघि बढाइने प्रतिक्रिया दिए । सीआईबीले यसअघि तयार पारेको प्रतिवेदनमा पूर्वउपप्रधानमन्त्री गच्छदार, पूर्वमन्त्रीहरू चन्द्रदेव जोशी, डम्बरबहादुर श्रेष्ठ, छविराज पन्त, पूर्वराज्यमन्त्री सञ्जयकुमार साह, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख भइसकेका पूर्वसचिव दीप बस्न्यात, तत्कालीन भूमिसुधार सचिव दिनेशहरि अधिकारी, बहालवाला सहसचिव तेजप्रसाद पाण्डेलगायत १७२ विरुद्ध फौजदारी कसुरमा अनुसन्धान हुनुपर्ने राय दिएको थियो । पूर्वराज्यमन्त्री साह व्यक्ति हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । उनी २०६६ मा माधवकुमार नेपाल नेतृत्वको सरकारमा भौतिक योजना राज्यमन्त्री थिए ।

सीआईबीको सूचीमा अख्तियारबाट भ्रष्टाचारको मुद्दामा नपरेका केही व्यक्तिसमेत छन् । सीआईबीको निवेदनमा तत्कालीन मन्त्री, सचिव, मालपोत र भूमिसुधारका कर्मचारी, भूमाफिया, व्यापारीलगायतलाई किर्ते र ठगी अभियोगमा थप अनुसन्धानको अनुमति मागिएको छ । कान्तिपुरलाई प्राप्त विवरणअनुसार ललिता निवासको जग्गा अनियमिततामा २०४९ सालमा ४८ जना, २०६१/०६२ मा २१ जना, २०६६ मा ६६ जना र २०६९ मा ३७ गरी १७२ जनाले पद दुरुपयोग गरेको दाबी छ । उनीहरूमाथि मुलुकी ऐनको किर्ते र ठगी महल तथा मुलुकी फौजदारी अपराध संहिताको किर्ते र ठगी कसुरमा मुद्दा दायर गर्नुपर्ने सिफारिस छ ।

बाँकी पृष्ठ १३

कान्तिपुरविरुद्धको अवहेलना मुद्दा खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

अदालतको अवहेलना गरेको भन्दै कान्तिपुर पब्लिकेसन्सविरुद्ध दुई वर्षअघि दायर मुद्दा सर्वोच्च अदालतले खारेज गरेको छ । सर्वोच्चका न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र प्रकाशमान सिंह राउतको बिहीबार बसेको बृहत् पूर्ण इजलासले कान्तिपुरले उठाएका मुद्दा सत्य र वस्तुनिष्ठ रहेकाले अवहेलना ठहर हुन नसक्ने फैसला गरेको हो ।

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको शैक्षिक योग्यताका सम्बन्धमा लेखिएको समाचारले अदालतको अवहेलना भएको भन्दै कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया, निर्देशक स्वस्तिका सिरोहिया, प्रधान सम्पादक सुधीर शर्मा र संवाददाता कृष्ण ज्ञवालीविरुद्ध मुद्दा दायर गरिएको थियो ।

सर्वोच्चको फैसलाले कान्तिपुरविरुद्ध सुनियोजित रूपमा गलत मनसायका साथ मुद्दा लगाइएको पुष्टि भएको कानुनविद्हरूले बताएका छन् । 'फैसलाले तत्कालीन प्रधानन्यायाधीशले शक्ति र पहुँचका आडमा कान्तिपुरविरुद्ध चालेको कारबाही गैरकानुनी र पूर्वाग्रही थियो भन्ने पुष्टि गऱ्यो,' वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले भने, 'यस फैसलाले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको दायरालाई फराकिलो पारिदिएको छ ।'

मेडिकल माफियाका पक्षमा फैसला गरेको भन्दै पराजुलीको आलोचना गरेका सत्याग्रही डा. गोविन्द केसीलाई पनि अवहेलनामा मुद्दा दायर गरी कान्तिपुरसँगै सुनुवाइमा राखिएको थियो ।

बाँकी पृष्ठ १३

भोलिको कोसेली

बेपत्ता नागरिक आख्यान विशेष

- महेशविक्रम शाह– म बेपत्ता !
- राजव– क्रूर मौन
- हरि अधिकारी– जुना तामाङको प्रेमकथा
- सरस्वती प्रतीक्षा– फोबिया
- नवीन विभास– बेपत्ताकी डाई
- उमा सुवेदी– उकुच
- ज्योति जङ्गल– ऋण
- फूलमान वल– कमरेड रोशी
- अभय श्रेष्ठ– निडर
- बिना थिङ तामाङ– गन्धे झार

नेपालगन्ज र नोबेलले लिए अतिरिक्त शुल्क

■ **सुदीप कैनी** (काठमाडौं)

चिकित्सा शिक्षा आयोगको निर्देशन अवज्ञा गर्दै मोरङको नोबेल र बाँकेको नेपालगन्ज मेडिकल कलेजले एमबीबीएसका विद्यार्थीसँग अतिरिक्त शुल्क असुल्न थालेका छन् । विद्यार्थी र अभिभावकलाई प्रलोभन, त्रास र धम्की दिएर कलेज सञ्चालकहरूले शैक्षिक सत्रको सुरुमै बढी शुल्क असुलेका हुन् ।

२९ लाखभन्दा बढी अतिरिक्त शुल्क उठाउने प्रयास गरेको नोबेलले थप शुल्क लिन ६ जना विद्यार्थीसँग कबुलियतनामा गराइसकेको छ ।

कबुलियतनामामा भर्ना, परीक्षा लगायत शीर्षकमा थप शुल्क लिने उल्लेख छ । नोबेलले बढी शुल्क तिर्न सहमत भएका ती ६ विद्यार्थीसँग मात्र माघ १९ गते काउन्सिलिङ गरेको थियो । अधिकांश अभिभावकले बढी शुल्क नतिर्ने अडान लिएपछि कलेज प्रशासनले शुल्क नतिर्नेलाई काउन्सिलिङमा सहभागी नगराएको हो । कलेजले एमबीबीएसतर्फ १०० विद्यार्थीको भर्ना लिन पाउँछ ।

नोबेलका अभिभावकले अतिरिक्त रकम माग्ने कलेजविरुद्ध चिकित्सा शिक्षा आयोग र काठमाडौं विश्वविद्यालय गुहारिसकेका छन् । आयोग र विश्वविद्यालयले आग्रह गरिसकेकाले थप शुल्क नतिर्ने अभिभावकहरूको भनाइ छ ।

'नोबेलका सञ्चालक सुनील शर्माले फकाएर र धम्क्याएर ६ जनासँग बढी पैसा लिएछन्,' एक अभिभावकले कान्तिपुरसँग भनिन्, 'बाँकी अभिभावकले बढी रकम नतिर्ने सहमति गरेका छौं, भर्नाका लागि काठमाडौं विश्वविद्यालयमा

> 'अभिभावकलाई बढी पैसा नतिर्नु भनियो तर सरकारले कलेजलाई लिन रोक्न सकेन'

पहिलो किस्ताको रकम जम्मा भइसकेको छ, पढाइ सुरु नगरे कानुनी उपचारमा जान्छौं ।'

आयोगको सम्पर्कमा आएका अभिभावकलाई उपाध्यक्ष श्रीकृष्ण गिरी र सदस्यसचिव हरिप्रसाद लम्सालले 'एक रुपैयाँ पनि बढी रकम नतिर्न' भनेका छन् । 'विश्वविद्यालयमार्फत कलेजलाई सचेत गराइराखेका छौं, भर्ना गराएको ३५ दिनभित्र पढाइ सुरु गर्नुपर्ने काम विश्वविद्यालयको हो,' गिरी र लम्सालको भनाइ उद्धृत गर्दै अभिभावक केशव दाहालले भने, 'उपाध्यक्ष गिरी र सदस्यसचिव लम्सालले बढी पैसा लिन नपाए विद्यार्थी पढाउँदिनँ भन्ने मेडिकल कलेजको सम्बन्धन खारेज गर्छौं भन्नुभएको छ ।'

नोबेल प्रशासनले भने अभिभावकले बढी रकम नदिने अडान लिएपछि चिकित्सा शिक्षा आयोगलाई पत्राचार गरेको थियो । शिक्षण शुल्कबापत कुन-कुन शीर्षकमा शुल्क लिन पाउने हो भनेर कलेजले लेखेको पत्रको जवाफमा आयोगले तोकिएभन्दा बढी शुल्क लिन नपाइने स्पष्ट पारेको छ । 'आयोगले कुनै पनि शुल्क नलिन सचेत गराएपछि नोबेल मेडिकल कलेजले अतिरिक्त शुल्कमा पनि छुट दिने नयाँ तरिका अपनाएको अभिभावकहरूले गुनासो गरे । कलेजले तत्कालका लागि २९ लाखबाट घटाएर १५ लाख रुपैयाँ मात्रै अतिरिक्त शुल्कमा कलेजले मोलमोलाइ गरिरहेको छ ।

नोबेल कलेजले प्रशासनले भने शिक्षण शुल्कका विषयमा विवाद सुल्झेको दाबी गरेको छ । कलेजले नयाँ भर्ना भएका केही विद्यार्थी र तिनका अभिभावकलाई बोलाएर शुल्क विवाद सुल्झाएको जनाएको हो ।

बाँकी पृष्ठ १३

अन्तरिक्षमा ३२८ दिन

अल्माटी/वासिङ्टन (एजेन्सी)- झन्डै एक वर्ष लामो अन्तरिक्ष यात्रापछि बिहीबार कजाकिस्तानको उत्तरी क्षेत्रस्थित हिउँले सेताम्य जमिनमा पाइला टेक्दै गर्दा क्रिस्टिना कोच निकै हर्षित देखिन्थिन् । अन्तरिक्ष यान जमिनमा उत्रेलगत्तै सहयोगीले उनलाई कुर्सीमा राखे र गुरुत्वाकर्षण सन्तुलनका लागि 'मेडिकल टेन्ट' तर्फ दौडाए । त्यसै क्रममा उनले भनिन्, 'म निकै उत्साहित र निकै खुसी छु । मैले यो क्षणलाई अन्तरिक्ष नायकहरूका पाइला पछ्याइरहेका बेला भएको सम्मानका रूपमा लिएकी छु ।'



पृथ्वीमा ओलिंएपछि बिहीबार अन्तरिक्ष यात्री क्रिस्टिना कोच । रायटर्स

खासमा उनी खुसी हुनुको मुख्य कारण हो- उनका नाममा बनेको नयाँ कीर्तिमान । लामो समय अन्तरिक्षमा बिताउने महिलाका रूपमा पेगी हिविट्सनको कीर्तिमान (२८९ दिन) उनले तोडेकी छन् । सन् २०१९ मार्च १४ मा अन्तरिक्ष यात्रामा निस्केकी कोच ३२८ दिनपछि सोयुज यानमार्फत पृथ्वीमा ओर्लेकी हुन् । अमेरिकी अन्तरिक्ष संस्था (नासा) की ४१ वर्षीया कोचको टोलीमा अन्य दुई अन्तरिक्ष यात्री युरोपेली अन्तरिक्ष निकायका लुका पार्मिटानो र रसियाका अलेक्जान्डर स्केभोर्सोभ पनि थिए ।

बाँकी पृष्ठ १३



छोटकरी

लुम्बिनीमा बौद्ध महोत्सव

बुटवल (कास)- लुम्बिनीमा शुक्रबारदेखि तीनदिने अन्तर्राष्ट्रिय बौद्ध कला, संस्कृति र साहित्य महोत्सव हुँदैछ । महोत्सवमा बौद्ध कला र साहित्यको प्रदर्शन तथा बौद्ध अध्ययनसम्बन्धी साहित्यका विषयमा बहस हुनेछ । जसमा मोलाम पूजा, बौद्ध कला, संस्कृति तथा साहित्यको प्रदर्शनी हुने बताइएको छ । महोत्सवको पहिलो दिन बिहान लुम्बिनीमा शान्ति दौड हुनेछ । दौडमा करिब पाँच सय जनाको सहभागिता रहने लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार डा. तिलक आचार्यले बताए । शुक्रबार विश्वविद्यालय परिसरमा अक्षेश्वर महाविहारको संयोजनमा बौद्ध कलाको प्रदर्शनी पनि हुनेछ । प्रदर्शनीमा बौद्ध धर्म, संस्कृतिसम्बन्धी विभिन्न समुदायको कलाकृति राखिनेछ । त्यसैबेला बौद्ध सांस्कृतिक कार्यक्रम तय गरिएको छ ।

मनोसामाजिक परामर्श केन्द्र

नेपालगन्ज (कास)- लागूऔषध प्रयोग रोकथाम र नियन्त्रणका लागि सञ्चालित कानुनी तथा मनोसामाजिक निःशुल्क परामर्श केन्द्र बुधबारदेखि सञ्चालनमा आएको छ । जिल्ला प्रहरी र नेपालगन्ज उपमहानगरपालिकाको सहकार्यमा बुधबार यहाँ लागूऔषध प्रयोग रोकथाम र नियन्त्रणका लागि कानुनी तथा मनोसामाजिक निःशुल्क परामर्श केन्द्र सञ्चालनमा आएको हो । गणेशमान चोक नजिकैको पुरानो एसएसपी कार्यालय परिसरमा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले यसको उद्घाटन गरे ।

स्वास्थ्य संस्थामा ल्याब

बुटवल (कास)- बुटवल उपमहानगरपालिकाले आधुनिक ल्याब सेवासहितको प्राथमिक स्वास्थ्य सेवा सुरु गरेको छ । उपमहानगरका १९ वटै वडामा मेडिकल अफिसर र जनस्वास्थ्य अधिकृतले आधुनिक ल्याबसहित नियमित सेवा प्रवाह थालेका हुन् । स्वास्थ्य संस्था नभएका वडामा वडा क्लिनिक सञ्चालनमा ल्याइएको छ । यही कारण ससाना स्वास्थ्य समस्यालाई लिएर उनीहरू स्वास्थ्य संस्थामा जान थालेका छन् । धेरैजसो सेवा मातृशिशु, महिला, गर्भवती, बालबालिकालक्षित छन् । दुई वर्षअघि उपमहानगरका स्वास्थ्य संस्थाबाट बहिरंग सेवा लिने २१ हजार ४ सय ७३ जना थिए ।

खाद्य स्वच्छताबारे छलफल

बुटवल (कास)- स्थानीय तहलाई खाद्य गुणस्तर र स्वच्छतामा जिम्मेवार बनाउन अन्तर्क्रिया थालिएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले रूपन्देहीका विभिन्न स्थानीय तहमा काम थालेको हो । यस क्रममा बिहीबार शुद्धोधन गाउँपालिकामा स्थानीय तहले गर्नुपर्ने भूमिकाबारे छलफल भयो । गाउँपालिकाको खाद्य सुरक्षाको अवस्था, खाद्य समस्या र समाधानका उपायको विषयमा कार्यपत्रसमेत प्रस्तुत भयो । गाउँपालिका अध्यक्ष किसुनचन्द चौधरीले विषादी न्यूनीकरणमा आफूहरू लागेको बताए । उनले खाद्यवस्तु उपभोग गर्दा उपभोक्ता आफैं पनि सचेत हुनुपर्ने बताए ।

अस्पतालका सटरमा डोजर

अस्पतालसँगको सम्झौता बाँकी नै रहेको र सर्वोच्चले समेत फागुन १ गते छलफलका लागि बोलाएको अवस्थामा सरकारले अचानक डोजर चलाएर बिचल्ली पारेको व्यवसायीको गुनासो



लुम्बिनी प्रादेशिक अस्पतालका सटर भत्काइँदै (बायाँ) र सटर भत्काइएपछि सामान निकाल्दै व्यवसायी । तस्बिर : सन्जु/कान्तिपुर

■ **सन्जु पौडेल** (तिलोत्तमा)

लुम्बिनी प्रादेशिक अस्पताल परिसरमा बिहीबार बिहान डोजर पुग्नासाथ अस्पतालका सटरमा औषधि व्यवसायी र क्लिनिक सञ्चालन गरिरहेकाको छटपटी सुरु भयो । सामान जोगाउन व्यवसायीबीच भागदौड मच्चियो । डोजरले सटर भत्काउन सुरु गरेपछि रुँदै सामान बटुल्न थाले । एकैछिनमा लहरै रहेका औषधि पसल लथालिंग बने । प्रदेश सरकार सटर हटाएर अस्पतालका लागि आवश्यक संरचना निर्माणको तयारीमा छ । सटर खाली गर्न पटक-पटक समयावधि तोकिएको थियो । नमानेपछि बिहीबार डोजर चलाइएको हो । स्थानीय व्यवसायीको रुवाबासी सुन्ने कोही भएन ।

अस्पताल परिसरमा ७१ निजी र दुईवटा साझाका सटर सञ्चालन गरिएका थिए । अस्पताललले सटरबाट वार्षिक नौ करोड रुपैयाँ आम्दानी गरिरहेको थियो । २० वर्षदेखि औषधि पसल सञ्चालन गरिरहेका व्यवसायी सरकारलाई गाली गर्दै सामान पोको पारिरहेका थिए । जनप्रतिनिधिले गाँस खोसेर अन्याय गरेको पाल्पा भैरव मेडिकलका सञ्चालक केदार नेपालले आरोप लगाए । '२० वर्षदेखि गरेको व्यवसाय २० मिनेटमै सकियो,' उनले भने, 'करोडौंको सम्पत्ति नोक्सान भयो ।'

सरकारले ४८ घण्टे सूचनाका भरमा व्यवसायीलाई रुन बाध्य पारेको उनले गुनासो गरे । 'सरकारले चाहेअनुसार अस्पतालको सौन्दर्य विकासका लागि हामी तयार थियौं,' उनले भने, 'अराजक तरिकाले भत्काउन हुन्थेन ।' अस्पतालले गत जेठ २८ गते सटर भाडामा लगाउन बोलपत्र आह्वान गरेको थियो । अस्पताल प्रशासनले गत असार १६ गते १२ जना सटर व्यवसायीसित पछिल्लो सम्झौता गरेको थियो । पाँचवर्षे सम्झौता अवधि बाँकी हुँदै हटाएकोमा उनले आपत्ति जनाए ।

गत साउन ३० गते अस्पताल प्रशासनले तीन महिनापछि सटर खाली गर्न अल्टिमेटम दिएको थियो । उक्त सूचनापछि तत्काल खाली गर्न नसक्ने भन्दै व्यवसायीले बिन्तीपत्र हालेको सटर व्यवसायी संघर्ष समितिका सचिव अर्जुन पोखरेलले बताए । सुनुवाइ नभएपछि गत कात्तिक २९ गते करार सम्झौता परिपालना गरिपाऊँ भनेर जिल्ला अदालतमा रिट हालेको उनले बताए । जिल्ला अदालतले मंसिर १३ गते दुवै पक्षलाई छलफलमा बोलाएर अन्तरिम आदेश जारी गर्न पर्ने/नपर्ने भनेर अन्तरकालीन आदेश गरेको थियो । त्यसपछि गत माघ १७ गते दुवै पक्षबीच छलफल भएको पोखरेलले बताए । 'उक्त छलफलपछि अन्तरकालीन आदेश जिल्ला अदालतले खारेज गऱ्यो,' उनले भने, 'त्यसपछि जिल्लाको आदेश बदर गरिपाऊँ भनेर गत माघ २० गते उच्च अदालत तुल्सीपुरको बुटवल इजलासमा पुनरावेदन गऱ्यौं ।' त्यसको अर्को दिन बुटवल इजलासले जिल्ला अदालतलाई आदेशको बेहोरा लेखी पठाउन आदेश दिएको पोखरेलले बताए ।

जिल्ला अदालतले अन्तरकालीन आदेश खारेज गर्नेबित्तिकै अस्पताल प्रशासनले सोमबार सूचना टाँस गरेर ४८ घण्टाभित्र सटर खाली गर्न अल्टिमेटम दिएको थियो । त्यसविरुद्ध व्यवसायीले मंगलबार सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । सर्वोच्च अदालतका न्यायाधीश पुरुषोत्तम भण्डारीको इजलासले बुधबार दुवै पक्षलाई छलफलका लागि फागुन १ गते उपस्थित हुन अन्तरिम आदेश जारी गरेको थियो । 'छलफलमा बोलाएपछि नभत्काउनेमा ढुक्क थियौं,' सटर व्यवसायी संघर्ष समितिका उपाध्यक्ष तुलसीराम शर्माले भने, 'एकाएक डोजर चलेपछि आपत् पऱ्यो ।' बुधबार साँझ ५ बजेपछि मात्र छलफलमा बोलाएको पत्र प्राप्त गरेको व्यवसायीले बताए । पत्र लिएर कार्यकक्ष पुगे पनि कोही नभेटिएपछि प्रशासन प्रमुखको टेबलमा छाडेर फर्किएको शर्माले बताए । मुख्य द्वारमा एक प्रति टासेपनि डोजर चलाएको उनले बताए ।

छलफलका लागि बुधबार मेडिकल सुपरिटेन्डेन्टको कार्यकक्षमा पर्खिए पनि वार्ता नभएको उनले जनाए । सरकारले सटर व्यवसायीको बिचल्ली बनाएको स्थानीय बाबुराम नेपालको आरोप छ । लाखौं ऋण खोजेर व्यवसाय गरेकाहरू आर्थिक संकटमा परेको उनले बताए । ६२ हजार रुपैयाँ मासिक भाडा तिरेर एग्रोभेट सञ्चालन गरेका भरत नेपालले व्यवसाय भताभुंग भएपछि सडकमा पुगेको दुखेसो गरे । 'अब कति वर्षमा अस्पताल सुन्दर हुन्छ,' उनले प्रश्न गरे, 'इमर्जेन्सी वार्डमा एउटै बेडमा चार जना राखेर जाँच्ने हालत बदले हुन्थ्यो नि !'

प्रदेश ५ का सामाजिक विकास मन्त्री सुदर्शन बरालले सहज किसिमबाट व्यवसायीलाई निकास दिन चाहेको बताए । तर, व्यवसायी सटर खाली गर्ने निर्णयविरुद्ध अदालत गएपछि चुनौती थपिएको उनको दाबी छ । 'अदालती प्रक्रियाले करिब दुई महिना लम्बियो,' उनले भने, 'जिल्ला अदालतले अन्तरकालीन आदेश खारेज गरिदिएपछि सटर भत्काएका हौं ।' जिल्ला अदालतले पहिलो मुद्दापछि सटर नभत्काउन अन्तरकालीन आदेश जारी गरेको थियो । उक्त आदेशपछि सटर भत्काउने कार्य रोकेको उनले बताए । सटर भत्काइएको क्षेत्रमा पर्खाल लगाउनुका साथै तारबार गरिने उनले बताए । अस्पतालभन्दा दक्षिणतर्फ रहेको वनको जग्गा संघीय सरकारसँग माग गरिसकेको उनले बताए । आठ रोपनी वनको जग्गा अस्पतालको क्षेत्राधिकारभित्र ल्याइने र न्युरो एवं अर्थोवार्ड विस्तार गर्ने योजना रहेको उनले सुनाए । अस्पतालमा इमर्जेन्सी वार्ड सानो भएकाले ठूलो बनाउने समेत उनले बताए । यस प्रकार अस्पतालको ठूलो योजना पूरा हुने उनले बताए । व्यवसायीले सर्वोच्चको छलफलको आदेश सरकार र अस्पताल प्रशासनले मानेनन् भनेर गरेको गुनासोमा मन्त्री बरालले जिल्ला अदालतको मुद्दाबाहेक अन्यत्र कतै नपरेको दाबी गरे । प्रदेश सरकार अदालतले आदेश दिएमा मान्न तयार रहेको उनले बताए ।

Province Government
Province No. 5
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

Road Infrastructure Development Office

Rukum (East)

Date of Publication: 2076/10/24

Issuance of Letter of Intent to Award the Contract

As per Public Procurement Act 2063, Section 27, this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, the notice of which was published on 2076-09-06 (22nd December 2019) in Butwal Today Daily Newspaper for execution of the Construction of Road as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

S. N.	Lowest Evaluated Bidder	Name of Road	Contract Identification No.	Evaluated Bid Amount Including VAT (Nrs.)
1	M/s Jaybikash Nirman Sewa, Mahat-02, Rukum	Construction of Chhing - Mathigaun - Bhurunga to Lampakot Kanewang Kitni Road, Rukum (East)	IDO/PYU/RUK/W/Ro/ NCB/9/076-77	2,487,017.00
2	M/s Jaybikash Nirman Sewa, Mahat-2, Rukum	Construction of Shyalpakha-Mauwa Danda - Rawalwara to Guptidaha Road	IDO/PYU/RUK/W/Ro/ NCB/10/076-77	2,694,711.00
3	M/s Shahi Nirman Sewa, Jhula-03,Rukum	Construction of Pipal Pokhara Pwang Sisne To Dolpa Road, Rukum (East)	IDO/PYU/RUK/W/Ro/ NCB/11/076-77	2,509,741.30
4	M/s Shahi Nirman Sewa, Jhula-03,Rukum	Construction of Purano Dhaka - Kada - Dhading Road, Rukum (East)	IDO/PYU/RUK/W/Ro/ NCB/12/076-77	2,505,856.36
5	M/s Khaam Builders and Suppliers, Tarakeshwor-09, Kathmandu	Construction of Namgard, Chargaun, Kukurgade, Arjal, Maikot Sadaka Rukum	IDO/PYU/RUK/W/Ro/ NCB/13/076-77	2,790,379.63
6	M/s Sunlight Engineering Nirman Sewa, Bhume Rular Municipality-09, Rukum	Construction of Domaibaata Korjako Bhalawot Hudai Bhaisilotne Dekhi Daware Sadak	IDO/PYU/RUK/W/Ro/ NCB/14/076-77	2,116,726.17

Office Chief

जागिर छुट्यो, रानीमहल छुटेन

■ **माधव अर्याल** (पाल्पा)

बिहान उठ्नेबित्तिकै होस् वा बेलुकी सुत्ने बेला, रानीमहलमा उनको नजर नपरेको समय हुन्न । ७७ वर्षीय तारासिंह थापा मगर फुर्सदका बेला नाम्लोका लागि बरियो बुन्छन् । कहिलेकाहीं डोको पनि बुन्छन् । दुई/चार रुपैयाँ कमाइ हुने भएकाले उनको यस्तो रहर अहिले पनि मेटिएको छैन ।

कालीगण्डकी किनारमा रहेको रानीमहलको खोला उनको सिमाना हो । खोला तरेपछि रानीमहल पुगिन्छ । मुलुक संघीयतामा प्रवेश गरेसँगै उनको रोजगारी पनि गुमेको छ । श्रीमतीसँगै कालीगण्डकी किनारमा बस्ने उनलाई सरकारको व्यवहार चित्त बुझेको छैन । स्थानीय सरकारले खाईपाई आएको वार्षिक १२ हजार रुपैयाँ पनि खोसिदियो ।

रानीमहलको झोलुङ्गे पुल रेखदेख गर्थे । बुढेसकालमा पनि अग्लो पोल चढेर सफा गर्थे । अहिले फोहोर भएको छ । झाडी उम्रेको छ । सफा गर्ने कोही छैन ।


थापा मगर दम्पती ०२९ सालदेखि नदी किनारमा छ । सामान हेरालुका रूपमा रानीमहलछेउ बस्न थालेका हुन् । अहिले वृद्धभत्ताले गुजारा गरिरहेका छन् । उनको युवा अवस्था यहीं बित्यो । ०३२ सालमा रानीमहलनजिकैको पुरानो झोलुङ्गे पुलको रेखदेख गर्ने जिम्मा दिइएको थियो । 'यही ठाउँमा ४८ वर्ष बितेछ,' उनले सम्झिए, 'म पनि बूढो भएँ । धेरै परिवर्तन भए ।' त्यतिबेला झोलुङ्गे पुल बनाउन सबै सामान मान्छेले बोकेर ल्याएको उनले सुनाए । त्यसबेला रेखदेखबापत मासिक पाँच सय रुपैयाँ पाउँथे । 'पूरै जंगल थियो,' उनले भने, 'खोलामा बगर थिएन । यहाँ त ठूलठूला बुटा थिए । सबै बाढी आएर लग्यो ।' ०३० सालतिर यहाँ आठ/नौ घरमात्र थिए । अहिले घर छैनन् । 'पारिबाट खोला बग्थ्यो । अहिले वारिबाट बगेको छ,' उनले भने, 'खेत रोप्थे । खेतालाले खोला फर्काए ।' लेकबाट आएका गाउँलेले खोला फर्काएको उनले बताए । पहिले खोला रानीमहलको जगबाट बगेको थियो । अहिले खानीगाउँतर्फबाट बग्छ । रानीमहल वरपर बसेका सबै नयाँ बासिन्दा हुन् । 'पुराना मान्छे कोही छैनन्,' उनले भने, 'जग्गाको तिरो तिर्नेहरू छैनन् ।'

पहिले रानीमहल हुँदै ढाक्रे हिँड्थे । झोलुङ्गे पुल नबन्दै बटुवाको लर्को लाग्थ्यो । बोटे माझी थिए । अहिले ती विस्थापित भए । पर्वत, गुल्मीको पूर्व, बाग्लुङ, बेनीका बासिन्दा नुन, चामल लिन बुटवल जाने बाटो थियो । 'ढाक्रेको लर्कोले हामीलाई दिन गएको पत्तै हुन्नथ्यो,' उनले भने, 'तर, रानीमहल बुटैबुटाले छेकिएको थियो । कसैले वास्ता गर्थेन ।'

रानीमहल ०५३/५४ सालमा पुनःनिर्माण भयो । त्यसअघि पनि पर्यटक आउँथे । हेलिकप्टर लिएर पनि रानीमहल हेर्न आएको उनको सम्झना छ । अहिले गाडी लिएर आउँछन् । ०५७ सालबाट हेलिकप्टर आउन छाडेको उनले सुनाए । 'माओवादी द्वन्द्वका कारण पर्यटक आउन छाडे,' उनले भने, 'त्यतिबेला काठमाडौं, पोखराबाट हेलिकप्टरमा आउँथे ।'



नाम्लोका लागि बरियो बुन्दै तारासिंह थापामगर । तस्बिर : माधव/कान्तिपुर









तपाईंको आज

मेष	भाग्य वृद्धि	तुल	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पुर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ २५ गते शनिबार तदनुरुप ८ फरवरी २०२० माघ शुक्लपक्ष चतुर्दशी तिथि दिनको ३:१२ बजेसम्म उप्रान्त पूर्णिमा, तिष्य नक्षत्र रात्रिको ९:५५ बजेसम्म उप्रान्त अश्लेषा नक्षत्र, आयुष्मान योग रात्रिको ७:८ बजेसम्म उप्रान्त सौभाग्य योग, वणिज करण दिनको ३:१२ बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज द लाइफ (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	सुमनसँग (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हवाट द फ्लप (रिपिट)
८:००	कान्तिपुर समाचार
८:३०	सुमनसँग (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	यू एण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	यू एण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	यू एण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट १)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	प्राविधिक डायरी
०८:००	डेलिलपलेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (माहिमा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	शैली (भूपेन्द्र)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप अफ द टप्स (साञ्जरिका)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:१५	सौराई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड ह्याप्पिनेस डायरी
१६:०५	द राहुल भुजेल सो
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	फेलाटिक फ्राइडे (महेश/रिमता)
१८:००	आद्या आकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	नो टेन्सन (दीपकराज/अम्बिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेट्रोनिक्स (सञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेणी
२२:००	ओल्डी गोल्डी (रमीता)
२३:००	इलिमेन्ट्स आवर (संजय)
२४:००	टप अफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (भूपेन्द्र)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१-५४०२००
बुद्ध सामुदायिक गुरु अस्पताल	०७१-५४६९५०
महिला तथा बाल अस्पताल-आनदा	०७१-५४४४५०
चुनिमर्सल कलेज अफ मेडिकल साइन्सेस भैरहवा	०७१-५२०६०३०
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
पृथ्वी चन्द्र अस्पताल पराशी	०७८-५२०१९८
अर्घाखाची जिल्ला अस्पताल	०७७-५२०२५०
गुल्मी जिल्ला अस्पताल	०७८-५२०१९८
कपिलवस्तु जिल्ला अस्पताल	०७६-५४०२००
रेडक्रस इन्द्रबुलेन्स भैरहवा	०७१-५२०२६३, ०७७-५२०२६३, ९८४७३२६४५०
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८४७३२६४५०
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१००८
संयुक्त इन्द्रबुलेन्स चालक संघ बुटवल	९८५७०२३०९९
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
चुनिमर्सल शिक्षण अस्पताल भैरहवा	०७१-५०६०९२, ५०६०४२
जिल्ला ट्राफिक प्रहरी कार्यालय	०७१-५२२८६५, ९८५७०२३९०
इलाका प्रहरी कार्यालय बेलहिया	०७१-४९८००८
अध्यागमन कार्यालय बेलहिया	०७१-४९८२००
गौतम बुद्ध विमानस्थल कार्यालय	०७१-५०७०८६
दमकल सिद्धार्थनगर नगरपालिका	०७१-५२०२१५
दमकल बुटवल उपमहानगरपालिका	०७१-५४०१९९
माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा	०७१-५२३५३८
जिल्ला प्रशासन कार्यालय	५४०१३३
जिल्ला प्रहरी कार्यालय	५४०१९२
राप्ती उपक्षेत्रीय अस्पताल घोराही	५४२३६५
राप्ती अञ्चल अस्पताल तुलसीपुर	५२००१९
लमही अस्पताल	५४००१९
राप्ती आँखा अस्पताल तुलसीपुर	५२०१६५
आँखा अस्पताल लमही	४१७००८
घोराही उपमहानगरपालिका	५४०७००
तुलसीपुर उपमहानगरपालिका	५२०२३३
लमही नगरपालिका	५४००४०
उच्च अदालत तुलसीपुर	५२००२४
जिल्ला अदालत	५६०२६५
राप्ती प्राबिधिक शिक्षालय लालमटिया	४१३००१
इन्द्रबुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर	९८५७८२३१०३
इन्द्रबुलेन्स परिवार निर्योजन संघ घोराही	५६००२३/९८४७८६२३५८
दमकल घोराही	५६०४१९
दमकल तुलसीपुर	५२०३०५
रेडक्रस सोसाइटी घोराही ब्लड बैंक	५६१४६०
रेडक्रस सोसाइटी तुलसीपुर ब्लड बैंक	५२३१४०
घोराही बसपार्क	५६०४१५
तुलसीपुर बसपार्क	५२०५०४
लमही बसपार्क	५४००४०
जिल्ला प्रहरी कार्यालय बाँके	५२०२११/५२२७४८/१००
ईलाका प्रहरी कार्यालय कोहलपुर	५४०४२०/५४०११३
वडा प्रहरी कार्यालय नेपालगञ्ज	५२०२९९
क्षेत्रीय ट्राफिक कार्यालय नेपालगञ्ज	५४०००३/ १०३
जिल्ला ट्राफिक कार्यालय नेपालगञ्ज	५२०८५३
नेपाल रेडक्रस सोसाईटी	५२०१०४
इन्द्रबुलेन्स/ब्लड बैंक नेपालगञ्ज	५२०१६४
दमकल नेपालगञ्ज	५२०१११
दमकल कोहलपुर	९८४८५१४१८०
भेरी अन्चल अस्पताल नेपालगञ्ज	५२०१२०
नेपालगञ्ज मेडिकल कलेज	५२०४४८
कोहलपुर मेडिकल	५४०४०८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२६५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२९२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क इन्द्रबुलेन्स/शववाहन	४१९८०३५
सुनेरु इन्द्रबुलेन्स सेवा	०१ ५५५५५०,९७५१०४६५५०
परोपकार इन्द्रबुलेन्स सेवा	४२६०८५२
बिशालबजार इन्द्रबुलेन्स सेवा	४२४१२२९
रेडक्रस इन्द्रबुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस इन्द्रबुलेन्स सेवा	५५१५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्मर नि:शुल्क सवबाहन सेवा	४४३४०१३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिठर दयावसी संघ	४२०४३७४

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासोहरूका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

गुठीको जग्गा अतिक्रमण

हडपेकाले नछोड्दा गुरुयोजना अलपत्र

- हलेश्वर महादेव गुठीको ६७ रोपनी तीन आना तीन पैसा र शंखेश्वरी गुठीको ५५ रोपनी जग्गा स्थानीयको कब्जामा
- रूपाकोटमा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा व्यक्तिको नाममा

■ डम्बरसिं राई (खोटाङ)



खोटाङस्थित हलेसी गुफा । तस्विर : डम्बरसिं/कान्तिपुर

खाली जग्गा देख्यो कि हडप्ने चलनले सरकारी, धार्मिक र गुठी क्षेत्र साँघुरिन थालेका छन् । वर्षौंदेखि अतिक्रमणमा परेकाले सार्वजनिक स्थलको विस्तार र विकासमा अवरोध भइरहेको छ ।

प्रसिद्ध हलेसी (हलेश्वर महादेव), बराहा ताल (शंखेश्वरी महादेव), बुद्धेश्वर महादेव, रूपाकोटजस्ता क्षेत्रमा स्थानीय बासिन्दाले कब्जा जमाएपछि विकासमा समस्या आएको हो । हलेसी तुवाचुङ नगरपालिकाको हलेसी, माल्कु, गैरीगुठ, डाँडागुठ लगायतको जग्गामा स्थानीयले अतिक्रमण गरेपछि समस्या उब्जिएको हलेसी तुवाचुङ नगरपालिकाका प्रमुख इवन राईले गुनासो गरे ।

जिल्ला नापी कार्यालयका अनुसार ६७ रोपनी तीन आना तीन पैसा जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको छ । सो जग्गा गुठी संस्थानका प्रशासक नारायण चौधरीको फैसलाले २०७५ चैत १५ गते गुठीकै नाममा कायम गराएको थियो । स्थानीय हेमन्तकुमार गिरी, बमप्रसाद गिरी, मनदीप गिरी, लक्ष्मीमाया गिरी, कुमारी राई, प्रमोदकुमार गिरी, गुन्जना गिरी, भवानीशंकर गिरी, सपना गिरी, भरिता राई, ज्यानकाजी श्रेष्ठ, राजन राई, सुन्दरबहादुर राई, नयनकुमार राई, मिलनकुमारी राई, नविन राई, सप्तबहादुर राई, तारालक्ष्मी राई, अर्जुन गिरी, प्रेमकुमारी गिरी, रवती राई, अस्मिता राईको नाममा पुगेको जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको थियो ।

त्यस्तै, ध्रुवकुमार गिरी, देवकुमारी सन्यासी, हरि गिरी, ऐराख राई, प्रकाशकुमार राई, हर्कराज राई, शम्शेर गिरी, विजेन्द्रकुमार गिरी, कृष्णकुमारी गिरी, सुदीप गिरी, टंक गिरी, रत्नकुमार गिरी, रुपेन्द्र राई, हर्कराज राई, शिवकुमारी श्रेष्ठ, उषा श्रेष्ठ, विश्वचन्द्र गिरी, सुनिल विश्वकर्मा, ललिता विक राई लगायतले पनि गुठीको जग्गा अतिक्रमण गरेको ठहर गर्दै हलेश्वर महादेव गुठीको नाममा फिर्ता गराइएको थियो ।

जग्गा हडप्नेले काठमाडौं जिल्ला अदालतमा दर्ता गरेको मुद्दा भने विचाराधीन छ । अदालतले मुद्दा फैसलामा ढिलाइ गर्दा थप समस्या उब्जिएको नगरप्रमुख राईको भनाइ छ । स्थानीयले जग्गा कब्जा गरेपछि हलेसीको बृहत्तर विकासको काम गर्न उनी बताउँछन् । राईका अनुसार सो गुरुयोजनामा हलेसी गुफा आसपास दुई सय मिटर जग्गा आवश्यक पर्ने उल्लेख छ । उक्त जग्गा हलेसीकै भएको र अहिले अधिग्रहण गर्नुपर्ने भए आर्थिकभार पर्ने उनले बताए । यस क्षेत्रका एक सय ६९ घरटहरा हटाउनुपर्ने छ ।

'२०४४ सालमै हलेसीको गुरुयोजना बनाउन स्थानीयलाई मुआब्जा दिइएको भए पनि त्यसको लगत नष्ट गरिएकाले त्यो बेलाको रोग अहिलेसम्म कायम देखिन्छ,' उनले भने, 'अहिले गुरुयोजना कार्यान्वयनका लागि फेरि मुआब्जा दिनु पर्ने अवस्था आयो ।' हलेसी गुफाको मुखैमा भएको जग्गासमेत महन्त, पुजारीले बिक्री गरेकाले त्यहाँ बनाइएको मारतिका छोलिङ गुम्बालाई समेत व्यवस्थापन गर्नुपर्ने अवस्था आएको उनले बताए । गुफाको भारवहन लगायतका अन्य खतरालाई मध्यनजर गर्दै भूगर्वविदको परामर्शका आधारमा व्यवस्थापन गरिने राईले स्पष्ट पारे ।

गुठीको नाममा (पछिल्लो समय गुठी संस्थानको फैसलाबाट प्राप्त जग्गाबाहेक) गुफा आसपास २६ रोपनी मात्र जग्गा देखिन्छ । उनका अनुसार सो जग्गाले नपुग्ने भएकाले थप जग्गा लिनुपर्ने अवस्था आएको छ ।

कसरी पुग्यो व्यक्तिका नाममा ?

हलेसी विकास समितिका निर्देशक सम्बर भुजेलका अनुसार २०४४ सालमा तत्कालीन राजा वीरेन्द्र भ्रमणका बेला गुरुयोजना बनाएर निश्चित क्षेत्रभित्र भएका आठ वटा घरघडेरीलाई मुआब्जा दिइएको थियो । यद्यपि मुआब्जा लिएर पनि घरजग्गा भने खाली गरिएन । त्यतिबेलै गुरुयोजनाका लागि मुआब्जा दिइएका जग्गा रोक्का गरिएको थियो । पछि हलेसीस्थित महेन्द्रोदय माविलाई जग्गा दिने बहानामा फुकुवा गरेर किनबेच सुरु भएको भुजेलको भनाइ छ ।

हलेसी विकास समितिका तत्कालीन अध्यक्ष नारायणसिंह राई, निर्देशक देवराज कार्की, सदस्य तथा तत्कालीन हलेसी गाविस अध्यक्ष कुम्भराज राईलगायत पदाधिकारी रहेका बेला मालपोतबाट फुकुवा गरी लगतकट्टा नगरी त्यतिकै छाडिएकोले थप अतिक्रमण भएको हो । त्यसपछि निरन्तर अतिक्रमण हुँदै आएको उनी बताउँछन् ।

शंखेश्वरी गुठीमा पनि उस्तै

बराहापोखरी गाउँपालिकाको बराहा ताल (शंखेश्वरी महादेवको नाममा भएको) जग्गा पनि स्थानीयले हडपेपछि विकासमा समस्या आएको छ । धार्मिक तथा पर्यटकीय महत्व बोकेको बराहा ताल क्षेत्रमा स्थानीय बसोबास गर्नुका साथै जग्गासमेत व्यक्तिको नाममा राखेपछि बृहत् गुरुयोजना कार्यान्वयनमा समस्या देखिएको हो । बराहा ताल वरपर रहेको शंखेश्वरी गुठी तथा सार्वजनिक जग्गा मिचेर घरटहरा बनाइएको छ । स्थानीयलाई सो क्षेत्रबाट हट्न पटक-पटक अनुरोध गर्दा समेत अटेर गरेको बराहापोखरी गाउँपालिका उपाध्यक्ष गोमा मगरले बताइन् । ताल वरपरका २४ वटा घरटहरा हटाउन सार्वजनिक सूचना जारी गर्दा समेत उनीहरूले अटेर गरेको मगरको भनाइ छ । उनका अनुसार ६ महिने, तीन महिने, एक महिने, १५ दिने र सात दिने सूचना जारी गरिसक्दा समेत स्थानीयले सो क्षेत्र खाली गरेका छैनन् ।

शंखेश्वरी महादेवको नाममा रहेको जग्गासमेत स्थानीयले आफ्नो नाममा दर्ता गराएका छन् । उनीहरूले आफ्नो नाममा दर्ता गरेको करिब ५५ रोपनी जग्गा फिर्ता गर्न मालपोत कार्यालय खोटाङले २०४७ मै आदेश दिए पनि हालसम्म जग्गा फिर्ता भएको छैन । गुठीको नाममा भएको बराहाटार, चालीसे, सावाटारी, बाह्रमुरेलगायतका जग्गा स्थानीयले कब्जामा लिएका हुन् । स्थानीय देवी रेग्मीका अनुसार बराहाटारस्थित गुठीको जग्गा स्थानीय ढकबहादुर कार्की, शिवकुमार श्रेष्ठ, जुक्तिराम राई, कर्म श्रेष्ठ, भुवन श्रेष्ठ, भरत तामाङ, हर्कबहादुर तामाङ, हङकङ मगरलगायतले कब्जा गरेर घर बनाएका छन् ।

त्यस्तै, बमबहादुर कार्की, तिलक विष्ट, छविलाल पुरी, तिलकबहादुर कटवाल, जीतबहादुर विष्ट, कृष्णबहादुर खत्री, शेरबहादुर खड्का, चन्द्रबहादुर खत्री, हीरामाया कार्की, धनमाया थापा, डम्बरबहादुर मगर, बुद्धिमान मगर र खोटेहाङ गाउँपालिका लिच्कीराम्चेका नरबहादुर अधिकारीले समेत आफ्नो नाममा पास गराएका छन् । यी जग्गा गुठीयारले बिक्री गरेका हुन् । मालपोत कार्यालयका अनुसार गुठीको जग्गा व्यक्तिले रजिस्ट्रेसन गराएपछि २०४३ मा मुद्दा परेको थियो ।

बृहत्तर गुरुयोजनामा मन्दिर, विभिन्न जातजातिको संग्रहालय, बसपार्क, गेट, वृद्धाश्रम, कुटी, जाग्रामस्थल, मन्दिर लगायतका विभिन्न भौतिक संरचना निर्माण गर्ने उल्लेख छ । तर स्थानीय गुठीको जग्गा कब्जा गरेपछि गुरुयोजना कार्यान्वयनमा समस्या उत्पन्न भएको बराहापोखरी गाउँपालिका उपाध्यक्ष मगरले बताइन् । सो ताल सरकारको एक सय पर्यटकीय गन्तव्यमा पर्ने भएकाले विकासमा कठिनाइ भएको उनको भनाइ छ । उनका अनुसार संघ सरकारले यस वर्ष ५० लाख रुपैयाँ बजेट दिएको र यसले विभिन्न पूर्वाधार खडा गर्ने तयारी समेत गरिएको छ । उक्त बजेटले पोखरी वरपर पैदलमार्ग बनाउने, तालमा जमेको बालुवा निकाल्ने, विभिन्न मन्दिर बनाउने लगायत योजना गाउँपालिकाको छ ।

अख्तियारमा उजुरी

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको पर्यापर्यटनको केन्द्र रुपाकोटको जग्गा स्थानीयले कब्जा गरेपछि त्यसबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ का लेखनाथ आचार्य र गोविन्दराज आचार्यको नाममा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा दर्ता गरेको खुलेपछि अख्तियारमा उजुरी परेको हो ।

उनीहरूको नाममा भएको कित्ता नं ४४९ मा २५ रोपनी छ आना एक पैसा एक दाम, कित्ता नं ४५० मा २४ रोपनी पाँच आना दुई पैसा र कित्ता नं ४५१ मा २८ रोपनी १३ आना एक पैसा दुई दाम जग्गा दर्ता भएको पाइएको छ । उक्त जगगा २०६६ साउन २ गते व्यक्तिको नाममा आएको देखिन्छ ।

गुठीको जग्गा एसएसपीको नाममा

मझुवागढी क्षेत्रमा पर्ने बुद्धेश्वर गुफा, कालिका भगवती आसपासको जग्गा व्यक्तिको नाममा दर्ता भएपछि यसबारे पनि अख्तियारमा उजुरी परेको छ । बुद्धेश्वर महादेव गुठीको नाममा भएको जग्गा सशस्त्र प्रहरी बल हलेसी गुल्मका तत्कालीन डीएसपी (हाल एसएसपी) कालीदास धौवजीको नाममा ६ आना र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-५ का दिनेशकुमार घिमिरेको नाममा एक रोपनी नौ आना तीन पैसा एक दाम जग्गा गएको देखिन्छ ।

उक्त जग्गा कित्ता नं ३०३ बाट कित्ताकाट गरी ४३८ र ४३९ कायम गरिएको छ । यो जग्गा २०६८ कात्तिक ८ मा पास गरिएको मालपोत कार्यालयको अभिलेखमा उल्लेख छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले सार्वजनिक जग्गाबारेमा गरेको अध्ययनपछि यस्तो पाइएको नगर प्रमुख दीपनारायण रिजालले बताए । उनका अनुसार यसबारेमा अख्तियारले छानबिन गरिरहेको छ ।

मझुवागढी क्षेत्रमा बुद्धेश्वर महादेव गुठीको नाममा (कित्ता नं १०२) १० रोपनी चार आना तीन पैसा तीन दाम र देवीस्थान सामुदायिक वनको नाममा दुई सय ६९ रोपनी चार आना दुई दाम एक पैसा जग्गा रहेको देखिन्छ । नगरपालिकाको प्राविधिक टोलीको प्रतिवेदनअनुसार सशस्त्र प्रहरी बल हलेसी गुल्मको नाममा पनि धेरै जग्गा रहेको पाइएको छ । सो जग्गा स्थानीयले उपलब्ध गराएका हुन् । यसमध्ये कसले कति जग्गा उपलब्ध गराएको र सरकारी स्वामित्वको जग्गा सशस्त्रले उपयोग गरेको छ वा छैन भन्ने पनि अध्ययनको विषय बनेको नगरप्रमुख रिजाल बताउँछन् ।

छोटकरी

फेरि गैंडा मृत भेटियो

नवलपरासी (कास)- पूर्वी नवलपरासीको मध्यवर्ती क्षेत्रमा फेरि अर्को एक भाले गैंडा मृत भेटिएको छ । मध्यविन्दु नगरपालिका-२ सेहेरीको भुताहापोस्ट नजिकैको जंगलमा गैंडा मृत भेटिएको चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ । स्थानीयले बिहीबार बिहान मृत गैंडा देखेपछि प्रहरी र निकुञ्जलाई खबर गरेका थिए । करिब एक साताअघि नै मरेकाले गन्हाएको अवस्थामा भेटिएको स्थानीय श्रीधर शर्माले बताए । गैंडाको खाग र खुर भने सुरक्षित छ । गैंडाको मृत्युको कारणबारे अनुसन्धान जारी रहेको निकुञ्जले जनाएको छ । एक महिनाको अवधिमा पूर्वी नवलपरासीमा मात्र ३ गैंडा मरेका छन् । ९३२ वर्ग किलोमिटर रहेको चितवन निकुञ्ज गैंडाका लागि उत्कृष्ट बासस्थान मानिन्छ । ६ महिनायता यो निकुञ्ज आसपासमा ६ वटा गैंडा मरेका छन् ।

वडाध्यक्ष हत्यामा सात जना पक्राउ

अछाम (कास)- पञ्चदेवल विनायक नगरपालिका-२ का वडाध्यक्ष पदमबहादुर धामीको हत्या अनुसन्धानक्रममा प्रहरीले ७ जनालाई पक्राउ गरेको छ । सोमबार राति हत्या गरिएका धामीको बिहीबार आफन्तले शव बुझेपछि पोस्टमार्टम गरिएको छ । हत्यारा पत्ता नलागेसम्म पञ्चदेवल विनायक नगरपालिकामातहतका सबै कार्यालय बन्द गर्ने सहमति भएपछि आफन्तले शव उठाउन दिएका हुन् । नगर कार्यपालिकाको बैठकले घटनाको सत्यतथ्य छानबिनमा सहयोग गर्ने, मृतकका सन्तानको शिक्षा तथा राहतका लागि केन्द्र सरकारसँग माग गर्नेलगायत निर्णय भएको मृतकका आफन्त दीपेन्द्र धामीले बताए । धामीको शव मंगलबार बिहान ५ बजे गैरीगाउँस्थित गोठछानामा फेला परेको थियो ।

मेयरको मनोमानीमा सांसदको साथ

■ तिनोद भण्डारी (विराटनगर)

मोरङको सुनवर्षी नगरपालिकामा सरुवा भएर आएका कार्यकारी अधिकृतलाई हाजिर हुन नदिनमा त्यस क्षेत्रका सांसद तथा कांग्रेस केन्द्रीय नेता मीनेन्द्र रिजालको पनि भूमिका पाइएको छ । सुनवर्षी नगरपालिका मोरङको क्षेत्र २ मा पर्छ । यो क्षेत्रमा रतुवामाई नगरपालिका पनि पर्छ ।

नगरका तत्कालीन कार्यकारी अधिकृत राजकुमार केसी धनुषाको नगराइन नगरपालिकामा सरुवा भएपछि रौतहटको चन्द्रपुर नगरबाट सुरुवा भएर पुस २८ मा सुनवर्षी आएका पुरुषोत्तम घिमिरेलाई मेयर कालीप्रसाद दासले हाजिरी गर्न दिएका छैनन् । हाजिरी गर्ने रजिस्टर दासले गायब गरेपछि नगरका कुनै कर्मचारीले एक महिनादेखि हाजिरी गर्न पाएका छैनन् । घिमिरेले नयाँ रजिस्टर किनेर त्यसैमा हाजिरी जनाउँदै आएका छन् । 'मेयरले रजिस्टर गायब पारेपछि मैले सांसद मीनेन्द्र रिजालेलाई फोन गरेर रौतहटबाट हजुरको क्षेत्रको सुनवर्षीमा काम गर्न आएको छु तर मेयरले हाजिर हुन दिएनन् भनेर जानकारी गराएँ,' घिमिरेले भने, 'रिजालले पनि सुनवर्षीमा लफडा छ, त्यहाँ धेरै पुराना काम फत्ते गर्न र भुक्तानी गर्न बाँकी छ, काम गर्न सजिलो छैन भन्दै रतुवामाई नगरपालिका जान भन्नुभयो ।'

रतुवामाई पनि आफ्नै क्षेत्रमा पर्ने भन्दै रिजालले त्यहाँ गएर काम गर्न र त्यसका लागि सामान्य प्रशासन मन्त्रालयमा कुरा बढाउन भनेको उनले बताए । काठमाडौंमा रहेका सांसद रिजालले भने यस विषयमा कार्यकारी अधिकृत घिमिरेसँग कुरै नगरेको दाबी गरे । 'म घिमिरेलाई चिन्दै चिन्दिनँ,' उनले आक्रोशित हुँदै भने, 'निजामती कर्मचारीलाई कहाँ राख्ने, कहाँ नराख्ने सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी हो, मेरो काम होइन ।'

यसैबीच मेयर दासले नियमित सरुवा भएर आएका घिमिरेलाई बिहीबार पनि हाजिर हुन नदिई नगरको शिक्षा शाखा प्रमुख उपसचिव रुद्रप्रसाद दुलाललाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाएका छन् । पत्र पठाएलगत्तै मेयर दासले सांसद रिजालेलाई यसको जानकारी टेलिफोनमार्फत गराएको नगर स्रोतले बतायो । स्रोतका अनुसार फोनमा दासले 'सबै प्रक्रिया मिलाएको छु, बाँकी तपाईंको काम' भनेका थिए ।

दासले हस्ताक्षर गरेर मन्त्रालय पठाएको चलानी नम्बर ११२९ को पत्रमा भनिएको छ, 'यस नगरपालिकामा विगतका वर्षदेखि छोटो समयमा प्रमुख प्रशासकीय अधिकृतको सरुवा भई आउने-जाने क्रमले नगरको काम कारबाही प्रभावित हुँदै गरेको र प्रमुख प्रशासकीय अधिकृत राजकुमार केसी नगराइन नगरपालिका धनुषा सरुवा भई गएका कारणले प्रमुख प्रशासकीय अधिकृतको स्थायी व्यवस्थापनका लागि यसै नगरपालिकामा समायोजन भई आउनुभएका उपसचिव रुद्रप्रसाद दुलाल संकेत नम्बर १६१७०६ लाई दैनिक प्रशासनिक कामकाज गर्न निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको हुँदा निजलाई आर्थिक कामकाज गर्ने अख्तियारी प्रदान गरी नगरको नियमित कार्य सञ्चालनको व्यवस्था गरिदिन अनुरोध गरिएको छ ।'

बिहीबार पनि घिमिरे नयाँ रजिस्टरमा हाजिरी गरेर नगरपालिकामै बसेका थिए । कार्यकारीले हाजिरी गर्ने रजिस्टर मेयर दासकै इसारामा गायब पारिएको र कार्यपालिकाका सबै सदस्य घिमिरेलाई हाजिर गराउने पक्षमा भए पनि मेयर मात्र विपक्षमा रहनु रहस्यमय भएको उपमेयर मञ्जु राईले बताएकी छन् । उनका अनुसार मेयर र कार्यकारीको विवादले एक महिनादेखि नगरका सबै गतिविधि ठप्प छन् ।

गत वर्ष यो नगरको ४ करोड विकास बजेट फ्रिज हुनुका साथै १२ करोडभन्दा बढी बेरुजु रहेको नगर स्रोतको भनाइ छ । स्रोतका अनुसार गत वर्ष ससर्त अनुदानको दुई करोड, प्रदेश सरकारको अनुदान १३ लाख र सांसद विकास कोषको २८ लाख रुपैयाँ फिर्ता गएको थियो ।

गाउँपालिका अध्यक्षविरुद्ध मुद्दा

ताप्लेजुङ (कास)- दबाब दिएर भ्रूणहत्या गर्न लगाएको भन्दै पाँचथरको कुम्मायक गाउँपालिकाका अध्यक्ष जयबहादुर चेम्जोङसहित ७ जनाविरुद्ध किटानी जाहेरी दर्ता भएको छ । मेगा बैंकको त्यहाँस्थित शाखामा कार्यरत कर्मचारीसँग प्रेमविवाह गरेपछि रहेको गर्भ दबाब दिएर पतन गराइएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा बिहीबार जाहेरी दिएकी हुन् ।

जाहेरी परेलगत्तै पाँचथर जिल्ला अदालतबाट अध्यक्षसहित प्रतिवादी सातै जनालाई पक्राउ गर्न आदेश लिएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख सिद्धराज न्यौपानेले बताए । जाहेरी पर्नु पहिल्यैदेखि अध्यक्ष चेम्जोङ सम्पर्कबाहिर छन् ।

अनुसन्धान प्रक्रियामा प्रभाव पर्ने भन्दै प्रहरीले अन्य प्रतिवादीको नाम गोप्य राखेको छ । दलित समुदायकी ती युवतीले क्षत्री समुदायका बैंक कर्मचारीसँग गत साउनमा मन्दिरमा गएर विवाह गरेको र त्यसपछि रहेको २१ साताको गर्भ गाउँपालिका अध्यक्षको दबाबमा पतन गर्न बाध्य बनाइएको जाहेरीमा उल्लेख गरेकी छन् । उनले आफूसँग विवाह गरेका ती कर्मचारीका अभिभावक र आफन्तको आग्रहमा पालिका अध्यक्ष चेम्जोङले धम्की दिएर भ्रूण हत्या गर्न बाध्य बनाएको दाबी गरिएको छ । मुद्दामा युवतीले आफ्ना श्रीमान्, अभिभावक र स्वास्थ्यकर्मीसम्मलाई विपक्षी बनाएकी छन् ।

लुम्बिनी विस्तारबारे छलफल सुरु

■ माधव दुंगाना (भैरहवा)

बृहत्तर लुम्बिनी क्षेत्र र शान्ति सहरको योजना कार्यान्वयनका लुम्बिनी विकास कोषले कार्य सुरु गरेको छ । प्रारम्भिक चरणमा कोषले स्थानीय, राजनीतिक दल र विज्ञसँग परामर्श र सुझाव संकलन सुरु गरेको हो ।

लुम्बिनीलाई केन्द्र बनाएर कपिलवस्तु, रूपन्देही र पश्चिम नवलपरासीमा रहेका बुद्धसँग सम्बन्धित पुरातात्त्विक महत्त्वका स्थलहरूको एकीकृत विकास गर्न कोषले एक दशकअघि बृहत्तर लुम्बिनी क्षेत्र योजनाको अवधारणा ल्याएको थियो । सन् १९९८ मा लुम्बिनीमा भएको प्रथम विश्व बौद्ध शिखर सम्मेलनले बुद्ध जन्मस्थललाई शान्तिको मुहान घोषणा गरेको थियो । त्यसअनुरूप सन् २००४ मा सम्पन्न दोस्रो विश्व बौद्ध शिखर सम्मेलनले लुम्बिनीलाई विश्व शान्ति सहरका रूपमा विकास गर्ने निर्णय गरेको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले बृहत्तर लुम्बिनीमा कुन-कुन क्षेत्र समेट्ने भन्नेबारेमा यकिन भइनसकेको बताएका छन् । छलफलको माध्यमबाट योजना कार्यान्वयनतर्फ प्रवेश गरिएको उनले बताए । रामग्राम, देवदह, तिलौराकोटलगायत कपिलवस्तुमा रहेका पुरातात्विक स्थल र सैनामैना बृहत्तर लुम्बिनी क्षेत्रमा जोडिने उनले जनाए । उनका अनुसार लुम्बिनी विश्व शान्तिको सहर र बृहत्तर लुम्बिनी क्षेत्रबारे स्थानीय तहसम्म छलफल गरिनेछ ।

'हिजोकै अवस्थामा अब लुम्बिनी रहन सक्दैन । यसको विस्तार गर्नैपर्छ,' बृहत्तर लुम्बिनी योजना तथा विश्व शान्ति सहर कार्यान्वयनसम्बन्धी यहाँ आयोजित कार्यक्रममा कोषका अध्यक्षसमेत रहेका भट्टराईले भने, 'यो बुद्धसँग कुनै न कुनै हिसाबले जोडिएका रूपन्देही, कपिलवस्तु र नवलपरासीमा रहेका स्थललाई एउटा बुद्ध सर्किटका रूपमा जोड्ने योजना हो ।' बृहत्तर

> बृहत्तर लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूप, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थल बनाइने

लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूपा, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थलका रूपमा अघि बढाइने उनले बताए ।

लुम्बिनी विकास कोषका अनुसार बृहत्तर लुम्बिनी क्षेत्र योजनाबारे धेरै अघिदेखि चर्चा गरिएको भए पनि बजेट विनियोजन हुन थालेको दुई वर्ष मात्र भएको छ । वार्षिक एक-एक करोड रुपैयाँ बजेट आए पनि कोषले खर्च गर्न सकेको छैन । स्थानीय तहदेखि प्रधानमन्त्री, सबै राजनीतिक दलका प्रमुख र विज्ञलाई सहभागी गराएर राय संकलन गरिने कोषका योजना प्रमुख सरोज भट्टराईले बताए । बृहत्तर लुम्बिनी क्षेत्रको योजनालाई पूरा गर्न 'बृहत्तर लुम्बिनी क्षेत्र प्राधिकरण' को गठन गर्ने र विदेशी दातृ निकाय, नेपाल सरकार, प्रदेश र स्थानीय तहबाट प्राप्त हुने बजेट र दाताले दिने सबै सहयोग त्यही प्राधिकरणमा राख्ने अवधारणा उनले बताए । 'बृहत्तर लुम्बिनी क्षेत्रको आयोजना कम्तीमा पनि २ सय अर्ब (२ खर्ब) रुपैयाँको हुनेछ । यो बजेटको कार्यान्वयनबाट यस क्षेत्रको आर्थिक, सामाजिक जीवनमा ठूलो प्रभाव पार्नेछ,' भट्टराईले भने, 'यसले रोजगारीको सिर्जना हुन्छ, मृत्यु दर घट्छ । हामी यसतर्फ अगाडि बढ्नेछौं ।'

तीन वर्गमाइल क्षेत्रफलमा रहेको हालको लुम्बिनी गुरुयोजना कार्यान्वयनका लागि जग्गा अधिग्रहण गरिँदा विस्थापित भएजस्तै फेरि विस्थापित हुनुपर्ने भन्दै कैयन् स्थानीय बासिन्दा लुम्बिनी शान्ति सहर योजनाको विरोधमा उत्रेका छन् । लुम्बिनी क्षेत्रका प्रदेशसभा सदस्य फखरुद्दिन खानले भने, 'यहाँका सम्पदालाई समाजसँग जोड्न लुम्बिनी विकास कोष र स्थानीयबीच धेरै विवाद छ ।' लुम्बिनीको विकासबारे काठमाडौंका तारे होटलमा छलफल नगर्न र योजनामा स्थानीय संस्कृति र पहिचान समावेश गर्न उनले सुझाव दिए ।





शरद घाइते
बाँकी खेल गुमाउने । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



नेवारी संस्कृति
मनाइयो भीमसेन पूजा

वर्ष २७ अंक ३४८ सुर्खेत | २४ माघ २०७६ शुक्रबार माघ शुक्लपक्ष त्रयोदशी | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, February 07, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ



ललितपुरको हिरण्यवर्ण महाविहार (स्वर्ण मन्दिर) का बफचा (मुख्य पुजारी) ११ वर्षीय सुरेन्द्र शाक्य मन्दिर सफाइ गर्दै । उनी यहाँको पुजारी बनेको बिहीबार १४ औं दिन थियो । बाह्रौं शताब्दीको यो मन्दिरमा १२ वर्षमुनिका शाक्य थरका बालकलाई मुख्य पुजारी बनाइन्छ, त्यो पनि ३० दिनका लागि मात्र । महिना दिन पुगेपछि फेरि नयाँ मुख्य पुजारी चयन गरिन्छ । *तस्बिर : केशव थापा/कान्तिपुर*

ललिता निवास प्रकरण

किर्ते र ठगीमा पनि कारबाही अघि बढ्दै

पाँच पूर्वमन्त्रीसहित १७२ विरुद्ध अनुसन्धान गर्न अनुमति माग

■ **मातृका दाहाल** (काठमाडौं)

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले ललिता निवास अनियमितता प्रकरणमा संलग्न १७२ जनामाथि किर्ते र ठगीको मुद्दा चलाउन प्रक्रिया अघि बढाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यही प्रकरणमा १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको भोलिपल्टै प्रहरीले गृह मन्त्रालयलाई जाहेरीका लागि पत्राचार गरेको हो ।

स्रोतका अनुसार सीआईबीले गृहलाई बिहीबार पत्र पठाउँदै ठगी र किर्ते मुद्दाको जाहेरी अघि बढाइदिन आग्रह गरेको छ । फौजदारी न्याय प्रणालीमा पीडितले जाहेरी दिनुपर्छ । गृहअन्तर्गतकै समरजंग कम्पनीको जग्गा मिचिएकाले गृहले प्रहरीलाई निर्देशनसहित पत्र पठाएपछि कारबाही प्रक्रिया अघि बढ्नेछ ।

गत साता सीआईबीले गृहमा बुझाएको प्रतिवेदनमा ललिता निवास अनियमितता प्रकरणमा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १७२ संलग्न भएको भन्दै किर्ते र ठगीमा कारबाही चलाउन सिफारिस गरिएको थियो । उक्त प्रतिवेदन कार्यान्वयनका लागि अब गृहले प्रहरीमै फाइल पठाउनुपर्ने हुन्छ । सीआईबीले यसअघि सरकारको निर्देशनअनुसार छानबिन मात्र गरेको थियो भने अब फौजदारी मुद्दा चलाउन अनुसन्धान गर्नुपर्नेछ ।

प्रहरी प्रवक्ता डीआईजी शैलेश थापाले ठगीमा पीडित पक्षले जाहेरी दिनुपर्ने कानुनी व्यवस्था भएकाले गृह वा सरकारी निकायबाट निवेदन आएपछि अनुसन्धान अघि बढ्ने बताए । उनले भने, 'यसका लागि हामीले अनुसन्धान प्रतिवेदनअनुसार सरकारलाई जाहेरीका लागि अनुमति मागेका छौं ।' जाहेरी दर्ता भएपछि आरोपितलाई आवश्यकताअनुसार पक्राउ गरेर अनुसन्धान गर्ने बाटो खुल्नेछ ।

गृहले केही दिनमै सीआईबीमा अनुसन्धानका लागि पत्र पठाउने तयारी गरेको छ । गृह सचिव महेश्वर न्यौपानेले प्रतिवेदनअनुसार नै ललिता निवासको जग्गा प्रकरणमा कारबाही प्रक्रिया अघि बढाइने प्रतिक्रिया दिए । सीआईबीले यसअघि तयार पारेको प्रतिवेदनमा पूर्वउपप्रधानमन्त्री गच्छदार, पूर्वमन्त्रीहरू चन्द्रदेव जोशी, डम्बरबहादुर श्रेष्ठ, छविराज पन्त, पूर्वराज्यमन्त्री सञ्जयकुमार साह, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख भइसकेका पूर्वसचिव दीप बस्न्यात, तत्कालीन भूमिसुधार सचिव दिनेशहरि अधिकारी, बहालवाला सहसचिव तेजप्रसाद पाण्डेलगायत १७२ विरुद्ध फौजदारी कसुरमा अनुसन्धान हुनुपर्ने राय दिएको थियो । पूर्वराज्यमन्त्री साह व्यक्ति हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । उनी २०६६ मा माधवकुमार नेपाल नेतृत्वको सरकारमा भौतिक योजना राज्यमन्त्री थिए ।

सीआईबीको सूचीमा अख्तियारबाट भ्रष्टाचारको मुद्दामा नपरेका केही व्यक्तिसमेत छन् । सीआईबीको निवेदनमा तत्कालीन मन्त्री, सचिव, मालपोत र भूमिसुधारका कर्मचारी, भूमाफिया, व्यापारीलगायतलाई किर्ते र ठगी अभियोगमा थप अनुसन्धानको अनुमति मागिएको छ । कान्तिपुरलाई प्राप्त विवरणअनुसार ललिता निवासको जग्गा अनियमिततामा २०४९ सालमा ४८ जना, २०६१/०६२ मा २१ जना, २०६६ मा ६६ जना र २०६९ मा ३७ गरी १७२ जनाले पद दुरुपयोग गरेको दाबी छ । उनीहरूमाथि मुलुकी ऐनको किर्ते र ठगी महल तथा मुलुकी फौजदारी अपराध संहिताको किर्ते र ठगी कसुरमा मुद्दा दायर गर्नुपर्ने सिफारिस छ ।

बाँकी पृष्ठ १३

कान्तिपुरविरुद्धको अवहेलना मुद्दा खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

अदालतको अवहेलना गरेको भन्दै कान्तिपुर पब्लिकेसन्सविरुद्ध दुई वर्षअघि दायर मुद्दा सर्वोच्च अदालतले खारेज गरेको छ । सर्वोच्चका न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र प्रकाशमान सिंह राउतको बिहीबार बसेको बृहत् पूर्ण इजलासले कान्तिपुरले उठाएका मुद्दा सत्य र वस्तुनिष्ठ रहेकाले अवहेलना ठहर हुन नसक्ने फैसला गरेको हो ।

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको शैक्षिक योग्यताका सम्बन्धमा लेखिएको समाचारले अदालतको अवहेलना भएको भन्दै कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया, निर्देशक स्वस्तिका सिरोहिया, प्रधान सम्पादक सुधीर शर्मा र संवाददाता कृष्ण ज्ञवालीविरुद्ध मुद्दा दायर गरिएको थियो ।

सर्वोच्चको फैसलाले कान्तिपुरविरुद्ध सुनियोजित रूपमा गलत मनसायका साथ मुद्दा लगाइएको पुष्टि भएको कानुनविद्हरूले बताएका छन् । 'फैसलाले तत्कालीन प्रधानन्यायाधीशले शक्ति र पहुँचका आडमा कान्तिपुरविरुद्ध चालेको कारबाही गैरकानुनी र पूर्वाग्रही थियो भन्ने पुष्टि गऱ्यो,' वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले भने, 'यस फैसलाले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको दायरालाई फराकिलो पारिदिएको छ ।'

मेडिकल माफियाका पक्षमा फैसला गरेको भन्दै पराजुलीको आलोचना गरेका सत्याग्रही डा. गोविन्द केसीलाई पनि अवहेलनामा मुद्दा दायर गरी कान्तिपुरसँगै सुनुवाइमा राखिएको थियो । **बाँकी पृष्ठ १३**

भोलिको कोसेली

बेपत्ता नागरिक आख्यान विशेष

- महेशविक्रम शाह– म बेपत्ता !
- राजव– क्रूर मौन
- हरि अधिकारी– जुना तामाङको प्रेमकथा
- सरस्वती प्रतीक्षा– फोबिया
- नवीन विभास– बेपत्ताकी डाई
- उमा सुवेदी– उकुच
- ज्योति जङ्गल– ऋण
- फूलमान वल– कमरेड रोशी
- अभय श्रेष्ठ– निडर
- बिना थिङ तामाङ– गन्धे झार

नेपालगन्ज र नोबेलले लिए अतिरिक्त शुल्क

■ **सुदीप कैनी** (काठमाडौं)

चिकित्सा शिक्षा आयोगको निर्देशन अवज्ञा गर्दै मोरङको नोबेल र बाँकेको नेपालगन्ज मेडिकल कलेजले एमबीबीएसका विद्यार्थीसँग अतिरिक्त शुल्क असुल्न थालेका छन् । विद्यार्थी र अभिभावकलाई प्रलोभन, त्रास र धम्की दिएर कलेज सञ्चालकहरूले शैक्षिक सत्रको सुरुमै बढी शुल्क असुलेका हुन् ।

२९ लाखभन्दा बढी अतिरिक्त शुल्क उठाउने प्रयास गरेको नोबेलले थप शुल्क लिन ६ जना विद्यार्थीसँग कबुलियतनामा गराइसकेको छ ।

कबुलियतनामामा भर्ना, परीक्षा लगायत शीर्षकमा थप शुल्क लिने उल्लेख छ । नोबेलले बढी शुल्क तिर्न सहमत भएका ती ६ विद्यार्थीसँग मात्र माघ १९ गते काउन्सिलिङ गरेको थियो । अधिकांश अभिभावकले बढी शुल्क नतिर्ने अडान लिएपछि कलेज प्रशासनले शुल्क नतिर्नेलाई काउन्सिलिङमा सहभागी नगराएको हो । कलेजले एमबीबीएसतर्फ १०० विद्यार्थीको भर्ना लिन पाउँछ ।

नोबेलका अभिभावकले अतिरिक्त रकम माग्ने कलेजविरुद्ध चिकित्सा शिक्षा आयोग र काठमाडौं विश्वविद्यालय गुहारिसकेका छन् । आयोग र विश्वविद्यालयले आग्रह गरिसकेकाले थप शुल्क नतिर्ने अभिभावकहरूको भनाइ छ ।

'नोबेलका सञ्चालक सुनील शर्माले फकाएर र धम्क्याएर ६ जनासँग बढी पैसा लिएछन्,' एक अभिभावकले कान्तिपुरसँग भनिन्, 'बाँकी अभिभावकले बढी रकम नतिर्ने सहमति गरेका छौं, भर्नाका लागि काठमाडौं विश्वविद्यालयमा

> 'अभिभावकलाई बढी पैसा नतिर्नु भनियो तर सरकारले कलेजलाई लिन रोक्न सकेन'

पहिलो किस्ताको रकम जम्मा भइसकेको छ, पढाइ सुरु नगरे कानुनी उपचारमा जान्छौं ।'

आयोगको सम्पर्कमा आएका अभिभावकलाई उपाध्यक्ष श्रीकृष्ण गिरी र सदस्यसचिव हरिप्रसाद लम्सालले 'एक रुपैयाँ पनि बढी रकम नतिर्न' भनेका छन् । 'विश्वविद्यालयमार्फत कलेजलाई सचेत गराइराखेका छौं, भर्ना गराएको ३५ दिनभित्र पढाइ सुरु गर्नुपर्ने काम विश्वविद्यालयको हो,' गिरी र लम्सालको भनाइ उद्धृत गर्दै अभिभावक केशव दाहालले भने, 'उपाध्यक्ष गिरी र सदस्यसचिव लम्सालले बढी पैसा लिन नपाए विद्यार्थी पढाउँदिनँ भन्ने मेडिकल कलेजको सम्बन्धन खारेज गर्छौं भन्नुभएको छ ।'

नोबेल प्रशासनले भने अभिभावकले बढी रकम नदिने अडान लिएपछि चिकित्सा शिक्षा आयोगलाई पत्राचार गरेको थियो । शिक्षण शुल्कबापत कुन-कुन शीर्षकमा शुल्क लिन पाउने हो भनेर कलेजले लेखेको पत्रको जवाफमा आयोगले तोकिएभन्दा बढी शुल्क लिन नपाइने स्पष्ट पारेको छ । 'आयोगले कुनै पनि शुल्क नलिन सचेत गराएपछि नोबेल मेडिकल कलेजले अतिरिक्त शुल्कमा पनि छुट दिने नयाँ तरिका अपनाएको अभिभावकहरूले गुनासो गरे । कलेजले तत्कालका लागि २९ लाखबाट घटाएर १५ लाख रुपैयाँ मात्रै अतिरिक्त शुल्कमा कलेजले मोलमोलाइ गरिरहेको छ ।

नोबेल कलेजले प्रशासनले भने शिक्षण शुल्कका विषयमा विवाद सुल्झेको दाबी गरेको छ । कलेजले नयाँ भर्ना भएका केही विद्यार्थी र तिनका अभिभावकलाई बोलाएर शुल्क विवाद सुल्झाएको जनाएको हो । **बाँकी पृष्ठ १३**

अन्तरिक्षमा ३२८ दिन

अल्माटी/वासिङ्टन (एजेन्सी)- झन्डै एक वर्ष लामो अन्तरिक्ष यात्रापछि बिहीबार कजाकिस्तानको उत्तरी क्षेत्रस्थित हिउँले सेताम्य जमिनमा पाइला टेक्दै गर्दा क्रिस्टिना कोच निकै हर्षित देखिन्थिन् । अन्तरिक्ष यान जमिनमा उत्रेलगत्तै सहयोगीले उनलाई कुर्सीमा राखे र गुरुत्वाकर्षण सन्तुलनका लागि 'मेडिकल टेन्ट' तर्फ दौडाए । त्यसै क्रममा उनले भनिन्, 'म निकै उत्साहित र निकै खुसी छु । मैले यो क्षणलाई अन्तरिक्ष नायकहरूका पाइला पछ्याइरहेका बेला भएको सम्मानका रूपमा लिएकी छु ।'



पृथ्वीमा ओलिंएपछि बिहीबार अन्तरिक्ष यात्री क्रिस्टिना कोच । रायटर्स

खासमा उनी खुसी हुनुको मुख्य कारण हो- उनका नाममा बनेको नयाँ कीर्तिमान । लामो समय अन्तरिक्षमा बिताउने महिलाका रूपमा पेगी हिविट्सनको कीर्तिमान (२८९ दिन) उनले तोडेकी छन् । सन् २०१९ मार्च १४ मा अन्तरिक्ष यात्रामा निस्केकी कोच ३२८ दिनपछि सोयुज यानमार्फत पृथ्वीमा ओर्लेकी हुन् । अमेरिकी अन्तरिक्ष संस्था (नासा) की ४१ वर्षीया कोचको टोलीमा अन्य दुई अन्तरिक्ष यात्री युरोपेली अन्तरिक्ष निकायका लुका पार्मिटानो र रसियाका अलेक्जान्डर स्केभोर्सोभ पनि थिए । **बाँकी पृष्ठ १३**



घरघरमा बिरामी, औषधि छैन

स्वास्थ्य चौकीमा औषधि नहुँदा बिरामी मेडिकलबाट किन्छन् । पैसा नहुनेहरू जडिबुटी र घरेलु उपचारको भरमा बसिरहेका छन् ।

■ राजबहादुर शाही (मुगु)



चिसोले बिरामी परेका खत्याड गाउँपालिकाका स्थानीय । तस्विर : राजबहादुर/कान्तिपुर

खत्याड गाउँपालिकास्थित रातापानीकी ५० वर्षीया लक्ष्मी कार्की दुई सातादेखि ढाड दुख्ने, हातगोडा बाउँरिने, टाउको दुख्ने, ज्वरो आउनेलगायत समस्याले थलिएकी छिन् । उनको घर नजिकै प्राथमिक स्वास्थ्य केन्द्र छ । तर, लामो समयदेखि औषधि अभाव भएपछि उनी घरेलु उपचार गराउन बाध्य छिन् ।

रातापानीकै सतु कार्की पनि एक सातादेखि ज्वरो आउने, टाउको दुख्ने, रुघाखोकी लाग्नेलगायत समस्याबाट पीडित छिन् । 'बिरामी परेको बेला कहिल्यै औषधि हुँदैन,' उनले भनिन्, 'मेडिकलमा गएर उपचार गराउने पैसा नहुँदा जडिबुटी चपाएर बस्नुपरेको छ ।'

चिसोका कारण सुकाढिक, आम, रातापानी, रिघा, हयाङलुलगायत गाउँमा बिरामी बढिरहेका छन् । तर, औषधि नहुँदा बिरामीलाई धामीझाँक्री र घरेलु औषधिको भर पर्नुपर्ने बाध्यता रहेको छ । गाउँपालिकाले खरिदमा बेवास्ता गरेपछि अधिकांश स्वास्थ्यचौकीमा औषधि अभाव चुलिएको छ । जिल्ला स्वास्थ्य कार्यालय र क्षेत्रीय मेडिकल स्टोरले उपलब्ध गराउने निःशुल्क औषधि पनि गाउँमा नपुगेको लामो समय भयो । 'गाउँमा अरु धेरै सुविधा आयो, तर औषधि कहिल्यै आएन,' लुइगाउँका दानबहादुर कार्कीले भने, 'स्वास्थ्यचौकीमा औषधि पाइँदैन, मेडिकलमा किन्न पैसा हुँदैन ।' उनले सरकारी स्वास्थ्य संस्थामा औषधि नहुँदा विपन्न बिरामी मारमा परेका बताए । उनका अनुसार कतिपय बिरामीलाई ऋण लिएरै उपचार गराउनुपर्ने बाध्यता छ । उनले चिसोका कारण घरघरमा बिरामी बढेका उनको भनाइ छ ।

औषधि नहुँदा स्वास्थ्यचौकीमा फुर्सदिलो भएर बस्नुपरेको स्वास्थ्यकर्मीको गुनासो छ । स्वास्थ्यचौकी इन्चार्ज शारदा भट्टले जिल्ला स्वास्थ्य कार्यालय र क्षेत्रीय मेडिकल स्टोरमा माग फाराम भरी पठाएको लामो समयसम्म पनि औषधि नआएको बताइन् । 'गाउँपालिकामा पनि औषधि नभएको पटकपटक जानकारी गराएका छौं,' उनले भनिन्, 'बेवास्ता भएपछि उपचारमा समस्या भएको छ ।' उनले उपचारका लागि आएका बिरामी स्वास्थ्यकर्मीलाई गाली गर्दै रित्तोहात फर्किने गरेको गुनासो गरिन् ।

स्वास्थ्यचौकीका अनुसार घरघरै मौसमी बिरामीको संख्या बढिरहेको छ । इञ्चार्ज भट्टले दैनिक ३५ जनासम्म बिरामी उपचारका लागि स्वास्थ्यचौकीमा आउने गरेको जानकारी दिइन् । 'आएका बिरामीलाई चेकजाँच गरी औषधि किन्न मेडिकलमा पठाउने गरेका छौं,' उनले भनिन्, 'औषधि अभावकै कारण विपन्न बिरामी लामो समयदेखि उपचारबाट वञ्चित छन् ।'

खत्याडस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा ३ महिनादेखि औषधि अभाव भएको छ । स्थानीय तहले वर्षमा एकपल्ट मात्र ५ देखि १० लाख रुपैयाँको मात्र औषधि उपलब्ध गराउँदा गाउँको स्वास्थ्य चौकीमा सधैं औषधि अभाव हुने गरेको हो । स्वास्थ्य चौकीमा निःशुल्क उपलब्ध हुने ३५ प्रकारका औषधि मागका आधारमा जिल्ला स्वास्थ्य र मेडिकल स्टोरले उपलब्ध गराउँदै आएका छन् । तर, ढुवानी समस्याका कारण ग्रामीण क्षेत्रका स्वास्थ्यचौकीका लागि पठाइएका औषधि जिल्ला स्वास्थ्यमै थन्किने गरेको स्वास्थ्यकर्मीको गुनासो छ ।

स्वास्थ्यचौकीले पठाएको माग फारामका आधारमा औषधि पठाइने नियम रहेको जिल्ला स्वास्थ्य प्रमुख नहकुल शाहीले बताए । 'गाउँपालिका भित्रका स्वास्थ्यचौकीलाई औषधि खरिद गर्ने जिम्मा स्थानीय सरकारकै हो,' उनले भने, 'तर अत्यावश्यक औषधि कार्यालयमा यहाँ भएको खण्डमा हामीले पनि पठाइरहेका छौं ।' उनले कार्यालयमा समेत अधिकांश औषधिको मौज्दात सकिएपछि गाउँमा औषधि पठाउन नसकिएको जानकारी दिए । उनका अनुसार यस वर्ष मेडिकल स्टोरबाट प्राप्त हुने औषधि जिल्लामा आएको छैन ।

औषधिसहित पुगदा स्वागत

लामो समयदेखि औषधि अभावको समस्या झेल्दै आएको रातापानीस्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई समाजसेवी ऐनबहादुर कार्कीले ४ लाख ५० हजार रुपैयाँको औषधि उपलब्ध गराएका छन् । औषधिसहित गाउँ पुगेका उनलाई स्थानीयले फूलमालासहित भव्य स्वागत गरे । लामो समयदेखि औषधि अभाव भएको सुनेपछि विभिन्न निकायबाट सहयोग जुटाइ औषधि खरिद गरेको कार्कीले बताए । उनका अनुसार औषधि खरिदमा विदेशमा बस्ने नेपालीले समेत सहयोग गरेका छन् ।

'गाउँमा बिरामीको संख्या बढिरहेको छ,' उनले भने, 'गाउँ पुगेरै औषधि हस्तान्तरण गरेको छु, केही समय भए पनि औषधि अभावको समस्या हल हुने अपेक्षा छ ।' कार्कीले विगत चार वर्षदेखि वर्षेनि गाउँका स्वास्थ्यचौकीलाई औषधि सहयोग गर्दै आएका छन् । उनले गत वर्ष रातापानी, लुई, डामलेक, आमलगायत बस्तीका विपन्न परिवारलाई खाद्यान्न र न्यानो कपडा उपलब्ध गराएको जानकारी दिए ।

मोटरसाइकल पुगदा खुसियाली

■ तुलाराम पाण्डे (कालीकोट)

नरहरिनाथ गाउँपालिकामा पहिलोपल्ट मोटरसाइकल पुगेको छ । सडक पहुँचबाट टाढा रहेको कुमालगाउँमा मंगलबार खाँडाचक्रका चार युवाले दुई मोटरसाइकल पुऱ्याएपछि स्थानीयले खुसियाली मनाउँदै स्वागत गरेका छन् ।

कालीकोटका ९ वटा स्थानीय तहमध्ये नरहरिनाथमा मात्रै सडक सुविधा छैन । गाउँमा पहिलोपटक मोटरसाइकल पुऱ्याउने युवालाई स्थानीयले अबीर र फूलमालासहित स्वागत गरे । लालीघाटदेखि कुमालगाउँसम्मको निर्माणाधीन १८ किलोमिटर सडकको काम नसकिँदै युवाले गाउँमा मोटरसाइकल पुऱ्याएका हुन् । कर्णाली करिडोरको लालीघाटको उकालो सडकबाट जोखिम मोलेर खाँडाचक्रका सुमन विष्ट, भीम शाही, लोकेन्द्र मल्ल र जनेश शाहीले मोटरसाइकल कुमालगाउँ पुऱ्याएका थिए । सडक अप्ठेरो भए पनि गाउँमा गाडी पुग्दैछ भन्ने सकारात्मक सन्देश दिन जोखिम मोटरसाइकल पुऱ्याइएको चालक शाहीले बताए । उनका अनुसार केही ठाउँमा सामान्य सडक मर्मत गरेको खण्डमा गाउँमा मोटरसाइकल पुऱ्याउन सकिन्छ ।

जिल्लाका ९ पालिकामध्ये नरहरिनाथमा मात्र सडक पुगेको छैन

राष्ट्रिय झण्डासहित स्थानीय युवाले मोटरसाइकल गाउँ पुऱ्याएका हुन् । नरहरिनाथ-२, चौथीकोटका ९६ वर्षीय कालु दमाइले गाउँमा मोटरसाइकल पुगेपछि वर्षौंदेखिको सडक सपना पूरा भएको बताए । 'कुनै जमानामा घरबाट एक महिना हिँडेर बर्दियाको राजापुर पुगेर नुन ल्याएका थियौं, अब त दुःखका दिन गए,' उनले भने, 'जुग फेरियो, अब हाम्रै घर अगाडिबाट मोटर गुड्ने भए ।'

गाउँपालिका उपाध्यक्ष मनशोभा बुढाले दुई महिनाभित्रै सडक निर्माण गरिसक्ने लक्ष्यसहित कामलाई तीव्रता दिइएको बताइन् । उनका अनुसार लालीघाटदेखि कुमालगाउँसम्मको १८ किलोमिटर सडक निर्माणको काम अन्तिम चरणमा पुगेको छ । गाउँपालिकाका अनुसार सडकमा ३ किलोमिटर तारजाली र ग्यावीन लगाउने काम भर्खरै सकिएको छ । सडकमा अहिलेसम्म ७ करोड रुपैयाँ खर्च भइसकेको छ । गाउँपालिकाले ६ करोड र प्रदेश सरकारले १ करोड रुपैयाँ खर्चिएका छन् । चालु आर्थिक वर्षमा सडक मर्मत सुधार र बिस्तारका लागि प्रदेश र स्थानीय सरकारमार्फत ७५/७५ लाख रुपैयाँ विनियोजन गरिएको छ । गाउँपालिकाको केन्द्र कुमालगाउँदेखि रुप्सासम्मको सडक निर्माणका लागि यस वर्ष प्रदेश सरकारले २ करोड ६२ लाख रुपैयाँ विनियोजन गरेको गाउँपालिका अध्यक्ष धीरबहादुर विष्टले बताए । उनका अनुसार खुलालुदेखि रहगाड सडकखण्डमा पनि काम जारी छ । रहगाड सडकमा गाउँपालिकाले ७ करोड र प्रदेश सरकारले १ करोड रुपैयाँ खर्च भइसकेको छ ।

नरहरिनाथमै ६ डोजर

सडकको ट्रयाक खोल्न नरहरिनाथमा ६ डोजरले काम गरिरहेका छन् । अहिले लालीघाट खण्ड, कुमालगाउँ र खुलालु-रहगाड सडकमा २/२ डोजरले काम गरिरहेको गाउँपालिकाले जनाएको छ । डोजरले खनेको सडकमा पहिरोको जोखिम भएकाले तारजाली र टेवापर्खाल निर्माणको काम जारी छ । सडक निर्माणका कारण बडेमेला र चौथीकोट गाउँ जोखिममा परेका छन् । उपभोक्ता समितिले व्यवसायीलाई प्रतिघण्टा ६ देखि ८ हजार रुपैयाँ शुल्क तिर्नेगरी सडक निर्माणको सम्झौता गरेका छन् । सडक स्तरोन्नतिका लागि सबै बडाबाट २० जनाका दरले कामदार युवा छनौट गरी रोजगारी दिन लागिएको अध्यक्ष विष्टले जानकारी दिए ।

'गैससमाथि सरकार निरंकुश'

कान्तिपुर संवाददाता (सुर्खेत)

सरकार गैरसरकारी संघसंस्थाप्रति निरंकुश बन्दै गएको आरोप नागरिक समाजका प्रतिनिधिले लगाएका छन् । बिहीबार वीरेन्द्रनगरमा आयोजित कार्यक्रमका सहभागीले तीनै तहका सरकारले विभिन्न बहानामा गैससमाथि अंकुश लगाउन खोजेको आरोप लगाए ।

'सरकारले एनजीओलाई घाँटी निमोठ्न खोजिरहेको छ,' गोगो फाउन्डेसनका निर्देशक केदार खड्काले भने, 'सरकारका नीति र कार्यक्रममा सहयोग गर्ने संघसंस्थामाथि यस्तो व्यवहार हुनु राम्रो होइन ।' तीनै तहका सरकारले गैरसरकारी संस्थासँग सामुदायिक विकास र लक्ष्यमा हातेमालो गर्नुपर्ने उनले बताए ।

समाजिक विकासमन्त्री दल रावलले केही संघसंस्थाहरू आफ्नो निश्चित स्वार्थ पुरा गर्नको लागि चलेका बताउँदै त्यस्तो प्रवृत्ति अन्त्य गर्नुपर्ने बताए । सरकारको प्राथमिकतामा रहेर गैससले काम गर्नुपर्ने उनको भनाइ छ ।

गैरसरकारी संस्था महासंघका कर्णाली प्रदेश अध्यक्ष हरिप्रसाद अधिकारीले गैरसरकारी संघसंस्थालाई सरकारले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्नको लागि सरकारले नै वातावरण निर्माण गर्नुपर्ने बताए । उनले सरकारले गैससमार्फत बजेट खर्च गर्नेतर्फ पनि सोच्नुपर्ने सुझाव दिए ।

हुम्लामा फोरजी

कान्तिपुर संवाददाता (हुम्ला)

जिल्ला सदरमुकाम सिमकोटमा नेपाल टेलिकमको द्रुतगतिको इन्टरनेट (फोरजी) सेवा सुरु भएको छ । ७७ औं जिल्लाको रुपमा हुम्लामा बुधबार फोरजी सेवा सञ्चालन भएको हो ।


मोबाइल डाटाबाट इन्टरनेट चलाइरहेका सेवाग्राहीले मंगलबारबाट द्रुत गतिको इन्टरनेट प्रयोग गरिरहेको नेपाल टेलिकमले जनाएको छ । टेलिकमका हुम्ला शाखा प्रमुख शिवप्रसाद भट्टराइले जिल्लाका ५ स्थानमा फोरजी टावर जडान गरी जिल्लाभरि फोरजी सेवा सुरु गर्न थालिएको जानकारी दिए । उनका अनुसार जिल्लाका उच्च हिमाली बस्तीमा बाक्लो हिउँ जमेकाले टावर जडानमा समस्या भएको छ । उनले फागुन पहिलो सातादेखि बरगाउँमा टावर जडानको काम सुरु हुने जानकारी दिए । यसअघि मोबाइल प्रयोगकर्ताले १४ मेगाबाइट प्रतिसेकेण्ड इन्टरनेट प्रयोग गरिरहेका थिए ।

अहिले फोरजी इन्टरनेटको गति न्यूनतमा ३० मेगाबाइट छ । फोरजी सञ्चालनपछि अवरुद्ध भएको थ्रीजी सेवा पनि सुचारु भएको टेलिकमले जनाएको छ । फोरजी जडानको जिम्मा लिएको हिरम्स कम्पनीका टिमलिडर सुरेन्द्र पालले हिमपातका कारण टावर जडानमा समस्या भए पनि मंगलबारदेखि सेवा सुचारु गरिएको बताए । उनका अनुसार सिमकोटको टावरमार्फत सिमकोट गाउँपालिकाका अधिकांश ठाउँमा फोरजी इन्टरनेट सञ्चालन भइरहेको छ ।

अदालत पुग्यो बसपार्कको विवाद

उच्च अदालतले सिटी बसपार्क व्यवस्थापनको विवादमा नगरपालिका र व्यवसायीलाई छलफलको लागि बोलाएको छ

■ चाँदनी कठायत (वीरेन्द्रनगर)



व्यवस्थापन विवादले सञ्चालन हुन नसकेको वीरेन्द्रनगरस्थित सिटी बसपार्क । तस्विर : चाँदनी/कान्तिपुर

उच्च अदालत, सुर्खेतले वीरेन्द्रनगरस्थित विवादित सिटी बसपार्क व्यवस्थापनको विषयमा आवश्यक प्रमाण पेश गर्न वीरेन्द्रनगर नगरपालिकालाई आदेश दिएको छ । न्यायाधीशद्वय नारायणप्रसाद श्रेष्ठ र विनोद शर्माको संयुक्त इजलासले यस्तो आदेश दिएको हो ।

सिटीबसपार्क निर्माण कार्य सम्पन्न भए पनि विवादका कारण सञ्चालनमा आउन ढिलाइ भइरहेको छ । बसपार्कको विषयमा यातायात व्यवसायीले उच्च अदालत सुर्खेतमा रिट निवेदन दायर गरेका थिए । उक्त रिटमाथि उत्प्रेरक आदेश जारी गर्दै अदालतले नगरपालिकासँग सिटीबसपार्क सञ्चालन सम्बन्धमा भएका सबै कागजात र प्रमाण मागेको हो । नगरपालिकाले बसपार्क व्यवस्थापनको जिम्मेवारी निजी कम्पनीलाई सुम्पिने तयारी गरेपछि व्यवसायी रुष्ट बनेका छन् । बसपार्कमा पहिलादेखि नै विभिन्न व्यवसाय गरिरहेका ५४ जना व्यवसायीले नगरपालिकालाई पूर्वसहमतिको पालना नगरेको आरोप लगाउँदै बोलपत्र प्रक्रिया रद्द गर्न रिट दायर गरेका थिए ।

उच्च अदालतले बसपार्क सञ्चालनका विषयमा दुवै पक्षको बहसपछि वीरेन्द्रनगर नगरपालिकालाई व्यवस्थापन प्रक्रिया तत्काल अघि नबढाउन आदेश जारी गरेको हो । पुरानो बसपार्कमा व्यवसाय गरिरहेका निवेदकले गत पुस १३ गते नगर प्रमुख देवकुमार सुवेदी र प्रमुख प्रशासकीय अधिकृत टीकाराम ढकाललाई विपक्षी बनाइ प्रक्रिया तत्काल रोक्न माग गर्दै रिट दायर गरेका थिए । २०६८ असार ३ गते नगरपालिका र व्यवसायीसहितको सर्वपक्षीय बैठकमा पुरानो बसपार्कमा व्यापार गरिरहेकालाई सिटी बसपार्क निर्माणपछि व्यापार व्यवसाय गर्न दिने सहमति भएको थियो । उक्त सहमतिपत्र र बसपार्क निर्माणमा आर्थिक साझेदारीको विषयमा भएको सहमति कार्यान्वयन नभएपछि आफूहरू कानुनी उपचारका लागि अदालत पुगेको व्यवसायीको भनाइ छ ।

बसपार्क टोल विकास संस्थाका अध्यक्ष इन्द्र थापाले नगरपालिकाले आफूहरूसँग भएको सहमतिविपरीत ठेकेदारलाई दिने प्रक्रिया अगाडि बढाएपछि आफूहरू अदालत पुगेको बताए । नगरपालिकाले भने सार्वजनिक खरिद ऐनबमोजिम प्रक्रिया अघि बढेको बताएको छ । नगर उपप्रमुख मोहनमाया ढकालले कानुनअनुसार बसपार्क सञ्चालन प्रक्रिया अगाडि बढाएको अवस्थामा कुनै व्यक्ति अदालत पुगेपछि व्यवधान देखिएको र अदालतको आदेशपछि अन्योलता हट्ने बताइन् ।

गत असोज ११ गते नगर कार्यपालिकाको बैठकले सिटी बसपार्क सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधी स्वीकृत गर्दै सोही अनुसारको प्रक्रिया चाल्न मंसिर १६ गते बोलपत्र आह्वान गरेको थियो । पुस २० गते खोलिएका बोलपत्रमध्ये नगरपालिकाले बढिबढाउका आधारमा मासिक ३१ लाख रुपैयाँ राजश्व तिर्ने फर्मलाई सिटी बसपार्क सञ्चालनका लागि स्वीकृत गरेको हो ।

बसपार्क सञ्चालन गर्नेले ५४ सटर, ग्यारेज, रेष्टुरेण्ट भाडाका साथै प्रवेश र पार्किङलगायत शुल्क उठाउन पाउने अनुमति नगरपालिकाले दिएको छ । नगर विकास कोषको करिब ७ करोड रुपैयाँ ऋणको सावाँ र ब्याज बुझाउनुपर्ने बाध्यता रहेकाले पुरानै राजस्वमा भाडा दिन नसकिने जनप्रतिनिधि बताउँछन् । करिब चार हजार ५ सय वर्गमिटर क्षेत्रफल रहेको बसपार्कमा साना-ठूला गरी १ सय २० वटा बस अट्ने क्षमता छ ।









तपाईको आज

मेष	भाग्य वृद्धि	तुल	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पुर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ २५ गते शनिबार तदनुरुप ८ फरवरी २०२० माघ शुक्लपक्ष चतुर्दशी तिथि दिनको ३:१२ बजेसम्म उप्रान्त पूर्णिमा, तिष्य नक्षत्र रात्रिको ९:५५ बजेसम्म उप्रान्त अश्लेषा नक्षत्र, आयुष्मान योग रात्रिको ७:८ बजेसम्म उप्रान्त सौभाग्य योग, वणिज करण दिनको ३:१२ बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज द लाइफ (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	सुमनसँग (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हवाट द फ्लप (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	सुमनसँग (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	यू एण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	यू एण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	यू एण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	प्राविधिक डायरी
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (महिमा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:५०	ट्राफिक अपडेट
०९:५५	राष्ट्रिय गीत
०९:२०	शैली (झूपेन्द्र)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:५०	टप अफ द टप्स (साञ्जरिका)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:५५	सौराई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	द राहुल भुजेल सो
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	फेलाटिक फ्राइडे (महेश/रिमता)
१८:००	आद्या आकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	नो टेन्सन (दीपकराज/अविका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेटोनिक्स (सञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी गोल्डी (स्मीता)
२३:००	इलिमेन्थ आवर (संजय)
२४:००	टप अफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (झूपेन्द्र)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३१०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१११९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२१२५९

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१११०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१४००
जिल्ला प्रशासन कार्यालय	५२१२०१
टीकापुर अस्पताल	५४०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१११९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३१८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२११०२/५२२४०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१२९/४२०२०४
जिल्ला अस्पताल	४२००१२
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५५४०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९२

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८१५५०४३३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८६६७००८६४

कालिकोट

जिल्ला प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९७४८२४९६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८२६५४८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२४७, ०८८५३०१५५
एम्बुलेन्स	९८००८५८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००९९
अस्पताल	०८७-४८००४४
विमानस्थल	९८५१०७३०५२

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९२
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२०४४४

सल्यान

प्रहरी	०८८-५२००६०, ९८५७८४५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६९००
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२९९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुर्खेत एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५०
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अञ्जवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४९२२९९
देव कर्नर निःशुल्क अवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२६८००
नेपाल मिटर दयाकरी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि ९६४०-०१-२२२२२ (NTC) ९८०१-५०-२२२२ (Ncell)

गुठीको जग्गा अतिक्रमण

हडपेकाले नछोड्दा गुरुयोजना अलपत्र

- हलेश्वर महादेव गुठीको ६७ रोपनी तीन आना तीन पैसा र शंखेश्वरी गुठीको ५५ रोपनी जग्गा स्थानीयको कब्जामा
- रूपाकोटमा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा व्यक्तिको नाममा

■ डम्बरसिं राई (खोटाङ)



खोटाङस्थित हलेसी गुफा । तस्विर : डम्बरसिं/कान्तिपुर

खाली जग्गा देख्यो कि हडप्ने चलनले सरकारी, धार्मिक र गुठी क्षेत्र साँघुरिन थालेका छन् । वर्षौंदेखि अतिक्रमणमा परेकाले सार्वजनिक स्थलको विस्तार र विकासमा अवरोध भइरहेको छ ।

प्रसिद्ध हलेसी (हलेश्वर महादेव), बराहा ताल (शंखेश्वरी महादेव), बुद्धेश्वर महादेव, रूपाकोटजस्ता क्षेत्रमा स्थानीय बासिन्दाले कब्जा जमाएपछि विकासमा समस्या आएको हो । हलेसी तुवाचुङ नगरपालिकाको हलेसी, माल्कु, गैरीगुठ, डाँडागुठ लगायतको जग्गामा स्थानीयले अतिक्रमण गरेपछि समस्या उब्जिएको हलेसी तुवाचुङ नगरपालिकाका प्रमुख इवन राईले गुनासो गरे ।

जिल्ला नापी कार्यालयका अनुसार ६७ रोपनी तीन आना तीन पैसा जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको छ । सो जग्गा गुठी संस्थानका प्रशासक नारायण चौधरीको फैसलाले २०७५ चैत १५ गते गुठीकै नाममा कायम गराएको थियो । स्थानीय हेमन्तकुमार गिरी, बमप्रसाद गिरी, मनदीप गिरी, लक्ष्मीमाया गिरी, कुमारी राई, प्रमोदकुमार गिरी, गुन्जना गिरी, भवानीशंकर गिरी, सपना गिरी, भरिता राई, ज्यानकाजी श्रेष्ठ, राजन राई, सुन्दरबहादुर राई, नयनकुमार राई, मिलनकुमारी राई, नविन राई, सप्तबहादुर राई, तारालक्ष्मी राई, अर्जुन गिरी, प्रेमकुमारी गिरी, रवती राई, अस्मिता राईको नाममा पुगेको जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको थियो ।

त्यस्तै, ध्रुवकुमार गिरी, देवकुमारी सन्यासी, हरि गिरी, ऐराख राई, प्रकाशकुमार राई, हर्कराज राई, शम्शेर गिरी, विजेन्द्रकुमार गिरी, कृष्णकुमारी गिरी, सुदीप गिरी, टंक गिरी, रत्नकुमार गिरी, रुपेन्द्र राई, हर्कराज राई, शिवकुमारी श्रेष्ठ, उषा श्रेष्ठ, विश्वचन्द्र गिरी, सुनिल विश्वकर्मा, ललिता विक राई लगायतले पनि गुठीको जग्गा अतिक्रमण गरेको ठहर गर्दै हलेश्वर महादेव गुठीको नाममा फिर्ता गराइएको थियो ।

जग्गा हडप्नेले काठमाडौं जिल्ला अदालतमा दर्ता गरेको मुद्दा भने विचाराधीन छ । अदालतले मुद्दा फैसलामा ढिलाइ गर्दा थप समस्या उब्जिएको नगरप्रमुख राईको भनाइ छ । स्थानीयले जग्गा कब्जा गरेपछि हलेसीको बृहत्तर विकासको काम गर्न उनी बताउँछन् । राईका अनुसार सो गुरुयोजनामा हलेसी गुफा आसपास दुई सय मिटर जग्गा आवश्यक पर्ने उल्लेख छ । उक्त जग्गा हलेसीकै भएको र अहिले अधिग्रहण गर्नुपर्ने भए आर्थिकभार पर्ने उनले बताए । यस क्षेत्रका एक सय ६९ घरटहरा हटाउनुपर्ने छ ।

'२०४४ सालमै हलेसीको गुरुयोजना बनाउन स्थानीयलाई मुआब्जा दिइएको भए पनि त्यसको लगत नष्ट गरिएकाले त्यो बेलाको रोग अहिलेसम्म कायम देखिन्छ,' उनले भने, 'अहिले गुरुयोजना कार्यान्वयनका लागि फेरि मुआब्जा दिनु पर्ने अवस्था आयो ।' हलेसी गुफाको मुखैमा भएको जग्गासमेत महन्त, पुजारीले बिक्री गरेकाले त्यहाँ बनाइएको मारतिका छोलिङ गुम्बालाई समेत व्यवस्थापन गर्नुपर्ने अवस्था आएको उनले बताए । गुफाको भारवहन लगायतका अन्य खतरालाई मध्यनजर गर्दै भूगर्वविदको परामर्शका आधारमा व्यवस्थापन गरिने राईले स्पष्ट पारे ।

गुठीको नाममा (पछिल्लो समय गुठी संस्थानको फैसलाबाट प्राप्त जग्गाबाहेक) गुफा आसपास २६ रोपनी मात्र जग्गा देखिन्छ । उनका अनुसार सो जग्गाले नपुग्ने भएकाले थप जग्गा लिनुपर्ने अवस्था आएको छ ।

कसरी पुग्यो व्यक्तिका नाममा ?

हलेसी विकास समितिका निर्देशक सम्बर भुजेलका अनुसार २०४४ सालमा तत्कालीन राजा वीरेन्द्र भ्रमणका बेला गुरुयोजना बनाएर निश्चित क्षेत्रभित्र भएका आठ वटा घरघडेरीलाई मुआब्जा दिइएको थियो । यद्यपि मुआब्जा लिएर पनि घरजग्गा भने खाली गरिएन । त्यतिबेलै गुरुयोजनाका लागि मुआब्जा दिइएका जग्गा रोक्का गरिएको थियो । पछि हलेसीस्थित महेन्द्रोदय माविलाई जग्गा दिने बहानामा फुकुवा गरेर किनबेच सुरु भएको भुजेलको भनाइ छ ।

हलेसी विकास समितिका तत्कालीन अध्यक्ष नारायणसिंह राई, निर्देशक देवराज कार्की, सदस्य तथा तत्कालीन हलेसी गाविस अध्यक्ष कुम्भराज राईलगायत पदाधिकारी रहेका बेला मालपोतबाट फुकुवा गरी लगतकट्टा नगरी त्यतिकै छाडिएकोले थप अतिक्रमण भएको हो । त्यसपछि निरन्तर अतिक्रमण हुँदै आएको उनी बताउँछन् ।

शंखेश्वरी गुठीमा पनि उस्तै

बराहापोखरी गाउँपालिकाको बराहा ताल (शंखेश्वरी महादेवको नाममा भएको) जग्गा पनि स्थानीयले हडपेपछि विकासमा समस्या आएको छ । धार्मिक तथा पर्यटकीय महत्व बोकेको बराहा ताल क्षेत्रमा स्थानीय बसोबास गर्नुका साथै जग्गासमेत व्यक्तिको नाममा राखेपछि बृहत् गुरुयोजना कार्यान्वयनमा समस्या देखिएको हो । बराहा ताल वरपर रहेको शंखेश्वरी गुठी तथा सार्वजनिक जग्गा मिचेर घरटहरा बनाइएको छ । स्थानीयलाई सो क्षेत्रबाट हट्न पटक-पटक अनुरोध गर्दा समेत अटेर गरेको बराहापोखरी गाउँपालिका उपाध्यक्ष गोमा मगरले बताइन् । ताल वरपरका २४ वटा घरटहरा हटाउन सार्वजनिक सूचना जारी गर्दा समेत उनीहरूले अटेर गरेको मगरको भनाइ छ । उनका अनुसार ६ महिने, तीन महिने, एक महिने, १५ दिने र सात दिने सूचना जारी गरिसक्दा समेत स्थानीयले सो क्षेत्र खाली गरेका छैनन् ।

शंखेश्वरी महादेवको नाममा रहेको जग्गासमेत स्थानीयले आफ्नो नाममा दर्ता गराएका छन् । उनीहरूले आफ्नो नाममा दर्ता गरेको करिब ५५ रोपनी जग्गा फिर्ता गर्न मालपोत कार्यालय खोटाङले २०४७ मै आदेश दिए पनि हालसम्म जग्गा फिर्ता भएको छैन । गुठीको नाममा भएको बराहाटार, चालीसे, सावाटारी, बाह्रमुरेलगायतका जग्गा स्थानीयले कब्जामा लिएका हुन् । स्थानीय देवी रेग्मीका अनुसार बराहाटारस्थित गुठीको जग्गा स्थानीय ढकबहादुर कार्की, शिवकुमार श्रेष्ठ, जुक्तिराम राई, कर्म श्रेष्ठ, भुवन श्रेष्ठ, भरत तामाङ, हर्कबहादुर तामाङ, हङकङ मगरलगायतले कब्जा गरेर घर बनाएका छन् ।

त्यस्तै, बमबहादुर कार्की, तिलक विष्ट, छविलाल पुरी, तिलकबहादुर कटवाल, जीतबहादुर विष्ट, कृष्णबहादुर खत्री, शेरबहादुर खड्का, चन्द्रबहादुर खत्री, हीरामाया कार्की, धनमाया थापा, डम्बरबहादुर मगर, बुद्धिमान मगर र खोटेहाङ गाउँपालिका लिच्कीराम्चेका नरबहादुर अधिकारीले समेत आफ्नो नाममा पास गराएका छन् । यी जग्गा गुठीयारले बिक्री गरेका हुन् । मालपोत कार्यालयका अनुसार गुठीको जग्गा व्यक्तिले रजिस्ट्रेसन गराएपछि २०४३ मा मुद्दा परेको थियो ।

बृहत्तर गुरुयोजनामा मन्दिर, विभिन्न जातजातिको संग्रहालय, बसपार्क, गेट, वृद्धाश्रम, कुटी, जाग्रामस्थल, मन्दिर लगायतका विभिन्न भौतिक संरचना निर्माण गर्ने उल्लेख छ । तर स्थानीय गुठीको जग्गा कब्जा गरेपछि गुरुयोजना कार्यान्वयनमा समस्या उत्पन्न भएको बराहापोखरी गाउँपालिका उपाध्यक्ष मगरले बताइन् । सो ताल सरकारको एक सय पर्यटकीय गन्तव्यमा पर्ने भएकाले विकासमा कठिनाइ भएको उनको भनाइ छ । उनका अनुसार संघ सरकारले यस वर्ष ५० लाख रुपैयाँ बजेट दिएको र यसले विभिन्न पूर्वाधार खडा गर्ने तयारी समेत गरिएको छ । उक्त बजेटले पोखरी वरपर पैदलमार्ग बनाउने, तालमा जमेको बालुवा निकाल्ने, विभिन्न मन्दिर बनाउने लगायत योजना गाउँपालिकाको छ ।

अख्तियारमा उजुरी

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको पर्यापर्यटनको केन्द्र रुपाकोटको जग्गा स्थानीयले कब्जा गरेपछि त्यसबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ का लेखनाथ आचार्य र गोविन्दराज आचार्यको नाममा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा दर्ता गरेको खुलेपछि अख्तियारमा उजुरी परेको हो ।

उनीहरूको नाममा भएको कित्ता नं ४४९ मा २५ रोपनी छ आना एक पैसा एक दाम, कित्ता नं ४५० मा २४ रोपनी पाँच आना दुई पैसा र कित्ता नं ४५१ मा २८ रोपनी १३ आना एक पैसा दुई दाम जग्गा दर्ता भएको पाइएको छ । उक्त जगगा २०६६ साउन २ गते व्यक्तिको नाममा आएको देखिन्छ ।

गुठीको जग्गा एसएसपीको नाममा

मझुवागढी क्षेत्रमा पर्ने बुद्धेश्वर गुफा, कालिका भगवती आसपासको जग्गा व्यक्तिको नाममा दर्ता भएपछि यसबारे पनि अख्तियारमा उजुरी परेको छ । बुद्धेश्वर महादेव गुठीको नाममा भएको जग्गा सशस्त्र प्रहरी बल हलेसी गुल्मका तत्कालीन डीएसपी (हाल एसएसपी) कालीदास धौवजीको नाममा ६ आना र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-५ का दिनेशकुमार घिमिरेको नाममा एक रोपनी नौ आना तीन पैसा एक दाम जग्गा गएको देखिन्छ ।

उक्त जग्गा कित्ता नं ३०३ बाट कित्ताकाट गरी ४३८ र ४३९ कायम गरिएको छ । यो जग्गा २०६८ कात्तिक ८ मा पास गरिएको मालपोत कार्यालयको अभिलेखमा उल्लेख छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले सार्वजनिक जग्गाबारेमा गरेको अध्ययनपछि यस्तो पाइएको नगर प्रमुख दीपनारायण रिजालले बताए । उनका अनुसार यसबारेमा अख्तियारले छानबिन गरिरहेको छ ।

मझुवागढी क्षेत्रमा बुद्धेश्वर महादेव गुठीको नाममा (कित्ता नं १०२) १० रोपनी चार आना तीन पैसा तीन दाम र देवीस्थान सामुदायिक वनको नाममा दुई सय ६९ रोपनी चार आना दुई दाम एक पैसा जग्गा रहेको देखिन्छ । नगरपालिकाको प्राविधिक टोलीको प्रतिवेदनअनुसार सशस्त्र प्रहरी बल हलेसी गुल्मको नाममा पनि धेरै जग्गा रहेको पाइएको छ । सो जग्गा स्थानीयले उपलब्ध गराएका हुन् । यसमध्ये कसले कति जग्गा उपलब्ध गराएको र सरकारी स्वामित्वको जग्गा सशस्त्रले उपयोग गरेको छ वा छैन भन्ने पनि अध्ययनको विषय बनेको नगरप्रमुख रिजाल बताउँछन् ।

छोटकरी

फेरि गैंडा मृत भेटियो

नवलपरासी (कास)- पूर्वी नवलपरासीको मध्यवर्ती क्षेत्रमा फेरि अर्को एक भाले गैंडा मृत भेटिएको छ । मध्यविन्दु नगरपालिका-२ सेहेरीको भुताहापोस्ट नजिकैको जंगलमा गैंडा मृत भेटिएको चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ । स्थानीयले बिहीबार बिहान मृत गैंडा देखेपछि प्रहरी र निकुञ्जलाई खबर गरेका थिए । करिब एक साताअघि नै मरेकाले गन्हाएको अवस्थामा भेटिएको स्थानीय श्रीधर शर्माले बताए । गैंडाको खाग र खुर भने सुरक्षित छ । गैंडाको मृत्युको कारणबारे अनुसन्धान जारी रहेको निकुञ्जले जनाएको छ । एक महिनाको अवधिमा पूर्वी नवलपरासीमा मात्र ३ गैंडा मरेका छन् । ९३२ वर्ग किलोमिटर रहेको चितवन निकुञ्ज गैंडाका लागि उत्कृष्ट बासस्थान मानिन्छ । ६ महिनायता यो निकुञ्ज आसपासमा ६ वटा गैंडा मरेका छन् ।

वडाध्यक्ष हत्यामा सात जना पक्राउ

अछाम (कास)- पञ्चदेवल विनायक नगरपालिका-२ का वडाध्यक्ष पदमबहादुर धामीको हत्या अनुसन्धानक्रममा प्रहरीले ७ जनालाई पक्राउ गरेको छ । सोमबार राति हत्या गरिएका धामीको बिहीबार आफन्तले शव बुझेपछि पोस्टमार्टम गरिएको छ । हत्यारा पत्ता नलागेसम्म पञ्चदेवल विनायक नगरपालिकामातहतका सबै कार्यालय बन्द गर्ने सहमति भएपछि आफन्तले शव उठाउन दिएका हुन् । नगर कार्यपालिकाको बैठकले घटनाको सत्यतथ्य छानबिनमा सहयोग गर्ने, मृतकका सन्तानको शिक्षा तथा राहतका लागि केन्द्र सरकारसँग माग गर्नेलगायत निर्णय भएको मृतकका आफन्त दीपेन्द्र धामीले बताए । धामीको शव मंगलबार बिहान ५ बजे गैरीगाउँस्थित गोठछानामा फेला परेको थियो ।

मेयरको मनोमानीमा सांसदको साथ

■ तिनोद भण्डारी (विराटनगर)

मोरङको सुनवर्षी नगरपालिकामा सरुवा भएर आएका कार्यकारी अधिकृतलाई हाजिर हुन नदिनमा त्यस क्षेत्रका सांसद तथा कांग्रेस केन्द्रीय नेता मीनेन्द्र रिजालको पनि भूमिका पाइएको छ । सुनवर्षी नगरपालिका मोरङको क्षेत्र २ मा पर्छ । यो क्षेत्रमा रतुवामाई नगरपालिका पनि पर्छ ।

नगरका तत्कालीन कार्यकारी अधिकृत राजकुमार केसी धनुषाको नगराइन नगरपालिकामा सरुवा भएपछि रौतहटको चन्द्रपुर नगरबाट सुरुवा भएर पुस २८ मा सुनवर्षी आएका पुरुषोत्तम घिमिरेलाई मेयर कालीप्रसाद दासले हाजिरी गर्न दिएका छैनन् । हाजिरी गर्ने रजिस्टर दासले गायब गरेपछि नगरका कुनै कर्मचारीले एक महिनादेखि हाजिरी गर्न पाएका छैनन् । घिमिरेले नयाँ रजिस्टर किनेर त्यसैमा हाजिरी जनाउँदै आएका छन् । 'मेयरले रजिस्टर गायब पारेपछि मैले सांसद मीनेन्द्र रिजालेलाई फोन गरेर रौतहटबाट हजुरको क्षेत्रको सुनवर्षीमा काम गर्न आएको छु तर मेयरले हाजिर हुन दिएनन् भनेर जानकारी गराएँ,' घिमिरेले भने, 'रिजालले पनि सुनवर्षीमा लफडा छ, त्यहाँ धेरै पुराना काम फत्ते गर्न र भुक्तानी गर्न बाँकी छ, काम गर्न सजिलो छैन भन्दै रतुवामाई नगरपालिका जान भन्नुभयो ।'

रतुवामाई पनि आफ्नै क्षेत्रमा पर्ने भन्दै रिजालले त्यहाँ गएर काम गर्न र त्यसका लागि सामान्य प्रशासन मन्त्रालयमा कुरा बढाउन भनेको उनले बताए । काठमाडौंमा रहेका सांसद रिजालले भने यस विषयमा कार्यकारी अधिकृत घिमिरेसँग कुरै नगरेको दाबी गरे । 'म घिमिरेलाई चिन्दै चिन्दिनँ,' उनले आक्रोशित हुँदै भने, 'निजामती कर्मचारीलाई कहाँ राख्ने, कहाँ नराख्ने सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी हो, मेरो काम होइन ।'

यसैबीच मेयर दासले नियमित सरुवा भएर आएका घिमिरेलाई बिहीबार पनि हाजिर हुन नदिई नगरको शिक्षा शाखा प्रमुख उपसचिव रुद्रप्रसाद दुलाललाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाएका छन् । पत्र पठाएलगत्तै मेयर दासले सांसद रिजालेलाई यसको जानकारी टेलिफोनमार्फत गराएको नगर स्रोतले बतायो । स्रोतका अनुसार फोनमा दासले 'सबै प्रक्रिया मिलाएको छु, बाँकी तपाईंको काम' भनेका थिए ।

दासले हस्ताक्षर गरेर मन्त्रालय पठाएको चलानी नम्बर ११२९ को पत्रमा भनिएको छ, 'यस नगरपालिकामा विगतका वर्षदेखि छोटो समयमा प्रमुख प्रशासकीय अधिकृतको सरुवा भई आउने-जाने क्रमले नगरको काम कारबाही प्रभावित हुँदै गरेको र प्रमुख प्रशासकीय अधिकृत राजकुमार केसी नगराइन नगरपालिका धनुषा सरुवा भई गएका कारणले प्रमुख प्रशासकीय अधिकृतको स्थायी व्यवस्थापनका लागि यसै नगरपालिकामा समायोजन भई आउनुभएका उपसचिव रुद्रप्रसाद दुलाल संकेत नम्बर १६१७०६ लाई दैनिक प्रशासनिक कामकाज गर्न निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको हुँदा निजलाई आर्थिक कामकाज गर्ने अख्तियारी प्रदान गरी नगरको नियमित कार्य सञ्चालनको व्यवस्था गरिदिन अनुरोध गरिएको छ ।'

बिहीबार पनि घिमिरे नयाँ रजिस्टरमा हाजिरी गरेर नगरपालिकामै बसेका थिए । कार्यकारीले हाजिरी गर्ने रजिस्टर मेयर दासकै इसारामा गायब पारिएको र कार्यपालिकाका सबै सदस्य घिमिरेलाई हाजिर गराउने पक्षमा भए पनि मेयर मात्र विपक्षमा रहनु रहस्यमय भएको उपमेयर मञ्जु राईले बताएकी छन् । उनका अनुसार मेयर र कार्यकारीको विवादले एक महिनादेखि नगरका सबै गतिविधि ठप्प छन् ।

गत वर्ष यो नगरको ४ करोड विकास बजेट फ्रिज हुनुका साथै १२ करोडभन्दा बढी बेरुजु रहेको नगर स्रोतको भनाइ छ । स्रोतका अनुसार गत वर्ष ससर्त अनुदानको दुई करोड, प्रदेश सरकारको अनुदान १३ लाख र सांसद विकास कोषको २८ लाख रुपैयाँ फिर्ता गएको थियो ।

गाउँपालिका अध्यक्षविरुद्ध मुद्दा

ताप्लेजुङ (कास)- दबाब दिएर भ्रूणहत्या गर्न लगाएको भन्दै पाँचथरको कुम्मायक गाउँपालिकाका अध्यक्ष जयबहादुर चेम्जोङसहित ७ जनाविरुद्ध किटानी जाहेरी दर्ता भएको छ । मेगा बैंकको त्यहाँस्थित शाखामा कार्यरत कर्मचारीसँग प्रेमविवाह गरेपछि रहेको गर्भ दबाब दिएर पतन गराइएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा बिहीबार जाहेरी दिएकी हुन् ।

जाहेरी परेलगत्तै पाँचथर जिल्ला अदालतबाट अध्यक्षसहित प्रतिवादी सातै जनालाई पक्राउ गर्न आदेश लिएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख सिद्धराज न्यौपानेले बताए । जाहेरी पर्नु पहिल्यैदेखि अध्यक्ष चेम्जोङ सम्पर्कबाहिर छन् ।

अनुसन्धान प्रक्रियामा प्रभाव पर्ने भन्दै प्रहरीले अन्य प्रतिवादीको नाम गोप्य राखेको छ । दलित समुदायकी ती युवतीले क्षत्री समुदायका बैंक कर्मचारीसँग गत साउनमा मन्दिरमा गएर विवाह गरेको र त्यसपछि रहेको २१ साताको गर्भ गाउँपालिका अध्यक्षको दबाबमा पतन गर्न बाध्य बनाइएको जाहेरीमा उल्लेख गरेकी छन् । उनले आफूसँग विवाह गरेका ती कर्मचारीका अभिभावक र आफन्तको आग्रहमा पालिका अध्यक्ष चेम्जोङले धम्की दिएर भ्रूण हत्या गर्न बाध्य बनाएको दाबी गरिएको छ । मुद्दामा युवतीले आफ्ना श्रीमान्, अभिभावक र स्वास्थ्यकर्मीसम्मलाई विपक्षी बनाएकी छन् ।

लुम्बिनी विस्तारबारे छलफल सुरु

■ माधव दुंगाना (भैरहवा)

बृहत्तर लुम्बिनी क्षेत्र र शान्ति सहरको योजना कार्यान्वयनका लुम्बिनी विकास कोषले कार्य सुरु गरेको छ । प्रारम्भिक चरणमा कोषले स्थानीय, राजनीतिक दल र विज्ञसँग परामर्श र सुझाव संकलन सुरु गरेको हो ।

लुम्बिनीलाई केन्द्र बनाएर कपिलवस्तु, रूपन्देही र पश्चिम नवलपरासीमा रहेका बुद्धसँग सम्बन्धित पुरातात्त्विक महत्त्वका स्थलहरूको एकीकृत विकास गर्न कोषले एक दशकअघि बृहत्तर लुम्बिनी क्षेत्र योजनाको अवधारणा ल्याएको थियो । सन् १९९८ मा लुम्बिनीमा भएको प्रथम विश्व बौद्ध शिखर सम्मेलनले बुद्ध जन्मस्थललाई शान्तिको मुहान घोषणा गरेको थियो । त्यसअनुरूप सन् २००४ मा सम्पन्न दोस्रो विश्व बौद्ध शिखर सम्मेलनले लुम्बिनीलाई विश्व शान्ति सहरका रूपमा विकास गर्ने निर्णय गरेको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले बृहत्तर लुम्बिनीमा कुन-कुन क्षेत्र समेट्ने भन्नेबारेमा यकिन भइनसकेको बताएका छन् । छलफलको माध्यमबाट योजना कार्यान्वयनतर्फ प्रवेश गरिएको उनले बताए । रामग्राम, देवदह, तिलौराकोटलगायत कपिलवस्तुमा रहेका पुरातात्विक स्थल र सैनामैना बृहत्तर लुम्बिनी क्षेत्रमा जोडिने उनले जनाए । उनका अनुसार लुम्बिनी विश्व शान्तिको सहर र बृहत्तर लुम्बिनी क्षेत्रबारे स्थानीय तहसम्म छलफल गरिनेछ ।

'हिजोकै अवस्थामा अब लुम्बिनी रहन सक्दैन । यसको विस्तार गर्नैपर्छ,' बृहत्तर लुम्बिनी योजना तथा विश्व शान्ति सहर कार्यान्वयनसम्बन्धी यहाँ आयोजित कार्यक्रममा कोषका अध्यक्षसमेत रहेका भट्टराईले भने, 'यो बुद्धसँग कुनै न कुनै हिसाबले जोडिएका रूपन्देही, कपिलवस्तु र नवलपरासीमा रहेका स्थललाई एउटा बुद्ध सर्किटका रूपमा जोड्ने योजना हो ।' बृहत्तर

> बृहत्तर लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूप, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थल बनाइने

लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूपा, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थलका रूपमा अघि बढाइने उनले बताए ।

लुम्बिनी विकास कोषका अनुसार बृहत्तर लुम्बिनी क्षेत्र योजनाबारे धेरै अघिदेखि चर्चा गरिएको भए पनि बजेट विनियोजन हुन थालेको दुई वर्ष मात्र भएको छ । वार्षिक एक-एक करोड रुपैयाँ बजेट आए पनि कोषले खर्च गर्न सकेको छैन । स्थानीय तहदेखि प्रधानमन्त्री, सबै राजनीतिक दलका प्रमुख र विज्ञलाई सहभागी गराएर राय संकलन गरिने कोषका योजना प्रमुख सरोज भट्टराईले बताए । बृहत्तर लुम्बिनी क्षेत्रको योजनालाई पूरा गर्न 'बृहत्तर लुम्बिनी क्षेत्र प्राधिकरण' को गठन गर्ने र विदेशी दातृ निकाय, नेपाल सरकार, प्रदेश र स्थानीय तहबाट प्राप्त हुने बजेट र दाताले दिने सबै सहयोग त्यही प्राधिकरणमा राख्ने अवधारणा उनले बताए । 'बृहत्तर लुम्बिनी क्षेत्रको आयोजना कम्तीमा पनि २ सय अर्ब (२ खर्ब) रुपैयाँको हुनेछ । यो बजेटको कार्यान्वयनबाट यस क्षेत्रको आर्थिक, सामाजिक जीवनमा ठूलो प्रभाव पार्नेछ,' भट्टराईले भने, 'यसले रोजगारीको सिर्जना हुन्छ, मृत्यु दर घट्छ । हामी यसतर्फ अगाडि बढ्नेछौं ।'

तीन वर्गमाइल क्षेत्रफलमा रहेको हालको लुम्बिनी गुरुयोजना कार्यान्वयनका लागि जग्गा अधिग्रहण गरिँदा विस्थापित भएजस्तै फेरि विस्थापित हुनुपर्ने भन्दै कैयन् स्थानीय बासिन्दा लुम्बिनी शान्ति सहर योजनाको विरोधमा उत्रेका छन् । लुम्बिनी क्षेत्रका प्रदेशसभा सदस्य फखरुद्दिन खानले भने, 'यहाँका सम्पदालाई समाजसँग जोड्न लुम्बिनी विकास कोष र स्थानीयबीच धेरै विवाद छ ।' लुम्बिनीको विकासबारे काठमाडौंका तारे होटलमा छलफल नगर्न र योजनामा स्थानीय संस्कृति र पहिचान समावेश गर्न उनले सुझाव दिए ।





शरद घाइते
बाँकी खेल गुमाउने । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



नेवारी संस्कृति
मनाइयो भीमसेन पूजा

वर्ष २७ अंक ३४८ गोदावरी | २४ माघ २०७६ शुक्रबार माघ शुक्लपक्ष त्रयोदशी | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, February 07, 2020 | पृष्ठ १२+४+४ | १० रुपैयाँ



ललितपुरको हिरण्यवर्ण महाविहार (स्वर्ण मन्दिर) का बफचा (मुख्य पुजारी) ११ वर्षीय सुरेन्द्र शाक्य मन्दिर सफाइ गर्दै । उनी यहाँको पुजारी बनेको बिहीबार १४ औं दिन थियो । बाह्रौं शताब्दीको यो मन्दिरमा १२ वर्षमुनिका शाक्य थरका बालकलाई मुख्य पुजारी बनाइन्छ, त्यो पनि ३० दिनका लागि मात्र । महिना दिन पुगेपछि फेरि नयाँ मुख्य पुजारी चयन गरिन्छ । *तस्बिर : केशव थापा/कान्तिपुर*

ललिता निवास प्रकरण

किर्ते र ठगीमा पनि कारबाही अघि बढ्दै

पाँच पूर्वमन्त्रीसहित १७२ विरुद्ध अनुसन्धान गर्न अनुमति माग

■ **मातृका दाहाल** (काठमाडौं)

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले ललिता निवास अनियमितता प्रकरणमा संलग्न १७२ जनामाथि किर्ते र ठगीको मुद्दा चलाउन प्रक्रिया अघि बढाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यही प्रकरणमा १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको भोलिपल्टै प्रहरीले गृह मन्त्रालयलाई जाहेरीका लागि पत्राचार गरेको हो ।

स्रोतका अनुसार सीआईबीले गृहलाई बिहीबार पत्र पठाउँदै ठगी र किर्ते मुद्दाको जाहेरी अघि बढाइदिन आग्रह गरेको छ । फौजदारी न्याय प्रणालीमा पीडितले जाहेरी दिनुपर्छ । गृहअन्तर्गतकै समरजंग कम्पनीको जग्गा मिचिएकाले गृहले प्रहरीलाई निर्देशनसहित पत्र पठाएपछि कारबाही प्रक्रिया अघि बढ्नेछ ।

गत साता सीआईबीले गृहमा बुझाएको प्रतिवेदनमा ललिता निवास अनियमितता प्रकरणमा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १७२ संलग्न भएको भन्दै किर्ते र ठगीमा कारबाही चलाउन सिफारिस गरिएको थियो । उक्त प्रतिवेदन कार्यान्वयनका लागि अब गृहले प्रहरीमै फाइल पठाउनुपर्ने हुन्छ । सीआईबीले यसअघि सरकारको निर्देशनअनुसार छानबिन मात्र गरेको थियो भने अब फौजदारी मुद्दा चलाउन अनुसन्धान गर्नुपर्नेछ ।

प्रहरी प्रवक्ता डीआईजी शैलेश थापाले ठगीमा पीडित पक्षले जाहेरी दिनुपर्ने कानुनी व्यवस्था भएकाले गृह वा सरकारी निकायबाट निवेदन आएपछि अनुसन्धान अघि बढ्ने बताए । उनले भने, 'यसका लागि हामीले अनुसन्धान प्रतिवेदनअनुसार सरकारलाई जाहेरीका लागि अनुमति मागेका छौं ।' जाहेरी दर्ता भएपछि आरोपितलाई आवश्यकताअनुसार पक्राउ गरेर अनुसन्धान गर्ने बाटो खुल्नेछ ।

गृहले केही दिनमै सीआईबीमा अनुसन्धानका लागि पत्र पठाउने तयारी गरेको छ । गृह सचिव महेश्वर न्यौपानेले प्रतिवेदनअनुसार नै ललिता निवासको जग्गा प्रकरणमा कारबाही प्रक्रिया अघि बढाइने प्रतिक्रिया दिए । सीआईबीले यसअघि तयार पारेको प्रतिवेदनमा पूर्वउपप्रधानमन्त्री गच्छदार, पूर्वमन्त्रीहरू चन्द्रदेव जोशी, डम्बरबहादुर श्रेष्ठ, छविराज पन्त, पूर्वराज्यमन्त्री सञ्जयकुमार साह, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख भइसकेका पूर्वसचिव दीप बस्न्यात, तत्कालीन भूमिसुधार सचिव दिनेशहरि अधिकारी, बहालवाला सहसचिव तेजप्रसाद पाण्डेलगायत १७२ विरुद्ध फौजदारी कसुरमा अनुसन्धान हुनुपर्ने राय दिएको थियो । पूर्वराज्यमन्त्री साह व्यक्ति हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । उनी २०६६ मा माधवकुमार नेपाल नेतृत्वको सरकारमा भौतिक योजना राज्यमन्त्री थिए ।

सीआईबीको सूचीमा अख्तियारबाट भ्रष्टाचारको मुद्दामा नपरेका केही व्यक्तिसमेत छन् । सीआईबीको निवेदनमा तत्कालीन मन्त्री, सचिव, मालपोत र भूमिसुधारका कर्मचारी, भूमाफिया, व्यापारीलगायतलाई किर्ते र ठगी अभियोगमा थप अनुसन्धानको अनुमति मागिएको छ । कान्तिपुरलाई प्राप्त विवरणअनुसार ललिता निवासको जग्गा अनियमिततामा २०४९ सालमा ४८ जना, २०६१/०६२ मा २१ जना, २०६६ मा ६६ जना र २०६९ मा ३७ गरी १७२ जनाले पद दुरुपयोग गरेको दाबी छ । उनीहरूमाथि मुलुकी ऐनको किर्ते र ठगी महल तथा मुलुकी फौजदारी अपराध संहिताको किर्ते र ठगी कसुरमा मुद्दा दायर गर्नुपर्ने सिफारिस छ ।

बाँकी पृष्ठ १३

कान्तिपुरविरुद्धको अवहेलना मुद्दा खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

अदालतको अवहेलना गरेको भन्दै कान्तिपुर पब्लिकेसन्सविरुद्ध दुई वर्षअघि दायर मुद्दा सर्वोच्च अदालतले खारेज गरेको छ । सर्वोच्चका न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र प्रकाशमान सिंह राउतको बिहीबार बसेको बृहत् पूर्ण इजलासले कान्तिपुरले उठाएका मुद्दा सत्य र वस्तुनिष्ठ रहेकाले अवहेलना ठहर हुन नसक्ने फैसला गरेको हो ।

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको शैक्षिक योग्यताका सम्बन्धमा लेखिएको समाचारले अदालतको अवहेलना भएको भन्दै कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया, निर्देशक स्वस्तिका सिरोहिया, प्रधान सम्पादक सुधीर शर्मा र संवाददाता कृष्ण ज्ञवालीविरुद्ध मुद्दा दायर गरिएको थियो ।

सर्वोच्चको फैसलाले कान्तिपुरविरुद्ध सुनियोजित रूपमा गलत मनसायका साथ मुद्दा लगाइएको पुष्टि भएको कानुनविद्हरूले बताएका छन् । 'फैसलाले तत्कालीन प्रधानन्यायाधीशले शक्ति र पहुँचका आडमा कान्तिपुरविरुद्ध चालेको कारबाही गैरकानुनी र पूर्वाग्रही थियो भन्ने पुष्टि गऱ्यो,' वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले भने, 'यस फैसलाले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको दायरालाई फराकिलो पारिदिएको छ ।'

मेडिकल माफियाका पक्षमा फैसला गरेको भन्दै पराजुलीको आलोचना गरेका सत्याग्रही डा. गोविन्द केसीलाई पनि अवहेलनामा मुद्दा दायर गरी कान्तिपुरसँगै सुनुवाइमा राखिएको थियो ।

बाँकी पृष्ठ १३

भोलिको कोसेली

बेपत्ता नागरिक आख्यान विशेष

- महेशविक्रम शाह– म बेपत्ता !
- राजव– क्रूर मौन
- हरि अधिकारी– जुना तामाङको प्रेमकथा
- सरस्वती प्रतीक्षा– फोबिया
- नवीन विभास– बेपत्ताकी डाई
- उमा सुवेदी– उकुच
- ज्योति जङ्गल– ऋण
- फूलमान वल– कमरेड रोशी
- अभय श्रेष्ठ– निडर
- बिना थिङ तामाङ– गन्धे झार

नेपालगन्ज र नोबेलले लिए अतिरिक्त शुल्क

■ **सुदीप कैनी** (काठमाडौं)

चिकित्सा शिक्षा आयोगको निर्देशन अवज्ञा गर्दै मोरङको नोबेल र बाँकेको नेपालगन्ज मेडिकल कलेजले एमबीबीएसका विद्यार्थीसँग अतिरिक्त शुल्क असुल्न थालेका छन् । विद्यार्थी र अभिभावकलाई प्रलोभन, त्रास र धम्की दिएर कलेज सञ्चालकहरूले शैक्षिक सत्रको सुरुमै बढी शुल्क असुलेका हुन् ।

२९ लाखभन्दा बढी अतिरिक्त शुल्क उठाउने प्रयास गरेको नोबेलले थप शुल्क लिन ६ जना विद्यार्थीसँग कबुलियतनामा गराइसकेको छ ।

कबुलियतनामामा भर्ना, परीक्षा लगायत शीर्षकमा थप शुल्क लिने उल्लेख छ । नोबेलले बढी शुल्क तिर्न सहमत भएका ती ६ विद्यार्थीसँग मात्र माघ १९ गते काउन्सिलिङ गरेको थियो । अधिकांश अभिभावकले बढी शुल्क नतिर्ने अडान लिएपछि कलेज प्रशासनले शुल्क नतिर्नेलाई काउन्सिलिङमा सहभागी नगराएको हो । कलेजले एमबीबीएसतर्फ १०० विद्यार्थीको भर्ना लिन पाउँछ ।

नोबेलका अभिभावकले अतिरिक्त रकम माग्ने कलेजविरुद्ध चिकित्सा शिक्षा आयोग र काठमाडौं विश्वविद्यालय गुहारिसकेका छन् । आयोग र विश्वविद्यालयले आग्रह गरिसकेकाले थप शुल्क नतिर्ने अभिभावकहरूको भनाइ छ ।

'नोबेलका सञ्चालक सुनील शर्माले फकाएर र धम्क्याएर ६ जनासँग बढी पैसा लिएछन्,' एक अभिभावकले कान्तिपुरसँग भनिन्, 'बाँकी अभिभावकले बढी रकम नतिर्ने सहमति गरेका छौं, भर्नाका लागि काठमाडौं विश्वविद्यालयमा

> 'अभिभावकलाई बढी पैसा नतिर्नु भनियो तर सरकारले कलेजलाई लिन रोक्न सकेन'

पहिलो किस्ताको रकम जम्मा भइसकेको छ, पढाइ सुरु नगरे कानुनी उपचारमा जान्छौं ।'

आयोगको सम्पर्कमा आएका अभिभावकलाई उपाध्यक्ष श्रीकृष्ण गिरी र सदस्यसचिव हरिप्रसाद लम्सालले 'एक रुपैयाँ पनि बढी रकम नतिर्न' भनेका छन् । 'विश्वविद्यालयमार्फत कलेजलाई सचेत गराइराखेका छौं, भर्ना गराएको ३५ दिनभित्र पढाइ सुरु गर्नुपर्ने काम विश्वविद्यालयको हो,' गिरी र लम्सालको भनाइ उद्धृत गर्दै अभिभावक केशव दाहालले भने, 'उपाध्यक्ष गिरी र सदस्यसचिव लम्सालले बढी पैसा लिन नपाए विद्यार्थी पढाउँदिनँ भन्ने मेडिकल कलेजको सम्बन्धन खारेज गर्छौं भन्नुभएको छ ।'

नोबेल प्रशासनले भने अभिभावकले बढी रकम नदिने अडान लिएपछि चिकित्सा शिक्षा आयोगलाई पत्राचार गरेको थियो । शिक्षण शुल्कबापत कुन-कुन शीर्षकमा शुल्क लिन पाउने हो भनेर कलेजले लेखेको पत्रको जवाफमा आयोगले तोकिएभन्दा बढी शुल्क लिन नपाइने स्पष्ट पारेको छ । 'आयोगले कुनै पनि शुल्क नलिन सचेत गराएपछि नोबेल मेडिकल कलेजले अतिरिक्त शुल्कमा पनि छुट दिने नयाँ तरिका अपनाएको अभिभावकहरूले गुनासो गरे । कलेजले तत्कालका लागि २९ लाखबाट घटाएर १५ लाख रुपैयाँ मात्रै अतिरिक्त शुल्कमा कलेजले मोलमोलाइ गरिरहेको छ ।

नोबेल कलेजले प्रशासनले भने शिक्षण शुल्कका विषयमा विवाद सुल्झेको दाबी गरेको छ । कलेजले नयाँ भर्ना भएका केही विद्यार्थी र तिनका अभिभावकलाई बोलाएर शुल्क विवाद सुल्झाएको जनाएको हो ।

बाँकी पृष्ठ १३

अन्तरिक्षमा ३२८ दिन

अल्माटी/वासिङ्टन (एजेन्सी)- झन्डै एक वर्ष लामो अन्तरिक्ष यात्रापछि बिहीबार कजाकिस्तानको उत्तरी क्षेत्रस्थित हिउँले सेताम्य जमिनमा पाइला टेक्दै गर्दा क्रिस्टिना कोच निकै हर्षित देखिन्थिन् । अन्तरिक्ष यान जमिनमा उत्रेलगत्तै सहयोगीले उनलाई कुर्सीमा राखे र गुरुत्वाकर्षण सन्तुलनका लागि 'मेडिकल टेन्ट' तर्फ दौडाए । त्यसै क्रममा उनले भनिन्, 'म निकै उत्साहित र निकै खुसी छु । मैले यो क्षणलाई अन्तरिक्ष नायकहरूका पाइला पछ्याइरहेका बेला भएको सम्मानका रूपमा लिएकी छु ।'



पृथ्वीमा ओलिंएपछि बिहीबार अन्तरिक्ष यात्री क्रिस्टिना कोच । रायटर्स

खासमा उनी खुसी हुनुको मुख्य कारण हो- उनका नाममा बनेको नयाँ कीर्तिमान । लामो समय अन्तरिक्षमा बिताउने महिलाका रूपमा पेगी हिविट्सनको कीर्तिमान (२८९ दिन) उनले तोडेकी छन् । सन् २०१९ मार्च १४ मा अन्तरिक्ष यात्रामा निस्केकी कोच ३२८ दिनपछि सोयुज यानमार्फत पृथ्वीमा ओर्लेकी हुन् । अमेरिकी अन्तरिक्ष संस्था (नासा) की ४१ वर्षीया कोचको टोलीमा अन्य दुई अन्तरिक्ष यात्री युरोपेली अन्तरिक्ष निकायका लुका पार्मिटानो र रसियाका अलेक्जान्डर स्केभोर्सोभ पनि थिए ।

बाँकी पृष्ठ १३



९० प्रतिशत महिला हिंसा आफन्तबाटै

■ **तृप्ति शाही** (बैतडी)

आफ्नै परिवारबाट घरेलु हिंसामा परिन् । १३ वर्षअघि अन्तरजातीय विहे गरेकी बैतडीको पुचौंडी नगरपालिका हाटकी मञ्जु लुहारका तीन छोरा छन् । परिवारले तल्लो जातकी भनेर घरभित्र पस्न दिएका छैनन् । श्रीमान् रोजगारीको सिलसिलामा भारतमा छन् । उनी माइती गाउँ बैतडीको दोगडाकेदार गाउँपालिकामा अरूले छोडेको घरमा बस्दै आएकी छन् । छोराहरूलाई शिक्षादिक्षा दिइरहेकी छिन् ।

'धानुक' क्षेत्री थरकासँग विवाह गरेकी उनलाई घरपरिवारमा गालीगलौज गर्नेदेखि धम्कीसम्म दिने गरेको उनी सुनाउँछिन् । 'घरमा जान दिँदैनन्,' मञ्जुले भनिन्, 'विवाह गरेदेखि नै अपमान सहनुपरेको छ ।' शारीरिक र मानसिक तनाव दिने घरपरिवारले जग्गाजमिन पनि नदिएको गुनासो उनको छ ।

यस्तै, दोगडाकेदार गाउँपालिकाकी पार्वती विष्टको अवस्था पनि मञ्जुको जस्तै छ । विवाह गरेर भित्र्याएका श्रीमान्ले अर्की श्रीमती लिएर गएपछि उनी समस्यामा परेकी हुन् । साथमा एक छोरी छिन् । घरपरिवारले 'निस्की' भनेर आदेश दिने गरेको उनले सुनाइन् । श्रीमान्ले पनि आफूलाई वास्ता नगरेर पीडा दिएको उनले दुखेसो गरिन् । 'परिवारका अरू सदस्यहरूले पनि नराम्रो व्यवहार गर्छन्,' उनले भनिन्, 'शारीरिक तथा मानसिक हिंसा भोगिरहेकी छु ।'

पीडितमा शारीरिक, यौनजन्य र मानसिक हिंसा भोगेका महिला धेरै छन्

मञ्जु र पार्वती जस्तै यहाँका ग्रामीण क्षेत्रका धेरै महिलाहरूले परिवार र आफन्तबाटै धेरै हिंसा खेपिरहेका छन् । जिल्ला प्रहरी कार्यालय, जिल्ला अस्पतालमा सञ्चालनमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र, सुरक्षित आवास गृह (सेफ हाउस), पालिकाको न्यायिक समितिमा न्यायका लागि आउने महिलाहरू आफन्तबाटै पीडित भएर आउने गरेका सरोकारवालाहरू बताउँछन् । नजिकका मान्छेहरूबाट महिलाहरू बढी संख्यामा पीडित भएर आउने गरेका बैतडी प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक डिल्लीनारायण पाण्डेयले बताए । महिला हिंसाका घटनामध्ये ९० प्रतिशत आफन्तद्वारा पीडित हुने गरेको उनले तथ्यांक सुनाए ।

जिल्ला प्रहरी कार्यालयमा आर्थिक वर्ष २०७३/०७४ मा ९५ वटा उजुरी परेकोमा अधिकांश श्रीमान्, सासूससुरा, देवर, जेठाजु तथा नातेदारबाट पीडित भयौं भनेर आउने गरेका रहेका डीएसपी पाण्डेयले बताए । २०७४/०७५ मा ९८ जना महिलाले पीडित भएको भन्दै उजुरी गरेको प्रहरीले जनाएको छ । गत आवमा ८६ र चालु आवमा ४६ उजुरी परिसकेका छन् । यीमध्ये धेरैजसो घरका सदस्यहरूले नै हिंसा गरेको भनेर गरेका उजुरी रहेको उनको भनाइ छ ।

२०७३ भदौ ३० मा पाटन नगरपालिकामा स्थापना भएको महिला सुरक्षित आवास गृहमा हालसम्म १ सय ८० जनाले सेवा लिएका छन् । यसमा सबैजना घरपरिवारबाटै पीडित रहेका मनोविमर्शकर्ता सरस्वती लेखकले बताइन् । जिल्ला अस्पतालमा २०७५ वैशाखमा स्थापना भएको एकद्वार संकट व्यवस्थापन केन्द्रमा पनि नजिकका व्यक्तिहरूबाटै हिंसामा परेका महिलाहरू आउने गरेका अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. वसन्तराज जोशी बताउँछन् । अहिलेसम्म १ सय १५ लैंगिक हिंसा प्रभावितले सेवा लिएका उनले जनाए । 'यसमा धेरैजसो घरभित्रबाटै हिंसामा परेकाहरू छन् । शारीरिक, यौनजन्य, मानसिक हिंसा भोगेका महिला धेरै छन्,' जोशीले भने ।

महिलाले परिवारमा भएको हिंसाका बारेमा बोल्न नसक्ने भए पनि धेरैजसो महिलालाई परिवार र आफन्तले नै हिंसा गर्ने गरेका दोगडाकेदार गाउँपालिकाकी उपाध्यक्ष एवम् न्यायिक समिति संयोजक पार्वती ऐरी कार्कीले बताइन् । पुरुषविरुद्ध महिलाले बोल्न हुँदैन, जे गरे पनि सहनुपर्छ भन्ने समाजिक सोचले धेरै महिला परिवारबाटै हिंसाको सिकार भएको उनको बुझाइ छ । मदिरा सेवन गरेको बेला यस्ता हिंसाका घटना धेरै हुने गरेका प्रहरी प्रमुख पाण्डेयको तर्क छ । गरिबी, अशिक्षाले पनि महिलामाथि यस्ता हिंसा हुने गरेका उनले बताए ।

स्करपियोको ठक्करबाट बालकको मृत्यु

दार्चुला (कास)- शैल्यशिखर नगरपालिका-९, नायलमा स्करपियोको ठक्करबाट एक बालकको मृत्यु भएको छ । गोकुलेश्वर-मार्मा सडकखण्डमा बिहीबार बिहान बा१३च २०४१ नम्बरको स्करपियोले ठक्कर दिँदा स्थानीय करिब ५ वर्षीय महेश महरको मृत्यु भएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय गोकुलेश्वरका अनुसार बालकको घटनास्थलमै मृत्यु भएको हो । बालकलाई ठक्कर दिने सवारी र चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको प्रहरी निरीक्षक खगेन्द्रसिंह साउँदले बताए ।

औपचारिकतामै सीमित अनुगमन

स्थानीय तहका उपप्रमुख/उपाध्यक्षलाई धेरै समितिको जिम्मेवारी दिइनु, सीपको अभाव र प्राविधिकको मात्रै भर पर्नुपर्ने भएकाले अनुगमनको प्रभावकारिता न्यून

■ **गणेश चौधरी** (टीकापुर)

जानकी गाउँपालिकाले चालु आर्थिक वर्षमा करिब ४ सय योजना अघि सारेको छ । ती सबै योजनाको अनुगमन गर्न एक समिति बनाइएको छ । तर हालसम्म एउटा योजनामा पनि अनुगमन सुरु नभएको सो समितिले जनाएको छ ।

'एउटा योजनामा पनि काम अघि बढ्न सकेको छैन,' उपाध्यक्ष तथा अनुगमन समिति संयोजक उमा महतोले भनिन्, 'गाउँपालिकामा विकास निर्माणका काम अघि बढ्न नसकेकोले अनुगमन कार्य अघि नबढेको हो । सबैगरी ४ सय जति योजना छन् । सबैको अनुगमन गर्नुपर्ने हो ।' स्थानीय तहमा पूर्वाधार निर्माणका कामहरू अघि बढेपछि अनुगमनको चाप पनि बढ्छ । यस्तो चाप आर्थिक वर्षको अन्त्यतिर सबैभन्दा उच्च हुन्छ ।

टीकापुर नगरपालिकाको अनुगमन समितिले गत वर्ष एकै दिन ११ वटासम्म बैठक गरेको थियो । भुक्तानीका लागि सिफारिस गर्न एकै दिन त्यति संख्यामा समितिको बैठक बसेको नगरपालिकाको सामाजिक परीक्षणका क्रममा देखिएको थियो । यसरी स्थानीय तहमा अनुगमन समितिले योजना सम्पन्न भएको प्रतिवेदन नदिएसम्म योजनाको रकम फरफारक नहुने प्रावधान छ । रकम फरफारक गर्नुपर्ने बाध्यताका कारण अनुगमनको औपचारिकता निभाउनुपर्ने बाध्यता रहेको जनप्रतिनिधिहरू स्वीकार्छन् ।

टीकापुर बहुमुखी क्याम्पसमा ग्रामीण विकास पढाउने उपप्राध्यापक मीनबहादुर शाही अनुगमन समितिका संयोजकहरू सभासमारोहमा जान बढी रुचाउने भएकाले अनुगमन प्राथमिकतामा नपर्ने गरेको बताउँछन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोकेको जिम्मेवारी प्रभावकारी ढंगले बहन गर्न कठिनाइ रहेको पनि उनको बुझाइ छ । उनले भने, 'उपाध्यक्ष/उपप्रमुखलाई ७ वटा समितिको जिम्मेवारी तोकिएको छ । अत्यधिक कार्यभारका कारण अनुगमन समितिका संयोजकबाट सिफारिस गर्ने काम मात्र हुने गरेको छ । इस्टिमेट गर्ने प्राविधिकले नै अनुगमन गर्छन् ।'

अनुगमन प्रक्रियामा तेस्रो पक्ष संलग्न हुन आवश्यक हुने उनको तर्क छ । शाहीले भने, 'ऐनले दिएको जिम्मेवारी सम्पादनका लागि या त उपप्रमुखहरूको प्राविधिक क्षमता विकास गर्नुपर्छ, या मातहतका कर्मचारीको व्यवस्थापन गर्नुपर्छ । होइन भने ऐन संशोधन गरेर वैकल्पिक व्यवस्था गर्नु उचित हुन्छ ।'



कैलालीको जानकी गाउँपालिका-३, सवर्णपुरमा सडक योजनाको अनुगमन गर्दै उपाध्यक्ष उमा महतोसहितको टोली । *तस्विर : गणेश/कान्तिपुर*

प्रतिवेदनमा मनोमानी

गत वर्ष जानकी गाउँपालिका-७ मा रहेको बन्द्रैया नालामा निर्माण भइसकेको कल्भर्टको 'साइड वाल' बनाउन १० लाख रुपैयाँ विनियोजन भयो । निर्माणका लागि रामनारायण चौधरीको अध्यक्षतामा उपभोक्ता समिति गठन गरियो । उपभोक्ता समितिले काम पनि सम्पन्न गऱ्यो । तर अनुगमन समिति र गाउँपालिकाका इन्जिनियरको प्रतिवेदन फरक परेको भन्दै उपभोक्ता समितिले भुक्तानी पाएन । काम सम्पन्न भएर पनि अनुगमन समितिले काम सम्पन्न नभएको भनी प्रतिवेदनमा उल्लेख गरी भुक्तानी रोकेपछि आक्रोसित गाउँलेहरूले गाउँपालिका कार्यालय घेरेपछि मात्र उनीहरूले भुक्तानी पाएका थिए । उक्त योजना उपाध्यक्ष उमा महतोको आफ्नै गाउँको थियो । उपभोक्ता समितिमा आफ्नो मान्छे नपरेको भन्दै एकपक्षीय रूपमा अनुगमन प्रतिवेदन तयार पारिएको गाउँलेहरूको आरोप थियो ।

अनुगमन गर्न सीप छैन

स्थानीय तहका उपप्रमुख वा उपाध्यक्षलाई योजनाको अनुगमनको जिम्मेवारी दिइएको छ । तर गुणस्तर कायम गर्न प्राविधिक ज्ञान र तालिमको कमीका कारण अनुगमनको काम गर्न कठिनाइ हुने उनीहरू स्वयम् बताउँछन् । जानकी गाउँपालिका-७ का वडाध्यक्ष लक्ष्मण थारुले भने, 'अनुगमन समितिका संयोजक र सदस्यलाई अनुगमनको आवश्यक ज्ञान, सीप नहुँदा विकास निर्माण योजनालाई सरसर्ती हेर्नुको विकल्प छैन ।'

टीकापुर नगरपालिकाका इन्जिनियर नविन ओझा सर्वसाधारण र अनुगमन समितिको हेराइ एकै हुने धारणा राख्छन् । 'सर्वसाधारणले हेरेजस्तै अनुगमन समितिले आयोजना सम्पन्न भए नभएको हेर्ने हो । प्राविधिक कुरा अनुगमन समितिका पदाधिकारीलाई थाहा नहुने भएकोले प्राविधिकले नै हेर्ने हो ।' स्थानीय तहमा निम्तिने 'सामान्य' विवादहरू सुल्झाउने जिम्मेवारी पाएको न्यायिक समितिको कार्यसम्पादनका बारेमा समितिको संयोजक रूपमा रहने उपप्रमुख वा उपाध्यक्षलाई पटक-पटक तालिम दिइएको छ । तर करोडौं बजेटका पूर्वाधार निर्माणका योजनाको अनुगमन गर्ने सीप र क्षमता बढाउन संघ, प्रदेश र जिल्ला समन्वय समिति कसैले पनि कुनै सहयोग नगरेको अनुगमनमा खटिने संयोजकहरू गुनासो गर्छन् ।

प्राविधिकको भर

सडक ग्राभेल, पर्खाल निर्माणजस्ता योजनाहरूमा इस्टिमेटअनुसारको काम नभए बजेट घटाउने गरिए पनि मल, बीउ वितरण, तालिम सञ्चालन र ठूला आयोजनाको अनुगमनमा सहज नरहेको टीकापुर नगरपालिकाकी उपप्रमुख केशरी रावल विष्ट बताउँछिन् । 'योजना हेर्ने प्राविधिकले योजना ठीक छ भनेर हस्ताक्षर गरेपछि उनीहरूकै विश्वासमा पास गर्ने गरेका छौं,' विष्टले भनिन् ।

उपभोक्ता समितिमार्फत भएका कामको अनुगमन उपप्रमुख वा उपाध्यक्षको नेतृत्वमा भएको समितिले गर्छ तर टेन्डर प्रक्रियाबाट भएका काम प्राविधिकले भनेको भरमै हुने गरेका छन् । उपभोक्ता समितिमा सर्वसाधारणहरू हुने र गलत गरे कारवाही तथा बजेट रोक्कासम्म गर्नुपर्ने भएकाले जनप्रतिनिधिका लागि अनुगमन सबैभन्दा अप्ठ्यारो काम भएको उनको अनुभव छ ।

एकै व्यक्तिलाई ८ समितिको नेतृत्व

योजनाको कार्यसम्पादन मूल्यांकनका लागि सबै स्थानीय तहमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ अनुसार उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा योजना अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने व्यवस्था छ । समितिको सदस्यमा प्रमुख प्रशासकीय अधिकृत, दुईजना कार्यपालिका सदस्य र योजना तथा अनुगमन शाखा प्रमुख सदस्य सचिव रहन्छन् ।

टीकापुर नगरपालिकाकी उपप्रमुख विष्टका अनुसार न्यायिक समिति, अपांगता परिचय पत्र वितरण, अनुगमन जस्ता काम अति नै झन्झटिला र लामो प्रक्रिया लाग्ने खालका हुन्छन् । घरपरिवारको सबै काम त्यागेर दिनरात काम गर्दा पनि नभ्याइने भएकाले अनुगमनको सबै प्रकृया पुऱ्याएर भनेकै बेला अनुगमन गर्न कठिनाइ रहेको उनी बताउँछिन् ।

अनुगमन समितिबाहेक ऐनले स्थानीय तहका उपप्रमुख वा उपाध्यक्षलाई न्यायिक समिति र राजस्व परामर्श समितिको नेतृत्व गर्ने जिम्मेवारी दिएको छ । बजेट तथा कार्यक्रम तर्जुमा समिति, अपांगता समन्वय समिति, बाल संरक्षण समिति, उपभोक्ता हित संरक्षण शाखा, सामाजिक संघसंस्थाको समन्वय र रेखदेख समितिको संयोजक पनि उपप्रमुखलाई नै बनाउने व्यवस्था छ । नगरसभा वा कार्यपालिकाबाट गठन भएका समितिको समन्वय तथा प्रमुख वा अध्यक्षको अनुपस्थितिमा प्रमुखको जिम्मेवारी बहन गर्नुपर्ने समेत हुन्छ । एकै व्यक्तिलाई धेरै समितिको जिम्मेवारी हुने भएकोले पनि सहज र स्वच्छ अनुगमन तथा कार्यसम्पादनमा समस्या देखिएको कतिपय समितिका सदस्यहरू नै गुनासो गर्छन् ।

समितिमा रहने प्रमुख प्रशासकीय अधिकृत र सदस्य सचिवको रुपमा रहने योजना तथा अनुगमन शाखा प्रमुख, यी दुवै पदाधिकारीले दैनिक कार्यालयको टेबलमा बसेर मात्र काम गर्ने गरेका छन् । उनीहरू विकास निर्माणका योजनामा स्थलगत अनुगमनमा प्रायः जाँदैनन् । कहिलेकाहीं योजना अनुगमनमा जाने अधिकृतहरूले योजनाको अन्तिम भुक्तानी दिने सिफारिस समितिको बैठकमा हाजिर जनाएर भुक्तानी दिने गर्छन् ।

सडकभन्दा पुल माथि

■ **मनोज बडू** (दार्चुला)

शैल्यशिखर नगरपालिकाको करकलेदेखि धुलिगडा, दल्लेक हुँदै सदरमुकाम खलंगा जोड्ने सडकखण्डको रैचु खोलाको मोटरेबल पुल निर्माणमा ढिलाइ भएको छ । साढे चार वर्षअघि सम्झौता भई दुई वर्षमा बनाउनुपर्ने भनिए पनि पुलको निर्माणकार्य अझै पूरा हुन सकेको छैन । नौगाड गाउँपालिका-६ स्थित रैचु खोलामा पुल बनाउने कार्य लामो समयदेखि अलपत्र पर्दा पुलबाट सडकसम्मको दूरी नै १२/१५ मिटर वर सरेको छ । खोला गहिरिँदै गएपछि इस्टिमेटअनुसार जमिनको सतहभन्दा पुल अग्लोसमेत बनेको छ ।

रैचु खोलाले पुल वरपरको भूभाग कटान गर्दा पहिले इस्टिमेट गरेअनुसार पुलको उचाइ कायम नरहेको नौगाड गाउँपालिका-३ का रघुवीर सिंह ठगुन्नाले बताए । 'सडकको सतहभन्दा पुल अग्लो स्थानमा छ,' उनले भने, 'पुलबाट खोला तर्नेभन्दा पनि पुल हेर्दै सो मुनि बनेको बाटोबाट वारपार गर्नुपर्ने बाध्यता छ ।' पुलतर्फ उक्लिने सम्भावना नभएकोले खोलाबाट सवारी साधन चलाइने गरिएको छ । ठगुन्नाका अनुसार लामो समयदेखि पुल निर्माण अलपत्र पर्दा वर्षातमा यो सडकखण्ड बन्द हुने गरेको छ । खोलामा पानीको बहाव धेरै हुँदा सवारी आवतजावत तथा हिँड्डुल गर्नसमेत समस्या आउने गरेको उनले बताए ।

मुलुक संघीय संरचनामा गएपछि उक्त पुलको सबै जिम्मेवारी जिससबाट भौतिक पूर्वाधार कार्यालय बैतडीमा सरेको हो । सो पुल निर्माणका लागि २०७२ असार २९ मा युनिता बिल्डर्स् भेभीसँग ठेक्का सम्झौता भएको हो । २०७४ असार मसान्तमा निर्माण सक्नुपर्ने पुलको दुईपटक म्याद थपिएको भए पनि अहिलेसम्म पूरा हुन सकेको छैन । पुल १ करोड ८१ लाख १० हजारभन्दा बढी लगानीमा बन्ने भनिएको थियो । सडकलाई पुलको उचाइ बराबर पुऱ्याउन ग्याविन जाली भरेर सडक उठाउने काम भइरहेको भौतिक पूर्वाधार कार्यालय बैतडीले जनाएको छ । सुरुमा सही इस्टिमेट र समयमै पुल नबन्दा लागत बढ्ने देखिएको कार्यालय बताउँछ ।

ठेकेदारलाई चाँडो काम सक्नु भनेर धेरैपटक मौखिक र लिखित रूपमा ताकेता गरिएको भौतिक पूर्वाधार कार्यालय बैतडीका प्रमुख जगत जोशीले बताए । सोही ताकेताअनुसार गएको असोज-कात्तिकमा केही काम भए पनि अहिले पुनः रोकिएको उनको भनाइ छ । उनले सडकको पर्खाल उठाएर ग्रेड मिलाएर गाडी चल्ने बनाउनुपर्ने र पुलको पारिपट्टि खन्नुपर्ने अवस्था देखिएको बताए । पुलको दायाँतिर स्थानीयको घर परेको हुनाले काममा अवरोध भएको उनी बताउँछन् । विवाद मिलाएर छिट्टै काम सुरु गर्न कार्यालयको प्राविधिक र ठेकेदारलाई निर्देशन दिइसकेको जोशीको भनाइ छ ।

'पुल निर्माणको काम करिब-करिब सकिएको छ,' उनले भने, 'सडकलाई पुलसम्म उठाउन नसक्दा बाह्य रूपमा भएको काम देखिएको छैन ।' ठेकेदारले चैतसम्म पुल निर्माणको काम सक्ने प्रतिबद्धता गरेको हुनाले ठेक्काको म्याद थपको प्रक्रियामा रहेको उनले जानकारी दिए ।

उक्त सडकखण्डको रैचु र धुलिगडा खोलामा पुल निर्माण भए वर्षात्को समयमा पनि सदरमुकाम खलंगासम्मै गाडी गुड्छ । धुलिगडाका स्थानीय अर्जुन धामीका अनुसार ४ वर्ष अगाडि निर्माण सुरु गरिएको नौगाड गाउँपालिका-६ स्थित धुलिगडा खोलाको पुल पनि अलपत्र अवस्थामा छ । उनका अनुसार २०७३ को असारमा थोरै काम भएको थियो । त्यसको एक-दुई वर्षपछि खोलाको वारिपारि आधामात्रै पिल्लर बनेको छ । त्यसपछि निर्माणस्थलमा कामदार नै नदेखिएको उनको भनाइ छ । उनले भने, 'अहिले खोला सुक्खा भएको हुनाले गाडी चलेका छन् । वर्षात्मा त धुलिगडा खोलामा पुल नहुँदा गोकुलेश्वरबाट सवारीसाधन आउनै मान्दैनन् ।'

रैचु खोलाभन्दा ठीक एक वर्षपछि धुलिगडा खोलामा साविककै जिल्ला विकास समितिबाट टेण्डर भई थोदुङ जसलिङ जेभी काठमाडौंसँग निर्माण सम्झौता भएको थियो । २०७३ असारमा सम्झौता भए पनि अहिलेसम्म खोलामा दुईतिर आधा पिल्लर मात्र खडा गरिएका छन् । पूर्वाधार कार्यालय बैतडीका अनुसार सम्झौता मितिबाट ठीक दुई वर्षमा पुल निर्माण गरिसक्नुपर्ने भए पनि अहिलेसम्म पूरा पिल्लर पनि बन्न सकेको छैन । 'आरसीसी प्लेट गर्डरविम' शैलीमा बन्ने पुलका लागि चाहिने फलामका मोटा पाता भारतको हरियाणामा तयार भइसकेको कार्यालयले जनाएको छ ।

ठेकेदारले बनाउन निर्देशन दिएको फलामको पाताको हरियाणा गएर प्राविधिकले मूल्यांकन गरिसकेकाले ल्याउने प्रक्रियामा रहेको कार्यालय प्रमुख जोशीले जानकारी दिए । पाता ल्याइसकेपछि डेढ/दुई महिनामै पुल निर्माण हुने उनको दाबी छ । ४५ मिटर लम्बाइको उक्त मोटरेबल पुल निर्माणको लागत ३ करोड ५० लाख ७८ हजारभन्दा बढी रहेको कार्यालयले जनाएको छ ।









तपाईको आज

मेष	भाग्य वृद्धि	तुल	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पुर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ २५ गते शनिबार तदनुरुप ८ फरवरी २०२० माघ शुक्लपक्ष चतुर्दशी तिथि दिनको ३:१२ बजेसम्म उप्रान्त पूर्णिमा, तिष्य नक्षत्र रात्रिको ९:५५ बजेसम्म उप्रान्त अश्लेषा नक्षत्र, आयुष्मान योग रात्रिको ७:८ बजेसम्म उप्रान्त सौभाग्य योग, वणिज करण दिनको ३:१२ बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज द लाइफ (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	सुमनसँग (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हवाट द फ्लप (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	सुमनसँग (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	चू ण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	चू ण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	चू ण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	प्राविधिक डायरी
०८:००	डेमलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (महिमा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	शैली (अपेन्द्र)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप अफ द टप्स (साञ्जरिका)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:१५	सौगाई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड एजुकेसन डायरी
१६:०५	द राहुल भुजेल सो
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	फेलादिक फ्राइडे (महेश/रिमता)
१८:००	आद्या आकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	नो टेन्सन (दीपकराज/अनिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेनेट्रोनिक्स (सञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेणी
२२:००	ओल्ड गोल्डी (स्मीता)
२३:००	इलिमेन्थ आवर (संजय)
२४:००	टप अफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (अपेन्द्र)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

सुखैतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३१०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१११९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२१९८१

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१११०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१४००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५४०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१११९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३१८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२११०२/५२२४०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१२९/४२०२०४
जिल्ला अस्पताल	४२००१२
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५५४०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०९९२

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८१५५०४३३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८६६०००८६४

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९७४८२४९६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८२६५४८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२४७, ०८८५३०१५५
एम्बुलेन्स	९८०७८५८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००९९
अस्पताल	०८७-४८००३४
विमानस्थल	९८५१०७३०५२

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९२
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२०१४४

सल्यान

प्रहरी	०८८-५२००७०, ९८५७८४५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४०६१७०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२

गुठीको जग्गा अतिक्रमण

हडपेकाले नछोड्दा गुरुयोजना अलपत्र

- हलेश्वर महादेव गुठीको ६७ रोपनी तीन आना तीन पैसा र शंखेश्वरी गुठीको ५५ रोपनी जग्गा स्थानीयको कब्जामा
- रूपाकोटमा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा व्यक्तिको नाममा

■ डम्बरसिं राई (खोटाङ)



खोटाङस्थित हलेसी गुफा । तस्विर : डम्बरसिं/कान्तिपुर

खाली जग्गा देख्यो कि हडप्ने चलनले सरकारी, धार्मिक र गुठी क्षेत्र साँघुरिन थालेका छन् । वर्षौंदेखि अतिक्रमणमा परेकाले सार्वजनिक स्थलको विस्तार र विकासमा अवरोध भइरहेको छ ।

प्रसिद्ध हलेसी (हलेश्वर महादेव), बराहा ताल (शंखेश्वरी महादेव), बुद्धेश्वर महादेव, रूपाकोटजस्ता क्षेत्रमा स्थानीय बासिन्दाले कब्जा जमाएपछि विकासमा समस्या आएको हो । हलेसी तुवाचुङ नगरपालिकाको हलेसी, माल्कु, गैरीगुठ, डाँडागुठ लगायतको जग्गामा स्थानीयले अतिक्रमण गरेपछि समस्या उब्जिएको हलेसी तुवाचुङ नगरपालिकाका प्रमुख इवन राईले गुनासो गरे ।

जिल्ला नापी कार्यालयका अनुसार ६७ रोपनी तीन आना तीन पैसा जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको छ । सो जग्गा गुठी संस्थानका प्रशासक नारायण चौधरीको फैसलाले २०७५ चैत १५ गते गुठीकै नाममा कायम गराएको थियो । स्थानीय हेमन्तकुमार गिरी, बमप्रसाद गिरी, मनदीप गिरी, लक्ष्मीमाया गिरी, कुमारी राई, प्रमोदकुमार गिरी, गुन्जना गिरी, भवानीशंकर गिरी, सपना गिरी, भरिता राई, ज्यानकाजी श्रेष्ठ, राजन राई, सुन्दरबहादुर राई, नयनकुमार राई, मिलनकुमारी राई, नविन राई, सप्तबहादुर राई, तारालक्ष्मी राई, अर्जुन गिरी, प्रेमकुमारी गिरी, रवती राई, अस्मिता राईको नाममा पुगेको जग्गा हलेश्वर महादेव गुठीको नाममा फिर्ता भएको थियो ।

त्यस्तै, ध्रुवकुमार गिरी, देवकुमारी सन्यासी, हरि गिरी, ऐराख राई, प्रकाशकुमार राई, हर्कराज राई, शम्शेर गिरी, विजेन्द्रकुमार गिरी, कृष्णकुमारी गिरी, सुदीप गिरी, टंक गिरी, रत्नकुमार गिरी, रुपेन्द्र राई, हर्कराज राई, शिवकुमारी श्रेष्ठ, उषा श्रेष्ठ, विश्वचन्द्र गिरी, सुनिल विश्वकर्मा, ललिता विक राई लगायतले पनि गुठीको जग्गा अतिक्रमण गरेको ठहर गर्दै हलेश्वर महादेव गुठीको नाममा फिर्ता गराइएको थियो ।

जग्गा हडप्नेले काठमाडौं जिल्ला अदालतमा दर्ता गरेको मुद्दा भने विचाराधीन छ । अदालतले मुद्दा फैसलामा ढिलाइ गर्दा थप समस्या उब्जिएको नगरप्रमुख राईको भनाइ छ । स्थानीयले जग्गा कब्जा गरेपछि हलेसीको बृहत्तर विकासको काम गर्न उनी बताउँछन् । राईका अनुसार सो गुरुयोजनामा हलेसी गुफा आसपास दुई सय मिटर जग्गा आवश्यक पर्ने उल्लेख छ । उक्त जग्गा हलेसीकै भएको र अहिले अधिग्रहण गर्नुपर्ने भए आर्थिकभार पर्ने उनले बताए । यस क्षेत्रका एक सय ६९ घरटहरा हटाउनुपर्ने छ ।

'२०४४ सालमै हलेसीको गुरुयोजना बनाउन स्थानीयलाई मुआब्जा दिइएको भए पनि त्यसको लगत नष्ट गरिएकाले त्यो बेलाको रोग अहिलेसम्म कायम देखिन्छ,' उनले भने, 'अहिले गुरुयोजना कार्यान्वयनका लागि फेरि मुआब्जा दिनु पर्ने अवस्था आयो ।' हलेसी गुफाको मुखैमा भएको जग्गासमेत महन्त, पुजारीले बिक्री गरेकाले त्यहाँ बनाइएको मारतिका छोलिङ गुम्बालाई समेत व्यवस्थापन गर्नुपर्ने अवस्था आएको उनले बताए । गुफाको भारवहन लगायतका अन्य खतरालाई मध्यनजर गर्दै भूगर्वविदको परामर्शका आधारमा व्यवस्थापन गरिने राईले स्पष्ट पारे ।

गुठीको नाममा (पछिल्लो समय गुठी संस्थानको फैसलाबाट प्राप्त जग्गाबाहेक) गुफा आसपास २६ रोपनी मात्र जग्गा देखिन्छ । उनका अनुसार सो जग्गाले नपुग्ने भएकाले थप जग्गा लिनुपर्ने अवस्था आएको छ ।

कसरी पुग्यो व्यक्तिका नाममा ?

हलेसी विकास समितिका निर्देशक सम्बर भुजेलका अनुसार २०४४ सालमा तत्कालीन राजा वीरेन्द्र भ्रमणका बेला गुरुयोजना बनाएर निश्चित क्षेत्रभित्र भएका आठ वटा घरघडेरीलाई मुआब्जा दिइएको थियो । यद्यपि मुआब्जा लिएर पनि घरजग्गा भने खाली गरिएन । त्यतिबेलै गुरुयोजनाका लागि मुआब्जा दिइएका जग्गा रोक्का गरिएको थियो । पछि हलेसीस्थित महेन्द्रोदय माविलाई जग्गा दिने बहानामा फुकुवा गरेर किनबेच सुरु भएको भुजेलको भनाइ छ ।

हलेसी विकास समितिका तत्कालीन अध्यक्ष नारायणसिंह राई, निर्देशक देवराज कार्की, सदस्य तथा तत्कालीन हलेसी गाविस अध्यक्ष कुम्भराज राईलगायत पदाधिकारी रहेका बेला मालपोतबाट फुकुवा गरी लगतकट्टा नगरी त्यतिकै छाडिएकोले थप अतिक्रमण भएको हो । त्यसपछि निरन्तर अतिक्रमण हुँदै आएको उनी बताउँछन् ।

शंखेश्वरी गुठीमा पनि उस्तै

बराहापोखरी गाउँपालिकाको बराहा ताल (शंखेश्वरी महादेवको नाममा भएको) जग्गा पनि स्थानीयले हडपेपछि विकासमा समस्या आएको छ । धार्मिक तथा पर्यटकीय महत्व बोकेको बराहा ताल क्षेत्रमा स्थानीय बसोबास गर्नुका साथै जग्गासमेत व्यक्तिको नाममा राखेपछि बृहत् गुरुयोजना कार्यान्वयनमा समस्या देखिएको हो । बराहा ताल वरपर रहेको शंखेश्वरी गुठी तथा सार्वजनिक जग्गा मिचेर घरटहरा बनाइएको छ । स्थानीयलाई सो क्षेत्रबाट हट्न पटक-पटक अनुरोध गर्दा समेत अटेर गरेको बराहापोखरी गाउँपालिका उपाध्यक्ष गोमा मगरले बताइन् । ताल वरपरका २४ वटा घरटहरा हटाउन सार्वजनिक सूचना जारी गर्दा समेत उनीहरूले अटेर गरेको मगरको भनाइ छ । उनका अनुसार ६ महिने, तीन महिने, एक महिने, १५ दिने र सात दिने सूचना जारी गरिसक्दा समेत स्थानीयले सो क्षेत्र खाली गरेका छैनन् ।

शंखेश्वरी महादेवको नाममा रहेको जग्गासमेत स्थानीयले आफ्नो नाममा दर्ता गराएका छन् । उनीहरूले आफ्नो नाममा दर्ता गरेको करिब ५५ रोपनी जग्गा फिर्ता गर्न मालपोत कार्यालय खोटाङले २०४७ मै आदेश दिए पनि हालसम्म जग्गा फिर्ता भएको छैन । गुठीको नाममा भएको बराहाटार, चालीसे, सावाटारी, बाह्रमुरेलगायतका जग्गा स्थानीयले कब्जामा लिएका हुन् । स्थानीय देवी रेग्मीका अनुसार बराहाटारस्थित गुठीको जग्गा स्थानीय ढकबहादुर कार्की, शिवकुमार श्रेष्ठ, जुक्तिराम राई, कर्म श्रेष्ठ, भुवन श्रेष्ठ, भरत तामाङ, हर्कबहादुर तामाङ, हङकङ मगरलगायतले कब्जा गरेर घर बनाएका छन् ।

त्यस्तै, बमबहादुर कार्की, तिलक विष्ट, छविलाल पुरी, तिलकबहादुर कटवाल, जीतबहादुर विष्ट, कृष्णबहादुर खत्री, शेरबहादुर खड्का, चन्द्रबहादुर खत्री, हीरामाया कार्की, धनमाया थापा, डम्बरबहादुर मगर, बुद्धिमान मगर र खोटेहाङ गाउँपालिका लिच्कीराम्चेका नरबहादुर अधिकारीले समेत आफ्नो नाममा पास गराएका छन् । यी जग्गा गुठीयारले बिक्री गरेका हुन् । मालपोत कार्यालयका अनुसार गुठीको जग्गा व्यक्तिले रजिस्ट्रेसन गराएपछि २०४३ मा मुद्दा परेको थियो ।

बृहत्तर गुरुयोजनामा मन्दिर, विभिन्न जातजातिको संग्रहालय, बसपार्क, गेट, वृद्धाश्रम, कुटी, जाग्रामस्थल, मन्दिर लगायतका विभिन्न भौतिक संरचना निर्माण गर्ने उल्लेख छ । तर स्थानीय गुठीको जग्गा कब्जा गरेपछि गुरुयोजना कार्यान्वयनमा समस्या उत्पन्न भएको बराहापोखरी गाउँपालिका उपाध्यक्ष मगरले बताइन् । सो ताल सरकारको एक सय पर्यटकीय गन्तव्यमा पर्ने भएकाले विकासमा कठिनाइ भएको उनको भनाइ छ । उनका अनुसार संघ सरकारले यस वर्ष ५० लाख रुपैयाँ बजेट दिएको र यसले विभिन्न पूर्वाधार खडा गर्ने तयारी समेत गरिएको छ । उक्त बजेटले पोखरी वरपर पैदलमार्ग बनाउने, तालमा जमेको बालुवा निकाल्ने, विभिन्न मन्दिर बनाउने लगायत योजना गाउँपालिकाको छ ।

अख्तियारमा उजुरी

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको पर्यापर्यटनको केन्द्र रुपाकोटको जग्गा स्थानीयले कब्जा गरेपछि त्यसबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ का लेखनाथ आचार्य र गोविन्दराज आचार्यको नाममा पानीको मुहानसहित ८० रोपनीभन्दा बढी जग्गा दर्ता गरेको खुलेपछि अख्तियारमा उजुरी परेको हो ।

उनीहरूको नाममा भएको कित्ता नं ४४९ मा २५ रोपनी छ आना एक पैसा एक दाम, कित्ता नं ४५० मा २४ रोपनी पाँच आना दुई पैसा र कित्ता नं ४५१ मा २८ रोपनी १३ आना एक पैसा दुई दाम जग्गा दर्ता भएको पाइएको छ । उक्त जगगा २०६६ साउन २ गते व्यक्तिको नाममा आएको देखिन्छ ।

गुठीको जग्गा एसएसपीको नाममा

मझुवागढी क्षेत्रमा पर्ने बुद्धेश्वर गुफा, कालिका भगवती आसपासको जग्गा व्यक्तिको नाममा दर्ता भएपछि यसबारे पनि अख्तियारमा उजुरी परेको छ । बुद्धेश्वर महादेव गुठीको नाममा भएको जग्गा सशस्त्र प्रहरी बल हलेसी गुल्मका तत्कालीन डीएसपी (हाल एसएसपी) कालीदास धौवजीको नाममा ६ आना र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-५ का दिनेशकुमार घिमिरेको नाममा एक रोपनी नौ आना तीन पैसा एक दाम जग्गा गएको देखिन्छ ।

उक्त जग्गा कित्ता नं ३०३ बाट कित्ताकाट गरी ४३८ र ४३९ कायम गरिएको छ । यो जग्गा २०६८ कात्तिक ८ मा पास गरिएको मालपोत कार्यालयको अभिलेखमा उल्लेख छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले सार्वजनिक जग्गाबारेमा गरेको अध्ययनपछि यस्तो पाइएको नगर प्रमुख दीपनारायण रिजालले बताए । उनका अनुसार यसबारेमा अख्तियारले छानबिन गरिरहेको छ ।

मझुवागढी क्षेत्रमा बुद्धेश्वर महादेव गुठीको नाममा (कित्ता नं १०२) १० रोपनी चार आना तीन पैसा तीन दाम र देवीस्थान सामुदायिक वनको नाममा दुई सय ६९ रोपनी चार आना दुई दाम एक पैसा जग्गा रहेको देखिन्छ । नगरपालिकाको प्राविधिक टोलीको प्रतिवेदनअनुसार सशस्त्र प्रहरी बल हलेसी गुल्मको नाममा पनि धेरै जग्गा रहेको पाइएको छ । सो जग्गा स्थानीयले उपलब्ध गराएका हुन् । यसमध्ये कसले कति जग्गा उपलब्ध गराएको र सरकारी स्वामित्वको जग्गा सशस्त्रले उपयोग गरेको छ वा छैन भन्ने पनि अध्ययनको विषय बनेको नगरप्रमुख रिजाल बताउँछन् ।

छोटकरी

फेरि गैंडा मृत भेटियो

नवलपरासी (कास)- पूर्वी नवलपरासीको मध्यवर्ती क्षेत्रमा फेरि अर्को एक भाले गैंडा मृत भेटिएको छ । मध्यविन्दु नगरपालिका-२ सेहेरीको भुताहापोस्ट नजिकैको जंगलमा गैंडा मृत भेटिएको चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ । स्थानीयले बिहीबार बिहान मृत गैंडा देखेपछि प्रहरी र निकुञ्जलाई खबर गरेका थिए । करिब एक साताअघि नै मरेकाले गन्हाएको अवस्थामा भेटिएको स्थानीय श्रीधर शर्माले बताए । गैंडाको खाग र खुर भने सुरक्षित छ । गैंडाको मृत्युको कारणबारे अनुसन्धान जारी रहेको निकुञ्जले जनाएको छ । एक महिनाको अवधिमा पूर्वी नवलपरासीमा मात्र ३ गैंडा मरेका छन् । ९३२ वर्ग किलोमिटर रहेको चितवन निकुञ्ज गैंडाका लागि उत्कृष्ट बासस्थान मानिन्छ । ६ महिनायता यो निकुञ्ज आसपासमा ६ वटा गैंडा मरेका छन् ।

वडाध्यक्ष हत्यामा सात जना पक्राउ

अछाम (कास)- पञ्चदेवल विनायक नगरपालिका-२ का वडाध्यक्ष पदमबहादुर धामीको हत्या अनुसन्धानक्रममा प्रहरीले ७ जनालाई पक्राउ गरेको छ । सोमबार राति हत्या गरिएका धामीको बिहीबार आफन्तले शव बुझेपछि पोस्टमार्टम गरिएको छ । हत्यारा पत्ता नलागेसम्म पञ्चदेवल विनायक नगरपालिकामातहतका सबै कार्यालय बन्द गर्ने सहमति भएपछि आफन्तले शव उठाउन दिएका हुन् । नगर कार्यपालिकाको बैठकले घटनाको सत्यतथ्य छानबिनमा सहयोग गर्ने, मृतकका सन्तानको शिक्षा तथा राहतका लागि केन्द्र सरकारसँग माग गर्नेलगायत निर्णय भएको मृतकका आफन्त दीपेन्द्र धामीले बताए । धामीको शव मंगलबार बिहान ५ बजे गैरीगाउँस्थित गोठछानामा फेला परेको थियो ।

मेयरको मनोमानीमा सांसदको साथ

■ तिनोद भण्डारी (विराटनगर)

मोरङको सुनवर्षी नगरपालिकामा सरुवा भएर आएका कार्यकारी अधिकृतलाई हाजिर हुन नदिनमा त्यस क्षेत्रका सांसद तथा कांग्रेस केन्द्रीय नेता मीनेन्द्र रिजालको पनि भूमिका पाइएको छ । सुनवर्षी नगरपालिका मोरङको क्षेत्र २ मा पर्छ । यो क्षेत्रमा रतुवामाई नगरपालिका पनि पर्छ ।

नगरका तत्कालीन कार्यकारी अधिकृत राजकुमार केसी धनुषाको नगराइन नगरपालिकामा सरुवा भएपछि रौतहटको चन्द्रपुर नगरबाट सुरुवा भएर पुस २८ मा सुनवर्षी आएका पुरुषोत्तम घिमिरेलाई मेयर कालीप्रसाद दासले हाजिरी गर्न दिएका छैनन् । हाजिरी गर्ने रजिस्टर दासले गायब गरेपछि नगरका कुनै कर्मचारीले एक महिनादेखि हाजिरी गर्न पाएका छैनन् । घिमिरेले नयाँ रजिस्टर किनेर त्यसैमा हाजिरी जनाउँदै आएका छन् । 'मेयरले रजिस्टर गायब पारेपछि मैले सांसद मीनेन्द्र रिजालेलाई फोन गरेर रौतहटबाट हजुरको क्षेत्रको सुनवर्षीमा काम गर्न आएको छु तर मेयरले हाजिर हुन दिएनन् भनेर जानकारी गराएँ,' घिमिरेले भने, 'रिजालले पनि सुनवर्षीमा लफडा छ, त्यहाँ धेरै पुराना काम फत्ते गर्न र भुक्तानी गर्न बाँकी छ, काम गर्न सजिलो छैन भन्दै रतुवामाई नगरपालिका जान भन्नुभयो ।'

रतुवामाई पनि आफ्नै क्षेत्रमा पर्ने भन्दै रिजालले त्यहाँ गएर काम गर्न र त्यसका लागि सामान्य प्रशासन मन्त्रालयमा कुरा बढाउन भनेको उनले बताए । काठमाडौंमा रहेका सांसद रिजालले भने यस विषयमा कार्यकारी अधिकृत घिमिरेसँग कुरै नगरेको दाबी गरे । 'म घिमिरेलाई चिन्दै चिन्दिनँ,' उनले आक्रोशित हुँदै भने, 'निजामती कर्मचारीलाई कहाँ राख्ने, कहाँ नराख्ने सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी हो, मेरो काम होइन ।'

यसैबीच मेयर दासले नियमित सरुवा भएर आएका घिमिरेलाई बिहीबार पनि हाजिर हुन नदिई नगरको शिक्षा शाखा प्रमुख उपसचिव रुद्रप्रसाद दुलाललाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाएका छन् । पत्र पठाएलगत्तै मेयर दासले सांसद रिजालेलाई यसको जानकारी टेलिफोनमार्फत गराएको नगर स्रोतले बतायो । स्रोतका अनुसार फोनमा दासले 'सबै प्रक्रिया मिलाएको छु, बाँकी तपाईंको काम' भनेका थिए ।

दासले हस्ताक्षर गरेर मन्त्रालय पठाएको चलानी नम्बर ११२९ को पत्रमा भनिएको छ, 'यस नगरपालिकामा विगतका वर्षदेखि छोटो समयमा प्रमुख प्रशासकीय अधिकृतको सरुवा भई आउने-जाने क्रमले नगरको काम कारबाही प्रभावित हुँदै गरेको र प्रमुख प्रशासकीय अधिकृत राजकुमार केसी नगराइन नगरपालिका धनुषा सरुवा भई गएका कारणले प्रमुख प्रशासकीय अधिकृतको स्थायी व्यवस्थापनका लागि यसै नगरपालिकामा समायोजन भई आउनुभएका उपसचिव रुद्रप्रसाद दुलाल संकेत नम्बर १६१७०६ लाई दैनिक प्रशासनिक कामकाज गर्न निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको हुँदा निजलाई आर्थिक कामकाज गर्ने अख्तियारी प्रदान गरी नगरको नियमित कार्य सञ्चालनको व्यवस्था गरिदिन अनुरोध गरिएको छ ।'

बिहीबार पनि घिमिरे नयाँ रजिस्टरमा हाजिरी गरेर नगरपालिकामै बसेका थिए । कार्यकारीले हाजिरी गर्ने रजिस्टर मेयर दासकै इसारामा गायब पारिएको र कार्यपालिकाका सबै सदस्य घिमिरेलाई हाजिर गराउने पक्षमा भए पनि मेयर मात्र विपक्षमा रहनु रहस्यमय भएको उपमेयर मञ्जु राईले बताएकी छन् । उनका अनुसार मेयर र कार्यकारीको विवादले एक महिनादेखि नगरका सबै गतिविधि ठप्प छन् ।

गत वर्ष यो नगरको ४ करोड विकास बजेट फ्रिज हुनुका साथै १२ करोडभन्दा बढी बेरुजु रहेको नगर स्रोतको भनाइ छ । स्रोतका अनुसार गत वर्ष ससर्त अनुदानको दुई करोड, प्रदेश सरकारको अनुदान १३ लाख र सांसद विकास कोषको २८ लाख रुपैयाँ फिर्ता गएको थियो ।

गाउँपालिका अध्यक्षविरुद्ध मुद्दा

ताप्लेजुङ (कास)- दबाब दिएर भ्रूणहत्या गर्न लगाएको भन्दै पाँचथरको कुम्मायक गाउँपालिकाका अध्यक्ष जयबहादुर चेम्जोङसहित ७ जनाविरुद्ध किटानी जाहेरी दर्ता भएको छ । मेगा बैंकको त्यहाँस्थित शाखामा कार्यरत कर्मचारीसँग प्रेमविवाह गरेपछि रहेको गर्भ दबाब दिएर पतन गराइएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा बिहीबार जाहेरी दिएकी हुन् ।

जाहेरी परेलगत्तै पाँचथर जिल्ला अदालतबाट अध्यक्षसहित प्रतिवादी सातै जनालाई पक्राउ गर्न आदेश लिएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख सिद्धराज न्यौपानेले बताए । जाहेरी पर्नु पहिल्यैदेखि अध्यक्ष चेम्जोङ सम्पर्कबाहिर छन् ।

अनुसन्धान प्रक्रियामा प्रभाव पर्ने भन्दै प्रहरीले अन्य प्रतिवादीको नाम गोप्य राखेको छ । दलित समुदायकी ती युवतीले क्षत्री समुदायका बैंक कर्मचारीसँग गत साउनमा मन्दिरमा गएर विवाह गरेको र त्यसपछि रहेको २१ साताको गर्भ गाउँपालिका अध्यक्षको दबाबमा पतन गर्न बाध्य बनाइएको जाहेरीमा उल्लेख गरेकी छन् । उनले आफूसँग विवाह गरेका ती कर्मचारीका अभिभावक र आफन्तको आग्रहमा पालिका अध्यक्ष चेम्जोङले धम्की दिएर भ्रूण हत्या गर्न बाध्य बनाएको दाबी गरिएको छ । मुद्दामा युवतीले आफ्ना श्रीमान्, अभिभावक र स्वास्थ्यकर्मीसम्मलाई विपक्षी बनाएकी छन् ।

लुम्बिनी विस्तारबारे छलफल सुरु

■ माधव दुंगाना (भैरहवा)

बृहत्तर लुम्बिनी क्षेत्र र शान्ति सहरको योजना कार्यान्वयनका लुम्बिनी विकास कोषले कार्य सुरु गरेको छ । प्रारम्भिक चरणमा कोषले स्थानीय, राजनीतिक दल र विज्ञसँग परामर्श र सुझाव संकलन सुरु गरेको हो ।

लुम्बिनीलाई केन्द्र बनाएर कपिलवस्तु, रूपन्देही र पश्चिम नवलपरासीमा रहेका बुद्धसँग सम्बन्धित पुरातात्त्विक महत्त्वका स्थलहरूको एकीकृत विकास गर्न कोषले एक दशकअघि बृहत्तर लुम्बिनी क्षेत्र योजनाको अवधारणा ल्याएको थियो । सन् १९९८ मा लुम्बिनीमा भएको प्रथम विश्व बौद्ध शिखर सम्मेलनले बुद्ध जन्मस्थललाई शान्तिको मुहान घोषणा गरेको थियो । त्यसअनुरूप सन् २००४ मा सम्पन्न दोस्रो विश्व बौद्ध शिखर सम्मेलनले लुम्बिनीलाई विश्व शान्ति सहरका रूपमा विकास गर्ने निर्णय गरेको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले बृहत्तर लुम्बिनीमा कुन-कुन क्षेत्र समेट्ने भन्नेबारेमा यकिन भइनसकेको बताएका छन् । छलफलको माध्यमबाट योजना कार्यान्वयनतर्फ प्रवेश गरिएको उनले बताए । रामग्राम, देवदह, तिलौराकोटलगायत कपिलवस्तुमा रहेका पुरातात्विक स्थल र सैनामैना बृहत्तर लुम्बिनी क्षेत्रमा जोडिने उनले जनाए । उनका अनुसार लुम्बिनी विश्व शान्तिको सहर र बृहत्तर लुम्बिनी क्षेत्रबारे स्थानीय तहसम्म छलफल गरिनेछ ।

'हिजोकै अवस्थामा अब लुम्बिनी रहन सक्दैन । यसको विस्तार गर्नैपर्छ,' बृहत्तर लुम्बिनी योजना तथा विश्व शान्ति सहर कार्यान्वयनसम्बन्धी यहाँ आयोजित कार्यक्रममा कोषका अध्यक्षसमेत रहेका भट्टराईले भने, 'यो बुद्धसँग कुनै न कुनै हिसाबले जोडिएका रूपन्देही, कपिलवस्तु र नवलपरासीमा रहेका स्थललाई एउटा बुद्ध सर्किटका रूपमा जोड्ने योजना हो ।' बृहत्तर

> बृहत्तर लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूप, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थल बनाइने

लुम्बिनी क्षेत्रभित्र बौद्ध स्तूपा, मन्दिर र मदरसालाई पनि समेटेर सबै जाति, धर्म र सभ्यताको सम्मिश्रण स्थलका रूपमा अघि बढाइने उनले बताए ।

लुम्बिनी विकास कोषका अनुसार बृहत्तर लुम्बिनी क्षेत्र योजनाबारे धेरै अघिदेखि चर्चा गरिएको भए पनि बजेट विनियोजन हुन थालेको दुई वर्ष मात्र भएको छ । वार्षिक एक-एक करोड रुपैयाँ बजेट आए पनि कोषले खर्च गर्न सकेको छैन । स्थानीय तहदेखि प्रधानमन्त्री, सबै राजनीतिक दलका प्रमुख र विज्ञलाई सहभागी गराएर राय संकलन गरिने कोषका योजना प्रमुख सरोज भट्टराईले बताए । बृहत्तर लुम्बिनी क्षेत्रको योजनालाई पूरा गर्न 'बृहत्तर लुम्बिनी क्षेत्र प्राधिकरण' को गठन गर्ने र विदेशी दातृ निकाय, नेपाल सरकार, प्रदेश र स्थानीय तहबाट प्राप्त हुने बजेट र दाताले दिने सबै सहयोग त्यही प्राधिकरणमा राख्ने अवधारणा उनले बताए । 'बृहत्तर लुम्बिनी क्षेत्रको आयोजना कम्तीमा पनि २ सय अर्ब (२ खर्ब) रुपैयाँको हुनेछ । यो बजेटको कार्यान्वयनबाट यस क्षेत्रको आर्थिक, सामाजिक जीवनमा ठूलो प्रभाव पार्नेछ,' भट्टराईले भने, 'यसले रोजगारीको सिर्जना हुन्छ, मृत्यु दर घट्छ । हामी यसतर्फ अगाडि बढ्नेछौं ।'

तीन वर्गमाइल क्षेत्रफलमा रहेको हालको लुम्बिनी गुरुयोजना कार्यान्वयनका लागि जग्गा अधिग्रहण गरिँदा विस्थापित भएजस्तै फेरि विस्थापित हुनुपर्ने भन्दै कैयन् स्थानीय बासिन्दा लुम्बिनी शान्ति सहर योजनाको विरोधमा उत्रेका छन् । लुम्बिनी क्षेत्रका प्रदेशसभा सदस्य फखरुद्दिन खानले भने, 'यहाँका सम्पदालाई समाजसँग जोड्न लुम्बिनी विकास कोष र स्थानीयबीच धेरै विवाद छ ।' लुम्बिनीको विकासबारे काठमाडौंका तारे होटलमा छलफल नगर्न र योजनामा स्थानीय संस्कृति र पहिचान समावेश गर्न उनले सुझाव दिए ।

